CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाभारत-सूक्ति

अनुवादक
मुकुन्दशरण उपाध्याय

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
साहित्य-विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

काठमाडौं, नेपाल ।

प्रथम संस्करण : वि. सं. २०३०

मुद्रक

आदर्श छापाखाना, रामशाह पथ, थापाथली,

काठमाडौं, नेपाल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योगदानको विशेष महत्त्व छ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीननको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन [illegible]को छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो। मौसूफ सरकारबाट हुकुम पनि भएको छ– 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ।

केदारमान व्यथित

२०२६ साल जेठ

कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्तव्य

'महाभारतसूक्तिसंग्रह' लाई श्री मुकुन्दशरणले संकलन गरेर यस कार्यमा ठूलो सघाउ पुऱ्याइदिनुभएको छ। प्रस्तुत ग्रन्थका सम्बन्धमा सङ्कलनकर्ताले भनिसक्नुभएकोले यसमा मैले धेरै भन्नुपर्दैन। महाभारतमा नभएका कुरा अन्यत्र पाउन सकिन्न भनिन्छ। यो ज्ञानको भण्डार हो, यसबाट सूक्ति मात्र संग्रह गरिएको छ यसमा। तर, सङ्कलन गर्नेले कथासार समेत लेखिदिनुभएकोले सर्वसाधारणलाई झन् उपयोगी सिद्ध भएझैं लाग्छ। महाभारत हाम्रो लागि ज्ञानको महासागर हो। यसको राम्ररी मीमांसा गर्दा यसले हाम्रो संस्कृति, साहित्य र कलाको क्षेत्रमा ठूलो प्रकाश पार्छ।

जीवनमार्गमा यिनै सत्य सूक्तिका एक श्लोककै आदर्श कायम गऱ्यौं भने पनि हामी आलोक पाउनेछौं। शाश्वत सत्य कहिले पनि पुरानो भन्न हुन्न। जसरी सूर्य पुराना नभई सधैं उदाएर नयाँ नयाँ हुन्छन् त्यसरी नै ज्ञान वक्ताको रूपान्तरमा पनि नयाँ नै भएर सधैं समाजलाई अगाडि बाटो देखाउँछ। ज्ञान जस्तो चोखो कुरा पनि अरू छैन भनेको यसैले हुनुपर्छ। यसका पाठकले आफ्नो आदर्श सम्झेर केही धारणा बनाएमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान आफूले ठूलो उपलब्धि गरेको ठान्दछ र महत्त्वपूर्ण काम भएको मान्दछ।

अन्तमा श्री मुकुन्दशरणजीले यसरी अथक परिश्रम गरी जुन हामीलाई सहयोग गरिदिनुभयो त्यसको म मुरी मुरी प्रशंसा गर्छु र उहाँप्रति धन्यवाद ज्ञापन गर्छु।

चूडानाथ भट्टराय
निमित्त
का. मु. उपकुलपति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

	पृष्ठ
१) आदिपर्वको कथासार–	१
२) महर्षि 'विश्वावसु' का सूक्तिहरू–	२
३) शकुन्तलाको भाषण–	२
४) ययातिशिक्षा–	४
५) कणिकनीति–	६
६) सभापर्वको कथासार	१
७) विश्वशान्तिको उपाय–	५
८) महाराज दुर्योधनका सूक्तिहरू–	७
९) वन पर्वको कथासार–	१५
१०) अतिक्षमा पनि दोष हो–	१९
११) क्रोध नहुनु नै राम्रो हो–	२०
१२) धर्म र ईश्वरमा शंका नगर–	२२
१३) सर्प-युधिष्ठिर-संवाद–	२४
१४) धेरै बाँच्नु पनि कष्ट हो–	२६
१५) व्याधाको उपदेश–	३०
१६) यक्ष–युधिष्ठिर संवाद–	३३
१७) सावित्रीको सद्‌विचार–	३७
१८) विराटपर्वको कथासार–	४७
१९) सेवानीति–	४९
२०) उद्योगपर्वको कथासार–	५७
२१) विदुरनीति–	६१
२२) सनत्सुजातको उपदेश–	७०
२३) विदुलाको उपदेश–	७३
२४) भीष्मपर्वको कथासार–	८७
२५) युद्धनीति–	८९
२६) द्रोणपर्वको कथासार–	९७
२७) कर्णपर्वको कथासार–	१०७
२८) शल्यपर्वको कथासार–	११५
२९) सौप्तिकवधपर्वको कथासार–	१२३
३०) भाग्य र उद्योग–	१२५
३१) स्त्रीपर्वको कथासार–	१३३
३२) शान्तिपर्वको कथासार–	१४३
३३) गुरु अश्माका सूक्तिहरू–	१५०
३४) वामदेवगीता–	१६१
३५) कालकवृक्षीय ऋषिका सूक्ति–	१६२
३६) अनुशासनपर्वको कथासार–	१७५
३७) उद्योगको महत्ता–	१७७
३८) दानधर्म–	१७७
३९) मानव-अनुशासन–	१७९
४०) आश्वमेधिक पर्वको कथासार–	१९३
४१) अनुगीतासार–	१९५
४२) दानयज्ञ–	१९९
४३) आश्रमवासिक पर्वको कथासार–	२०७
४४) धृतराष्ट्रशिक्षा–	२०९
४५) कुन्तीको अर्ती–	२१२
४६) मौसलपर्वको कथासार–	२१७
४७) महाप्रस्थानिक पर्वको कथासार–	२२५
४८) स्वर्गारोहणपर्व–	२२९
४९) व्यासको उद्‌गार–	२३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तुत ग्रन्थका सम्बन्धमा

(केही कुरा)

विश्वविख्यात ऐतिहासिक महाकाव्य 'महाभारत' का नेपाली पद्यमा अनूदित सूक्तिहरू भएको यो ग्रन्थ तपाइँका हातमा छ। महाभारतका सूक्तिहरू जति यहाँ दिइएका छन्, त्यत्ति नै हुन् भन्ने ठाउँ भने हुनेछैन। महाभारत त सूक्तिहरूको * सागर हो त्यहाँ आफूले जत्रो अम्खोरा लगेर डुबायो त्यत्ति मात्र पानी प्राप्त हुन्छ, अथवा 'महाभारत' एउटा यस्तो विशाल फूलबारी हो जहाँ लाखौं थरी सुन्दर सुन्दर फूल फुलेका छन, त्यहाँबाट फूल टिप्नेले जस्ता फूल रुचायो त्यस्तै मात्र र जति उसका ढाकरामा अटायो त्यति मात्र टिप्न सक्तछ, यस 'सूक्त-संकलन' लाई यस्तै रूपमा हेरिदिनुहोला।

यो सूक्ति संकलन र यसको अनुवादका विषयमा मलाई केही भन्न मन लागेको छ, तर त्यो भन्नुभन्दा अघि सूक्तिहरूको मूल-ग्रन्थ महाभारतबारे पनि केही भन्न खोजेको छु। जुनसुकै ग्रन्थको पनि मूलपरिचय प्राप्त नगरी अन्य तत्सम्बन्धित विषयको रस नपाइने कुरा स्वाभाविक छ। अझ विशेष गरी यस किसिमका ग्रन्थहरूमा त मूलग्रन्थको परिचय प्राप्त गर्नु अनिवार्य नै हुन जान्छ।

महाभारत के हो ? (पुराण, वेद कि काव्य ?)

'महाभारत' एक अति विशालकाय ऐतिहासिक 'महाकाव्य' हो, तर श्रद्धावश यसलाई पछिका धेरै विद्वान्-हरूले 'पञ्चमवेद', 'पुराण' र 'महापुराण' भन्ने गरेका पनि प्रमाण छन्—

'भारतं पञ्चमो वेदः सुपुत्रः सप्तमो रसः'

— सुभाषित

(अर्थात् महाभारत 'पाँचौं वेद' हो, असल छोरो सातौं रस हो)

वेदान्अध्यापयामास महाभारतपञ्चमान।

१।६३।८६

(अर्थात् महाभारतसमेतका ५ वेद पढाए)

कार्ष्णं वेदमिमं विद्वाञ्श्रावयित्वार्थमश्नुते

१।१।२६८ वा १।६२।१८

---

* यथा समुद्रो भगवान् यथा मेरुर्महा गिरिः।
उभौ ख्यातौ रत्ननिधि तथा भारतमुच्यते ॥१।६२।४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(अर्थात् जुन विद्वानले यो *कृष्ण द्वैपायनरचित वेद अरूलाई सुनाउँछ उसले चाहेको अर्थ प्राप्त गर्दछ ।)
इदं हि वेदैः समितं (१।६२।१६) अर्थात् यो वेद समान छ ।

'पुराणपूर्णचन्द्रेण श्रुतिज्योत्स्ना प्रकाशिता'
म. १।१।८६

(अर्थात् पुराणरूपी पूर्णचन्द्रले वेदरूपी जुनेलीलाई प्रकाशित गरिदियो, महाभारत पूर्णचन्द्र बराबरको पुराण हो)
'पुराणमृषि संस्तुतम् (१।६२।१६) अर्थात् यस पुराणलाई ऋषिहरूले अत्यन्त प्रशंसा गरेका छन् ।

'द्वैपायनेन यत्प्रोक्तं पुराणं परमर्षिणा'
म. १।१।१७

(अर्थात् परम ऋषि द्वैपायन (व्यास) ले जुन पुराण (महाभारत) बनाए ।)

यसरी संस्कृतका प्राचीन विद्वान्हरूबाट मात्र होइन एक अमेरिकी विश्व-विद्यालय (येल युनिभर्सिटी) का वसवर्न हपकिन्स नामक प्राध्यापकले पनि अंग्रेजी भाषामा 'द ग्रेट एपिक' नामक पुस्तक लेखेर त्यसमा महाभारतलाई पारेका छन्, अंग्रेजी बोलीमा 'ग्रेट एपिक' को अर्थ 'महापुराण' र महाकाव्य दुवै हुने भए पनि निजले 'महापुराण' हरूको प्रसंगमा यसलाई उल्लेख गरेका छन् ।

तर स्वयं ग्रन्थकार वेदव्यासले यसलाई वेद, महापुराण, स्मृति वा पुराण ग्रन्थ भनेर मानेका छैनन्, उनले यो महान् ग्रन्थलाई केवल 'काव्य' मात्र मानेका छन्-

"उवाच स महातेजा ब्रह्माणं परमेष्ठिनम्
कृतं मयेदं भगवन् काव्यं परम पूजितम्"
म. १।१।६१

(अर्थात् यो महाभारत ग्रन्थ तयार पारेपछि व्यासले भगवान् ब्रम्हाजीसँग गएर भने- "हे भगवन्! मैले यो सबैको सद्भाव सहानुभूति प्राप्त गर्न सक्ने खालको 'महाभारत' नामक काव्य बनाएँ ।")

भगवान् ब्रह्माजीले यसै कुराको अनुमोदन गर्नुभएको छ र भन्नुभएको छ-"बाबु व्यास ! तिम्रा कुरालाई तिमी सानो छँदादेखि नै म सत्यपूर्ण मान्दै आएको छु, जब तिमी स्वयंले यस महान् ग्रन्थलाई 'काव्य' भन्यौ भने यो ग्रन्थ काव्य नै हुनेछ-

"जन्मप्रभृति सत्यांते वेद्मि गां ब्रह्मवादिनीम्'
त्वया च काव्यमित्युक्तं तस्मात् काव्य भविष्यति"
म. १।१।७२

वास्तवमा ग्रन्थकारको प्रस्तावना र ब्रह्माजीको अनुमोदनलाई धेरै विद्वान्हरूले समर्थन गरेका छन् र यो ग्रन्थ सबै तरहबाट *'ऐतिहासिक महाकाव्य' मानिएको छ ।

---

*'कार्ष्णं वेदम्' को अर्थ गराइमा मतभेद छ, 'श्रीकृष्ण-सम्बन्धी वेद' भन्ने अर्थ पनि केही विद्वान्ले मानेका छन् ।

*निखिलेनेतिहासोऽयं ... ... १।६२।४५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाभारतको परिचय

'महाभारत' मा १८ मुख्य *पर्व र १०१ अनुपर्व छन्, मुख्य पर्वहरूको नाम यस प्रकार छ –(१) आदिपर्व, २–सभापर्व, ३–वनपर्व ४–विराटपर्व, ५–उद्योगपर्व, ६–भीष्मपर्व, ७–द्रोणपर्व, ८–कर्णपर्व, ९–शल्यपर्व, १०–सौप्तिकवध-पर्व, ११–स्त्रीपर्व, १२–शान्तिपर्व, १३–अनुशासनपर्व १४–अश्वमेधिकपर्व, १५–आश्रमवासिकपर्व, १६–मौसलपर्व १७–महाप्रस्थानिकपर्व, १८–स्वर्गारोहण–पर्व,

तर केही विद्वान् हरूले 'हरिवंशपुराण' लाई पनि महाभारतकै एक पर्व मानेका छन् , हरिवंशपुराणम ३ अनुपर्व छन् , यसरी हरिवंशलाई पनि महाभारतको एक पर्व मानेमा मुख्य पर्व संख्या १९ र अनपर्व संख्या १०४ पुग्दछ, तर धेरैले महाभारतलाई १८ पर्वकै ग्रन्थ मानेका छन् । सुब्बा होमनाथ, केदारनाथको नेपाली महाभारतले त नामै '१८ पर्व' भन्ने पाएको छ र हिन्दी भाषामा छापिएका महाभारतका कथासम्बन्धी पुस्तकहरूमा पनि धेरैजसो १८ पर्वको मात्र उल्लेख पाइन्छ ।

प्राचीन ग्रन्थहरूमा ग्रन्थको काया पत्ता लगाउन श्लोक-संख्या राख्ने चलन छ, **गद्य श्लोकलाई पनि संख्या राखेर छुट्याइन्छ, कुन पुराण, महापुराण, स्मृति वा अन्य विषयक ग्रन्थ कति ठूलो छ भन्ने विषयमा श्लोक-संख्याले नै अड्कल्न सजिलो हुन्छ, हिजो आज नयाँ प्रयोगका जोशमा त्यो चलन हराउन थालेको छ, र आजको ग्रन्थकाया अड्कल्ने उपाय पृष्ठ–संख्या मात्र छ, तर श्लोक–संख्याभन्दा पृष्ठ–संख्यावाला चलन अवैज्ञानिक हो, किनभने सबै पुस्तक एकै आकार प्रकारको हुनुपर्छ भन्ने केही नियम छैन र त्यस्तो चलन पनि छैन, कुनै आकारको पुस्तकमा केवल ६ पद्य मात्र अटाउने पृष्ठ छन् भने कुनै पुस्तकको आकार १२ पद्य अटाउने पनि हुन सक्छ अथवा फरक फरक गरेर छपाउँदा त एउटै आकार प्रकारमा पनि श्लोक–संख्याको कमी बेसी पर्न जान्छ । यी सबै कुरा विचारेर प्राचीन ग्रन्थकारहरूले प्रत्येक ‡श्लोकमा संख्या लेख्ने र आवश्यक ठाउँमा पूरा ग्रन्थको श्लोक-संख्या पनि लेख्ने गरेका थिए, महाभारतकार व्यासले पनि प्रत्येक अध्यायमा 'शतसाहस्त्यां' भनेर सयहज्जार अथवा एकलाख श्लोक भएको ग्रन्थ भन्ने कुरा व्यक्त गरेका छन् , संस्कृतको आदिकाव्य 'बाल्मीकिरामायण' जम्मा २४.००० श्लोकको छ, हाम्रो नेपालमा प्रायः कथा बाँचिने समाह (श्रीमद्भागवत महापुराण) ग्रन्थमा १८,००० श्लोक छन् , महापुराणहरूमा सबभन्दा ठूलो महापुराण 'स्कन्दमहापुराण' मानिन्छ । त्यसमा ८१,००० श्लोक छन् तर महाभारत यी ग्रन्थहरूभन्दा धेरै ठूलो ग्रन्थ छ ।

महाभारतका धेरै प्रति प्रचलित छन् , प्राचीन समयमा जब मुद्रणको व्यवस्था थिएन, त्यतिखेर पनि यो विशाल ग्रन्थ लेखेरै* यताउति फिंजिएको थियो, यसर्थ स्वाभाविक रूपमा प्रतिहरूपिच्छे पाठको अन्तर हुन गएको छ । देवनागरी लिपिका अतिरिक्त भारतका अरू विभिन्न लिपिहरूमा पनि महाभारत सारिएको छ, लिपिको साधारण अन्तरले अर्थ मिल्ने-सम्मका पाठमा अन्तर पर्न गएका नगण्य उदाहरणहरू भए पनि भारतमा प्रचलित विभिन्न धार्मिक सम्प्रदायको निजी उद्देश्य-पूर्तिका निमित्त पाठमा अन्तर भएका उदाहरणहरू खोजिपसे प्रशस्त पाइन्छन ।

हाल महाभारतका मुख्य २ पाठ प्रचलित छन , दाक्षिणात्य पाठ र उत्तरीय पाठ, यी दुबै थरी पाठलाई पाठको संकेतसमेत गरी भारतको गीताप्रेस गोरखपुरले एउटा हिन्दी टीका र संस्कृतमूलसहितको पुस्तक खण्ड खण्ड गरेर

---

* पर्व भनेको तरी हो । (अनुपर्व गहरा हुन् । श्लोकहरू शस्य हुन्)

** महाभारतमा पनि यत्र तत्र गद्य श्लोक छन् ।

‡ प्रत्येक श्लोकमा संख्या लेख्नमा अर्को कारण त्यस वेला भुर्ज पत्रहरूमा लेख्न बाध्य हुने परिस्थिति पनि हो । उस वेला यसो नगरेमा प्रसंगमै पनि गडबडी पर्थ्यो ।

* पोखरा हेमजाको ऋषिकुल (आश्रम) पुस्तकालयमा हस्तलिखित महाभारत सुरक्षित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशित गरेको छ। उक्त पुस्तकअनुसार दुवैथरी पाठको सम्पूर्ण श्लोक संख्या १००२१७ (एकलाख दुई सय सत्र) पुगेको छ, तर उक्त प्रतिमा हरिवंशपर्व परेको छैन।

महाभारतमा गद्य पद्य दुवैथरी कविता छन्, र पद्यमा विभिन्न छन्दहरू छन्, भए पनि यस ग्रन्थलाई अनुष्टुप् छन्दको ग्रन्थ भन्ने चलन छ। आदिदेखि अन्त्यसम्म छन् पनि धेरै अनुष्टुप् छन्दकै कविता छन् यसमा।

यो महान् ग्रन्थको रचना कौरव र पाण्डव दुई पक्षका विवादमा भएको विश्वयुद्धलाई केन्द्र मानेर भएको छ तापनि यसभित्र युद्धको कथा मात्र नभएर अनेक नीति पद्य, विभिन्न रसका *कथा, आख्यायिका-उपाख्यान, अनेक प्रकारका स्तोत्रपाठ आदिको प्रशस्त संख्या छ, यी नीति-पद्य र कथा प्रत्येक युगलाई छुन सक्ने सत्यमा आधारित छन् र धेरैजसो अत्यन्त वैज्ञानिक छन्। यस ग्रन्थका यी विशेषताहरूले गर्दा पूर्वीय र पाश्चात्य दुवै मुलुकका धेरै विद्वान्हरूलाई प्रभावित पारेको छ, यसको प्रभावमा परेर लेखिएका ग्रन्थहरूको संख्या पनि लगभग यसका श्लोकहरूको संख्याकै बराबर होला भन्न पनि अत्युक्ति हुनेछैन।

महाभारतलाई विदेशी विद्वान्हरूले जति सम्मान दिएका छन् र यसभित्रका एक एक वस्तुको खोजी गर्ने प्रयास गरेका छन्, त्यो देख्दा हाम्रो नेपालमा यसबारे केही पनि गर्न सकिएको छैन भन्नुपर्छ। हुनत सर्वहितैषी कम्पनी वाराणसी (भारत) बाट प्रकाशित १८ पर्व महाभारत र ने. भा. प्र. स. बाट प्रकाशित 'संक्षिप्त भारत' जस्ता पुस्तकहरू नेपालीमा कताकति छन्, तर महाभारतको समीक्षात्मक अध्ययन गर्न र यहाँभित्रको दर्शन र कलापक्षको ज्ञान गर्न ती ग्रन्थहरूबाट सहयोग हुन सकेको छैन। प्रस्तुत सूक्ति-संग्रहले पनि त्यहाँका स्वच्छ र नीतिपूर्ण विचारहरूको अल्पबोध सिवाय अरू काम देला भन्ने ठोकुवा गर्न म असमर्थ छु।

हुनत पाश्चात्य विद्वान्हरूले माहाभारत वा यताका अन्य महत्वपूर्ण ग्रन्थहरूका विषयमा पोखेका मन्तव्यहरू पूर्ण स्वागतयोग्य छैनन् र ती मन्तव्यहरूमा कहीं कहीं स्वधर्म परधर्मको पक्षपात र स्वकीय भाषा र परकीय भाषा भन्ने भेदभावको अपवित्र गन्ध मिल्न सक्तछ, तर त्यस किसिमका मन्तव्य पनि सम्बन्धित ग्रन्थका मुलुकहरूबाट प्रशस्त खण्डित नभएकाले नै स्वतन्त्र मौलिन पाएका हुन् भन्ने मान्नुपर्दछ। महाभारतका प्रत्यक्ष सम्बन्धित मुलुक नेपाल र भारत हुन्। नेपाल यस कारणले कि यो ग्रन्थ हिन्दू ग्रन्थ हो (नेपाल हिन्दू राष्ट्र हो) र यो ग्रन्थ लेखिएको ठाउँ *हिमवत् खण्डको कुनै एक शिखर (सम्भवतः महाभारतको डाँडो हो, अनि भारत यस कारणले कि यस ग्रन्थका मुख्य नायकहरूको निवासभूमि हस्तिनापुर र युद्धभूमि कुरुक्षेत्र बर्तमान भारतभित्र पर्दछन्।

नेपाल र महाभारत

जस्तो कि माथि भनियो नेपालीसँग महाभारत ग्रन्थको पूर्ण सम्बन्ध छ, त्यसबारे यहाँ म केही उदाहरणहरू पनि प्रस्तुत गर्दछु नेपाली जातिमा प्राचीनकालदेखि चुड्के भजन गाउने व्यापक प्रथा छ, यी चुड्के भजनहरू कुनै मुक्तक हुन्छन् र कुनै कुनैमा यस्तै महत्वपूर्ण ग्रन्थहरूको कथा लहर चलेको हुन्छ, यसरी लहर चलाएर गाइने चुड्के भजनहरूमा रामायण, श्रीमद्भागवत र यही महाभारत अधिक प्रचलित छन् महाभारतका संस्कृत-ग्रन्थको अर्थ लगाउन त परै जावस् महाभारत भन्ने कुनै ग्रन्थ छ र त्यसमा यस किसिमको कथा छ भन्ने थाहा नभएका ग्रामीणहरू पनि सहजै भजनै भजनमा यहाँका

---

*स्याल, बिराला, बाघ भालु आदि मनुष्यभिन्न पात्रका संवाद भएका कथाहरूको कल्पना सर्वप्रथम महाभारतबाटै शुरु भए जस्तो छ। यहाँ यस्ता कथा प्रशस्त छन्।

*हेर्नुहोस् महाभारत(दक्षिणात्य पाठ) आदि पर्व १।२८ श्लोकदेखि-

पुण्ये हिमवत पादे मध्ये गिरिगुहालये। विशोध्य देहं धर्मात्मा दर्भसंस्तरमाश्रितः॥ ...

अनि- त्रिभि[illegible] सदोत्थायी कृष्णद्वै[illegible]नोमुनिः। महाभारतमाख्यातं कृतवानिदमद्भुतम्॥१।६२।५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कथा दुङ्ग्याइदिन्छन् , र सुन्नेहरूलाई आनन्दित तुल्याइदिन्छन् । नेपालमा यो परम्परा पृथ्वीनारायणशाहभन्दा पनि अघि-देखि नै चलेको बुझिन्छ । यस्तै नेपाली भाषामा कठिन वा ठूलो कामलाई 'महाभारत' भन्ने चलन छ, यस चलनको सङ्केत महाभारतको युद्धतर्फभन्दा ग्रन्थको विशालतातर्फ बढी गएको छ ।

महाभारतका पात्रमा भीमसेनको त्यही स्थान छ जुन स्थान रामायणमा महावीर हनुमानको छ, भीमसेन र हनुमान् दुवैलाई कथाकारहरूले वायुपुत्र बनाएका छन्, यी दुवै पात्रलाई भारत र नेपालमा विशेष पूजा गरिन्छ । तर भारतमा हनुमान्को र *नेपालमा भीमसेनको पूजा गर्ने चलन अधिक छ ।

महाभारतमा भीमलाई अद्‌भुत बलशाली देखाइएको हुँदा त्यसको प्रभावमा नेपालमा भीमका नाममा धेरै किंवदन्तीहरू पनि प्रचलित छन्, गण्डकी अञ्चलमा मात्र-भीमादबजार, ※भीमेश्वर मन्दिर, भीमकाली पाटन, भीमढुङ्गा, भीमसेनस्थान आदि कैयौं स्थायी भीमका स्मारक छन् । भीमादबजारसँग भीमले बाँध बाँधेको कथा जोडिएको छ, भीमेश्वर महादेवको मन्दिरमा भीमले तपस्या गरेर शिवजीको दर्शन पाएको कथा सम्बन्धित छ । भीमकाली पाटन भीमले शक्ति प्राप्त गर्न कालिकाको तपस्या गरेको कथा सम्झाउँछ त त्यहीँको भीम ढुङ्गो प्राप्त शक्तिको परीक्षणमा अजङ्को ढुङ्गो भीमले उचालेको र ठेलो फालेको कथालाई दोहोर्‍याउँछ ।

नेपालका चाड र पर्वहरूमा विजयादशमी (दशैं) को पर्व अत्यन्त महत्वपूर्ण छ, उक्त चाडसँग महिषासुरमर्दिनी दुर्गा, लङ्काविजयी श्रीराम र दिग्विजयी पृथ्वीनारायण शाहको कथा जुटे झैं महाभारतको कथा जोडिएको छैन, तर यस पर्वमा टीको लगाउँदा प्रायः पुकारिने आशीर्वाद पद्यमा महाभारतका सम्पूर्ण महानायकको सम्झना गरिएको छ । उक्त पद्य यस प्रकारको छ—

आयुर्द्रोण-सुते श्रियं दशरथे शत्रुक्षयं राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने ।
शौर्यं शान्तनवे बलं हलधरे सत्यं च कुन्तीसुते ।
विज्ञानं विदुरे भवन्त भवतां कीर्तिश्च नारायणे ॥

अर्थात्- तिम्रो आयु द्रोणाचार्यका पुत्र (अश्वत्थामा) को जस्तो लामो होस् , तिम्रो ऐश्वर्य महाराज दशरथको जस्तो प्रशस्त होस् , तिम्रो वेग वायुको जस्तो प्रबल होस् , तिम्रो सम्मान महाराज दुर्योधनको जस्तो होस् , तिमो पराक्रम महाराज शान्तनुका छोरा भीष्मको जस्तो होस् , बल वीर्यमा बलदेवजी जत्तिकै बन्न सके, साँचो बोल्नमा कुन्तीपुत्र युधिष्ठिर महाराजलाई जत्तिकै सफलता प्राप्त होस् , ज्ञान विज्ञानमा विदुरजी समान बन्न सके र तिम्रो कीर्ति नारायण भगवानकै जति होस् ।※

---

*नेपालमा भीमसेनको पूजा नेवार जातिको त जातीय पूजा नै बनेको छ । यद्यपि कसैकसैले नेवार जातिले विशेष पूजिने भीमसेन पाण्डव होइनन् भनेका छन् तर यी भीमसेन अर्कै भए पनि पाण्डव भीमसेनकै प्रभावमा कल्पित हुन सक्छन् ।

※भीमेश्वर महादेव (भीमादबजार) का विषयमा हिमवत्खण्डका परिशिष्ट अध्यायमा यस्तो लेखिएको छ--

'भीमबन्धमितिख्यात तत्र शुक्ला–तटे स्थितम्
भीमेश्वरो महादेवस्तत्र तिष्टति नित्यशः ॥

※हुनत यस आशीर्वाद श्लोकमा रामायणका पात्र दशरथ, राघवको तथा देवी भागवत, भागवत आदिका प्रसिद्ध पात्र नहुष, हलधर र नारायणको सम्झना गरिएको छ, तर यी पात्रहरूको महाभारतभित्रै पनि प्रशस्त चर्चा हुनाले यहाँ महाभारतबाटै लिइएको भन्ने कुरामा सन्देह छैन । अनुवादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी साधारण कुराहरूका अतिरिक्त नेपाल र महाभारतको सम्बन्धमा निम्नलिखित कुराहरू विशेष उल्लेखनीय छन् ।

१. महाभारतको रचना वर्तमान नेपालकै भूमिभित्र भएको कुरामा प्रशस्त प्रमाण छन् ।

२. महाभारत कथासँग सम्बन्धित स्थानहरू नेपालमा विद्यमान छन् जसमा विराटनगर, कीचक वन, वल्लो पल्लो र माझ किरात तथा गण्डकी आदि ठाउँ उल्लेखनीय छन् ।

३. नेपाल विश्वको एकमात्र हिन्दु राष्ट्र हो र महाभारत हिन्दू जातिको सर्वस्व हो ।

५. पञ्चपाण्डवका १२ वर्ष वनवास मध्ये ४–५ वर्ष हिमालनिरको कुनै एक प्रशस्त तलाउहरू भएका ठाउँमा बितेका छन् र १ वर्षको गुप्तवासका निमित्त १८ पर्वमध्येको १ पर्व विराटपर्व नेपालकै निम्ति लेखिएको पर्व हो ।

६. महाभारतको युद्धमा नेपालले पनि भाग लिएको छ र नेपालले समर्थन गरेकै पक्षको विजय भएको छ ।

७. नेपाली कला र संस्कृतिमा महाभारतको अमिट छापछ ।

महाभारतको महत्ता

अब हामी यस ग्रन्थको महत्तातर्फ विचार गर्न बसौं । संस्कृत भाषामा लेखिएको यो महान् ग्रन्थ विश्वजनीन हित विश्वभरकै मानवीय प्रश्नहरूको एक स्वाभाविक तर चमत्कारपूर्ण सामग्री लिएर तयार भएको छ । यसमा कुनै एक पक्षीय विचारधाराको समर्थन वा प्रचार गर्ने उद्देश्य छैन । यसलाई त यसो भन्नुपर्छ कि 'मानवको सोचाइले सोच्न सकिनेसम्मका ज्ञानको भण्डार नै महाभारत हो अथवा मावनजातिको सर्वस्व नै महाभारत हो । संस्कृत भाषामा एउटा उखान छ – यन्न भारते तन्न भारते' अर्थात् महाभारतमा जुन कुरा छैन त्यो कुरा भरतखण्डभर छैन । वास्तवमा यो उखान पर्याप्त मात्रामा सत्य छ ।

संस्कृत–साहित्य भनेर वैदिक साहित्य, औपनिषद साहित्य, पौराणिक साहित्य आदि विभिन्न साहित्यलाई मानिन्छ, रामायण र महाभारत पनि पौराणिक साहित्यभित्रै पर्छन् । यद्यपि यी दुई ग्रन्थको बेग्लै अस्तित्व छ । पौराणिक साहित्यपछिको संस्कृतको साहित्यक्षेत्र षड्दर्शन र काव्यान्तर्गत–नाटक, गद्यकाव्य, पद्यकाव्य, चम्पूकाव्य मुक्तक काव्य र निबन्धहरूका रूपमा फस्टायो । आजको दर्शन र काव्य–जगत्मा यिनै पौराणिक साहित्यपछिका विभिन्न साहित्यको काव्यात्मक दृष्टिले महत्त्व छ । यस किसिमका आधुनिक संस्कृतका दर्शन र काव्य–ग्रन्थहरूमा उपर्युक्त वैदिक र पौराणिक (रामायण, महाभारतसमेत) साहित्यहरूको व्यापक प्रभाव छ, एक एक ग्रन्थका रूपमा समानुपातिक (औसत) दृष्टिले हेर्नें हो भने माथिका वैदिक र *पौराणिक साहित्यका ग्रन्थहरूमध्ये महाभरतको सबभन्दा बढी प्रभाव छ ।

संस्कृत महाकाव्य जगत्मा बृहत्त्रयी नामले पुकारिने उच्चकोटिका ३ महाकाव्य–शिशुपालवध, नैषधचरितम् र किरातार्जुनीयम्का कथाहरू महाभारतबाटै लिइएका हुन् । महाकवि कालिदासको विश्वविख्यात नाटक'अभिज्ञान शाकुन्तल' पनि पद्मपुराणको भन्दा महाभारतकै प्रभावको उपज हो । यिनका अतिरिक्त महाकवि भासका पंचरात्र, दूतवाक्य, मध्यमव्यायोग र दूत घटोत्कच आदि रचनाहरू, भट्टनारायणको वेणीमाधव, कुलशेखरको सुभद्रा धनञ्जय, नीतिवर्मन्को कीचकवध,

---

*विराटनगर नाम पछि राखिएको हो भन्ने कुरा सत्य हो तर त्यो नाम प्राचीन विराटनगरकै आधारमा राखिएको हो ।

*पाटनको कृष्णमन्दिरमा महाभारतका मुख्य मुख्य घटनाहरूलाई शिलामा उट्टङ्कित गरिएको छ ।

*यद्यत्तत्वं हि वेदनामष्टादशसु पर्वसु ॥
अष्टादश पुराणेषु तत्वं तदस्ति वा नवा ॥

––एक सुभाषित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजशेखरको बालभारत, त्रिविक्रम भट्टको नलचम्पू, क्षेमेन्द्रको भारतमञ्जरी र रामचन्द्रको निर्भय भीम आदि प्रसिद्ध साहित्यिक रचनाहरू महाभारतकै प्रभावमा लेखिएका हुन् । मानवजातिको अमूल्य रत्न 'गीता' यही महाभारत (भीष्मपर्व) को एउटा प्रसंग हो । यसर्थ यी सबै कुराको गहिराइबाट जन्मेको 'यन्न भारते तन्न भारते' उखान एकदम सार्थक हुन आएको छ ।

'मानव-सभ्यता' को विकासक्रम आधुनिक सोचाइले हेर्ने हो भने महाभारतका रचनाकाल सभ्यताको राम्ररी जन्मै नभएको काल हो भने हुन्छ, तर यस महान् ग्रन्थमा मानव-सभ्यता मात्र होइन मानवीय समस्याहरूबारे जुन सूक्ष्म र विशद विचार गरिएको छ, त्यो पढ्दा अत्यन्त आश्चर्य लाग्छ । वास्तवमा, यो कुरा सत्य हो कि एकपटक राम्ररी महाभारत पढेपछि 'अब पनि संसारमा भन्नुपर्ने केही कुरा बाँकी छ !' भन्ने अनुमान गर्न जस्तै पाठकलाई पनि मुश्किल पर्छ ।

शैली र भाषाको अन्तरलाई अन्तर नमान्ने हो भने कैयौं आधुनिकभन्दा अझ आधुनिक दार्शनिक विचारहरू यहाँ निबद्ध छन् । यस कुराको स्वयं व्यासले पनि संकेत गर्न बाँकी छोडेका छैनन् ।
महाभारतकै यस श्लोकमा कस्तो स्पष्ट र काव्यात्मक ढंगबाट उक्त कुरा भनिएको छ ।

*धर्मे चार्थे च कामे च मोक्षे च पुरुषर्षभ,
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ।

जसको भावानुवाद यस्तो हुन सक्छ—

'धर्मार्थ काम औ मोक्ष' यी चार तत्वमा पनि
जे यहाँ छ छ त्यै अन्त जे छैन छैन त्यो कहीँ ।

ग्रन्थकार व्यासले आफ्ना अरू ग्रन्थहरूमा पनि महाभारतको राम्रो प्रशंसा गर्नुभएको छ, हुनत स्वयं ग्रन्थकारको लेखनीबाट आफ्नै ग्रन्थको प्रशंसा गरिनु र आफ्नै पनि बीचबीचमा चर्चा हुनु आदि कुरालाई हाम्रा सामान्य सोचाइ अहंमन्यता वा आत्म प्रशंसा आदि दोष मान्न सक्छ, तर यो ग्रन्थ यस संकोचबाट धेरै माथि उठेको छ, आफू र पराइको भेद स्वार्थमूलक हो, प्रशंसनीय काम गर्ने प्रत्येक व्यक्ति प्रशसनीय हुन्छ, चाहे त्यो व्यक्तिस्ववाच्य होस् चाहे परवाच्य होस् यस्तै राम्रो काम पनि सदैव स्यावासी योग्य हुन्छ चाहे त्यो काम आफूबाट भएको होस् चाहे पराइबाट यसो भन्दा आत्म-प्रशंसा हुन्छ कि ? लोकले बात मार्छ कि ? म घट्छु कि ? यस क्षुद्रताबाट माथि उठेको मानव-तत्व नै देवत्वको अंश हो, ग्रन्थकार व्यास यस्तै निःस्पृह, असंकोची र उदारवादी कवि हुन् ।

वि. सं. १९७५ मा प्रकाशित ने. भा. स. को 'संक्षिप्त भारत' नामक नेपाली गद्य महाभारत (प्रथम संस्करण) को भूमिकामा व्यक्त गरिएको यो उद्‌गार स्वागत योग्य छ—

"अखिल भूमण्डलका विद्वान्‌हरू जसलाई शिरोवन्द्य सम्झन्छन् सो अमूल्य 'गीता रत्न' पनि यसैको अवयव हो, यस्तो यो परम पवित्र ठूलो इतिहासको अवलोकन, विचार र परिशीलन गर्नाले नै यस भारतवर्षमा अनेक, देशोद्धारक, तत्वज्ञानीहरूको बराबर प्रादुर्भाव भएको छ, के नैतिक, के सामाजिक, के धार्मिक जुनसुकै विषय पनि यस ग्रन्थमा नपाइने कुनै छैन । सांसारिक र पारमार्थिक सम्पूर्ण विषयको यस ग्रन्थमा विस्तारपूर्वक विवेचन गरिएको छ, यसबाट जो अमूल्य उपदेश मिल्दछ, त्यो अरू कुनै ग्रन्थबाट मिल्न सक्तैन यसकारण यो ग्रन्थ आर्यहरूको सर्वस्व नै हो ।"

यस्तै कुरा वि० सं० १९०० मा प्रकाशित 'सर विलियम्स' को 'इण्डियन विज्डम' नामक पुस्तकमा पनि भनिएको छ । यूरोपका यी प्रसिद्ध विद्वान्‌ले महाभारतका नीतिपद्यहरूको राम्रो समीक्षा गरेका छन्, उनले एक ठाउँमा भनेका छन्—

---

*यो श्लोक आदिपर्व ६२ अ (५३ श्लो) मा र स्वर्गारोहणपर्व अ. श्लो. मा छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"महाभारतमा अद्वैत र द्वैतवाद, आध्यात्मिक र भौतिकवाद, आचार नियमको कडाइ र शिथिलता, पुरोहित-वादको समर्थन र निन्दा जातगात छोइछिटो आदिमा उदारता र अनुदारता आदि सबै सिद्धान्त जसरी तसरी मिलाएर पारिएको छ।"

यिनले महाभारतको बृहत्कायप्रति पनि यस्तो मंतव्य प्रकट गरेका छन्–

"महाकवि होमरका प्रसिद्ध काव्य 'इलियड' र 'ओडेसी' दुबै मिलाएर जति ठूलो ठेली तयार हुन सक्छ महाभारत त्यसको आठ गुनाभन्दा पनि ठूलो छ।"

'सर विलियम्स' नारी पात्रहरूलाई प्राप्त व्यावहारिक र आदर्श स्वतन्त्रताबाट पनि धेरै प्रभावित थिए, यही प्रभावमा उनले साह्रै राम्रो कुरा भनेका छन्––

" महाभारत प्रदर्शित स्त्रीस्वातन्त्र्यलाई सम्झेर ल्याउँदा वर्तमान हिन्दूसमाजले आधुनिक स्त्रीहरूलाई उनको आफ्नो प्राचीन स्वतन्त्रता आवश्यक प्रदान गर्नेछ भन्ने ठान्दछु।"

यस्तै महात्मा गान्धीले महाभारतको महत्ताका सम्बन्धमा विभिन्न समयमा भनेका निम्न * वाणीहरू पनि अत्यन्त सार्थक छन्–––

* महाभारत संसारको सबभन्दा ठूलो ज्ञान–भण्डार हो।

* मनुष्यलाई यदि अमर प्राणी ठान्ने हो भने महाभारत उसको एउटा आध्यात्मिक इतिहास हो।

* हाम्रा हृदयमा सत् र असत्को जो सनातन संघर्ष चलिरहन्छ महाभारतकारले उसलाई यस कथानकको माध्य-मबाट अमर काव्यका रूपमा हाम्रा सामु प्रस्तुत गर्दछन्।

* महाभारत त रत्नै रत्नको खानी हो।

* गुण, ज्ञान र चातुरीका लागि महाभारतको ज्ञान भण्डार भरिपूर्ण छ।

महाभारत नाम रहनाको कारण 'यो ग्रन्थ अत्यन्त महत्वपूर्ण (महा+) र भारी (+भारत) भएकाले भनेर यसै ग्रन्थमा स्पष्ट गरेको छ––

महत्त्वाद् भारवत्त्वाच्च महाभारतमुच्यते

विशाल काय यस ग्रन्थलाई एउटै कविले रचना गरेको भन्ने कुरालाई यूरोपतिरका धेरै विद्वान्ले असम्भव मानेका छन्, जर्मन विद्वान् बुहलरले आफ्ना भाषामा लेखेको महाभारतको इतिहास भन्ने ग्रन्थमा पनि यस कुराको संकेत गरेका छन्, यिनै बुहलरका शिष्य जो जफ डालमान नामक प्रसिद्ध विद्वान्ले १९५२ सालमा र १९५६ सालमा महाभारतकै विषयमा दुईटा पुस्तक छपाएका छन्। यी दुबै पुस्तक बर्लिनमा छापिएका थिए। जो जफ डालमानका विचारमा पनि महाभारत एउटा सम्पादक–मण्डलले तयार पारिएको ग्रन्थ मानिएको छ र यो ग्रन्थ अहिलेका रूपमा तयार हुन कैयौं पुस्ता लाग्यो होला भन्ने कुरा भनिएको छ। उनले महाभारतका सम्पादक कविहरूलाई सफल कवि बताएका छन्।

महाभारतमा टीका र टिप्पणी

यो महान्ग्रन्थ अहिले जति आदरपात्र छ त्यतिनै वा अझ बढी प्राचीनकालमा पनि थियो। ग्रन्थकार व्यास एक सुदूरदर्शी विद्वान् भएकाले उनले यस ग्रन्थको भविष्यबारे पनि कैयौं कुरा ग्रन्थको भूमिकामा (प्रस्तावनाध्यायमा) नै व्यक्त गरेका छन्। अहिले महाभारतको अनुवाद, टीका, टिप्पणी, समालोचना, समीक्षा आदि विषयमा संसारका विभिन्न भाषामा जसरी कलम चलेका छन्, व्यासको पनि अनुमान ग्रन्थकारले लगाइसकेका छन्, हामी स्वयं ग्रन्थकारकै शब्दमा हेरौं—

* हेर्नुस्–– गान्धीजीकी सूक्तियाँ (पृ.६७) सम्पादक––ठाकुर राजबहादुर सिंह।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आचख्युः कवयः केचित् सम्प्रत्याचक्षते परे।
आख्यास्यन्ति तथैवान्य इतिहास मिमंभुवि ॥
इदं तु त्रिपुलोकेषु महज्ज्ञाने प्रतिष्ठितम्।
विस्तरैश्च समासैश्च धार्यते यद् द्विजातिभिः ॥
१।१।२६ २७

अर्थात्—

कैयौंले यै कुरा लेखे लेख्दैछन् अहिले कति,
लेख्नन् पछि पनी यस्का कुरा संसारका कवि,
यो ज्ञान ग्रन्थको ऐल्हे प्रतिष्ठा छ जगत्भर,
धेरै थोरै यही ज्ञान लिन्छन् विद्वान्हरू सब"

यस्तै—

विविधं संहिताज्ञानं दीपयन्ति मनीषिणः।
व्याख्यातुं कुशलाः केचिद् ग्रन्थान् धारयितं परे ॥
सर्वेषां कविमुख्यानामुपजी व्याभविष्यति।
पर्जन्य इव भूतानामक्षयो भारतद्रुमः ॥
१।१।५३,६२,

अर्थात् —

व्याख्यां गरेर वा यस्को अनुवाद गरीकन।
गर्छन् विद्वान्हरू राम्रो भावज्योति-प्रकाशन ॥
प्राणीका निम्ति वर्षा झैं यो ठूलो भारतद्रुम।
सम्पूर्ण कविका निम्ति होला आश्रय उत्तम ॥

ग्रन्थकारबाटै यी कुरा व्यक्त गरिएको हुँदा यस ग्रन्थको आफ्नै रचनाकालमा नै सम्मान भएको र यसभित्रका कैयौं विषयको व्याख्यान समेत चल्न थालेको बुझिन्छ। रचनाकालमा नै यस्तो कसरी हुन सम्भव छ भन्ने प्रश्न र उत्तरपट्टी हामी अहिले जानु छैन। हामीलाई यसका खास टीका टिप्पणीको चर्चा गर्नु छ।

महाभारत संस्कृतमा लेखिएको ग्रन्थ भएर पनि यसका टीकाहरू धेरै संस्कृत भाषामा नै लेखिएका छन्। महाभारतका प्रसिद्ध विद्वान् डा. सुक्थणकरले निम्नलिखित विद्वान्हरूलाई महाभारतका टीकाकार भनेर उल्लेख गरेका छन्—

१— अर्जुन मिश्र,
२— अनन्त भट्ट,
३ आनन्दाचार्य,
४— चतुर्भुज मिश्र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५– जगदीश चक्रवर्ती
६– देवबोध नीलकण्ठ
७– महानन्द पूर्ण,
८– यज्ञनारायण,
९– रत्नगर्भ,
१०– रामकिङ्कर
११– रामकृष्ण
१२– वरदाचार्य,
१३– लक्ष्मणाचार्य,
१४– वादिराज,
१५– विद्यासागर
१६– विमलबोध,
१७– शंकराचार्य,
१८– श्रीनिवासाचार्य,
१९– सवनारायण,
२०– रामानुजाचार्य,
२१– सृष्टिधर,
२२– गदानन्द,
२३– जगद्धर,
२४– जनार्दनमुनि,
२५– विद्यानिधि भट्ट,
२६– वैशम्पायन,
२७– शाण्डिल्य,
२८– माध्वाचार्य,

यिनका अतिरिक्त विषम पद विवरण, निगूढ पदवोधिनी, भारतटिप्पणी नामक अरू टीकाहरू पनि छन् र तिनका कर्ताको पत्तो लागेको छैन भन्ने पनि डा. सुखठणकरको भनाइ छ ।

यीबाहेक हिन्दी, बङ्गाली, मराठी, गुजराती, मैथिली भारतीय भाषाहरूमा महाभारतका सैकडौं प्रकारका टीका- टिप्पणी प्रकाशित भएका छन्, हिन्दी टीकाहरूमध्ये हालै भारतको गीताप्रेस गोरखपुरबाट संस्कृतमूलसहित प्रकाशित टीका राम्रो मानिएको छ ।

यूरोपतर्फ पनि उहाँका धेरै भाषामा महाभारतका टीका र टिप्पणी वा स्वतन्त्र समीक्षात्मक ग्रन्थहरू प्रकाशित भएका छन्, तर ती सबैको यहाँ प्रचार भइसकेको छैन ।

पूर्वीय विद्वान्हरूका चर्चामा परेका पाश्चात्य टीकाकारहरूमध्ये

१– वेवर (जर्मन)
२– लुड्विग (")

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३– होज्मान (”)
४– फाड़र (”)
५– म्याक्समूलर (”)
६– प्रो. सौर्यनसेन (कोपेन हेगेन युनिभर्सिटी)
७– बुहलर (जर्मन)
८– जोजफडालमान (”)
९– सिल्वांलेवी (फ्रान्स)
१०– सर् वार्थ,
११– विटर निज
१२– प्रो. वस वर्न हपकिन्स (वेल युनिभर्सिटी अमेरिका)
आदिको नाम लिन सकिन्छ ।

उपर्युक्त पाश्चात्य विद्वान्हरूमध्ये जर्मन विद्वान् वेवरले १९०९ वि. सं. मा 'इण्डियन स्टुडेन' नामक ग्रन्थमा महाभारतका कथा सूक्ति र अन्य विषयमा विशेष चर्चा गरेका छन्। अर्को जर्मन विद्वान् लुडविगको -हाभारत-सम्बन्धित ग्रन्थको नाम-यूवेर दाइ मिथिस् गुंडलेज दे महाभारत' हो, उक्त ग्रन्थमा लुडविग महाशयले महाभारतका मूल जरा वेदमा छन् भनेर त्यसको उदाहरण प्रस्तुत गर्ने ठूलो प्रयास गरेका छन्, यही ग्रन्थमा महाभारतका पात्रहरूलाई वास्तविक नभएर लाक्षणिक थिए भन्ने कुराको पनि अत्यन्त परिश्रमपूर्वक उदाहरण प्रस्तुत गरिएको छ। तलका उदाहरणले सो लाक्षणिक सिद्ध गर्ने प्रयास बुझ्न सरल पर्नेछ—

पाण्डु–पहेंलो सूर्य,
द्रौपदी-पृथिवी [जसलाई धर्म (युधिष्ठिर) वायु (भीम)
वर्षा (इन्द्रपुत्र अर्जुन) औषधि (माद्रीपुत्र
आश्वनीकुमार वैद्यका छोरा नकुल सहदेव) आदि
पाँच पति चाहिन्छन्]
श्रीकृष्ण-सूर्य (वसन्त कालीन वा पूर्ण दीप्तिमय)

यी लुडविग महोदयको यो गून्थ १८४१ सालमा प्रकाशित भएको थियो। होज्मान महाशयको महाभारत-सम्बन्धित 'महाभारत एण्डसेन टेल' नामक गून्थ पनि यसै ताका प्रकाशित भएको थियो। लगभग लुडविगकै झैं होज्मानले पनि महाभारतीय कथालाई लाक्षणिक सिद्ध गर्ने प्रयास गरेका छन्, तर लुडविगको र होज्मानको प्रस्तुतीकरणमा बेग्लै रूप छ। होज्मानका वचारमा महाभारतको युद्ध राजनयिक युद्ध नभएर साम्प्रदायिक युद्ध थियो, कौरवहरू शैव थिए, पाण्डवहरू वैष्णव थिए र शैव र वैष्णवमा त्यस बेला ठूलो वैर थियो आदि। महाभारत एण्डसे नटेल, नामक उक्त गून्थ ४ खण्ड गरेर प्रकाशित भएको थियो।

अर्को जर्मन विद्वान् फाडरले पनि महाभारतको युद्धलाई साम्प्रदायिक युद्ध बताएका छन् तर यो साम्प्रदायिक युद्ध शैव र वैष्णवको नभएर हिन्दू र बौद्धहरूको थियो भनिएको छ।

विद्वान् म्याक्समूलरले पनि संस्कृत-साहित्यको सम्पूर्ण इतिहास लेख्ने प्रयास गरेका छन्, महाभारतबारे उनको टिप्पणी त्यही ग्रन्थमा विस्तृत छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोपेन हेगेन युनिभर्सिटीका प्रोफेसर सोर्यन सेनले १९४० सालमा महाभारत पढ्ने सोख लिएका थिए, तर उनलाई अति विशालकाय यस ग्रन्थको अध्ययन गर्न एउटा बेग्लै महाभारत पथ प्रदर्शक ग्रन्थ हुनु अपेक्षित लाग्यो। यही अपेक्षाको पूर्तिका निमित्त उनले ८ वटा मा परिचायक ग्रन्थ तयार पारे। उक्त ग्रन्थको उद्देश्य महाभारतका हज्जारौँ पात्रसँग पाठकलाई परिचय गराउनु थियो। यस ग्रन्थमा पात्रहरूको परिचय वर्णानुक्रम (अक्षरको सिलसिला) को आधारमा दिने प्रयास भएको छ। प्रत्येक पात्रको परिचय दिने प्रयास भएकोले ग्रन्थ विशाल बनेको थियो, तर उनी जीवित छँदै यो ग्रन्थ छापिन पाएन, उनको मृत्युपछि डेनिश सरकारले यो छपाइदिएको थियो।*

यिनै प्रो. सोर्यन नलाई 'महाभारत र भारतीय संस्कृतमा उसको देन' नामक रचनामा (डेनमार्कमा) 'आचार्य' भन्ने महत्वपूर्ण उपाधि नि मिलेको थयो।

माथि नामोल्लेख गरिएका पाश्चात्य विद्वान्‌मध्ये बुहलर भारत (बम्बई) कै एक विद्यालयमा अध्यापक भएर बसेका थिए, भारत-प्रवासमा उनले आपनो भाषामा धेरै संस्कृत ग्रन्थको अनुवाद गरेका थिए अरे, महाभारतका सम्बन्धमा उनले 'महाभारतको इतिहास' नामक प्रबन्ध लेखेका छन्।

विक्रम संवत् १९५६ मा अर्को पाश्चात्य विद्वान् म्याक डोनेलले एउटा ग्रन्थ लेखेर त्यसमा महाभारतलाई 'प्राचीन भागवतहरूको धर्मग्रन्थ र 'कार्ष्णवेद' भन्ने संज्ञा दिएका छन्।

यिनका अतिरिक्त मिष्टर ग्रियर्सले 'जर्नल अन् दि एसियाटिक सोसाइटी' नामक पुस्तकमा, मिष्टर क्रूर्कले 'ट्राइब्स एन्ड कास्ट्स् अव दि नर्थ वेष्टर्न प्रोविन्स, नामक पुस्तकमा र मिष्टर हेल्डले (हाइल्याण्डबाट प्रकाशित) 'दि महाभारत एण्ड एन्थ्रोपोलजिक स्टडी' नामक पुस्तकमा महाभारतबारे राम्रा टिप्पणीहरू गरेका छन्। फ्रांसिसी विद्वान सिल्वाँ लेवी र अरु पाश्चात्य विद्वान् सर वार्थ, विंटर निज आदि पनि महाभारतका परिचित विद्वान् मानिन्छन्।

रसियन भाषामा पनि त्यहाँको एक साहित्यिक संस्थाले बडो व्यवस्थापूर्वक १९९९ वि० सं० मा सम्पूर्ण महाभारतको अनुवाद गर्ने काम थालेको थियो। व्यक्तिगत रूपमा पनि त्यहाँका विद्वान्‌हरूले महाभारतकै विषयमा र महाभारतमा आधारित कैयौं ग्रन्थ लेखेका छन् भन्ने थाहा पाइएको छ।

हाम्रा छिमेकी मित्रराष्ट्र भारत र चीनमध्ये भारतमा स्वाभाविक रूपले महाभारतसम्बन्धी असंख्य ग्रन्थ लेखिएका छन्, महाभारतमा आधारित कैयौं किसिमका चलचित्रहरू पनि भारतका फिल्म कम्पनीहरूले प्रदर्शन गरेका छन्। संस्कृत भाषामा लेखिएका कैयौं टीका र टिप्पणीहरूका कर्ता नेपाली र भारतीय के थिए भन्ने छुट्याउन कठिन भए पनि वर्तमान भारतीय भाषाहरूका टीका-टिप्पणीकारहरू भारतीयकै रूपमा परिचित छन्। प्रसिद्ध भारतीय विद्वान् चिन्तामणि राजवैद्यलाई महाभारतका अधिकारी विद्वान्‌का रूपमा विश्वभरकै विद्वान्‌ले सम्मान गरेका छन्। संस्कृतका टीकामध्ये पं नीलकण्ठको टीकाले विशिष्ट स्थान प्राप्त गरेको छ। हाम्रा राजधानीका वीर पुस्तकालय (*राष्ट्रिय अभिलेखालय) र राष्ट्रिय पुस्तकालयमा महाभारतसम्बन्धी अहिलेसम्म प्रकाशमा नआएका पुस्तकहरू होलान् भन्ने आशा राखिएको छ।

हाम्रो अर्को छिमेकी राष्ट्र चीनमा ईशापूर्व २०० वर्ष पहिल्यै महाभारतका टीका लेखिएका छन्। त्यसपछि सातौं शताब्दीसम्म चीनमा महाभारत-सम्बन्धमा प्रशस्त अध्ययन ग्रन्थ तयार भएको थाहा पाइएको छ। अहिलेसम्म पनि

---

*गीताप्रेसबाट पनि कल्याण पत्रिकाको साइजमा ४०८ पृष्ठको यस्तै ग्रन्थ (हिन्दीमा) प्रकाशित भएको छ।

*राष्ट्रिय अभिलेखालयमा बाँसका ढुंग्रामा राख्ने गरी २०० वर्ष अघि लेखिएका २ खण्ड महाभारत छन्। यी महाभारत अत्यन्त मिहिन अक्षरमा वेरुवा कागतमा लेखिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभिन्न समीक्षाहरू भइरहेकै होलान्, तर आधुनिक चीनमा महाभारतबारे के के हुँदैछ त्यसबारे प्रमाणिक सामग्री फेला-पार्न भने सकिएको छैन ।

महाभारतको रचना शैली

महाभारतको रचना शैली सरल र सुन्दर छ । यसमा प्रयुक्त शब्द अत्यन्त सार्थक र गहुँगा छन् । यस कुराको उदाहरण सम्पूर्ण महाभारत पढ्ने अनुकूल नपरेकाले पनि भीष्मपर्वको भगवद्‌गीताका १८ अध्याय पाठ गरेर थाहा पाउन सक्छ । हुनत गीता महाभारतको सर्वस्व हो र गीताको कविता बाँध्दा एक अक्षर पनि खेर नफाल्ने तरीकाले परिश्रम गरिएको कुरा प्रत्येक पाठकलाई लाग्छ, तर सम्पूर्ण महाभारतमा यस्तो गुण छैन भन्न सकिन्न, तर यो भने मान्नुपर्छ- श्रीमद्‌भागवत जस्तो माधुर्यपूर्ण र बाल्मीकिरामायण जस्तो काव्यात्मक छैन । यदि साहित्यक कलाको र छन्दमाधुर्यको स्वादभन्दा पनि गम्भीर स्वाद कथावस्तु र दार्शनिकताको हुन्छ भने त्यो गुण महाभारतमा छ । महाभारतको कथावस्तु नै यस्तो मीठो छ जसलाई कविता-शैलीका माधुर्यको उति खाँचो छैन । अनि एउटा अर्को कुरा पनि विचारणीय छ महाभारत सम्पूर्णमा अलि अलि शैलीको अन्तर परेको छ । महाभारतभरि मुख्य दुई छन्द नाचेका छन्-अनुष्टुप् र उपजाति । दुवै छन्द भावाभिव्यक्तिका निमित्त अरू छन्दभन्दा सरल छन् र यिनैले एक शैलीको निर्माण गर्दछन् ।

सम्पूर्ण महाभारतको रचना शैलीमा कहीं कहीं अन्तर पर्न गएको देखेर धेरै विद्वान्‌हरूले यो एउटै कविको रचना होइन भनेका हुन् तापनि अहिलेसम्मको मेरो अध्ययनले त यो रचना एउटैको जस्तो अनुभव गरेको छ, कारण के भन कविताको प्रवाह समयअनुसार बहन्छ, यति विशाल ग्रन्थ तयार पार्दा अवश्य नै धेरै समय लाग्यो होला र अनुकूल र प्रतिकूल परिस्थितिअनुसार कविता शैलीमा अन्तर पर्न गयो होला । महाभारत तयार पार्न लागेको अवधिको यसै ग्रन्थमा स्पष्ट उल्लेख गरिएको छ—

> त्रिभिर्वर्षैः सदोत्थायी कृष्णद्वैपायनो मुनिः ।
> महाभारतमाख्यानं कृतवानिद मप्लुतम् ॥
>
> आदि।६२।५२

अर्थात् महर्षि कृष्णद्वैपायन (व्यास)ले निरन्तर यसैमा संलग्न रहेर तीन वर्षमा यो अद्‌भुत महाभारत आख्यानको रचना गरे ।

यसरी निरन्तको प्रयास भए पनि कविताशैलीमा अन्तर पर्न जानु अस्वाभाविक मानिएको छैन, बरु यो भने स्वीकार गर्न सकिन्छ– महाभारतको अझ गौरव बढाउने उद्देश्य भएका पछिका विद्वान्‌हरूले र विभिन्न धर्मसम्प्रदायका अनुगामीहरूले आ-आफ्ना रुचिअनुसारका कविताहरू यसमा थपे होलान्, कविताको प्रक्षेप पनि कहिलेकाहीं मूल जस्तै बन्न जान्छ यदि प्रक्षेप्ता विद्वान सफल कवि छ र मूल ग्रन्थको शैलीबाट राम्रै प्रभावित छ भने ।

महाभारतको रचानाशैलीको मुख्य विशेषता के छ भने यहाँका प्रत्येक पात्रको चरित्रअनुसार नै शैली खेलेको छ, द्रौपदीका मुखबाट अद्रौपदीले बोल्ने जस्ता कुरा यहाँ बोलाइएको छैन, आपर्व होस् कि अन्त्यपर्व युधिष्ठिर बोल्छन् भने उनका बोलीको पारा नै बेग्लै बन्दछ विदुर, भीष्म र द्रोण यस्ता पात्र छन् जसको कुनै सभामा उपस्थिति भएको कथा प्रसंग पढ्नेबित्तिकै मनमा कुनै न कुनै नैतिक उपदेश सुन्ने इच्छा जागाहाल्दछ । भीम बोलेकि कुनै खतराको भय उत्पन्न हुन्छ भने दुःशासन र शकुनिका कुरैमा कपट भरिएको भान हुन्छ । धृतराष्ट्रका कुरा पढ्दा कहिले क्रोध र कहिले दया भरिएर आउँछ भने कर्ण र दुर्योधनका कथा पनि बेग्लै छाँटले उपस्थित हुन्छन् । भगवान् श्रीकृष्ण यस्ता पात्र हुनुहुन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाठकले पनि महाभारत पढ्दा पढ्दै ती ती संकटकालमा उहाँको उपस्थिति प्रार्थना गर्छन् र उहाँ उपस्थित भएपछि पाठकको मन ढुक्क हुन्छ । यसरी महाभारतलाई एक अत्यन्त रोमाञ्चकारी र अति आकर्षक महाकाव्यको रूपमा तयार पारिएको छ । यो ग्रन्थ पढेर वा सुनेर कहिले तृप्ति हुँदैन र अर्को अर्को पटक दोहोऱ्याउँदा पनि पहिलेकै जस्तो नौलो र मीठो लाग्छ—महाकवि माघले भनेको—

क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः ।

सूक्ति महाभारतका निमित्त अत्यन्त उपयुक्त छ । यसै कारण कुनै एक कविले यस्तो भनेका छन्–

"गान्धर्वगन्धसंयुक्तं ताम्बूलं भारती कथा ।
इष्टा भार्या प्रियं मित्रमपूर्वाणि दिने दिने" ।।

महाभारतका रचयिता

महाभारतका रचयिता एउटै 'व्यास' हुन् वा धेरै छन् भन्ने विषयमा विद्वानहरूमा प्रशस्त मतभेद भए पनि पौराणिक साहित्यहरूमा र स्वयं महाभारतमा एउटै व्यास (कृष्णद्वैपायन) लाई महाभारतका रचयिता बताइएको हुँदा यहाँ उनैको केही परिचय दिन चाहेको छु ।

व्यासको जन्म पराशरनामक एक महर्षि र सत्यवती नामकी एक दासकन्याबाट भएको हो । यिनको वर्ण कालो हुनाले यिनको नाम 'कृष्ण' राखिएको थियो तापनि यिनको जन्म एउटा द्वीप (टापू) मा भएकाले यिनलाई *'द्वैपायन' पनि भन्थे । जन्मेर यी बदरीनारायणमा गएर धेरै बसेका हुनाले यिनको अर्को नाम 'बादरायण' पनि परेको छ । यिनैले पछि ठूलो भएर वेदको विस्तार गरेकाले विस्तारको संस्कृत शब्द 'व्यास' का आधारमा यिनैको नाम ❊'व्यास' भयो । यिनका उक्त नामहरूमध्ये 'व्यास' नाम नै अधिक प्रचलित छ । ❋१८ महापुराणकै रचयिता व्यास हुन् भन्ने प्राचीन मान्यता भए पनि धेरै विद्वान्हरूले ‡व्यासहरू धेरै भएका हुँदा कृष्णद्वैपायन व्यासलाई निम्न लिखित कार्यको विशेष श्रेय दिएका छन्–

१. ऋक्, यजु र साम वेदको सम्पादन,

२. ब्रह्मसूत्र (वेदान्तको मूल ग्रन्थ) को रचना,

---

*एवं द्वैपायनो जज्ञे सत्यवत्यां पराशरात् ।
न्यस्तो द्वीपे स यद् बालस्तस्माद् द्वैपायनः स्मृतः ।।१।६३।८६।

❊विव्यास वेदान् यस्मात् स तस्माद् व्यास इति स्मृतः ।।१।६३।८८।

❋व्यासले बनाएका १८ पुराणका सम्बन्धमा देवीभागवत प्रथमस्कन्ध ३ अ. २ श्लोकमा पुराणहरूका नामका पहिला अक्षरलाई यसरी उल्लेख गरिएको छ–

''म' द्वयं, 'भ' द्वयं चैव 'ब्र'त्रयं 'व' चतुष्टयम् ।
'अ'ना' 'प' 'लिङ्' 'ग' 'कू' 'स्का' नि पुराणानि पृथक् पृथक् ।।

‡देवी भागवत (प्रथम स्क. ३ अ.) मा स्वयम्भू, प्रजापति, उशना आदि २८ व्यासको उल्लेख छ । यी २८ व्यासमा पछिल्ला व्यासको नाम 'कृष्णद्वैपायन' छ । व्यास धेरै थिए भन्ने कुराको गीतामा श्रीकृष्णले 'व्यासहरूमा द्वैपायन हुँ' भन्नुभएकाले पनि पुष्टि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. महाभारत (प्रस्तुत ग्रन्थ) को''
४. श्रीमद्भागवतको ''

कन्यामा यी जन्मेपछि यिनकी आमा सत्यवतीको महाराज शान्तनुसँग विवाह हुन्छ। सत्यवतीले शान्तनुबाट पाएका छोराहरूको मृत्यु हुन्छ र विधवा बुहारीहरूबाट आमा सत्यवतीको आज्ञाले देश र समाजका हितका निमित्त निःसन्तान हुन लागेको प्रतिष्ठित राजकुलको रक्षा गर्न यिनले 'धृतराष्ट्र, पाण्डु र (एक दासीबाट) विदुर नामक पुत्र जन्माउँछन्। यिनै ३ जना महाभारतका स्रोत हुन्। धृतराष्ट्रका छोरा र पाण्डुका छोराहरूका बीचमा भएको युद्ध 'महाभारतयुद्ध' हो। महाभारतका यी दुवै थरी पात्रसँग व्यासको व्यापक सम्पर्क छ। दुवैथरी पक्षले यिनको सम्मान र विश्वास गरेका छन्, यसकारण यी दुवैथरीका १-१ कुरा व्यासलाई थाहा छ। यसैले महाभारतमा यिनले बताएका कुरा प्रामाणिक मानिएका छन्, '३ जना कृष्णले महाभारत बनाए' भन्ने उक्ति पनि छ, ती ३ जना हुन् भगवान् कृष्ण, *अर्जुन कृष्ण र द्वैपायन कृष्ण। तर यो बनाए उक्तिको तात्पर्य 'कविता बनाए' होइन 'महाभारतका विशिष्ट कार्य गरे' भनेको हो।

कृष्णद्वैपायनका शिष्यहरूमा सुमन्तु, वैशम्पायन, जैमिनी, पैल, रोमहर्षण र शुकदेव अत्यन्त प्रसिद्ध छन्। यिनै शिष्यहरूका माध्यमबाट यिनका ग्रन्थहरूको संसारभर प्रचार भएको थियो र भगवान् विष्णुका २४ अवतारमध्येमा यिनले उनै शिष्यहरूका पालामा स्थान पाइसकेका थिए। उक्त शिष्यहरूमध्ये शुकदेव चाहिँ यिनैका छोरा थिए र शुकदेवलाई व्यासलाईभन्दा पनि ठूलो आदर मिलेको थियो।

व्यासले आफ्नो पछिल्लो रचना श्रीमद्भागवत भएको कुरा श्रीमद्भागवत प्रथमस्कन्धमा बताएका छन्, श्रीमद्भागवत ज्ञान, वैराग्य र भक्तिको प्रतिपादक अत्युत्तम ग्रन्थ छ, महाभारतको कथा गौण रूपमा यसमा पनि बताइएको छ भने श्रीकृष्णको बाललीलासम्बन्धी भागवतमा लेखिने कथालाई महभारतमा पनि बताइएको छ। (दक्षिणात्य पाठमा विशेष)। यसै महाभारतमा समाजको भौतिक र राजनीतिक पक्षको विवेचना चरम सीमासम्म गरिएको छ भने भागवतमा आत्मीय पक्ष विवेचनाको पराकाष्ठा छ। महाभारतको रचनालाई व्यासले गणेशद्वारा लेखाएका हुन् भन्ने कुरा महाभारतको आदिपर्वमा नै उल्लिखित छ।

व्यास सर्वद्रष्टा थिए, 'रवि नपुग्ने ठाउँमा कवि पुग्ने' उखान सर्वतोभावेन व्यासमा चरितार्थ हुन सक्छ। ※भूगोल, खगोल, राजशास्त्र, समाजशास्त्र, अर्थशास्त्र, धर्मशास्त्र आदि सम्पूर्ण विषयमा व्यासका लेखनीले आँत भेट्टाएर कुरा पोखेको छ, धर्मशास्त्रमिदं पुण्यमर्थशास्त्रमिदं परम्। मोक्षशास्त्रमिदं प्रोक्तं व्यासेनामितबुद्धिना (१।६२।२३)

एक दुई आलोचकहरूले व्यासलाई पाण्डवका पक्षपाती भनेर महाभारतका कथाहरू पाण्डवपक्षको पुष्टिगर्ने उद्देश्यले असत्य प्रक्षेप गरेर लेखएका हुन् पनि भनेका छन् तर सम्पूर्ण महाभारत राम्ररी पढ्दा व्यासलाई त्यस्तो दोष दिनु अव्यावहारिक लाग्दछ। व्यासले पाण्डवको पक्ष लिएकै भए पाण्डवहरूलाई कलंक लाग्ने खालका कैयौं कुरा यहाँ लेखिने थिएनन् जस्तो कि पाँच भाइ पाण्डवले एउटै पत्नीसँग विवाह गरेको, विधवा रानीहरूबाट पाण्डु, धृतराष्ट्र आदिको जन्म भएको, स्वयं व्यासको माझीकी पुत्रीबाट अवैध रूपमा जन्म भएको, पाण्डवहरूले जुवा खेलेको, धर्मयुद्धको घोषणा गर्ने पाण्डवहरूले युद्ध मैदानमा केही अवसरवादी काम गरेको आदि कुरा स्पष्ट रूपमा यहाँ लेखिएका छन्। सत्य इतिहासलाई लुकाउन प्रयास गरेका भए व्यासले आफूलाई एक पवित्र कुलकी ब्राम्हणकन्याबाट जन्मेको, पाण्डवहरूले बेग्लै बेग्लै रानी

---

*अर्जुनका १० नाम थिए तीमध्ये एउटा नाम 'कृष्ण' हो। हेर्नुहोस् विराटपर्व ४४ अ. श्लोक ६ मा—

'अर्जुनः फाल्गुनो जिष्णुः किरीटी श्वेत वाहनः।
वीभत्सुर्विजयः कृष्णः सव्यसाची धनञ्जयः ॥'

※सामाजिकं, भौगोलिकं, दार्शनिकं, ज्यौतिर्विषयकं विज्ञानं, लोकरीतयः धर्म नीतयः कुटिल नीतयः इत्यो नैके परः सहज विषया महाभारत प्रतिपाद्याः।— रामचन्द्र किञ्जवडेकर (शास्त्री)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाएको युधिष्ठरले जुवा नखेली कौरवहरूबाट रातमा चोरी या कुटपीट आदि गरेर पाण्डवको सम्पत्ति लुटिएको, पाण्डव-हरूबाट राम्रै राम्रो मात्र भनिएको आदि हुनुपर्थ्यो,

तर महाभारतमा कहीं दुर्योधनले पनि आफ्नै पारामा सत्य कुरा भनेका छन्, कहीं पाण्डवहरूले पनि अन्यायका कुरा झिकेका छन्, सबै सज्जनै सज्जन पनि छैनन्, सबै दुर्जनै दुर्जन पनि छैनन्। यसर्थ राम्ररी महाभारत पढ्ने मानिस-लाई व्यास पक्षपाती लेखक लाग्दैनन्।

महाभारतको रचनाकाल

यस किसिमको यो महत्त्वपूर्ण ग्रन्थ कहिले लेखियो होला भन्ने विषयमा धेरै मतभेद छ, पहिलो मतभेद पूर्व पूर्वकामा र दोस्रो मतभेद पूर्व र पश्चिमका विद्वानहरूका बीचमा छ।

रचनाकाल निर्णयका सम्बन्धमा एशियामाभन्दा यूरोपमा धेरै तर्क-वितर्क हुने गरेका छन्, एशियामा विशेष गरी भारतीय र नेपालीहरूमा जुनसुकै ग्रन्थको पनि विषय वस्तुलाई हेर्ने र त्यसैको समीक्षामा लाग्ने बानी धेरै हुन्छ भने पश्चिमेली विद्वान्हरू जुनसुकै चीज पाए भने पनि त्यसको मिति, निर्माण प्रकार, भेद उपभेद आदिको वर्गीकरण गरेर मात्र हेर्न रुचाउँछन्। एउटा हिन्दूले वेद पायो भने श्रद्धापूर्वक व्याख्या र पाठ गर्न मन पराउँछ त एक यूरोपियनले त्यही वेद पायो भने वेदका अक्षर कति पुराना छन्, कस्तो मसीमा लेखिएको छ, अक्षर विन्यास कसरी भएको छ र त्यसलाई कतिसम्म प्राचीन भन्न सकिन्छ आदि कुरामा धेरै समय खर्च गर्छ। यी दुवै चलन आफ्नो आफ्नो क्षेत्रमा महत्त्वपूर्ण हुन्छन्। अस्तु।

महाभारतको रचनाकालका सम्बन्धमा पूर्वीय वा पश्चिमी दृष्टिकोणको विवरण दिनुभन्दा यस सम्बन्धमा शास्त्रीय र आधुनिक दृष्टिकोण प्रस्तुत गर्न उचित ठानेको छु।

शास्त्रमा काल विभाजन युगका आधारमा गरिएको छ, युग ४ छन्–सत्य, त्रेता, द्वापर र कलि। अहिले कलियुग चलेको छ। महाभारतको युद्ध द्वापरका अन्त्यमा कलि लाग्ने बखतमा भएको हो, अहिले अर्थात् २०२४ सालमा ज्योतिषगणनाअनुसार *कलि लागेको ५०६९ वर्ष भयो। महाभारतका रचयिता व्यास उक्त महाभारतका युद्धमा उपस्थित थिए। महाभारतका प्रमुख पात्र पाण्डवका पनाति जनमेजयलाई उनका जिजुको कथा व्यासकै उपस्थितिमा वैशम्पायन ऋषिले सुनाएका थिए, जनमेजयले यो कथा सुन्दा कलियुग लागेको ५–६० वर्षभन्दा बढी भएको थिएन।

यसमा केही प्रमाण– सबभन्दा पहिले पाण्डवका पनाति जनमेजयलाई व्यासकै उपस्थितिमा महाभारतको कथा सुनाइएको प्रमाण हेरौं–

त्रीनग्नीनिव कौरव्यान् जनयामास भारत।
उत्पाद्य धृतराष्ट्रं च पाण्डुं विदुरमेव च॥

जगाम तपसे धीमान् पुनरेवाश्रमं प्रति।
तेषु जातेषु वृद्धेषु गतेषु परमां गतिम्॥

अब्रवीद् भारतं लोके मानुषेऽस्मिन् महानृषिः।
जनमेजयेन पृष्ठः सन् ब्राह्मणैश्च सहस्रशः॥

---

*कलिसंवत्लाई 'युधिष्ठिर संवत्' भन्ने चलन पनि छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शशास शिष्यमासीनं वैशम्पायनमन्तिके ।
स सदस्यैः सहासीनः श्रावयामास भारतम् ॥
१।१।६५-६८

अर्थात् धृतराष्ट्र, पाण्डु र विदुरलाई जन्माएर व्यास फेरि तपस्या गर्न बन गए, ती तीन जना छोरा बूढा भएर मरेपछि उनले (व्यासले) मनुष्य-समाजमा महाभारतको कथा– शिष्य वैशम्पायनलाई लगाएर जनमेजय र अरू धेरै ब्राम्हण-हरूले सोधेअनुसार– सुनाए ।

यसरी स्वयं ग्रन्थकार व्यास महाभारतकालमा उपस्थित भएका प्रमाणले जनमेजयभन्दा पनि महाभारतको रचना पहिलो साबित हुन आउँछ, व्यासदेखि जनमेजयसम्मको वंशक्रम यस प्रकार छ–



माथिका उदाहरणले जनमेजयभन्दा पुरानो मानिने महाभारतलाई कति वर्ष पुरानो मान्ने भन्ने वर्षसंख्या तोक्नका निमित्त कलियुगको आरम्भमा जनमेजय भएको प्रमाण अपेक्षित छ । अब हामी त्यसतर्फ जाऔँ–

जनमेजयका पिता परीक्षित्को मृत्यु हुँदा कलियुग लागेको ३० वर्ष भएको थियो भन्ने कुरा श्रीमद्भागवतको महात्म्यमा (पद्मपुराणमा) यसरी लेखिएको छ–

आकृष्णनिर्गमात् त्रिंशद्वर्षाधिकगते कलौ ।
नवमीतो नभस्ये च कथारम्भं शुकोऽकरोत् ॥
(भा. मा. ६ अ.)

अर्थात् भगवान् श्रीकृष्ण परमधाम गएपछि कलियुगको ३० वर्ष बित्दा परीक्षित् महाराजकहाँ शुकदेव कथा भन्न थाले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तै–

परीक्षित् श्रवणान्ते च कलौ वर्षशतद्वये ।
शुद्धे शुचौ नवम्यां च धेनुजोऽकथयत् कथाम् ॥

अर्थात् महाराज परीक्षित्ले सप्ताह सुनेपछि कलियुगका २०० वर्ष बित्दा गोकर्णले कथा भने ।

माथिका दुई प्रमाणले कलियुगको आरम्भमा जनमेजयका पिता परीक्षित् भएको कुरा पुष्ट हुन्छ तापनि यी दुई श्लोकको अर्थगराइमा मतभेद छ, केही विद्वान्हरूको भनाई छ कि भगवान् श्रीकृष्णको अवतार कलियुगमै भएको थियो र १२५ वर्ष पृथ्वीमा जीवन बिताएर श्रीकृष्ण परमधाम भएपछि अरू ३० वर्ष जाँदा अर्थात् १५५ वर्ष कलि जाँदा परीक्षित्ले शुकदेवबाट कथा सुनेका हुन् त्यस्तै गोकर्णले कथा भन्दा पनि ३५५ वर्ष कलि बितेको थियो ।

तर विष्णुपुराणमा चतुर्थ अंश २४ अध्यायका यी दुई श्लोकले यस किसिमको अर्थगराइलाई खण्डन गरेका छन्–

* यस्मिन् कृष्णो दिवंयातस्तस्मिन्नेव तदाहीन ।
प्रतिपन्नं कलियुगं तस्य संख्यां निबोध मे ॥
× × ×
यावत् स पादपद्माभ्यां पस्पर्शेमां वसुन्धराम् ।
तावत् पृथ्वीपरिष्वङ्गे समर्थो नाभवत् कलिः ॥

अर्थात् भगवान् श्रीकृष्ण जुन दिन जति खेर पृथ्वी छोडेर जानु भयो, त्यही दिन त्यति नै खेर कलियुग लाग्यो । अनि जब भगवान् श्रीकृष्णका चरणकमलले पृथ्वीतललाई छोइरहेका थिए तबसम्म पृथ्वीलाई छुन कलि समर्थ भएन ।

यसरी परीक्षित्ले कथा सुन्दा र (कथा समाप्तिपछि तुरुन्त उनको मृत्यु भएकाले) परीक्षित्को मृत्यु हुँदा कलियुगको जम्मा ३० वर्ष बितेको निर्णय भयो, उनको मृत्यु हुँदा जनमेजय २ वर्षका बालक थिए, १८-१९ वर्षको हुँदा उनले सर्प- यज्ञ र आफ्ना पुर्खाको कथा सुन्ने काम गरेका थिए । यस कारण कलियुग बितेका जति वर्ष भए महाभारत उति पुरानो छ भन्ने शास्त्रीय प्रमाण मान्नेहरूको राय छ ।

आधुनिक विद्वानहरूले महभारतको रचनाकाल पत्तो लगाउन निम्नलिखित आधार बनाएका छन् –

१– ईशाभन्दा २०० वर्ष पहिले चिनिया भाषाहरूमा महाभारतको अनुवाद भएको छ,

२– ईशाभन्दा ४०० वर्ष पुराना कवि भासका १२–१३ नाटक महाभारतका कथाबाट प्रभावित छन्,

३- ईशाभन्दा ५०० वर्ष पुराना मानिने संस्कृतका प्रसिद्ध व्याकरणकार पाणिनिले महाभारतको अस्तित्व ‡ स्वीकार गरेका छन् ।

४. ईशाभन्दा १००० वर्ष पुराना मानिएका 'आश्वलायन गृह्यसूत्र' र 'बोधायन धर्मसूत्र' आदि कल्पसूत्रहरूमा महाभारतभित्रका 'गीता' र 'विष्णुसहस्रनाम'को सम्मानपूर्वक स्मरण गरिएको छ ।

५. ज्योतिष सिद्धान्तअनुसार आजभन्दा ५ हजार वर्षअघि मंसीर महीनामा वसन्तऋतु हुने गरेको हुँदा र भगवान् श्रीकृष्णले आफ्ना विभूतिमा वसन्तऋतु र मंसीर महिनालाई लिनुभएको हुँदा महाभारतकाल पाँच हजार

---

* श्रीकृष्ण परमधाम जाँदा महाभारतको युद्ध भएको ३६ वर्ष भएको थियो ।

‡ हेर्नुहोस् पाणिनि अष्टाध्यायी सूत्रपाठमा– महान् व्रीह्यपराह्ण गृष्टीश्वास जावाल भार भारत हैलि हिल रौरव प्रवृद्धेषु ६।२।३८। यस सूत्रले 'महाभारत' सिद्ध गर्न खोजेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्ष पुरानो हुन आउँछ ।

६. महाभारत रचनाकाल पत्ता लगाउने ज्योतिषको अर्को आधार छ- सप्तर्षिसम्बन्धित ज्योतिषअनुसार 'सप्तर्षिताराहरू' १ नक्षत्रमा १०० वर्षसम्म बस्छन् । परीक्षित्‌ले सप्ताह यज्ञ लगाउँदा र महाभारतको युद्ध हुँदा सप्तर्षिहरू * मघा नक्षत्रमा भएको प्रमाण छ । अहिले सप्तर्षिहरू कृत्तिका नक्षत्रमा भएकाले महाभारतको काल ४८ सय वर्ष लगभग पुरानो पर्छ ।

यी तर्कपूर्ण प्रमाण र शास्त्रीय प्रमाणको आधारमा महाभारतलाई पाँच हजार वर्षसम्म पुरानो मान्नुपर्छ ।

प्रस्तुत ग्रन्थ

यस प्रकार अत्यन्त प्राचीन, अत्युपयोगी र ऐतिहासिक मानिएको यो महान् ग्रन्थका विभिन्न सूक्तिरत्नहरूको बेग्लै संकलन हुनु अत्यावश्यक थियो भन्ने कुरामा दुई मत नभए पनि अहिलेसम्म यस प्रकारको ग्रन्थ प्रकाशमा आएको थाहा पाइएको छैन । हुनत पञ्चतन्त्र, हितोपदेश आदि ग्रन्थहरूमा महाभारतका प्रशस्त सूक्तिहरू पाइन्छन् , तर ती ग्रन्थहरूमा अरू ग्रन्थका सूक्तिहरूको पनि संचय भएको र महाभारतीय सूक्तिहरूको अनुपातमा धेरै कम सूक्तिहरूको संचय भएकाले उपर्युक्त उद्देश्यको पूर्ति भएको भन्न हुँदैन ।

मैले यो ग्रन्थ तयार पार्दा उपर्युक्त खाँचोको पूर्ति गर्ने उद्देश्यका साथै निम्नलिखित अरू ३ लक्ष्य पनि राखेको छु—

(१) महाभारतका मूलकथालाई संक्षिप्त र सरल भाषामा दिनु,

(२) महाभारतकालीन समाजका प्रश्नहरू आधुनिक समाजमा ल्याएर छरिदिनु र

(३) महाभारतसम्बन्धी सामान्यज्ञानका सामग्रीहरू नेपाली पाठकहरूका सेवामा टक्र्याउनु

एक लाखभन्दा बढी पद्य भएको १ महान् ग्रन्थबाट १७-१८ सय सूक्तिहरू छान्नु, ती सूक्तिहरूलाई नेपाली पद्यमा अनुवाद गर्नु र अनुवाद पनि उही छन्दमा गर्नु यी तीन कामलाई म जस्ता लेखकलाई मैले परिश्रमसाध्यमात्र होइन समेलिनसक्नु ठानेको छु । यस्तो काम पहिलो पटक गरेको हुँदा अनुभवको कमीले गर्दा मैले पाठकहरूका निमित्त होइन आफ्नै निमित्त केही अक्षम्य भूल पनि गरेको छु, म ती भूलहरूको अब पछि यस्तो काम गर्ने साथीहरूलाई सुझाउ बनिदेओस् भनेर यहाँ उल्लेख गर्दैछु ।

आरम्भमा जब मैले सूक्ति-संकलन गर्ने निर्णय गरें, एउटा पत्रवाल प्राचीन महाभारतको (धेरैजसो च्यातिएको) पुस्तक फेलापर्‍यो र त्यसैमा सूक्तिहरूको अनुवाद गर्दै पाता पल्टाउँदै अघिबढ्दै गर्न शुरु गरें । दुवै दिनमा १०० नेपाली सूक्तिश्लोक तयार पनि भए र एउटा सामान्य सन्तोषको सास पनि फेरें, तर मैले यी १०० सूक्तिहरू क्रमशः निकालेको थिइन र यति सूक्तिका निमित्त ५-६ पर्वका पाता पल्टिसकेका थिए । जब अर्को कापीमा ती सूक्तिहरू सफा गर्न बसें म ३ चीत खाएर बेस्सरी टोलिएँ... कुरा के भने मैले ती सूक्तिहरू कुन पर्व, कुन अध्याय र कति श्लोकसंख्याका थिए केही पनि टिपेको रहेनछु । अनि ती सूक्तिहरूका मूल श्लोक खोज्न फेरि बसें १२-१४ श्लोक फेला पनि परे, उतारें पनि । तर यो काम ज्यादै झिजोलाग्दो लाग्यो र मूल श्लोकै नराखी नेपाली सूक्तिपद्यहरूको मात्र ग्रन्थ तयार पार्ने सुर कसेर फेरि उसै गरी महाभारत पल्टाउँदै नेपाली सुक्ति तयार पार्दै अगि बढ्दै गर्न थालें, यो दोस्रो अभियान पहिलो पटकको जस्तो निश्चित र सक्रिय थिएन, आफ्नो जागिर खाने समयबाहेकको बिहान बेलुकाको सीमित समय र हप्ता जति अर्पदा अरू

---

* मघा विषयगः . सोमस्तद्दिनं प्रत्यपद्यत ।
दीप्यमानाश्च सम्येतुर्दिवि सप्तमहाग्रहाः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५०–५२ जति सूक्तिपद्यमात्र थपिए। यसरी डेढ सय सूक्ति तयार भएपछि अर्को कुरा सम्झें–'सूक्तिका वक्ता !' सूक्तिका वक्ता नभएको सूक्ति–ग्रन्थ कति फिक्का पर्छ अनुभवी पाठकहरूलाई भन्न पर्दैन। अनि सूक्तिका वक्तासमेत उल्लेख गर्दै ती डेढ सय-बाहेकका अरू ३० पद्य एक हप्तामा थपें। त्यसपछि मेरा मनमा फेरि अर्को तर्क उठ्यो । यदि पाठकले सूक्तिहरूलाई 'कपोलकल्पित' ठानिदिमो भने महाभारतकै सूक्ति हुन् भन्ने ठोस प्रमाण त केही भएन' त्यसका निम्ति मूलपाठ नदिई धर थिएन। यसर्थ सूक्ति-संग्रहको उद्देश्यमा जाँगर मर्न थाल्यो। तर फेरि १ महीनापछि अनुवाद नगरी धमाधम संस्कृतका सूक्तिहरू (पर्व, अध्याय र श्लोकसंख्यासहित) संकलित गर्न थालें, सीमित समय व्यय गरेर यो काम गर्दै जाँदा ३ महीनामा २३० सूक्ति श्लोकहरू जम्मा भए। यसपछि अर्को सूझ आयो- 'यसरी हरेक प्रकारका सूक्तिहरूलाई एकै ठाउँमा मुछ्नुभन्दा केही वर्गीकरण हुनुपर्छ। यस सूझको आधारमा मैले सूक्तिहरूलाई ४ भागमा बाँड्ने योजना बनाएँ- धर्म, अर्थ, काम र मोक्ष। यसरी बाँडेको २--३ महीनासम्म महाभारतको ग्रन्थ हेर्ने अनुकूल परेन। त्यसपछि सूक्ति-संकलन गर्नलाई पत्रवाल पुस्तकमा ज्यादै असजिलो अनुभव भएकाले गुटिका पुस्तकको खोजीमा लागें। केही दिनमा एउटा नीलकण्ठी टीकासहितको अत्यन्त जीर्ण र अधूरो गुटिका महाभारत मिल्यो, अनि उही वर्गीकरणको आधारमा सूक्ति सकलनको काम फेरि चालू गरें। ७-८ महीनापछि यो काम पनि मनपरेन। संकलन गरेका कैयौं सूक्तिहरू पनि उति आकर्षक लागेनन्, २५-३० पद्यको आफ्नो अनुवादमा पनि कमजोरी फेला पर्‍यो। अन्तमा दिक्क लागेर अनिश्चित कालसम्मका लागि यो कामै स्थगित गरिदिएँ।

केही दिनपछि महाभारतकै पर्वहरूअनुसार वर्गीकरण गर्ने अर्को मार्ग सुझ्यो तर अनुवाद गर्दा संस्कृतको ठीक अर्थमा भ्रम नपर्ने उपायका निम्ति आफैंप्रति म पूर्ण विश्वस्त बन्न सकिनँ, आफूलाई अर्थमा भ्रम परेका ठाउँमा भ्रमको निराकरण गरिदिने विद्वान्‌हरू नभएका एक गाउँमा बसेर हजारौं पाठकहरूछेउ पठाउने यस प्रकारको महत्त्वपूर्ण ग्रन्थलाई हेलचक्र्याइँले हेर्ने कुरा भएन। यस्तैमा एक जना साथीले गीता प्रेसको हिन्दी टीकासहितको महाभारत सम्झाइदिए।

गीता प्रेसको महाभारत यसभन्दा अघि पनि मैले भारतमा पढ्न बस्दा हेर्ने मौका पाएको थिएँ, त्यो पुस्तक यस काममा सहायक सिद्ध हुन लाग्यो र त्यो मगाएँ। मैले मगाएका पनि ५-६ महीनामा उक्त पुस्तक हातलागि भयो। अनि पुनः सूक्ति-संचयको काम चल्न थाल्यो।

यस पटक पनि ममित्र अर्को अड्कल थपियो महाभारतको कथासार र सूक्तिहरूको प्रसंगविना पाठकहरूलाई यसबाट उति लाभ हुन सक्तैन। त्यस कारण मैले यी दुई कुरातर्फ पनि श्रमदान गर्ने निधो गरें, अन्त्यमा सम्पूर्ण महाभारत पढ्ने फुर्सद निकाल्न सक्ने अवस्थाका पाठकहरू नभएको हाम्रो समाजका निम्ति महाभारतलाई चिनाउन मात्रै भए पनि धेरै सहयोग दिन सक्ने एउटा ग्रन्थ तयार पार्ने विचार लिएर माथिका ३ लक्ष्यसहितका सूक्तिहरू लेख्ने उद्देश्य बनाएँ। यो ग्रन्थ त्यही उद्देश्यका आधारमा तयार भएको छ।

सानोतिनो ग्रन्थ नभएको र आफूसँग हात, कलम, कागत र मसी सिबाय कुनै वैज्ञानिक साधन नभएकाले मानवीय स्वाभाविक कमजोरीहरूका वश पर्दै जागीरबाट फुर्सद निकालेको अल्प समयमा एउटा पहाडी गाउँभित्र बसेर ५-६ वटा बच्चाहरूको कोलाहल र कलझगडालाई पचाउँदै १६ जना परिवार भएको एक साधारण किसान परिवारको एक कन्ची घरभित्र यो पुस्तक तयार भएको हो, यस कारण छापिएर तयार भएको र सफा सुग्घर अक्षर भएको पुस्तक देख्न पाएपछि मात्र म आफ्ना त्रुटिहरू फेला पार्न सक्दो हुँ भन्ठान्दछु, साथै सहृदय पाठकहरूको सुझाउ र आफ्नो अनुभवको विशेष सहयोगले दोस्रो संस्करण छाप्न पाए यसभन्दा राम्रो बनाउन सक्दो हुँ कि भन्ने ठान्न पनि विवश छु।

यी कुरा भए सम्पूर्ण ग्रन्थका विषयमा। सूक्तिश्लोकहरूको अनुवादका विषयमा मात्र पनि केही कुरा भन्न आवश्यक छ। मुख्य गरी यो अनुवाद गर्दा मेरा हृदयमा अनुवादसम्बन्धी कुनै विशेष आग्रह पलाएको थिएन। 'प्रत्येक शब्दको अर्थ गरी छोड्छु' भन्ने आग्रह लिएर अनुवाद गर्दा वा तुक मिलाउँछु नै भन्ने आग्रह लिँदा सूक्ति झन् फिक्का

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्न जाँदा रहेछन । यस अनुवादमा मैले मुख्य गरी भावलाई प्रधानता दिएको छु । अनूदित पद्यमा त्यो भाव आउँछ भने संस्कृतमूलका अरू बढी कुरा नेपालीमा नथोपरे पनि अनुवादमा दोष आउन सक्तैन भन्ने मेरो विचारमा लाग्यो । कहीं कहीं त्यसै श्लोकमा नभएका कुरा पनि प्रसंगको आधारमा अनुवादमा संस्कृत मूलका सम्बोधन ल्याएको छु ।

(पार्थ, भारत, कौन्तेय, नरशार्दूल, राजन्, कुरुपते, कौरव, पाण्डुनन्दन) हरू र पादपूरण गर्नमात्र प्रयोग गरिने शब्द (किल, खलु, हि, ह, च, अथ, चैव, तथा) हरूको पनि नेपालीमा अनुवाद गर्नु मैले यसमा खाँचो ठानेको छैन । (पछि कविवर श्रीमाधवप्रसाद घिमिरेले पनि यही कुराको समर्थन गरिदिनुभएकाले मलाई यसमा प्रोत्साहन मिल्यो) आधाजस्तो ग्रन्थ तयार हुँदासम्म मैले संस्कृत मूलमा झैं नै नेपाली पद्यमा पनि तुक मिलाउन प्रयास गरेको थिइनँ, भए पनि आफ्ना मौलिक कविताहरूमा तुक मिलाइरहेको बानी हुनाले धेरैजसो पद्यमा तुक मिलेकै थियो, पछि कविवर घिमिरेज्यूले सकेसम्म सबै पद्यमा तुक मिलाउन विशेष प्रेरणा दिनुभएको हुँदा पुनः तुक मिलाउन कोशिश गरें । फलस्वरूप यस ग्रन्थमा *तुक नमिलेका श्लोकहरू साह्रै कममात्र बाँकी रहेका होलान् । मुख्य गरी यो अनुवाद संस्कृत-सूक्तिको भाव, छन्द र उद्देश्य मनमा राखेर मौलिक कविता बनाए झैं गरी गरेको छु । जे होस्, जस्तो हुन सकेको छ, ग्रन्थ नै प्रस्तुत छ ।

अन्त्यमा यस ग्रन्थको निर्माणमा प्रेरणा दिने नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानप्रति र प्रतिष्ठानका पद्यसाहित्य विभागका आयोजक कविवर श्रीमाधवप्रसाद घिमिरेप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु र यो ※वक्तव्य टुंग्याउँछु ।

–मुकुन्दशरण

---

*तुकान्त अनुप्रासमा 'अन्त्य स्वरतुक' मात्र मिलेको ठाउँलाई पनि गनेको छु ।

※यस वक्तव्यमा मैले निम्नलिखित रचनाहरूको आधार लिएको छु, यसर्थ ती ती रचनाहरूका सम्बन्धितस्थासं र व्यक्तिहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु–

१. संस्कृत साहित्यका इतिहास (वाचस्पति गैरोला) २. श्रीमद्भगवद्गीता डा. सर्वपल्ली राधाकृष्णन्) ३. महाभारत पर कुछ विचार (डा. चिन्तामणि राव) ४. संस्कृत साहित्येतिहासः (पं. बदरीनाथ भट्टराई) ५. श्रीमन्महाभारतम् (पं. नीलकण्ठ) ६. महाभारत हिन्दी टीकासहित (गीताप्रेस) ७. संस्कृत साहित्यका इतिहास (वासुदेवशरण अग्रवाल) ८. नेपाली संक्षिप्त भारत (ने. भा. प्र. स.) ९. महाभारत हिन्दी (अज्ञात) १०. महाभारतकालीन समाज (सुखमय भट्टाचार्य) ११. कल्याण (हिन्दी मासिक) १२. श्रीमद्भागवत महापुराणम् (पण्डित् पुस्तकालय, काशी) १३. हस्तलिखित आ. प. महाभारत तथा महाभारतसम्बन्धी असरवनाहरू (ऋषिकुल पुस्तकालय, हेमजा) १४. श्रीमद्देवीभागवतम् (मनसुखराय मोर, कलकत्ता) १५. महाभारतसंहिता और उसका रचनाकाल (पं. इन्द्रनारायण द्विवेदी)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि-पर्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसंग-सूची

१. आदिपर्वको कथासार
२. मंगलाचरण
३. महाभारतसम्बन्धी सूक्तिहरू
४. महर्षि विभावसुका सूक्तिहरू
५. राजसभामा शकुन्तलाको भाषण
६. ययाति–शिक्षा
७. अभ्यास–महत्व
८. कणिकनीति
९. और्वऋषिका सूक्तिहरू
१०. विविध सूक्तिहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिपर्वको कथासार

भारतवर्षमा शान्तनुनामक राजा छन्, उनका आठ छोरामध्ये कान्छा छोरा देवव्रतमात्र जीवित छन्। रानी पनि स्वर्गे भइसकेकी छन्। यत्तैमा विधुर शान्तनुको एक दिन शिकार खेल्न बन गएका वेलामा 'सत्यवती' नामक एक दासकन्यासंग भेट हुन्छ। अत्यन्त सुगन्धमयी सुन्दरी त्यस कन्यासँग राजा मोहित हुन्छन् र त्यसलाई आफ्नी रानी बन्ने आग्रह गर्छन्। तर तिनी आफ्ना पिताको स्वीकृतिविना रानी बन्न असमर्थता प्रकट गर्छिन्। राजा उनका पिताकहाँ पुग्छन् र कन्यादान माग्छन्। ऊ 'आफ्नी छोरीबाट जन्मेमा कुमारलाई नै उत्तराधिकार दिने भएमात्र छोरी दिने' भन्ने शर्त सुनाउँछ।

शान्तनु चिन्तित हुन्छन्—अति स्नेहपूर्वक हुर्काइएको ठूलो छोरो 'देवव्रत' छँदा छँदै उक्त दासकन्याको कुमारलाई राज्य दिने अन्याय गर्न उनको हृदय मान्दैन, साथै सुन्दरी सत्यवतीलाई पनि उनी बिर्सन सक्तैनन्, घरमा चूपचाप फर्कन्छन् र चिन्तै-चिन्तामा आयु बिताउन थाल्छन्।

राजाको यो चिन्तारहस्य मंत्रीहरूबाट देवव्रत पनि थाहा पाउँछन्, उनी स्वयं दासकहाँ पुग्छन् र पिताका निमित्त कन्यादान माग्छन्, साथै दासलाई यो पनि भनिदिन्छन्-दासराज ! तपाईंको शर्तअनुसार नै म तपाईंकी छोरी माग्न आएको छु, तपाईंकै दौहित्र (नाति) ले राजगद्दी पाउनेछ, म राजगद्दीमा नचढ्ने प्रतिज्ञा धर्म सम्झेर गर्दछु। दास अर्को अड्को थाप्छ—"तपाईंले राजगद्दी दिए पनि तपाईंका छोराहरूले दिएनन् भने ?" देवव्रत एकछिन घोरिन्छन् र अर्को प्रतिज्ञा गर्छन्—"दासराज ! तपाईंलाई मेरा छोराहरूबाट राज्यहरण होला भन्ने लाग्छ भने म तपाईंलाई विश्वास दिलाएर यो प्रतिज्ञा गर्दछु कि जीवनभर म विवाह नै गर्नेछैन।" अवाक् दास छोरी दिन स्वीकार गर्छ। यस्तो भीष्म (डरलाग्दो अथवा ठूलो) प्रतिज्ञा गरेकाले देवव्रतको नाम 'भीष्म' रहन्छ। शान्तनुको सत्यवतीसँग विवाह हुन्छ। आफ्ना निमित्त महान् त्याग गरेका हुनाले शान्तनुले पनि भीष्मलाई इच्छामरणको वरदान दिन्छन्।

सत्यवतीबाट चित्रांगद र विचित्रवीर्य नामका दुई छोरा पाएर शान्तनु परलोक हुन्छन्, भीष्मले दुईभाइलाई अत्यन्त स्नेहपूर्वक हुर्काउँछन्। तर दुर्भाग्यवश एउटा साधारण युद्धमा चित्रांगदको मृत्यु हुन्छ। विचित्रवीर्यको विवाहयोग्य उमेर भएपछि भीष्म विवाहका निमित्त चिन्तित हुन्छन्। यत्तिकैमा काशीराजका तीन पुत्रीको स्वयंवरको हल्ला सुनिन्छ। आमा सत्यवतीको आज्ञा लिएर भीष्म स्वयंवर समारोहमा जान्छन् र उक्त तीन कन्यालाई बीचैमा हरण गर्छन्। अम्बा, अम्बालिका र अम्बिकानामका ती कन्या आफ्ना दरबारमा ल्याएर भाइलाई समर्पित गर्छन्। तर अम्बा नामकी कन्या लज्जा र भयपूर्वक बिन्ती गर्छे—"मेरो शाल्वराजसँग विवाह गर्ने इच्छा भएको हुँदा कृपया म छुट्कारा पाऊँ।" भीष्म पश्चात्तापपूर्वक अम्बालाई फिर्ता गरिदिन्छन्, तर शाल्व अम्बालाई 'अर्कैले लगेकी स्त्री' भनेर स्वीकार गर्दैनन्। अम्बा फेरी फर्केर आउँछे र आफ्नो पाणिग्रहण भीष्मले नै गरिदिन हार्दिक अनुरोध गर्छे। भीष्म जीवनभरि ब्रह्मचारी रहने आफ्नो प्रतिज्ञा सुनाएर सुन्दरी अम्बाको अनुरोध स्वीकार गर्न आफ्नो असमर्थता प्रकट गर्छन्। विवश अम्बा परशुराम कहाँ पुग्छे र शिष्य भीष्मलाई विवाह गर्ने आज्ञा दिन अनुरोध गर्छे, परशुराम दया लिएर त्यसै गर्छन्, तर भीष्मले यो गुरु-आज्ञा स्वीकार गर्दैनन्। तेजस्वी परशुरामलाई रीस उठ्छ र भीष्ममाथि जाइलाग्छन्। यी दुई गुरुचेलाको घनघोर युद्ध हुन्छ, परशुराम थाक्छन् र भीष्मको प्रतिज्ञालाई स्वीकार गर्छन्।

त्यसपछि अम्बा अत्यन्त दुःखित बनेर शंकरको तपस्या गर्न जान्छे र अर्को जुनीमामात्र भीष्मलाई मार्न पाउने वर पाएर देहत्याग गर्छे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यता विचित्रवीर्य अतिस्त्रीप्रसंगबाट बिहा गरेका ७ वर्षमै यक्ष्मा (टी. बी.) भएर मर्छन् । निःसन्तान र विधवा बुहारीहरू देख्न बाध्य भएकी राजमाता सत्यवती कुरुकुलको अपुतालीबाट अत्यन्त पीडित हुन्छिन् र पुत्र भीष्मलाई बिहे गर्न अनुरोध गर्छिन् , भीष्मले आजीवन ब्रह्मचारी रहने आफ्नो प्रतिज्ञा भंग नगर्ने दृढ इच्छा व्यक्त गरेर त्यो अनुरोध स्वीकार गर्दैनन् । अनि सत्यवतीले भीष्मसँग परामर्श लिएर आफूले कन्या छँदै पराशर ऋषिबाट जन्माएका व्यासलाई डाक्दछिन् , व्यास आउँछन्, सत्यवतीले आफ्ना विधवा बुहारीहरूबाट सन्तान पैदा गराएर कुरुवंशको रक्षा गर्न अनुरोध गर्छिन् , व्यासले स्वीकार गर्छन् । व्यासबाट दुइटी रानीमा र एउटी दासीमा समेत गरेर ३ पुत्र हुन्छन्– धृतराष्ट्र, पाण्डु र विदुर । धृतराष्ट्र अन्धा जन्मन्छन् , पाण्डु रोगी हुन्छन् र विदुर सर्वगुण सम्पन्न हुन्छन् । विदुर सुयोग्य भए पनि दासीपुत्र भएकाले र धृतराष्ट्र जेठा भएर पनि अन्धा भएकाले पाण्डु हस्तिनापुरका राजा हुन्छन् ।

यी तीन भाइ उमेरदार भएपछि धृतराष्ट्रको गान्धार राजकुमारी गान्धारीसँग, पाण्डुको यदुवंशी सूरसेनकी छोरी कुन्ती मद्रराजकुमारी माद्रीसँग र विदुरको सुबल राजकुमारी पाराशवीसँग विवाह हुन्छ । गान्धारीले आफ्ना पति अन्धा भएकाले जीवनभर आँखामा पट्टी बाँध्छिन् ।

एक दिन राजा पाण्डु शिकार खेल्न बन गएका वेलामा मृगरूपधारी ऋषिदम्पतीमा भूलवश बाण हान्छन् र ऋषि पाण्डुलाई आफ्नी रानीहरूसँग सहवास हुँदा मृत्यु हुने सराप दिन्छन् । सन्तानहीन पाण्डु यस सरापबाट अत्यन्त चिन्तित हुन्छन् । एक दिन कुन्ती एकान्तमा पाण्डुलाई आफूसँग 'देवताकर्षक मंत्र' भएको कुरा खोल्छिन् । पाण्डु देवताहरूबाट सन्तान जन्माउन भीष्म आदि महापुरुषहरूको आज्ञा लिएर अनुमति दिन्छन् । कुन्ती क्रमशः धर्मदेव, वायुदेव र इन्द्रदेवसँग एकान्त सहवास गरेर युधिष्ठिर, भीम र अर्जुन नामक पुत्ररत्न जन्माउँछिन् । कुन्तीबाट त्यही मन्त्र सिकेर कान्छीरानी माद्री पनि नकुल र सहदेव नामक दुई जुम्ल्याहा छोरा पाउँछिन् । यसरी पाण्डव पाँच भाइ हुन्छन् । यस्तै धृतराष्ट्र दुर्योधन दुःशासन आदि १०० भाइ कौरव जन्माउँछन् । एक दिन पाण्डु एकान्तमा कान्छीरानी माद्रीलाई पाएर बलात्कार–सहवास गर्छन् । फलस्वरूप उनको मृत्यु हुन्छ । माद्री सती जान्छिन् । पाण्डवहरू टुहुरा हुन्छन् । धृतराष्ट्र राजा हुन्छन् । टुहुरा छोरा लिएर कुन्ती पनि धृतराष्ट्रकै राजभवनमा बस्छिन् ।

भीष्मपितामहको उदार निरीक्षणमा १०० भाइ कौरव र ५ भाइ पाण्डव सँगै हुर्कन थाल्छन् । आचार्य द्रोणबाट उनीहरूलाई धनुर्वेदको शिक्षा मिल्छ । यी १०५ भाइमध्ये अर्जुन विशेष निपुण हुन्छन् । अर्जुनको अस्त्रविद्याको कौशल दुनियाँभरि फैलिन्छ । एक दिन एक विशेष समारोहका बीचमा अर्जुन आफ्नो अस्त्रकौशलको प्रदर्शनी गरिरहेका हुन्छन् । अकस्मात् एउटा तेजस्वी नौलो व्यक्ति समारोहका बीचमा धनुर्वाण लिएर उपस्थित हुन्छ, ऊ आफ्नो नाम कर्ण बताउँछ र आफू पनि अस्त्र विद्याको प्रदर्शन गर्न उत्सुक भएको भाव व्यक्त गर्छ । सबै अनुमति दिन्छन् । ऊ पनि अर्जुनकै सरह अस्त्र प्रदर्शन गर्छ र संसारमा अर्जुन जत्तिको धनुर्धारी अर्को व्यक्ति पनि रहेछ भन्ने थाहा दिन्छ ।

कर्ण पाण्डु रानी कुन्ती कन्या छँदै सूर्य देवताबाट जन्मेका पुत्र हुन् ; यो कुरा कुन्तीबाहेक अरू कसैलाई थाहा छैन । पाण्डवसँग जन्मजात वैर राख्ने कूटनीतिज्ञ दुर्योधनलाई अर्जुन सरहको अर्को तेजस्वी व्यक्ति पाउँदा अत्यन्त खुशी लाग्छ; उनी कर्णलाई आफ्ना अधीनको 'अंग देश'को राजसिंहासन दिएर कर्णको सम्मान गर्छन्, कर्ण पनि दुर्योधनलाई जीवनभर सहयोग अर्पने वचन टक्र्याउँछन् । यसरी एउटै आमाका सन्तान अर्जुन र कर्णमा ठूलो वैरको स्थापना हुन्छ ।

केही दिनपछि जब यी १०५ भाइ उमेरदार हुन्छन् । जेठो भाइलाई राजा बनाउने चर्चा उठ्छ । राजा धृतराष्ट्र अंधा हुनाले उठेको यो चर्चाको फल सर्वसम्मतिले पाण्डुका कुमार युधिष्ठिरले पाउने देखेर दुर्योधन चिन्तित बन्छन् । पाण्डवहरू जीवित रहेसम्म आफूले राजगद्दी नपाउने परिस्थिति बुझेका दुर्योधन यो चिन्ता शकुनि, कर्ण आदि पाण्डव वैरीसँग पोख्छन् र पाण्डवहरूको हत्या गर्ने षड्यन्त्र आरम्भ गरिन्छ । षड्यन्त्रको फलस्वरूप एउटा लाहाको घर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बन्छ, त्यस घरमा पाण्डवहरूलाई राखिन्छ र आगो लगाउन आँटिन्छ। काका विदुरबाट पहिल्यै यस षड्यन्त्रको सुइँको पाएका पाण्डवहरू आमा कुन्तीसहित सुरुङ् खनेर घरभित्रैबाट भाग्छन्। घरमा आगो लाग्छ र पाण्डव मरे भनेर कौरवहरू ढुक्क हुन्छन्।

पाण्डवहरू त्यहाँबाट फुत्केपछि भेष बदलेर वनवनै घुम्दछन् र घुम्दै पांचाल देशमा पुग्छन्। उहाँ केही दिन बसेपछि पांचालका राजा द्रुपदकी छोरी कृष्णा (द्रौपदी) को स्वयंवरको हल्ला सुनिन्छ, पाँचै भाइ आमा कुन्तीलाई निवास-स्थानमै छोडेर त्यहाँ पुग्छन्। स्वयंवरमा धनुर्विद्याको कठोर परीक्षा हुने योजना रहेछ। विश्वविख्यात सुन्दरी द्रौपदीलाई रानी बनाउने लालसाले त्यस स्वयंवरमा सैकड़ौं राजकुमाहरू परीक्षा दिन उपस्थित छन्, तर कसैलाई सफलता मिल्दैन, वीर कर्ण पनि तयार हुन्छन्। तर उनलाई सूतपुत्र भनेर परीक्षा दिन निषेध गरिन्छ। ब्राह्मणवेषधारी पाण्डवहरूमध्येबाट अर्जुन परीक्षा दिन खड़ा हुन्छन्। उनलाई त्यसमा सफलता मिल्छ। द्रौपदी अर्जुनलाई वरमाला पहिराउँछिन्। आमा कुन्तीको आज्ञाले पाँचै भाइ द्रौपदीसँग विवाह गर्छन्।

विवाहपछि पाण्डवहरूलाई महाराज द्रुपद आफ्नै दरवरमा आश्रय दिन्छन्। पाण्डहरूको यो खवर कौरवहरू-कहाँ पुग्छ। भीष्म द्रोणहरूको सल्लाहअनुसार धृतराष्ट्र पाण्डवहरूलाई लिन विदुरलाई पठाउँछन्। पाण्डवहरू आएपछि आफ्नो राज्यको आधा भाग दिएर युधिष्ठिरलाई इन्द्रप्रस्थानमा राज्याभिषेक गरिन्छ। पाण्डवहरू भव्य राजधानी बनाएर आनन्दपूर्वक इन्द्रप्रस्थमा बस्छन्। नारदको सल्लाहअनुसार साझा रानी द्रौपदीसंग सहवास गर्न एउटा नियम बन्छ, जस-अनुसार द्रौपदी कुनै एक भाइसँग बसेका वेलामा अर्को भाइ त्यस घरभित्र गयो मात्र भने पनि त्सले १२ वर्षसम्म तीर्थयात्रा गर्नुपर्ने हुन्छ। यस्तैमा एउटा ब्राह्मणका गाईहरू लुटेराहरूले लुटेको खवर आउँछ र सहायता गर्न हतियार लिन अर्जुन युधिष्ठिर निवासमा पुग्छन्, त्यस वेला द्रौपदी र युधिष्ठर सँगै हुन्छन्, यस कारण अर्जुनले ब्राह्मणलाई सहयोग दिएपछि नियमअनुसार तीर्थयात्रा शुरू गर्छन्। तीर्थ घुम्दै द्वारिका पुगेपछि श्रीकृष्णकी बहिनी सुभद्राको हरण गर्छन्। *सुभद्रा अर्जुनकी निजी रानी हुन्छिन्। सुभद्राबाट अभिमन्यु नामक छोरा जन्मछन्। अर्जुन इन्द्रप्रस्थ आएपछि श्रीकृष्णको सल्लाहअनुसार अग्निको सेवा गर्न खाण्डववनको दाह हुन्छ। अग्नि अर्जुनलाई 'गाण्डीव' धनु प्रदान गर्छन्। यस विशाल अग्निकाण्डमा श्रीकृष्णका संकेतले खाण्डव वनमा पक्षी रूपमा बस्ने मय दानलाई बचाइन्छ।

---

*सुभद्राबाहेक अर्जुनका चित्रांगदा र उलूपी नामक अरू २ वटी निजी रानी छन्, यी दुईटीबाट दूरावान र बभ्रुवाहन २ छोरा हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिपर्व

(मंगलाचरण)

संस्कृतमूल

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जय मुदीरयेत् ॥ १ ॥

नेपाली

"देवी सरस्वती, व्यास, नर, नारायणैंकन
नमस्कार गरी थाल्नू 'महाभारत' बाँचन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाभारत सम्बन्धित सूक्तिहरू

(महाभारतका सम्बन्धमा अरू ग्रन्थहरूमा त सूक्तिहरू छन् नै । महाभारतैमा पनि (प्रस्तावनाऽध्यायहरूमा) महाभारत सम्बन्धित घतलाग्दा सूक्तिहरू छन् । यहाँ ती सूक्तिहरूबाट केही टिपेर प्रस्तुत गरिएको छ ।)

पुराणपूर्ण चन्द्रेणश्रुति ज्योत्स्नाप्रकाशिता । १।८६

उदायो जब यो पूर्ण महाभारत चन्द्रमा
वेदको तत्त्को छायो जुनेली पनि विश्वमा

धर्मे चार्थे च कामे च मोक्षे च पुरुषर्षभ ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित् ।। ६२।५६

धर्मार्थ काम औ मोक्ष यी चार तत्त्वमा पनि,
जे यहाँ छ छ त्यै अन्त जे छैन छैन त्यो कहीं,

विविधं संहिता ज्ञानं दीपयन्ति मनीषिणः ।
व्याख्यातुं कुशला केचिद् ग्रन्थान् धारयितुं परे ।। १।५३

व्याख्या गरेर वा यस्को अनुवाद गरीकन,
गर्छन् विद्वान्हरू राम्रो भाव ज्योति--प्रकाशन,

सर्वेषां कवि मुख्यानामुपजिव्यो । भविष्यति ।
पर्जन्यइव भूतानामक्षयो भारतद्रुमः ।। १।९२

प्राणीका निम्ति वर्षा झैं यो महाभारत-द्रुम
सम्पूर्ण कविका निम्ति होला आश्रय उत्तम,

आचख्युः कवयः केचित् सम्प्रत्याचक्षते परे ।
आख्यास्यन्ति तथैवान्य इतिहास मिमं भुवि ।। १।२६

कैयौंले यै कुरा लेखे लेख्दै छन् अहिले कति
लेख्नन् पछि पनि यस्का कुरा संसारका कवि,

इदं तु त्रिषु लोकेषु मतज्ज्ञानं प्रतिष्ठितम् ।
विस्तरैश्च समासैश्च धार्यते यद् द्विजातिभिः ।। १।२७

यो ज्ञान ग्रन्थको ऐल्हे प्रतिष्ठा छ जगत्भर,
धेरै थोरै यही ज्ञान लिन्छन् विद्वान्हरू सब,

ह्रदानामुदधिः श्रेष्ठो गौर्वरिष्ठा चतुष्पदाम् ।
यर्थतानीतिहासानां महाभारतमुच्यते ।। १।२६५$\frac{1}{2}$

जस्तो तलाउमा सिन्धु पशुमा गाई श्रेष्ठ छ,
इतिहासहरूमध्ये त्यस्तै 'भारत' ग्रन्थ छ,

यथा समुद्रो भगवान् यथा मेरुर्महा गिरिः ।
उभौ ख्यातौ रत्ननिधी तथा भारतमुच्यते ।। ६२।४८

अनन्त रत्न खानी छन् जस्तै मेरु र सागर
त्यस्तै अनन्त शिक्षाले भरिपूर्ण छ 'भारत',

अधीतं भारतं तेन कृत्स्नं स्यादितिमे मतिः । १।२७०

महाभारतको तत्त्व जस्ले राम्रो गरी पढ्यो,
त्यस्ले पाप सबै मेटी गर्नुपर्ने कुरा गर्‍यो,

न तां स्वर्ग गतिं प्राप्य तुष्टिं प्राप्नोति मानवः ।
यां श्रुत्वैव महापुण्य मितिहासमुपाश्नुते ।। ६२।४६

स्वर्गमा पनि सन्तोष त्यति पाउन्न मानिस
महाभारत सुन्दा या पढ्दामा जति पाउँछ,

महत्त्वाद् भारवत्त्वाच्च महाभारत मुच्यते । १।२७३

यो ग्रन्थको त्यहींदेखि 'महाभारत' नाम भो,
जैले यो ग्रन्थ ठूलो र महत्तापूर्ण मानियो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महर्षि 'विभावसु'का सूक्तिहरू

(यी सूक्तिहरू साधारण भएर पनि सामाजिक जीवनका भित्री तहसँग धेरै सम्बन्धित छन्)

विभागं वहवो मोहात् कर्तुमिच्छन्ति नित्यशः ।
ततो विभक्तास्त्वन्योऽन्यं विक्रुध्यन्तेऽर्थ मोहिताः ।। २९।१८

"धेरैले भूलले गर्छन् अंश ली छुट्टिने मन,
छुट्टिएपछि आफैंमा लड्दछन् लोभिईकन"

ततः स्वार्थपरा मूढान् पृथग्भूतान् स्वकंधनैः ।
विदित्वा भेदयन्त्येतानमित्रा मित्ररूपिणः ।। २९।१९

"अनि जालीहरू त्यस्तो बुझी मित्र सरी बनी,
फाटो पारी मजा लिन्छन् उनैका धनले त्यहीं"

विदित्वा चापरे भिन्नानन्तरेषु पतन्त्यथ ।
भिन्नानामतुलो नाशः क्षिप्रमेव प्रवर्तते ।। २९।२०

"छुट्टिएकाहरूमध्ये कसैको छिद्र क्यै मिले,
लाग्छन् शत्रु ठूलो नाश हुन्छ तिन्को अकार्यले"

तस्मात् विभागं भ्र तृणां न प्रशंसन्ति साधवः ।
गुरुशास्त्रे निबद्धानामन्योन्येनाभिशङ्किनाम् ।। २९।२१

"यसर्थ छुट्टिने काम रुचाउन्नन् बडा जन,
लिई आपसमा शंका बन्दैन धर्म पालन"

राजसभामा शकुन्तलाको भाषण

महाराज दुष्यन्तले आँफूसँगको प्रेम विवाह (गान्धर्व विवाह) स्वीकार नगरी अझ उल्टै नारी जातिको तिरस्कार गरेको सुनेर वीराङ्गना शकुन्तलाले खुला राजसभामा निर्भयपूर्वक भाषण गरेकी थिइन्, महाभारतमा कण्वपुत्री शकुन्तलाको यो भाषण धेरै लामो छ र कालीदासकी शकुन्तलाभन्दा यी नारीचरित्र पनि अत्यन्त उदात्त छ जसको यहाँ केही सूक्तिहरूको मात्र संकलन गरेर अनुवाद गरिएको छ)

पत्नी आमा पनि हो !

भार्यां पतिः सम्प्रविश्य न यस्माज्जायते पुनः ।
जायाया स्तद्धि जायात्वं पौराणाः कवयो विदुः ।। ७४।३७

"पत्नीभित्र गई आफै फेरि जन्मिन्छ मानिस,
भन्ने कारणले 'जाया' पत्नीका निम्ति नाम छ"

पत्नी के हो ?

अर्धं भार्या मनुष्यस्य भार्या श्रेष्ठतमः सखा ।
भार्या मूलं त्रिवर्गस्य भार्या मूलं तरिष्यतः ।। ७४।४१

"आधै शरीर हो पत्नी पत्नी नै श्रेष्ठ मित्र हो,
धर्मार्थ काम हो पत्नी पत्नी नै स्वर्ग मूल हो"

भार्यावन्तः क्रियावन्तः सभार्या गृहमेधिनः । ७४।४१

"पत्नी जस्की छ त्यै मान्छे अनेकौं कर्म गर्दछ,
पत्नी जस्की छ त्यै मान्छे गृहस्थी धर्म पाउँछ"

भार्यावन्तः प्रमोदन्ते भार्यावन्तः श्रियान्विताः ।। ७४।४२

"पत्नी जस्की छ त्यै भोग्छ सुख संसारका सब,
पत्नीयुक्त छ जो मान्छे त्यही ऐश्वर्यवान छ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सखायः प्रविविक्तेषु भवन्त्येताः प्रियंवदाः ।
पितरो धर्मकार्येषु भवन्त्यार्तस्य मातरः ।। ७४।४३

"एकान्तमा मिठो बोल्न पत्नी बन्छन् महान् सखा
दुःखमा बन्दछन् आमा, धर्ममा बन्दछन् पिता"

प्रथमं संस्थिता भार्या पतिं प्रेत्य प्रतीक्षते ।
पूर्वं मृतं च भर्तारं पश्चात् साध्व्यनु गच्छति ।। ७४।४६

"पैले मरी भने पत्नी पर्खन्छे स्वर्गमा पुगी,
पछि मरे गई भेट्छे अफैंले स्वर्गमा पति"

तर पत्नी त्यसै बनिंदैन !

सा भार्या या गृहे दक्षा सा भार्या या प्रजावती ।
सा भार्या या पति प्राणा सा भार्या या पतिव्रता ।। ७४।४०

"पत्नी त्यै जो सिपालु छ जो सन्तान दिलाउँछे,
जो बन्छे पतिकी प्राण जो पतिव्रत मान्दछे"

(शकुन्तलाले आफ्नो भाषण क्रममा महाराज दुस्यन्तको असत्यवादित्वप्रति कडा भर्त्सना गरेकी थिइन । हिन्दूनारीको यो स्पष्टवादिता र हिन्दूराजाको यो (सुन्न सक्ने) उदारता दुवै उदाहरणयोग्य छन्)

अत्र ते हृदयं वेद सत्यस्यैवानृतस्य च ।
कल्याणं वद सक्ष्येण नात्मानमवमन्यथा ।।७४।२६

"झूटो र सत्यको साक्षी आफ्नै हृदय हो अतः,
आफैंलाई नढाँटेर भन्नोस् जे भन्न योग्य छ"

योऽन्यथा सन्तमात्मानमन्यथा प्रतिपद्यते ।
किं तेन न कृतं पापं चौरेणात्मापहारिणा ।। ७४।२७

"जो अर्कै मनमा राखी अर्कै बोल्दछ बाहिर
त्यो आत्म चोर हो त्यसले कुन पाप गरेन र ?"

एकोऽहमस्मीति च मन्यसे त्वम्
न हृच्छयं वेत्सि मुनिं पुराणम् ।
यो वेदिता कर्मणः पापकस्य
तस्यान्तिके त्वं वृजिनं करोषि ।। ७४।२८

"म एउटै छु भनि ठान्दछौ र
अर्को छ को भित्र विचारदैनौ,
जो बुझ्छ तिम्रा सब कर्म त्यस्तो
आत्मासँगै लीकन पाप गर्छौ !"

अश्वमेध सहस्रं च सत्यं तुलया धृतम् ।
अश्वमेध सहस्राद् हि सत्यमेव विशिष्यते ।। ७४।१०३

"हज्जारौं यज्ञका साथ एउटा सत्य जोखियो,
तर यज्ञहरूभन्दा गह्रुँगो सत्य नै भयो"

सर्व वेदाधिगमनं सर्व तीर्था वगाहनम्
सत्यं च वचनं राजन् समं वा स्यान्नवा समम् ।। ७४।१०४

"सम्पूर्ण शास्त्र सुन्नू र गर्नु तीर्थहरू सब,
सत्यमा चल्नु एकै हो सत्य नै श्रेष्ठ हो अझ"

विरूपो यावदादर्शे नात्मनः पश्यते मुखम् ।
मन्यते तावदात्मान मन्येभ्यो रूपवत्तरम् ।।७४।८७

"कुरूपीले जहाँसम्म ऐना हेर्न ढिलाउँछ,
त्यहाँसम्म सबैभन्दा राम्रो छु भनि ठान्दछ"

मूर्खो हि जल्पतां पुंसां श्रुत्वा वाचः शुभाशुभाः ।
अशुभं वाक्यमादत्ते पुरीषमिव सूकरः ।।७४।९०

"अरूका वाक्यमा मूर्ख नराम्रोमात्र टिप्दछ,
जस्तो सुँगुरले विष्ठा मात्र खोजेर हिंड्दछ"

प्राज्ञस्तु जल्पतां पुंसां श्रुत्वा वाचः शुभाशुभाः ।

तर सज्जनले सुन्छ सुन्दा बात पुरा पुरा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुणवद् वाक्य मादत्ते हंसा क्षीरमिवाम्भसः ।।७४।९१

हाँसले दूध झैं लिन्छ लिंदा छानी मिठा कुरा"

अन्यान् परिवदन् साधुर्यथा हि परितप्यते ।
तथा परिवदनन्यान् तुष्टो भवति दुर्जनः ।।७४।९२

"अरूलाई गरी गाली जति आत्तिन्छ सज्जन,
त्यत्ति अरू रुवाइमा सन्तोष मान्छ दुर्जन"

अतो हास्यतरं लोके किंचिदन्यन्न विद्यते ।
यत्र दुर्जनमित्याह दुर्जनः सज्जनं स्वयम् ।।७४।९५

"हाँसो लाग्ने यहाँभन्दा अर्को छैन कुनै कुरा'
जहाँ दुर्जनले भन्छ 'मै छु सज्जनमा पुरा"

सत्यधर्म च्युतात् पुंसः
क्रुद्धादाशीविषादिव ।
अनास्तिको प्युद्विजते
जनः किं पुनरास्तिकः ।।७४।९६

"सत्य धर्म दुवै छोड्न वेर मान्दैन कत्ति जो,
त्यो मान्छे रीसले चूर्ण हो सामे सर्प जत्तिको ।
त्यस्ताको सङ्गतै गर्न नास्तिकै पनि डर्दछन्,
अनि आस्तिकका लागि कुरै के चाहियो र भन्?"

न वाससां, नरामाणां नापां स्पर्शस्तथाविधः ।
शिशोरालिङ्ग्यमानस्य स्पर्शः सूनोर्यथा सुखः ।।७४।५६

"आफ्ना सन्तानको स्पर्श दिन्छ जो सुख निर्मल,
त्यो दिन्नन् रेशमी वस्त्र, सुन्दरी, जल-शीतल ॥

किमर्थं मां प्राकृतव
दुपप्रेक्षसि संसदि
नखल्वहमिदं शून्ये,
रौमि किं न श्रृणोषि मे ।।७४।३५

यो विशाल सभाबीच मेरा सत्य विचारको,
उपेक्षा गर्न गाह्रो छ, सत्य हुन्छ अपारको'
के यो कुरा यहीं त्यस्तै वनमा अलिपए सरी
हराउला भनी ठान्नु हुन्छ ? सुन्नोस् बुझी-वरी !

त्वामृते ऽपि हि दुष्यन्त !
शैलराजा वतसकाम् ।
चुरन्तामिमा मुर्वी
पुत्रो मे पालयिष्यति ।।७४।१०८

हे दुष्यन्त महाराज ! यो पनि भनिदिन्छु म,
सहयोग तपाईँको रत्तीभर नलीकन—
समुद्रले घेरिएको शोभिएको हिमालले
यो धर्ती भोगि छोड्ने छ मेरो वीर सुपुत्रले'

वरं कूप शताद् वापी
वरं वापी शतात् क्रतुः ।
वरं क्रतु शतात् पुत्रः
सत्यं पुत्रशताद् वरम् ।।७४।१०२

शय कूवाहरूभन्दा तलाउ एक उत्तम
तलाउ शयभन्दा हो एउटा यज्ञ उत्तम
शय यज्ञहरूभन्दा एउटा पुत्र उत्तम
अनि पुत्र शएभन्दा एउटा सत्य उत्तम

ययाति शिक्षा

(महाराज ययाति पौराणिक इतिहासका प्रसिद्ध दुईवंश पुरुवंश र यदुवंशका आदि पुरुष हुन् । उनको शिक्षामा अनुभवको परिश्रम छ । यहाँ केही मात्र उनका शिक्षाप्रद सन्देशको संकलन गरिएको छ ।)

न जातु कामः कामाना–
मुपभोगेन शाम्यति ।

"भोगेर कामना-शान्ति हुँदैन कहिले पनि,
घिउले अग्नि झैं बढ्छ भोगले कामना पनि"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हविषा कृष्ण वर्त्मेव
भूय एवाभिवर्धते ॥७५।५०

इति दद्यामिति यज,
इत्यधीय इति व्रतम् ।
इत्येतानि भयान्याहु
स्तानि वर्ज्यानि सर्वशः ॥९०।२६

"यति दिन्छु गर्छु यति यति पढ्छु गरें यति,
यिनै हुन् दुःखका हेतु छोड्नु यस्तो मनुष्यले"

अरण्ये वसती यस्य
ग्रामो भवति पृष्ठतः,
ग्रामेवा वसतोऽरण्यं
समुनिः स्याऽज्जनाधिप ॥९१।९

"वस्दा जंगलमा जस्को गाउँ नै पछि लाग्दछ,
अथवा गाउँमै जस्ले वनको शान्ति ल्याउँछ,
(एकान्त शान्तिको प्रति आफैमा जसलाई छ।)
त्यही न सिद्ध योगी हो भन्ने लाग्छ मलाई त"

दुःखं न तप्येन्न सुकौः प्रहृष्येत्
समेन वर्तेत सदैव धीरः।
दिष्टं बलीय इति मन्यमानो
न संज्वरेन्नापि हृष्येत् कथंचित् ॥८९।९।

नआत्तिनू दुःख पऱ्यो भनेर,'
नफुल्नू त्यस्तै सुखमा परेर,
हो भाग्य नै मुख्य भनेर ठानी
राख्नू सधैं एक समान बानी,

भयेन मुह्याम्य ठटकाहं कदाचित्
संतापो मे मनसो नास्ति किंचित्।
धाता कथा मां विदधीत लोके
ध्रुवं तथाऽहं भवितेति मत्वा ॥८९।१०

कैल्यै डराउन्न जसो परोस् न,
त्यस्तै कहिल्यै पनि पीर लिन्न,
जे दैवले लेखिदिए अगाडि
त्यै हुन्छ भन्ने मनले विचारी"

पुदिति नरकस्याख्या दुःखं हि नरकं विदुः।
पुतस्त्राणात् ततः पुत्रमिह ... ...
८५। दक्षिणात्यणस्ठ।
माता पित्रोर्वचन कृद्धितः पथ्यश्च यः सुतः॥ ८५।२५

'पुत्' भन्ने छ कुनै 'नर्क' या दुःखैं पनि नर्क हो,
'पुत् - बाट- (+) त्राण' जो गर्छ त्यही मानिस
'पुत्र' हो।
जस्ले पिता र माताको बोलीको गर्छ पालन
उनैको हित चाहन्छ त्यही हो पुत्र शोभन,

अभ्यास–महत्त्व

ततः कदाचिद् भुन्जाने प्रववौ वायुरर्जुने।
तेन तत्र प्रदीपः स दीप्यमानो विलोपितः॥

खाँदा अर्जुनले हावा लागी बत्ती निभी दियो,
अँध्यारोमा पनी हात सजिलै मुखमा गयो,

भुङ्क्त एव तु कौन्तेयो नास्यादन्यत्र वर्तते,
हस्तस्तेज स्विनस्तस्य अनुग्रहण कारणात्॥

अभ्यासैले भयो यस्तो यस्तो भन्ने अर्जुनले बुझे,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदभ्यासकृतं मत्वा रात्रावपि स पाण्डवः ।
योग्यां चक्रे महाबाहुर्धनुषा पाण्डुनन्दनः
॥१३१।२३ २४-२५

रातमा पनि अभ्यास धनुकै गर्नमा जुटे"

कणिकनीति

(महाभारतमा कणिकनीतिको एक विशिष्ट स्थान छ। मंत्री कणिकले 'यो नीति आपत्कालीन हो र सधैं यस्तै नीतिको वर्त्तन गर्नु मानवता हैन पनि भनेका छन्। संसारको भौतिकवादी राजनीति अहिलेसम्म कणिकनीतिकै छाया बनेर चलेको छ। पछि शान्तिपर्वमा आपद् धर्मको व्याख्या गर्दा 'एक भारद्वाज ब्राह्मणले बताएका थिए' भनेर भीष्मपितामहले पनि युधिष्ठिरलाई यसै नीतिका केही सूत्रहरू बताएका छन्। यहाँ यो नीति स्वयं कणिकले महाराज धृतराष्ट्रलाई बताएको उल्लेख गरिएको छ)

नित्यमुद्यतदण्डः स्यान्नित्यं विवृतपौरुषः ।
अच्छिद्रश्छिद्रदर्शीस्यात् परेषां विवरानुग ॥ १३९।६

सधैं तयार भै बस्नू पुरुषार्थी सधैं हुनू,
आफ्नो छिद्र लुकाएर अरूको छिद्र खोजनू,

आपद्यापदिकाले च कुर्वीत न विचारयेत् ।
नावज्ञेयोरिपुस्तात दुर्बलोऽपि कथंचन ॥१३९।११

जस्तै आपत् परोस् काम गर्नू न टोलिईकन
न छोड्नू कत्ति हेपेर शत्रु सानो भनीकन,

कुर्यात् तृणमयं चापं शयीत मृगशायिकाम् ।
सान्त्वादिभिरुपायैस्तु हन्याच्छत्रुं वशे स्थितम् ॥ १३९।१३

बरू कम्जोर जस्तो र सोझो जस्तो पनी हुनू,
शत्रुलाई भुलाएर मौकामा प्राण नै लिनू,

दया न तस्मिन् कर्तव्या शरणागत इत्युत ।
निरुद्विग्नो हि भवति नहताज्जायते भयम् ॥१३९।१४

पऱ्यो शरण ठानेर नछोड्नू शत्रु शत्रु हो,
सिध्याएपछि त्यस्लाई जस्तो होस् मन ढुक्क भो,

मूलमेवादितश्छिन्द्यात् परपक्षस्य नित्यशः।
ततः सहायांस्तत्पक्षान् सर्वाश्चतदनन्तरम् ॥१३९।१६

चिनेर राम्ररी काट्नू पहिले शत्रुको जड,
खोजी खोजी अनी फाँड्नू शत्रुको पक्षका सब'

छिन्नमूले ह्यधिष्ठाने सर्वेतज्जीविनो हताः।
कथं नु शाखास्तिष्ठेरन् छिन्नमूले वनस्पतौ ॥१३९।१७

मुख्य शत्रु सके मार्न मासिन्छन् आउरे पनि
जरै काटेपछी हाँगा बाँच्न सक्थे र के भनी ?

एकाग्रः स्याद्विवृतो नित्यं विवर दर्शकः।
राजन् नित्यं सपत्नेषु नित्योद्विग्नः समाचरेत् ॥१३९।१८

टाठो भई गुप्त बनी शत्रुको गोप्यता हर
सर्वदा शत्रुका साथ सतर्क रहने गर,

अग्न्याधानेन यज्ञेन काषायेण जटाजिनैः।
लोकान् विश्वासयित्वैव ततो लुम्पेद् यथा वृकः ॥१३९।१९

मृग चर्म, जटा, गेरु, यज्ञ आदि उपायले,
ब्वाँसाले झैं छकाएर मार्नू शत्रु मनुष्यले,

अंकुशं शौचमित्याहु
रर्थानामुपधारणे ।

आदर्शता पनी मान्छे तान्ने अंकुश हो अतः
अर्थका निम्तिमा यस्तो आडम्बर पनी गर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आनम्य फलितां शाखां
पक्वं पक्वं प्रशातयेत् ॥१३९।२०

जस्तो कि फल टिप्नेले पैले हाँगा झुकाउँछ
अनि रोजेर पाकेका फल त्यसबाट पाउँछ,

फलार्थोऽयं समारम्भो
लोके पुंसां विपश्चिताम् ।
वहेदमित्रं स्कन्धेन
यावत् कालस्य पर्ययः ॥१३९।२१

सबै विद्वानको लक्ष्य अभीष्ट–फल प्राप्तिछ,
अभीष्ट फलका लागि पालो आउनुपर्दछ,
तस्मात् पालो जहाँसम्म आउँदैन त्यहाँतक,
शत्रुको पाउ मोलेर बस्नै परे पनी बस,

ततः प्रत्यागते काले भिन्द्यात् घटमिवाश्मनि ।
अमित्रो न विमोक्तव्य कृपणं बहुपि ब्रुवन् ॥१३९।२२

पालो आयो कि तातेर शत्रुलाई पछारनू,
हात जोडोस् क्षमा मागोस् जे गरोस् नपत्याउनू,

क्रुद्धोऽप्य क्रुद्धरूपः स्यात् स्मितपूर्वाभिभाषिता ।
न चाप्यन्यमपध्वंसेत् कदापि कोप संयुतः ॥१३९।५५

बोलोस् मुसुक्क हाँसेर रिसाएको भए पनि,
न गरोस् क्यै पनी कैल्यै क्रोधले पागलै बनी,

अपि घोरापराधस्य धर्ममाश्रित्य तिष्ठतः ।
स हि प्रच्छाद्यते दोषः शैलोमेघैरिवा सितैः ॥१३९।५८

लाखै पाप गरोस् किन्तु धर्मको ढोंग गर्छ त
ढाकिन्छन् दोष हुस्सूले ढाके झैं गरि पर्वत,

पुत्रः सखा वा भ्राता वा पिता वा यदि वा गुरु ।
रिपुस्थानेषु वर्तन्तो हन्तव्या भूतिमिच्छता ॥१३९।५२

शत्रु झैं गर्छ वर्ताव भने मार्दिनु जो हवस्
गुरु होस् कि पिता होस् कि पुत्र होस् इष्टिमित्र
होस् ।

अशंकितेभ्यः शंकेत शङ्कितेभ्यश्च सर्वशः ।
अशङ्कयाद् भयमुत्पन्नमपि मूले निकृन्तति ॥१३९।६१

शंका गर्नैनपर्नैमा पनि शंका गरी रहू,
झन् शंका लिन पर्नेमा ज्यादै टाठो बनी रहू,
मुख्य यो जान जो मान्छे विश्वासी मानिंदै थियो,
भित्रभित्रै त्यही शत्रु भए सर्वस्व नाशियो,

वाचा भृशं विनीतः स्याद् हृदयेन तथा क्षुरः ।
स्मितपूर्वाभिभाषी स्यात् सृष्टो रौद्राय कर्मणो ॥१३९।६६

छूरै होस् मनमा किन्तु मुखले राम बोलनू,
उद्देश्य होस् कडै किन्तु नम्र भै मुख खोलनू,

अञ्जलिः शपथः सान्त्वं शिरसा पादवन्दनम् ।१३९।६७

मिठो बोली, नमस्कार, शिरले छुनु पाउ नै,
वशपार्ने सबैलाई सरता ऊपाय छन् यिनै

सुपुष्पितः स्यादफलः फलवान् स्यादुरारुहः ।
आमः स्यात् पक्व संकाशो न च जीर्येत कहिंचित् ॥१३९।६८

झपक्क फुलिदनू किन्तु कत्ति पनि न फलिदनू
कि फल्नू राम्ररी किन्तु टिप्न सक्ने नभै दिनू
अनि काँचै भएदेखि पाके झैं रसिलो हुनू,
अर्थात बन्नू धनी जस्तो धन कत्ति नखर्चनू,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयेन भेदयेद् भीरुं शूरमञ्जलिकर्मणा ।
लुब्धमर्थ प्रदानेन .. ॥१३९।५०

बलियासँग न्यूह्रेर कद्केर डरुवासँग
लोभीसँग दिई पैसा आफ्नो काम पुरा गर

योऽरिणा सह सन्धाय शयीत कृतकृत्यवत् ।
सवृक्षाग्रे यथा सुप्तः पतितः प्रतिबुध्यते ॥१३९।७४

जो शत्रुसँग सम्झौता गरी निश्चिन्त सुत्दछ
त्यो वृक्षैमा निदाएको हो खसेपछि चेत्दछ,

नार्थिकोऽर्थिनमभ्येति कृतार्थे नास्ति संगतम् ।
तस्मात् सर्वाणि साध्यानि सावशेषाणि कारयेत् ॥१३९।७९

जस्को काम बनेको छ किन त्यो झुक्न आउँछ
तसर्थ अरुको काम अधुरै छोड्नु बेस छ,

नास्यकृत्यानि बुद्ध्येरन् मित्राणि रिपवस्तथा।
आरब्धान्येव पश्येरन् सुपर्यवसितान्यपि ॥१३९।८१

आफ्नो उद्देश्य कस्तो छ नजानोस् कवै पनी तर,
आरम्भ या समाप्तीमा देखियोस् कार्य केवल,

नाच्छित्वा परमर्माणि नाकृत्वा कर्मदारुणम् ।
नाहत्वा मत्स्यघातीव प्राप्नोति महतीं श्रियम् ॥
१३९।७७

ठूलो ऐश्वर्य पाइन्न नगरी कर्म दारुण'
माछामार्नेहरू जस्तै कठोर नबनीकन,

और्व ऋषिका सूक्तिहरू

यो हि कारणतः क्रोधं सञ्जातं क्षन्तुमर्हति ।
नालं स मनुजः सम्यक् त्रिवर्गं परिरक्षितुम् ॥१७९।३

"जो रोक्छ कारणै पर्दा उठेको क्रोध त्यो नर,
धर्मार्थ कामको रक्षा गर्न शक्दैन आखिर"

अशिष्टानां नियन्ता हि शिष्टानां परिरक्षिता ।
स्थाने रोषः प्रयुक्तः स्यान्नृपः सर्वजिगीषुभिः ॥१७९।४

"सभ्यको पालना गर्छ मूर्खलाई दबउँछ'
मौकामा क्रोध जो भिक्छ त्यसैले जित्न पाउँछ"

प्रतिषेद्धा हि पापस्य यदा लोकेषु विद्यते ।
तदा सर्वेषु लोकेषु पापकृन्नोपपद्यते ॥१७९।९

"पाप रोक्ने जहाँसम्म यौटै होस् हुन्छ मानिस,
त्यहाँसम्म त पापीले ढाक्दैनन् विश्व यो सब"

यदा तु प्रतिषेद्धारं पापो न लभते क्वचित् ।
तिष्ठन्ति बहवो लोकास्तदा पापेषु कर्मसु ॥१७९।१०

"जहाँ यौटा पनी हुन्न पाप रोक्ने कुनै नर,
त्यहाँ गर्छन् सबै मान्छे पापै पाप सरासर"

जानन्नपि च यः पापं शक्तिमान् न नियच्छति ।
ईशः सन् सोऽपितेनैव कर्मणा सम्प्रयुज्यते ॥१७२।११

"जानी जानी पनी पाप, रोक्न खोज्दैन जो जन
आफूले नगरोस् पाप पापी नै हुन्छ त्यो अफ"

विविध सूक्तिहरू

शम एव परो धर्मस्तमाचर पराशर ।
अधर्मिष्ठं वरिष्ठः सन् कुरुषे त्वं पराशर ॥ १८०।१३

"नराम्रा काम राम्रा भै किन गर्छौ सरासर?
शान्ति नै धर्म हो ठूलो त्यही गर पराशर!"
—पुलस्त्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधर्मेण च राज्यं त्वं प्राप्तवान् भरतर्षभ ।
तेऽपि राज्य मनुप्राप्तः पूर्वमेवेति मे मतिः ।। २०२।७

"अधर्मले जित्यौ राज्य जहिले यो सुयोधन !
उसै वेला भयो उन्को झन् पाको दरिलो धन"
–भीष्म

राजा प्रमाणं भूतानां
स नश्येत मृषा वदन् ।
अर्थ कृच्छ्रमपि प्राप्य
न मिथ्यां कर्तुमुत्सहे ।। ८२।१८

"राजा उत्तरदायी हो जनताको स्वयं उही,
झूटो बोल्छ भने हुन्छ नष्ट त्यै पापले गरी,
तसर्थ सुन कल्याणि ! जस्तै आपत् परे पनी,
बोली फुत्केपछी मिथ्या गर्न शक्तिन क्यै भनी"
–राजा ययाति

कीर्तिरक्षणमातिष्ठ कीर्तिर्हि परमं बलम् ।
नष्ट कीर्ते र्मनुष्यस्य जीवितं ह्यफलं स्मृतम् ।। २०२।१०

"कीर्ति जोगाऊ ! हो कीर्ति मान्छेको असली बल,
कीर्ति नष्ट भए जान्नू भयो जीवन निष्फल"
–भीष्म

यः समुत्पतितं क्रोधं क्षमयेह निरस्यति ।
यथोरगस्त्वचं जीर्णं स वै पुरुष उच्यते ।। ७९।४

"सर्पले काँचुली जस्तै रिस जो छोड्न सक्तछ,
छोरी! बुझ्यौ त्यही मान्छे सहिष्णु अनि 'मर्द' हो"
–(देययानीप्रति) शुक्राचार्य

येन केन चिदार्तानां ज्ञातीनां सुखमावहेत् ।
अतस्त्वामनु यास्यामि यत्र दास्यति मे पिता ।। ८०।२४

"जे गरेर दुःखी मेरा बन्धुले सुख पाउँछन्,
त्यै गर्छु जान्छु दासी भै जहाँ जान लगाउँछन्"
-कुमारी शर्मिष्ठा

यो यजेदपरिश्रान्तो मासि मासि शतं समाः ।
न क्रुध्येद् यश्च सर्वस्य तयोरक्रोधनोऽधिकः ।। ७९।६

नबिराई कुनै मैन्हा वर्षौं जो यज्ञ गर्दछ,
जो रिसाउन्न यीमध्ये नरिसाउनि श्रेष्ठ छ"
-शुक्राचार्य

अद्य प्रभृति मे दाश ब्रह्मचर्यं भविष्यति ।
अपुत्रस्यापि मे लोका भविष्यन्त्यक्षया दिवि ।। १००।९६

"म जिन्दगीभरी बस्छु ब्रम्हचर्य लिईकन,
अपूताको पनी हुन्छ स्वर्गमा गति उत्तम"
(भीष्म–प्रतिज्ञा)

न ते मृत्युः प्रभविता यावज्जीवितुमिच्छसि ।
त्वत्तोह्यनुज्ञां सम्प्राप्य मृत्युः प्रभविताऽनघ ।। १००।१०२

"हे ब्रम्हचर्य्यवान् बाबु ! 'बाँच्ने इच्छा रहेतक,
तिम्रो मृत्यु हुनेछैन' दिन्छु हार्दिक आशिष;
तिम्रो आज्ञा मिले मात्र छुन सक्नेछ मृत्युले,
नगीचै पनि आवैन मृत्यु आफ्नै प्रभावले"
(पुत्र भीष्मलाई पिता शान्तनुको आशीर्वाद)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरतः कृच्छ्रकालस्य धीमान् जागर्ति पूरुषः ।
स कृच्छ्रकालं सम्प्राप्य व्यथां नैवेति कर्हिचित् ।। २३१।१

"बुद्धिमान् व्यक्ति आपत्ति नपर्दै होश राख्दछ,
आपत्ति परिहालेमा न आत्तीकन टार्दछ"
–जरितारि

एतावान् पुरुषस्तात कृतं यस्मिन् न नश्यति ।
यावच्च कुर्यादन्योऽत्र कुर्यादभ्यधिकं ततः ।। १५६।१४

"लाएको गुन मेटिन्न जस्मा त्यै नै मनुष्य हो,
अथवा गुनको साटो धेरै लाएर तिर्छ जो"
–महारानी कुन्ती

मन्यन्ते केचिदधिकं स्नेहं पुत्रे पितुर्नराः ।
कन्यायां केचिदपरे मम तुल्यावुभौ स्मृतौ ।। १५६।३७

"क्वै गर्छन् पुत्रमा प्रेम कन्यामा कोहि गर्दछन् ।
छोराछोरी दुवै मेरा निम्ति एक समान छन् ।"
–एक ब्राम्हण

अवश्यं निधनं सर्वैर्गन्तव्यमिह मानवैः ।
अवश्यम्भाविन्यर्थे वै सन्तापो नेह विद्यते ।। १५७।२

"सबै मानिसका लागि अवश्यै मर्नु पर्दछ,
हुंनैपर्ने हुँदाखेरि सन्ताप गर्नु के छ त ?"
–एक ब्राह्मणी

इह वा तारयेद् दुर्गादुत वा प्रेत्य भारत ।
सर्वथा तारयेत् पुत्रः पुत्र इत्युच्यते बुधैः ।। १५८।५

"यहीं तार्छ उहीं तार्छ दुःखबाट भनीकन,
सर्वथा तारनेलाई भन्दछन् पुत्र सज्जन"
–एक ब्राम्हण कन्या

ययोरेव समं वित्तं ययोरेव समं कुलम् ।
तयोर्मैत्री विवाहश्च न तु पुष्ट विपुष्टयोः ।। १३०।१०

जजस्को धन एकै छ ज-जस्को कुल तुल्य छ ।
'बिहे-प्रेम' त्यहीं टिक्छ नत्र हुन्छ र टुट्दछ"
-राजा द्रुपद

नाऽश्रोत्रिय श्रोत्रियस्य नारथी रथिनः सखा ।
नाराजा पार्थिवस्यापि सखिपूर्वं किमिष्यते ? ।। १३०।११

"विद्वान्सँग अविद्वान् र अफौजी फौजियासँग,
राजासँग अराजाको मित्रता छैन सम्भव"
–राजा द्रुपद

अर्थेप्सुता परं दुःखमर्थप्राप्तौ ततोऽधिकम् ।
जातस्नेहस्य चार्थेषु विप्रयोगो महत्तरम् ।। १५६।२४

"पहिले हो ठुलो दुःख मनैले खोजनू धन,
अनि पर्छन् महादुःख खोजेको धन जोडन,
जोडेको धन जोगाई राख्न झन् दुःख पर्दछ,
त्यसमै नोक्शान क्यै भो त ! अनि दुःख असह्य छ"
–एक ब्राम्हण

न सख्यमजरं लोके हृदि तिष्ठति कस्यचित् ।
कालो ह्येनं विहरति क्रोधो वैनं हरत्युत ।। १३०।७

"कसैको पनि बस्दैन प्रेम ताजा सधैं भरी,
कि कालैले बुढो पार्छ कि क्रोधै लान्छ त्यो हरी"
–राजा द्रुपद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपोन कल्कोऽध्ययनं न कल्कः
स्वाभाविको वेदविधिर्न कल्कः ।
प्रसह्य वित्ताहरणं न कल्क–
स्तान्येव भावोपहतानि कल्कः ॥ १।२७५

"बेठीक छैनन् तप, वेद-पाठ,
स्वाभाविकी यज्ञ पनी छ ठीक,
सम्पत्ति जोर्नू पनि छैन पाप,
पापी भए चित्त सबै छ पाप"
–उग्रश्रवा

नारुन्तुदः स्यान्न नृशंस वादी ।
न हीनतः परम भ्याददीत ।
ययास्य वाच पर उद्वीजेत,
न तां वदेदुषतीं पापलोक्याम् ॥ ८७।८

"नबोल्नु अर्काकन मर्म पारी
नहिंड्नु अर्काकन तुच्छ पारी,
जसबाट अर्काकन पीर लाग्छ,
जान्नू कि त्यै हो घनघोर पाप,"
–ययाति

न तद् ध्यायति कौन्तेयः पाण्डुपुत्रो युधिष्ठिरः ।
यथैषां पुरुषव्याघ्र श्रेयो ध्यायति केशवः ॥ २०६।९

"जति पाण्डवका लागि श्रीकृष्ण गर्दछन् फिर,
त्यति निश्चय गर्दैनन् आफ्नै चिन्ता युधिष्ठिर"
–राजा द्रुपद

संरोहति शरैर्विद्धं वनं परशुना हतम् ।
वाचा दुरुक्तं बीभत्सं न संरोहति वाक्क्षतम् ॥ ७९।१५

बञ्चरो-बाण लागेको पलाउला बरू वन ।
बोलीको बाण लागेको पलाउन्न कबै मन ।
–देवयानी

यः सपत्न श्रियं दीप्तां हीन श्रीः पर्युपासते ।
मरणं शोभनं तस्य इति विद्वज्जना विदुः । ७९।१३

आफ्नो सकेर सर्वस्व जो ढुक्छ शत्रुको घर,
त्यस्ताले मर्नु जाती हो' भन्छन् विद्वान्हरू सब'
–देवयानी

यः सन्धारयते मन्युं योऽति वादांस्तितीक्षते ।
यश्चतप्तो नतपति दृढं सोऽर्थस्य भाजनम् ॥ ७९।५

जो रोक्न सक्दछन् क्रोध जो निन्दा खप्न
शक्तछन् ।
जो आत्तिन्नन् शताएमा तिनै सफल बन्दछन् ।
–शुक्र

पुमांसो ये हि निन्दन्ति वृत्तेनाभिजनेन च ।
न तेषु निवसेत् प्राज्ञः श्रेयोऽर्थी पाप वुद्धिषु ॥ ७९।१०

चल्ती या कुलको निन्दा गर्ने दुर्जन छन् जहाँ
राम्रो उद्देश्य राख्नेले बस्न हुन्न कसै त्यहाँ ।
–देवयानी

पिता रक्षति कौमारे भर्ता रक्षति यौवने
पुत्रश्च स्थविरेभावे न स्त्री स्वातन्त्र्यमर्हति । ७३।७४.

कन्यामा बाबु, तन्नेरीहुँदा लोग्ने र वृद्धमा
छोरो गर्दछ संरक्षा; नारी स्वतन्त्र छन् कहाँ ?
–शाकुन्तला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीरकृत्, प्राणदाता, यस्य चान्नानि भुञ्जते ।
क्रमेणैते त्रयोप्युक्ता पितरो धर्मशासने ।। ७२।१५

जन्मदाता, प्राणदाता, अन्नदाता यथार्थका
क्रमैले मान्नुपर्ने यी तीनोटै व्यक्ति हुन् पिता ॥
–शकुन्तला

सर्वेषामेव शापानां प्रतिघातो हि विद्यते ।
न मात्राभिशप्तानां मोक्षः क्वचन विद्यते । ३७।४

अरूको श्राप मौकाले टारेमा टर्न शक्तछ,
क्यै गरे पनि फुत्किन्न आमाको श्रापबाट त,
–वासुकि नाग

राजन् सर्षपमात्राणि परच्छिद्राणि पश्यसि ।
आत्मनो बिल्वमात्राणि पश्यन्नपि न पश्यसि ।। ७४।८२

सर्स्यूँ जत्रा पनी छिद्र अर्काका देख्दछौ तिमी
आफ्ना छिद्र त देख्दैनौ वेल जत्रै भए पनि,
–शकुन्तला

आचतुर्दशकाद् वर्षान्नभविष्यति पातकम् ।
परतः कुर्वतामेवं दोष एव भविष्यति ।।१०७।१७

पापको दण्ड लाग्दैन चौध वर्ष हुँदा तक
त्यहाँपछि भने पाप गर्नेले दण्ड भोग्दछ ।
–महर्षि आणि माण्डव्य

प्रभुरग्निः प्रतपने
भूमिरावपने प्रभुः ।
प्रभुः सूर्यः प्रकाशित्वे ... ...।।८८।१३

तातो बनाउनू पर्दा गर्दछन् अग्नि-पूजन,
बीउ उमार्नु पर्दामा मानिन्छन् भूमि उत्तम,
महान् प्रकाशका निम्ति सूर्यकै नाम आउँछ,
ठाउँ हेरेर मान्छेले आफ्नो सम्मान पाउँछ ।
–अष्टक

यत् कुमाराः कुमार्यश्च वैरं कुर्युरचेतसः ।
नतत् प्राज्ञोऽनुकुर्वीत न विदुस्ते बलाबलम् ।।७९।७

जस्तो बालकले लिन्छन् 'वैर' क्यै न बुझीकन,
बडाले हुन्न त्यै गर्न देखासिकी गरीकन,
–आचार्य शुक्र

शान्ति सिद्धान्त नै सिद्धि पाउने मुख्य मार्ग हो ।
शान्त भै जो क्षमा दिन्छ त्यस्ले लोक दुवै जित्यो,
–शमीक ऋषि

दैवेनोपहतोराजन् यो भवेदिह पूरुषः ।
स दैवमेवाश्रयते नान्यत् तत्र परायणम् ।।३८।३

"राम्ररी दैवले हान्यो जस्लाई त्यस व्यक्तिको,
अर्को शरण क्वै छैन दैवकै द्वार जत्तिको"
–महानाग एलापत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रोधो हि धर्मं हरति यतीनाँ दुःख संचितम् ।
ततो धर्म विहीनानां गतिरिष्टा नविद्यते ।।४२।८

"दुःखपूर्वक आर्जेको धर्म, मेट्तछ क्रोधले
अनि सद्गति पाउन्न धर्महीन मनुष्यले"
–शमीक ऋषि

मयाहीदं विधातव्यं सर्वेषां यद्धितं भवेत् ।
अनेनाहं भृशं तप्ये गुण दोषौ मदाश्रयौ ।।३७।३४

"सबैको हित हो जो त्यो मैल्यै गर्नुछ निश्चित
म जेठो छु सबै भार मैमा छ र छु चिन्तित"
–नागराज वासुकि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभापर्व

(दुई)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसंगसूची

१. सभापर्वको कथासार
२. भीम र अर्जुनको आत्मविश्वास
३. श्रीकृष्णद्वारा प्रोत्साहन
४. युधिष्ठिरप्रति नारदका प्रश्नहरू
५. कलको बीऊ
६. विश्वशान्तिको उपाय
७. श्रीकृष्णको पूजा योग्यताको सम्मान
८. महाराज दुर्योधनका सूक्तिहरू
९. विविध सूक्तिहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभापर्वको कथासार

खाण्डव वनको दाह हुँदा मय दानवलाई डढेलोबाट बचाएकोले उसले त्यसको प्रत्युपकारमा युधिष्ठिर महाराजलाई एक दिव्य र अद्भुत सभाभवन बनाउने वचन दिएको छ। मय दानवले मैनाक पर्वतनेर प्राचीनकालमा दानवहरूले एक विराट् यज्ञमेला लगाएको थाहा पाएको छ। यसर्थ ऊ त्यहीं पुग्छ र त्यहाँ भग्नावशेष रूपमा रहेका त्यस यज्ञका बहुमूल्य सामग्री एकत्र गरेर ल्याउँछ।

इन्द्रप्रस्थमा अहिलेसम्म पृथिवीमा देख्न नपाइएको अद्भुत 'सभाभवन' तयार हुन्छ. त्यस भवनका वरिपरि विचित्र र अत्यन्त आकर्षक उद्यानहरू बनाइन्छन्। सभाभवनको त्यो दिव्य तयारीपछि शुभमुहूर्तमा महाराज युधिष्ठिर आफ्ना मंत्रिगण बन्धुवर्ग र सेनाध्यक्षहरूसहित प्रवेश गर्छन्।

यसरी आरामपूर्वक भव्य सभाभवन भएको इन्द्रप्रस्थ नगरीमा जनता जनार्दनलाई रिझाएर राज्य गर्दागर्दै महाराज युधिष्ठिरलाई राजसूय यज्ञ गर्ने इच्छा हुन्छ। यस विषयमा उनी पहिले आफ्ना भाइहरूसँग सल्लाह गर्छन् र अन्तिम निर्णय लिने उद्देश्यले भगवान् श्रीकृष्णलाई आमंत्रण गर्छन्। भगवान् श्रीकृष्ण त्यहीँ पाल्नुहुन्छ। राजसूय यज्ञ गर्न श्रीकृष्णको पनि अनुमति प्राप्त हुन्छ। नियमअनुसार उक्त यज्ञका निमित्त दिग्विजय गर्न प्रारम्भ हुन्छ। सर्वप्रथम त्यस वेलाको महासामन्त राजा जरासन्धकहाँ आक्रमण गरिन्छ श्रीकृष्णसहितका भीम र अर्जुनद्वारा।

जरासन्धसँग मल्लयुद्धको आव्हान हुन्छ र भीम त्यसमा कसिन्छन्। धेरै दिनको मल्लयुद्धपछि श्रीकृष्णको संकेत पाएर भीम जरासंधलाई टांग चिरेर मा रदिन्छन्। जरासंधको मृत्यु हुन्छ। उसको पदमा उसैका उत्तराधिकारी छोरा सहदेवलाई अभिषेक दि‍ताएर श्रीकृष्ण र भीमार्जुन इन्द्रप्रस्थ पुग्छन्। त्यसपछि पाण्डवहरू निश्चित कार्यक्रमपूर्वक चारै दिशामा दिग्विजय प्रारम्भ गर्छन्। सर्वत्र सफलता मिल्दछ।

दिग्वि‍यमा राजाहरूबाट प्राप्त ऐश्वर्यले विधिपूर्वक यज्ञ शुरू हुन्छ। यज्ञमा सम्पूर्ण कौरव–परिवारले एकै घरका दाजुभाइजे झैँ भाग लिन्छन्। धेरै वर्षपछि दुर्योधन र युधिष्ठिरको नेतृत्वमा दुई हाँगा बनर हुर्केको यो पाण्डव र कौरव-परिवार फेरि जोडिएर एक भए जस्तो देखिन्छ। अत्यन्त भव्यतापूर्वक यज्ञ हुन्छ।

यज्ञान्तमा राजसूय यज्ञको नियमअनुसार कुनै एक सर्वश्रेष्ठ पुरुषको पूजा गर्नुपर्ने हुँदा महाराज युधिष्ठिर आमन्त्रित सम्पूर्ण राजामहाराजा र ऋषि महर्षिहरूसँग त्यस्तो व्यक्ति छान्न अनुरोध गर्छन् भीष्मपितामहले संसारमा त्यस्तो व्यक्ति एकमात्र भगवान् श्रीकृष्ण हुनुहुन्छ भनेर प्रस्ताव राख्छन् र जरासन्धका पुत्र सहदेव भीष्मको यस कुराको समर्थन गर्छन्। यो दे‍दा रुक्मिणी हरणदेखि श्रीकृष्णसँग द्वेष राख्दै आएको शिशुपाल नामको राजा र उनका समर्थकहरू घोर विरोध गरेर नत ब्राह्मणवंशको, न राजवंशको यस्तो गोठाले वृत्तिद्वारा जीवन चलाउने कृष्णलाई सर्वश्रेष्ठ पुरुष ठान्नु ज्यादै मूर्खता हो भन्दै भीष्मको निन्दा गर्छन्। सभामा धेरैलाई शिशुपालको प्रतिक्रया मनपर्दैन तापनि केही कौरव-सहितका श्रीकृष्ण–विरोधीहरूले शिशुपाललाई अझै बोल्न उत्साह दिएकाले ऊ लगातार श्रीकृष्णलाई गाली गर्न थाल्दछ। परमपूज्य श्रीकृष्णको निन्दा सुन्न असमर्थ भएका उपस्थित वीरहरू तत्कालै त्यहीँ शिशुपाललाई मारिदिने आँट झिक्छन्। श्रीकृष्णले रोकिदिनुहुन्छ, आफ्नो पूर्व प्रतिज्ञाअनुसार शिशुपालका १ सय अपराध क्षमा गर्ने श्रीकृष्णले उसका ती बेइजती-पूर्ण र असत्य आरोपहरू मौन रहेर सहिदिनुहुन्छ, शिशुपालले १०० भन्दा बढी गाली श्रीकृष्णलाई दिन्छ र श्रीकृष्ण भीष्म-सहितका पाण्डवहरूलाई युद्धको हाँक दिएर हातमा तरवारसमेत थुतेर ऊ खड़ा हुन्छ। उसका सहयोगीहरू झन् कसिएका देखिन्छन्। अनि श्रीकृष्ण उठ्नुहुन्छ र त्यही यज्ञको एउटा पूजाथालो उठाएर चक्रास्त्र झैँ घुमाएर शिशुपालतर्फ फ्याँकदिनुहुन्छ। त्यो थालीले शिशुपालको धड र शिरलाई गर्दनबाट छुट्याइदिन्छ। शिशुपाल भुतुक्कै हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजसूय यज्ञ सम्पन्न भएपछि सबै अतिथिहरू महाराज युधिष्ठिरको अत्यन्त प्रशंसा गर्दै बिदा हुन्छन्, तर दुर्योधनलाई भने डाहले पोल्न थाल्छ। ऊ आत्तिन्छ, आफ्ना सामुन्ने युधिष्ठिरको त्यो सम्मान र ऐश्वर्य देखेर। उसलाई युधिष्ठिरभन्दा तल्लो भएर त बाँच्नसम्म पनि कठीन लाग्छ र ऊ अत्यन्त चिन्तित बन्छ। यत्तैमा उसलाई उसको मामा शकुनि र सहयोगी कर्णको आश्वासन प्राप्त हुन्छ। शकुनि पाण्डवको सम्पूर्ण ऐश्वर्य दुर्योधनलाई दिलाउन जस्तोसुकै कपट गर्नपरे पनि आफू पछि नहट्ने किरिया हालेर दुर्योधनलाई 'द्यूतसभा' अर्थात् 'जूवाको खेल' गर्ने, खाल जमाउने' सल्लाह दिन्छन्। दुर्योधनलाई यस कुरामा एकपटक पिताको सल्लाह लिनु उचित लाग्छ र धृतराष्ट्रकहाँ पुगेर आफ्नो सम्पूर्ण मानसिक वेदना पोखेर जूवा खेलाउन वचन माग्छन्, धृतराष्ट्र र विदुरहरू यो कुरा अनुचित बताउँछन् तर दुर्योधनको मन मान्दैन। आखिर दुर्योधनलाई हान नसकेर धृतराष्ट्रले अनुमति दिन्छन्। जूवाको निमन्त्रणा पाण्डवसभामा पुग्छ। युधिष्ठिर महाराज यो काम अनैतिकतापूर्ण हो भनेर अनिच्छा प्रकट गर्छन् तापनि जेठा बुवा धृतराष्ट्रको दर्शन र उहाँहरूको मनोविनोद गराउनु कर्तव्य सम्झेर स्वीकार गर्छन्।

जूवा मचिन्छ, शकुनि आदि महाजालीहरूको तुच्छ कपटले गर्दा महाराज युधिष्ठिर नराम्रोसँग हार्दै जान्छन्। सुवर्ण-मुद्रा, रथ, हात्तीहरू, दरवार, राज्य र अरू सम्पूर्ण ऐश्वर्य त्यसै जूवामा एकपछि अर्को हुँदै स्वाहा हुन्छ। अन्त्यमा महारानी द्रौपदी पनि बाजीमा थापिन्छिन्। उनको पनि त्यही गति हुन्छ, तर द्रौपदीलाई जूवामा जितेर के गर्ने ? कौरवहरू जतिसुकै अधर्मी भए पनि बाहिर नैतिकता देखाउँथे। यसर्थ उनीहरूलाई द्रौपदी जितेर अरू केही गर्नु छैन। केवल पाण्डवहरूको बढी बेइजती गर्नु सिवाय। यसर्थ दुःशासनले द्रौपदीलाई सभामा ल्याएर नांगी बनाउने कुकृत्य आरम्भ गर्छ। द्रौपदीले आफूलाई एकदम अनाथ रूपमा देख्छिन् र एकमात्र अनाथका नाथ श्रीकृष्णसँग गुहार माग्छिन्। भगवान् श्रीकृष्णले द्रौपदीको आर्तपुकार सुन्नुभयो र स्वयं वस्त्र बनेर द्रौपदीको लोकलाजको रक्षा गर्नुहुन्छ। दुःशासन जति प्रयास गरेर पनि द्रौपदीलाई नांगी बनाउन सक्दैन।

अनि यो डरलाग्दो जूवाको खेल बन्द हुन्छ, खेलको आरम्ममा भएको प्रतिज्ञामा हार्नेलाई १२ वर्ष वनवास र १ वर्ष गुप्तवास बस्नुपर्नेछ। त्यसअनुसार पाण्डवहरू राज्य, ऐश्वर्य र सम्पूर्ण सुख कौरवहरूकै अधीनमा छोडेर वनवास जान्छन्। वन जाने वेलामा द्रौपदीले कपाल फिंजेकी, भीमले आफ्ना तिघ्रा ठटाएको आदि दृश्य कौरवहरुले देख्दछन् र त्यसको अर्थ भावी कौरवहरूको प्रतिज्ञा हो भन्ने लगाइन्छ। पाण्डवहरूको यो वनवासले देशका प्रबुद्धवर्गमा अन्याय र भावी महायुद्धको परिकल्पनाले गर्दा अत्यन्त चिन्ता उत्पन्न हुन्छ। आफ्ना पुत्र अभिमन्यु र द्रौपदीबाट जन्मेका पाँच कुमारलाई लिएर सुभद्रा द्वारका जान्छिन् र राजमाता कुन्ती पाण्डवहरूका अनुरोधले धृतराष्ट्रकै दरवारमा बस्छिन्।

सभापर्व

भीम र अर्जुनको आत्मविश्वास

(महाबली भीमसेन र अर्जुनले यो आत्मविश्वास महाराज युधिष्ठिरसँग राजसूय यज्ञका निमित्त गरिने दिग्विजयका प्रारम्भमा प्रकट गरेका थिए। महाराज युधिष्ठिरलाई जरासन्ध जस्ता शक्तिशाली राष्ट्राध्यक्षहरूको भय थियो र उनी त्यसमा कातर भएका थिए तर भाइहरूका यी वीरतापूर्ण उक्तिबाट उनलाई राम्रो उत्साह मिलेको थियो)

अतन्द्रितश्च प्रायेण दुर्बलो बलिनं रिपुम्,
जयेत् सम्यक् प्रयोगेण नीत्यार्थानात्मनोहितान् ।१५।१२

"निर्बली पनि आलस्य छोडेमा बलियाकन,
जितेर नीतिले लिन्छ आफ्नो कल्पित साधन"

कुले जन्म प्रशंसन्ति वैद्याः साधु स्वनिष्ठिताः।
बलेन सदृशं नास्ति वीर्यं तु मम रोचते ।।१६।८

"कुल राम्रो हुनैपर्छ भन्छन् विद्वान्हरू तर
म भन्छु कुल जस्तो होस् आफ्नै बल्नुपर्दछ,"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृतवीर्ये कुले जातो निर्वीर्यः किं करिष्यति ।
निर्वीर्येतु कुले जातो वीर्यवांस्तु विशिष्यते ॥१६।९

"बलवान् कुलमा जन्मी निर्बली गर्ने सक्छ के ?
विद्वान्का कुलमा जन्मी शास्त्र बुझ्छ र मूर्खले ?
बरू विशेषता हो यो छोटाका कुलमा पनि,
जन्मेर जो ठूलो काम गर्छ हुन्छ पराक्रमी"

कृष्णे नयो मयि बलं
जयः पार्थ धनञ्जये,
मागधं साधयिष्यामः
इष्टिं त्रय इवाग्नयः ॥१५।१३

बलमा म छु, नीतिमा श्रीकृष्ण भगवान् भए,
बिजयी हुनमा पैला भाइ अर्जुन वीर छन्,
अग्नित्रय सरी यस्ता हामी तीन भएपछि,
सजिलै साध्दछौं काम जरासन्धहरू जिती"

श्रीकृष्णद्वारा प्रोत्साहन

(भीम र अर्जुनका कुरालाई भगवान् श्रीकृष्णले अझ प्रोत्साहित पार्नु भयो)

न स्म मृत्युं वयं विद्म रात्रौ वा यदि वा दिवा ।
न चापि कश्चिदमरमयुद्धेनानु शुश्रुम ॥१७।२

"मृत्यु भन्ने छ के ? कैल्हे त्यो कताबाट आउँछ,
थाहा छैन न लड्नेले के सधैं बाँच्न पाउँछ ?"

एतावदेव पुरुषैः कार्यं हृदय तोषणम् ।
नयेन विधि दृष्टेन यदुपक्रमते परान् ॥१७।३

"साँच्चैका वीरका निम्ति सन्तोष भन्नु यत्ति छ ।
न्यायपूर्वक जैल्हे ऊ शत्रुमा जाइ लाग्दछ ॥"

मुनयस्यानपायस्य संयोगे परमः क्रमः ।
संगत्या जायतेऽसाम्यं साम्यं च न भवेद् द्वयोः ॥१७।४

"दुर्भाग्य हीन नीतिमा जोडिएको पराक्रम ।
हुन्छ समर्थ्यवान् सारा शत्रुलाई धपाउन,
दुई पक्ष जहाँ लड्छन् त्यहाँ हार्दछ एउटा,
छैन सम्भव यो आवोस् दुवैमा नै समानता"

ते वयं नयमास्थाय शत्रुदेह समीपगाः ।
कथमन्तं न गच्छेम वृक्षस्येव नदीरयाः ॥१७।६

"ऐले हामी जुटेका छौं नीतिपूर्वक युद्धमा,
कसरी पार लावैनौं भन्ने लाग्दछ चित्तमा"

युधिष्ठिरप्रति नारदका प्रश्नहरू

(महाराज युधिष्ठिरसँग देवर्षि नारदले यी प्रश्न कुशलप्रश्नका रूपमा गरेका छन्, महाभारत सभापर्वको पाँचौं अध्यायको यो प्रश्नावलि राजनीतिसँग अत्यन्त सम्बन्धित छ, यी प्रश्नहरूले तत्कालीन राज्य-व्यवस्थाको पनि राम्रो बोध पारेका छन्, यस्तै किसिमका प्रश्न पछि आश्रमवासिक पर्वमा वनवासी धृतराष्ट्रले युधिष्ठिरसँग गरेका छन्, तर दुईथरी प्रश्नमा मौलिक अन्तर छ)

कच्चिदाचरितं पूर्वैर्नरदेव पितामहैः ।
वर्तसे वृत्तिमक्षुद्रां धर्मार्थ सहितां त्रिषु ॥५।१८

"राजन् ! कस्तो छ ? गर्दैछौ के छ अर्थ सुसंयुत
आफ्ना पूर्वजको जस्तो व्यवहार सबैतिर ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मित्रोदासीन शत्रूणां कच्चिद्वेत्सि चिकीर्षितम् । कच्चित् सन्धिं यथ कालं विग्रहं चोपसेवसे ।। ५।२५	"तटस्थ मित्र औ शत्रु को को हुन् , चिन्दछौ सब ? गर्छौ या गर्न सक्तैनौ ? मौकामा सन्धि विग्रह"
कच्चिद् बलस्य भक्तं च वेतनं च यथोचितम् । सम्प्राप्तकाले दातव्यं ददासि न विकिर्षसि ? ।। ५।४९	"सैन्यलाई यथा काल भत्ता भोजन वेतन, राम्रो सक्छौ कि सक्तैनौ दिनैपर्ने कुरा दिन ?"
कच्चिद् धृष्टश्च शुरश्च मतिमान् धृतिमान् शुचिः । कुलीनश्च नुरक्तश्च दक्षः सेनापतिस्तथा ।। ५।४७	"हर्ष उत्साह सम्पन्न, बुद्धिमान र पराक्रमी, सेनापति वफादार छन् छैनन् बुझदछौ तिमी ?"
कच्चिद् पुरुषकारेण पुरुषः कर्म शोभयन् । लभते मानमधिकं भूयो वा भक्तवेतनम् ।। ५।५३	"आफ्नै उद्योगले राम्रो काम गर्ने मनुष्यले, पूजा पाउँछ-पाउन्न सम्मान र इनामल ?"
कच्चिद् दारान् मनुष्याणां तवार्थे मृत्युमीयुषाम् । व्यसनं चाभ्युपेतानां बिभर्षि भरतर्षभ ।। ५।५५	"देशका निम्ति मर्नेका बालबच्चाहरूकन, भत्ता दिन्छौ कि के गर्छौ ? दुःखबाट बचाउन"
कच्चिद् भयादुपगतं क्षीणं वा रिपुमागतम् । युध्ये वा विजितं पार्थ पुत्रवत् परिरक्षसि ।। ५।५६	"आफ्ना शरणमा पर्ने, अथवा क्षीण दुर्बल, शत्रुको गर्दछौ रक्षा निस्से पुत्र बराबर"
कच्चित् त्वमेव सर्वस्याः पृथिव्याः पृथिवीपते । समश्चा नभिशङ्क्यश्च यथा माता यथा पिता ।। ५।५७	"देशका जनता सारा आफ्ना माता पिता सरी, तिम्रो विश्वास गर्छन् कि गर्दैनन् के छ यो घरी ?"
कच्चिदात्मानमेवाग्रे विजित्य विजितेन्द्रियः परान् जिगीषसे पार्थ प्रमत्तानजितेन्द्रियान् ।। ५।६१	"जिती आत्माकनै पैले इन्द्रियादि पनी जिनी, अजितेन्द्रिय औ मत्त शत्रु जित्छौ पछाडि कि ?"
कच्चिन्न भक्तं बीजं च कर्षकस्यावसीदति । प्रत्येकं च शतं वृद्ध्या ददास्यृणमनुग्रहम् ।। ५।७९	किसानलाई खान्की र बीउको दुःख पर्छ कि ? सैकडा एकमा उन्ले पाउने ऋण मिल्छ कि ?
कच्चिन्मूलं दृढं कृत्वा यात्रां यासि विशाम्पते । तांश्च विक्रमसे जेतुं जित्वा च परिरक्षसि ।। ५।८३	"पैले दृढ बनी आफू लड्छौ होला अरूसँग, जित्छौ होला जितेकाको गर्छौ पालन निश्चय"
कच्चित् स्वनुष्ठिता तात वार्ता ते साधुभिर्जनैः । वार्तायां संश्रितस्तात लोकोऽयं सुखमेधते ? ।। ५।८०	"खेती, गोठ र व्यापार कस्तो चल्दछ राष्ट्रमा, यी पेशा गर्ने बस्छन् निस्से आनन्द भावमा"
कच्चिच्छूराः कृत प्रज्ञाः पञ्च पञ्च स्वनुष्ठिताः । क्षेमं कुर्वन्ति संहत्य राजञ्जनपदे तव ।। ५।८१	"गाउँ सहर सर्वत्र पञ्चायतहरू सब, जनतावर्गको गर्छन् गर्दैनन् हित वास्तव"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कश्चिद् द्वौ प्रथमौ यामौ रात्रेः सुप्त्वा विशाम्पते ।
संचिन्तयसि धर्मार्थौ याम उत्थाय पश्चिमे ।। ५।८६

"आधारात निदाएर आधारात पछी उठी,
धर्मार्थ दुइको रक्षा गर्छौ होला नि भूपति ?"

कश्चिच्छारीरमाबाधमौषधैर्नियमैरपि ।
मानसं वृद्धसेवाभिः सदा पार्थापकर्षसि ? ।। ५।९०

"गर्दा हौ देहको रक्षा औषधी नियमादिले,
गर्दा हौ मनको पोष विद्वान्का सत्यसंगले"

कच्चिच्च बल मु येभ्यः परराष्ट्रे परन्तप ।
उपच्छन्नानि रत्नानि प्रयच्छसि यथार्हतः ।। ५ ६०

"पराई देशमा गुप्त बसेका मुख्य सैनिक,
तिम्रा आर्थिक सेनाले हुन्नन् निस्से नि वञ्चित"

कश्चिद् राष्ट्रे तडागानि
पूर्णानिच बृहन्ति च ।
भागशो विनि वष्टा न
न कृषि र्देवमातृका ।। ५।७८

देशमा ठाउँ ठाऊँमा पोखरी जल पूर्ति ।
ठूला ठूला हुनन् निस्से पानी लाउन खातिर
नत्र पानी नपाएर खेतीले हानि पार्दछ,
आकाशे वृत्तले हुन्न भन्ने बुझ्छौ नरेश्वर ?

कलको बीऊ

(राजसूय यज्ञको अन्त्यमा महाराज युधिष्ठिरको ऐश्वर्य देखेर केही राजाहरूमा परेको डाहलाई अनुभव गरेका महर्षि व्यासले यो संकेत गरेका थिए)

त्रयोदश समा राजन्नुत्पातानां फलं महत् ,
सर्व क्षेत्र विनाशाय भविष्यति विशाम्पते ।। ४६।११

"वर्ष तेह्रतकै बस्छ प्रभाव कटु कामको,
त्यसैले भूमिका बाँध्छ अकस्मात् विश्व युद्धको"

त्वामेकं कारणं कृत्वा कालेन भरतर्षभ ।
समेतं पार्थिवं क्षेत्रं क्षयं यास्यति भारत ।। ४६।१२

"तिम्रा निमित्तमा यस्तै कुनै बेला युद्धिष्ठिर,
विश्वयुद्ध भई ठूलो होला संसारको क्षय"

विश्व-शान्तिको उपाय

(आफ्नै कारणले युद्ध हुने कुरा महर्षि व्यासका मुखबाट सुनेर अत्यन्त चिन्तित भएका महाराज युधिष्ठिरले अति सरल भाषामा विश्व-शान्तिको उपाय शोचेर निम्नलिखित प्रतिज्ञा गरेका थिए ।

अथ प्रभृति भद्रं वः प्रतिज्ञां मे निबोधत ।
त्रयोदश समास्तात को ममार्थोऽस्ति जीवतः ।। ४६।२६

"तेह्र बर्षपछि मेरै हेतुले युद्ध हुन्छ त,
म बाँचेर छ के सार गर्दछु प्रण यो अब

न प्रवक्ष्यामि परुषं भ्रातृनन्यांश्च पार्थिवान् ।
स्थिता निदेशे ज्ञातीना योक्ष्ये तत्समुदाहरन् ।। ४६।२७

अबदेखि कसैलाई कडा वचन बोल्दिन,
जे भन्छन् सबले त्यै त्यै मानेर गर्छु शासन

विग्रहं दूरतो रक्षन्,
प्रियाण्येव समाचरन् । ४६।२९

टाढैबाट नमस्कार गरी काल धपाउँछु ।
सबैसँग सधैं राम्रो व्यवहार चलाउँछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं मे वर्तमानस्य स्वसुनेष्वितरेषु च ।
भेदो न भविता लोके भेद मूलो हि विग्रहः ।। ४६।२८

"आफ्ना र अरूका साथ यस्तो काम गरेपछि,
फाटो पर्दैन फाटै हो झगडा पार्ने विधि"

श्रीकृष्णको पूजा योग्यताको सम्मान

(राजसूय यज्ञमा सर्वश्रेष्ठ मानवको पूजा गर्ने प्रथा थियो, महाराज युधिष्ठिरले गरेको राजसूय यज्ञमा पनि उक्त प्रथाको पालना गर्ने अवसर आयो । यज्ञमा संसारभरका राजा, राजकुमार, ऋषि–महर्षि, कूटनीतिज्ञ, विद्वान् र प्रसिद्ध ब्राह्मणहरूको ठूलो उपस्थिति थियो । भगवान् श्रीकृष्ण पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो । सबैजसो त्यहाँ आफूलाई कम्ती अवश्य ठान्दैनथे । तर धेरै यस्ता 'अहं'मानी राजाहरू पनि त्यहाँ थिए जो आफूलाई विश्वको सर्वश्रेष्ठ मानवसमेत ठानिदिन्थे । भगवान् श्रीकृष्णप्रति त्यसताका संसारको राम्रो दृष्टि परिसकेको थियो, र श्रीकृष्णलाई पूजाभावले धेरैले हेर्न थालिसकेका थिए, भए पनि यो कुरा सहन नसक्नेको संख्या पनि कम थिएन । यज्ञका प्रमुख आयोजक यजमान युधिष्ठिर महाराज उक्त कारणले गर्दा श्रीकृष्णमा श्रद्धा राखेर पनि श्रीकृष्णको पूजा गर्ने प्रस्ताव राख्न डराएका थिए, तर जरासन्धका पुत्र सहदेव र भीष्मपितामहका प्रेरणाले यज्ञमा उपस्थित समाजमा सर्वश्रेष्ठ मानवका रूपमा श्रीकृष्णको पूजा हुने निर्णय भयो, तर निर्णयका विरुद्ध केही सामन्त राजाहरूको विद्रोही आवाज सुनियो यस्तो आवाज उठ्यो कि यज्ञमा नै खतरा उत्पन्न हुनथाल्यो, 'कृष्ण उत्तम व्यक्ति होइन ! कृष्ण ठूलो कुलको होइन !! र कृष्ण वयोवृद्ध छैन ! आदि नाराहरू सुनिए, यसैको जवाफमा पाण्डवपक्षबाट दिइएको उत्तर यसप्रकार छ—)

न केवलं वयं कामाच्चेदिराज जनार्दनम् ।
न सम्बन्धं पुरस्कृत्य कृतार्थं वा कथञ्चन ।
यशः शौर्यं जयं चास्य विज्ञायार्चां प्रयुञ्ज्महे ।
न च कश्चिदिहास्माभिःसुबालोप्य परीक्षितः।।३८।१५-१६।।

"हामी क्यै स्वार्थले यद्वा नाता सम्बन्ध लीकन,
कि केही गुन सम्झेर गर्दैनौं कृष्ण-पूजन,
हामी त चिन्दछौं कीर्ति शौर्य जीत र योग्यता,
त्यसकै आडमा मान्छौं कृष्णमा पूजनीयता"

ज्ञानवृद्धो द्विजातीनां क्षत्रियाणां बलाधिकः ।
वैश्यानां धान्यधनवान्छूद्राणामेव जन्मतः ।। ३८।१८ ।।

"अनि ब्राह्मणमा जेठो हुन्छ त्यै जो छ शिक्षित'
क्षत्रीमा बलियो जो छ त्यही नै पूजनीय छ,
वैश्यमा जो धनी हुन्छ त्यही जेठो र पूज्य छ,
जन्मले जेठ-कान्छीको भेद शुद्र निमित्त छ"

वेद वेदाङ्ग विज्ञानं बलं चाप्यधिकं तथा,
नृणां लोको हि कोन्योऽस्ति विशिष्टः केशवा हते ।।३८।१९।।

"बल विज्ञान सम्पूर्ण कृष्णमा परिपूर्ण छ,
संसार भरमा खै को कृष्णभन्दा विशिष्ट छ, ?
(यस्ता विशेषता जो छन् कृष्णजीमा सनातन,
उहाँको पूज्यतामा हो यही नै मुख्य कारण)"

(यसरी युक्तिपूर्वक सम्झाउँदा पनि विद्रोहीहरूको कोलाहल कम भएन, धेरैले श्रीकृष्णपूजामा भीष्मजीलाई नै दोषी ठहर्‍याए, कसैले यज्ञ स्थलमा भीष्मलाई गाली गरेको पनि स्पष्ट सुनियो, सम्पूर्ण समाजलाई हेपेर भीष्मले कृष्णपूजा गरायो भन्ने चर्चा पनि चले । यसरी अकार्थमा समाजले बूझ पचाएको देखेर भीष्मले निर्धक्क जबाफ दिए)

पशुवद् घातनं वा मे दहने वा कटाग्निना ।
क्रियतां मूर्ध्नि वो न्यस्तं मयेदं सकल पदम् ।। ४४।४० ।।

"पशु झैं मार्न सक्छौ कि ? देह पोलन सक्तछौ ?
हेपें हेपें सबैलाई गर जे गर्न सक्तछौ ! "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाराज दुर्योधनका सूक्तिहरू

(महाराज युधिष्ठिरको राजसूय यज्ञ र सभाभवन देखेर ईर्ष्यावश चिन्तित महाराज दुर्योधनले यी तलका सूक्तिहरू मामा शकुनि, पिता धृतराष्ट्र र काका विदुरसँग व्यक्त गरेका थिए)

को हि नाम पुमाँल्लोके मर्षयिष्यति सत्ववान् ।
सपत्नानृद्धचतो दृष्ट्वा हीनमात्मानमेव च ॥४७।३२॥

"ज्यूँदो मानिस को होला ? शत्रुको देखि वैभव
अपमान सही आफ्नो जो चुपै लाग्न सक्तछ"

सन्तोषो वै श्रियं हन्ति ह्यभिमानं च भारत ।
अनुक्रोश भये चो भे यैर्वृतोनाश्नुते महत् ॥ ४९ १४

"सन्तोष, भय, आलस्य, गर्व यी नाश हेतु हुन्,
'त्यो महान् बन्न सक्तैन जसमा यी दोष बस्दछन्,,

अश्नाम्याच्छद यामीति प्रपश्यन् पापपुरुषः ।
नामर्षं कुरुते यस्तु पुरुषः सोऽधमःस्मृतः ॥ ५०।१७

'खाना लाउन राम्रै छ ठानी जो शत्रुको धन'
देखेर डाह गर्दैन त्यो मान्छे ह्वैन उत्तम"

सोऽहं न स्त्री न चाप्यस्त्री न पुमान् ना पुमानपि ।
योऽहं तां मर्षयाम्यद्य ताहशीं श्रियमागताम् ॥ ४७।३३

"म नहूँ स्त्री नहूँ अस्त्री न पुं हूँ न नपुंसक,
देखेर शत्रु ऐश्वर्य जो गर्छु सहने बल"

देववेव परं मन्ये पुरुषार्थं निरर्थकम् ।
दृस्ट्वा कुन्तीसुते शुद्धां श्रियं तामहतां तथा ॥ ४७।३६

"ऐल्हे पाण्डवको त्यस्तो देख्दा ऐश्वर्य अद्भुत,
भाग्यका सामुमा लाग्या पुरुषार्थ निरर्थक"

शत्रूश्चैव हि मित्रं च न लेख्यं न च मातृका ।
यो वै संतापयति यं स शत्रु प्रोच्यते नृप ॥ ५५।१०

'शत्रु यो 'मित्र' यो भन्ने लेखेको हुन्न क्वै पनि
जसबाट पर्नगो बाधा चिन्नू त्यै 'शत्रु' हो भनी'

प्रच्छन्नो वा प्रकाशो वा योगो योऽरिं प्रबाधते ।
तद् वै शस्त्रं शस्त्रविदां न शस्त्रं छेदनं स्मृतम् ॥ ५५।९

गुप्त या प्रष्ट जो युक्ति शत्रुको खति पर्दछ,
त्यै हो शस्त्र न ठान्नू कि शस्त्रै हो, शस्त्र केवल,

क्षत्रियस्य महाराज जये वृत्तिः समाहिता ।
सवै धर्मस्त्वधर्मोवा स्ववृत्तौ का परीक्षणा ॥ ५५।७

सारा क्षत्रियको कामै 'आफ्नो विजय प्राप्ति' हो
त्यसमा अधर्म या धर्म जाँचिरहन सक्छ को ?

लोक वृत्ताद् राजवृत्तमन्यदाह वृहस्पतिः ।
तस्माद् राज्ञाऽप्रमत्तेन स्वार्थश्चिन्त्यः सदैव हि ॥ ५५।६

लोक चल्ती र राजाको चल्तीमा धेर भेद छ
राजाले सब छोडेर व्यवस्था हेर्नु पर्दछ

परनेयोऽग्रणीर्यस्य स मार्गान् प्रति मुह्यति ।
पन्थानमनुगच्छेयुः कथं तस्य पदानुगाः ॥ ५५।४

अर्काको मुख ताकेर हिंड्छ जो अगुवा उही
स्वयं जान्दैन जाँदैछु कुन बाटो यहाँ पछि ?
त्यसैका पछि लागेर हिंड्ने त्यस्का प्रजाजन
बताऊन् कसरी 'हाम्रो बाटो यै हो' भनी कन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एष भारः सत्ववतां नयः शिरसि वेष्टितः ।। ५५।१८

'सधैं सत्य सधैं न्याय' यो पनि एक भार हो
यो भारी शिरमा बोक्नु अल्लि मूर्ख विचार हो

विविध सूक्तिहरू

लभ्यते खलु पापीयान् नरो नु प्रियवागिह ।
अप्रियस्य हि पथ्यस्य वक्ता श्रोता च दुर्लभः ।। ६४।१६

"पाइन्छन् च्याउरो पारी बोल्ने दुष्टहरू सब ।
न मिठो पथ्य बोल्ने र त्यो मान्ने हुन्छ दुर्लभ
-विदुर

अक्षैर्हि शिक्षितोऽभ्येति निकृत्यैव युधिष्ठिर ।
विद्वानविदुषोऽभ्येति नाहुस्तां निकृतिं जनाः ।। ५९।१५

"जूवा जित्नु पनी जाल शास्त्रार्थ पनि जाल हो'
तर शास्त्रार्थको निन्दा नहुनु चलित मात्र हो"
-शकुनि

मधुवै माक्षिको लब्ध्वा प्रपातं नैव बुध्यते ।
आरुह्य तं मज्जति वा पतनं चाधिगच्छति ।। ६२।५

"वृक्षमा मह काढ्नेले पोलामा मात्र हेर्दछ,
हेर्दैन कतिमाथी छु खसेर मर्छु की तल,
त्यस्ताले मह काढेर कि खान्छन् मग्न भैकन,
कि मर्छन् तल बज्रेर शतचूर्ण परीकन"
-विदुर

आचार्यमृत्विजं चैव संयुजं च युधिष्ठिर ।
स्नातकं च प्रियं प्राहुः षडर्घ्यार्हान् नृपं तथा ।। २२।३६

"आचार्य, पूज्यसम्बन्धी, ऋत्विक, मित्र र स्नातक,
अनि राजा सबैलाई सम्मान गर्नु योग्य छ"
-भीष्म

दैवं हि प्रज्ञा मुष्णाति चक्षुस्तेज इवापतत् ।
धातुश्च वशमन्वेति पाशैरिव नरः सितः ।। ५८।१८

"आँखाको ज्योति मारे झैं तेजले, बुद्धिमानिको-
बुद्धिको ज्योति मारिन्छ पर्दा सम्मुख दैवको"
-युधिष्ठिर

युधिष्ठिर विजानीहि ममेदं भरतर्षभ ।
नाधर्मेण जितः कश्चिद् व्यथते वै पराजये ।। ७८।९

"मेरो सिद्धान्त यस्तो छ लिइराख युधिष्ठिर
अन्यायसित हारेमा लिंदैनन् बुद्धिमान् पिर"
(अर्थात् अन्यायले जित्नु हो हारेकै बराबर,
त्यस्तै पर्दा हारिएको हो जितेकै बराबर,)
-विदुर

.. रामे राज्यं प्रशासति ।
न संकर करा वर्णा नाकृष्टकर कृज्जनः । ३८।
दक्षिणी पाठ

"राम राजा हुँदा कोही थिएनन् वर्णसंकर,
पर्ती जमीनका निम्ति तिर्न पर्दैनथ्यो कर"
-भीष्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असम्भवं हेममयस्य जन्तो-
स्तथापि रामो लुलुभे मृगाय ।
प्रायः समासन्न पराभवाणां
धियो विपर्यस्ततरा भवन्ति ।। ७६।५

"सुवर्णको जन्तु हुनै असम्भव
हो, किन्तु त्यो पावन राम लोभिए,
प्रायः विपत्ति जब आइलाग्दछ
छोड्छन् सबैलाई विचार बुद्धिले"
–वैशम्पायन

अभुक्तं भुक्तवद् वाऽपि सर्वमाकुब्ज वामनम् ।
अभुञ्जाना याज्ञसेनी प्रत्यवेक्षद् विशाम्पते ।।५२।४८

"खान पाए कि पाएनन् लूला डूँडा मनुष्यले,
नखाँदै द्रौपदी हेर्थिन् सधैं अत्यन्त प्रेमले"
–दुर्योधन,

अनारम्भपरो राजा वल्मीक इव सीदति ।
दुर्बलश्चानुपायेन बलिनं योऽधितिष्ठति ।।१५।११।।

सामर्थ्य भै पनी काम नआँट्ने बलवान् जन,
मेटिन्छन् धमिरे पोलो मेटिए झैं प्रतिक्षण ।
त्यस्तै शक्ति नभै ठूला मान्छेका साथ भिड्छ जो
ठान्नू त्यो पनि चाँडै नै सिद्धिने ठाउँमा पुग्यो ।
–भीम

अनुगृण्हन् प्रजाः सर्वाः सर्वधर्मभृतांवरः ।
अविशेषेण सर्वेषां हितं चक्रे युधिष्ठिरः ।
सर्वेषां दीयतां देयं मुश्चन् कोपमदावुभौ ।
साधु धर्मेति धर्मेति नान्यच्छ्रूयेत भाषितम् ।।१३।७–८।।

"प्रजाका निम्तिमा भन्थे युधिष्ठिर नुहीकन,
मबाट नै लिई पैसा तिरिदेऊ सबै ऋण,
यस्तै प्रजाहरू सारा निकाल्थे पावन स्वर,
धन्य धन्य महाराज ! धर्मराज युधिष्ठिर !! "
–वैशम्पायन,

यस्य नास्ति निजा प्रज्ञा केवलं तु बहुश्रुतः ।
न स जानाति शास्त्रार्थं दर्वी सूपरसानिव ।।५५।१।।

छैन बुद्धि स्वयं जस्को त्यस्ले शास्त्र पढोस् तर
त्यो 'डाडू'हो कहाँ त्यस्ले 'दाल'का स्वाद चिन्छ र?
–दुर्योधन

न तत्र कृपणः कश्चिद् दरिद्रो न बभूव ह ।
क्षुधितो दुःखितो वाऽपि प्राकृतो वाऽपि मानुषः ।। ४५।दा.पा.

यस्तो थियो कि त्यो यज्ञ त्यहाँ क्वै न दुखी
थियो,
न दरिद्र थियो कोही न क्वै कन्जूस नै थियो
न भोको अथवा मूर्ख अज्ञानी नै कुनै थियो,
त्यो राजयज्ञ राजाको चोखो थियो महान् थियो
–(युधिष्ठिरको राजसूय यज्ञ)

जानन् वै मोहयसि मां नावि नौरिव संयता ।
स्वार्थे किं नावधानं ते उताहो द्वेष्टिमां भवात् ।। ५५।२

खालि कर्तव्यको शिक्षा दिन खोज्नू मलाइ यो,
कि 'नीति नै न मान्नू' हो कि 'भैमा द्वेष
राखनु'हो
–दुर्योधन (पिता धृतराष्ट्रप्रति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो के सभा ? बृद्ध जहाँ हुँदैनन्,
के बृद्ध ? जो धर्म बताउँदैनन्,
के धर्म त्यो ? सत्य जहाँ रहेन,
के सत्य ? जो निष्छल नै भएन,
-द्रौपदी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वनपर्व

(तीन)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग–सूची

१. वनपर्वको कथासार—
२. शौनकशिक्षा .. ..
३. अतिक्षमा पनि दोष हो .. ..
४. क्रोधी नहुनु साह्रै राम्रो हो ... ...
५. ईश्वर र संसार ... ...
६. धर्म र ईश्वरमा शंका नगर ... ...
७. तीर्थ यात्राको योग्यता . .. .
८. पवित्र तीर्थ .. ..
९. सर्प–युधिष्ठिर संवाद ... ...
१०. महर्षि मार्कण्डेयका अमर वाणी ..
११. धेरै बाँच्नु पनि नराम्रो हो .. ..
१२. कलियुग ... ...
१३. द्रौपदीको दिनचर्या .. ..
१४. पापीको उन्नति ... ...
१५. एक व्याधाको उपदेश . ...
१६. यक्ष–युधिष्ठिर संवाद ... ...
१७. सती सावित्रीका सद्‌विचार .. ...

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वनपर्वको कथासार

आफ्नो रमणीय राजधानी छोडेर वन पसेका भारत साम्राज्यका वास्तविक अधिकारी वीर पाण्डवहरू उस वेलाको अनकण्टार जंगल 'काम्यकवन' मा पुगेर विश्राम गर्छन् र त्यहीं घनघोर जंगलको बीचमा १२ वर्षका लागि एक शान्त पर्ण कुटीर बनाएर दिन काट्न शुरु गर्छन्।

महारानी द्रौपदीसहित वीर पाण्डवहरु वनवास लागेको यो दुःखद खबर दुनियाँभरि फैलिन्छ। देश विदेशका नेताहरू, जनता, राजामहाराजाहरू र ऋषिमहर्षिहरू त्यहीं उनीहरूसँग भेट गर्न आउन थाल्छन्।

सदा अतिथिस्वागतपरायणा द्रौपदीलाई वनवासमा लाग्नेवित्तिकै एउटा ठूलो पीर पर्दछ— "भिक्षा माग्नेहरू, श्रद्धेय अतिथिहरू र महामहिम पतिदेवहरूलाई मैले के टक्र्याएर स्वागत गर्ने?" उनी यस धर्म-संकटबाट पार लाग्न भगवान् सूर्यको शरण पर्छिन्। सूर्यबाट उनलाई एउटा 'पात्र' मिल्छ। उक्त पात्र प्रदान गर्दै भगवान् सूर्य भन्नुहुन्छ— "द्रौपदी! तिम्रो धर्म संकट यस पात्रले टार्नेछ, दिनहुँ तिमीले भोजन नगर्दै जे चिताएर यस पात्रमा हात हालौली, त्यही चीज यसबाट मिल्नेछ, तर तिमीले खाएपछि भने यस पात्रबाट केही वस्तु पनि प्राप्त हुनेछैन।" द्रौपदीले अत्यन्त कृतज्ञतापूर्वक त्यो पात्र ग्रहण गर्छिन्।

यसरी वनवासी जीवन आरम्भ गरेका केही दिनमा भगवान् श्रीकृष्ण पाण्डवहरूलाई सान्त्वना दिन त्यहीं पाल्नुहुन्छ। त्यस्तो अनकण्टार जंगलमा आफ्ना प्राणप्रिय श्रीकृष्ण भगवान्लाई पाएर पाण्डवहरू हर्षविभोर हुन्छन्। कुशलप्रश्नपछि भगवान् श्रीकृष्ण अन्यायपूर्वक हरिएको पाण्डवहरूको अंश पुनः उनीहरूलाई दिलाउन आफ्नो हार्दिक इच्छा व्यक्त गर्नुहुन्छ। केही दिन त्यहीं बिताएर भगवान् श्रीकृष्ण फिर्ता हुनुहुन्छ।

दिन बित्दै जान्छन्, एकदिन वनवासका दुःखबाट अत्यन्त पीडित द्रौपदी युधिष्ठिरको अति सहनशील स्वभावलाई दोष दिंदै अन्यायलाई प्रोत्साहन दिने १२ वर्ष वनवासको प्रतिज्ञा पालन गर्नु ठीक होइन भन्छिन् र तुरुन्त युद्धद्वारा आफ्नो राज्य फिर्ता लिन आग्रह गर्छिन्। द्रौपदीको यो प्रस्ताव भीमलाई पनि मनपर्छ, उनी पनि युधिष्ठिरको आज्ञा मात्र पाए अन्यायी कौरवहरूको सर्वनाश गर्न आफूमा र आफ्ना भाइहरूमा पूर्ण शक्ति भएको उल्लेख गर्छन्। पाण्डव-परिवारमा यो बाह्रवर्षे वनवास युधिष्ठिर बाहेक कुनैलाई पनि स्वीकृत छैन। तैपनि मर्यादा पालन गर्ने यस भद्र परिवारका महान् सदस्यहरूले त्यो अस्वीकृति व्यक्त गरेका थिएनन्, तर जब यतिखेर द्रौपदीले र भीमले मुख फोरिहाले त सबैबाट त्यसमा समर्थन हुन थाल्छ। यो देखेर युधिष्ठिर धैर्यपूर्वक सम्झाउन थाल्छन्—"बाबु भीम! कौरवहरूलाई सहजै जित्न सकिने कल्पना गर्न हुँदैन। हामीले कौरवलाई पराजित पार्न पूर्ण शक्तिशाली बन्नुपर्छ र त्यो शक्ति तमाम जनताको हामीप्रति सहानुभूति र समर्थन प्राप्त भएपछि मात्र मिल्छ, अहिले वनवास कष्टको आवेशमा हामी अकस्मात कौरवमाथि आक्रमण गर्न जान्छौं भने अवश्य पनि जनताको अहिलेसम्म प्राप्त भइरहेको सहानुभूति हामीबाट गुम्न जानेछ। किनकि हामीले कर्तव्य पालन गरेर नै जनता र जनार्दनको सहयोग पाएका हौं, यो कर्तव्य पूरा गरेमा हाम्रो कर्तव्यपालन व्रतको भङ्ग हुनेछैन।

यस्तै प्रसंगमा महाकवि व्यासको त्यहीं शुभागमन हुन्छ, व्यास पनि युधिष्ठिरका विचारलाई समर्थन गर्छन्, कौरवहरूलाई सहसा जित्ने आशा नगरेर शक्ति संचयतर्फ अहिल्यै लाग्नु उत्तम हो भन्दै अर्जुनलाई तपस्या गरेर दिव्यास्त्रहरू प्राप्त गर्न जाने सुझाउ दिन्छन्।

व्यास गएपछि युधिष्ठिरले अर्जुनलाई हिमालयसमीप तपस्या गर्न जान विदा दिन्छन्। आमा कुन्तीलाई हस्तिनापुर मै छोडेर आएको यस परिवारमा अर्को शून्यता थपिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो प्रिय परिवारसँग विछोड भएर बडो नरमाइलोपनको अनुभव गर्दै अर्जुनले उत्तरापथका कैयौं नदी, नाला, पहाड, वन र बस्तीहरू काटेर पशुपतिको क्रीडास्थल हिमालयमा पुगेर विश्राम गर्छन् र तपस्याका निम्ति योग्य ठाउँ खोज्न थाल्छन्। यस्तैमा अकस्मात् उनका कानमा कताबाट हो कुन्नि एउटा आवाज आउँछ, "ए पर्ख !" अर्जुन चकित हुन्छन्, ऊ आँखा घुमाइरहेका हुन्छन् कि एउटा तपस्वी उनका अगाडि खड़ा हुन्छ र बोल्छ, —"यो त तपोवन हो, यहाँ यी हतियार लिएर के घुमिरहेका छौ ? फाल हतियार र आऊ, जोगी बन" तर अर्जुनले आफ्नो तपस्या अर्कै खालको बताएर हतियार नफाल्ने आशय व्यक्त गर्छन्। तपस्वी प्रसन्न हुन्छ र बोल्छ, "वीर म तपस्वी होइन, इन्द्र हुँ, म तिमीसँग प्रसन्न छु, आऊ, मसँग स्वर्ग हिंड, स्वर्गमा अपार सुख छ," अर्जुन त्यो पनि स्वीकार गर्दैनन् र भन्छन्. "म एउटालाई मात्र स्वर्ग मिलेर के गर्ने, मेरा बन्धु र देशवासीहरू यहीं दुःख भोगिरहेछन्, बरु कृपा हुन्छ भने म अन्यायका विरुद्ध लड्न शक्ति प्राप्त गर्न चाहन्छु तसर्थ त्यस्तो व्यवस्था गरिपाऊँ !" यसरी दृढ र निःस्वार्थी अर्जुनका भावनाबाट प्रभावित इन्द्र भगवान् शंकरको तपस्या गरेर पाशुपत अस्त्र प्राप्त गरेपछि स्वर्गतर्फ अस्त्र विद्या सिकाउन लैजाने आश्वासन दिन्छन्। बिजुली मिल्कन्छ इन्द्र हराउँछन्। इन्द्र हराएपछि अर्जुन भगवान् पशुपतिनाथको तपस्यामा बस्छन्।

तपस्यामा बसेका पाँचौं महीनामा उनका अगाडि एउटा भयंकर बनेल आइपुग्छ। त्यसको छाँट केही नराम्रै खालको देखेर वीर अर्जुनले त्यसमाथि एउटा वाण हान्दछन्, त्यस बनेलका पछिपछि एउटा किराँत पनि आएको छ, उ पनि बनेलमाथि वाण हान्छ, बनेल मर्छ। अर्जुनलाई त्यस किराँतसंग अघोर रीस उठ्छ किनकि अर्काले हानेको शिकारमाथि वाण हान्नु शिकारको नियम व्याधाधर्म होइन। तर उल्टै किराँत अर्जुनसंग भन्छ– "यो बनेल त मेरो वाणले पो मन्यो, यो कहाँ चानचुने बनेल हो र साधारण मानिसका हनाइले मर्ने ?" अर्जुनलाई यो देखाउन मनलाग्छ कि 'म पनि चानचुने मान्छे होइन। 'यसर्थ ती दुइटामा युद्ध गर्दा जसले जित्छ वनेल उसैका वाणले मरेको ठहर्ने निर्णय हुन्छ। किराँत र अर्जुनको युद्ध हुन्छ। घनघोर युद्ध हुन्छ तर अर्जुनले किराँतलाई गिराउन त के थकाउन पनि सक्दैनन्। अर्जुन थाक्छन्। किराँत हाँस्छ र बोल्छ – "अर्जुन ! तिमी जसको तपस्या गरेर वसेका छौ म उही तिम्रो वरद देवता पशुपति हुँ, चाहेको वर माग।" अर्जुन किराँतलाई हेर्छन् त अचम्म त्यहाँ किराँत छैन, किराँत भएका ठाउँमा त कैलाशवासी भगवान् पशुपति पो हुनुहुन्छ, उनको शिर झुक्छ। हात जोडेर उनले 'पाशुपतास्त्र' र भीष्म, द्रोण आदि महावीरहरूसंग युद्ध गर्ने शक्तिको याचना गर्छन्। 'तथास्तु' भनेर किराँतेश्वर महादेव अन्तर्धान हुन्छन्।

अनि स्वर्गबाट एउटा विमान त्यहीं आइपुग्छ। त्यसमा बसेर अर्जुन स्वर्ग जान्छन् र स्वर्गमा इन्द्रसँग दिव्यास्त्रहरूको शिक्षा लिन्छन्, दिव्यास्त्रहरूको ज्ञान गर्दा स्वर्गमा पाँच वर्ष बित्छन्। स्वर्गमा पुगेदेखि नै उर्वशी नामक अप्सरा अर्जुनसँग अत्यन्त मोहित भएकी छ। उसले एक दिन एकान्तमा अर्जुनसँग आफू आसक्त भएको बताएर कामवासना पूर्ण गरिदिन अनुरोध गर्छे। विश्वविख्यात सुन्दरी उर्वशीको यो आग्रह साँच्चै नै हार्दिक छ, तर अर्जुनलाई यो स्वीकार गर्नु अकर्तव्य लाग्छ, उनले निषेध गर्छन्। उर्वशीलाई रीस उठ्छ र भन्छे– "तिमीलाई मर्द ठानेर पो म आसक्त भएकी थिएँ तर तिमी न नपुंसक रहेछौ, ठीक छ अब नपुंसकै रहे, अर्जुनले त्यो श्राप १ वर्षसम्म मात्र लाग्ने माग गर्छन्। अर्जुनप्रति माया लिएकी उर्वशीले 'तथास्तु' भन्छे।

यता द्रौपदी र चारभाइ पाण्डव अर्जुनका विरहले अत्यन्त व्याकुल हुन्छन्, अर्जुनको कुनै खबर नपाएको यो परिवार अर्जुनको मंगल कामनामा पूजा, पाठ गरेर रहन थाल्छ, तैपनि वनवासको असपट्याइले गर्दा उनीहरूलाई त्यहाँ बसिरहन कठिन पर्छ, उनीहरू तीर्थयात्रा शुरु गर्छन्, यस्तैमा महर्षि लोमश त्यहीं आइपुग्छन् र अर्जुनको खबर सुनाउँछन्। 'अर्जुन सकुशल दिव्यास्त्र शिक्षा लिएर आउँदैछन्'– यी खबरले पाण्डवपरिवार अत्यन्त गद्गदहुन्छ।

तीर्थयात्रा गर्दै पाण्डवहरू बद्रीनारायण पुग्छन्, त्यहाँ केही दिन बस्छन्। एक दिन एउटा सानो आँधी चल्छ र त्यस वेला अकस्मात् एक कमल फूल द्रौपदीका काखमा आएर खस्छ। त्यो फूल द्रौपदीले महाराज युधिष्ठिरलाई चढाउँछिन् र भीमसँग अब यस्तै अरू फूल प्राप्त गर्ने इच्छा व्यक्त गर्छिन्, भीम त्यस्ता फूल खोज्न उत्तरतर्फ लाग्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी जाँदा धेरै पर जंगलमा बाटो छेकेर बसेको एउटा ठूलो वानर भेटिन्छ, भीमले उसलाई हेलाँ गरेर भन्छन्–"ए बूढा वानर ! बाटो छोड ।" वानरले बाटो छोड्दैन र साधारण शब्दमा भन्छ— "म अशक्त छु बाबु ! बरु आफैंले मेरो पुच्छर हटाएर बाटो समात ।" भीमले त्यसै गर्न खोज्छन् । तर अचम्म त्यो पुच्छर त एक डिग पनि चल्दैन ! आफ्ना बाहुबलमा विश्वभरि नै गर्व गर्ने भीमलाई एउटा वानरको पुच्छर हटाउन नसक्नुमा भयंकर दुःख पनि लाग्छ तर उनले त्यस वानरलाई कुनै देवता ठानेर हात जोड्छन् र परिचय माग्छन्, वानरले परिचय दिएर आफूलाई हनुमान भन्ने चिनाउँछ । रामचन्द्रका सेवक हनुमानको दर्शन पाएर भीम गद्गद हुन्छन् । भीममाथि कृपादृष्टि दिंदै हनुमान्ले भन्छन्–"भीम ! तिमी र म दुवै वायुपुत्र हौं, म तिमीलाई माया गर्छु, तिमी कमलको फूल खोज्न आएको थाहा पाएर नै बाटो छेक्न यहाँ बसेको हुँ । किनकि यहाँबाट उता जाने मानिस फर्कन सक्तैन, साथै कमल पोखरी पनि यहाँभन्दा यतै छ ।" यसरी सबै कुरा बताएर हनुमानले कमल भएको कुवेरको तलाउ चिनाइदिन्छन् ।

भीम त्यहाँ पुगेर कमल टिप्न नपाउँदै कुवेरका सेनाले हमला गर्छन्, भयङ्कर युद्ध हुन्छ । यता जब द्रौपदीबाट युधिष्ठिरलाई फूल खोज्न भीम उत्तरतर्फ गएको थाहा हुन्छ, भाइहरूसहित उतै लाग्छन्, यो पाण्डवपरिवार कुवेर सरोवरमा पुग्दा भीम र कुवेर सैन्यको घोर युद्ध चलेकै हुन्छ, तर अरुले सहयोग गर्न नपर्दै आक्रामकहरूलाई जितेर भीम फूल लिएर फर्कन्छन् फर्कनैबित्तिकै उहींनेर दाजुहरूलाई पाएर भीम प्रसन्न हुन्छन् र फूलहरू द्रौपदीलाई समर्पित गर्छन् । पाण्डवहरू सबै त्यहीं आएको थाहा पाएका कुवेर पनि त्यहीं आउँछन् र यी वीरहरूलाई आफ्नो निवासस्थानमा लगेर स्वागत गर्छन् । पाण्डवहरूलाई कुवेरले केही दिनपछि अर्जुन त्यहीं आउने कार्यक्रम बताएर अर्जुन नआउँदासम्म बस्न अनुरोध गर्छन् ,पाण्डव परिवार यस खबरले अति प्रसन्न भएर त्यहीं बस्न थाल्छ ।

वास्तवमा केही दिनमै अर्जुन पनि त्यहीं आइपुग्छन् । पाँच वर्षदेखि छुट्टिएको यो परिवार फेरि एकै ठाउँमा बस्न पाउँदा जुन हर्ष र सुख हुन्छ त्यो अवर्णनीय हुन्छ । अर्जुनले आफू हिंडेदेखिको सबै वृत्तान्त सुनाउँछन् ।

कुवेरका अनुरोधले वनवासका अरु ४ वर्ष पाण्डवहरू त्यहीं बस्छन्, भगवान् श्रीकृष्ण सत्यभामा रानीसहित पाण्डवहरूलाई भेट्न त्यहीं पाल्नुहुन्छ । भगवान् श्रीकृष्णको दर्शन पाएर अति प्रफुल्ल पाण्डवपरिवारले आफ्ना सम्पूर्ण घटनाहरू सुनाउँछ, भगवान् श्रीकृष्णले पनि पाण्डवपरिवारका सदस्य सुभद्रा र अभिमन्यु आदि कुमारहरू द्वारिकामा सञ्चै भएको कुरा बताउनु हुन्छ । त्यसपछि पाण्डवहरू द्वैतवनमा गएर बस्छन् ।

उता पाण्डवहरू वनवासमै भएको वेलामा पनि दुर्योधनका मनमा अर्को पाप उदाउँछ । उसले सोझै दुःखी जीवनमा रहेका पाण्डवहरूलाई वैभवपूर्ण आहार विहारले चनाखयाएर अझ दुःखी पार्न सकिन्छ, यसका निमित्त-कर्ण, दुःशासन आदि सहयोगी र रानीहरूसहित दुर्योधन द्वैतवनमा जान्छन् । द्वैतवनमै एउटा गन्धर्वको तलाउ छ , त्यसमा स्त्रीहरूसहित विहार गर्ने योजना बन्छ जब यिनीहरू त्यस प्रकार तलाउमा पस्छन्, गन्धर्वहरूले आएर आक्रमण गरिदिन्छन् । एकछिन घनघोर युद्ध पनि हुन्छ, तर जब गन्धर्वराज चित्ररथ युद्धमा कस्सिन्छन् , कर्णहरू भाग्छन्, दुर्योधनलाई पक्रेर चित्ररथले बाँध्छन् र लान खोज्छन्, हस्तिनापुरका सम्राट्को यो दुर्दशा उनका सेवकहरूले महाराज युधिष्ठिर भएका ठाउँमा पुगेर भन्छन् । अजात शत्रु युधिष्ठिरलाई आफ्ना भाइको यो बेइज्जती ठीक लाग्दैन र भीम र अर्जुनलाई दुर्योधनको रक्षा गर्न पठाउँछन् । चित्ररथबाट फुत्काएर दुर्योधनलाई युधिष्ठिरका अगाडि दाखिल गरिन्छ । दुर्योधनलाई सार्है लाज लाग्छ, तर युधिष्ठिरले उदारतापूर्वक भन्छन्– "बाबु ! आखिर बन्धुको कर्तव्य मौकामा सहयोग दिनु नै हो, आज सहयोग गर्न पायौं, जाऊ, आनन्दपूर्वक राज्य गर ।" लाचार दुर्योधन जान्छन् ।

एक पटक दुर्योधनका स्वागत सत्कारले दुर्वासा ऋषि प्रसन्न हुन्छन् र चाहेको कुरा वर माग भन्छन्, दुर्योधनलाई परम क्रोधी दुर्वासा प्रसन्न भएको यो मौका आफ्नो कुटिल राजनीतिमै मुछ्ने इच्छा उठ्छ । उनी वर माग्दै भन्छन्– "ऋषिवर ! कृपा हुन्छ भने एक दिन विउवो महाराज युधिष्ठिरलाई दर्शन बक्स्योस ।" उनको आशय के हुन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनें यसो गर्दा युधिष्ठिरले दुर्वासाको स्वागत गर्ने मौका पाउन्नन्। किनकि द्रौपदीले खाएपछि सूर्यले दिएको 'पात्र' बाट केही वस्तु निस्कनेछैन र भोजन नपाएका दुर्वासाले पाण्डवलाई तत्काल भष्म हुने सराप पनि दिन मेसो पर्नेछ। साँच्चै नै दुर्योधनको इच्छा पुऱ्याउन र पाण्डवको सत्य डगाउन एक दिउसो पारेर हजारौं शिष्यसहित दुर्वासा त्यहाँ पुग्छन् र आफू भोकै आएको बताएर स्नान गर्न जान्छन्। दुर्वासा गएपछि पाण्डव परिवार अत्यन्त चिन्तित हुन्छ, एक ऋषिहरूलाई भोजन दिन नपाउनु, दोस्रो ऋषिको भयंकर सरापको शिकार बन्न पर्नु। द्रौपदीले नखाँदै भएको भए केही चिन्ता हुँदैनथ्यो। तर त्यो मौका पनि गुज्रेकोछ, यस धर्मसंकटमा द्रौपदी श्रीकृष्ण बाहेक अरु गति देख्दिनन् र पुकार गर्छिन् उनै भक्तवत्सलको। अनि दयालु श्रीकृष्ण त्यहाँ प्रकट हुनुहुन्छ र प्रकट हुनेवित्तिकै आफूलाई पनि भोकलागेको बताएर खानेकुरा माग्नुहुन्छ, द्रौपदी केही पनि नभएको अवस्था बताउँछिन् र 'सूर्यपात्र' देखाउँछिन्। त्यहाँ एउटा सागको तान्द्रो भेटिन्छ, श्रीकृष्णले त्यो खानु मात्र हुन्छ कि दुर्वासा परिवारको भुँडी बेस्सरी भरिन्छ, उनीहरू धमाधम डकार्न थाल्छन् र उतैबाट भाग्छन्।

एक दिन पाण्डवहरू द्रौपदीलाई धौम्यगुरुका आश्रममा छोडेर शिकार खेल्न जान्छन्, यस्तैमा राजा जयद्रथ आश्रममा आइपुग्छन् र द्रौपदीलाई देखेर मुग्ध हुन्छन्, उनको मन रहन सक्दैन। सबै लाज छोडेर जयद्रथ द्रौपदीलाई आफ्नी रानी बन्न आग्रह गर्छन्, द्रौपदी तिरस्कार गर्छिन्, जयद्रथ द्रौपदीलाई जबर्जस्ती समाउँछ र आफ्ना रथमा राखेर वेगपूर्वक भाग्छ। जब पाण्डवहरूले फर्केर आएर यो हाल थाहा पाउँछन् उनीहरू पनि पछि पछि दौडन्छन्, जयद्रथको फौजले पाण्डवलाई रोक्न खोज्छ, पाण्डवले सबलाई ध्वस्त पार्छन्, जयद्रथ डराएर रथबाट फाल हालेर भाग्छ, द्रौपदी फेलापर्छिन् र उनलाई लिएर अरु भाइ फर्कन्छन्, भीम भने उसको पिछा छोड्दैनन् र पक्रेर अधमरो पारेर युधिष्ठिरनेर ल्याउँछन्, दुर्योधनको बहिनीज्वाइँ जयद्रथलाई मार्नु अकर्तव्य ठानेका युधिष्ठिरले चारपाटा मुडेर छाड्ने आज्ञा दिन्छन् र त्यसै गरिन्छ।

एक दिन द्वैतवनमा बसेका वेलामा एकजना ब्राह्मणले आएर पाण्डवहरूसँग गुहार माग्दै आफ्नी छोरीलाई मृगले सिङमा उनेर लगेकोले रक्षा गर्न अनुरोध गर्छन्। त्यो सुनेर पाण्डवहरू तत्काल धनुर्वाण लिएर मृग खोज्न दौडन्छन्, धेरै पर पुग्दा पनि मृग फेला पर्दैन, महाराज युधिष्ठिरलाई असाध्य तिर्खा लाग्छ, पानीको व्यवस्था गर्न सहदेव एउटा जलपात्रसहित जलाशय खोज्न जान्छन्, एउटा तलाउमा पुगेर पानी भर्न खोज्दा "प्रश्नको उत्तर दिएर मात्र पानी लैजाऊ भन्ने आवाज आउँछ, नटेरी उनी पानी चलाउँछन्। फलस्वरूप नकुल बिहोश भएर लड्छन्, नकुललाई खोज्न सहदेव आउँछन्। उनको पनि त्यही हाल हुन्छ। यसैगरी क्रमशः अर्जुन र भीम पनि त्यहाँ आएर मूर्छा पर्छन्, अन्तमा युधिष्ठिर आएपछि पनि त्यही आवाज आउँछ र युधिष्ठिरले प्रश्न माग्छन्, प्रश्नहरू आउँछन् र युधिष्ठिरले सन्तोषजनक उत्तर दिन्छन् अनि प्रश्नकर्ताले प्रसन्न भएर मृत प्रायः ४ भाइमध्ये कुनै भाइको प्राण फिर्ता दिने इच्छा व्यक्त गर्दै 'कुन भाइको प्राण चाहन्छौ ?' भनेर अर्को प्रश्न गर्छन्। युधिष्ठिरले नकुलको प्राण भिक्षा माग्छन्। सौतैनी भाइको प्राण भिक्षा मागेकोमा प्रसन्न प्रश्नकर्ताले आफूलाई 'धर्म हुँ' भन्ने परिचय दिएर सबै भाइको प्राण फिर्ता दिन्छ।

यसै गरी एक पटक नहुष सर्पका बन्धनबाट भीमलाई विभिन्न प्रश्नहरूको उत्तर दिएर युधिष्ठिरले फुत्काउँछन्। तै विभिन्न यी समस्याहरूलाई धैर्यपूर्वक हल गर्दै पाण्डवहरूले वनवासका १२ वर्ष पूरा गर्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वनपर्व

शौनकशिक्षा

(यो शिक्षा शौनक र उनका सहयोगी ब्राह्मणहरूले महाराज युधिष्ठिरलाई जुवामा राज्य हारेर १२ वर्षका निमित्त वनवासको आरम्भ गर्दा चिन्तित भएको वेलामा दिएका थिए)

अर्थ कृच्छ्रेषु दुर्गेषु व्यापत्सु स्वजनस्य च ।
शारीर मानसैर्दुःखैं न सीदन्ति भवद् विधाः ।।२।१९

"अर्थ संकटमा पर्दा आपत्ति परि आउँदा,
देह या मनमा पीडा लिन्नन् मान्छे बडा बडा"

मानसेनेह दुःखेन शरीरमुपतप्यते ।
अयः पिण्डेन तप्तेन कुम्भ संस्थमिवोदकम् ।।२।२५

"मनका तापले पर्छ संतप्त हुनु देहले,
घडाको जल ताते झैं तातेका लोह पिण्डले"

विप्रयोगे न तु त्यागी दोषदर्शी समागमे ।
विरागं भजते जन्तुर्निर्वैरो निरवग्रहः ।।२।३१

"नमिल्दा त्याग के त्याग? मिल्दा पो त्याग्नुपर्दछ,
जो यस्तो छ उही मान्छे त्यागी र शुद्ध बन्दछ"

अर्थ एव हि केषाँचिदनर्थं भजते नृणाम् ।
अर्थ श्रेयसि चासक्तो न श्रेयो विन्दते नरः ।।२।४१

अर्थैं अनर्थको हेतु कैयौंका निम्ति बन्दछ,
अर्थासक्ति हुँदा मान्छे भुल्छ कल्याणको पथ"

अन्तो नास्ति पिपासायाः सन्तोषः परमं सुखम् ।
तस्मात् सन्तोषमेवेह परं पश्यन्ति पण्डिताः ।।२।४६

"बुझ्दैन धनको प्यास संतोषै सुख हो बरु,
यसै कारणले खोज्छन् सन्तोष बुद्धिमान्हरू"

अनित्यं यौवनं रूपं जीवितं रत्न संचयः ।
ऐश्वर्यं प्रिय संवासो गृध्येत् तत्र न पण्डितः ।।२।४७

"रूप यौवन औ आयु ऐश्वर्य बन्धुबान्धव,
अनित्य हुन् र जान्नेले यिनमा चाह छोड्दछ"

धर्मार्थं यस्य वित्तेहा वरं तस्य निरीहता ।
प्रक्षालनाद्धि पङ्कस्य श्रेयो नस्पर्शनं नृणाम् ।।२।४९

धर्मार्थ धन खोज्नूमा नखोज्नु अझ योग्य छ,
हिलो पखाल्नुभन्दा त पैल्यै नछुनु बेस छ"

राजतः सलिलादग्ने श्चोरतः स्वजनादपि ।
भयमर्थवतां नित्यं मृत्योः प्राण भृतामिव ।।२।३९

"धनीमा मृत्युको भन्दा डर पर्दछ घेरको,
राजाको, जलको, अग्नि-चोरको, इष्ठ मित्रको"

बरू कष्ट परे खप्नू नगर्नू अति संचय,
देखिन्नन् संचयी मान्छे कहिल्यै पनि निर्भय,

अतिक्षमा पनि दोष हो

(शान्तिवादी महाराज युधिष्ठिरलाई उनका भाइ र रानीहरूबाट वनवासका समयमा अतिक्षमाशील नहुन र शत्रुहरूलाई मौकामा दबाउने बन्न अति सुन्दर प्रेरणा गरिएको थियो, तल त्यही प्रसङ्गका केही सूक्ति दिइएका छन् । यी सूक्तिहरू राजा बलिलाई भक्त प्रल्हादले दिएको शिक्षा भनेर महारानी द्रौपदीले सुनाएकी थिइन्)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न श्रेयः सततं तेजो न श्रेयः सततं क्षमा ।
इति तात विजानीहि द्वयमेतदसंशयम् ॥२८।६

"राम्रो छैन सधैं ताल्नु, राम्रो छैन सधैं क्षमा,
भन्ने दुइ कुरामाथि लिनू निश्चय चित्तमा"

यो नित्यं क्षमते तात बहून् दोषान् स विन्दति,
भृत्याः परिभवन्त्येनमुदासीनास्तथारयः ॥

"जो सहन्छ सधैं त्यस्ले अनेकौं दुःख पाउँछ,
मित्र, शत्रु, उदासीनबाट हेपिन थाल्दछ,

सर्वे भूतानि चाप्यस्य न नमन्ति कदाचन ।
तस्मान् नित्यं क्षमा तात पण्डितैरपि वर्जिता ॥२८।७-८

कुनै मान्छे पनि उस्का झुक्दैनन् सामुमा भनी
सधैं क्षमा दिने काम मान्दैनन् पण्डितै पनी"

अवज्ञाय हि तं भृत्या भजन्ते बहुदोषताम् ।
आदातुं चास्य वित्तानि प्रार्थयन्तेऽल्पचेतसः ॥२८।९

"हेपेर भृत्यले दिन्छन् सामुन्ने दोष त्यस्कन,
उस्को सामान सम्पत्ति खोज्छन् निष्फिक्रि भोगन"

न चैनं सततंपूजाभिः पूजयन्ति कथंचन ।
अवज्ञानं हि लोकेऽस्मिन् मरणादतिरिच्यते ॥२८।१२

"छोडछन् निर्धक्क त्यस्ताको राम्रो सेवा र चाकरी
यस्तो हुनु बडालाई हो मरेकै बराबरी"

क्षमिणं तादृशं तात ब्रुवन्ति कटुकान्यपि ।
प्रेष्याः पुत्राश्च भृत्याश्च तथोदासीन वृत्तयः ॥२८।१३

अझ सम्मान गर्नेले थाल्नन् गाली पनी दिन
पर्ला भृत्यादिको भोग्न त्यस्ले उल्टै बुहार्तन,

अथास्य दारा निच्छन्ति परिभूय क्षमावतः ।
दाराश्चास्य प्रवर्तन्ते यथाकाममचेतसः ॥२८।१४

यहाँ सम्म कि त्यस्ताकी पत्नी लैजान खोजलान्,
पत्नीहरू पनि फेरि मन्परी गर्न थालनन्

सर्वस्यैकोऽपराधस्ते क्षन्तव्य प्राणिनो भवेत् ।
द्वितीये सति वध्यस्तु स्वल्पेऽप्यपकृते भवेत् ॥२८।२८

"सबैको पहिलो गल्ती क्षमा गर्दिनु योग्य छ,
दोस्रो गल्ती त थोरै होस् क्यै न क्यै डाँट्नु
पर्दछ"

अजानता भवेत् कश्चिदपराधः कृतो यदि ।
क्षन्तव्यमेव तस्याहुः सुपरीक्ष्य परीक्षया ॥२८।३०

"हो भुलेर भने गल्ती हुँदा जाँचेर राम्ररी,
क्षमा गरि दिनूपर्छ भूल शिक्षा दिई वरी"

क्रोधी नहुनु साह्रै राम्रो हो

(महाराज युधिष्ठिरलाई आफन्तबाट अति शान्तिवादी नहुन र क्रोधको उचित मात्रामा ग्रहण गर्न गरिएको प्रेरणालाई स्वयं युधिष्ठिरले यसरी खण्डन गरेका छन् ।)

आत्मानं च परांश्चैव त्रायते महतो भयात् ।
क्रुध्यन्तम प्रति क्रुध्यन् द्वयोरेषश्चिकित्सकः ॥२९।९

"क्रोधीसंग पनी क्रोध नली जो शान्त बन्दछ,
आफ्नो र अरुको रक्षा गर्न त्यो वैद्यतुल्य छ"

क्रुद्धोहि कार्यं सुश्रोणि न यथावत् प्रपश्यति ।
नाकार्यं न च मर्यादा नरः क्रुद्धोऽनुपश्यति ॥२९।१८

गर्नु नगर्नुको भेद चिन्दैन क्रुद्ध व्यक्तिले
यथार्थ नबुझी खालि मन्परी गर्छ त्यसले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तं क्रोधं वर्जितं धीरैः कथमस्मद् विधश्चरेत् ।।२९।९

"क्रोधदेखि डराएका छन् महर्षिहरू पनि,
भने हामीहरू क्रोधी कसरी हुन मिल्छ नि ?"

मूढो यदि क्लिश्यमानः क्रुध्यतेऽशक्तिमान् नरः ।
बलीयसां मनुष्याणां त्यजत्यात्मानमात्मना ।।२९।१०

"नसक्नेले यदि क्रोध शक्तिमान्‌सित राख्दछ'
नजित्दा शक्तिमान्‌लाई झन् आफै झुक्न
थाल्दछ"

तस्माद् बलवता चैव दुर्बलेन च नित्यदा ।
क्षन्तव्यं पुरुषेणाहुरापत्स्वपि विजानता ।।२९।१३

"तस्मात् सक्ने नसक्ने यी दुवैले नै लिऊन् क्षमा,
जस्तै आपत् परोस् किन्तु सुख मिल्दछ
शान्तिमा"

तेजस्वीति यमाहुर्वै पण्डिता दीर्घ दर्शीनः ।
न क्रोधोऽभ्यन्तर स्तस्य भवतीति विनिश्चितम् ।।२९।१६

"'तेजस्वी' छ भनी भन्छन् जस्का लागि बडा जन
हुन्न वास्तवमा तिन्का मनमा क्रोधको कण"

क्रोध स्त्वपण्डितैः शश्वत् तेज इत्यभि निश्चितम् ।
रजस्तु लोकनाशाय विहितं मानवान् प्रति ।।२९।२२

"क्रोधीका निम्ति 'तेजस्वी' मान्छन् जो मूर्ख मानिस,
बुझ्दैनन् ती त्यही तेज कत्रो संहार ल्याउँछ"

यदि न स्युर्मानुषेषु क्षमिणः पृथिवी समाः ।
नस्यात् सन्धिर्मनुष्याणां क्रोध मूलो हि विग्रहः ।।२९।२५

"पृथ्वी झैं सहने मान्छे लोकमा हुन्नथे यदि,
को मिल्थ्यो ? विश्वमा मुख्य क्रोधै हो कलको जडी"

आक्रुष्ट पुरूषः सर्व प्रत्याक्रोशे दनन्तरम् ।
प्रतिहन्याद्धतश्चैव तथा हिंस्याच्च हिंसितः ।।

"गाली गर्नेहरूलाई गाली नै गर्नु पर्दछ,
पिट्ने मार्नेहरूलाई पिट्न औ मार्नपर्दछ,
भन्ने सिद्धान्तमा चल्ने हो भने यदि मानिस,

हन्युर्हि पितरः पुत्रान् पुत्राश्चापि तथा पितॄन् ।
हन्युश्च पतय भार्याः पतीन् भार्यास्तथैव च ।
एवं संकुपिते लोके शमः कृष्णे नविद्यते ।।२९।२७–२८

पिताले पुत्र मार्नेछन् गर्लान् पुत्र पिता-बध,
पतिले मारलान् पत्नी पत्नीले पति मारलान् ,
यसरी विश्वमा शान्ति हुनेछैन कदापि झन् ;"

पितामहः शान्तनवः शर्म सम्पूजयिष्यति ।
कृष्णश्च देवकी पुत्रः शर्म सम्पूजयिष्यति ।।२९।४६

"श्रीकृष्ण भगवान् गर्छन् शान्तिकै अति आदर
शान्ति नै श्रेष्ठ हो भन्छन् हाम्रा भीष्मपितामह"

कालोऽयं दारुणः प्राप्तः भारतानाम भूतये ।
निश्चितं मे सदैवंतत् पुरस्तादपि भाविनि ।

"हाम्रो यो देशका निम्ति झन् यो मौका कठोर छ,
यति खेर कुनै यौटा पक्षले शान्त बन्नु छ,

दुर्योधनो नार्हतीति क्षमामेव न विन्दति ।
अर्हस्तत्राहमित्येव तस्मान्मां विन्दते क्षमा ।। २९।५०-५१

दुर्योधन कसै शान्ति लिन सक्तैन जान्दछु,
मुख्य यै हेतुले गर्दा शान्तिका पक्षमा म छु"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर र संसार

(जूवा हारेर १२ वर्षको वनवासमा पाण्डवहरू बसेका बखतमा कहिले भेट्न आउने नगरवासीहरूको, कहिले ऋषि महर्षिहरूको, अनि कहिले केवल पाण्डवहरूको मात्र पनि विचारगोष्ठी हुन्थ्यो, यस्तै एक गोष्ठीमा महारानी द्रौपदीले ईश्वर र संसारबारे तलको अभिव्यक्ति प्रकट गरेकी थिइन्)

अन्यथैव हि मन्यन्ते
पुरुषास्तानि तानि च ।
अन्यथैव प्रभुस्तानि
करोति विकरोति च ।।३०।३४

"मान्छे बेग्लै कुरा गर्छन् त्यसैमा लड्न थाल्दछन् ,
तर ईश्वरले बेग्लै कुरा रच्छन् बिगार्दछन्"

यथा काष्ठेन वा काष्ठं चाश्मनमश्मना पुनः ।
अयसा चाप्ययश्छिन्द्यान्निर्विश्चेष्टमचेतनम् ।।
एवं स भगवान् देवः स्वयम्भू : प्रपितामहः ।
हिनस्ति भूतैर्भूतानि छद्मकृत्वा युधिष्ठिर ।।३०।३५-३६

"काठले काठ, ढुङ्गाले ढुङ्गा लोहादि लौहले,
ठोक्छ, फोर्छ र गिंडिन्छ जस्तो गरि मनुष्यले,
त्यस्तै संसार निर्माता परमेश्वर गर्दछन् ,
मान्छे मान्छे लडाएर संसारै नष्ट पार्दछन्"

सम्प्रयुज्य वियोज्यायं कामकार करः प्रभुः ।
क्रीडते भगवान् भूतैर्बालः क्रीडनकैरिव ।। ३०।३७

"कुनैलाई जुटाएर कुनैलाई छुटाउँदै
खेल्छन् शिशु सरी ईश खेलौना पारि विश्व नै"

आर्यान् शीलवतो दृष्ट्वा ह्रीमतो वृत्ति कर्शितान् ।
अनार्यान् सुखिनश्चैव विह्वलामीव चिन्तया ।। ३०।३९

"देख्दा सज्जन दुःखी र सुखी दुष्टहरूकन ।
परमेश्वरको लीलाबाट आत्तिन थाल्छु म"

धर्मचेत् कृतमन्वेति कर्तारं नान्यमृच्छति ।
कर्मणा तेन पापेन लिप्यते नूनमीश्वरः ।।
अथ कर्म कृतं पापं न चेत् कर्तारमिच्छति ।
कारणं बलमेवेह जानच्छोचामि दुर्बलाम् ।।३०।४२-४३

"भोग्नैपर्छ भनेदेखि गरेका पापको फल,
हामीलाई रुवाएको फल भोग्नेछ ईश्वर,
यदि ईश्वरका लागि दण्डै छैन भने अब,
निर्धा जति कहाँ जाने ? भन् यो सोच्नुछ वास्तव !"

धर्म र ईश्वरमा शंका नगर

(धर्मात्मा पाण्डवलाई वनवास आदिका कष्ट पर्नु र अधार्मिक कौरवहरूलाई राज्य-भोग आदि सुख मिल्नु यस्तो उल्टो देखेर एक पटक द्रौपदीले धर्मप्रति शंका गरेकी थिइन् । ईश्वरको अस्तित्वमा पनि सन्देह प्रकट गरेकी थिइन् त्यसको उत्तरमा महाराज युधिष्ठिरले कर्तव्यनिष्ठ बन्न र धर्म तथा ईश्वरप्रति आस्था राख्न अनुरोध गरेका थिए । तलका सूक्ति यही सन्दर्भका हुन्)

नाहं धर्म फलान्वेषी राजपुत्रि चराम्युत ।
ददामि देयमित्येव यजे यष्टव्य मित्युत ।। ३१।२

"कर्मको फल खोजेर म कैल्यै पनि हिंड्दिन,
यज्ञ दान गरिराख्छु हो कर्तव्य भनीकन"

धर्मं चरामि सुश्रोणि ! न धर्मफल कारणात् ।
आगमा न नतिक्रम्य सेतांवृत्तमवेक्ष्य च ।। ३१।४

"धर्मको फल पाइन्छ भनी म धर्म गर्दिन ।
गर्छु ठानी सदाचार शास्त्रमार्ग भनीकन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म एव मनः कृष्णे स्वभावाच्चैव मे धृतम् ।
धर्म वाणिज्यको हीनो जघन्यो धर्म वादिनाम् ।। ३१।५

"अनि स्वभावले नै म धर्म गर्न रुचाउँछु,
केही मिल्छ भनी धर्म गर्नु धिक्कार ठान्दछु"

न धर्म फलमाप्नोति यो धर्मं दुग्धुमिच्छति ।
यश्चैनं शङ्कते कृत्वा नास्तिक्यात् पापचेतनः ।। ३१।६

"जो धर्म दुहुने इच्छा राख्छ पाउन्न धर्म त्यो,
अनि जो त्यसमा शंका लिन्छ त्यो पनि मूर्ख हो"

प्रत्यक्षं हि त्वया दृष्ट ऋषिर्गच्छन् महातपाः ।
मार्कण्डेयोऽप्रमेयात्मा धर्मेण चिरजीविता ।। ३१।११

"देख्यौ प्रत्यक्ष आफैले मार्कण्डेय ऋषीकन,
पाए धर्म गरी जस्ले त्यस्तो दीर्घायु जीवन"

प्रत्यक्षं पश्यसि ह्येतान् दिव्ययोग समन्वितान् ।
शापानुग्रहणे शक्तान् देवेभ्योऽपि गरीयसः ।। ३१।१३

"कैयौं ऋषिहरू देख्यौ-दिव्य योग लिईकन,
गाली आशिक लाग्ने र द्यौताभन्दा नि उत्तम"

अतोनार्हसि कल्याणि ! धातरं धर्ममेव च ।
राज्ञि मूढेन मनसा क्षेप्तुं शङ्कितुमेव च ।। ३१।१५

"यसर्थ धर्म या दैवबारे शंका लिईकन,
आक्षेप आदि क्यै गर्न छैन द्रौपदि ! उत्तम"

तीर्थयात्राको योग्यता

(महाराज युधिष्ठिरले महारानी, भाइहरू र ऋषि महर्षिहरूलाई साथमा लिएर एक पटक ऐतिहासिक तीर्थयात्रा गरेका थिए, उक्त अवसरमा राजाका साथमा लागेर तीर्थयात्रा गर्ने उद्देश्यले अरू पनि धेरै किसिमका मानिस उपस्थित भएका थिए, युधिष्ठिरले उक्त तीर्थयात्राको आरम्भ-अवसरमा तीर्थयात्रामा सबैलाई नलैजाने उद्देश्यले तीर्थयात्राका निमित्त आवश्यक योग्यताको निर्देश दिएका थिए, तलका सूक्तिहरू त्यही प्रसङ्गका हुन्–)

ते सर्वे विनिवर्तन्तां ये च सूदानुयायिनः ।। ९२।२१

"मेरो यो तीर्थयात्रामा भान्से खोज्नेहरू पनि,
फर्कून् पाइन्न बाटामा हिंड्न मालिक झैं बनी"

भिक्षा भुजो निवर्तन्तां ब्राह्मण यतयश्च ये ।
क्षुत्तृड्ध्वश्रमायासशीतार्तिम सहिष्णवः ।। ९२।१९

"भिक्षाको भरमा बाँच्न खोज्ने जोगी र ब्राह्मण,
भोक प्यास र बाटाको सहन्नन् जो परिश्रम"

ये चाप्यनुरताः पौरा राजभक्ति पुरःसरा ।। ९२।२२

"राज-भक्ति लिई जो जो आएका छन् तिनी पनि,
फर्कून् यो तीर्थयात्रामा हो कठोर कुरा भनी"

ते सर्वे विनिवर्तन्तां ये च मिष्ट भुजो द्विजाः ।
पक्वान्न लेह्य पानानां मांसानां च विकल्पकाः ।। ९२।२०

"अनि फर्कून् मिठो खोज्ने मासुमा मन लाउने,
नाटीखुटी झिकी ज्यादै खान्कीमा दोष लाउने"

पवित्र तीर्थ

(महाराज युधिष्ठिरको तीर्थयात्रा अवसरमा व्यास आदि महर्षिहरूले उनलाई भेटेर तीर्थयात्रा गर्नु राम्रो हो । तर तीर्थयात्राबाट मात्र पूर्ण कल्याण सम्भव छैन र तीर्थयात्राबाट कृतकृत्य मान्ने परम्परा राम्रो होइन आदि महत्त्वपूर्ण कुराको निर्देशन दिएर मनशुद्धि नै परम कर्तव्य हो भन्ने बोध पारेका थिए, तलका सूक्तिहरू त्यही प्रसंगका हुन्–)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीर नियमं प्राहु ब्राह्मणा मानुषव्रतम् ।
मनो विशुद्धं बुद्धिं च दैवमाहुर्व्रतं द्विजाः ।। ९३।२०

"शरीर शुद्धिका कर्म 'मानुषव्रत' हुन् सब,
मनले शुद्ध यो बुद्धि हो 'दैवव्रत' वास्तव"

मनोह्यदुष्टं शौचाय
पर्याप्तं वै नराधिप ।
मैत्रीं बुद्धिं समाधाय
शुद्धास्तीर्थानि द्रक्ष्यथ: ।। ९३।२२

"पवित्र मन नै सारा तीर्थभन्दा पवित्र छ,
त्यै शुद्ध भावना राखी तीर्थयात्रा गरे गर"

सर्प-युधिष्ठिर संवाद

(वनवासका समयमा एक पटक महावली भीमलाई एक्लै वनमा गएको वेला एउटा भयानक सर्पले समात्यो, भीमले फुत्कने अनेक प्रयास गरे तर केही लागेन । यत्तैमा महाराज युधिष्ठिरलाई नराम्रा शकुन देखा परे । आफ्ना पाँच भाइमध्ये माहिला भाइ भीमसेन मात्र नभएको अवस्थामा उनलाई ती अपशकुनबाट भीमको चिन्ता जन्मिदियो । चिन्तित युधिष्ठिर भीमलाई खोज्न वनतर्फ लागे, वनमा खोज्दै घुम्दा एउटा ओडारका पासमा माथिको डरलाग्दो दृश्य उनका सामुन्ने पर्‍यो, भाइ भीम जीवितै रहेको थाहा पाएपछि केही धैर्य लिएर उनले सर्पसँग भाइलाई छोडिदिन प्रार्थना गरे, सर्पले स्पष्ट मनुष्य बोलीमा आफू पूर्वजन्ममा नहुषनामक राजा भएको र पछि ऋषिहरूका श्रापले सर्प भएको अनि उसले सोधेका केही प्रश्नहरूको उचित उत्तर पाएमा त्यस जुनिबाट छुट्ने र भीम पनि बाँच्न पाउने तर पाएको आदि वृत्तान्त बताइदियो । महाराज युधिष्ठिरले नम्रतापूर्वक सर्परूपधारी नहुषलाई यथासम्भव प्रश्नहरूकै उत्तर दिने वचन दिए, यो प्रश्नोत्तरमय संवाद त्यसै सन्दर्भको हो, यस प्रश्नोतरको विषय अत्यन्त महत्त्वपूर्ण मानिन्छ र धेरै पाश्चात्य विद्वान्‌हरूले यस सन्दर्भका सूक्तिहरूको राम्रो विश्लेशण गरेका छन्)

ब्राम्हण:को भवेद् राजन् वेद्यं किं च युधिष्ठिर: ।
ब्रवीह्यति मतिं त्वां हि वाक्यैरनुमिमीमहे ।। १८०।२०

सर्परूपी नहुषले सोधे–
"कस्ता मानिसका लागि मान्न योग्य छ ब्राह्मण,
ठान्छु म भन कौन्तेय! तिम्रो बुद्धि छ उत्तम"

सत्यं दानं क्षमा शीलमानृशंस्यं त यो घृणा ।
दृश्यन्ते यत्र नागेन्द्र स ब्राम्हण इति स्मृत: ।। १००।२१

महाराज युधिष्ठिर–
"सत्य, दान, क्षमा, शील, सद् भाव र दया तप ।
जसमा देखिन्छ नागेन्द्र! त्यै हो ब्राह्मण लाग्दछ"

शुद्रेष्वपि च सत्यं च दान मक्रोध एव च ।
आनृशंस्य महिंसा च घृणा चैव युधिष्ठिर ।। १८०।२३

सर्परूपी नहुषको प्रश्न–
"शूद्रमा पनि त्यै सत्य, दान, शील, क्षमा गुण,
भएमा हुन्छ होला र ? त्यो शूद्रै पनि ब्राह्मण"

यत्रैतल्लक्ष्यते सर्वं वृत्तं स ब्राम्हण: स्मृत: ।
यत्रैतन्नभवेत् सर्प तं शुद्रमिति निर्दिशेत् ।। १८०।२६

उत्तर–
"जहाँ लक्षण यस्ता छन् त्यो जो होस् हुन्छ ब्राह्मण,
जहाँ छैनन् उ जो होस् न ठान्छु शूद्र भनीकन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदिते वृत्ततो राजन् ब्राम्हणः प्रसमीक्षितः ।
वृथा जातिस्तदाऽयुष्मन् ! कृतिर्यावन्न विद्यते ।। १८०।३०

प्रश्न–
"यसरी काम हेरेर जात मान्ने भने अब,
यो यही जातको भन्ने को छुट्याउन सक्तछ ?
उत्तर–

जातिरत्र महासर्प मनुष्यत्वे महामते ।
संकरात् सर्ववर्णानां दुष्परीक्ष्येति के मति ।। १८०।३१

"हो महासर्प ! यो वेला जात चिन्न छ मुश्किल,
सबै मानिस बन्दैछन् आपरमा वर्णसंकर"

सर्वे सर्वास्वपत्यानि जनयन्ति सदा नराः ।
वाङ् मैथूनमथो जन्म मरणं च समं नृणाम् ।।
इदमार्षं प्रमाणं च ये यजामह इत्यपि ।
तस्माच्छीलं प्रधानेष्टं विदुर्ये तावदर्शिनः ।।
१८०-१३२-१३२

"जो सुकै जातका छोरी विहे गर्ने भए सब,
भाषा, मैथुन, औ जन्म एकैनाश बने अब,
वेदमा पनि पाइन्छ 'यज्ञ गर्छौं सबै भनी,
लेखेको, यसले ठान्छु भेद छैन कतै पनि"

युधिष्ठिरका उत्तरवाट सन्तुष्ट सर्पराजले भीमसेनलाई छोड़िदिन्छन् । महाराज युधिष्ठिरले पनि सर्पराजसँग सोध्छन्— "सर्पराज ! मानिसले असल गति प्राप्त गर्ने उपाय के छ ?" सर्पराजले उत्तर दिन्छन् –

पात्रे दत्वा प्रियाण्युक्त्वा सत्यमुक्त्वा च भारत ।
अहिंसानिरतः स्वर्गं गच्छेदिति मतिर्मम ।। ८१।२

सत्य बोल्नु, मिठो बोल्नु, दान सत्पात्रमा दिनु,
अहिंसा धर्ममा चल्नु, मोक्षका मार्ग हुन् नृप ?

महर्षि मार्कण्डेयका अमरवाणीहरू

(वनवासकै अवसरमा महर्षि मार्कण्डेयले पाण्डवहरूलाई धेरै शिक्षा दिएका छन्, युधिष्ठिर–मार्कण्ड़ेय संवादका रूपमा यो प्रसंग वनपर्वमा १८२ अध्यायदेखि २२४ अध्यायसम्म छ, यी ४२ अध्यायलाई 'मार्कण्डेय समस्या-पर्व' भन्ने संज्ञा दिइएकोछ । यहाँ उक्त ४२ अध्यायमध्येका मार्कण्डेयका वाणीका सूक्ति मात्र टिपेको छु)

धनानि येषां विपुलानि सन्ति,
नित्यं रमन्ते सुविभूषिताङ्गाः ।
तेषामयं शत्रुवरघ्न लोको,
नासौ सदा देहसुखे रतानाम् ।।१८३।८९।।

"सम्पत्ति जसको छ प्रशस्त, जसले
लाएर खाएर उडाइ दिन्छ'
त्यस्ताहरूले यहिं मात्र सुख्ख,
भोग्छन् छ दुःखी परलोक तिन्को"

ये योग युक्तास्तपसि प्रसक्ताः
स्वाध्याय शीला जरयन्ति देहान् ।
जितेन्द्रियाः प्राणिवधे निवृत्ता–
स्तेषामसौ नायमरिघ्न लोकः ।।१८३।९०।।

"जो गर्दछन् योग अनी तपस्या
स्वाध्यायमा देह सुकाउँछन् जो,
लिन्छन् अहिंसाव्रत चित्त रोकी
परत्र मात्रै बढिया छ तिन्को"

ये धर्ममेव प्रथमं चरन्ति
धर्मेण लब्ध्वा च धनानि काले ।

"जो धर्म गर्छन् निज कर्म ठानी
सोझो गरी केहि कमाउँछन् र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दारानवाप्य ऋतुभिर्यजन्ते ।
तेषामयं चैव परश्च लोकः ।।१८३।९१।।

बिहा गरी यज्ञ गरेर बस्छन्,
हुन्छन् सुखी ती दुइ लोकभित्र"

ये नैव विद्या न तपो न दानं,
न चापि मूढा प्रजने यतन्ति ।
न चानुगच्छन्ति सुखानि भोगा-
स्तेषामयं नैव परश्च लोकः ।।१८३।९२।।

"जस्को न विद्या छ न दान गर्छ
अकार्थ पत्नी पनि त्याग्छ जस्ले'
शक्तैन जो लाउन खान आफ्नै
जान्नू दुवै लोक बिगार्छ त्यस्ले"

त्रिदण्डधारणं मौनं जटाभारोऽथ मुण्डनम् ।
वल्कलाजिन संवेष्टं व्रतचर्याऽभिषेचनम् ।
अग्निहोत्रं वने वासः शरीर परिशोषणम् ।
सर्वाण्येतानि मिथ्यास्युर्यदि भावो न निर्मलः।।२००।९६-९७।

"मौनी हुनु दण्ड लिनु जटा पाल्नु र मुण्डिनु,
बोक्रा या मृगको छाला बेर्नु भोकै नुहाउनु,
देह सुकाउँदै गर्नु अग्निहोत्रहरू तर,
यी ढाँचा सब हुन् मिथ्या नभए भाव निर्मल"

नहि पापानि कर्माणि शुद्धयन्त्यनशनादिभिः ।
सीदत्यनशनादेव मांस शोणित लेपनः ।।२००।१०२।।

"व्रत निम्ति नखाँदैमा नठान्नू पाप घट्दछ,
बरू घट्यो भने आफ्नै देहको मासु घट्दछ"

आत्मानं विन्दते येन सर्वभूत गुहाशयम् ।
श्लोकेन यदि वार्धेन क्षीणं तस्य प्रयोजनम् ।।२००।११०।।

"सबैका घटमा बस्ने जस्ले आत्मा चिनी सक्यो,
आधै श्लोक पढोस् त्यसले पढनुपर्ने पढी सक्यो"

तपसा स्वर्ग गमनं भोगो दानेन जायते ।
ज्ञानेन मोक्षो विज्ञेयस्तीर्थ स्नानादघक्षयः ।।२००।११८।।

"तपले स्वर्ग पाइन्छ दानले भोग मिल्दछ,
ज्ञानले मोक्ष पाइन्छ तीर्थले पाप घट्दछ"

द्वयक्षरादभिसंधाय केचिच्छ्लोक पदाङ्कितैः ।
शतं रन्यैः सहस्रं श्च प्रत्ययो मोक्ष लक्षणम् ।।२००।१११।।

"दुवै अक्षरले होस् वा श्लोकले होस् कि वा अझै,
हजारौं शास्त्रले होस् वा ज्ञान पाए पुग्यो सबै"

न ज्ञातिभ्यो दया यस्य शुक्लदेहोऽविकल्मषः ।
हिंसा सा तपसस्तस्य नानाशित्वं तपः स्मृतम्।।२००।१००।।

"नुहाओस् न सफा होस् न छैन भित्र दया भने,
हिंसा हो त्यो पनी धर्म मिल्दैन खालि कर्मले,"

व्रजे वाप्यथवारण्ये यत्र सन्ति बहुश्रुताः ।
तत् तन्नगरमित्याहुः पार्थ तीर्थं च तद् भवेत् ।।२००।९२।।

"गाउँ होस् वन होस् जे होस् जहाँ पण्डित बस्दछन्,
त्यै हो सदरिया ठाउँ, त्यै हो तीर्थ महान् पनि

धेरै बाँच्नु पनि कष्ट हो

(महर्षि वकद्वारा इन्द्रलाई शिक्षा)

अप्रियैः सह संवासः प्रियैश्चापि विनाभवः ।
असद्भिःसम्प्रयोगश्च तद् दुःखं चिर जीविनाम् ।।१९३।१८।।

वियोग खप्नु आफ्नाको, अर्काको गर्नु संगत,
दुष्टका वशमा पर्नु, दीर्घायुलाई पर्दछ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुत्रदार विनाशोऽत्र ज्ञातीनां सुहृदामपि ।
परेष्वायत्ततात्कृच्छ्रं किन्नु दुःखतरं ततः ।।१९३।१९।।

पत्नी र पुत्रको यस्तै आफन्त इष्ट मित्रको,
असह्य मृत्युको चोट खप्नुपर्छ अहो अनी
पिंढी कुरेर अर्काको दुर्वाच्य सुन्नुपर्दछ,
'चिरञ्जीवी' हुनूभन्दा अर्को दुःख कुनै छ त ?'

अकुलानां कुले भावं कुलीनानां कुलक्षयम् ।
संयोगं विप्रयोगं च पश्यन्ति चिर जीविनः ।।१९३।२१।।

"छोटा बढेर मातेको बडाका कुलको क्षय,
हुँदो र नहुँदो धेरै बाँच्नेले देख्नुपर्दछ"

अपि शाकं पचानस्य सुखं वै मघवन् गृहे ।
अर्जितं स्वेन वीर्येण नाप्याश्रित्य कथञ्चन ।।१९३।२९।।

"आफ्नै कमाइले साग सिस्नु खानु छ उत्तम,
अर्काको मुख ताकेर नपरोस् कत्ति बाँचन"

नान्यद् दुःखतरं किंचिल्लोकेषु प्रतिभाति मे ।
अर्थैर्विहीन पुरुषः परैः सम्परिभूयते ।।१९३।२०।।

"आफ्नो समर्थ घट्नू र मन्न् अरूबाट हेपिनु,
भन्दा मानिसका लागि छैन दुःख विचारनू"

कलियुग

(हिन्दू शास्त्रीय काल गणनामा वर्तमान युग कलियुग हो । मार्कण्डेय समास्यापर्व (वनपर्व) मा कलियुगका विषयमा विशद भविष्यवाणी छ, सूक्तिका दृष्टिले त्यति महत्व नराख्ने यस प्रसङ्गका केही श्लोकको यहाँ प्राचीन ऋषिहरूको सूक्ष्म विवेचनाको उदाहरण प्रस्तुत गर्ने उद्देश्यले मात्र भए पनि संकलन र अनुवाद गरेको छु)

ईदृशो भविता लोको युगान्ते पर्युपस्थिते ।
वस्त्राणां प्रवरा शाणी धान्यानां कोरदूषकाः ।।१९०।१९।।

"खोले खाएर कोदाको नाइलन् वस्त्र पैहिई,
दुनियाँ हिँड्न थाल्नेछ कलि राम्रै बढेपछि"

भार्यामित्राश्च पुरुषा भविष्यन्ति युगक्षये ।
मत्स्यामिषेण जीवन्तो .... ।।१९०।२०।।

"पत्नीकै साथमा मात्र राख्नन् मैत्री मनुष्यले,
कैयौंले जीविका गर्लान् माछाका मासु आदिले"

.. .. दुहन्तश्चाप्यजं डकम् ।।
गोषु नष्टासु पुरुषा येऽपि नित्यं धृतव्रताः ।
तेऽपि लोभसमायुक्ता भविष्यन्ति युगक्षये ।। १९०।२१

दुधालु गाई घट्नाले भेडा बाख्रा दुहीकन
काम चलाउने होलान् लोभी साधु र सज्जन

सरित्तीरेषु कुद्दालैर्वा पयिष्यन्ति चौषधीः ।
ताश्चाप्यल्पफला राजन् भविष्यन्ति युगक्षये ।। १९०।२३

कुना काप्चा सबै जोती अन्न छर्लान् मनुष्यले
किन्तु उब्जाउ घट्नेछ कलिका कुप्रभावले

श्राद्धे दैवे च पुरुषा येऽपि नित्यं धृतव्रताः ।
तेऽपि लोभ समायुक्ता भोक्ष्यन्तीह परस्परम् ।। १९०।२४

दैौता र पितृको कार्य गर्दा पनि सबै नर
पैंचो लगाई निम्ताको खान खोज्नन् परस्पर

न व्रतानि चरिष्यन्ति ब्राह्मण वेदनिन्दकाः । १९०।२५।।

छोड्ला ब्राह्मण नै पैल्यै चल्ती धर्म र कर्मको
पैल्यै ब्राह्मण नै गर्ला निन्दा वेद र विप्रको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न यक्ष्यन्ति न होष्यन्ति हेतुवादविमोहिताः । निम्नेष्वीहां करिष्यन्ति हेतुवादविमोहिताः ॥ १९०।२६	जे कुरामा पनी भन्लान् फाइदा के छ यो गरी ? नाफा देखे भने गर्लान् निचा कर्म सरासरी
पुत्रः पितृवधं कृत्वा पिता पुत्रवधं तथा । निरुद्वेगो बृहद्वादी न निन्दा मुपलप्स्यते ॥ १९०।२८	छोराले बाबु मारेर छोरो मारेर बाबुले हिंड्दा धाक लगाएर क्यै भनोन समाजले
म्लेच्छभूतं जगत् सर्वं निष्क्रियं यज्ञ वर्जितम् । भविष्यति निरानन्द–मनुत्सवमथो तथा ॥ १९०।२९	यज्ञ उत्सवले शून्य म्लेच्छ झैं कर्म वर्जित साह्रै उराठिलो होला चारैतर्फ धरातल
प्रायशः कृपणानां हि तथाऽबन्धु मतामपि । विधवानां च वित्तानि हरिष्यन्तीह मानवाः ॥ १९०।३०	प्राय दुःखी दरिद्रीको विधवाहरूको धन हर्नका निम्तिमा आँखा गाड्नेछन् बलिया जन
न कन्यां याचते कश्चिन्नापि कन्या प्रदीयते । स्वयंग्राहा भविष्यन्ति युगान्ते समुपास्थिते ॥ १९०।३६	न कन्या कोही माग्नेछ न दिनेछ कुनै जन वर कन्या दुवै गर्लान् बिहा आफै चुर्नीकन
राजानश्चाप्यसंतुष्टाः परार्थान् मूढचेतसः । सर्वोपायैर्हरिष्यन्ति युगान्ते पर्युपस्थिते ॥ १९०।३७	बाली सेर्मा बढायेर नाना भाँती झिकीकन । सर्कारले पनी खिच्ला दुनियाँ जतिको धन ॥
ये यवान्ना जनपदा गोधुमान्नास्तथैव च । तान् देशान् संश्रयिष्यन्ति युगान्ते पर्युपास्थिते ॥ १९०।४४	जन्मेको ठाउँ छाडेर जग्गा पाइन्छ रे पनी । अन्नका भोकले हिंड्लान् मान्छे जुन् ठाउँमा पनि ॥
न कश्चित् कस्यचिच्छ्रोता न कश्चित् कस्यचित् गुरुः । तमोग्रस्तस्तदा लोको भविष्यति जनाधिप ॥ १९०।४७	न कसैको कुनै सुन्ला न मिल्ला क्वै गुरु पनि हिंड्लान् अज्ञानले मान्छे आफै आफै महान् बनी
पत्यौ स्त्री तु तदा राजन् पुरुषो वा स्त्रियं प्रति । युगान्ते राज शार्दूल न तोषमुपयास्यति ॥ १९०।५०	पतिमा मात्र सन्तुष्टि पाओनन् महिला जति त्यस्तै आनन्द पाओनन् पत्नीबाट कुनै पति
क्रय विक्रय काले च सर्वः सर्वस्य वञ्चनम् । युगान्ते भरत श्रेष्ठ वित्तलोभात् करिष्यति ॥ १९०।५४	पैसाका कमिले गर्दा कलिका सब मानिस किन्दा बेच्दा सकेसम्म ठग्न खोज्नन् परस्पर
आचार्योऽपनिधिश्चैव भत्स्यंते तदनन्तरम् । अर्थयुक्त्या प्रवत्स्यन्ति मित्र संबन्धिबान्धवाः ॥ १९०।७५	गर्नन् गरीब विद्यार्थीलाई गाली गुरुजन अर्थात् सम्पति नै होला शिक्षाको मुख्य माध्यम
निम्ने कृषिं करिष्यन्ति योक्ष्यन्ति धुरि धेनुका । १९०।२७	खेतीका काममा लेलान् पानी घाट र गौचर गाईले गोरु झैं पर्ला भारी बोक्न सरासर
एकहायन वत्सांश्च योजयिष्यन्ति मानवा ॥ १९०।२७	भर्खर्का बहरे बाच्छालाई जोत्न लगाउनन् जसरी तसरी खाली खान्कीमै सब लागनन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवस्थानेषु चैत्येषु नागानामा लयेषु च: ।
एडूक चिन्हा पृथिवी न देवगृह भूषिता ।। १९०।६७

मिल्नेछन् हाडका चिह्न चैत्य, मन्दिर आदिमा
नमिल्ला सात्त्विकी शोभा यी राम्री पूण्य भूमिमा

अन्योन्यं परिमुष्यन्तो हिंस यन्तश्च मानवा: ।
अजपा नास्तिका: स्तेना भविष्यन्ति युगक्षये ।। १९०।२२

थाल्नन् आपसमा लुट्न गर्नन् हिंसा परस्पर
जप गर्न पनि छोड्नन् होलान् सम्पूर्ण नास्तिक

जीवि तान्तकरा: क्रूरा रौद्रा: प्राणि विहिंसका: ।
यदा भविष्यन्ति नरास्तदा संक्षेप्स्यते युगम् ।। १९०।६०

यसरी निर्दयी घाती हिंसामा लुब्ध मानिस
जैह्ले होलान् यसै बेला होला कलियुग क्षय

द्रौपदीको दिनचर्या

(महारानी द्रौपदी महाभारत युगकी प्रसिद्ध नारी हुन्, उनी शिक्षिता र ऐश्वर्यवती थिइन्। परिस्थितिवश उनलाई पाँच भाइकी साझी पत्नी हुनपरेको थियो, तर उनको जीवन पवित्र र उच्च थियो, एक आदर्श हिन्दू गृहिणीमा हुनुपर्ने गुणको उनमा परिपूर्णता थियो, यहाँ श्रीकृष्णकी पत्नी सत्यभामासँग उनले बताएका दिनचर्याका केही श्लोहरू प्रस्तुत गरेको छु)

यच्च भर्ता न पिबति यच्च भर्ता न सेवते ।
यच्च नाश्नाति मे भर्ता सर्वं तद् वर्जयाम्यहम् ।।२३३।३११/२

"मेरो पति पिउन्नन् जे रुचाउन्नन् कुरा जति,
जे खाँदैनन खुशीसाथ छोडिदिन्छु सबै त्यति"

नैतामतिशये जातु वस्त्र भूषण भोजनै: ।
नापि परिवदे चाहं तां पृथां पृथिवी समाम् ।।२३३।४१

"खान लाउन बोल्दामा सासूभन्दा म बढ्दिन,
पृथिवीतुल्य सासूको कहिल्यै बात मार्दिनँ"

सर्व राज्ञ: समुदय मार्य च व्ययमेव च ।
एकाहं वेद्मि कल्याणि पाण्डवानां यशास्विनि ।।२३३।५३

"आम्दानी खर्च सम्पूर्ण मेरा यी पतिदेवको,
राखछु आफैं मिलाएर झर्को मान्दिन कामको"

प्रथमं प्रति बुध्यामि चरमं संविशामि च ।
नित्यकालमहं सत्ये एतत् संवननं मम ।।२३३।५८

"सबै सुतेपछि सुत्छु नउठ्दै उठिहाल्दछु'
यही नियमले मैले घरलाई रिझाउँछु"

पापीको उन्नति !

(महर्षि लोमशको सन्देश)

नात्र दु:खं त्वया राजन् कार्यं पार्थ कथं च न ।
यदधर्मेण वर्धेयुरधर्म रुचयो जना: ।।९४।३

"चिन्ता नगर पापीले पाप कर्मै गरीकन,
ठूलो उन्नति पाएको देखे तापनि मन्मन"

वर्धत्यधर्मेण नरस्ततो भद्राणि पश्यति ।
तत: सपत्नान् जयति समूलस्तु विनश्यति ।९४।४

"किनकि पहिले पापी बढ्छन् उन्नति गर्दछन,
जित्छन् शत्रु पनी धेरै अनि बेस्सरि गिर्दछन् ।"

मया हि दृष्टा दैतेया दानवाश्च महीपते ।
वर्धमाना ह्यधर्मेण क्षयं चोपगता: पुन: ।।९४।५

"आफैले देखियो कैयौं मातेका दैत्य दानव,
अन्यायले बढेका र मासिएका फकाफक"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक व्याधाको उपदेश

उच्च कुलमा जन्म लिदैमा, धनी हुँदैमा, विद्वान् हुँदैमा र कर्मिष्ठ हुँदैमा पवित्र भइहाल्ने र त्यसको विपरीत परिस्थितिमा पर्दैमा अपवित्र भइहाल्ने भन्ने केही छैन, वनपर्वको मार्कण्डेय-समस्यापर्वमा एउटा यस्तै उदाहरण अत्यन्त कलात्मक ढंगबाट प्रस्तुत गरिएको छ, घटनाको संक्षिप्त विवरण यस प्रकार छ —

कुनै एउटा विद्वान् ब्राह्मण एक वृक्षमनि सुतेर निदाएको थियो, वृक्षको हाँगामा बसेको एउटा पोथी बकुल्लाले बिष्टा गरेको उसका मुखमाथि परेछ रिसाउँदै त्यो ब्राह्मण बिउँझयो र क्रोधपूर्ण उसका आँखाको ज्योति माथि जाने-बित्तिकै त्यो बकुल्लो छुन्मुनिदै तल झर्‍यो र मर्‍यो, ब्राह्मणले आफ्नो क्रोधको त्यो महान् प्रभाव देखेर आफूलाई धन्यवाद दियो तापनि त्यो पक्षीको मृत्यु उसलाई केही बेरपछि राम्रो लागेन, त्यहाँबाट उठेर त्यो ब्राह्मण भिक्षा गर्न गाउँमा पस्यो, गाउँमा भिक्षा गर्दै एउटा यस्तो घरमा पुग्यो, जुन घरमा एक मात्र गृहिणी थिई उसको पति पनि गाउँमा गएको थियो, ऊ जुठेल्नामा भाँडा माजिरहेकी थिई। यस्तैमा ब्राह्मणले भिक्षा माग्यो, गृहिणी हात धोएर भित्र जान उठेकी मात्र थिई, उसको पति पनि आइपुग्यो। आउनेबित्तिकै पतिले आफ्नी पत्नीसंग आफूलाई अत्यन्त भोक लागेको कुरा बतायो र हत्तरपत्त खान बस्यो, गृहिणीले भिक्षार्थी ब्राह्मणलाई एकैछिन पर्खन विन्ती गरी र पतिलाई खाने कुरा टक्र्याएर भिक्षाको सामग्री खोलेर बाहिर लिएर निस्की। ब्राह्मण अत्यन्त क्रुद्ध भएको थियो, (भिक्षार्थी ब्राह्मणलाई पर्खाएर बडो पतिसेवा गर्दी भएकी!) उसलाई त्यस अपमानको कुनै कटुफल देखाउने इच्छा जागिरहेको थियो कि यस्तैमा त्यस गृहिणीले हात जोडेर ‘ब्राह्मणदेव! परिस्थितिवश तपाईलाई कुराउने अपराध भएकोमा क्षमा पाऊँ, यो भिक्षा अन्न कृपापूर्वक स्वीकार गरिदिनुहोस्!’ ‘विन्ती गरी’ ब्राह्मणले स्वीकार नगरीकन त्यो घोर अपमान सहन नसक्ने कुरा बतायो र यसरी कडा नजरले हेर्‍यो कि मानो भस्म नै गर्न आँटेको होस्।

क्रुद्ध ब्राह्मणको दशा बुझेकी त्यो गृहिणीले विनम्र भाषामा ब्राह्मणलाई उत्तर दिई “ब्राह्मणदेव! म बकुल्ली त होइन जो तपाईंले रिसाएर हेर्दैमा भस्म बनूँ, म आफ्नो नारीकर्तव्यमा कत्ति नचुक्ने एक सामान्य गृहिणी हुँ, मेरो कर्तव्यको ख्याल मैले नै गर्नुपर्छ, एक छिन बढी कुराउन परेकोमा क्षमा मागेकी छु, लिए लिनुहोस्, नलिए तपाईंलाई कुरेर बस्ने फुर्सद ममा छैन, म आफ्ना अरू कर्तव्यको पालना गर्न चाहन्छु किनकि मेरो धर्म त्यही हो।

त्यस गृहिणीका ती आत्मविश्वासपूर्ण वचन सुनेर ब्राह्मण चकित भयो। त्यो बकुल्ली भस्म गरेको घटना त्यसले थाहा पाउन सकेकोमा ब्राह्मणलाई आश्चर्यको सीमा रहेन। आफ्ना क्रोधको पनि त्यहाँ केही सीप नचलेकोमा उसको शिर झुक्यो। उसले विनम्र भाषामा गृहिणीलाई नमस्कार गरेर सोध्यो– ‘सति! म तपाईंबाट अत्यन्त प्रभावित छु, मैले आफूले पाएको आजसम्मको धर्मशिक्षा अधुरो लाग्यो, कृपया मलाई तपाईं नै केही धर्मशिक्षा दिन सक्नुहुन्छ, म त्यही भिक्षा माग्छु”

गृहिणीले जिज्ञासु ब्राह्मणलाई केही धर्मशिक्षा पनि दिई र ‘ब्राह्मण’ शब्दका लक्षण, परिभाषाहरू पनि बताइदिई। उसले बताएको ब्राम्हणको परिभाषाको एक उदाहरण यस्तो छ —

यस्य चात्मसमो लोको धर्मज्ञस्य तपस्विनः। सर्वधर्मेषु च रतस्तं देवा ब्राह्मणं विदुः॥२०६।३५॥	“त्यै हो ब्राह्मण जस्को यो विश्वमा आत्मभाव छ, जो सबै धर्मका निम्ति उदार दृष्टि राख्दछ”

केही शिक्षा दिएपछि उसले ब्राह्मणलाई भनी– “ब्राह्मणदेव! यदि तपाईं विस्तृत धर्मचर्चा सुन्न उत्सुक हुनुहुन्छ भने मिथिलाको एउटा व्याधाकहाँ जानुहोस्, उसले तपाईंको सन्देह अवश्य पनि भगाउनेछ।” ब्राह्मणले त्यस गृहिणीको भिक्षा र आज्ञा दुवै स्वीकार गर्‍यो।

तर त्यहाँबाट बाटो लागेपछि ब्राह्मण झन् चकित हुँदै गयो। ‘एक गृहस्थ नारीमा यहाँसम्म विद्वत्ता हुन्छ! अनि असली धर्मको शिक्षा व्याधाकहाँ पाइन्छ,!’ यी दुई कुरा उसका हृदयमा बारम्बार मथिए ‘वास्तवमा व्याधा-कर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत्यन्त निन्दित कर्म हो, त्यस कर्ममा रहने मानिसको काम अनाथ पशुप्राणीको निर्मम हत्या सिवाय केही हुँदैन, रात–दिन काटमारमा लाग्ने मनुष्य अवश्य पनि निर्दयी र हिंसक हुन्छ। अनि त्यस्तामा रत्तीभर पनि ज्ञान हुनु असम्भव छ, भएपनि ब्राह्मण धर्मको जिज्ञासु थियो र उक्त गृहिणीका व्यवहारबाट प्रभावित थियो, सरासर मिथिला पुग्यो र व्याधाको घर खोज्न थाल्यो।

जब व्याधाका घर पुगेको थियो, उसले अनेकौं पशुहरूका मासुका थुप्रामा व्यस्त व्याधालाई देख्यो, पशुहरूका सिंग, पुच्छर गोडा गिँडन्, छुट्याउन व्यस्त त्यस वाधाको शरीरभरि मासु, मासी र रगतका छिटा परेका थिए, अत्यन्त वीभत्स दृश्यले गर्दा ब्राह्मणको हृदय व्यथित भयो। त्यो गृहिणीले आफूलाई त्यस्ता क्रूर व्यक्तिको छेउमा धर्मशिक्षा ग्रहण गर्न पठाएकोमा उसलाई मनमनै अत्यन्त रीस उठ्यो तर यता आफ्ना काममा व्यस्त व्याधाले ब्राह्मणपट्टि फर्के र शिर झुकाउँदै यसरी भन्यो –

"ब्राह्मणदेव ! एकछिन पर्खनुहवस् मैले याहा पाइसकें कि तपाईं एक कर्तव्यनिष्ठ गृहिणीको शिक्षा पाएर यहाँ पाल्नुभएको छ, हुन्छ, म जानेको धर्मशिक्षा यहाँका समक्ष चढाउनेछु।"

ब्राह्मण झन् चकित भयो, व्याधालाई पनि उसले उक्त गृहिणी जस्तै सिद्ध व्यक्ति मन्ने बुझ्यो। उसले आफैप्रति सन्देह गऱ्यो कि ऊ अहिले सपनामा छ कि विपनामा छ ? तर यो सपना थिएन, व्याधाले एकैछिनपछि मासु काट्ने, बेच्ने र थन्क्याउने काम सक्यो, भित्र पस्यो नुहायो, सफा र पवित्र वस्त्र लगायो र बाहिर निस्क्यो र ब्राह्मणलाई हात जोड़ेर भन्यो– " ब्राम्हण देव ! मेरो खास बस्ने घर यो होइन हिंड्नुहोस् मेरो घर जाऔं, घरमा मेरा परम पूज्य मातापिता हुनुहुन्छ, उहीं म तपाईको स्वागत सत्कार गर्दछु' ।

घर पुगेपछि ब्राह्मणले देख्यो उसको घरको साधारण तर सात्विकतापूर्ण रहेछ, फूलबारी, देवमन्दिर आदिको राम्रो व्यवस्था रहेछ, मातापिता सफा र सुन्दर आसनमा आनन्दपूर्वक बसेका रहेछन्, व्याधाले ब्राह्मणलाई आसन टक्र्यायो, पाउ धोइदियो, सुगन्धी धूप सल्काइदियो, मधुर फलफूल भोजनका निमित्त टक्र्यायो, ब्राह्मणले पनि त्यो सबै स्वागत आनन्दपूर्वक ग्रहण गऱ्यो।

विश्राम गरेपछि ब्राह्मणले सोध्यो– "धर्मात्मन् ! तपाईं जस्तो सज्जनले काटमार गरेको वृत्ति सुहाएको छैन, यस्तो सात्विक जीवनको आनन्द कहाँ अनि त्यस्तो हत्या र हिंसाको घृणित जीवन कहाँ !" उत्तरमा व्याधाले यसरी भन्न थाल्यो–

येषां हतानां मांसानि विक्रीणामीह वै द्विज।
तेषामपि भवेद् धर्म उपयोगे न भक्षणे।
देवतातिथि भृत्यानां पितृणां चापि पूजनम् ॥२०८।५॥

"देवता, पितृ औ भृत्य आदिमा काम लाग्द छ,
मासु बेचे पनी मेरो उपयोग पवित्र छ"

न कुत्सयाम्यहं किंचिन्न गर्हे बलवत्तरम्।
कृतमन्वेति कर्तारं पुरा कर्म द्विजोत्तम ॥२०७।२३॥

"कुनैलाई पनी हेपी घृणा निन्दा म गर्दिन,
बडालाई उडाएर बात मार्न म खोज्दिन,
ठान्छु सम्पूर्ण प्राणी नै जानेको गर्न खोज्दछन्,
या आफ्ना भाग्यलेखाले पारेका कर्म रोज्दछन्,

ब्राम्हणलाई सम्बोधन गरेर उसले फेरि भन्यो–

न स्वयं हन्मि विप्रर्षे विक्रीणामि सदाह्यहम्।
न भक्षयामि मांसानि.. ... ... २०७।२२½॥

"मासु बेचे पनि आफू स्वयंले मासु खान्न म,
मरेका पशुको मासु बेच्छु मार्न म सक्तिन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो सामान्य सिद्धान्त बताए पछि ब्राम्हणको आशयअनुसार व्याधाले केही कर्तव्य शिक्षा पनि दियो—

अशीलश्चापि पुरुषो भूत्वा भवति शीलवान् ।
प्राणिहिंसारतश्चापि भवते धार्मिकः पुनः ॥२०७।३४॥

"बदमाश पनी मौका पाए सुध्रिन सक्तछ,
जीवघाती पनी फेरि धर्मात्मा हुन सक्तछ"

न पापे प्रतिपापः स्यात् साधुरेव सदा भवेत् ।
आत्मनैव हतः पापो यः पापं कर्तुमिच्छति ॥२०७।४५॥

"दुष्टका साथमा दुष्टै नबन्नू शान्तिनै लिनू
दुष्टलाई स्वयं मिल्छ पापको दण्ड ठाननू"

वेदस्योपनिषत् सत्यं सत्यस्योपनिषद् दमः ।
दमस्योपनिषत् त्यागः शिष्टाचारेषु नित्यदा ॥२०७।६७॥

"वेदको सार हो सत्य सत्यको सार हो दम,
दमको सार हो त्याग लिन्छन् त्यै त्याग सज्जन"

कर्म चेत् किञ्चिदन्यत् स्यादितरन्न तदा चरेत् ।
यत् कल्याणमभिध्यायेत् तत्रात्मानं नियोजयेत् ॥२०७।४४॥

"झुक्किएर कुनै पाप भैहाल्यो यदि त्यो पुनः,
नहवस् क्यै गरी भन्ने पर्छ यत्न सधैं लिन,
मनले जुन् कुरालाई कल्याणयुक्त ठान्दछ,
त्यै कुरा गर्न मान्छेले तुरुन्तै थाल्नुपर्दछ"

न लोके राजते मूर्खः केवलात्म प्रशंसया ।
अपि चेह श्रियाहीनः कृतविद्यः प्रकाशते ॥२०७।४९॥

"सपाइँ मूर्खको पूजा धेरै टिक्दैन निश्चय,
गरीब होस् गुणी मान्छे अवश्यै पूज्य बन्दछ"

क्रमेण सञ्चितो धर्मो बुद्धियोगमयो महान् ।
शिष्टाचारे भवेत् साधू रागः शुक्लेन वाससि ॥२०७।७३॥

"धर्म बुद्धि दुवै वस्तु खुल्दछन् शिष्ट व्यक्तिमा
जस्तो रङ्गहरू खुल्छन् धोएका शुक्लवस्त्रमा"

विकर्मणा तप्यमानः पापाद् विपरिमुच्यते ।
न तत् कुर्यां पुनरिति द्वितीयात् परिमुच्यते ॥२०७।५१॥

"पश्चात्ताप लिएदेखि गरेको पाप छुट्तछ,
नगर्नेछ भने इच्छा गरिने पाप छुट्तछ"

आरम्भो न्याय युक्तो यः स हि धर्म इति स्मृतः ।
अनाचार स्त्वधर्मेति एतच्छिष्टा नुशासनम् ॥२०७।७७॥

"राम्रो गर्छु भनी गर्दा जे होस् त्यो धर्म बन्दछ,
नराम्रा लक्ष्यको धर्म पनि पाप समान छ"

व्याधाले ब्राम्हणलाई हिंसा र अहिंसाका बारेमा अझै सन्देह युक्त देखेकाले फेरि पनि त्यसै विषयमा कुरा गर्‍यो–ब्राम्हण देव ! म अहिंसक छु भनेर भन्न कसैले पनि सक्दैन विचार गर्नोस् त !

कृषि साध्विति मन्यन्ते तत्र हिंसा परा स्मृता ।
कर्षन्तो लाङ्गलैःपुंसो घ्नन्ति भूमिशयान् बहून् ॥२०८।१४॥

"खेती पवित्र हो भन्छन् हिंसा बन्दछ झन् त्यहीं
जोत्दा खन्दा कठै ! लाखौं प्राणीको घात गर्दछन्"

चङ्क्रम्यमाणा जीवांश्च धरणी-संश्रितान् बहून् ।
पद्भ्यां घ्नन्ति नरा विप्र तत्र किं प्रति भाति ते ॥२०८।२०॥

"हिंड्दा, डुल्दा सबैतर्फ मर्छन् प्राणी अनेकन,
'हिंसै गर्दिन' भन्नेले पनि सक्दैन जोगिन"

अहिंसायां तु निरता यतयो द्विज सत्तम ।
कुर्वन्त्येव हि हिंसां ते यत्ना दल्पतरा भवेत् ॥२०८।२४॥

"हो यो कुरा भने मान्छु जो हिंसा त्याग्न खोज्दछ
हिंसा गरे पनी त्यस्ले क्यै कम्ती गर्न सक्तछ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यक्ष–युद्धिष्ठिरसंवाद

(महाभारतका प्रश्नोत्तर संवादमध्ये यो संवाद ज्यादै प्रसिद्ध छ। एक पटक वनमा घुम्दा घुम्दा पाँचै भाइ पाण्डव अत्यन्त तिर्खाएका थिए, महाराज युधिष्ठिरले नकुललाई पानी खोजेर ल्याउन पठाए, नकुल एक तलाउमा पानी लिन पुगे, त्यहाँ पुगेर उनले पानी खाएर भनें उद्देश्यले हात अगिसारे, यत्तिकैमा त्यस निर्जन जंगलबाट कसैको आवाज आयो––

मा तात साहसं कार्षी मम पूर्व परिग्रहः।
प्रश्नानुक्त्वा यथा कामं पिबस्व च हरस्च च ।।३१२।१२।।

"बाबु ! यो ताल मेरो हो न लेऊ यति साहस,
पछि चलाउला पानी प्रश्नको दिई उत्तर"

तर नकुललाई असाध्यै तिर्खा लागेको थियो, यसर्थ उनले त्यस आवाजमा उति ध्यान दिन सकेनन् र पानी पिए। तर पिउनेबित्तिकै उनी मूर्छा परेर लडिहाले।

नकुल धेरै बेरसम्म नफर्केकाले बाँकी पाण्डवमा चिन्ता पर्‍यो महाराज युधिष्ठिरले सहदेवलाई खोजी गर्न पठाए, तलाउनेर पुगेपछि नकुलको मृतप्रायः दशाबाट उनमा शोक छायो, तर स्वयं उनलाई अझ कठोर तिर्खा लागेको थियो, यस कारण उनले पानी पिएर दाजुहरू भएका ठाउँमा यो खबर लैजान खोजे परन्तु उनले पानी पिउन आँट्दा पनि उस्तै आवाज आयो, र उनले पनि नकुलकै झैं नै पानी पिए, फलस्वरूप उसरी नै उनलाई मूर्छा पर्नुपर्‍यो।

अनि क्रमशः अर्जुन र भीमको पनि यही दशा भयो। अन्त्यमा स्वयं महाराज युधिष्ठिर त्यहाँ पुगे, घनघोर जंगलका माझमा (भ्याउँकिरी र विभिन्न बनेली चरा-चरीहरूको आवाजले वनको शून्यतालाई तीव्र पारिदिएको थियो। त्यो तलाउ ठूलो र गहिरो भान हुन्थ्यो, किनारमा पुग्नेबित्तिकै उनले आफ्ना इन्द्रसमान चार भाइलाई प्राणहीन भएर पल्टेका देखे, दया र करुणाका मूर्ति युधिष्ठिर आफ्ना प्राणप्रिय भाइहरूको त्यस दशाबाट अत्यन्त कातर भए, उनका आँखामा आँसु भरिए, तलाउका किनारमा बसेर राजा विलाप गर्न थाले। धेरै बेरको विलापपछि उनले यो निश्चय गरे कि भाइहरू आफ्नै कालगतिले मरे। उनीहरूको आयुनै यत्ति रहेछ। यसर्थ मैले यहाँ चिन्ता गर्नु व्यर्थ छ। यो ठानेर उनी स्वयं पनि तलाउमा प्रवेश गर्न अगि बढ्दै यत्तिकैमा आवाज आयो–

"राजपुत्र ! तिम्रा चारै भाइ मार्ने बकुल्लो मै हुँ. अब पाँचौं तिमी हुन्छौ कि ठानेको छु, मैले केही प्रश्न गर्दछु जो त्यसको उत्तर दिदैन, त्यसलाई म यही गतिमा पुर्‍याउँछु"

राजाले तलाउका एक किनारामा हेरे साँच्चै नै एउटा बकुल्लो आफूतिर फर्केर बसेको रहेछ, उनले विनम्र भएर बकुल्लालाई भने–

"तपाईं कुनै ठूलो देवता हुनुहुन्छ, चराले मेरा भाइलाई मार्न सक्तैनन्, यसर्थ आफ्नो परिचय दिएर प्रश्न गर्नुहोस् म यथाशक्य उत्तर दिन प्रयास गर्नेछु–

चराले आफूलाई एक यक्ष बतायो र बकुल्लाको रूप छोडेर वास्तविक रूप प्रकट गर्‍यो, त्यसको वास्तविक रूप अत्यन्त भयानक थियो। युधिष्टिर महाराजसँग त्यही रूपमा उसले प्रश्न गरेको थियो। ती प्रश्नोत्तरमध्ये यहाँ केही मात्र प्रश्नोत्तर प्रस्तुत गरिएको छ।

(प्रश्न- महाराज ! भूमिभन्दा ठुली स्वर्गभन्दा बडा,
तृणभन्दा बढी र हावा भन्दा छिटो के हुन्छ ?)

माता गुरुतरा भूमेः खात् पितोच्चतर स्तथा।
मनः शीघ्रतरं वाताच्चिन्ता बहुतरी तृणात् ।३१३।६०

"भूमिभन्दा ठुली आमा, स्वर्गभन्दा बडा पिता,
तृणभन्दा बढी चिन्ता हावाभन्दा छिटो मन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रश्न – निद्रा पर्दा पनी आँखा केले चिम्लन्न ?
उत्तर मत्स्यले,

प्रश्न–किं स्वित् सुप्तं न निमिषति किं स्विज्जातं न चोपति,
कस्य स्विद् हृदयं नास्ति, किं स्विद् वेगेन वर्धते ।।३१३।६१

प्रश्न – जन्मदा चल्बलाउन्न के कुरा ?
उत्तर फुल नै बुझे,

प्रश्न हुँदैन मन के के को ?
उत्तर – ढुङ्गाको मात्र हुन्न है,

उत्तर–मत्स्यः सुप्तो न निमिष त्यण्डं जातं न चोपति ।
अस्मनो हृदयं नास्ति नदी वेगेन वर्धते ।।३१३।६२

प्रश्न – बेगपूर्वक के बढ्छन् ?
उत्तर – खोलानालाहरू सबै,

(प्रश्न –……संसारमा सबभन्दा ठूलो शत्रु, दीर्घरोग, सर्वश्रेष्ठ महात्मा र असाधु ककसलाई मान्ने ?)

क्रोधः सुदुर्जयः शत्रुर्लोभो व्याधिरनन्तकः ।
सर्वभूताहितः साधुरसाधुर्निर्दय स्मृतः ।। ३१३।९२

उत्तर– "क्रोध नै शत्रु हो ठूलो, लोभ नै दीर्घरोग हो,
दयालु नै महात्मा हो, निर्दयी नै असाधु हो,"

(प्रश्न – स्थिरता, धैर्य, स्नानकर्म र दानधर्म भनेको के हो ?)

स्वधर्मेस्थिरता स्थैर्यं धैर्यमिन्द्रिय निग्रहः ।
स्नानं मनोमलत्यागो दानं वैभूतक्षणम् ।।३१३।९६

उत्तर– "स्थिरता हो स्वधर्मैमा राम्ररी अडिनेपन,
धैर्य हो वशमा राख्नु यी सारा इन्द्रियैकन,
मनलाई सफा राख्ने कर्म नै स्नानकर्म हो,
सम्पूर्ण जीवको रक्षा गर्नु नै दानधर्म हो"

(प्रश्न – महाराज युधिष्ठिर ! तपाईं यो बताउनुहोस् कि तपाईंलाई कस्तो गृहस्थी मानिस सुखी लाग्दछ ?)

पञ्चमेऽहनि षष्टे वा शाकं पचति स्वेगृहे ।
अनृणी चाप्रवासी च स वारिचर ! मोदते ।। ३१३।११५

उत्तर– "साग सिस्नु पनी खान नपाओस् दिनहूँ तर,
रीन लागी विदेशिन्न भने त्यै हो सुखी नर"

अहन्यहनि भूतानि गच्छन्तीत यमालयम् ।
शेषास्थविरमिच्छन्ति किमाश्चर्यमतः परम् ।। ३१३।११६

(प्रश्न – संसारमा तपाईं के कुरालाई सान्है 'अचम्म' को मान्नुहुन्छ ?)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर- "दिनहुँ मर्दछन् मान्छे बाँकीले पनि मर्नु छ,
तैपनि मर्नको चिन्ता लिन्न क्वै यै अचम्म छ"

(प्रश्न– तपाईं संसारमा वास्तविक पण्डित भनेर पढ्ने पढाउनेहरूमा कसलाई मान्नुहुन्छ ?)

उत्तर- "पढने पढाउने मिल्छन् शास्त्रका गफडी सब,
पढे भैं गर्छ जो काम त्यै हो पण्डित वास्तव"

पठकाः पाठकाश्चैव ये चान्ये शास्त्र चिन्तकाः।
सर्वे व्यसनिनो मूर्खा यः क्रिय वान् स पण्डितः ॥३१३।११०

(प्रश्न- आफ्नो कर्तव्य सदाचार छोडेको तर महान् विद्वान् ब्राह्मणलाई तपाईं कस्तो मान्नुहुन्छ ? ब्राह्मणैमा गन्नु हुन्छ कि गन्नुहुन्न ?)

चतुर्वेदोऽपि दुर्वृत्तः स शुद्रादतिरिच्यते ॥ ३१३।१११

उत्तर- "चारै वेद पढोस् जस्को छैन आचार सुन्दर,
त्यो ब्राह्मणकनै गन्नू शूद्रभन्दा पनि तल"

(प्रश्न- तपाईं वास्तविक 'धनी' भनेर कसलाई मान्नु हुन्छ ?)

तुल्ये प्रिया प्रिये यस्य सुख दुःखे तथैव च।
अतीतानागते चोभे सेव सर्वधनीनरः ॥ ३१३।१२१

उत्तर-"जस्का निम्ति समानै छन् सुख दुःख प्रिया प्रिय,
त्यस्तै भूत भविष्यत् छन् भने त्यै हो धनी नर"

यदा धर्मश्च कामश्च परस्पर वशानुगौ।
तदाधर्मार्थ कामानां त्रयाणामपि संगमः ॥ ३१३।१०२

(प्रश्न- परस्पर विरोधी छन् धर्मार्थ काम यी तर-मिल्दछन् कि कहीं कैल्यै भनिदेऊ युधिष्ठिर !)

उत्तर- धर्म संभी विहेबारी गरी सम्पत्ति जोडनू।
'धर्मार्थकाम' यिनलाई मिलाएँ भनिठाननू ?

(प्रश्न- महाराज ! धर्मको मूल मार्ग कुन हो ?)

तर्कोऽप्रतिष्ठः श्रुतयो विभिन्ना।
नैको ऋषिर्यस्य मतं प्रमाणम्ः।
धर्मस्य तत्वं निहितं गुहायां
महाजनो येन गतः स पन्थाः ॥ ३१३।११७

उत्तर- "अनन्त छन् तर्क अनेक शास्त्र छन्
कस्को कुरा मान्नु ? ऋषी प्रशस्त छन्।
मन् छोपयो धर्म कुरै कुराले,
हो मार्ग त्यै जो हिंडियो बडाले"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रश्न- महाराज ! ब्राह्मण बन्ने कुलमा जन्मेर, पढेर, गरेर सत्संग वा असल आचरण गरेर के हुन्छ?-)

शृणु यक्ष कुलं तात नस्वाध्यायो न च श्रुतम् ।
कारणं हि द्विजत्वे च वृत्तमेव न संशयः ।। ३१३।१०८

उत्तर- "सुन्नोस् यक्ष ! पढी, जन्मी, सत्संग गरे पनि, हुन्न ब्राह्मण त्यो नाम मिल्छ राम्रा गरे हुँदी"

प्रश्न- महाराज ! एक सामान्य गृहस्थीलाई जोगी, ब्राह्मण, सामाजिक नाचगान, आफ्नै छोरा-छोरी र सरकारसमेतमा आफूले कमाएको धनको केही अंश दिनुपर्छ, भन्नुहोस् उपर्युक्त यी विभिन्न पात्रमा दान दिंदा उक्त गृहस्थीले के को चीज पाउने आशा गरेको हुन्छ ?

धर्मार्थं ब्राह्मणे दानं
यशोर्थं नट नर्तके ।
भृत्येषु भरणार्थं वै
भयार्थं चैव राजसु ।। ३१३।७९

"धर्मका निम्तिमा दान गर्छन ब्राह्मण आदिमा'
कीर्तिका निम्तिमा पैसा दिन्छन नाच र गानमा,
खाऊन् लाऊन् यिनै ठानी अर्पन्छन् पुत्रवर्गमा,
आफ्नै निर्भयता निम्ति सौंपन्छन् सरकारमा"

प्रश्न- महाराज ! तपाईं यस संसारलाई कस्तो ठान्नुहुन्छ ?

अस्मिन् महामोहमये कटाहे
सूर्याग्निना रात्रिदिवेन्धनेन
मासर्तु दर्वी परि घट्टनेन
भूतानि कालः पचतीति वार्ता ३१३।११८

उत्तर यक्षदेव म संसारलाई एउटा केही पकाइरहेको भाँडो जस्तो मान्छु हेर्नोस् यहाँ कस्तो छ-

रची महामोहरूपी कराई ही)
ऋतु महीना पनि यो चलाई
सूर्याग्नि रातो-दिन दाउराले
पकाउँछन् विश्व समस्तलाई

यसरी यक्षले सम्पूर्ण प्रश्नहरूको सन्तोषजनक उत्तर पाएपछि युधिष्ठिरतिर फर्केर भन्यो 'महाराज ! तपाईंका उत्तरबाट म प्रसन्न छु, यसर्थ तपाईंका चार भाइमध्ये एउटा भाइलाई म बचाइदिन चाहन्छु भन्नुहोस् कुन भाइलाई बचाइदिऊँ ?' उत्तरमा युधिष्ठिरले नकुललाई बचाउन अनुरोध गरे । युधिष्ठिरको यो उत्तर सुनेर यक्ष अति चकित भयो र बोल्यो- "युधिष्ठिर ! वीर भीम र अर्जुन जस्ता आफ्नै आमापट्टिका पराक्रमी भाइलाई छोडेर सौतेनी भाइ नकुललाई बचाउने यो के प्रस्ताव राख्नुभएको हो, तपाईंले ?" युधिष्ठिरको उत्तर यस्तो थियो—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुन्ती चैव च माद्री च द्वे मार्ये तु पितुर्मम ।
उभे सपुत्रे स्यातां वै इति मे धीयते मतिः ।। ११३।१३१

" मेरा पिताजका पत्नी कुन्ती माद्री दुबै हुँदा ।
* बाँचुन् पुत्र दुवैका नै शोचेको हुँ, बँचाउँदा"

यो सुनेर अति प्रसन्न यक्षले भन्यो – "बाबु ! म तिम्रो जन्मदाता पिता हुँ, तिम्रो सत्य परीक्षा गर्न मैले यसो गरेको थिएँ, तिम्रा सबै भाइ जीवित छन्; तिनलाई म जगाइदिन्छु, साथै तिमीलाई दीर्घायु बनेर धर्मपूर्वक जीवन बिताउन सक्ने आशीर्वाद दिन्छु ।"

सती सावित्रीका सद्विचार

(महाभारतका प्रसिद्ध उपाख्यानहरूमध्ये सावित्री सत्यवान्को उपाख्यान अन्यतम हो, एक कर्तव्यपरायण नारीबाट मृत पतिलाई जीवित राख्ने काम पनि असम्भव छैन भन्ने उदाहरण र नारीजातिलाई दिनुपर्ने आत्मबलको प्रमाणका रूपमा यस कथालाई हेरिन्छ. वन पर्वको २९३ अध्यायदेखि २९९ अध्यायसम्मको ५ अध्यायमा वर्णित यो उपाख्यानलाई 'पतिव्रता माहात्म्य पर्व' भन्ने नाम राखिएको छ । सावित्री वैभवशाली महाराज अश्वपतिकी छोरी थिइन्, सत्यवान् राज्यबाट निर्वासित वनवासी द्युमत्सेनका छोरा थिए, छोरी सावित्री विवाहयोग्य भएको देखेर एक दिन राजा अश्वपतिको मनमा चिन्ता पऱ्यो––

अप्रदाता पिता वाच्यो वाच्यश्चानुपयन् पतिः ।
मृते भर्तरि पुत्रश्च वाच्यो मातुररक्षिता ।। २९३।३५

" छोरी युवती भै सक्दा बिहा गर्दिन्न जो पिता,
ऋतुमा त्याग पत्नीको गर्छन् जो पति देवता,
विधवा वृद्ध आमाको सेवा गर्दैन पुत्र जो,
निन्दा पात्र सबै हुन् यी भन्ने नीति छ शास्त्र को "

(राजदरबारमा एक दिन नारदले आएर सत्यवान्को प्रशंसा गरेर सत्यवान् भन्ने नाम रहनाको कारण-समेत बताएर सत्यवान्का मातापिताको पनि प्रशंसा गरेका थिए––)

सत्यं वदत्यस्य पिता सत्यं माता प्रभाषते ।
तथाऽस्य ब्राह्मणाश्चक्रुर्नामैतत् सत्यवानिति ।।

"बोल्दछन् सत्य बुबा यिन्का सत्यै बोल्छिन् मुमा पनि
‡ राखे यै हेतुले यिनको नाम नै सत्यवान् भनी "

(यी प्रशंसा र सत्यवान्को दुःख सुनेकी राजकुमारी सावित्रीले स्वयं सत्यवानकी पत्नी बनेर उनका दुःखी माता-पिताको सेवामा सहयोगिनी बन्ने निश्चय गरेकी थिइन्, तर अकस्मात् सत्यवान्को आयु साह्रै छोटो छ भन्ने कुरा पनि दरबारमा थाहा भयो, सावित्रीले अल्पायु सत्यवान्सँगै विवाह गर्ने इच्छा लिएको थाहा पाएका राजाले छोरीलाई त्यो निश्चय बदल्न अनुरोध गरे, तर सावित्रीले एक नारीका निमित्त विवाह गर्ने जस्तो कुरा मान्छे बदली बदली निर्णय गर्नु अपमान ठानिन् । बाहिरी दृष्टिले सत्यवानसँग उनको विवाह त के विवाहको पूर्व निर्णय पनि गरिएको थिएन, औपचारिक निर्णय नगरिएको भए पनि सावित्रीको आत्माले यो कुरा निश्चय गरिसकेको थियो, यसर्थ कत्ति क्लेश नखाईकन उनले पितालाई भनिन्––)

---

*अर्थात् पाण्डुका दुई रानी कुन्ती माद्रीमध्ये युधिष्ठिर, भीम, अर्जुन कुन्तीका छोरा थिए र नकुल र सहदेव माद्रीका छोरा थिए । कुन्ती पुत्रमध्ये आफू एक जना जीवितै रहेकाले माद्री पुत्रमध्ये पनि एक जनालाई जीवित राख्न युधिष्ठिर चाहन्थ्ये, माद्रीका दुई पुत्रमा पनि नकुललाई रोज्नाको उद्देश्य कुन्ती पुत्रमा आफू ज्येठो बाँकी रहेकाले माद्रीकोमा पनि जेठै पुत्र बाँचोस् भन्ने उद्देश्य हो ।

‡आफू मात्र सत्यवादी भएको भए 'सत्यवान्' नभएर 'सत्यवाक्, सत्यवादी' आदि नाम हुनुपर्थ्यो भन्ने नारदको आशय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सकृदंशो निपतति सकृत् कन्या प्रदीयते ।
सकृदाह ददानीति त्रीण्येतानि सकृत् सकृत् ॥२९४।२६

"कन्या दान अरू दान अंशवण्डा भयो यति,
गरिन्नन् दोहोऱ्याएर बोली फुत्किसकेपछि,

दीर्घायुरथवाल्यायुः सगुणो निर्गुणोऽपिवा,
सकृद् वृतो मया भर्ता न द्वितीयं वृणोम्यहम् ॥२९४।२७

"दीर्घायु होस् कि अल्पायु जे जे होस् गुन वैगुन,
पति वरें वरें अर्को कस्तै होस् अब वरिदन"

(आखिर छोरीको निर्णय बदल्न नसकिने बुझेर राजाले सत्यवानसँग तुरुन्तै बिहा गरिदिए। सावित्रीले सत्यवानको अल्यायु मात्र होइन मर्ने दिनसमेत पत्तो लगाएकी थिइन्, एक्लै पतिको र सासू ससुराको सेवामा वनको जीवन आरम्भ गरिन्, सत्यवान दिउसो दाउरा र अरू फलफूलका काममा वन जान्थे, राति आउँथे, उनलाई आफू अल्यायु भएको कुरा थाहा थिएन, पतिका निमित्त नारीले लुकाउने कुरा केही पनि हुँदैन भन्ने जानेकी सावित्रीले पतिलाई चिन्ता नपरोस् भनेर यो कुरा भने लुकाएकी थिइन्, अन्त्यमा त्यो मृत्यु हुने महीना र दिन पनि आयो, सधैंको झैं सत्यवान बञ्चरो लिएर वन जान त्यस दिन पनि तयार भए, तर सधैं दिउसो घर बस्ने सावित्री त्यो दिन पतिलाई छोडेर घर बस्न सकिनन्, उनको मुख हँसिलो बनाउँछु भन्दा भन्दै पनि एकदम फिक्का भइसकेको थियो, नराम्रा सपना पनि देखिसकेकी थिइन्। यस कारण आजलाई सँगै जान्छु भनेर अनुरोध गरिन्, सत्यवानलाई स्वीकार गर्न करै लाग्यो। दुवै वन गए। वनमा सत्यवानलाई अकस्मात् कपाल दुःख्न थाल्यो, वृक्षका छायामा सावित्रीका काखमा शिर राखेर उनी पल्टिए, एक छिनपछि रिङ्टा पनि आउन थाल्यो र क्षणभरमै विहोश भएर उनको मृत्यु पनि भयो।

सावित्री साधारण आइमाईका झैं रुन कराउनपट्टिभन्दा युवक पतिको अकारण मृत्युको प्रतीकारको निमित्त कस्सिइन्। उनी आदर्श पतिव्रता नारी थिइन्। यस कारण उनको असाधारण शक्ति थियो। पतिको (मृतात्मालाई) लिएर हिंड्ने यमराजलाई उनले देखिन्, पतिको प्राणहीन लाशलाई कुरेर रोएर बस्नुभन्दा खास जीवात्माका पछि लाग्नु उनलाई उचित लाग्यो, उनी पनि यमराजका पछिपछि हिंडिन्। पतिको लाश छोडेर चूपचाप आपना पछि लागेर आएकी सावित्रीलाई देखेर यमाराज चकित भए, उनले मान्छेकै बोलीमा प्रष्ट सोधे--"सावित्री ! तिमी कता जान हिंडेकी ?" सावित्रीले सरल उत्तर दिइन्।

यत्र मे नीयते भर्ता स्वयं वा यत्र गच्छति,
मया च तत्र गन्तव्यमेष धर्मः सनातनः ॥२९७।२१

"मेरा पति जहाँ जान्छन् लगिन्छन् वा जता जता,
मेरो धर्म यही हो म जानुपर्छ त्यता त्यता"

सावित्रीका उत्तरबाट यमराज प्रभावित भए। उनले सावित्रीसँग सोधे-"सावित्री ! तिमी के चाहन्छ्यौ ?" उनले 'म तपाईं सित केही प्रश्न गर्न चाहन्छु' भनेर कैयौं गम्भीर प्रश्न गरिन्। ती प्रश्नहरू समस्त आध्यात्मिक तत्वसँग सम्बन्धित थिए, सावित्रीका ती उच्च विचारहरूबाट प्रभावित यमराजले उनलाई स्वर्ग या अन्य विविध सुखको वरदान माग्न लगाए, तर सतीशिरोमणि सावित्रीले दृढ हृदय बनाएर यस्तो उत्तर दिइन्--

न कामये भर्तृ विना कृता सुखम्
न कामये भर्तृ विना कृता दिवम् ।
न कामये भर्तृ विना कृता श्रियम्
न भर्तृ हीना व्यवसामि जिवितुम् ॥२९७।५३

"चाहन्न प्यारा पतिलेविना सुख,
विनापत स्वर्ग पनी म खोज्दिन,
चाहन्न ऐश्वर्य पति स्वयं नभै
अर्थात् वनाप्राण म बाँच्न सक्तिन"

सावित्रीले यमराजलाई निम्नसूक्ति भनेर पतिविना फर्कनु उहाँकै निम्ति लज्जा हो भन्ने संकेत गर्न पनि ढिलाइनन्।

सतां सकृत्संगतमीप्सितं परं
ततः परं मित्रमिति प्रचक्षते ।

"संगै पनी उत्तम हो बडासँग
हो मित्रता श्रेष्ठ कुरो त्यहाँ अझ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न चाफलं सत्पुरुषेण संगतम्
ततः सतां सन्निवसेत् समागमे २९७।३०

अकार्थमा जान्न कबै सुसंगत
जहाँ बडा छन् त्यस ठाउँमा बस
साथै

अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा ।
अनुग्रहश्च दानं च सतां धर्मः सनातनः ।। २९७।३५

यै हो सज्जनको धर्म-दान गर्नु दया लिनु
मन, कर्म र वाणीले जगतै नरुवाउनु"

अन्त्यमा यमराजले प्रसन्न भएर वर माग्न अनुरोध गरे सावित्रीले आफ्ना पितालाई पुत्र सन्तान, आफ्ना ससुरालाई आफ्नो गुमेको राज्य र आफुलाई पुत्र प्राप्ति हुने वर मागिन्, प्रसन्न यमराजले तथास्तु भने, तर पतिव्रता-शिरोमणि सावित्रीलाई आफुबाट पुत्र जन्मने वरदानमा शंका लाग्यो । किनकि पतिविना सन्तान हुने कुरा सम्भव नहुनाले यमराजको बचन पूरा गर्न पराइबाट सन्तान हुने आपत्ति पो थपिने हो कि ? यसर्थ उनले त्यस 'वर' का विषयमा फेरि कुरा झिकिन् ।

वरातिसर्गः शतपुत्रता मम
त्वयैव दत्ता ह्रियते च मे पतिः ।
वरं वृणे जीवतु सत्यवानयं
सदैव सत्यं वचनं भविष्यति ।। २९७।५४

"सन्तानको जो वरदान पाइयो
हुँदैन सन्तान पति स्वयं नभै
हजूरकै वाक्य वृथा नपार्न म
पाउँ अब प्राण म सत्यवान्जीमै"

सावित्रीको यस सतर्कतामा यमराज प्रसन्न भए र आफूले बाँधेर लगेको सत्यवानको सूक्ष्म शरीरलाई फुकाएर उनले भने-"सावित्री ! लौ तिम्रो पतिको जीवन लैजाऊ ! म तिम्रो सद्भावनाबाट प्रसन्न छु, तिम्रो दाम्पत्य जीवन अत्यन्त सुखमय हुनेछ र चार सयवर्ष सम्म तिमी दुवै बाँच्नेछौ" सावित्रीले आफ्ना पतिको प्राण फिर्ता ल्याइन् ।

विविध सूक्तिहरू

मद विधस्य यशस्यं हि न युक्तं प्राणरक्षणम् ।
युक्तं हि यशसो युक्तं मरण लोकसम्मतम् ।। ३००।२८

"योग्य छैन विना कीर्ति खोज्नु दीर्घायु जीवन,
बरू कीर्ति कमाएर चाँडै मर्नु छ उत्तम"
—कर्ण

विषमावस्थिते दैवे पौरुषेऽफलतां गते ।
विषादयन्ति नात्मानं सत्वोपाश्रयिणो जनाः ।। ७९।१४

"दैव वायाँ हुँदा बन्दा आफ्नो उद्योग निष्फल,
पिरल्दैनन् स्वयंलाई कैल्यै सात्त्विक मानिस"
—राजा बृहदश्व

भार्याभिहर्ता वैरी यो यश्च राज्यहृते रिपुः ।
याचमानोऽपि संग्रामे नमोक्तव्यः कथंचन ।। २७१।४६

"पत्नी हरण गर्ने र राज्य हर्नेहरूकन,
क्षमा मागे पनि हुन्न कैल्यै जीवित छोडन"
— द्रौपदी

व्रजे वाऽप्यथवाऽरण्ये यत्र सन्ति बहुश्रुताः ।
तत्तन् नगर मित्याहुः पार्थ तिर्थं च तत् भवेत् ।। २००।९२

"गाउँ होस् वन होस् जे होस् जहाँ पण्डित बस्दछन्,
त्यै हो सदरिया ठाउँ त्यै हो तीर्थ महान् पनि"
- मार्कण्डेय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीर्तिर्हि पुरुषं लोके संजीवयति मातृवत् ।
अकीर्तिर्जीवितं हन्ति जीवतोऽपि शरीरिणः ॥ ३००।३२

"आमा झैं कीर्तिले राख्छ ज्यूँदै मृत्युपछी पनि
मारिदिन्छ अकीर्तिले सास फेरि रहे पनि"
—कर्ण

सर्वः सर्वं न जानाति सर्वज्ञो नास्ति कश्चन ।
नैकत्र परिनिष्ठास्ति ज्ञानस्य पुरुषे क्वचित् ॥ ७२।८

"एउटैमा सबै विद्या अटाउन्नन सँगै अगि,
सबैले सब जान्दैनन् सर्वज्ञ हुन्न क्वै पनि"
राजा बृहदश्व,

कर्म खल्विह कर्तव्यं जानताऽमित्रकर्शन ।
अकर्माणो हि जीवन्ति स्थावरा नेतरे जनाः ॥ ३२।३

"जान्ने मानिसले पर्छ कर्मनै गर्न वास्तव,
क्यै पनि नगरी बस्न सक्छन् स्थावर केवल"
- द्रौपदी

यस्य चार्थार्थमेवार्थः स च नार्थस्य कोविदः ।
रक्षेत भृतकोऽरण्ये यथा गास्तातादृगेवसः ॥ ३३।२४

"पैसाका निम्ति पैसा जो जोड्छ जान्दैन अर्थ त्यो,
ग्वालाले गाइ हेरे झैं त्यो अर्कालाई मात्र ह"
- भीम

निकृत्या निकृतिप्रज्ञा हन्तव्या इति निश्चय ।
न हि नैकृतिकं हत्वा निकृत्या पाप मुच्यते ॥ ५२।२२

"जाली दुष्टहरूलाई जालैले मर्न योग्य छ,
जालीमा जाल गर्नाले पाप लाग्दैन निश्चय"
— भीम

न चाशुचिर्नाप्यनिर्णीक्तपाणि-
नाब्रह्मविज्जुहुयान्नाविपश्चित् ।
बुभुक्षवः शुचिकामा हि देवा
नाश्रद्दधानाद्धि हविर्जुषन्ति ॥ १८६।१८

"जो वेद जान्दैन पवित्र छैन
नहोम्नु त्यस्ले चरु अग्निमाथि,
धौता रूभव पवित्र खोज्छन्
खान्नन् त्यसै हत्पत हात थापी"
- सरस्वती

अतिवेल हि योऽर्थार्थी नेतरावनुतिष्ठति ।
स वध्यः सर्वभूतानां ब्रह्महेव जुगुप्सितः ॥ ३३।२५

"जो खाली धन चाहन्छ लागू छ धन जोड्न मा
धर्म या भोगका निम्ति कत्ति सक्तैन खर्चन,
ठान्दिन त्यो खुचालाई ब्रह्मघातीसरी भनी,
त्यस्तालाई त मान्छेले हुन्छ मारिदिए पनि"
—भीम

सर्वथा संहतै रेव दुर्बलै र्बलवानपि ।
अमित्रः शक्यते हन्तुं मधुहा भ्रमरैरिव ॥ ३३।७०

एकताले गरी जित्छन् दुर्बली बलवानकन,
आँटेमा सक्दछन् मौरी महकाढन रोकन,
—भीम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुत्र आत्मा मनुष्यस्य
भार्या दैवकृतः सखा
उपजीवनं च पर्जन्यो
दान अस्यपरायणम् ।। ३१३।७२

मान्छेको देखिने आत्मा–आफ्नै 'औसर पुत्र' हो।
भाग्यले पाइने साथी– 'पत्नी' नै हो मनुष्यको ॥
वातावरण बस्तीको हो उस्को उपजीवन,
यस्तै मानवता त्यै हो बन्नू 'दान परायण'
—युधिष्ठिर

मन्त्रयेत् सह विद्वद्भिः
शक्तैः कर्माणि कारयेत् ।
स्निग्धैश्च नीति विन्यासान्
मूर्खान् सर्वत्र वर्जयेत् ।। १५०।४५

विद्वान्का साथमा मात्र सल्लाह गर्न योग्य छ,
पारलाउन सक्नेमै काम सौंपनु पर्दछ,
प्रेमीद्वारै हुनूपर्छ सामदानहरू सब
तर छोडिदिनूपर्छ सर्वत्र मूर्ख मानिस,
-हनूमान्

अन्तरेणापि कौन्तेय निकृतिं पापनिश्चयम् ।
हन्ता त्वमसि दुर्धर्ष ! सानुबन्धं सुयोधनम् ।। ५२।३९

बिना छल तिमी सक्छौ मार्न दुर्योधनैकन,
बाबु ! शक्ति छँदै आफ्नो, छल गर्नु पर्‍यो किन ?
—युधिष्ठिर (भाइहरू प्रति)

पुण्यतीर्थाभिषेकं च पवित्राणां च कीर्तनम् ।
सद्भिः संभाषणं चैव प्रशस्तं कीर्त्यते बुधैः ।। २००।९४

पवित्र तीर्थको स्नान, महापुरुष कीर्तन,
संत्संगति, यती तीन एकै मान्छन् बडा जन,
-मार्कण्डेय

असंशयं प्रजाहेतो भार्यां पति रविन्दत ।
यातु त्वयि मम प्रीतिस्तामृषे कर्तुमर्हसि ।। ९७।१६

सन्तान प्राप्तिका निम्ति मात्र पत्नी-समागम'
गर्ने कुरा पनी ज्यादै राम्रो हो भान मान्छु म
तर दाम्पत्य प्रीतिको मूल्य जो छ महर्षि जी !
सन्तानोत्पत्तिले मात्र पूर्ण अल्लि हुँदैन कि ?
–विदुषी लोपमुद्रा
(आफ्ना पतिप्रति)

अस्थिरत्वं च संचिन्त्य पुरुषार्थस्य नित्यदा ।
तस्योदये व्यये चापि न चिन्तयितु मर्हसि ।। ७९।१२

"जानेर सुख सम्पत्ति सबैको हुन्छ अस्थिर,
त्यो आवस् अथवा जावस् नलेऊ मनमा पिर"
-महर्षि वृहदश्वा

अहोबत महत् कष्टं विपरीतमिदं जगत् ।
येनापत्रपतेसाधुरसाधुस्तेन तुष्यति ।। २।६४

"अहो संसारको चल्ती कती उल्टो छ हेरत !
जेले सज्जनमा शर्म त्यसैले दुष्टमा सुख !!"
--शौनक ऋषि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चक्षुर्दद्यान्मनोदद्याद् वाचं दद्यात्सु भाषितम् ।
उत्थाय चासनं दद्यादेषधर्मः सनातनः । २।५६

“राम्ररी हेर्दिनू राम्रा कुरा हाँसेर गर्दिनू
धर्म यै हो सबैलाई उठी आसन सौंपनू”
--युधिष्ठिर

तत आयव्ययौ दृष्ट्वा समौ सममतिर्द्विजः ।
सर्वथा प्राणिनां पीडा मुपादानादमन्यत ।। ९८।६

‘आय व्यय’ दुवै उन्को जब देखे बराबर
शोचे ‘माग्नु यहाँ माथि हो प्रजालाइ नै कर’
(तसर्थ लोकमा भार न थप्ने मनशायली
‘श्रुतर्वा’ नृप छोडेर हिंडे अन्तै अगस्त्यजी’
–महर्षि लोमश

करोमि यद्वो हितमद्य देवा
स्वं चापि देहं स्वयमुत्सृजामि ।। १००।२१

यो नाशिने तुच्छ शरीरबाट
न नाशिने काम बनाइदिन्छु
समाज सेवा गरना निमत्त
आफैं म यो प्राण चढाइदिन्छु
–महर्षि दधीचि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विराटपर्व

(चार)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१– विराटपर्वको कथासार

२– सेवानीति

३– द्रौपदी-विलाप

४– विविध सूक्तिहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विराटपर्वको कथासार

१२ वर्षको वनवास सकेपछि १ वर्ष गुप्तवास बस्न पाण्डवहरू विराटनगर जान्छन् । राजा विराटकहाँ १ वर्षसम्म बस्नका निमित्त उनीहरूले आपसमा आफ्नो पेशा, नाम र पहिरन पनि बदल्छन् । युधिष्ठिर राजा विराटलाई जब विनोद गराउन कङ्क नामक बाहुन बन्दछन् भीमसेन 'वल्लव' नामक बाहुन बनेर भान्छे बन्ने राय प्रकट गर्दछन् , अर्जुन राजा विराटकहाँ संगीत र नृत्यको प्रशिक्षकका रूपमा बस्न नपुंसक बन्ने निर्णयमा पुग्छन् र आफ्नो नाम 'बृहन्नला' राख्छन् , नकुलले राजदरबारमा त्यस बेलाको काम गर्ने बनेर जाने र आफ्नो नाम 'ग्रन्थिक' राख्ने विचार पोख्छन् , सहदेव 'तान्तिपाल' नाम राखेर गौशालामा काम गर्ने कुरा व्यक्त गर्दछन् , द्रौपदी सैरन्ध्री बनेर विराट रानीका सेवामा बस्ने योजना बताउँछिन् । यसरी सल्लाह गरेर उनीहरूले आफ्ना हातहतियार कपडामा बेन्हेर विराटनगर मार्गको एक विशाल शमीका रूखमा टाँगेर राख्छन् र त्यहाँ कुनै मान्छे नचढोस् भन्ने उद्देश्यले एउटा मान्छेको मुर्दासमेत झुण्डाइदिन्छन् । अनि माथिको सल्लाहअनुसार उनीहरूको विराटनगरमा प्रवेश हुन्छ ।

आफू आफूले रोजेको पेशाअनुसार नै उनीहरू विराटनगर पुगेर बस्न थाल्दछन् । यसरी बस्दा बस्दै द्रौपदीको सौन्दर्यबाट त्यहाँका सबै मुग्ध हुन्छन् तापनि स्वयं महाराज विराटको सालो कीचक द्रौपदी (सैरन्ध्री) लाई पत्नी बनाउने दुःसाहस गर्छ, विराटरानी सुदेष्णा पनि यसमा सहायिका हुन्छिन् ; केही काम गराएर उनी द्रौपदीलाई भाइ कीचककहाँ पठाउँछिन् , त्यहाँ उसले द्रौपदीलाई जबरजस्ती समाउँछ, द्रौपदी फुत्केर गुहार माग्दै विराटको सभामा पुग्छिन्, गुप्तवास बसेका पाण्डवहरू त्यही सभामा हुन्छन् , उनीहरूलाई अत्यन्त रीस उठ्छ, राजा बिराट साला कीचकको अन्यायमा भित्र भित्रै दुःखित बन्दछन् । तर केही गर्न सक्तैनन् , यस्तैमा कीचक त्यहीँ आइपुग्दछ र द्रौपदीलाई लात्ताले हान्दछ, यो घटना-पछि द्रौपदी रूँदै राजभवनमा फर्कन्छिन् । राती भीमसेन सुतेका ठाउँमा एक्लै पारेर जान्छिन् र विलाप गर्छिन् । भीमले कीचकलाई मार्ने आश्वसन दिएर नृत्यशालामा कोही नसुत्ने हुनाले त्यहाँ कीचकलाई मात्र बोलाएर मार्ने उपाय बताइ-दिन्छन् , भीमसेनले बताएअनुसार द्रौपदी कीचककहाँ पुग्छिन् र गुप्त प्रेम गर्न चाहेको बताएर राति सधैं नृत्यशालामा भेट हुने कुराको प्रस्ताव राख्दछिन् , कीचक अति प्रसन्न हुन्छ, त्यो दिन त्यसलाई युग बराबर लामो लाग्छ । उता नृत्यशालामा गएर बत्ती निभाएर भीम सुत्दछन् , कीचक राति पुग्छ र भीमको फेला परेर मर्दछ, द्रौपदीले बताइदिन्छिन् कि ममाथि नराम्रो दृष्टि राख्नेलाई गन्धर्व देवताले आएर मारिदिन्छन् । सब डराउँ छन् , उता कौरवहरू गुप्तवासभरिमा फेलापार्न पाए पाण्डवलाई फेरि वनवास पठाउन पाइन्थ्यो भनेर दशै दिशामा खोज्न डुलेका छन् । अलि अलि विराटनगरमै भए जस्तो शंका उनीहरूलाई लाग्छ । त्यही परीक्षा गर्न उनीहरू विराटराजाका केही गाइगोठ लुट्न पठाउँछन् । गाई लुटिएको खबर पाएर राजा विराट सैन्यसहित युद्धभूमिमा जान्छन् र सहयोग गर्न नपुंसक (बृहन्नला) बनेका अर्जुनबाहेक सबै पाण्डव जान्छन्, दरबारमा रानीहरूबाहेक विराट पुत्र उत्तरकुमार मात्र छन् , त्यसै बेला स्वयं कौरवहरू नै आएर अरू गाइगोठ लुटेको खबर आउँछ उत्तरकुमार कौरवहरूसँग लुटेर गाई फर्काउने उद्योग गर्न खोज्छन् । कौरवहरूको बल चिनेकी द्रौपदीले बृहन्नलालाई उत्तरकुमारसँग पठाउने उपाय मिलाउँछिन् । उत्तरकुमार पहिले त नपुंसक साथी लिएर युद्धभूमिमा जानु आफ्नो अपमान ठान्दछन् । तर पछि साथै लिएर जान्छन् , कौरवहरू निर्भयपूर्वक मैदानमा युद्धको प्रतीक्षामा हुन्छन् । त्यो भयानक दृश्य देखेर मैदानमा पुग्नेबित्तिकै उत्तरकुमारको सातो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जान्छ। तर बृहन्नलाले आफूहरू विराटनगर पस्दा हातहतियार भुण्ड्याएका ठाउँमा पुऱ्याउँछन् र ती हतियार राजकुमार स्वयंलाई भिक्न लगाउँछन्, उत्तरकुमार कौरवसँग नडराउन् भनेर उनले ती हतियार पाण्डवका हुन् र म अर्जुन हुँ भन्ने परिचय पनि दिन्छन्, त्यहाँबाट फेरि युद्धभूमिमा उनीहरू पुग्छन् युद्ध हुन्छ, बृहन्नलाका कठोर बाणहरूबाट कौरवहरूलाई अर्जुन हुन् कि ! भन्ने पर्दछ तर अर्जुनले सम्मोहनास्त्रद्वारा सारा कौरवलाई निस्तेज पारेर युद्धभूमिमा मूर्छित पार्छन् र आफ्ना गाई फिर्ता गराउँछन्। उता राजा विराट अज्ञात चार पाण्डवका सहयोगले सुशर्मालाई जितेर दरबार फिर्ता हुन्छन्, दरबार आइपुगेपछि उत्तरकुमार कौरवहरूसँग लड्न गएको थाहा हुन्छ, यताबाट उत्तरकुमार पनि विजयको आनन्द र एउटा ठूलो भेद खुलेको रहस्य लिएर दरबार फर्कन्छन् र कुनै देवकुमारका सहयोगले युद्ध जितेको बताउँदछन्। पाण्डवहरूले गुप्तवास बसेको वर्ष दिन पुग्न त्यति खेर ३ दिन बाँकी रहेको हुन्छ। ३ दिनपछि सम्पूर्ण पाण्डवको पहिल्यै परिचय पाएका राजकुमार 'उत्तर'ले पिता विराटलाई पत्तै नदिई पाण्डवहरूको भव्य स्वागत तयार गर्दछन् र मूल राजभवनमा उनीहरूलाई सम्मान गर्ने योजना तयार हुन्छ, पाण्डवहरू राजकुमारको स्वागत स्वीकार गरेर राजभवनमा विराजमान हुन्छन्। राजा विराट जब राजभवनमा पुग्छन्, उनलाई त्यो दृश्यले अत्यन्त आश्चर्य र रीसले पूर्ण गराइदिन्छ, आफैंले पालेका नोकर चाकरहरूको त्यो साहस देखेर विराट गाली गर्न तयार हुन्छन्। यत्तैमा उत्तरकुमारले पाण्डवहरूको औपचारिकतापूर्ण परिचय दिन्छन्, विराटले वर्ष दिनसम्मका अपमानको क्षमा माग्छन् र आफ्नो छोरी उत्तरा अर्जुनकुमार अभिमन्युलाई टक्र्याउँछन्, भगवान् श्रीकृष्ण त्यहीं पाण्डवहरूलाई भेट्न पुग्नुहुन्छ। पाण्डवका अरू हितैषीहरू पनि विराटनगरमै भेट गर्न आइपुग्छन्। त्यहीं पाण्डवहरूले आफ्नो वचन पूरा गरेकाले अन्याय-पूर्वक जितिएको पाण्डवको वैभव नभए पनि आफ्ना अधिकारको राज्य उनीहरूले पाउनुपर्छ भन्ने कुरा चल्न थाल्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विराटपर्व

सेवानीति

(पाण्डवका पुरोहित 'धौम्य' नामक ऋषि थिए, उनले आफ्ना प्रिय यजमान पाण्डवहरूलाई सफलतापूर्वक १ वर्षको गुप्तवास बिताउन विराटनगर जाने बखतमा शिक्षा दिएका थिए। नीतिज्ञ पाण्डवहरूलाई जीवनमा कहिल्यै अर्काको चाकरी गर्न नपरेका हुनाले धौम्यलाई त्यही विषयमा राम्रो शिक्षा दिन आवश्यक लागेको थियो, यहाँ उनले दिएको शिक्षा (सेवानीति)का केही मात्र सूक्तिहरू प्रस्तुत गर्दैछु) ।

विदिते चापि वक्तव्यं सुहृद्भिरनुरागतः । ४।९

"आफ्ना मानिसले उस्तै परेमा प्रेम लीकन,
विद्वान्लाई पनी पर्छ संझाउन बुझाउन"

दृष्टद्वारो लभेद् द्रष्टुं राजस्वेषु न विश्वसेत् ।
तदेवासनमन्विच्छेद् यत्र नाभिपतेत् परः ।।४।१३

"चिना जानी छ भन्दैमा बडा मानिसका घर,
नलिई स्वीकृति कैल्यै पस्नहुन्न सरासर
बस्दा पनि सकेसम्म त्यस्तो रोजनु आसन,
जहाँ अर्को कुनै आएपछि पर्दैन छोडन"

यत्र यत्रैनमासीनं शङ्केरन् दुष्टचारिणः ।
न तत्रो पविशेद् यो वै स राज वसतिं वसेत् ।। ४।१५

"जहाँ बस्दा अरू मान्छे शंकाले हेर्दछन त्यहाँ,
जो बस्दैन, त्यही मान्छे धेरै टिक्छ बडाकहाँ"

यो न यानं न पर्यङ्कं न पीठं न रथं गजम् ।
आरोहेत् सम्मतोऽस्मीति स राज वसतिं वसेत् ।। ४।१४

"साखल्ले हुँ म ठानेर राजाका रथयानमा,
(पर्यङ्कमा र हात्तीमा घोडामा अनि कुर्सिमा)
जो चढ्न हत्पताउन्न टिक्छ त्यै दरबारमा"

समर्थनासु सर्वासु हितं च प्रियमेवच ।
संवर्णयेत्तदेवास्य प्रियादपि हितं वदेत् ।। ४।२४

"सकेसम्म हितैषी र प्रिय लाग्ने कुरा गर
नसके प्रिय छोडेर बोल तीतै पनी हित"

असूयन्ती हि राजानो नराननृतवादिनः ।
तथैव चावमन्यन्ते नरान् पण्डितमानिनः ।। ४।३१

राजाले देख्न माग्दैनन झूटो बोल्नेहरू पनि,
तिन्लाई झन् सहन्नन् जो डुल्छन् पण्डित हूँ भनी"

ऐश्वर्यं प्राप्य दुष्प्रापं प्रियं प्राप्य च राजतः ।
अप्रमत्तो भवेद् राज्ञः प्रियेषु च हितेषु च ।। ४।३३

"ठूलो ऐश्वर्य या प्रेम राजाबाट मिल्यो भनी,
राजाकै प्रिय मान्छेका सामू मात्तिनं हुन्न नि"

न चोष्ठौ न भुजौ जानू न च वाक्यं समाक्षिपेत् ।
सदा वातं च वाचं च ष्ठीवनं चाचरेच्छनैः ।। ४।३५

"सभ्य-समाजमा बस्दा व्यर्थै बात नछाँटनु,
हात, गोडा अनी ओठ व्यर्थैमा नचलाउनु"

हास्य वस्तुषु चाप्येषु वर्तमानेषु केषुचित् ।
नाति गाढं प्रहृष्येत न चाप्युन्मत्त वद्धसेत् ।।

"बडाका सामुमा बस्दा हाँस्ने क्यै देखिए पनि,
दङ्ग नपर्नू भनो साह्रै नहाँस्नु पागलै बनी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न चाति धैर्येण चरेद् गुरुतां हि ब्रजेत्ततः ।
स्मितं तु मृदु पूर्वेण दर्शयेत प्रसादजम् ।। ४।३६-३७

मुसुक्क हाँस्नू थोरै नै गह्रुङ्गो चालको बनी,
ज्यादै धैर्य लिई फेरि नबस्नू मूर्तिझैं पनि"

विदिते चास्य कुर्वीत कार्याणि सुलघून्यपि ।
एवं विचरतो राज्ञि न क्षतिर्जायते क्वचित् ।। ४।१९

"सोधेरै गर्दिनूपर्छ साना साना कुरा पनि,
यसरी काम गर्नाले हुन्न हानि कुनै पनि"

नास्यानिष्टानि सेवेत नाहितैः सह संवदेत् ।
स्वस्थानान्न विकम्पेत स राज वसतिं वसेत् ।। ४।२७

"बडाले नरुचाएको नगरी वस्तु सेवन,
बडाका शत्रुका साथ नगई बात मारन,
आफ्नो मान छ जो त्यसमा बसी निधक्क भैकन
सक्तछन् बुद्धिमान् मान्छे बडालाई रिझाउन"

अन्यस्मिन् प्रेष्यमाणे तु पुरस्तात् यः समुत्पतेत् ।
अहं किं करवाणीति स राज वसतिं वसेत् ।। ४।४५

"अर्कैलाई भनेकोमा जो आफैं भइ तत्पर
मै गर्छु के गरूँ भन्छ बडाको हुन्छ त्यै प्रिय"

समवेषं न कुर्वीत नोच्चैः सन्निहितो वसेत् ।
न मन्त्रं बहुधा कुर्यादेवं राज्ञः प्रियो भवेत् ।। ४।४८

"समान वेश भूषा र सान्है नगिचमा स्थिति,
धेरै सल्लाह यी काम रुचाउन्नन् बडा जाति"

नाहमस्य प्रियोऽस्मीति मत्वा सेवेत पण्डितः ।
अप्रमत्तश्च सततं··················।। ४।२६

म छैन यिनको प्यारो भने जस्तो गरीकन,
बडाको गरनू सेवा सावधान रहीकन,

द्रौपदी-विलाप

(विराटनगरको गुप्तवासमा महारानी द्रौपदीले असह्य दुःख खपेकी थिइन्, विश्व विख्यात वीर पाण्डवकी पत्नी द्रौपदीलाई सुख, विलास र आनन्दको अभाव भएको पीर मात्र होइन सतीत्व बचाउनसमेत कठिनाइ परेको थियो । कीचक जस्ता अनेकौं दुष्टहरूका कठोर आक्रमणबाट आफूलाई बचाउन उनले पाएको आपत्ति मर्मपूर्ण छ । यहाँ विराटनगरमा भीमसेनसँग पोखेका उनका हृदय-व्यथाका केही अंश सूक्तिका रूपमा उतारिएको छ ।)

दत्वा याचन्ति पुरुषाः हत्वा बध्यन्ति चापरे ।
पातयित्वा च पात्यन्ते परैरिति च मे श्रुतम् ।। २०।६

"भाग्य-संजोगले गर्दा दिनेले माग्नुपर्दछ
अरू मारन सक्नेले आफैं मारिनुपर्दछ"

चक्रवत् परिवर्तन्ते ह्यर्थाश्च व्यसनानि च ।
इति कृत्वा प्रतीक्षामि भर्तृणामुदयं पुनः ।। २०।४

"चक्र झैं घुम्दछन् नित्य सुख दुःख दुवै कुरा,
आउला नि पछी पालो ठानी खप्दैछु यो पुरा"

स्थितं पूर्वं जले यत्र पुनस्तत्रैव गच्छति ।
इति पर्यायमिच्छन्ति प्रतीक्षे उदयं पुनः ।। २०।८

"जहाँ मूल थियो पैले खडेरीले सुके पनि,
पर्खेकी छु पछी निस्से त्यहीं पलाउला भनी"

य एव हेतुर्भवति पुरुषस्य जयावहः ।
पराजये च हेतुश्च स इति प्रतिपालये ।। २०।५

"मान्छेलाई यती दुःख जजस्ले पार्न सक्तछन्,
उनैले सुख देलान् नि ठानी खप्दछु यो सब"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न दैवस्याति भारोऽस्ति न दैवास्याति वर्तनम् ।
इति चाप्यागमं भूयो दैवस्य प्रतिपालये ॥ २०।७

"भाग्य मेटेर मेटिन्न भाग्यैले गर्छ जे पनि,
ठानी पर्खी बसेकी छु भाग्य फर्कन्छ कि भनी"

पार्थिवस्य सुता नाम का नु जीवति मादृशी ।
अनुभूयेदृशं दुःखमन्यत्र द्रौपदी प्रभो ॥ १८।३

"यस्तो आपत्त भोगेर यो संसारभरि सहाँ,
बस्ने राजकुमारीको होली ? यो द्रौपदीविना"

कुरून् परिभवेत् सर्वान् पञ्चालानपि भारत ।
पाण्डवेयांश्च संप्राप्तो मम क्लेशो ह्यरिंदम ॥ २०।१२

"समाथि जो परेको छ कष्ट ठान्छु समस्त यो,
कुरु, पाण्डव, पञ्चाल सबैको अपमान हो"

महिषी पाण्डुपुत्राणां दुहिता द्रुपदस्य च ।
इमामवस्थां संप्राप्ता मदन्या का जिजीविषेत् ॥ २०।११

"राजा द्रुपदकी छोरी रानी पाण्डवकी म हुँ,
सामान्य व्यक्तिले जस्तै दुःख यो कसरी सहुँ?"

भर्तृभिः श्वशुरैः पुत्रैर्बहुभिः परिवारिता ।
एवं समुदिता नारी का त्वन्या दुःखिता भवेत् ॥ २०।१३

"सासू र ससुरा भाइ छोरा र पति भै पनि,
रुन कस्लाई पर्ला खै म जस्ती दुःखिनी बनी"

भ्रातरं च विगर्हस्व ज्येष्ठं दुर्द्यूत देविनम् ।
यस्यास्मि कर्मणा प्राप्ता दुःखमेतदनन्तकम् ॥ १८।१०

"दाजुलाई अली भन्नोस् *जुवाडे लत छोडन,
जस्का कारणले गर्दा पर्‍यो यो दुःख भोगन"

को हि राज्यं परित्यज्य सर्वस्वं चात्मना सह ।
प्रव्रज्यायैव दीव्येत विना दुर्द्यूत देविनम् ॥ १८।११

"राज्य सर्वस्व छोडेर बिगारेर स्वयं कन,
को हिंड्ला बहुला जस्तै जुवाडेहरूले बिना"

दश नाग सहस्राणि हयानां हेममालिनाम् ।
यं यान्तमनुयान्तीह सोऽयं द्यूतेन जीवति । १८।१५

"हज्जारौँ फौज जो हिंड्दा सजिई पछि लाग्दछ,
धिक्कार छ उही राजा कौडी हानेर बाँच्दछ"

यस्याः पुरस्सरा आसन् पृष्ठतश्चानु गामिनः ।
साहमद्य सुदेष्णायाः पुरः पश्चाच्च गामिनी ॥ २०।२२

"जस्का अघिपछी लाग्थे कैयौँ दासीहरू अघि,
उही म आज अर्काको हिंडेकी छु अघीपछि"

उत्तिष्ठोत्तिष्ठ किं शेषे भीमसेन यथा मृतः ।
नामृतस्य हि पापीयान् भार्यामालभ्य जीवति ॥ १७।१५

"उठ ए भीम के सुत्छौ मरे जस्तै भईकन,
ज्यूँदाकी पत्नी छोएर कोही धान्दैन जीवन"

विविध सूक्तिहरू

परदारे न तं बुद्धिर्जातु कार्या कथञ्चन ।
विवर्जनं ह्यकार्याणामेतत् सुपुरुष व्रतम् ॥ १५।३६

छोड आशा परस्त्रीमा 'अकर्तव्य' भनीकन ।
'त्याग्नु सारा अकर्तव्य' मर्दको हो नि लक्षण ।
—द्रौपदी

*यहाँ नेर राजा युधिष्ठिरले गुप्तवासमा पनि कङ्क नाम राखेर जूवा खेल्ने काम लिएको सम्झनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिथ्याभिगृध्नो हि नरः पापात्मा मोहमास्थितः ।
अयशः प्राप्नुयाद् घोरं महद्वा प्राप्नुयाद् भयम् ।। १५।३७

झूटो लोभ लिने मान्छे मूढ हो पाप पाउँछ,
कलङ्क बोल्छ या उस्तै परे ज्यानै गुमाउँछ
—द्रौपदी

कीचको न च धर्मज्ञो न च मत्स्यः कथञ्चन,
सभासदोऽप्य धर्मज्ञा य एनं पर्युपासते ।। १६।३३

बुझ्दैनन् धर्म आफैं जो यी विराट र कीचक,
झन् यिन्कै चाकरी गर्ने के बुझून् यी सभासद,
—द्रौपदी

मा धर्मं जहि सुश्रोणि !
क्रोधं जहि महामते ।। २१।७

जस्तै आपत् परोस् , धर्म र छोड द्रौपदी ! तिमी,
क्रोधलाई भने छोड जस्तै हेतु परे पनि ,
—भीम

देशकालेन संयुक्तं युद्धं विजयदं भवेत् ।
हीन कालं तदेवेह फलं न लभते पुनः ।। ४९।३

देश, काल मिले त्यत्ति शक्तिले जित्छ मानिस,
नमिले हार्छ, त्यत्तीले, यी दुवै मिल्नुपर्दछ ।
—कृपाचार्य

अपि चैतत् पुरा प्रोक्तं निपुणैर्मनुजोत्तमैः ।
एकस्तु कुरुते पापं स्वजातिस्तेन हन्यते ।। १५।
दक्षिणात्य पाठ

भनेका छन् पुरानाले अघि नै क्या मजासित,
'यौटाका पापले गर्दा सम्पूर्ण जाति मर्दछ'
—महारानी सुदेष्णा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्योगपर्व

(पाँच)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१. उद्योगपर्वको कथासार
२. युधिष्ठिर-सन्देश
३. विदुरनीति
४. सनत्सुजात-उपदेश
५. द्रौपदीको याचना
६. विदुला उपदेश
७. गान्धारी-शिक्षा
८. कुन्ती-सन्देश
९. विविध सूक्तिहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्योगपर्वको कथासार

विराटनगरको गुप्तवास सफलतापूर्वक बिताएपछि पाण्डवहरू प्रकट भएको खबरले संसारभर विभिन्न प्रतिक्रिया उत्पन्न गराउँछ। पाण्डवहरूलाई उनीहरूको हकका राज्य मिल्नुपर्छ भन्ने धेरै राष्ट्रहरूको विचार भए पनि कौरवसरकारलाई उनीहरूको कूटनीतिक मान्यता प्राप्त भइसकेको हुनाले यस विषयमा के गर्ने भन्ने विकल्प सबैमा उत्पन्न हुन थाल्छ। पाण्डवहरू भएका ठाउँमा जाने राजाहरू स्वत: कौरवविरोधी ठहरिने हुँदा धेरै राजाहरू इच्छा भएर पनि भेट गर्न आउन सक्दैनन्, तर भगवान् श्रीकृष्ण त्यहाँ पाल्नुहुन्छ। अनि क्रमशः अरू राजा, महाराजा र विद्वान्हरू सम्मिलित हुन्छन्। यसरी युगको ऐतिहासिक उत्तरदायित्व भएकाहरूको विशिष्ट जमघट भएपछि भगवान् श्रीकृष्णले पाण्डवहरूलाई राज्य मिल्नुपर्दछ भन्ने विषयमा स्पष्ट र विस्तृत वक्तव्य दिनुहुन्छ, सबै त्यसमा सहमत हुन्छन्। यस्तैमा कौरवहरूले पठाएका संजय नामक एक विद्वान् राजदूत त्यहाँ आइपुग्छन्, र कौरवहरूको शांति सन्देश सुनाउँछन्। त्यो सन्देश फोस्रो कूटनीतिक जाल मात्र हुन्छ। त्यसलाई खण्डन गरेर पाण्डवहरूले एक सन्देश कौरवछेउ पठाउँछन् र संजयसँग आफ्नो अधिकार प्राप्त नभएमा भयङ्कर युद्ध हुने चेताउनी पनि दिइपठाउँछन्, त्यो सुनेर कौरव समाज निरंकुशतापूर्वक मच्चिन थाल्छ तापनि भीष्म, द्रोण र धृतराष्ट्रमा चिन्ता उत्पन्न हुन्छ, चिन्तित धृतराष्ट्रलाई भोक र निद्राले समेत छोड्न थाल्छ र चिन्ता ज्वालाले पीडित भएर उनी विदुरसँग चिन्ताशमनको उपाय सोध्छन्। उत्तरमा विदुरले अनेक नैतिक उपदेश दिन्छन् जसलाई 'विदुर नीति' भनिन्छ।

यता अलिकति पनि राज्य नदिने कौरवहरूको नीति बुझेका पाण्डवहरू युद्धको तयारीमा संलग्न हुन्छन् र संसारका राजाहरूले युद्धमा सम्मिलित भएर सहयोग दिने वचन दिन्छन्। युद्धको पूर्ण तयारी हुन्छ। यति खेर भगवान् श्रीकृष्ण द्वारका गइसक्नु भएको छ। कौरव पाण्डव दुवै पक्ष श्रीकृष्णको सहयोग चाहन्छन् र एकै चोटि द्वारका पुग्छन्। दुवै पक्षका सम्मुख श्रीकृष्णले आफ्नो सम्पूर्ण सशस्त्र सेना एकातर्फ र शस्त्र नलिइ आफू मात्र एकातर्फ हुने वचन दिनुहुन्छ। कौरवहरू सेना रोज्छन्, पाण्डवहरू कृष्ण रोज्छन्।

परम सेनाधिपति भद्रनरेश शल्य पाण्डवका मामा हुन्। उनलाई कौरवहरूले बचनबद्ध पारेर आफ्नै सैनिक गूटमा सामेल पारिसकेका छन्। यसरी पाण्डव र कौरवहरू युद्धको पूर्वतयारी सफल पार्छन्!

भगवान् श्रीकृष्ण पाण्डव शिविरमा पाल्नुहुन्छ। शिबिरमा युद्धमा विजय पाइने कुरा निश्चित ठानिकन पनि भावी भीषण नरसंहारको कल्पनाले पाण्डव समाजमा विकल्प उत्पन्न भएको देखिन्छ, दुर्योधनसँग रीस उठेर सम्पूर्ण मानव समाजमा हाहाकार मच्चाउनु शान्तिवादी पाण्डवपक्षलाई अनुचित लाग्छ, तर महारानी द्रौपदीले 'अब पनि 'शान्ति' शब्द घोक्नु नपुंसकता हो' भनेर घचघच्याउँछिन्, ठूलो छलफलपछि अझै एक पटक भगवान् श्रीकृष्णलाई नै 'राजदूत' बनाएर कौरव सभामा पठाउने र 'विश्वशान्तिका निमित्त "पाण्डवहरूलाई दिन्छौ आधाराज्य देऊ नभए पाँचै गाउँ भए पनि देऊ" भन्ने प्रस्ताव राख्ने निर्णय हुन्छ। भगवान् श्रीकृष्ण यो 'सन्धि–प्रस्ताव' लिएर हिंड्नु हुँदा द्रौपदीले एक्लै भेट्छिन् र गहभरी आँसु लिएर भन्छिन् "भगवान्! यो सन्धि प्रस्ताव कौरवसभामा प्रस्तुत गर्नुहुँदा दुःशासनले समातेको मेरो चुल्ठो नबिर्सिदिनु होला।"

श्रीकृष्ण हस्तिनापुर पुग्नुहुँदा कौरवहरूले भव्य स्वागत गर्दछन्। सम्पूर्ण राजधानी ध्वजा पताका तोरण द्वार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिले सुसज्जित पारिन्छ । राजकीय भोजको तयारी हुन्छ तर श्रीकृष्ण स्वागत द्वार र राजकीय भोजको वास्ता नगरी 'विदुर'का घरतर्फ लाग्नुहुन्छ । भोलि पल्ट राजभवनमा श्रीकृष्णको प्रवेश हुन्छ । राजा दुर्योधनले सर्वप्रथम 'राजकीय भोज'को अनादर गरेको बारे राजसभामा वक्तव्य दिन्छन् र यसको उत्तर श्रीकृष्णले दिनुपर्दछ भन्छन्। श्रीकृष्णले छोटो उत्तर दिनुहुन्छ—"महाराज ! भोजन वास्तवमा कि मित्रकहाँ गरिन्छ; क आपत् परे शत्रुकहाँ पनि गरिन्छ तर हिजो मलाई कुनै आपत्ति पनि परेको थिएन र तपाईं मित्र पनि हुनुहुन्न !, अनि भन्नोस् म किन तपाइँकहाँ खाउँ ।"

त्यसपछि सभामा श्रीकृष्णलाई आउनाको कारण सोधिन्छ, श्रीकृष्णले उठेर निर्भिकतापूर्ण वक्तव्य दिनुहुन्छ । त्यस वक्तव्यमा कौरव पक्षको छल, कपट र अनैतिक व्यवहारको उल्लेख स्पष्ट शब्दमा गरिएको हुन्छ । श्रीकृष्णको गम्भीर तथा स्पष्ट वक्तव्यबाट सम्पूर्ण सभासद् मुग्ध हुन्छन् तापनि दुर्योधनले स्वीकार गर्दैन । उल्टै 'पाण्डवको पक्षपाती' भन्ने आरोप लगाएर श्रीकृष्णलाई पक्रे र कैद गर्ने षड्यन्त्र हुन्छ, असाधारण तेजस्वी श्रीकृष्णलाई कैद गर्ने सबै उपाय असफल हुन्छन् । श्रीकृष्ण पाण्डवका तर्फबाट युद्धको घोषणा गरेर पाण्डव शिबिरतर्फ पाल्नुहुन्छ । जाने बखतमा कुन्तीले युधिष्ठिरका निमित्त एक सन्देश पठाउँछिन् ।

कुन्तीलाई हस्तिना पुरमै बसेकी हुँदा कौरवहरूको सम्पूर्ण हाल थाहा हुन्छ 'कौरवहरू कर्णको ठूलो आधार मान्छन् र कर्ण पाण्डवपट्टि लागि दिने हो भने एक क्षणमै सम्पूर्ण कौरव समाप्त हुन्छन्' आदि कुरा पनि कुन्ती जान्दछिन् । अनि कुन्तीलाई झलझली यो पनि थाहा छ कर्ण वास्तवमा उनको आफ्नै छोरो हो । उनले श्रीकृष्णलाई यो कुरा भनेर कर्णलाई सम्झाउन अनुरोध गर्छिन् । श्रीकृष्णले कर्णलाई बोलाएर रथमा राख्नुहुन्छ र बाटामा धेरै परसम्म साथै लगेर सम्झाउनुहुन्छ । तर कर्ण विश्वासघातको भयले यो स्वीकार गर्न सक्तैनन् ।

कुन्ती स्वयंले पनि कर्णलाई सम्झाउने प्रयास गर्छिन् । तर उनले जवाफ दिन्छन् "आमा ! तपाईंलाई पञ्चपाण्डव चाहिएका हुन् । तसर्थ म केवल अर्जुनसँग मात्र युद्धमा लड्नेछु । हामी दुईमा एक मर्नेछ, म मरे अर्जुन, रहन्छ अर्जुन मरे म रहन्छु, जसरी पनि 'पञ्चपाण्डव' रहनेछन् ।"

युद्धको पूर्ण तयारी हुन्छ । दुवै पक्षले आफ्ना आफ्ना किल्ला (व्यूह) बनाउँछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्योगपर्व

युधिष्ठिर-सन्देश

(१२ वर्ष वनवास र १ वर्ष गुप्तवास बसेर पाण्डवहरू प्रकट भएको समाचारले कौरवहरू स्वभावतः दुःखित भए नै। साथै उनीहरूलाई राज्य फिर्ता दिनपर्ने चिन्ताले झन् आकुल तुल्यायो। साम, दान, दण्ड, भेद सबै नीतिको यथासमय प्रयोग गरेर पाण्डवलाई असफल बनाउने कार्य उनीहरूले पुनःशुरू गरे। सर्वप्रथम पाण्डवहरू सकुशल १३ वर्षपछि राज्यमा उत्तीर्ण हुन सकेकामा हार्दिक प्रसन्नता अभिव्यक्त गर्ने बहाना पारेर उनीहरूले संजयलाई पाण्डवछेउ पठाएका थिए र संजयद्वारा पाण्डववर्गलाई राज्य फिर्ता लिन लाई युद्ध गर्ने उत्साह लिन नसकुन् भन्ने उद्देश्य राखेर युद्धबाट हुने विश्वशान्तिको खतरा, देशमा आउन सक्ने सङ्कट आदिको कूटनीतिक भाषामा संकेत दिने प्रयास पनि भयो। उनका सबै कुरा सुनिसकेपछि उनलाई दिनुपर्ने उत्तर दिएर युधिष्ठिर महाराजले कौरवहरूलाई सुनाउन एउटा सन्देश पठाएका थिए, यहाँ सोही सन्देशका केही श्लोकहरू सानुवाद प्रस्तुत गरेको छु)

गावल्गणे कुरून् गत्वा धृतराष्ट्रं महाबलम् ।
अभिवाद्योप संगृह्य ततः पृच्छेरनामयम् ।।
ब्रूयाश्चैनं त्वमासीनं कुरुभिः परि वारितम् ।
तवैव राजन् वीर्येण सुखं जीवन्ति पाण्डवाः ।। ३१।४-५

"धृतराष्ट्रकनै मेरो नमस्कार भनीकन,
भन्नू आशिषले संचैछौं सबै पाण्डुनन्दन

तव प्रसादाद् बालास्ते प्राप्ता राज्यमरिन्दम ।
राज्ये तान् स्थापयित्वाऽग्रे नोपेक्षस्व विनश्यतः । ३१।६

तपाईंकै कृपाबाट जस्तै राजा भयौं अघि,
उस्तै राज्य दिनोस् फेरि उपेक्षा मनमा नली

सर्वमाप्येतदेकस्य नालं संजय कस्यचित् ।
तात संहत्य जीवामो द्विषतां मा वशं गमः ।।३१।७।।

विशाल राज्य यो छैन योग्य केवल एकको
सबै मिली गर्नौं राज्य नसुन्नोस् बात शत्रुको

तथा भीष्मं शान्तनवं भारतानां पितामहम् ।
शिरसाऽभिवदेथास्त्वं मम नाम प्रकीर्तयन् ।।३१।८।।

अनि सजय जी! भेटी बाजे श्रीभीष्मजीकन,
भन्नु ढोग सुनाएर हाम्रो नाम लिईकन

भवता शान्तनोर्वंशं निमग्नः पुनरुद्धृतः ।
सत्वं कुरु तथा तात स्वमतेन पितामह ।।३१।९।।

पैल्हे शान्तनुको बंश जसरी राख्नू भयो,
त्यस्तै उद्धारको वेला अब आइपुगीसक्यो

यथा जीवन्ति ते पौत्राः प्रीतिमन्तः परस्परम् ।।३१।१०।।

योटै तपाईंका नाति हौं सबै कुरु पाण्डव,
गर्नोस् त्यै जसरी हुन्छ प्रेम हाम्रो परस्पर

तथैव विदुरं ब्रूयाः कुरूणां मंत्रधारिणम् ।
अयुद्धं सौम्य भाषस्व हितकामो युधिष्ठिरे ।।३१।११।।

त्यस्तै विदुरमा भन्नू 'हित गर्नु हुने भए,
भाइ भाइ दुवै पक्ष नमरून् यस युद्धले

अथ दुर्योधनं ब्रूया राजपुत्रममर्षणम् ।
मध्ये कुरूणामासीन मनुनीय पुनः पुनः ।।३१।।१२।।

अनि नम्र भई भन्नू दुर्योधनकनै गई,
तर एकान्तमा हैन सभामा सबका भई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवाप्तं यदुपेक्षस्त्वं कृष्णामेतां सभागताम् ।
तद्दुःखमतितीक्षाम मा वधिष्म कुरूनिति ।।३१।१३।।

सभामा द्रौपदीको नै अपमान गऱ्यो जति,
सहे पाण्डवले खाली देखी कौरवको खति

यत्र प्राव्राजयः सौम्य अजिनै प्रतिवासितान् ।
तद् दुःखमतितीक्षाम मा वधिष्म कुरूनिति ।।३१।१५।।

सह्यौं, जोगी बनाएर निकाल्यौ वनतर्फ जो,
त्यो पनी कौरवैलाई माया मानेर मात्र हो,

एवं पूर्वापरान् दुःखा नतितीक्षन्त पाण्डवाः ।
बलियां सोऽपि सन्तो यत् तत् सर्वं कुरवो विदुः ।।३१।१४।।

यस्तै अरू अरू जो जो गऱ्यौ पाप सबै कुरा,
दया राखी सहे भन्ने बुझ्छन् कौरव नै पुरा

यथो चितं स्वकं भागं लभेमहि परंतप ।
निवर्तय परद्रव्यात् बुद्धिं गृद्धां नरर्षभ ।।३१।१७।।

जे जे भो भैगयो बाबु ! देऊ भाग अझै पनि,
अर्काका धनको लोभ छोडिद्यौ पाप हो भनी

शान्तिरेवं भवेद् राजन् प्रीतिश्चैव परस्परम् ।
राज्यैकदेशमपि न प्रयच्छ शममिच्छताम् ।।३१।१८।।

हामी त खोज्दछौं शान्ति अनि प्रेम परस्पर !
देऊ राज्य बरू थोरै शान्ति राख्ने कुरा गर !

भ्रातॄणां देहि पञ्चानां पञ्च ग्रामान् सुयोधन ।
शान्तिर्नोऽस्तु महाप्राज्ञ ज्ञातिभिः सह संजय ।।३१।२०।।

पाँच गाउँ बरू देऊ पाँचै भाइहरूकन,
सबैका दिलमा शान्ति ल्याइ देऊ सुयोधन !

भ्राता भ्रातर मन्वेतु पिता पुत्रेण युज्यताम् ।
स्मयमानाः समायान्तु पाञ्चालाः कुरुभिः सह ।।३१।२१।।

भाइ–भाइ मिलुन् बाबु ! *पिता–पुत्रसँगै बसुन् ।
कुरु–पाञ्चालका मान्छे हँसिला खुसिला बनुन् ।

अक्षतान् कुरुपाञ्चालान् पश्येयमिति कामये ।
सर्वे सुमनसस्तात शाम्याम भरतर्षभ ।।३१।२२।।

दुबैतर्फ कसैलाई खती केही नहोस् रती,
सबै प्रसन्न हुन् यस्मै शान्त हुन्छौं बुझे यति"

युद्धमा हतियार नलिनेको वरण

(कौरव पाण्डवको सम्भावित युद्धमा दुवै पक्षले द्वारकावासी श्रीकृष्णसँग सहयोग मागेका थिए। श्रीकृष्णले एकतर्फ शस्त्र, अस्त्र सज्जित आफ्नो सम्पूर्ण नारायणी सेना र एकतर्फ शस्त्र अस्त्ररहित एक्लो आफू राखेर दुवै पक्षलाई रोजेर लिन अनुरोध गर्नुभएको थियो। त्यसमा दुर्योधनले नारायणी सेना र अर्जुनले हतियार नलिने श्रीकृष्णको वरण गरेका थिए। दुर्योधन गएपछि श्रीकृष्णले अर्जुनसँग हतियाररहित आफ्नो वरण गरेकोमा कारण सोध्नु हुँदा अर्जुनले यस्तो उत्तर दिए—)

अयुध्यमान... .. ..
तस्मादसिमया वृतः ।। ७ ३४

"हतियार नली मेरा पक्षमा बस्नुहोस् भनी
जो पुकार गरें त्यसमा छ यौटा हेतु यो पनि"

---

*यहाँ युधिष्ठिर महाराजले 'पिता पुत्रसँगै बसुन्' भनेर दुर्योधनका पिता धृतराष्ट्र (आफ्ना जेठा बाबु) सँग पाण्डवहरू मिलेर बस्न पाऊन् भन्ने कुराको संकेत गरेका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भवान् समर्थस्तान् सर्वान्निहन्तुं नात्र संशयः ।
निहन्तुमहमप्येकः समर्थः पुरुषर्षभ ॥
भवांस्तु कीर्तिमाँल्लोके तद्यशस्त्वां गमिष्यति:
यशसांचाहमप्यर्थी·· · · · · · · · · · · · · · · ॥७।३५-३६

"सक्नु हुन्छ परे एत्रलै मार्न सम्पूर्ण कौरव,
म पनी सक्छु आँटेमा गर्न यी शत्रुको क्षय'
तर श्रेय सबै यस्को दुवै हामी लड्यौं भने,
खाली. हजुरलाई नै दिनेछ इतिहासले ।
प्रसिद्ध कृष्णका लागि के खाँचो कीर्तिको छ र ?
यसर्थ कीर्ति यो 'ऐले मैले पाउनुपर्दछ'"

सारथ्यंतु त्वया कार्यमिति मे मानसं सदा ।
चिररात्रेस्थितं कामं सद्भवान् कर्तुमर्हति ॥ ७।३७

"बरु सारथिको काम गर्नुपर्छ हजूरले,
खुल्छ वीरत्व सम्पूर्ण सारथि गतिलो मिले"

बलरामलाई पनि धर्म संकट

(महाभारत युद्धमा कुन पक्षमा लाग्ने ? भन्ने विषयमा श्रीबलरामलाई निम्न प्रकार धर्म संकट परेको थियो—)

निगृह्योक्तो हृषीकेश स्त्वदर्थं कुरुनन्दन
मया सम्बन्धकं तुल्यमिति राजन् पुनः पुनः ॥
न च तद्वाक्य मुक्तं वै केशवं प्रत्यपद्यत ।
नचाहमुत्सहे कृष्णं विना स्थातुमपि क्षणम् ॥
नहि सहायः पार्थस्य नापि दुर्योधनस्य वै ।
इति मे निश्चिता बुद्धिर्वासुदेवमवेक्ष्य ह ॥७।२७-२९

मैले बाध्य गराएर भनेथें कृष्णजीसित
कुरु पाण्डव एकै हुन् हाम्रा निम्ति हिताहित
तर मेरा कुरा कत्ति जँचेनन् कृष्णमा पनि,
कृष्ण छोडी कुरा अर्को आँट्न सक्तिन मै पनि,

म दुर्योधन चाहन्थें चाहन्छन् कृष्ण अर्जुन,
फेरि कृष्णविना अर्को पक्षमा लाग्न सक्तिन,
तसर्थ मनले शोची गरें यो दृढ निश्चय,
बरू जे जे हवस् ऐल्हे म लाग्दिन दुवैतिर,

विदुरनीति

(महाराज धृतराष्ट्र जन्मान्ध भए पनि विद्वान् र नीतिज्ञ थिए। दुर्योधन र पाण्डवका विवादमा उनी मध्यस्थ बन्न खोजेको र पुत्र दुर्योधनका मायाले मध्यस्थतामा सफलता नमिलेकोले उनको चरित्र महाभारतभरि विचित्रको बनेको छ । उनी वास्तवमा भित्र भित्र पाण्डवका क्रूर शत्रु थिए ।, उनलाई कहिलेकहीं पाण्डवप्रति मानवीय स्वभाववश दया जागे पनि जूवामा पाण्डवहरू हारेर वनवास लागेको कुराले सन्तोष दिएको थियो। जब यो कुरा उनले सुने कि 'पाण्डव आफ्नो अधिकार छोडने पक्षमा कत्ति छैनन् र सकुशल १३ वर्ष बिताएर कौरवहरूको अन्यायको साटो तिर्ने कुरामा कस्सिएका छन्' उनको चिन्ता अत्यन्त बढ्यो, उनलाई रात दिन निद्रा पर्न पनि छोड्यो, मनमा अत्यन्त अशान्ति भरिएकाले उनी हकानिए । यो भयानक चिन्ता भुमरीबाट बचाउने केही सान्त्वना नीतिज्ञ विदुरबाट पाइन्छ कि ठानेर उनले भाइ विदुरलाई बोलाएर आफ्नो हालत बताए। धृतराष्ट्रका कुरा सुनेपछि विदुरले उनलाई दिएको त्यही सल्लाहलाई 'विदुरनीति' नाममा घेरैले चिन्दछन्, महाभारत उद्योग पर्वमा यो प्रसङ्ग—३३ अध्याय देखि ४० अध्यायसम्म छ, यी ७ अध्यायलाई 'प्रजागरपर्व' भन्दछन् । श्रीमद्भागवतमा पनि 'वैदुरिक वदन्ति' भनेर 'विदुरनीति' लाई आदरपूर्वक सम्झना गरेको छ, यहाँ उक्त प्रसङ्गका केही श्लोक छानेर प्रस्तुत गरिएको छ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभियुक्तं बलवता दुर्बलं हीन साधनम् ।
हृतस्वं कामिनं चोरमाविशन्ति प्रजागराः ।। ३३।१३

"जो बडाको भयो वैरी कि जस्को हरियो धन,
कि जो चोर छ कि कामी निद्रा पर्दैन त्यस्कन"

निषेवते प्रशस्तानि निन्दितानि न सेवते ।
अनास्तिकः श्रद्धधान एतत् पण्डितलक्षणम् ।। ३३।१६

"गरिहाल्दछ जो राम्रो नराम्रो छोडिहाल्दछ,
आस्था श्रद्धा दुवै राख्छ भने हो त्यही पण्डित"

यस्य कृत्यं न जानन्ति मन्त्रं वा मन्त्रितं परे ।
कृतमेवास्य जानन्ति स वै पण्डित उच्यते ।।३३।१८।।

"जस्को सल्लाहको मेसो पैले पाउन्न क्वै तर,
देख्छन् सकेपछी कामै, त्यै हो नीतिज्ञ पण्डित"

यथा शक्ति चिकीर्षन्ति यथा शक्ति च कुर्वते ।
न किं चिदवमन्यन्ते नराः पण्डित बुद्धयः ।।३३।२१।।

"सकिने जति जो आँट्छन् गर्छन् जो सकिने जति,
हेर्नै नन् क्यै पनि जस्ले हो तिन्कै बढिया मति"

नाप्राप्यमभिवाञ्छन्ति नष्टं नेच्छन्ति शोचितुम् ।
आपत्सु च न मुह्यन्ति नराः पण्डित बुद्धयः ।।३३।२३।।

"नमिल्ने चीज चाहन्नन् चिन्ता लिन्नन् वितेपछि,
लिन्छन् धैर्य विपत् पर्दा ठूला पण्डित छन् जति"

न हृष्यत्यात्म संमाने
नावमानेन तप्यते ।
गाङ्गो ह्रद इवाक्षोभ्यो
यः स पण्डित उच्यते ।।३३।२६।।

"जो फुल्दैन प्रशंसामा निन्दामा पीर लिन्न जो,
गंगाको ताल झैं गैन्हो जो छ त्यै बुद्धिमान् त हो"

प्रवृत्तवाक् चित्रकथ
ऊहवान् प्रतिभानवान् ।
आशुग्रन्थस्य वक्ता च
यः स पण्डित उच्यते ।।३३।२८।।

"सभामा बोल्न जो सक्छ प्रष्ट धाराप्रवाहले,
जस्को विचित्र शैली छ जो जगत् जित्छ तर्कले
जस्को छ प्रतिभा राम्रो जस्को वाचक चल्दछ,
शास्त्रको अर्थ जो बुझ्छ त्यै हो पण्डित वास्तव"

श्रुतं प्रज्ञानुगं यस्य प्रज्ञा चैव श्रुतानुगा ।
असम्भिन्नार्यमर्यादः पण्डिताख्यां लभेत सः ।।३३।२९।।

"बुद्धि सुहाउँदो पढ्छ पढे झैं बुद्धि राख्दछ'
छोड्दैन लोक मर्यादा भने त्यो हुन्छ पण्डित"

अश्रुतश्च समुन्नद्धो दरिद्रश्च महामना ।
अर्थांश्चाकर्मणा प्रेप्सुर्मूढ इत्युच्यते बुधैः ।।३३।३०।।

"न पढी जो बडा बन्छन् जो बढ्छन् संपती न भै,
मिहिनेतबिना पैसा खोज्छन् ती मूर्ख हुन् सबै"

अनाहूतः प्रविशति अपृष्टो बहु भाषते ।
अविश्वस्ते विश्वसिति मूढचेता नराधमः ।।३३।३६।।

"नबोलाए पनी जान्छ नसोधे पनि बोल्दछ,
छोटाको गर्छ बिश्वास मूर्ख बुद्धि हुने नर"

संसारयति कृत्यानि सर्वत्र विचिकित्सते ।
चिरं करोति क्षिप्रार्थे स मूढो भरतर्षभ ।।३३।३४।।

"जो साना कामको हल्ला संसारैभरि पिट्दछ'
साना साना कुरामाथि ठूलो सन्देह गर्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाँडै हुने कुरालाई लम्ब्याउँछ अकार्थमा,
त्यो जस्तो मूर्ख क्वै छैन भन्ने ठान्दछु विश्वमा,"

परं क्षिपति दोषेण वर्तमान स्वयं तथा ।
यश्च क्रुध्यत्यनीशानः स च मूढतमो नरः ।।३३।३७।।

"जो कुरामा अरूलाई आफूले दोष लाउँछ,
भित्र भित्र स्वयं आफू त्यही गर्छ गराउँछ,
आफ्नो स्वार्थ नपुग्दामा अर्कासित रिसाउँछ,
यस्तो मान्छे चिनी राख्नू महामूर्ख कहाउँछ"

अर्थं महान्तमासाद्य विद्यामैश्वर्यमेव च ।
विचरत्यसमुन्नद्धो यः स पण्डित उच्यते ।।३३।४०।।

"सम्पत्ति मान ऐश्वर्य विद्याले पूर्ण भै पनि,
जो मातिन्न त्यसैलाई भन्छन् पण्डित हो भनी,"

एकं हन्यान्नवा हन्यादिषुर्मुक्तो धनुष्मता ।
बुद्धिर्बुद्धिमतोत्सृष्टा हन्याद् राष्ट्रं सराजकम् ।।३३।४३

"यौटा मार्छ कि मार्दैन वीरका हतियारले,
हल्लाइदिन्छ सिंगैको राष्ट्र हो बुद्धिमानले"

एकः क्षमावतां दोषो द्वितीयो नोपपद्यते ।
यदेनं क्षमया युक्तमशक्तं मन्यते जनः ।।३३।४८

"सहने बानिको दोष यौटै छ छैन क्यै अरू,
हेप्छन् नामर्द ठानेर सहँदा भँडुवाहरू"

सोऽस्य दोषो न मन्तव्यः क्षमा हि परमं बलम् ।
क्षमा गुणो ह्यशक्तानां शक्तानां भूषणं क्षमा ।।३९।४९

"तर यो सहने बानी शक्ति हो दोष होइन,
अर्थात् गुण नसक्नेको सक्नेको दिव्य भूषण"

क्षमा वशीकृतिर्लोके क्षमया किं न साध्यते ।
शान्ति खड्गः करे यस्य किं करिष्यति दुर्जनः ।।३९।५०

"क्षमै हो वशमा पार्ने क्षमाले हुन्न के भन ?
शान्ति खड्ग भए हातमा सक्छन् के गर्न दुर्जन"

दश धर्मान् न जानन्ति धृतराष्ट्र निबोधतान् ।
मत्तः प्रमत्त उन्मत्तः श्रान्तः क्रुद्ध बुभुक्षितः ।
त्वरमाणश्च लुब्धश्च भीतः कामी च ते दश ।
तस्मादेतेषु सर्वेषु न प्रसज्जेत पण्डितः ।।३३।१०१-१०२

"मत्त, प्रमत्त, उन्मत्त, श्रान्त, क्रुद्ध, बुभुक्षित,
हुतुँरो, डरुवा, लोभी, कामी यी दश मानिस,
जस्तै हुन् बेर मान्दैनन् मौकामा धर्म छोड्छन्
यिन्को नगर्नु विश्वास जान्नेले ढुक्क भैकन"

एकं विषरसो हन्ति शस्त्रेणैकश्च वध्यते ।
सराष्ट्रं सप्रजं हन्ति राजानं मन्त्र विप्लवः ।।३३।४५

"विषले एउटै मार्छ शस्त्रले मार्छ एउटै"
षड्यंत्र खोलिंदा मर्छन् राष्ट्रका जनता सबै

अनवाप्यं च शोकेन शरीरं चोपतप्यते ।
अमित्राश्च प्रहृष्यन्ति मास्म शोके मनः कृथाः ।।३६।४५

"केही दिंदैन चिन्ताले खाली देह सुकाउँछ,
शत्रु कुल्काउनालाई चिन्ता व्यर्थ नलीरहु"

द्वाविमौ पुरुषौ राजन् स्वर्गस्योपरि तिष्ठतः ।
प्रभुश्च क्षमया युक्तो दरिद्रश्च प्रदानवान् ।।३३।५८

"स्वर्गभन्दा पनी माथी पुग्दछन् यी दुई जन"
शक्ति भै जो क्षमा दिन्छ नखाई दिन्छ जो धन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रय एवाधना राजन् भार्या दास स्तथा सुतः ।
यत् ते समधिगच्छन्ति यस्य ते तस्य तत् धनम् ।।३३।६४

"हुन् पत्नी, पुत्र औ भृत्य पैसा भैकन निर्धन,
यिन्का कमाइमा हुन्छ यी जस्का हुन् त्यही धनी"

एको धर्मः परं श्रेय क्षमैका शान्तिरुत्तमा ।
विद्यैका परमा तृप्ति रहिंसैका सुखावहा ।।३३।५२

"कल्याण भन्नु धर्मै हो क्षमै हो शान्ति उत्तम,
पूर्ण भोजन विद्यै हो अहिंसै हो सुखीपन"

द्वाविमौ कण्टकौ तीक्ष्णौ शरीर परिशोषिणौ ।
यश्चाधनः कामयते यश्च कुप्यत्यनीश्वरः ।।३३।५६

"गरीब भै सुखेच्छा र विना शक्ति रिसाउनु'
शरीर घोच्ने निकै तीखा काँडा हुन् चिनी पर्खनु"

पञ्चाग्नयो मनुष्येण परिचर्याः प्रयत्नतः ।
पिता माताग्निरात्मा च गुरुश्च भरतर्षभ ।।३३।७४

"गुरू, माता, पिता, अग्नि, आत्मा, यी पञ्च
अग्नि हुन्,
मान्छेले ताप मानेर यी सबै पूज्न योग्य छन्"

पञ्च त्वानुगमिष्यन्ति यत्र यत्र गमिष्यसि ।
मित्राण्य मित्रा मध्यस्था उपजीव्योप जीविनः ।।३३।७६

"जहाँ जाऊ उहीं जान्छन पछि लागी यती कुरा–
मित्र, शत्रु र मध्यस्थ आशामुखी अधारिला"

षडिमानि विनश्यन्ति मुहूर्तमनवे क्षणात् ।
गावः सेवा, कृषि र्भार्या विद्या वृषल संगतिः ।।३३।८६

"दुइटै घडिले गर्दा बिग्रन्छन् छः कुरा यति–
सेवा, पशु, कृषी, पत्नी, विद्या र दुष्ट संगति"

एकः स्वादु न भुञ्जीत एकश्चार्थान् न चिन्तयेत् ।
एको न गच्छेदध्वानं नैकः सुप्तेषु जागृयात् ।। ३६-४६

"मिठो नखानु एक्लैले एक्लै नगर्नु निश्चय,
एक्लै नहिंड्नु बाटामा एक्लै नजाग्नु मानिस"

अष्टाविमानि हर्षस्य नवनीतानि भारत ।
वर्तमानानि दृश्यन्ते तान्येव स्वसुखान्यपि ।।
समागमश्च सखिभिर्महांश्चैव धनागमः ।
पुत्रेण च परिष्वङ्गः सन्निपातश्च मैथुने ।।
समये च प्रियालापः स्वयूथ्येषु समुन्नतिः ।।
अभिप्रेतस्य लाभश्च पूजा च जन संसदि ।।
३३।९६-९७-९८।

"साथीका साथको भेट धेरै राम्रो धनागम,
काखमा राखनू पुत्र प्रेमले पूर्ण मैथुन,
मौकामा गतिला बोल्नु, आफ्नाको हुनु उन्नति
खोजेका वस्तुको प्राप्ति सभामा गतिलो स्थिति,
यी आठ चीज मान्छेका सुखका मुख्य सार हुन्,
यिनैका निम्तिमा मान्छे लोकमा बाँच्न
खोज्दछन्"

अप्युन्मत्तात् प्रलपतो बालाच्च परिजल्पतः ।
सर्वतः सारमादद्यादश्मभ्य इव काञ्चनम् ।। ३४।३२

"बौलाहाको जँड्याहाको शिशुका वातको पनि,
तत्त्व झिक्नु, शिलाबाट सून झिक्ने सरी बनी."

गन्धेन गावः पश्यन्ति वेदैः पश्यन्ति ब्राह्मणाः ।
चारैः पश्यन्ति राजानश्चक्षुभ्या मितरे जनाः ।। ३४।३३

"गन्धले हेर्दछन् गाई वेदले विप्र हेर्दछन्"
चरले हेर्दछन् राजा आँखाले अरु हेर्दछन्"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुव्याहृतानि सूक्तानि सुकृतानि ततस्ततः ।
संचिन्वन् आसीत शिलाहारी शिलं यथा ।। ३४।३३

"राम्रा भाषण औ सूक्ति बढाका जीवनीसित,
शिला खोजेसरी खोजी काम लाग्ने कुरा टिप"

किन्नु मे स्यादिदं कृत्वा किन्नु मे स्यादकुर्वतः ।
इति कर्माणि संचिन्त्य कुर्याद् वा पुरुषो न वा ।। ३४।१९

"के मिल्छ यो गरेदेखि नगरे हानि हुन्छ के ?
शोचेर काम त्यो गर्नू छोड्दिनू कि मनुष्यले"

विद्यामदो धनमदस्तृतीयोऽभिजनोमदः ।
मदा एतेऽवलिप्तानामेत एव सतां दमाः ।। ३४।४४

"सम्पत्ति कुल विद्याले दिन्छन् जो मूर्खमा मद,
हुन्छन् सज्जनका निम्ति दमहेतु यिनै सब"

सम्पन्नतरमेवान्नं दरिद्राः भुञ्जते सदा ।
क्षुत् स्वादुतां जनयति सा चाढ्येषु सुदुर्लभा ।। ३४।५०

"धनीभन्दा मिठो खान मिल्छ दुःखीहरूकन,
मिठो भन्नु न भोकै हो भोकाउन्नन् धनी जन"

बन्धुरात्माऽऽत्मनस्तस्य येनैवात्मात्मनाजितः ।
स एव नियतो बन्धुः स एवा नियतो रिपुः ।। ३४।६५

"आफन्त बन्धु आफै हो यदि आफूकनै जित्यो,
जिते पो बन्धु हो फेरि न जिते मुख्य शत्रु हो"

हिंसा बलमसाधूनां राज्ञां दण्ड विधिर्बलम् ।
शुश्रूषा तु बलं स्त्रीणां क्षमा गुणवतां बलम् ।। ३४।७५

"दुष्टको बल हिंसा हो राजाको दण्ड हो बल,
नारीको बल हो सेवा क्षमा सज्जनको बल"

दृश्यन्ते हि महात्मानो बध्यमाना स्वकर्मभिः ।
इन्द्रियाणामनीशत्वाद् राजानो राज्य विभ्रमैः ।। ३४।६९

"यिनै इन्द्रियले गर्दा महात्मा कर्ममा गिरे,
ठूला राजाहरू राज्य नाशिई दुःखमा परे"

वाक्संयमो हि नृपते सुदुष्करतमो मतः ।
अर्थवच्च विचित्रं च न शक्यं बहु भाषितुम् ।। ३४।७६

"अड्कली बोलने शक्ति साह्रै दुष्कर कार्य छ'
धेरै क्वै बोल्न सक्तैनन् घतलाग्दो र सार्थक"

गुरुरात्मवतां शास्ता
शास्ता राजा दुरात्मनाम् ।
अथप्रच्छन्न पापानां
शास्ता वैवस्वतो यमः ।। ३५।७१

"ज्ञान खोज्नेहरूलाई आचार्यले पढाउँछन्'
बदमाशहरूलाई राजाले तह्लाउँछन्'
तर जो पापका पोका धर्मात्मा बनि हिंड्दछन्'
त्यस्त.को ओखती के छ ? यमराज बताउँछन्"

यादृशैः सन्निवसते यादृशांश्चोप सेवते ।
यादृगिच्छेच्च भवितुं तादृग् भवति पूरुष ।। ३६।१३

"जस्ताका साथमा हिंड्छ जस्ताको गर्छ सेवन'
अनि जे हुन चाहन्छ सक्छ मान्छे त्यही हुन,"

अवृत्तिर्भय मन्त्यानां
मध्यानां मरणाद् भयम् ।
उत्तमानां तु मर्त्यानां
नावमानात् परं भयम् ।। ३४।५२

"खान लाउनकै चिन्ता पुच्छा मानिस गर्दछ'
मझौलाहरूमा धेरै मर्नाको भय पर्दछ'
तर उत्तम जो हुन्छन् गहिरो दिलका नर'
अपमान सरी हुन्न तिन्का निम्ति अरू डर"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मानमेव प्रथमं द्वेष्य रूपेण यो जयेत् ।
ततोऽमात्यानमित्रांश्च न मोघं विजिगीषते ।। ३४।५७

शत्रु तुल्य स्वयंलाई जो पैले जित्न सक्छ,
शत्रु मित्र सबैलाई अनि निश्चय जित्दछ,

आढ्यानां मांसपरमं
मध्यानां गोरसोत्तरम् ।
तैलोत्तरं दरिद्राणां
भोजनं भरतर्षभ ।। ३४।४९

"धनमत्तहरू धेरै मासूको चाह मान्दछन्,
मझौला खालका मान्छे घिऊ, दूध रूचाउँछन्,
गरीबहरूका निम्ति तेलै हो मुख्य भोजन,
(यी तीन थरमा जान्नू मझौलाकन उत्तम)"

ऐश्वर्यमद पापिष्ठा मदाः पान मदादयः ।
ऐश्वर्यमद मत्तोहि नापतित्वा विवुध्यते ।। ३४।५३

नशा हुन् मदिरा आदि ऐश्वर्य पनि हो नशा,
तर छोड्दैन लागेर ज्यूँदै ऐश्वर्यको नशा'

भूयांसं लभते क्लेशं या गौर्भवति दुर्दुहा ।
अथया सुदुहा राजन् नैवतां वितुदन्त्यपि ।। ३४।३५

जो दाल्दछ दिंदा दूध पशु त्यो दुःख पाउँछ'
खुरुक्कै दूध जो दिन्छ त्यस्लाई को सताउँछ ?

यदतप्तं प्रणमति न तत् संतापयन्त्यपि ।
यच्च स्वयं नतं दारु न तत् संनमयन्त्यपि ।। ३४।३६

न ताति नहुनेलाई आगामा पोल्न लान्छ को ?
नुहेका दाउरालाई नुहाई भाँच्न खोज्छ को ?

य ईर्षुः परवित्तेषु रूपे वीर्ये कुलान्वये।
सुखसौभाग्य सत्कारे तस्य व्याधि रनन्तकः ।। ३४।४२

"जो इर्ष्या गर्छ अर्काको सुख सौभाग्य आदिमा,
त्यो भयानक रोगी हो मर्छ संचो नभैकन,"

अभ्यावहति कल्याणं विविधं वाक् सुभाषिता ।
सैव दुर्भाषिता राजन्ननर्था ·योपपद्यते ।। ३४।७७

"राम्ररी जुन कुरा भन्दा कल्याण बन्न पाउँछ'
कड्केर त्यै कुरा भन्दा आपत्ति पर्न आउँछ'"

जिता सभा वस्त्रवता मिष्टाशा गोमता जिता
अध्वा जितो यानवता सर्वं शीलवत जितम् ।। ३४।७७

"राम्रो फेशन वालाले सभामा मात्र जित्दछ,
जित्छ मिठाउरेलाई जो धेरै गाई पाल्दछ ,
यानमाथि चढेकाले पैदलेकन जित्दछ,
तर संसार नै जित्छ जस्को शील स्वभाव छ"

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ।
यं तु रक्षितु मिच्छन्ति बुद्धया संविजन्ति च ।। ३५।४०

गोठाला झैं लिई लौह्री रक्षा गर्दैन दैवले,
रक्षा चाहन्छ जस्को ऊ त्यसले बुद्धि पाउँछ,

यथा यथा हि पुरुषः कल्याणे कुरुते मनः ।
तथा तथास्य सर्वार्थाः सिद्धयन्ते नात्र संशयः ।। ३५।४१

अर्थात् मानिस अर्काको जति कल्याण गर्दछ,
उत्ति चौताहरूबाट त्यसले कल्याण पाउँछ,

कुलानि समुपेतानि गोभिः पुरुषतोऽर्थतः ।
कुल संख्यां न गच्छन्ति यानि हीनानि वृत्ततः ।। ३६।२८

खेती पाती डिंगा वस्तु गम्मा गम्भी हवस् तर,
कुलीन व्यक्ति मानिन्न चरित्रहीन मानिस,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अकस्मादेव कुप्यन्ति प्रसीदन्त्यनिमित्ततः ।
शीलमेतदसाधूनामभ्रं पारिप्लवं यथा ।। ३६।४१

विना कारण झोकिन्छन् विना सेसै खुसाउँछन्,
दुष्ट मानिस हावाको मेघ झैं चुल्बुलाउँछन्,

चल चित्तस्य वै पुंसो वृद्धाननुप सेवतः ।
पारिप्लव-मतेर्नित्यमध्रुवोमित्र संग्रहः ।। ३६।३९

जस्को छ चल्वले चित्त जो मान्दैन बडाकन,
अस्थायी मित्रता गर्छन् त्यस्तासित सबै जन,

द्यूतमेतत् पुराकल्पे दृष्टं वैर करं नृणाम् ।
तस्माद् द्यूतं न सेवेत हास्यार्थमपि बुद्धिमान् ।। ३७।१९

जूवै छ पहिलेदेखि वैरको मुख्य कारण,
तस्मात् हुँदैन ठट्टामा पनि यो खेल खेलन,

अतिमानोऽति वादश्च तथाऽत्यागो नराधिप ।
क्रोधश्चात्म विधित्सा च मित्रद्रोहश्च नातिषद् ।
एत एवासय स्तीक्ष्णाः कृन्तन्त्यायूंषि देहिनाम् ।
एतानि मानवान् घ्नन्ति न मृत्यु र्भद्रमस्तु ते ।।३७।१०-११

अतिमान बढी बोली, नहुनु शक्ति त्यागको,
चिन्ता केवल पेटैको क्रोध, द्रोह स्वबन्धुको,
यीछवटै कुरा काट्छन् आयु मानिसको सदा,
यिनै हुन् काल क्यै छैन मृत्यु भन्ने अरू कुरा,

उत्पाद्य पुत्रा न ऋणांश्च कृत्वा
वृत्तिं च तेभ्योऽनुविधाय कांचित् ।
स्थाने कुमारीः प्रतिपाद्य सर्वा
अरण्य संस्थोऽथ मुनिर्बुभूषेत् ।। ३७।३९

जन्माई छोरा अऋणी बनाई,
खाने कुनै वृत्ति पनि दिलाई,
राम्रा थलामा दिइ छोरीलाई
जाऊ तिमी ईश्वर भजनलाई,

संनियच्छति यो वेगमुत्थितं क्रोध–हर्षयोः ।
स श्रियो भाजनं राजन् यश्चापत्सु न मुह्यति ।। ३८।५१

क्रोध औ हर्षको वेग मौकामा रोक्न सक्छ जो,
जो आत्तिन्न विपत् पर्दा ऐश्वर्य पात्र बन्छ त्यो,

प्रज्ञाशरेणाभिहतस्य जन्तो–
श्चिकित्सकाः सन्ति न चौषधानि,
न होम मंत्रा न च मंगलानि,
नाथर्वणा नाप्यगदाः सुसिद्धाः ।। ३७।५८

लाग्यो जस्मा बुद्धिको चोट ठूलो
छैनन् त्यस्का बैद्य या औखती क्यै,
पूजा-आजा, होम, फूकफाक सारा
हुन्छन् त्यस्का निम्तिमा व्यर्थ जस्तै,

सर्पश्चाग्निश्च सिंहश्च कुलपुत्रश्च भारत ।
नावज्ञेया मनुष्येण सर्वे ह्येतेऽति तेजसः ।। ३७।५९

सर्प, अग्नि, कुली छोरो, सिंह यी हुन कडा अति,
नगिज्याउनु यिनलाई ताते कि पार्दछन् खति,

पितुरन्तः पुरं दद्यान्मातुर्दद्यान्महानसम् ।
गोषु चात्म समं दद्यात्स्वयमेव कृषिं व्रजेत् ।
भृत्यै र्वाणिज्य चारं च पुत्रैः सेवेत च द्विजान् ।।
३८।१२-१३

भित्री साँचो पितालाई भान्सा आमाकनै दिनू,
डिंगा बाँच्छाहरू हेर्न आफू जस्तै पठाउनू,
खेततर्फ स्वयं जानू सेवामा पुत्र लाउनू,
व्यापारहरूको काम भृत्यद्वारा गराउनू,

यं प्रशंसन्ति कितवा यं प्रशंसन्ति चारणाः ।
यं प्रशंसन्ति बन्ध्यक्यो न स जीवति मानवः ।। ३८।४५

जो प्यारो छ जुवाडेको नटुवाको छ जो प्रिय,
वेश्या जस्लाइ चाहन्छन् धेरै बाँच्दैन त्यो नर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपकृत्य बुद्धिमतो
दूरस्थोऽस्मीति नाश्वसेत् ।
दीर्घौ बुद्धिमतो बाहू
याभ्यां हिंसति हिंसितः ।। ३८।८

गिज्याई बुद्धिमान्लाई जति टाढा बसे पनि,
ढुक्क पर्न कसै हुन्न यहाँ आउन्न त्यो भनी,
हात हुन्छन् अती लामा नीतिज्ञ बुद्धिमानीका,
मारिदिन्छन् समाएर उतै पुग्छन् पुग्यो जता,

नाम मात्रेण तुष्येत छत्रेण च महीपतिः ।
भृत्येभ्यो विसृजे दर्थान् नैकः सर्वहरो भवेत् ।। ३८।३७

"राजाले मानले मात्र सन्तोष मनमा लिनू'
सम्पत्ति बाँड्दिनु साथै ओगट्ने बानि छोड्दिनु"

प्रसादो निष्फलो यस्य क्रोधश्चापि निरर्थकः ।
न तं भर्तारमिच्छन्ति षण्टं पतिमिवस्त्रियः ।। ३८।३२

"जो खुसाए पनी केही न सपारन सक्तछ,
जो रिसाए पनी केही न बिगारन सक्तछ,
त्यस्ता नेता रूचाउन्न कहिल्यै जनताहरू,
जस्तो नामर्द लोग्नेमा रम्दैनन् सुन्दरीहरू"

कांश्चिदर्थान् नरः प्राज्ञो लघमूलान् महाफलान् ।
क्षिप्रमारभते कर्तुं न विघ्नयति तादृशान् ।। ३४।२२

"थोरै साधनले ठूलो फल प्राप्त हुने भए,
बिघ्न पर्न नदी थाल्छन् काम त्यो पाडितादिले"

सन्तापाद् भ्रश्यते रूपं सन्तापाद् भ्रश्यते बलम् ।
सन्तापाद् भ्रश्यते ज्ञानं सन्तापाद् व्याधिमृच्छति ।।३६।४४

"चिन्ताले रूप नासिन्छ चिन्ताले बल घट्दछ ।
ज्ञान मेटिन्छ चिन्ताले, चिन्तैले रोग लाग्दछ ।।"

समृद्धा, गुणतः केचिद् भवन्ति धनतोऽपरे ।
धनवृद्धान् गुणै र्हीनान् धृतराष्ट्र विवर्जय ।। ३९।८

"पैसाका छन् धनी कोही कोही छन् गुणका धनी,
छोड पैसे धनीलाई छन् भने यदी बैगुनी"

द्वेष्यो न साधुर्भवति न मेधावी न पण्डितः । ३९।४

जो आफ्नो मन पर्दैन त्यो ईश्वरै भए पनि,
हुँदैन गुणबान् विद्वान् बुद्धिमान् आदि क्यै पनि,

प्रिये शुभानि कर्माणि द्वेष्ये पापानि चैवहि । ३९।४

आफ्ना मन परेकाले जे गरोस् जाति लाग्दछ,
सपारे पनि अर्काले बिगारेसरी लाग्दछ,

निश्चित्य यः प्रक्रमते नान्तर्वसति कर्मणः ।
अवन्ध्यकालो वश्यात्मा स वै पण्डित उच्यते ।। ३३।२४

जो थाल्छ काम सोचेरै छोड्दैन नसकीकन,
व्यर्थै समय फाल्दैन हुन्छ त्यै बुद्धिमान् जन,

गिरि पृष्ठमुपारुह्य प्रासादं वा रहोगतः ।
अरण्ये निः शलाके वा तत्र मंत्रोऽभिधीयते ।। ३८।१७

कि डाँडामा बसी यद्वा घरका छतमा बसी,
कि खुला बनमा गर्नु कुराकानी घरायसी,

अक्रोधेन जयेत् क्रोधमसाधुं साधुना जयेत् ।
जयेत् कदर्यं दानेन जयेत् सत्येन चानृतम् ।। ३९।७२

"जित्नू क्रोधीहरूलाई आफू प्रेमी बनीकन,
जित्नू दुष्टहरूलाई आफू सज्जन भैकन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जित्नू छुच्चाहरूलाई आफू दानी बनीकन,
यस्तै जित्नू झुठालाई आफू सत्य बनीकन"

अप्राप्तकालं वचनं बृहस्पति रपि ब्रुवन् ।
लभते बुद्ध्यवज्ञानमपमानं च भारत ।। ३९।२

बेमौकामा भनेको त बृहस्पति भए पनि,
उडाइन्छ सबैबाट 'रद्दी बात भन्यो' भनी,

नतत् परस्य संदध्यात् प्रतिकूलं यदात्मनः ।
संग्रहेणैष धर्मः स्यात् कामादन्यः प्रवर्तते ।। ३९।७१

त्यो नगर्नु अरूलाई जो आफ्नो प्रतिकूल छ,
यै हो संक्षेपमा धर्म अरू हो छाँट केवल,

अति क्लेशेन येऽर्थाः श्युर्धर्मस्यातिक्रमेण च ।
अरेर्वा प्रणिपातेन मास्म तेषु मनः कृथाः ।। ३९।७५

जे गर्न अति गाह्रो छ या धर्म छोड्नु पर्दछ,
पर्छ शत्रुसँगै झुक्न नदेऊ चित्त त्योतिर,

सहस्रिणोऽपि जीवन्ति जीवन्ति शतिनस्तथा ।
धृतराष्ट्र विमुञ्चेच्छां न कथंचिन्न जीव्यते ।। ३९।८३

हजारिया पनि बाँच्छन् सयैले पनि बाँच्दछन्,
क्यै नहुने पनी बाँच्छन् जन्मेका जति बाँच्दछन्

यत् पृथिव्यां व्रीहियवं हिरण्यं पशवः स्त्रियः ।
नालमेकस्य तत् सर्वमिति पश्यन् न मुह्यति । ३९।८४

"सारा संसारको अन्न, पशु, सुन र सुन्दरी,
सबै मिले पनी इच्छा पूर्ण हुन्न कसै गरी"

न स्वप्नेन जयेन्निद्रां न कामेन जयेत् स्त्रियः ।
नेन्धनेन जयेदग्निं न पानेन सुरां जयेत् ।। ३९।८१

निद्राबाट अघाइन्न जति धेरै सुते पनि,
हुँदैन कामना शान्ति जति नारी मिले पनि,
सकिन्न दाउरा पोली अग्निलाई थकाउन,
धोको फेरेर खाँदैमा सकिन्न रक्सी छोडन,

न बुद्धिर्धनलाभाय न जाड्यमसमृद्धये ।
लोक पर्याय वृत्तान्तं प्राज्ञो जानाति नेतरः ।।३८।३३।।

बुद्धिले धन मिल्ने र दुःख मिल्ने कुबुद्धिले,
व्हैन यो बुझ्दछन् विद्वान् बुझ्दैन अरू कोहिले

विद्या-शील-वयो वृद्धान् बुद्धि वृद्धांश्च भारत ।
धनाभिजात वृद्धांश्च नित्यंमूढोऽवमन्यते ।।३८।३४।।

विद्वान् धनी कुली वृद्ध साधु सन्त र बुद्धिमान्,
यिन्लाई देखदा नित्य मूर्खका नेत्र बल्दछन्,

यस्य कृत्यं न विघ्नन्ति शीतमुष्णभयं रतिः ।
समृद्धिरसमृद्धिर्वा सवै पण्डित उच्यते ।।३३।१९।।

सर्दी, गर्मी, भय प्रेम सम्पत्ति र दरिद्रता,
जस्को लक्ष्य बिगार्दैनन् सिद्धि पाउँछ त्यै सदा,

सुखार्थिनः कुतो विद्या, नास्ति विद्यार्थिनः सुखम् ।
सुखार्थी वा त्यज्येद्विद्यां विद्यार्थी वा त्यजेत् सुखम् ।।४०।६

छोडोस विद्या सुखार्थीले विद्यार्थीले पनी सुख,
सुखार्थीलाइ के विद्या? विद्यार्थीलाइ के सुख?

न वृद्धिर्बहु मन्तव्या या वृद्धिः क्षयमावहेत् ।
क्षयोऽपि बहुमन्तव्यो यः क्षयो वृद्धिमावहेत् ।। ३९।६

त्यो उन्नति ठूलो हैन जो पछि हानि पार्दछ,
त्यो हानि बरु राम्रो हो पछि जस्ले सपार्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न कश्चिन्नापनयते पुमानन्यत्र भार्गवात् ।
शेष संप्रति पत्तिस्तु बुद्धिमत्स्वेव तिष्ठति ।। ३९।३०

एउटा शुक्रबाहेक भूल कसबाट हुन्न र ?
भुले पनि सुधार्छन् जो तिनै हुन् बुद्धिमान् नर !

आयत्यां प्रतिकारज्ञ-
स्तदात्वे दृढनिश्चयः ।
अतीते कार्यशेषज्ञो
नरोर्थैर्न प्रहीयते ।।३९।५४

आगामी दुःख पैल्यै नै जजसले रोक्न जान्दछन्
जो वर्तमा-को मूल्य दृढता साथ मान्दछन् ।
बितेको भूल सच्चाई जो बाँकी काम सक्दछ,
ती कैल्यै सुख सम्पत्तिबाट बाटो विराउँछन्,

यस्य दान जितं मित्रं शत्रवो युधि निर्जिताः ।
अन्न पान जिता द्वारा सफलं तस्य जीवितम् ।। ३९।८२

जसले दिएर ख्वाएर इष्ट मित्रहरू जित्यो
आफैं मैदानमा उत्री जसले शत्रुहरू जित्यो
खान लाउन दी जसले पत्नी पुत्रहरू जित्यो
जान्नु जन्मेर पृथ्वीमा त्यै मान्छेल जगत् जित्यो,

सम्पन्नं गोषु सम्भाव्यं सम्भाव्यं ब्राह्मणे तपः ।
सम्भाव्यं चापलं स्त्रीषु सम्भाव्यं ज्ञातितो भयम् ।। ३६।५८

'गाइगोठ' भए देखि 'धनी' हुनु छ सम्भव,
'विप्रजाति' भए देखि 'तपी' हुनु छ सम्भव,
'नारी जाति' भए देखि 'चंचले' हुनु सम्भव,
'दाजुभाइ' भए देखि 'वैरी' हुनु छ सम्भव,

आत्मानदी भारत पुण्य तीर्थ ।
सत्योदका धृतिकूला दयोर्मिः ।
तस्यां स्नातः पूयते पुण्य कर्माः ।। ४०।२१

आत्मा नदी पुण्य सिंढी भएको
भेल्को दया सत्य जलै लिएको
धैर्य स्वरूपी तटको छ तीर्थ
यहाँ नुहायौ कि भयौ पवित्र,

सनत्सुजात उपदेश

(महात्मा विदुरले धृतराष्ट्रलाई नीतिवाक्यहरूको उपदेश दिएपछि पनि धृतराष्ट्रमा शान्ति आएको अनुभव नभएर आत्मज्ञान दिलाउने उद्देश्यले ब्रह्मचारी सनत्सुजातको आह्वान गरेका थिए र ब्रह्मचारी सनत्सुजातले पनि युक्तिपूर्वक धृतराष्ट्रलाई आत्मज्ञान दिएका थिए । उद्योगपर्वमा यस प्रसङ्गलाई 'सनत्सुजात' नाम दिइएको छ)

शरीर मेतौ कुरुतः पिता माता च भारत
आचार्यशास्ता या जातिः सा पुण्या सा जरामरा ।।४४।८।।

"अस्थायी देहको जन्म दिन्छन् मातापिता तट,
गुरूले ज्ञान जो दिन्छन् हुन्छ त्यो अजरामर"

कालेन पादं लभते तथार्थं ।
ततश्च पादं गुरुयोगतश्च,
उत्साह योगेन च पादमृच्छे-
च्छास्त्रेण पादं च ततोऽभियाति ।।४४।१६

क्यै ज्ञान पाइन्छ उमेर बित्दा,
क्यै ज्ञान सत्संगतबाट मिल्छ,
क्यै ज्ञान उत्साह भएर मिल्छ
बाँकी अरू शास्त्र पढेर मिल्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतेन ब्रह्मचर्येण देवा देवत्वमाप्नुयुः ।
ऋषयश्च महाभागा ब्रह्मलोकं मनीषिणः ।।४४।२०।।

यै ब्रह्मचर्यले गर्दा देवता देवता भए,
विद्वान् ऋषिहरू सोझै ब्रह्मलोक पुगी गए,

न वेदानां वेदिता कश्चिदस्ति,
कश्चित्त्वेतान् बुध्यते वापि राजन्,
यो वेद वेदान् न स वेद वेद्यं
सत्ये स्थितो यस्तु स वेद वेद्यम् ।।४३।५२

छैनन् कोही वेदको अर्थ जान्ने
जान्ने होउन् तत्व बुझ्नेत छैनन् ,
पदार्थले मात्र बुझिन्न वेद,
त्यो बुझ्न आत्मैकन चिन्नुपर्छ,

नास्य पर्येषणं गच्छेत् प्राचीनं नो त दक्षिणम् ।
नार्वाचीनं कुतस्तिर्यङ्‌ नादिशं तु कथं च न ।।
तस्य पर्येषणं गच्छेत् प्रत्यर्थिषु कथञ्चन,
अविचिन्वन्निमं वेदे तपः पश्यति तं प्रभुम् ।।४३ ५७-५८

न जाऊ भगवान् खोज्न पूर्व पश्चिम दक्षिण
दिशा उपदिशा यद्वा न अरू ठाउँमा घुम,
वेद या शून्य ठाउँमा पनि हो खोज्नु व्यर्थ छ,
तपस्या गर आत्मैमा प्रभु दर्शन मिल्दछ,

न वै मानं च मौनं च सहितो वसतः सदा ।
अयं हि लोको मानस्य असौ मौनस्य तद् विदुः ।। ४२।४४

मान औ मौन यी धर्म वस्दैनन् एउटैसित,
मान खोज्ने यहीं डुल्छ मौनीको स्वर्गलोक छ,

काम क्रोध ग्राहवतीं पञ्चेन्द्रिय जलां नदीम् ।
नावं धृति मया कृत्वा जन्म दुर्गाणि संतर ।। ४०।२२

काम, क्रोधादि ग्राहैको जसभित्र निवास छ,
यी पञ्चेन्द्रियको पानी जसमा भरिपूर्ण छ,
जन्म औ मृत्यु-भेल्काले भन्किएको छ जो अति
धैर्यरूपी डुँगाद्वारा तर यस्तो महानदी,

तस्मात् क्षत्रियमामंस्थ जल्पितेनैववै द्विजम् ।
यस्व सत्यान्नापैति सज्ञेयो ब्राह्मणस्त्वया ।। ४३।४९

नठान बोल्न जान्दैमा जो पनि हुन्छ ब्राह्मण
जो सत्य कत्ति छोड्दैन त्यै नै ब्राह्मण हो चिन

अत्रैव तिष्ठन् क्षत्रिय ब्रह्माविशति पश्यति ।। ४५।२१

"निर्विकल्प रहे देख्छौ सर्वत्र ब्रह्मको पद,
वनमा जाउ वा आफू जन्मेकै ठाउँमा बस"

अणोरणीयान् सुमानाः सर्वभूतेषु जाग्रति ।
पितरं सर्वभूतेषु पुष्करे निहितं विदुः ।। ४६।३१

"सूक्ष्मभन्दा पनी सूक्ष्म मनस्वी सर्व व्यापक,
जगत् पिता परं ब्रह्म सबैका घटभित्र छ"

अपानं गिरति प्राण प्राणं गिरति चन्द्रमा ।
आदित्यो गिरते चन्द्रमादित्यं गिरते परः ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ।। ४६।१३

"निल्छ अपानले प्राण प्राणै निल्दछ चन्द्रमा
त्यै चन्द्र निल्दछन् सूर्य सूर्यै निल्ने छ क्वै उहाँ,
यस्तो अद्भुत तेजस्वी अविनाशी सनातन,
भगवान्लाई को चिन्छ शुद्ध योगी नभैकन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रौपदीको याचना

(द्रौपदीले यो याचना भगवान् श्रीकृष्ण कौरव पाण्डवको सन्धिप्रस्ताव लिएर हस्तिनापुर पाल्नु हुने बखतमा गरेकी हुन्। कौरवहरूको असह्य अत्याचारबाट पीडित यो नारी हृदयको चित्कार ज्यादै मर्मपूर्ण मानिएको छ।

अयं ते पुण्डरीकाक्ष दुःशासन करोद् धृतः।
स्मर्तव्यः सर्वकार्येषु परेषां सन्धि मिच्छता। ८२।३६

"सन्धिपत्र हुँदा कृष्ण मेरो यै छ पुकारनु,
चुल्ठो पक्री घिसारेको इतिहास न बिर्सनू"

नन्वहं कृष्ण भीष्मस्य धृतराष्ट्रस्य चो भयोः।
स्नुषा भवामि धर्मेण साहं दासी कृता बलात्। ८२।३०

"म पनी त बुहारी हूँ धृतराष्ट्र र भीष्म की,
दासीतुल्य बनाएको भुलाऊँ घटना कति?"

धिक्पार्थस्य धनुष्मत्तां भीमसेनस्य धिक्बलम्।
यत्र दुर्योधनः कृष्ण मुहूर्तमपि जीवति॥ ८२।३१

"भीम अर्जुनको शक्तिलाई धिक्कार दिन्छु म,
दुत्रै घडी पनी ज्यूँदै जब हुन्छ सुयोधन"

यदि तेऽहमनुग्राह्या यदि तेऽस्ति कृपा मयि।
धार्तराष्ट्रेषु वै कोपः सर्वः कृष्ण विधीयताम्॥ ८२।३२

गर्नु हुन्छ भने कृष्ण! द्रौपदीमा अनुग्रह,
यस्तो सन्देश भन्नोस् कि झोक्कियून् सब कौरव,

त्रयोदश हि वर्षाणि प्रतीक्षन्त्या गतानि मे।
विधाय हृदये मन्युं प्रदीप्तमिवपावकम्॥ ८२।४०

"क्रोध ज्वाला अँठ्याएर तेह्र वर्ष कुरीकन,
बुझाएकी थिएँ कृष्ण! होला युद्ध भनी मन"

यदि भीमार्जुनौ कृष्ण! कृपणौ सन्धिकामुकौ।
पिता मे योत्स्यते वृद्ध ... ... ॥ ८२।३७

भीम अर्जुन चाहन्नन् युद्धलाई भने बसुन्,
बुढै भए पनि मेरा पिताजी लड्न आउनन"

विदीर्यते मे हृदयं भीमवाक्शल्य पीडितम्।
योऽयंमद्यमहाबाहुः धर्ममेवानु पश्यति॥ ८२।४१

सुन्दा यी भीमका वाक्य मुटु हुन्छ छिया छिया
जो अझै पनि भन्दैछन् धर्म (शान्ति, क्षमा, दया)

पञ्च चैव महावीर्याः पुत्रा मे मधुसूदन।
अभिमन्युं पुरस्कृत्य योत्स्यन्ते कुरुभिः सह॥ ८२।३८

"मेरै जस्ता भने तस्ता वीर पाँच कुमार छन्,
अभिमन्यु पनी मेरा निम्ति लड्न तयार छन्"

दुःशासन भुजं श्यामं संछिन्नं पांसु गुण्ठितम्।
यदहंतु नपश्यामि का शान्तिहृदयस्य मे॥ ८२।३९

"त्यो दुःशासनको कालो पाखुरो गिँडिईकन,
धुलामा नखसुन्जेल बुझाऊँ कसरी मन?"

धृष्टद्युम्नस्य भगिनी तव कृष्ण प्रिया सखी।
महिषी पाण्डुपुत्राणां पश्चेन्द्र समवर्चसाम्।
साहं केश ग्रहं प्राप्ता परिक्लिष्टा सभां गता॥ ८२।२१-२३

"तपाईं जत्तिका मेरा इष्ट मित्र छँदा छँदै,
वीररत्न स्वयं आफ्ना पति पाँच हुँदा हुँदै,
अनि छँदा छँदै आफ्ना बलिया वीर माइती,
शोच्नोस् त मनमा कृष्ण! दुःख भोगिसकें कति?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विदुला उपदेश

(महाभारतका गीतापछिका महत्वपूर्ण प्रसङ्गमा विदुरनीति, भीष्मसन्देश, अनुगीता र विदुलोपाख्यान आउँदछन्, महाभारत पनि यस (विदुलोपाख्यान) प्रसङ्गलाई 'इतिहासं पुरातनम्' भनेर प्राचीन कथाको रूपमा लेखिएको छ । कथा यस्तो छ– एउटी विदुला नामकी महारानी थिइन् । सिन्धु देशका राजाले उनका पतिलाई परास्त गरिदिएकाले र युद्धमा पतिको मृत्यु भएकाले उनी आफ्ना समर्थक केही सैन्य साथमा लिएर वनमा जीवन बिताउन लागिन्, उनको एउटा कुमार थियो, त्यो युवक भइसक्दा पनि आफ्नो राज्य फिर्ता गर्न तत्पर भएन, यसरी आलस्यपूर्वक जीवन यापन गरिरहेको छोरालाई उनले उद्बोधन गर्न धेरै कुरा भनिन्, त्यस उद्बोधनको 'विदुलापुत्र सम्वाद' विदुलोपदेश विदुला उपदेश, आदि नाममा प्रचार भएको छ, महाभारतको उद्योगपर्वको भगवद्यानपर्वमा वर्णित उक्त प्रसङ्गबाट यहाँ केही सूक्तिहरू संकलित भएका छन्) ।

उत्तिष्ठ हे कापुरुष मा शेष्वैवं पराजितः ।
अमित्रान् नन्दयन् सर्वान् निर्मानो बन्धुशोकदः ।। १३३।८

"उठ् रे कातर ! उठ् यस्तो लत छाडा बनी नसुत्,
जोरी पारी हँसाएर आफ्नालाई उँधो नपार् ।"

कुरु सत्वं च मानं च विद्धि पौरुषमात्मनः ।।
उद्भावय कुलं मग्नं त्वत्कृते स्वयमेवहि । १३३।२१

"गर् स्वाभिमानको रक्षा, बाँच् आफ्नै धैर्य बुद्धिले,
आफ्नालाई उठा आफै तँ आफ्नै निम्ति आफूले"

मात्मानमवमन्यस्व मैनमल्पेन बीभरः ।
मनः कृत्वा सुकल्याणं मा भैस्त्वं प्रति संहर ।। १३३।७

आफ्नो हेलाँ नगर आफैं थोरैमा पनि दङ्ग नपर !,
राम्रापट्टि लगा चित्त के कम् छस् तँ कतै नडर् !

उत्थातव्यं जागृतव्यं मोक्तव्यं भूति कर्मसु ।
भविष्यत्येव मनः कृत्वा सततमव्ययैः ।। १३३।२९

निस्से हुन्छ भनी ठानी क्यै चिन्ता नलिई यहाँ,
जागेर उठीहाल फट्ट लागिहाल् काममा अब ।

यमाजीवन्ति पुरुषं सर्वभूतानि सञ्जय ।
पक्वं द्रुमनिवासाद्य तस्य जीवितमर्थवत् । ।। १३३।४३

पाकेका फलको वृक्ष हेरे झैं आस लीकन,
जसलाई हेर्दछन् सारा त्यस्ले योग्य छ बाँचन,

मास्तं गमस्त्वं कृपणो विश्रूयस्व स्वकर्मणा ।
मा मध्ये मा जघन्ये त्वं माऽधो भूस्तिष्ठ गर्जितः ।। १३३।४३

"बिलाएर नजा ! बाँची पुच्छ्रा मान्छे पनी न हो,
मझौला पनि त्यस्तै हो हुनुपर्छ सधैं बडो"

श्रुतेन तपसा वापि श्रिया वा विक्रमेण वा ।
जनान् योऽभिभवत्यन्यान् कर्मणाहि स वै पुमान्
।। १३३।२४½

पैसाले कि तपस्याले कि उद्योग पढाइले,
जो जित्दछ अरूलाई त्यै हो ज्यूँदो मनुष्य रे !

स्वर्गं द्वारोपमं राज्यमथवा ह्यमृतोपमम् ।
रुद्ध मेकायनं मत्वा पतोल्मुक इवारिषु ।। ३४।२९

"स्वर्ग या राज्यको ढोका एउटै युद्ध हो भनी,
शत्रुका शिरमा बज्री ! अगुल्टो तुल्यको बनी"

सुपुरा वै कुनदिका सुपुरो मूषिकाञ्जलिः ।
सुसन्तुष्टः कापुरुषः स्वल्पकेतैव तुष्यति ।। १३३।९

"जस्तो भरिन्छ थोरैले खोल्सो र मूषिकाञ्जलि,
त्यस्तै भुल्दछ थोरैमा छोटा मानिसको मति"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वमेवं प्रेतवच्छेषे कस्माद् वज्रहतो यथा ।
उत्तिष्ठ हे कापुरुष मा स्वाप्सीः शत्रु निर्जितः ।। १३३।१२

के सुत्छस् ?चड्कने लागी पल्टेको लास भैँ गरी,
उठ्न ! लाच्छी ! नसुत् कत्ति शत्रुको वशमा परी,

अनन्दन मया जात द्विषतां हर्षवर्धन ।
न मया त्वं न पित्रा च जातः क्वाभ्यागतोऽह्यसि १३३।५

"पिराहा !शत्रुका प्यारा !तँ,यस्तो जन्मिइस् किन?
न मेरा गोतको छस् तँ न बुवाको छ क्यै पन ?"

अनु त्वां तात जीवन्तु ब्राह्मणः सुहृदस्तथा ।
पर्जन्यमिव भूतानि देवा इव शतक्रतुम् ।। १३३।४२

"किसानलाई वर्षा भैँ, इन्द्र भैँ देवताकन,
तँ बन् ! ब्राह्मण औ इष्ट मित्रका निम्ति जीवन"

युवा रूपेण सम्पन्नो विद्ययाभिजनेन च ।
यस्त्वादृशो विकुर्वीत यशस्वी लोक विश्रुतः ।
अधुर्यवच्च बोढव्ये मन्ये मरण मेव तत् ।। १३४।३३-३४

कुल, रूप र विद्याले पूर्ण तैं जत्तिको युवा ।
भार बोक्ने अवस्थामा पछि हट्छ भने सदा,
त्यस्ता मानिसका निम्ति मेरो यस्तो विचार छ,
लोक विख्यात होस् किन्तु त्यो मरेकै समान छ,

दाने तपसि सत्ये च यस्य नोच्चरितं यशः ।
विद्यायामर्थलाभे वा मातुरुच्चार एव सः ।।१३३।२३½

दान, सत्य, तपस्या औ विद्या या धन जोर्न,जो
चलेन नाम जस्को त्यो आमाको मलमूत्र हो,

यस्य वृत्तं न जल्पन्ति मानवा महदद्भुतम् ।
राशिवर्धन मात्रं स नैव स्त्री न पुनः पुमान् ।।११३।२२½

जस्को कीर्ति अरूबाट गाइँदैन कतै तिर,
परोस् न जन संख्यामा त्यो मान्छे हैन आखिर

उद्भावयस्य वीर्यं वा तांवा गच्छ ध्रुवां गतिम् ।
धर्मं पुत्राग्रतः कृत्वा किं निमित्तं हि जीवसि ।।१३३।१८

धर्मपूर्वक देखाऊ कि उज्ज्वल पराक्रम,
कि जाऊ जिन्दगी छोडी के बाँच्छौ व्यर्थ जीवन,

अलब्ध्वा यदि वा लब्ध्वा नानु शोचन्ति पण्डिताः ।
अनन्तर्यं चारभते न प्राणानां धनायते ।।१३३।१७

नाफा होस् कि नहोस् केही फिक्री लिन्नन् बडाहरू,
गर्नुपर्ने गरी राख्छन् प्राणै त्याग्न परोस् बरु,

यो हि तेजो यथा शक्ति न दर्शयति विक्रमात् ।
क्षत्रियो जीविता काङ्क्षी स्तेन इत्येव तं विदुः ।।१३४।२

जो आफ्नो शक्ति जस्तो छ देखाउन्न यथार्थमा,
स्वार्थी त्यो चोर हो ठूलो भन्ने पाइन्छ शास्त्रमा,

अर्थवन्त्युपपन्नानि वाक्यानि गुणवन्ति च ।
नैव सं प्राप्नुवन्ति त्वां मुमूर्षुमिव भेषजम् ।।१३०।३

युक्तियुक्त गुणी राम्रा उपदेशहरू पनि,
लाग्दैनन् मूर्खमा मर्ने रोगीमा औषधीसरी,

निरमर्षं निरुत्साहं निर्वीर्यमरिनन्दनम् ।
मा स्म सीमन्तिनी काचिज्जनयेत्पुत्रमीदृशम् ।।१३३।३०½

अल्छी,उत्साहले शून्य, लोसो, जोरी हँसाउनि
यस्तो छोरो कुनै आमा नपाओस् कहिले पनि,

एतावानेव पुरुषो यदमर्षी यदक्षमी ।
क्षमावान् निरमर्षश्च नैव स्त्री न पुनः पुमान् ।।१३३।३२½

मान्छे हो त्यहि अन्याय सहन्न ईख राख्छ जो,
'जे पर्‍यो भैगयो'भन्ने न स्त्री हो न मनुष्य हो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक शत्रुवधेनैव शूरो गच्छति विश्रुतिम् ।
इन्द्रोवृत्रवधेनैव महेन्द्रः समपद्यत ।।१३३।३३½

योटै होस् गतिलो काम त्यस्तिले नाम चल्दछ,
इन्द्र महेन्द्र भै हाले मार्दैमा वृत्र केवल,

पुत्र नात्मा व मन्तव्यः
पूर्वाभिरसमृद्धिभिः ।
अभूत्वा हि भवन्त्यर्था
भूत्वा नश्यन्ति चापरे ।।१३५।२५

त्यत्रो धन थियो गैगो अब के गर्न सक्छु र ?
ठानेर मनमा बाबु ! निराशा नलिने गर !
किनकि धनको कामै थुप्रिए पछि मासिने,
मासिए पछि हो आफैं मौकामा पछि थुप्रिने,

नैव राजा दरः कार्यो जातु कस्याञ्चिदापदि ।
अथ चेदपि दीर्णः स्यान्नैव वर्तेत दीर्णवत् ।।१३६।१

कस्तै आपत् परोस् किन्तु वीरले नडराउनू,
डरिहाले पनी चित्त नडराएसरी हुनू,

पतिपुत्रवधादेतत् परमं दुःखमब्रवीत् ।
दारिद्र्यमिति यत् प्रोक्तं पर्याय मरणं हि तत् ।।१३४।१३

पति या पुत्रको मृत्युभन्दा दुःख कुनै भए,
त्यो दुःख मृत्यु जस्तो यो दारिद्रपन हो बुझे,

नेति चेद् ब्राम्हणं ब्रूयां दीर्येत हृदयं मम ।

माग्ने सज्जनका निम्ति छैन भन्नु पर्‍यो यदि,
छाती चिरिन्छ ज्यूँदै नै मरे झैँ ठान्छ यो मति,

न ह्यहं न च मे भर्ता नेति ब्राह्मण मुक्तवान् ।।१३४।१९

आज सम्म सुन्यौ बाबु ! माग्नेका साथमा कबै ।
नै नास्ति नगरी बाँच्यौं तिम्रा माता पिता दुबै,

वयमाश्रयणीयाःस्म न श्रोतारः परस्य च ।
सान्यमासाद्य जीवन्ति परित्यक्षामि जीवितम् ।।१३४।२०

हामी आश्रयदाता हौँ हैनौं आश्रय पर्खने ।
बाँच्नेछैन म अर्काको मुख ताक्नुपर्‍यो भने,

यस्य शूरस्य विक्रान्तैरेधन्ते बान्धवाः सुखम् ।
त्रिदशा इव शक्रस्य साधु तस्येह जीवितम् ।।१३३।४४

जस्का आर्जनले बाँच्छन् दाजुभाइ मजासित,
स्वर्गमा इन्द्र झैँ त्यस्ले यहाँ बाँच्न सुहाउँछ,

तैः कृत्वा सह संघातं गिरिदुर्गालयं चर ।
काले व्यसनमाकाङ्क्षन् नैवायमजरामरः ।।१३४।६

सबैलाई लिई हात गर्नुपर्ने कुरा गर !
मौकामा सक्दछौ जित्न छैन क्वै अजरामर,

स्वबाहुबलमाश्रित्य योऽभ्युज्जीवति मानवः ।
स लोके लभते कीर्तिं परत्र च शुभां गतिम् ।।१३३।४५

जो आफ्नै भरमा गर्छ उच्च जीवन यापन,
त्यो यहाँ कीर्तिमान् हुन्छ परत्र, मुक्ति भाजन,

शूरस्योर्जित सत्त्वस्य सिंह विक्रान्त चारिणः ।
दिष्टभावं गतस्यापि विषये मोदते प्रजा ।।१३३।३६¼

जो आफ्नो ज्यान थापेर लोकका निम्तिमा मर्‍यो,
आफू मरे पनी त्यस्ले आफ्नालाई उँभो गर्‍यो,

आयसं हृदयं कृत्वा मृगयस्व पुनः स्वकम् ।
परं विषहते यस्मात् तस्मात् पूरुष उच्यते ।।१३३।३५

बना फलामको छाती गर् खोजी अधिकारको,
अन्याय नसही जाग्ने काम नै पुरुषत्व हो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि त्वामनु पश्यामि परस्य प्रियवादिनम् ।
पृष्ठतोऽनुव्रजन्ते वा काशान्ति हृर्दयस्य मे ॥१३४।१४

शत्रुको गुण गाएर उनैको पछि, लस्कदै
हिड्ने तँलाई देखेर के शान्ति पाउँला कठै ?

नियच्छन्नितरान् वर्णान् विनिघ्नन् सर्वदुष्कृत ।
स सहायोऽसहायो वा यावज्जीव तथा भवेत् ॥१३४।४१

संसारै वशमा पारी मारी दुष्टहरू सबै
सहाय होस् नहोस् कोही यसरी पर्छ बाँच्न नै ?

अप्यहेरारुजन् दंष्ट्रामाश्वेव निधनं व्रज ।
अपि वा संशयं प्राप्य जीवितेऽपि पराक्रमेः ॥१३३।१०

उखेल्दा सर्पका दाँत कि जा चाँडै मरीकन।
प्राणको बाजि थापेर कि देखा तँ पराक्रम,

नशक्र भवने पुण्ये दिवि तद् विद्यते सुखम् ।
यदमित्रान् वशे कृत्वा क्षत्रियः सुखमेधते ॥१३५।१४

त्यस्तो आनन्द पाइन्न स्वर्गमा पुण्य भोगदा,
जस्तो आनन्द पाइन्छ शत्रुलाई झुकाउँदा,

आत्मानं वा परित्यज्य शत्रुं वा विनिपात्य च ।
अतोऽन्येन प्रकारेण शान्तिरस्य कुतो भवेत् ॥१३५।१६

कि आफ्नै जिन्दगी छोड्छ कि गर्छ शत्रुको वध,
यी दुई काम छोडेर वीर क्वै शान्त हुन्छ र ?

गान्धारीशिक्षा

(कौरव राजमाता गान्धारीले यो शिक्षा दुर्योधनलाई भगवान् श्रीकृष्ण राजदूत बनेर आएको वखतमा दिएकी थिइन्)

या हि शक्या महाराज साम्ना दानेन वा पुनः ।
निस्तर्तुमापदः स्वेषु दण्डं कस्तत्र पातयेत् ॥१२९।१५

"साम, दानादिले काम चल्न सक्ने भएतक,
दण्ड नीति लिनै खोज्ने को होला मूर्ख मानिस ?"

न हि राज्यं महाप्राज्ञ स्वेन कामेन शक्यते ।
अवाप्तुं रक्षितुं वाऽपि भोक्तुं भरत सत्तम ॥१२९।२२

"गरी मनपरी आफ्नो अरूको न सुनीकन,
सक्तैन नृपले राज्य लिन भोग्न बँचाउन"

अविजित्य य आत्मान-
ममात्यान् विजिगीषते ।
अमित्रान् वा जितामात्यः
सोऽवशः परिहीयते ॥१२९।२८

"जो पैल्हे नबनी आफू खोज्छ मंत्री बनाउन,
या मंत्री नजिती आफ्नै जो खोज्छ शत्रु साधन,
यस्तो नृपतिले कैल्यै पार्न सक्तैन क्वै वश,
आक्रन्त अनि आफूलाई यसर्थ पहिले जित !"

सततं निग्रहे युक्त इन्द्रियाणां भवेन्नृर ।
इप्सन्नर्थं च धर्मं च द्विषतां च पराभवम् ॥ १२९।३४

"धर्म अर्थ कमाएर शत्रु जित्ने भए मन,
सधैं इन्द्रियको वेग रोक्न सक्ने तिमी बन"

एकी भूतंर्महाप्राज्ञैः शूरैररी निवर्हणैः ।
पाण्डवैः पृथिवीं भोक्ष्यसे सहितः सुखी ॥ १२९।३६

"वीर पाण्डवका साथ मिलेमा एकता लिई,
सम्पूर्ण पृथिवी भोग्न सक्थ्यौ बाबु ? खुशी भई"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निग्रह्य सुहृदां मन्युं शाधि राज्यं यथोचितम् ।
स्वमंशं पाण्डुपुत्रेभ्यः प्रदाय भरतर्षभ ।। १२९।४६

"दिई पाण्डवको अंश रिझाई अरू बान्धव,
दुर्योधन ! खुशी साथ भोग राज्य यथोचित"

अमर्ष वशमापन्नो मा कुरुस्तात जीघनः ।
एषा हि पृथिवी कृत्स्ना मागमत्त्वत्कृते बधम् ।। १२९।५०

"ईर्ष्या डाह लिई बाबु ! लडाई बन्धु बान्धव,
आफ्ना निमित्तमा सारा नमार विश्वमानव"

कुन्ती-सन्देश

(पाण्डवहरू वनवास र गुप्तवास बस्दा पाण्डवमाता कुन्ती पुत्रहरूसँग गएकी थिइनन् (धृतराष्ट्र विदुरहरू भएको हस्तिनापुरमै बसेकी थिइन्) शान्तिदूत श्रीकृष्णको प्रयासलाई कौरवहरूले स्वीकार नगरेपछि श्रीकृष्ण पाण्डवहरू-कहाँ त्यो खबर लिएर जान लाग्दा कुन्तीले पुत्रहरूका निमित्त भनेर तलको सन्देश पठाएकी थिइन्)

ब्रूयाः केशव राजानं धर्मात्मानं युधिष्ठिरम् ।
भूयांस्ते हीयते धर्मो मा पुत्रक वृथा कृथाः । १३२।५

युधिष्ठिरकनै कृष्ण ! भने है यो कुरा गई,
मुख्य धर्म गुमाएर के बस्छौ धार्मिकै भई ?

श्रोत्रियस्येव ते राजन् मन्दकस्या विपश्चितः ।
अनुवाक हता बुद्धिर्धर्ममेवैक मीक्षते ।। १३२।६

"भावार्थ नबुझी वेद पढ्ने बाहुन झैं गरी,
तिम्रो बुद्धि पनी यौटै धर्म जप्दछ बेस्सरी"

मुचुकुन्दस्य राजर्षेरददत् पृथिवीमिमाम् ।
पुरा वैश्रवणः प्रीतो न चासौ तद् गृहीतवान् ।।
बाहु वीर्यार्जितं राज्य मश्नियामिति कामये ।।१३२।९$\frac{1}{2}$

देवताले सबै पृथ्वी दिंदामा मुचुकुन्दले,
स्वीकार नगरी हाँसी यो भनेका थिए अरे–
"अर्काबाट मिलेको म चाहन्न पृथिवी सब,
आफ्नै उद्योगले जत्ति मिल्दछ त्यो ठान्छु लाख छ"

कालो वा कारणं राज्ञः राजा वा कालकारणम् ।
इति ते संशयो माभूद् राजा कालस्य कारणम् ।।१३२।१६

युग झैं बन्छ राजा कि राजा झैं युग बन्दछ,
भन्ने शंका न राखे है राजा झैं युग बन्दछ,

राजा कृत युग स्रष्टा त्रेताया द्वापरस्य च ।
युगस्य च चतुर्थस्य राजा भवति कारणम् ।।१३२।१७

"राजा हुन् सत्यका स्रष्टा त्रेता द्वापरका पनि,
यस्तै राजाहरूनै हुन् कलि जन्माउने पनि"

दानेनान्यं बलेनान्यं तथा सुनृतया परम् ।
सर्वतः प्रतिगृह्णीयाद् राज्यं प्राप्येह धार्मिकः ।।१३२।२९

"दिएर बन्छ कि धाक लगाईकन बन्दछ,
जसरी तसरी राज्य हातमा पार्नु पर्दछ"

ब्राह्मणः प्रचरेद् भैक्ष्यं क्षत्रियः परिपालयेत् ।
वैश्यो धनार्जनं कुर्याच्छूद्रः परिचरेच्च तान् ।। १३२।३०

"भिक्षा ब्राह्मणले गर्नू क्षत्रीले गर्नु पालन,
वैश्यले जोर्नु सम्पत्ति शूद्रले गर्नु सेवन"

पुत्रेष्वाशासते नित्यं पितरो दैवतानि च ।
दानमध्ययनं यज्ञः प्रजानां परिपालनम् ।। १३२।२६

"दान, विद्या, ठुला यज्ञ, जनसेवा-गरोस् भनी
छोरामा राख्छन् आशा पौता र पित्रले पनि"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साम्ना भेदेन दानेन दण्डेनाथ नयेन वा । पित्र्यमंशं महाबाहो निमग्नं पुनरुद्धर ।। १३२।३२	"साम दानादिले जेले हुन सक्छ युधिष्ठिर ! डुबेको बाबुको अंश हात पार्ने कुरा गर !'

विविध सूक्ति

परवीर्यं समाश्रित्य यः समाह्वयते परान् । अशक्तः स्वयमादातुमेतदेव नपुंसकम् ।। १६२।५५	अर्काका भरमा जस्ले आफ्नो धाक लगाउँछ, आफैं गर्दैन क्यै भन्छन् त्यस्तैलाई नपुंसक, — युधिष्ठिर
को जातु परभावां हि नारीं व्यालीमिव स्थिताम् । वासयेत गृहे जानन् स्त्रीणां दोषो महात्ययः ।। १७८।४५	अन्तै मायाँ बसालेकी नारी सर्प समान हो, त्यस्तीलाई चिनी जानी घरमा राख्न सक्छ को ? — भीष्म,
न हायनैर्न पलितैर्न वित्तैर्न च बन्धुभिः । महारथत्वं संख्यातुं शक्यं क्षत्रस्य भारत ।। १६८।१६	धनले केश फुल्नाले धेरै दाजु र भाइले लामो उमेरले मात्रै ठूलो बन्दैन क्वै पनि, —कर्ण
पश्ये दोषं ध्रुवं युद्धे तथा युद्धे पराभवम् । अधनस्य मृतं श्रेयो न हि ज्ञाति क्षयो जयः ।। १४४।१३	न लड्नु लाज हो किन्तु लड्नु ज्यादै खराब हो, मान्छे मारी जितेभन्दा भोकै मर्नु वरू निको —विदुर
दैवं हि मानुषोपेतं भृशं सिद्धचति पार्थिव । परस्पर विरोधाद् हि सिद्धिरस्ति न चैतयोः ।। १९१।१५	भाग्यका साथ उद्योग जुटेमा काम बन्दछ, यी दुवै न मिले सिद्धि मिल्न साह्रै छ मुश्किल —द्रुपद रानी
श्रोतव्यं खलु वृद्धानां मिति शास्त्र निदर्शनम् । न त्वेव ह्याति वृद्धानां पुनर्वाला हि ते मताः ।। १६८।२६	वृद्धको मार्गमा चल्नु शास्त्रले भन्छ तैपनि साह्रै बूढाहरूलाई ठान्नू बालक हुन् भनी, —कर्ण

(रथ र कवचहीन तपाईंसित युद्ध गर्दिन भनी भीष्मले भन्दा परशुरामले दिएको उत्तर—)

(ततो माम ब्रवीद् रामः स्मयमानो रणाजिरे) । रथो मे मेदिनी भीष्म वाहा वेदाः सदश्ववत् ।। १७९।३	"रथ हुन् पृथिवी मेरी रथका अश्व वेद हुन् हावा हो सारथी मेरो गायत्री आदि वर्म हुन्"

(ब्राह्मणत्वको गर्व लिएर युद्ध गर्न उत्सुक गुरुप्रति भीष्मको गर्वोक्ति—)

ये ते वेदाः शरीरस्था ब्राह्मण्यं यच्चते महत् । तपश्च ते महत्तप्तं न तेभ्यः प्रहराम्यहम् ।। प्रहरे क्षत्र धर्मस्य यं राम त्वं समाश्रितः । ब्राह्मणः क्षत्रियत्वं हि याति शस्त्र समुद्यमात् ।।१७९।२५-२६	"तपाईंमा छ जो वेद अनि जो ब्राह्मणत्व छ, तपस्या यति माथि छ हतियार म छोड्दिन, तर तपाईंमा क्रोध युक्त जो क्षत्रियत्व छ, त्यहाँ हान्दछु युद्धार्थी विप्रै होस् हुन्छ क्षत्रिय'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवश्यं च मया कार्यं पूर्वेषां चरितं महत् ।
कर्ता चाहं तथा कर्म यथा नान्यः करिष्यति ॥ १६३।४७

"मेरो पूर्वजको नाम राख्ने भार ममाथि छ,
तस्मात् त्यै गर्छु जे गर्न अरूले छ असम्भव.,
-धृष्ट द्युम्न

गुरोरप्यवलिप्तस्य कार्याकार्यमजानतः ।
उत्पथंप्रति पन्नस्य परित्यागो विधीयते ।। १७८।४८

"गर्नु न गर्नु जो गर्छ कुमार्गी छ र मूर्ख छ,
गुरु नै होस् न त्यो मान्छे तुरुन्तै त्यागनुपर्दछ"
-भीष्म

स त्वं गुरुरिति प्रेम्णा मया संमानितो भृशम् ।
गुरुवृत्तिं न जानीषे तस्माद् योत्स्यामि वै त्वया ।।१७८।४९

गुरु भनेर सम्मान गर्दा झन् निहुँ खोज्दछौ ।
भने भैगो तिमी आऊ ! लडाईं गर्न योग्य छौ ॥
-भीष्म

वार्यमाणोऽपि पापेभ्यः पापात्मा पाप मिच्छति ।
चोद्यमानोऽपि पापेन शुभात्मा शुभमिच्छति ।। १२९।८

पापीले पाप छोड्दैन जस्तै ज्ञान दिए पनि ।
धर्मात्मा धर्म नै गर्छ 'नगर् धर्म' भने पनि ॥
द्रोणाचार्य

अपि त्वां कृष्ण पश्याम जीवन्तोऽस्मान्महारणात् ।
समुत्तीर्णा महाबाहो ! वीर क्षत्र विनाशनात् ।।
अथवा सङ्गमः कृष्ण स्वर्गे नो भविता ध्रुवम् ।
तत्रेवानीं समेष्यामः पुनः सार्धं त्वयाऽनघ ।।
१४३।४८-४९

"बाच्यौं भने यहीं भेट हौला युद्ध पछी दुबै,
मर्‍यौं भने हुनेनैछौं स्वर्ग लोक पुगी सँगै"
—कर्ण (श्री कृष्णप्रति)

स्वेन वृत्तेन मे वृत्तं नाधिगन्तुं त्वमर्हसि ।
उभयो रन्तरं वेद सुनृता नृतयोरपि ।।
न चाहं कामये पाप मपि कीट पिपीलयोः ।
किं पुन र्ज्ञातिषु बधं कामयेयं कथञ्चन ।।
१६३।२५-२६

"आफू जस्तै महान् कप्टी नठान्नू मकनै अनि
तिमीमा र ममा भेद के के छन् चिन्छु मै पनि,
म दुःखी पार्न चाहन्न कीरा र कमिला पनि
झन् आफ्ना बन्धुको नाथ चाहन्थें,अझ के भनी"
—(दुर्योधन प्रति) युधिष्ठिर

सामरानपि लोकांस्त्रीन् सर्वान् स्थावर जङ्गमान् ।
भूतं भव्यं भविस्यं निमेषादिति: मे मतिः ।।१९५।११

"परि आयो भने स्वर्ग, मर्त्य, स्थावर, जङ्गम,
भूत, भव्य सबै सक्छु निमेषैमा उठाउन"
— अर्जुन

चलेद्धि हिमवान् शैलो मेदिनी शतधा फलेत् ।
द्यौः पतेच्च सनक्षत्रा नमे मोघं वचो भवेत् ।।८२।४८

हिल्ला हिमाल, आकाश खस्ला टुक्रा बनी धरा,
तर बोलेपछी कैल्यै नफेर्ला कृष्णले कुरा,
—श्रीकृष्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशः कालस्तथाऽयुक्तो नहि नार्हति केशवः ।
मंस्यत्यधोक्षजो राजन् भयादर्चति मामिति ।।८८।३

अयोग्य होइनन् कृष्ण गर्न स्वागत तैपनि,
लाग्छ ठान्छन् कि 'संमान डराएर गरे' भनी
- दुर्योधन

सत्कृतोऽसत्कृतो वाऽपि न क्रुध्येत जनार्दन ।
नालमेनमवज्ञातु नावज्ञेयो हि केशवः ।। ८८।८

गर स्वागत या गाली कृष्णका निम्ति एक छ,
तर पूज्यकनै गाली गर्नु ज्यादै अयोग्य छ,
— भीष्म

न चाहमेनं यास्यामि पुनर्भीष्मं कथंचन ।
गमिष्यामि तु तत्राहं यत्र भीष्मं तपोधन ।
समरे पातयिष्यामि स्वयमेव भृगूद्वह । १८६।८-९

म जान्न भीष्मको साथ पत्नी बन्न कसै गरी
जान्छु जान परेदेखि भीष्मको साथमा म ता
'युद्धमा भीष्मजीलाई मार्न सक्ने हुँला जब'
—राजकुमारी अम्बा

न पृथिव्या सकलया न सुवर्णस्य राशिभिः ।
हर्षाद् भयाद् वा गोविन्द मिथ्यां कर्तुं तदुत्सहे ।। १४२।१२

पाओस् न पृथिवी सारा मिलोस् न राशि सूनको
हर्ष या भए वर्षौसन् बोल्दैन कर्णले झुटो
—कर्ण

(तपाईं पनि पाण्डव झैं नै कुन्तीपुत्र हुनुहुन्छ, आफ्नै सहोदर भाइहरूसँग नलड्नुहोस्, इत्यादि श्रीकृष्णले सम्झाउँदा कर्णले भनेको उक्ति—)

यदि जानाति मां राजा धर्मात्मा संयतेन्द्रियः ।
कुन्त्या प्रथमजं पुत्रं न स राज्यं ग्रहीष्यति ।
प्राप्य चापिमहद् राज्यं तदहं मधुसूदन ।
स्फीहां दुर्योधनायैव संप्रदद्यामरिन्दम ।
स एव राजा धर्मात्मा शाश्वतोऽस्तु युधिष्ठिरः ।
नेता यस्य हृषिकेशो योद्धा यस्य धनञ्जयः ।।
१४१।२१-२२-२३

"कुन्तीको पहिलो पुत्र-कर्ण-भन्ने चिनेपछि
युधिष्ठिर लिने छैनन् 'राजगद्दी लिने' मति
यदि राज्य पऱ्यो मेरै हातमा- 'अर्पनेछु म-
यै दुर्योधनलाई नै आफ्नो बोली पुऱ्याउन ।
जब दुर्योधनै भन्दा छन् युधिष्ठिर उत्तम
फेरि राजा उही बन्ने परिबन्द रचौं किन ?
यसर्थ युद्ध होस्, पाऊन् उनैले नै नृप सन-
नेता श्रीकृष्ण छन् जस्का योद्धा जसको छ अर्जुन'
—कर्ण

ऋणमेतत्प्रवृद्धं मे हृदयान्नाप सर्पति ।
यद् गोविन्देति चुक्रोशं कृष्णा मां दूरवासिनम् ।। ५९।२२

त्यै ऋणमा डुबेको छु क्यै गरी तिर्न सक्तिन,
द्रौपदीले पुकारिन् जो 'हे गोविन्द ! भनीकन'
—श्रीकृष्ण

यमस्य वशमायान्ति काम मूढा पुनः पुनः ।
अन्धनेत्रैर्यथैवान्धा नीयमाना स्वकर्मभिः ।। ६९।१४

अन्धाद्वारा डोरिएका अन्धा मानिसकैसरी,
पर्दछन् यम फन्दामा 'कामान्ध व्यक्ति' बेसरी
- व्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धौ कलुष भूतायां विनाशे प्रत्युपस्थिते ।
अनयो नय संकाशो हृदयान्नाप सर्पति ।। ३४।८२

तव विग्रन्छ यो बुद्धि जब डाक्दछ काललेʼ
अन्यायै न्याय हो ठानी छोड्न सक्तैन चित्तले,
— विदुर

उत्तमानेव सेवेत प्राप्त काले तु मध्यमान् ।
अधमांस्तु न सेवेत य इच्छेद् भूतिमात्मनः ।। ३६।२०

गर उत्तमकै सेवा परे मध्यमको गर
न जाऊ श्रेय खोज्छौ त कैल्यै अधमका घर
महर्षि दत्तात्रेय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीष्मपर्व

(छः)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१– भीष्मपर्वको कथासार,

२– व्यास धृतराष्ट्र सम्वाद,

३– विजयको उपाय,

४– युद्धनीति,

५-- विविधसूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीष्मपर्वको कथासार

(कुरुक्षेत्र युद्धभूमि घोषित हुन्छ । युद्धका केही नियममा दुवै पक्ष सही गर्दछन् । कौरवहरूले भीष्मपितामहलाई युद्धक्षेत्रको सेनापतिमा अभिषिक्त गर्दछन् । पाण्डवहरूका सेनापति धृष्टद्युम्न *हुन्छन् । भगवान् श्रीकृष्ण अर्जुनका सारथी बन्नु हुन्छ । जब अर्जुनको रथ युद्धक्षेत्रका बीचमा पुग्दछ अर्जुन व्याकुल हुन्छन् भावी नर संहार सम्झेर । भीष्म द्रोण शल्य जस्ता इष्टमित्र कुल कुटुम्बहरूलाई मारेर राज्य भोग्नु उनलाई धिक्कार लाग्छ र श्रीकृष्णसँग युद्ध नगर्ने इच्छा प्रकट गर्दछन् । गीता† शुरू हुन्छ । भगवान् श्रीकृष्णले अर्जुनलाई निष्काम कर्म योगको, निरहंकार कर्मसमर्पणको तथा ज्ञान र भक्तियोगको अति महत्वपूर्ण उपदेश दिएर अर्जुनको मोह नाश पार्नु हुन्छ, अर्जुन युद्ध गर्न स्वीकार गर्छन् । यति बेरसम्म दुवैतर्फ युद्धको पूर्व-तयारी भइरहेको हुन्छ । जब दुवै व्यूह युद्धका निमित्त तम्तयार हुन्छन्, चिर-प्रतीक्षित र बहुचर्चित युद्ध प्रारम्भ भइसक्ने वेला आउँछ, दुवै पक्षका सेना सेनापतिका रथतर्फ हेरिरहेका हुन्छन् । यतैमा एउटा अद्भुत कुरा हुन्छ, सम्राट् युधिष्ठर आफ्ना किल्लाबाट बाहिर निस्कन्छन् र कौरव सैन्यहरूतर्फ बढ्दछन्-पैदल, निरस्त्र र निःशस्त्र !

दुवैतर्फको फौज स्तब्ध हुन्छ, युधिष्ठिरका पछि अरू भाइहरू पनि लाग्छन् । युधिष्ठिर कौरव सैन्यभित्र पस्दछन् र भीष्म, द्रोण, शल्य प्रभृति मान्यजनहरूसँग युद्ध गर्ने आज्ञा र युद्धका विजयको आशीर्वाद माग्दछन् । युधिष्ठिरको सद्व्यवहारबाट सबै प्रभावित हुन्छन् । सबैबाट आशिर्वाद मिल्दछ, एकै छिनपछि युध्द प्रारम्भ हुन्छ, घनघोर युध्द !

युद्ध चलेको ७ दिन पनि भएको हुन्न दुवैतर्फ करोडौं सेना समाप्त हुन्छ, भगवान श्रीकृष्णले युद्धमा हतियार नलिने प्रतिज्ञा गर्नु भएको छ । भीष्मले श्रीकृष्णलाई हतियार लिनसम्म लगाउने प्रण गरेका छन् । आठौं दिनको युद्ध जब आउँछ, त्यस्तै परिस्थिति देखा पर्दछ भीष्म यसरी युद्ध गर्दछन् पाण्डव सेनामा हाहाकार मच्चिन्छ । प्रसिद्ध प्रसिद्ध वीरहरू थर्कमान हुन्छन् । यहाँसम्म कि अर्जुनमा पनि सफलताको आशा घट्छ, यसरी सम्पूर्ण पाण्डव सैन्य सखाप पार्ने भीष्मको भयङ्कर युद्धकार्यबाट श्रीकृष्णमा समेत चिन्ता उत्पन्न हुन्छ र भगवान् श्रीकृष्ण भीष्मलाई आफैंले मार्ने विचारमा पुग्नुहुन्छ । कुरु पाण्डव सैन्यको त्यो घनघोरयुद्धमा पीताम्बरधारी श्रीकृष्ण रथको पांग्रो थुतेर◇ भीष्मतर्फ दौडनुहुन्छ, भीष्मले जब श्रीकृष्णलाई आफूनेर आएको देख्छन्, शिर झुकाउँछन् र आफूलाई चाँडै मार्ने अनुरोध गर्दछन् । अर्जुनले तुरुन्त त्यहाँ पुगेर यो काम रोक्छन् ।

दशौं दिनमा शिखण्डीका सहायताले भीष्मको भीष्मको पतन गराइन्छ । भीष्म शरशायी हुन्छन् । अघिदेखि नै कर्णको र भीष्मको ठूलो वैर हुनाले कर्णले प्रतिज्ञा गरेका छन् जबसम्म भीष्म युद्ध गर्छन्, तबसम्म म रण-भूमिमा जान्न । आज भीष्म युद्ध नगर्ने बनेर गिरेका छन् यस खबरले कर्णका हृदयको वैर हराउँछ । उनी रात पर्ने बित्तिकै भीष्म पितामह शरशायी भएर गिरेका ठाउँमा जान्छन् र भीष्मलाई प्रणाम गरेर बस्छन् ।

---

*धृष्टद्युम्न राजा द्रुपदका पुत्र हुन् । †गीताको उपदेश मार्गशुक्ल एकादशीमा भएको हो ।

◇हतियार नलिने प्रतिज्ञा मनुसारनै रथको पांग्रो थुतिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीष्मपर्व

व्यास शिक्षा

(जब कौरव र पाण्डवको युद्ध हुने निर्णय प्रकाशमा आयो, संसारमा नराम्रो चिन्ता फैलियो, कौरवहरूको अदूरदर्शिताबाट समस्त प्राणीहरूमा आएको खतराको प्रतिक्रिया प्रबुद्ध बुद्धिजीवीहरूको समाज (ऋषि समाज)मा पनि नपरि रहन सकेन, एकान्त वनमा बसेर स्वतन्त्र–साहित्य सिर्जनामा लागेका 'व्यास' यो खबरले अत्यन्त विचलित भए। उनले यसमा शान्ति र युद्धको निर्णय अब पनि कसैका हातमा बाँकी रहेको भए त्यो व्यक्ति दुर्योधनको पिता धृतराष्ट्र मात्रै हुनसक्छ भन्ने ठाने। यसर्थ व्यास उनैको बसिमा आएर सम्झाउन लागे। तल त्यही प्रसङ्गका केही श्लोकहरू प्रस्तुत छन्)

असंसयं पार्थिवेन्द्र कालः सेक्षयते जगत् ।
सृजते च पुनर्लोका नेह विद्यति शाशततम् ।।३।५१।।

"हो म मान्दछु कालैले गर्छ संसारको क्षय,
फेरि सृष्टि पनी गर्छ छैन संसार शाश्वत"

ज्ञातीनां वै कुरूणां च सम्बन्धि सुहृदां तथा ।
धर्म्यं देशय पन्थानं समर्थो ह्यसि वारणे ।।३।५२।।

"भए पनि त आफन्त दाजुभाइहरूकन,
पर्छ सम्झाउनै, सक्छौ संझाए युद्ध हल्टन"

किं ते राज्येन दुर्धर्षं येन प्राप्तोऽसि किल्विषम् ।
यशो धर्मं च कीर्तिं च पालयन् स्वर्गमाप्स्यसि ।।३।५७।।

"के हो यो राज्य? जसले यो ल्यायो दुर्गम संकट,
छोड राज्य, बरू किर्ती धर्मले स्वर्ग मिल्दछ"

हन्यात् स एनं यो हन्यात् कुलधर्मं स्विकां तनुम् ।
कालेनोत्पथ गन्तासि शक्ये सति यथाऽपदि ।।३।५५।।

"जो गर्छ धर्मको हत्या त्यो आफैलाई मार्दछ,
कुमार्गमा घिसारेर कालैले लान सक्तछ"

कालोऽयं पुत्ररुपेण तव जातो विशाम्पते ।
न वधः पूज्यते वेदे हितं नैव कथञ्चन ।।३।५४।।

"चाहन्न वेदले हिंसा हिंसा नै सर्वनाश हो,
हिंसार्थी पुत्र यो तिम्रो कालकै अवतार हो"

(इत्यादि महर्षि व्यासका वचन सुनेपछि युद्धको निर्णय बदल्न असमर्थ धृतराष्ट्रले यस्तो उत्तर दिएका थिए–)

यथा भवान् वेत्ति तथैव वेत्ता
भावा भावौ विदितौ मे यथार्थौ ।
स्वार्थे हि संमुह्यति तात लोको
मां चापि लोकात्मकमेव विद्धि ।।३।६०।।

जे भन्नु भो त्यो सब आफू जान्छु
राम्रो नराम्रो पनि भेद गर्दछु
यो विश्व नै हो सब स्वार्थभूमि
त्यै विश्वमा बस्दछु के गरूँ म ?

विजयको उपाय

(युद्धको निर्णय बदल्ने महर्षि व्यासको प्रयास सफल भएन। अझ उल्टै कौरवहरूले युद्धमा विजय मिल्ने उपायको उनीसँग प्रश्न गरे। उदारचेता व्यासले प्रश्नको आवश्यक उत्तर यसरी दिएका छन्–)

अल्पायां वा महत्यां वा सेनायामिति निश्चयः ।
हर्षो योध गणस्येको जय लक्षण मुच्यते ।। ३।७५

"सेना धेरै कि थोरै होस् मेरो यस्तो छ निश्चय,
उत्साहै हुनु हो मुख्य जीतको हेतु वास्तव"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपि पञ्चाशतं शूरा मृद्नन्ति महतीं चमूम् ।। ३।८३

"पचासैले पनी पार्छन् ठूलो सैन्य चटाचट,
धेरै बगालले मात्र जीतिने केहि होइन"

एको वीर्णो वारयति सेनां सुमहतीमपि ।
तां वीर्णामनुदीर्यन्ते योधाः शूरतरा अपि ।। ३।७६

"यौटै मात्र डराएर युद्धमा यदि भाग्दछ,
आँटी वीर पनि उसकै पछाडी लाग्नुपर्दछ"

नैव शक्या समाधातुं सन्निपाते महाचमूः ।
दीर्णामित्येव दीर्यन्ते सुविद्वांसोऽपि भारत ।। ३।७८

"फौज भाग्यो भने रोक्न सक्तैनन् क्वै पनी अनि,
भाग्ने हल्ला हुँदा साथ भाग्दछन् बुद्धिमान् पनि"

भीतान् भग्नांश्च संप्रेक्ष्य भयं भूयोऽभिवर्धते ।
प्रभग्ना सहसा राजन् दिशो विद्रवते चमूः ।। ३।७९

"डरेको फौज देख्दैमा झन् धेरै डर बढ्दछ,
उत्साह भग्न भै सैना बमेशैसित भाग्दछ"

उपायविजयं श्रेष्ठमाहु र्भेदेन मध्यमम् ।
जधन्य एष विषयो यो युध्देन विशाम्पते ।। ३।८१

"श्रेष्ठ हो प्रेमले जित्नु भेदले जित्नु मध्य हो,
लडेरै जित्नु चाहिंता साह्रै अधम कार्य हो"

"जीतै हुन्छ भनी ठोक्न युद्धमा, पर्छ मुश्किल,
विजय प्राप्तिका लागि भाग्यको पनि हात छ,

युद्धनीति

(युद्धका आरम्भमा केही युद्धसम्बन्धी (अन्तरराष्ट्रिय) नियमहरू बनाइएका थिए। त्यस नियमभित्रको युद्धलाई धर्मयुद्ध भनिन्थ्यो । यहाँ उक्त नियमका केही श्लोकहरू प्रस्तुत छन्)

निवृत्ते विहिते युद्धे स्यात् प्रीति र्नः परस्परम् ।
यथा परं यथा योगं न च स्यात् कस्यचित् पुनः ।। १।२७

'युद्ध बन्द हुँदासाथ हामीले मिल्नुपर्दछ·
हुनुहुन्न कुनैबाट कुनैमा द्वेष औ भय'

रथी च रथिना योध्यो गजेन गज धूर्गतः ।
अश्वेनाश्वी पदातिश्च पादातेनैन भारत ।। १।२९

"रथ, हात्ती तथा घोडा हुने र सैन्य पैदल,
आफूसमान सासान हुनेसित लड्नन् सब"

वाचा युद्ध प्रवृत्तानां वाचैव प्रतियोधनम् ।
निष्क्रान्ताः पृतना मध्यान्न हन्तव्याः कदाचन ।। १।२८

"बोलीले लडनेलाई बोलीले लड्नुपर्दछ,
सेना छोडेर जो भाग्छन् तिन्लाई छोड्नुपर्दछ"

यथा योगं यथाकामं यथोत्साहं यथा बलम् ।
समाभाव्य प्रहर्तव्यं न विश्वस्ते न विह्वले ।। १।३०

"योग्यता, बल, उत्साह बुझेरै शस्त्र छोडियोस्,
झुक्याएर कसैलाई कसैबाट नहानियोस"

एकेन सह संयुक्तः प्रपन्नो विमुखस्तथा ।
क्षीण शस्त्रो विवर्मा च न हन्तव्यः कदाचन ।। १।३१

"जो अर्कासित लड्दैछ, जो माफी माग्न आउँछ,
जो फर्केको छ अन्यत्रै अनि जो शस्त्रहीन छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छैनन् समीपमा जस्का अङ्गरक्षा हुने कुरा,
त्यस्तामा न चलोस् शस्त्र भन्ने ध्यान रहोस् पुरा"

न सूतेषु न धुर्येषु न च शस्त्रोपनायिषु ।
न · भेरी शङ्खवादेषु प्रहर्तव्यं कथञ्चन ।। ११३२

"खाद्यन्न बोकने यान आदि सञ्ने चलाउने,
बाजा बजाउने माथि हतियार नछोडियोस्"

विविध सूक्ति

(महाभारतको युद्धभूमिमा)

यावत्तपति सूर्योहि जम्बुद्वीपस्य मण्डलम् ।
तावदेव समायातं बलं पार्थिवसत्तम ।।१।८।।

"एकै चोटि जहाँसम्म सूर्यले जम्बूद्वीपको,
भूभाग ढाक्दछन् सेना त्यहाँसम्मनको जुट्यो"
-वैशम्पायन,

निपातयत, गृण्हीत, युध्यध्वमवकृन्तन ।
इत्यासीत् तुमुल शब्दो राजन् भीष्मरथं प्रति ।।११९।८५।।

"गिराऊ, पक्र गुल्टयाऊ, लड, पार धूलो पिठो,
त्यो युद्ध भूमीमा खालि यै मात्र सुन्न मिल्दथ्यो"
सञ्जय

ज्ञात्वा धर्ममधर्मं च लोभं चोद्यममास्थिताः ।
युद्धचध्वमनहङ्कारा यतो धर्मस्ततो जयः ।।२१।११।।

"जाल लोभ तथा मोह छोडी धर्म लिई लड,
अवश्यै पनि भै हाल्छ जहाँ धर्म त्यहाँ जय"
-भगवान् ब्रह्मा

न तथा बल वीर्याभ्यां जयन्ति विजिगीषवः ।
यथा सत्यानृशंस्याभ्यां धर्मेणैवोद्यमेन च ।।२१।१०।।

"त्यस्तो विजय मिल्दैन कहिल्यै बल वीर्यले,
जस्तो पाइन्छ उद्योग, धर्म, सद्भाव शान्तिले"
-भगवान् ब्रह्मा

प्रशमेहि कृतो यत्न सुमहान् सुचिरं मया ।
न चैव शकितः कर्तुं कर्ण सत्यं ब्रबीमि ते ।।१२२।३८।।

"शान्ति ल्याउनका निम्ति कस्सिएँ जिन्दगी भर,
त्यस्मा सफलता कत्ति नमिल्दै मरियो अब"
--भीष्म

मया भवतु निर्वृत्तं वैरमादित्य नन्दन ।
पृथिव्यां सर्वराजानो भवन्त्वद्य निरामयाः ।।१२२।२२।।

"वैर भन्ने कुरा जावस् मबाट दूर भैकन,
सारा संसारका राजा पाऊन् निःशङ्क बाँचन"
-भीष्म

ज्येष्ठो वा पूजनीयो वा तथा च गुणवानपि ।
यदिचेत् कतते पूर्वं विक्रमस्व यथा सुखम् ।।१००।शा. पा.।।

"जेठो होस् गुणवान् होस् कि पूज्य होस् जो हवस् तर,
आइलाग्छ भनेदेखि जाइलाग सरासर"
-बृहस्पति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शून्या च पृथिवी सर्वा
बालवृद्धावशेषिता ।।१।२५।।

बाल वृद्ध विना सारा मान्छे त्यो युद्धमा जुटे,
शून्य जस्तै बनिन् पूरै पृथ्वी एक प्रकारले,
-वैशम्पायन

अधर्म क्षत्रियस्यैष
यद् व्याधि मरणं गृहे,
यदयो निधनं याति
सोऽस्य धर्मः सनातनः ।।१७।११।।

रोगाएर घरै मर्नु क्षत्रीलाई अधर्म हो।
युद्धमा मर्न जो पायो त्यही त्यस्को स्वधर्म हो
— भीष्म

अरक्ष्यमाणो हि वृको हन्यात्सिंहं महाबलम् ।
मा सिंहं जम्बुकेनेव घातयामः शिखण्डिना ।।१५।१८।।

दुःशासन ! दिई ध्यान सुरक्षा भीष्मको गर !
शिखण्डी-श्यालले भीष्म सिंहको नगरोस् बध,
नठान भीष्मका सामू शिखण्डी कति टिक्दछ ?
'जोगिने नपरे मौका ब्वाँसाले बाघ मार्दछ'
—दुर्योधन

गंतोदके सेतुबन्धो यादृक्तादृङ्ग मतिस्तव ।
संदीप्ते भवने यद्वत् कूपस्य खननं तथा ।।४९।२३।।

चलिसके पछी गोली युद्ध रोकन खोज्नु यो
सुकिसके पछी खोली पूल बाँधन खोज्नु हो,
कि क्रान्ती भड्कँदा मात्र शान्तिको मार्ग रोज्नु यो
जागिसके पछी आगो इनार खन्न खोज्नु हो।
—संजय (धृतराष्ट्रप्रति)*

द्ववं वः क्षत्रियाः द्वारं स्वर्गायापावृतंमहत् ।
गच्छध्वं तेन शक्रस्य ब्रह्मणः सहलोकताम् ।।१७।८।।

वीर हो ! स्वर्गको ढोका युद्ध हो युद्धमा मर,
जाऊ त्यै द्वारको बाटो ब्रह्मलोक सरासर,
—भीष्म

अयं हि दिवसस्तात यत्रपार्थो महाबलः ।
जिघांसुः समरे भीष्मं परं यत्नं करिष्यति ।।
युधिष्ठिरस्य च क्रोधो भीष्मश्चार्जुन-संगतः ।
मम चात्र समारम्भः प्रजानामशिवं ध्रुवम् ।।११२।४-२१

यो त्यही दिन हो बाबु ! जब यी वीर अर्जुन
भीष्ममा जाइलाग्दैछन् मार्ने उद्देश्य लोकन,
भीष्म अर्जुनले भिड्नु, रिसाउनु युधिष्ठिर
हतियार लिनू मैले विश्वकै हो 'महान भय'
—आचार्य द्रोण
(पुत्र अश्वत्थामाप्रति)

*महाभारतको युद्ध थाल्ने वित्तिकै आफ्नो मन परेको एक सेनापतिको मृत्यु भएको खबर सुनेर धृतराष्ट्र विचलित हुन्छन् र युद्ध रोकने इच्छा लिएर दुर्योधनलाई दोष दिन्छन् । त्यसै वेला सञ्जयले उक्त कुरा भनेका हुन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नायं संरक्षितुं कालः प्राणान् पुत्रोपजीविभिः ।
याहि स्वर्गं पुरस्कृत्य यशसे विजयाय च ॥११२।२८॥

ज्यान जोगाउने मौका बाबु ! यो कत्ति होइन,
लौ जाऊ स्वर्ग ताकेर जीत या कीर्ति पाउन,
—आचार्य द्रोण
(पुत्रप्रति)

य आत्मनो दुश्चरितादशुभं प्राप्नुयान्नरः ।
एनसा तेन नान्यं स उपाशङ्कितु मर्हति ॥१४।२॥

आफ्नै कुबुद्धिले पैले गरी आफ्नै अमंगल,
त्यो दोष अरुमा पार्नु व्हैन कर्तव्य सुन्दर
—सञ्जय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रोणपर्व

(सात)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग–सूची

१ द्रोणपर्वको कथांसार,
२. धृतराष्ट्र तर्कना,
३. अभिमन्युको विरोचित उक्त
४. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रोणपर्वको कथासार

वीरशिरोमणि भीष्मको पतनले अत्यन्त व्याकुल दुर्योधनलाई नयाँ सेनापतिको वरण गर्ने विषयमा भयङ्कर समस्या उत्पन्न हुन्छ । किन कि महावीर कर्ण र आचार्य द्रोण दुवै यस सम्मानका प्रत्याशी छन् । द्रोणलाई सेनापतिमा अभिषेक गरे कर्णको सहयोगमा शिथिलता आउने र कर्णलाई सेनापति बनाएमा द्रोणले आफ्नो अपमान ठान्ने परिस्थिति उनी राम्ररी बुझ्दछन् । वयोवृद्ध, गुरु र आचार्यका नाताले यो सम्मान द्रोणलाई प्रदान गर्ने आफ्नो अडकल भएपछि महाराज दुर्योधन एकान्तमा कर्णलाई भेट्न पुग्छन् र "तपाईं दुई जनामा कसलाई सेनापति बनाउँ भनेर यही प्रश्न सोद्धछन्, कर्णले आफूसँग विश्वासका साथ सल्लाह लिएकोमा सहानुभूतिपूर्वक आचार्य द्रोणलाई नै सेनापति बनाउने सल्लाह दिन्छन् र यो गम्भीर समस्या हल हुन्छ ।

द्रोणाचार्यलाई सेनापति वरण गरिएकोमा कौरवसैन्य प्रसन्न हुन्छ, आचार्य द्रोण पनि दुर्योधनलाई आफ्नो शक्तिले भेटेसम्म सहयोग गर्ने वचन दिन्छन् र दुर्योधनसँग सोद्धछन्–'महाराज ! भन्नुहोस् मेरा सेनापतित्वमा मबाट तपाईं कुन विशिष्ट काम चाहनुहुन्छ !" उत्तरमा दुर्योधनले महाराज युधिष्ठिरलाई जीवितै गिरफ्तार गरेको देख्ने इच्छा छ भन्छन् । आचार्य त्यसको निम्ति आश्वासन दिन्छन् । यस काममा 'संसप्तकगण' नामक सेना र त्रिगर्त नरेश सुशर्मा पनि पूरा योगदान दिने वचन दिन्छन् । द्रोणको सेनापतित्वमा एघारौँ दिनको घोर युध्द मच्चिन्छ, लाखौँ मानिस, हात्ती घोडा र जीवजन्तुको संहार गराएर पनि यो दिन कुनै विशेष घटना नघटे झैं बिदा हुन्छ । युधिष्ठिर नपक्रिएकोमा दुर्योधन आचार्यसँग चिन्ता व्यक्त गर्छन् । गुरु द्रोण भन्छन् "महाराज जबसम्म अर्जुन युधिष्ठिरका वरिपरि रहन्छन्, युधिष्ठिरलाई पक्रन मुश्किलपर्छ" । भोलिपल्ट संसप्तक गणसहितका त्रिगर्त नरेश युधिष्ठिर र अर्जुनलाई टाढा पार्न एक षडयंन्त्र बनाउँछन् । त्यस षडयन्त्रअनुसार अर्जुनलाई युध्दको हाँक दिएर मैदानदेखि परै फँसाउने निर्णय हुन्छ ।

भोलिपल्ट त्यही षड्यन्त्रअनुसार अर्जुन मूल युध्द मैदानदेखि धेरै पर फँस्छन् । अरू भाइसहितका युधिष्ठिर मूल मैदानमा द्रोणाचार्यलगायत कोरवसैन्यसँग भिड्न थाल्छन् । द्रोणाचार्यले आफ्नो वचन पूरा गर्न धेरै पटक युधिष्ठिर-लाई पक्रने प्रयास गर्छन्, तर मेसो पर्दैन ।

अर्जुनलाई पनि द्रोणाचार्यको कुटिल उद्देश्य थाहा छ । यस कारण त्रिगर्तहरूसँगको युध्दमा फस्नुपरेकोमा उनी आत्तिन्छन् । सारा त्रिगर्तगणलाई तहस नहस पारेर मूल युध्द मैदानमा आउन उनले प्राण पण लगाउँछन् । यसमा उनलाई सफलता पनि मिल्छ । त्रिगर्तगणलाई छिन्न भिन्न पारेर अर्जुन युधिष्ठिरतर्फ वेगपूर्वक आउँदै हुन्छन् कि प्राग्ज्योतिष मुलुकको राजा भगदत्त अर्जुनलाई बाटैमा छेक्न पुग्छ । उसको हात्ती अझ भयङ्कर छ, श्रीकृष्णका चतुऱ्याइँले गर्दा अर्जुन भगदत्तका कुचक्रमा फँस्दैनन् । भगदत्तले एकछिन ज्यादै भयङ्कर तेज देखाउँछ र अर्जुनका तीक्ष्ण प्रहारबाट वीरगति प्राप्त गर्दछ ।

यता मूल मैदानमा अत्यन्त घनघोर युध्द मच्चिएकै हुन्छ । पाण्डव पक्षका प्रसिध्द वीर सत्यजित् मारिन्छन् । युधिष्ठिरलाई पक्रन मेसो परेको देखिन्छ र द्रोणाचार्य प्रसन्न हुन्छन् तर सत्यजित् मर्नेबित्तिकै युधिष्ठिर रणभूमिबाट सुटुक्क पछि हट्छन् । द्रोणाचार्यलाई यो मौका फुत्केकोमा बड़ो दुःख लाग्छ । यसरी बाह्रौँ दिनको युध्द पनि टुङ्गिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युधिष्ठिरलाई पक्रने कौरव षड्यन्त्र भने यत्तिकैमा टुंगिन्न, अर्को दिनको युद्धमा द्रोणाचार्यले पाण्डवहरूलाई फँसाउन 'चक्रव्यूह' नामक एक किल्ला बनाउँछन्। अर्जुनबाहेक अरू पाण्डवले त्यस व्यूहको भेउ पाएका छैनन् भन्ने थाहा पाएका कौरवहरूले त्यस दिन पनि अर्जुनलाई अन्तै भुलाउने योजना बनाउँछन्। हिजो बाँकी रहेका त्रिगर्तगण र संसप्तकगणले अर्जुनलाई बीचैमा छेक्छन्। अर्जुन उता फँसेपछि युधिष्ठिरलाई ठूलो पीर पर्छ, चक्रव्यूहको मेसो पाएको वीर आफूसँग अर्को नभएकाले यो दिन पाण्डवहरूको अन्त्य हुने दिन हो कि भन्ने पनि डर जन्मन्छ। यत्तैमा अर्जुनका पुत्र अभिमन्यु युधिष्ठिर सामु आउँछन् र चक्रव्यूहमा पस्ने उपायसम्म आफूले जानेको बताएर युद्धको चिन्ता नलिन बिन्ती गर्छन्। कलिलो उमेरका पुत्र अभिमन्युको यो उत्साहले युधिष्ठिरलाई 'कदाचित् अभिमन्यु केही भए भने ?' भन्ने चिन्तासमेतको उत्साह पलाइदिन्छ। केही नलागेर अभिमन्युलाई युद्धमा पठाउनैपर्छ। अभिमन्युको रक्षा गर्न चारै भाइ पाण्डव उनका पछि पछि चक्रव्यूहतर्फ बढ्छन्। तर दुर्भाग्य ..' अभिमन्यु पस्नेवित्तिकै चक्रव्यूहको ढोकामा जयद्रथ आएर चारै भाइलाई भित्र पस्न छेकिदिन्छ।

जयद्रथले रोक्नुमा एउटा कारण छ। उसले पाण्डवहरूलाई समाप्त पार्न शिवको तपस्या गरेको थियो र पाँचै भाइ पाण्डवलाई मार्न सक्ने शक्तिको वर मागेको थियो। तर भगवान् शंकरले अर्जुनबाहेक चार भाइलाई कुनै एक दिन मार्न होइन रोक्न मात्र सक्ने वर दिनुभएको थियो। उसले चक्रव्यूहमा अभिमन्यु पसेको मौकामा त्यही वरको प्रयोग गर्छ। संयोगले अर्जुन पनि त्यहाँ नहुँदा उसलाई सफलता मिल्छ।

पिताहरू बाहिरै छेकिएकाले एक्लै भित्र पसेका अभिमन्यु कौरव पक्षका निम्ति भयंकर समस्या बनिदिन्छन्। अर्जुनका पुत्र र भगवान् श्रीकृष्णका भानिज अभिमन्यु साँच्चै नै ती दुवैको वीरताका एक मूर्तिका रूपमा त्यहाँ देखापर्छन्। द्रोण, कर्ण, दुर्योधन, कृप र अश्वत्थामा जस्ता विश्वविख्यात वीर लाखौँ फौजको बीचमा परेका अभिमन्युलाई बाँच्ने आशा कत्ति छैन। यसर्थ उनी निर्ममतापूर्वक दुश्मनहरूमाथि जाइलाग्छन्। सयौँ प्रकारका अस्त्रहरूको जोड्दार वर्षा गराएर उनी जता जता पुग्छन् उतै उतै हजारौँ फौज सोत्तर पर्छ। कौरवहरूमा हाहाकार मच्चिन्छ, अभिमन्यु त्यहाँ सुन्दर राजकुमार होइन भयंकर कालमूर्तिका रूपमा चक्रव्यूहभित्र फन्का मारिरहेका देखिन्छन्। अभिमन्युका उग्ररूपबाट आत्तिएका कौरवहरू लाज-शर्म छोडेर अभिमन्युलाई अधर्मपूर्वक मार्न उत्सुक हुन्छन्। उनको रथ तोडिन्छ, धनु, काटिन्छ र शस्त्रास्त्रहीन बनाएर सारा महारथीहरूले बाण वर्षाउन थाल्छन्। अनि विचरा के लागोस्-अभिमन्यु पछारिन्छन्। अधर्मी दुश्मनहरूको चित्त यत्तिकैमा बुझ्दैन, दुःशासनको पुत्रले रणभूमिमा मूर्छा परेर गिरेका अभिमन्युका शिरमा झन् वज्रको प्रहार गरिदिन्छ। यसरी एकछिन वेस्सरी बलेर अभिमन्युरूपी वत्ती सधैंका लागि निभ्छ।

अभिमन्युको मृत्यु हुनेबित्तिकै कौरव सेनापति द्रोणले युध्दबन्दीको आदेश दिन्छन्। विजयका बाजा बजाउँदै कौरवहरू रमाइलो गर्छन् तापनि वास्तवमा एक होनहार युवकको यो अन्यायपूर्वक भएको हत्याले हजारौँ कौरव पक्षका भद्र वीरहरूमा पछुतो पारिदिन्छ। जब यो भयंकर खबर युधिष्ठिरलाई मिल्छ, काटेको वृक्ष ढले झैं ढल्छन्। शेष पाण्डवको पनि यही हाल हुन्छ। उता त्रिगर्त र संसप्तक सैन्यका शक्तिलाई छिन्न भिन्न पारेर अर्जुन जब फर्कन्छन्, उनलाई यस खबरले अधीर बनाइदिन्छ, केटाकेटी झैं डाँको छोडेर अर्जुन रुन थाल्छन्। जब सुभद्रा र बुहारी उत्तराको अवस्था संझनुहुन्छ भगवान् श्रीकृष्ण पनि अडिन सक्नुहुन्न, उहाँका आँखामा समेत आँशुका ढिका जब उम्लन्छन्, पाण्डवहरूको शिविरै शोकमग्न हुन्छ। अर्जुनले अभिमन्युको यस पापपूर्ण हत्याको मुख्य कारण 'जयद्रथ' भन्ने निधो गर्छन् र क्रोध र शोकको आवेगमा जयद्रथलाई भोलिको सूर्यास्त भित्रै मार्नें र मार्न नसके आफैं मर्ने प्रतिज्ञा गर्छन्। भगवान् श्रीकृष्णले 'यस्तो प्रतिज्ञा मुखले हैन कामले गर्नुपर्थ्यो' भन्नु हुँदै 'यदि यो प्रतिज्ञा सुनेर भोलिको सूर्यास्तसम्म जयद्रथ लुकाइयो भने ?' भन्नुहुन्छ, अर्जुनले श्रीकृष्णकै आधारमा त्यस्तो प्रतिज्ञा गरेको भाव व्यक्त गर्छन्।

कौरव पक्षले जब यो प्रतिज्ञा सुन्दछ, जयद्रथलाई राता रात भगाएर टाढै पुऱ्याउने योजना गर्छ। तर आचार्य द्रोणले 'यसो गर्नु कातरता हो र यस्तो आवश्यक पनि छैन' भनेर जयद्रथलाई भगाउने काम रोकिदिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोलिपल्ट फेरि युद्ध हुन्छ । अभिमन्युका हत्याकाण्डलाई तरोताजा रूपमा हृदयमा लिइराखेका अर्जुन आफ्ना ज्यानको आशा कत्ति नराखेर युद्धमा जुट्छन् । दिनभर घनघोर युद्ध मच्चिन्छ । तर जयद्रथ कतै फेला पर्दैन । जयद्रथकै खोजीमा अर्जुनको रथले धेरै चक्कर लगाउँछ । तर जयद्रथ फेला पर्दैन दिन घर्कन्छ । भगवान् श्रीकृष्णले पनि जब जयद्रथ कसै फेला नपर्ने छाँट देख्नुहुन्छ । आफ्नो योगशक्तिद्वारा केही पहिल्यै सूर्यास्तको भान पारिदिनुहुन्छ । सूर्यास्त भयो ठानेर कौरवहरू आनन्दले उम्रन थाल्छन् । अर्जुन आफ्नो प्रतिज्ञाअनुसार मर्ने तयारी गर्छन् । अर्जुनको आज्ञाअनुसार अग्निको चिता बनाइन्छ, शोकाकुल पाण्डव पक्षमा साह्रै नराम्रो शोक छाउँछ, श्रीकृष्णलाई परम शक्तिशाली र पाण्डवका परम हितैषी ठान्नेहरू पनि यतिखेर श्रीकृष्णप्रति नै संदिग्ध बन्छन् । अर्जुन पनि 'श्रीकृष्णको इच्छा यही रहेछ' ठान्न विवश हुन्छन् । जयद्रथ अर्जुनको मृत्युमा बुहिँदन त्यहीँ आइपुग्छ । योगेश्वर श्रीकृष्णले सूर्य दर्शन गराएर अर्जुनलाई शत्रु मार्ने आज्ञा दिनुहुन्छ । जयद्रथ भाग्ने प्रयास त गर्छ, तर अर्जुनका धारिला बाणले उसको शिर उछिट्याइदिन्छन् । धड भुइँमै पछारिन्छ र उसको शिर उसको बाबुका काखमा पर्छ, जब बाबुले झट्ट त्यस शिरलाई नचिनेर भुइँमा मिल्काइदिन्छ, उसको पनि मृत्यु हुन्छ । कारण के छ भने उसको बाबुले छोराका निम्ति देवताहरूसँग पहिल्यै "जसका हातबाट मेरा पुत्रको शिर भुइँमा खस्ला उसको शिर शतचूर्ण परेर फुटोस्" भन्ने वर मागेको श्रीकृष्णलाई थाहा भएकाले उहाँले नै त्यसको शिरलाई उछिट्याउन लगाउनु भएको छ ।

जयद्रथको मृत्युले दुर्योधन अत्यन्त क्रुध्द बन्छन्, रातमा पनि युध्दको घोषणा गरिन्छ । विना पूर्वतयारी रातमा मच्चिएको यस भयङ्कर युध्दले दुवैतर्फका महावीरहरू आफ्ना ज्यान बाँच्ने र नबाँच्ने विषयमा शंकित हुन्छन् । नजाने किन हो यस रात्रिको युध्दमा कौरवहरू निकै जागेका देखिन्छन् । कर्ण पनि कुनै दिनमा दिउसो नदेखाएको तागत यतिखेर देखाउँछन् । अर्जुनले श्रीकृष्णलाई कर्णको यो घमण्ड चूर गर्न रथ उतै हाँक्न निन्ती गर्छन् । श्रीकृष्ण कर्णतर्फ घटोत्कचलाई पठाउनुहुन्छ । घटोत्कच पनि श्रीकृष्णको प्रोत्साहन पाएकोले अपूर्व शक्ति देखाएर कर्णको वेग रोकिदिन्छन् र कर्णलाई हावा र खावा पार्दै संग्राम मच्चाउँछन् । रातको मौका हुनाले कर्णलाई त्राहि त्राहि परिहाल्छ र उनी आफूसँग भएको एक मात्र अमोघ अस्त्र, जो अर्जुनलाई मार्न भनेर साँचिएको थियो, त्यही हिर्काएर घटोत्कचको प्राण लिन्छन् । घटोत्कच मरेपछि पाण्डवहरू चिन्तित हुन्छन् तर श्रीकृष्ण हाँसेर रहस्य खोलिदिनुहुन्छ र घटोत्कचका मृत्यका साथै अर्जुनको खड्गो कटेको थाहा दिनुहुन्छ । विहानीपखतिर युध्द बन्द हुन्छ ।

विहानीपख फेरि युध्दको तयारी हुन्छ र पाण्डवहरुभन्दा यस युध्दमा पनि कौरवहरू नै तातेका देखिन्छन् । पाण्डव पक्षबाट यतिखेर विराट र द्रुपद युद्धमा धेरै अगि बढ्छन् । जब यी दुई जना आचार्य द्रोणका अगाडि पर्छन्, उनी सैकड़ौँ अस्त्रको प्रहार यिनैमाथि गर्छन् । एकछिन निकै चर्को रूपमा यिनीहरुमा भीडन्त पर्छ । तर आचार्य द्रोणको अगाडि यी दुई वीरको केही चल्दैन, छिनभरमै द्रोण दुवैलाई स्वर्ग पठाइदिन्छन् । द्रुपदको मृत्यु सुन्ने वित्तिकै धृष्टद्युम्न (द्रुपदका पुत्र) द्रोणलाई मार्ने प्रतिज्ञा गर्छन् ।

पुत्रशोकविना द्रोण शक्तिहीन नहुने तथ्य बुझेका श्रीकृष्णको सल्लाह पाएर अश्वत्थामा नामक हात्ती मारिन्छ र अश्वत्थामा मरेको हल्ला ज्यादै उग्ररुपमा गरिन्छ । आफ्ना पुत्रको नाम पनि अश्वत्थामा भएका द्रोणका कानमा जब यो खबर पुग्छ उनी व्याकुल हुन्छन् । यसको सत्यता बुझ्न उनी युधिष्ठिरको खोजी गर्छन्, र युधिष्ठिरसँग सोध्छन् । युधिष्ठिर 'नरो वा कुन्जरो वापि अश्वत्थामा हतो हतः' अर्थात् 'हात्ती हो वा मान्छे हो अश्वत्थामा भन्नेको मृत्यु त भयो भयो' भनेर उत्तर दिन्छन् । उनलाई अत्यन्त पुत्र स्नेहले गर्दा आफ्नै पुत्रको मृत्यु भएको विश्वास हुन्छ । किनकि हात्ती मर्दैमा त्यतिविधि हल्ला हुनु सम्भव थिएन । यसैले उनी शिथिल बन्छन् । यही दाउ छोपेर धृष्टद्युम्न द्रोणाचार्यका गर्दनमा तरवारको प्रहार गरिहाल्छन् । पुत्रशोकले मलिन परेको कौरव र पाण्डवहरूका साझा गुरु द्रोणको शिर आफ्ना धडबाट छुट्टिएर गिर्छ ।

जब यो खबर अश्वत्थामालाई मिल्छ, उनले आएर सम्पूर्ण पाण्डवलाई समाप्त पार्न आफूसँग भएको भयंकर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्त्र 'नारायणास्त्र' छोडिदिन्छन्। यस अस्त्रबाट बच्ने उपाय नारायण भगवान् श्रीकृष्णलाई थाहा छँदैछ। उहाँले सारा सैन्यलाई आफ्ना साथका सम्पूर्ण शस्त्र अस्त्र छोड्न आग्रह गर्नुहुन्छ। सबै त्यसै गर्छन्। भीम भने मान्दैनन्। पछि स्वयं कृष्ण गएर उनलाई हतियाररहित बनाएर बचाइदिनुहुन्छ। त्यसपछि अश्वत्थामा 'आग्नेयास्त्र' छोड्छन्, त्यो पनि अर्जुनका ब्रह्मास्त्रले काट्याइदिन्छ। अनि अश्वत्थामा युद्ध छोडेर पितृशोकले व्याकुल हुँदै फर्कन्छन्। कौरवसैन्य सार्है दिक्क मानेर विलाप गर्दै पछि हट्छ। यसरी दुनियाँले हेर्दा हेर्दै कौरवसैन्यले आफ्ना दुई महारथी भीष्म र द्रोणलाई गुमाउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रोणपर्व

(संजयबाट कौरवपक्षको युद्धमा भएको क्षतिको कुरा सुनेर दुःखित महाराज धृतराष्ट्रले भनेको उक्ति–)

युक्त एव हि भाग्येन ध्रुव मुत्पद्यते नरः ।
स तथाऽऽक्रियते तेन न यथा स्वयमिच्छति ॥

चाहेको क्यै नपुग्दा र नचाहेको भई दिंदा,
ठिकै रहेछ भैं लाग्यो भाग्य भन्ने कुरा पनि,

यो हि धर्मं परित्यज्य
भवत्यर्थपरो नरः ।
सोऽस्माच्च हीयते लोकात्
क्षुद्रभावं च गच्छति ॥

जो मान्छे धर्म छोडेर नाफा र स्वार्थ हेर्दछ।
त्यो यहाँ पनि बिग्रन्छ परत्र पनि सड्दछ॥

द्वैधी भवति मे चित्तं
ह्रिया तुष्ट्या च सञ्जय ।
मम पुत्रस्य यत् सैन्यं
सौभद्रः समवारयत् ॥३९।१॥

"अभिमन्यु गई एक्लै मेरो फौज जित्यो जब,
पर्‍यो संजयजी ! मेरो चित्त दोधारमा तब,
त्यो आफ्नै नातिको तेज संझदा गर्व क्यै बढ्यो।
छोराको फौज हार्नाले लाजमर्नु पनी भयो"

(अभिमन्युको वीरोचित प्रतिज्ञा)

यदि चैकरथेनाहं समग्रं क्षत्रमण्डलम् ।
न करोम्यष्टधा युध्दे न भवाम्यर्जुनात्मजः ॥३५।२७

"यदि यौटा रथैबाट सारा शत्रु धपाइन,
भने अर्जुनको छोरो अभिमन्यु म होइन"

अपि विश्वजितं विष्णुं मातुलं प्राप्य सूतज ।
पितरं चार्जुनं युध्दे न भीर्मामुप यास्यति ॥३६।७

"पिता अर्जुन औ मामा कृष्णकै साथमा पनि,
मलाई डर लाग्दैन लड्नै पर्ने भयो भनी"

विविध सूक्ति

नस्मराम्यनृतं तावन्नस्मरामि पराजयम् ।
नस्मरामि प्रतिश्रुत्य किञ्चिदप्यनृतं कृतम् ॥१३।१४

कहिल्यै झूट बोलेको, कि हारेको कसैसित,
संझना छैन बोलेर नगरेको अझै तक,
—अर्जुन

ग्रहणे हि जयस्तस्य न वधे पुरुषर्षभ ।
एतेन चाप्युपायेन ग्रहणं समुपेप्सि ॥१२।२५

जीत हो वशपार्नु नै मार्नु नै जीत होइन,
यसर्थ यै तरीकाले खोज शत्रु समाउन,
-द्रोणाचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्णपर्व

(आठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१. कर्णपर्वको कथासार
२. श्रीकृष्ण-शिक्षा
३. जुनसुकै देशमा पनि मानिस बस्दछन्
४. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्णपर्वको कथासार

आचार्य द्रोणको मृत्युपछि कौरवहरूमा ठूलो नैराश्य छाएको देखेर महावीर कर्णले अत्यन्त गर्वपूर्वक पाण्डवहरू समाप्त पार्ने आफ्नो दृढ विश्वास व्यक्त गर्दछन्। अश्वत्थामा प्रभृति-अन्य कौरववीरहरू पनि कर्णका नेतृत्वमा निश्चित विजय पाइने कुरामा आशावादी देखिन्छन्! 'भीष्म र द्रोण पाण्डवहरूप्रति दया माया राख्थे। यसर्थ उनीहरूले पूर्ण शक्ति लगाएर पाण्डव-सैन्य समाप्त पार्ने प्रयास गरेनन्' भन्ने भ्रम सबैमा व्यापक छ।

दुर्योधन पनि कर्णमा अतिविश्वास राख्छन्, उनले आफ्नो संपूर्ण कर्णप्रतिको आस्था प्रकट गरेर कर्णलाई सेनापति पदमा अभिषिक्त गर्दछन्। सेनापति हुने बित्तिकै कर्णले तुरुन्त 'मत्स्यव्यूह' तयार गर्दछन् र पाण्डव सैन्यमा धावा बोलि दिन्छन्। कर्णले भयानक सेनापतित्वमा कौरवहरूको प्रचण्ड शक्ति बढेको देखेर पाण्डव सैन्य पनि थर्कमान हुन्छ। घनघोर युध्द चल्दछ, पाण्डववीर नकुल युध्दमा अघि बढ्दा बढ्दै कर्णका सम्मुख पुग्छन्। कर्णले उनलाई शस्त्र अस्त्रहीन बनाएर धनुका टुप्पाले आफूतिर घिसार्छन् र भन्दछन्-"नामर्द! जा! छोडिदिन्छु अब यसरी कहिल्यै बडाका सम्मुख पर्ने नखोज्नू!" कर्णले चाहेका भए त्यतिखेर नकुलको मृत्यु हुने थियो, तर (उद्योग पर्वमै) उनले कुन्तीलाई वचन दिइसकेका थिए कि "आमा! म अर्जुन सिवाय अरुलाई मार्ने छैन। नकुल लाज्जित भएर युध्दक्षेत्रबाट पछिहट्छन, त्यसपछि महावीर कर्णको वाण जता जता वर्सन्छन्, उतै उतै सेना सोत्तर परेको दृश्य देखिन्छ। यस्तो लाग्छ 'आजै युध्द समाप्त हुन्छ। पाण्डवहरू हार्दछन्'। कर्णले त्यसदिन एउटा कुरामा राम्रो ध्यान दिएका छन् कि उनी जति कठोर वाण अर्जुनलाई मार्ने उद्देश्यले हान्छन् ती वाण रथ तर्काएर श्रीकृष्ण छलिदिनु हुन्छ। बेलुकी पख हुन्छ, युध्द बन्द गरिन्छ, युध्द मैदानबाट घर फर्कदा कर्णले एउटा कुरा सोचेका छन् कि "म अर्जुन जस्तै महावीर अवश्य छु, तर मेरो सारथी भने श्रीकृष्ण जस्तो छैन।"

भोलिपल्ट कर्ण दुर्योधनलाई योग्य सारथीको व्यवस्था गर्न अनुरोध गर्छन्। दुर्योधनले 'शल्य'लाई सारथी बन्न बिन्ती गर्दछन्। शल्य पाण्डवका मामा हुनाले उनलाई युध्दक्षेत्रमा पाण्डवको हित हुने एउटा काम गर्नु छ, यसर्थ उनी यो स्वीकार गर्छन्।

शल्यले हाँकेको रथमा सवार भएका कर्णले बाटामा आजै अर्जुन मार्ने आफ्नो उद्देश्य बताएर आफ्ना बाहुबलको प्रशंसा गर्छन्। शल्य हाँस्छन् र बोल्दछन् -'कर्ण! किन व्यर्थै झूठो धाक लगाउँछौ? अर्जुनसँग त इन्द्रको पनि केही चल्दैन, आज तिमी मर्ने साइत गरेर हिंडेका छौ। कठोर गाण्डीव धनुको तीव्र टंकार अनि उसबाट छुटेका कठोर बाणहरूका सामुन्ने तिम्रो अवश्य पनि केही चल्दैन'। यसरी कर्ण र शल्यमा विवाद चल्दछ। दुर्योधन दुवैसँग क्षमा माग्छन्। अनि युध्दस्थलमा यिनीहरूको प्रवेश हुन्छ!

अहिलेसम्म यस महायुध्दका दुई महानायक अर्जुन र कर्णको द्वैरथ युध्द भएको छैन। आज हुँदैछ, दुवै महावीरले आफ्नो प्रतिद्वन्दीलाई आजै सिध्याउने संकल्प गरेका छन्, दुवैका सारथी विशेष प्रसिध्दि पाएका शल्य र श्रीकृष्ण छन्। यो युध्द निकै दर्शनीय हुनेछ भन्ने सम्पूर्ण सैन्यहरूमा लागिरहेको छ। आखिर दुवै तम्तयार देखिन्छन् पनि। धनुको भयङ्कर टंकार पछि दुवै वीर बाण वर्साउन शुरू गर्छन्। दुवैसँग दिव्य दिव्य अस्त्र छन्, उतिखेरै आकाश-भरि आगो देखिन्छ। उतिखेरै पानी वर्सिन्छ, मेघ चड्कनेभन्दा पनि लाखौं गुना कठोर आवाज चल्दछ, कान फुटेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बहिरो हुने छाँट आउँछ। यही बीचमा अर्जुनलाई भुलाउन संसप्तक नामक सेना अर्जुनमाथि एकै चोटि वाण वर्षा शुरू गर्छ। भीम आएर कर्णलाई छेकिदिन्छन्, तर यसै बेला एउटा डरलाग्दो हल्ला मच्चिन्छ–"युधिष्ठिर मरे, कौरवको विजय भएर, युध्दको काम पूर्ण भयो" आदि।

अर्जुन यस कुराको सत्यता बुझ्न आत्तिन्छन्। श्रीकृष्णले सम्झाउने प्रयास गर्दा गर्दै पनि अर्जुन शिविर तर्फै जान बल गर्छन्। श्रीकृष्णलाई थाहा छ-युधिष्ठिर मारिएका छैनन्, तर अर्जुन पत्याउन्नन्। आखिर अर्जुनको रथ युधिष्ठिरलाई खोज्दै शिबरमा पुर्‍याउन श्रीकृष्णलाई करलाग्छ। वास्तवमा युधिष्ठिर घाइते भएका थिए, शिविरमा विश्राम गरेर उनी कर्णवधको खबर सुन्ने प्रतीक्षा गर्दथे। यत्तैमा श्रीकृष्णसहित अर्जुन आफू भएतिर आएको युधिष्ठिरले देख्छन्, उनीले भाइको स्वागत गर्छन् कर्ण मारेर, आएको ठानेर। जब उनलाई यो थाहा हुन्छ कि कर्ण जीवितै छ साह्रै शरम मान्छन्– भाइ भागेर आएको भन्ने लागेर, उनलाई क्रोध उठ्छ, क्रोध र दुःखको आवेगमा उनले अर्जुन र उनका गाण्डीव धनुलाई धिक्कार दिन्छन्। धिक्कार सुन्ने वित्तिकै अर्जुन तरवार लिएर युधिष्ठिरलाई मार्न जाइलाग्छन् र गाण्डीव धनु र आफूलाई धिक्कार्नेलाई मार्ने आफ्नो प्रण सुनाउँछन्। श्रीकृष्णले आफूभन्दा बडालाई अपमान गर्नु नै मारे भन्दा बढी हो भन्नु हुन्छ र त्यही प्रसङ्गमा अर्जुन युधिष्ठिरलाई अपमानजनक शब्द बोल्दछन्। युधिष्ठिरलाई वैराग्य उठ्छ र राज्यलिप्सा छोडेर संन्यास ग्रहण गर्न तयार हुन्छन्। उता रणक्षेत्रमा भयानक युद्ध मचिएको छ। यता यी दुई भाइ आपसमा यस्तो विवाद उत्पन्न गर्छन् कि श्रीकृष्णलाई ज्यादै चिन्ता लाग्छ। तर चतुर शिरोमणि श्रीकृष्णले युक्तिपूर्वक युधिष्ठिरलाई त्यही थमाएर अर्जुनलाई युद्ध मैदानमा लैजानु हुन्छ। यसै बीचमा भीमले दुःशासनलाई मार्छन्। अर्जुन मैदानमा आएपछि फेरि कर्ण र अर्जुनमा घनघोर युध्द मच्चिन्छ। यस युध्दलाई निभ्ने बेलाको बत्ती धपक्क बलेको जस्तो भन्न सकिन्छ, ज्यादै उग्ररूपमा अहिलेसम्म महाभारतका युध्द भरमा नदेखिएको पराक्रम यी दुई महान् वीरले प्रदर्शित गर्छन्। एकप्रकारले अरुको त युध्दनै ठप्प हुन्छ, हजारौं चड्कने आकाशमा चड्के भन्दा पनि घनघोर आवाज गर्दै चलेको यो भयंकर युध्द कहिल्यै सकिन्छ कि सकिन्न भन्ने अड्कल गर्न पनि दर्शकहरूलाई गाह्रो पर्दछ। किनकि दुवै समान पराक्रमीका रूपमा देखापरेका हुन्छन्। तर यत्तैमा शल्यद्वारा हाँकिएको कर्णको तीव्रवेगशाली रथ अकस्मात भुइँमा धसिन्छ। अनेक गर्दा पनि, कोर्रा माथि कोर्रा वर्षाउँदा पनि रथका घोडाहरूले रथलाई एक डिग चलाउन सक्तैनन् कर्णको मुख अँध्यारो देखिन्छ। अर्जुनतर्फ फर्केर चर्को स्वरमा यसो भन्दै-कर्ण रथबाट भुइँमा झर्छन्-"धर्मात्मा अर्जुन ! यस धर्मयुध्दमा म धर्मपूर्वक तिमीसित अनुरोध गर्दछु कि मेरा निमित्त होइन धर्मका निमित्त त्यहाँसम्म वाण वर्षा नगरिदेऊ जहाँसम्म म भुइँमा गडेको रथलाई बाहुबलले उतारेर पुनः संचालन गर्न सक्तिन।" तर अर्जुनले त्यसै बेला अत्यन्त तीव्र वाण कर्णको रुद्रघन्टी ताकेर छोडिदिन्छन्, धनुको टंकार र 'सुइय्यँ'को तीखो स्वर वरिपरी फैलाउँदै वाण कर्णको घाँटीमा गएर बज्रन्छ र कौरवहरुको एकमात्र महान् विजयको आशा दुइ टुक्रा भएर गिर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्णपर्व

श्रीकृष्ण शिक्षा

(यो शिक्षा भगवान् श्रीकृष्णले अर्जुनलाई त्यस वेला दिनुभएको हो, जुन वेला अर्जुन 'आफूलाई र आफ्नो गाण्डीव धनुलाई धिक्कार दियो' भनेर दाजु युधिष्ठिरमाथि जाइलागेका थिए। कर्णसँग घनघोर युद्ध हुँदा हुँदै बीचैमा युधिष्ठिरको सम्बन्धमा नराम्रो (हताहत भएको) खबर पाएर दाजुको दर्शन गर्ने श्रद्धाले आफ्नो शिविरमा अर्जुन आएको वेलामा यो घटना घटेको थियो)

इदानीं पार्थ जानामि न वृद्धाः सेवितास्त्वया ।
कालेन पुरुषव्याघ्र ! संरम्भं यद् भवानगात् ।। ६९।१६

"ऐल्हे अर्जुन ! जी लाग्यो वृद्ध सेवा गरेनछौ,
किन कि यत्तिकैमा नै यसरी जब झोकियौ"

नहि धर्मं विभागज्ञः कुर्यादेवं धनञ्जय ।
यथा त्वं पाण्डवाद्येह धर्मभीरुरपण्डितः ।। ६९।१७

"धर्मको तत्त्व जान्नेले यस्तो गर्दैन अर्जुन,
'धर्म भीरु' बनी जस्तो लाग्यौ मानिस मारन

अकार्याणां क्रियाणां च संयोगं यः करोति वै ।
कार्याणामक्रियाणां च स पार्थ पुरुषाधमः ।। ६९।१८

"नराम्रो कर्मका साथ जो राम्रा कर्म जोड्दछ,
या राम्रामा नराम्रा नै जोड्छ त्यो तुच्छ हो नर"

प्राणिनामवधस्तात सर्वज्यायान्मतोमम ।
अनृतां वा वदेद् वाचं न तु हिंसांकथञ्चन ।। ६९।२३

"मेरा विचारमा बाबु ! नमार्नु श्रेष्ठ धर्म हो,
भूटो बोल्न बरू हुन्छ, हिंसा सार्‍है खराब हो"

यस्मादहिंसा संयुक्तं स धर्म इति निश्चयः ।
अहिंसार्थाय हिंस्राणां धर्म प्रवचनं कृतम् ।। ६९।५७

"हिंसा हुन्न जसो गर्दा त्यही नै मुख्य धर्म हो,
अहिंसै होस् भनी सोची धर्मशास्त्र बनाइयो"

येऽन्यायेन जिहीर्षन्तो
धर्ममिच्छन्ति कर्हिचित् ।
अकूजनेन मोक्षं वा
नानुकूजेत् कथञ्चन ।। ६९।५९

"जो अन्याय गरी भित्र धर्मातमा बनिहिंड्दछन् ।
वेदशास्त्र नमानी जो मोक्षको नाउँ जप्दछन,
चिनेनन् ती दुवैले नै धर्म या मोक्षको सुख,
त्यस्तासँग नबोलेर आफ्नो कर्म गरी हिंड"

अवश्यं कूजितव्ये वा
शंकेरन्नप्यकूजतः ।
श्रेयस्तत्रानृतं वक्तुं
तत्सत्यं मविचारितम् ।। ६९।६०

"सत्य बोलौं भनेदेखि धर्ममा घात पर्दछ,
नबोलौं क्यै पनी भन्दा शंका मान्ने समाज छ,
यस्तामा धर्मका लागि असत्यै बोल्नु योग्य छ,
सत्यै बोल्दछु जो भन्छ त्यो ठूलो भूल गर्दछ"

जुनसुकै देशमा पनि मानिस बस्दछन्

(महारथी कर्ण सेनापति बनेर युद्ध गर्दा उनलाई एक सुयोग्य सारथीको आवश्यकता परेको थियो। यही पूर्ति गर्ने महाराज शल्य खडिएका थिए। परिस्थितिवश कौरव-पक्षमा लागे पनि शल्य पाण्डवका साल्के मामा हुनाले उनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हृदयमा अर्जुनप्रति माया र श्रद्धा थियो। कर्णले अर्जुनलाई युद्धमा चाँडै नै मार्ने धाक लगाएकामा उनले धाकका कुरा उडाइदिएर कर्णलाई अर्जुनका सामुन्ने एक तुच्छ व्यक्ति सिद्ध गर्ने प्रयास गरेका थिए। आफ्नै सारथीबाट आफ्नो निन्दा भएको सुनेपछि कर्णले शल्यलाई नराम्रो गाली गरेर शल्यका देशका जनता असभ्य छन्, नराम्रा छन्, आदि कैयौं निन्दा गरे। शल्यलाई आफ्नो देश र जनताको निन्दाले मर्मान्त पीडा दियो, त्यसै अवसरमा उनले कर्णलाई भनेका केही सूक्ति यहाँ प्रस्तुत छन्।)

सर्वत्र ब्राह्मणाः सन्ति सन्ति सर्वत्र क्षत्रियाः।
वैश्याः शुद्रास्तथा कर्ण स्त्रियः साध्व्याश्च सुव्रत ॥ ४५।४२

"हुन्छन् ब्राह्मण सर्वत्र क्षत्री सर्वत्र बस्दछन्।
वैश्य शूद्र अनी नारी पनि सर्वत्र मिल्दछन्"

रमन्ते चोप हासैश्च पुरुषाः पुरुषैः सह।
अन्योन्यमव रक्षन्तो देशे देशे समैथुनाः ॥ ४५।४३

"हाँस्दै ठट्टा गरी हिंड्छन् ठिटाहरू जहाँ पनि,
लोग्ने स्वास्नीसँगै बस्छन् जुनसुकै देशमा पनि"

परवाच्येषु निपुणः सर्वो भवति सर्वदा।
आत्मवाच्यं न जानीते जानन्नपि न मुह्यति ॥ ४५।४४

"सबैका देशमा हुन्छन् अर्काको दोष देखिने,
आफ्नो दोष नदेखिने र देखे पनि लुकाउने"

सर्वत्र सन्ति राजानः स्वं स्वंधर्ममनुव्रतः।
दुर्मनुष्यान् निगृह्णन्ति सन्ति सर्वत्र धार्मिकाः ॥ ४५।

सर्वत्र हुन्छ सर्कार आफ्नो कानून पालने,
सजिन्छन् दुष्ट सर्वत्र पाइन्छन् धर्म चाहने,

न कर्ण देश सामान्यात् सर्वः पापं निषेवते।
यादृशाः स्वस्वभावेन देवा अपि न तादृशा ॥४५।४५

"कैयौं मिल्छन् स्वभावैले देवता जितने जन,
देशका भेदले हुन्नन् सबै पापी र सज्जन"

विविध सूक्ति

न हि कर्णः समुद्भूतो भयार्थमिह मद्रक।
विक्रमार्थमहं जातो यशोर्थं च तथात्मनः ॥ ४३।६

"जन्मेको व्हैन यो कर्ण कसैसित डराउन,
जन्मेको हो स्वयं काम गरी नाम कमाउन"
–कर्ण

आत्मनिन्दाऽऽत्मपूजा परनिन्दा परस्तवः।
अनाचरितमार्याणा वृत्तमेतच्चतुर्विधम् ॥ ३५।४५

"निन्दा स्तुति स्वयं आफ्नो निन्दा स्तुति पराइको,
यो चार व्हैन आचार आर्य जाति समस्तको"
–शल्य

न मामस्मादभिप्रायात् कश्चिदद्य निवर्तयेत्।
अपीन्द्रो वज्रमुद्यम्य किमु मर्त्यः कथञ्चन ॥ ३९।१२

"मेरो उत्साह यो रोक्ने छैनन् क्वै पनि विश्वमा,
इन्द्रै आए पनि हार्नन् अरूको के कुरा यहाँ"
–कर्ण

गुणान् गुणवतां शल्य गुणवान् वेत्ति नागुणः।
त्वं तु शल्य गुणैर्हीनः किं ज्ञास्यसि गुणागुणम् ॥ ४०।२

"जो गुणी छ उही राम्रो गुणीको गुण चिन्दछ,
त्यसलाई छ सबै सम्मू जो आफैं गुणहीन छ"
–कर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शल्यपर्व

(नौं)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग–सूची

१. शल्यपर्वको कथासार
२. कृप-दुर्योधनसंवाद
३. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शल्य पर्वको कथासार

महाभारत युद्धमा कौरव पक्षका महारथी वीरहरूको आजसम्म भएको सर्वनाशले गर्दा कसै युद्ध जित्न नसकिने अनुभव गरेर आचार्य कृप दुर्योधनका साथमा जान्छन् र उनलाई युद्ध छोड्न अनुरोध गर्दछन्। दुर्योधन मान्दैनन्। बाँकी सैन्य र महारथीहरूलाई मात्र लिएर पनि लड्ने निर्णय हुन्छ। मामा शल्य सेनापति बनाइन्छन्। शल्य पनि यत्ति बाँकी सैन्यकै भरमा मात्र पनि युद्धमा विजय पाइने ठूलो उत्साह प्रकट गर्दछन्। सर्वतो भद्र व्यूह बनाएर भोलिपल्ट बिहानै कौरव सेना युद्धलाई तयार हुन्छ।

महाराज शल्य भीष्म, द्रोण, कर्ण झैं ख्याति प्राप्त र उस्तै ओजस्वी वीर हुन्, उनी युद्ध मैदानमा आउँछन् र सारा कौरव सेनालाई जगाएर महाभारत युद्धमा आजसम्म नभएको अद्‌भुत पराक्रम देखाउने आफ्नो प्रतिज्ञा सुनाउँछन्।

महाराज युधिष्ठिरलाई जब यो थाहा हुन्छ कि आफ्नै मामा शल्य आज पाण्डवहरूको संहार गर्ने दृढ निश्चय साथ युद्धमा सेनापति बनेका छन्। अत्यन्त क्रोध उठ्छ। साँच्चैनै त्यसबेला पाण्डव पक्षमा एउटा नयाँ समस्या खडा हुन्छ। किनकि भीष्म, द्रोण, कर्ण जस्ता वीरहरूको समाप्ति पछि पाण्डवहरूले मानसिक विश्राम लिइसकेका थिए। शल्यसँग लड्ने कुनै पूर्वतयारी थिएन। यसर्थ को लड्ने ? उनको युद्ध विद्यालाई कसले दवाउन सक्छ इत्यादिको त्यहाँ प्रश्न जन्मन्छ, महाराज युधिष्ठिरले घोषणा गर्छन्—"प्यारा भाइ हो ! विश्वविख्यात भीष्म, द्रोण, कर्ण जस्ता महावीरहरूलाई तिमीहरुले धराशायी बनायौ, अब शल्यलाई मार्ने पालो मेरो !"

त्यही निर्णय हुन्छ, महाराज युधिष्ठिर र शल्यको भीडन्त पर्छ, भीषण युद्ध हुन्छ, धेरै बेरको अस्त्र युद्धपछि दुवै प्रत्यक्ष शस्त्र युद्ध गर्ने निश्चय लिन्छन्, तरवार युद्ध हुन्छ, यी दुई महारथीमा कुन चाहिं मारिन्छ, यसको दुवै पक्षमा शंका हुन्छ। तर आखिर शल्यको केही लाग्दैन, युधिष्ठिरका प्रचण्ड प्रहारबाट उनको मृत्यु हुन्छ।

शल्यको मृत्यु हुने बित्तिकै सारा कौरव सैन्य हाहाकार गर्दै भाग्न थाल्छ। दुर्योधन भाग्नेहरूलाई रोकेर स्वयं युद्ध मैदानमा लड्न पुग्दछन्, अकस्मात् फेरि महायुद्ध हुन्छ, दुर्योधनका मामा शकुनिलाई त्यसै बेला दुर्योधनकै सामु पाण्डव वीर सहदेव मारिदिन्छन्, बाँकी सैन्यलाई भीम र अर्जुन समाप्त पारिदिन्छन् र पाण्डव पक्षमा अत्यन्त हर्षनाद हुन्छ।

शून्य कौरव पक्षमा आफू मात्र बाँचेको देखेर दुर्योधनको हृदय काम्दछ। उनी त्यहाँ हकानिन्छन्, आफ्नो प्राण वचाउन भाग्नु सिवाय अर्को मार्ग देखिन्न। हातमा एकमात्र गदा लिएका दुर्योधन पैदल त्यहाँबाट भाग्छन् र हराउँछन्। १०० भाइ कौरवमा अब सम्राट् दुर्योधन एक्ला बाँकेका छन्। उनलाई सिध्याउने पाण्डव भीमको प्रतिज्ञा छ, त्यो महान् रण भूमिमा दुर्योधन भागेर कता गए, कसैलाई ख्याल हुँदैन। धेरै बेरको खोजीपछि भगवान् श्रीकृष्णका सहयोगले एक सरोवरमा लुकेर बसेका दुर्योधन पक्रिन्छन्। भीमले अनेकौं कटु इतिहास सुनाएर हाँकदिंदा पाँच भाइमध्ये एक भाइसँग मात्र युद्ध गर्ने वचन मागेर गदा सहितका दुर्योधन बाहिर आउँछन्, भीम अगाडि सर्दछन्। भयङ्कर युद्ध हुन्छ र भीम दुर्योधनका जाँघ तोडेर उनलाई कहिल्यै नउठ्ने बनाएर गिराइदिन्छन्। महाभारत युद्धका वहुचर्चित प्रतिनायक कथा शेष वन्दछ।

त्यसै दिन राती कौरव पक्षका ३ महावीर अश्वत्थामा, कृपाचार्य र कृतवर्मा महाराज दुर्योधन पछारिएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठाउँमा भेट्न पुग्छन् । दुर्योधन भएको ठाउँमा पुगेर उनीहरूलाई थाहा हुन्छ कि दुर्योधनको प्राण अझै गएको छैन र मृत प्रायः दुर्योधन बिहोश छन् गएर थुपुक्क बस्छन्, हस्तिनापुर दरबारका नायकको यो दुर्दशाले उनीहरूलाई असह्य वेदना हुन्छ, उनीहरू दुर्योधननेर बसेर रुन थाल्छन् । आफूनेर रोएको आवाज पाएर दुर्योधनले परिचय माग्छन् र परिचय दिंदै द्रोण पुत्र अश्वत्थामाले दुर्योधनको आत्मशान्तिका निमित्त पृथिवीलाई पाण्डवहीन बनाउने योजना प्रस्तुत गर्छन् । दुर्योधन त्यसमा स्वीकृति दिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शल्यपर्व

कृप-दुर्योधनसम्वाद

(महाभारत युद्धमा कौरव पक्षको एक प्रकारले सर्वनाश भइसकेको थियो । कौरव सेनाका कर्णधार भीष्म, द्रोण, कर्ण जस्ता वीरहरू धराशायी भइसकेका थिए, करोडौं फौजको इति श्री भइसकेका थियो । यसरी विजयको आधार शिला भत्केका दुर्योधन अत्यन्त चिन्तित र खिन्न भएकां थिए तापनि पुनः लड्ने उद्योगमा अझै उनको उत्साह थियो । त्यो देखेर महाभारतमा भीष्म, द्रोण विदुरका श्रेणीमा गनिने आचार्य कृपले दुर्योधनलाई युद्धको उत्साह छोड्न सल्लाह दिए जुन सल्लाहलाई दुर्योधनले पनि राम्ररी ध्यान दिएर सुनेर आफ्नो आन्तरिक भावना व्यक्त गरेका थिए । यो सम्वाद छोटो भएर मार्मिक मानिन्छ, यहाँ उक्त सम्वादमा केही सूक्ति प्रस्तुत छन्——)

युष्माभिस्तानि चीर्णानि यान्य साधूनि साधुषु ।
अकारण कृतान्येव तेषां वः फलमागतम् ।। ४।४०

"गर्‍यौ सज्जनक साथ दुष्टतापूर्ण काम जो,
ऐल्हे त्यै कामले ल्यायो फल यो सर्वनाशको

आत्मनोर्थे त्वया लोको यत्नतः सर्व आहृतः ।
स ते संशयितस्तात आत्मा वं भरतर्षभ ।। ४।४१

"आफ्ना निमित्तमा मार्‍यौ करोडौँ दुनियाँकन"
आफ्नै तिम्रो भयो शंका ऐल्हे मर्न र बाँच्नमा"

हीयमानेन वे सन्धि पर्येष्टव्यः समेनवा ।
विग्रहो वर्धमानेन मतिरेषा बृहस्पतेः । ४।४३

"शत्रुभन्दा घटी यद्वा समानै रहँदातक,
मिल्नुपर्छ, बढी आफू भए पो लड्न योग्य छ'

ते वयं पाण्डुपुत्रेभ्यो हीनास्म बल शक्तितः ।
तदत्र पाण्डवैः सार्धं सन्धि मन्ये क्षमं प्रभो ।। ४।४४

"ऐल्हे पाण्डवभन्दा छौँ घटी हामीहरू सब,
यसर्थ उनका साथ मिल्नाले श्रेय मिल्दछ,

न जानीते हि यः श्रेयः श्रेयसच्चाव मन्यते ।
स क्षिप्रं भ्रश्यते राज्यान्न श्रेयोऽनुविन्दते ।। ४।४५

"जो श्रेयकन जान्दैन हेप्छ श्रेय कुराकन,
त्यल्लाई गतिलो हुन्न सक्तैन राज्य भोग्न झन्"

प्रणिपत्य हि राजानं राज्यं यदि लभेमहि ।
श्रेयः स्यान्नतु मौढ्येन राजन् गन्तुं पराभवम् ।। ४।४६

"हात जोडेर मिल्नाले यदि साम्राज्य मिल्दछ,
त्यै हो कल्याण कड्केर के हुन्छ ? मर्नु मात्र छ"

(यसरी आचार्य कृपले सम्झाएपछि महाराज दुर्योधनले उनलाई यस्तो उत्तर दिएका थिए-)

ये मदर्थे हता शूरा स्तेषां कृतमनुस्मरन् ।
ऋणं तत् प्रति युञ्जानो न राज्ये मन आवधे ।। ५।४४

"मेरा निम्ति मरे जो जो संझेर ती सबैकन,
ऋण तिर्न पनी मैले हुन्न लत्रेर बाँच्न र ?"

घातयित्वा वयस्यांश्च भ्रातृनथ पितामहान् ।
जीवितं यदि रक्षेयं लोकोमां गर्हयेद् ध्रुवम् ।। ५।४५

"साथी, भाइहरूलाई मराई युद्धभूमिमा,
यदि जीवन यो राख्छु के लेख्लान् इतिहासमा"?

सोऽहमेतादृशं कृत्वा जगतोऽस्य पराभवम् ।
सुयुध्देन ततः स्वर्गं प्राप्स्यामि वा ततोऽन्यथा ।। ५।४७

"नलड्नु हो लडीहालें विश्वकै भो ठूलो क्षय,
अब के मिल्नु ? लड्छु र स्वर्गै पाऊँछु केवल"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न प्रभुं सुखमस्तीति कुतो राष्ट्रं कुतो यशः ।
इह कीर्ति विंधातव्या सा च युध्देन नान्यथा ।। ५।३१

"मनैले सुख मान्दैन कहाँ कीर्ति कहाँ सुख ?
तसर्थ कीर्तिका लागि लड्नु नै एक मार्ग छ"

गृहे यत् क्षत्रियस्यापि निधनं तद् विर्गहितम् ।
अधर्मः सुमहानेष यच्छेया मरणं गृहे ।। ५।३२

"घरमा वीरले मर्नु सान्है अधम मृत्यु हो,
अभागी ठान्छु जो वीर विस्तरामा लडी मर्‍यो"

विविध सूक्ति

(महाभारत युद्धमा प्रत्यक्ष आफ्नो हार देखेका दुर्योधनले महाराज युधिष्ठिरलाई भनेको कटुवचन–)

हतबान्धव भूयिष्ठा हताश्चा हत-कुन्जरा ।
एषा ते पृथिवी राजन् भुंक्ष्वेनां विगतज्वरः ।। ३१।५१

"हात्ती घोडा अनी बन्धु मरेका छन् जहाँ सब,
यस्ती यी शून्य पृथिवीमा दाइँ हाल युधिष्ठिर"

(उक्त वचनको उत्तरमा युधिष्ठिरको वचन–)

यदि वाऽपि समर्थः स्यास्त्वं दानाय सुयोधन ।
नाहमिच्छेयमवर्नि त्वया दत्तां प्रशासितुम् ।। ३१।५६

"दिँदैमा पृथ्वी तिम्ले मिलिहाल्ने भए पनि,
तिम्रो दान लिई राज्य भोग्ने इच्छा त लिन्न नि"

(लाचार दुर्योधनले महाराज युधिष्ठिरसँग बाँकी युद्ध धर्मपूर्वक हुनुपर्दछ भनेर धर्मको नाम लिंदा युधिष्ठिरले हाँसेर दिएको उत्तर-)

सर्वो विमृशते जन्तुः कृच्छ्रस्थो धर्मदर्शनम् ।
पदस्थः पिहितं द्वारं परलोकस्य पश्यति ।। ३१।५९

"सबैले धर्म सम्झन्छन् जब आपत्ति पर्दछ,
मौका पर्दा सबैको नै परलोक हराउँछ"

(कौरव पक्षका सहयोगी अन्तिम राजा शल्यद्वारा युद्धयात्राका समयमा गरेको प्रतिज्ञा-)

निहनिश्यामि वा राजन् स्वर्गं यास्यामि वा हतः ।
अद्य पश्यन्तु मां लोका विचारन्तम भीतवत् ।। ७।१४

"कि मार्छु शत्रु सम्पूर्ण कि मर्छु स्वर्ग जान्छु म,
हेरोस् संसारले कस्तो नडरीकन लड्छु म"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौप्तिक वधपर्व

(दश)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१. सौप्तिक वधपर्वको कथासार
२. भाग्य र उद्योग
३. अश्वत्थामाका तर्कना
४. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौप्तिक वधपर्वको कथासार

मृत प्राय: दुर्योधनलाई त्यहीं छोडेर अश्वत्थामाको नेतृत्वमा रथमा सवार भएका कृप र कृतवर्मा केही पर एउटा बरको वृक्षमनि पुगेर विश्राम गर्छन्। कृप र कृतवर्मालाई धेरै रात बितेको हुँदा नीद लाग्छ, तर अश्वत्थामा क्रोधको आवेगले गर्दा निदाउन्नन्, उनलाई यसै रात पाण्डवहरूको सर्वनाश गर्ने इच्छा जाग्छ। निदाएकै बखतमा पाण्डवहरूमाथि आक्रमण गर्न आफ्ना साथीहरूलाई भन्छन्। कृप र कृतवर्मा त्यस-कुराको विरोध गर्छन्, तर अश्वत्थामा मान्दैनन्। आखिर सबै त्यहाँबाट पाण्डवहरू सुतेका ठाउँतर्फ लाग्छन्। पाण्डव-शिविरमा पुगेर अश्वत्थामा ढोकामा कृप र कृतवर्मालाई राख्छन् र 'भित्रबाट भागेर आउने कुनै पनि व्यक्तिलाई जीवित नछोड्नुहोला भनेर भित्र प्रवेश गर्छन्। सबभन्दा पहिले उनको दृष्टि आफ्ना पिताका हत्यारा धृष्टद्युम्नमाथि पर्छ, मस्त नीदमा परेका धृष्टद्युम्नलाई उनले बस्सरी गोड्छन् र बडो कष्ट दिएर मार्छन्। संजोग यस्तो परेको हुन्छ कि पाण्डवहरू त्यस शिविरमा हुँदैनन्। अश्वत्थामा पाण्डवहरूलाई खोजी गर्दै त्यहीं कालभैरवका झैं फन्को मार्छन्, हजारौं सेना सुतेको सुत्यै सोत्तर हुन्छ। यसरी घुम्दा घुम्दै शिविरभित्र शिखण्डी फेला पर्छन्, उनको पनि हत्या गरिन्छ। त्यसपछि अलि पर निदाइरहेका द्रौपदीका ५ कुमारहरू देखिन्छन्, तिनलाई पनि अश्वत्थामा तरवारले काटिदिन्छन्। अश्वत्थामाका कठोर प्रहारबाट यता शिविरभित्र जस्तो हत्या मच्चिन्छ त्यस्तै ढोकामा त्यहाँबाट भाग्नेहरू धमाधम कृप र कृतवर्माको हातबाट प्राण गुमाउँछन् यसरी भीषण नरसंहार गरेर भित्रबाट अश्वत्थामा बाहिर निस्कन्छन् र कृप र कृतवर्मालाई पाण्डवहीन पृथिवी बनाएको खबर सुनाउँछन्। उनीहरूको हर्षको सीमा रहन्न। त्यसपछि यी तीन जना यो खबर सुनाउन रातारात दुर्योधन भएका ठाउँमा पुग्छन्। उनीहरू पुग्दा दुर्योधन पल्टेको पल्टयै आफ्ना वरिपरिका श्याल, गिध्द आदि जनावरलाई हातले पन्छाइरहेका हुन्छन्। गएर यो खबर सुनाउँछन्। दुर्योधनलाई यस खबरले अत्यन्त शान्ति मिल्छ। उनी ती तीन जना वीरहरूप्रति कृतज्ञता व्यक्त गर्छन्। त्यसपछि उनी बेहोश हुन्छन् र उनको प्राण पखेरूले पनि विदा लिन्छ।

यता भोलिपल्ट नहुँदै पाण्डवहरू जब यो खबर सुन्छन् ज्यादै भयंकर शोक छाउँछ। द्रौपदी र सुभद्राको करुण क्रन्दनले जस्तै कठोर हृदय भएको मानिस पनि पग्लन्छ,। भीम क्रोधको आवेगमा अश्वत्थामालाई मार्न दौडन्छन्, अर्जुनलाई लिएर श्रीकृष्ण पनि भीमका पछिपछि दौड्नुहुन्छ। खोज्दै जाँदा अश्वत्थामा व्यासको आश्रममा नांगै माटो घसेर बसेको थाहा हुन्छ। उहाँ पुगेर भीम युध्दका निमित्त अश्वत्थामालाई एउटा धनु दिइपठाएर ललकार्छन्। 'ब्रह्मशिरा' नामक भयंकर अस्त्र लिएका अश्वत्थामा भीमसेनलाई समाप्त गर्ने विचारले त्यहीं अस्त्र प्रयोग गर्छन्। त्यसको प्रतीकार गर्न श्रीकृष्णको आज्ञा पाएर अर्जुन ब्रह्मास्त्र छोड्छन्। दुई अमोघ अस्त्रहरूको भीडन्त पर्छ। यस्तो भिडन्त पर्छ कि जगतै खतरामा पुगे जस्तो हुन्छ। व्यास र नारद आदि ऋषिहरू यी दुवैलाई आ-आफ्ना अस्त्र फिर्ता गर्न आग्रह गर्छन। अर्जुन बडो कठिनता साथ अस्त्र फिर्ता गर्छन्, तर अश्वत्थामा आफ्नो घमण्ड छोड्दैनन्। अन्त्यमा सबैबाट अन्यन्त आग्रह हुँदा अश्वत्थामा अस्त्रलाई उत्तराका गर्भको घात गराउने उद्देश्यले फिर्ता गर्छन्, पाण्डवहरू अश्वत्थामाको 'मस्तकमणि' हरण गरेर उनलाई छोडिदिन्छन्। पाण्डवहरू आफ्ना शिविरमा आएर द्रौपदीलाई अश्वत्थामाको मस्तकमणि हरण गरेर उनको घमण्ड चकना-चूर गराएर आएको बताउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी यो भयंकर संग्राम पाण्डव पक्षका ७ अक्षौहिणी *सेना र कौरवपक्षका ११ अक्षौहिणी सेना समाप्त गरेर शान्त हुन्छ। विश्वविख्यात महारथीहरूमध्ये पाण्डव-पक्षमा श्रीकृष्ण र सात्यकिसहित ७ जना र कौरव-पक्षमा अश्वत्थामा, कृप र कृतवर्मा गरी ३ जना शेष रहन्छन्।

*एक अक्षौहिणीमा-२१८७० हात्ती, २१८७० रथ, ६५६१० घोडा, १०९४५० पैदल सैन्य हुन्छन्।

एक जना महाभारतका विशिष्ट विद्वान्ले महाभारत युद्ध र त्यसको कुप्रभावबाट संसारभरि गरेर मरेका मानिसको संख्याले ६० करोड नाघेको बताएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौप्तिक बधपर्व

भाग्य र उद्योग

(रातमा पाण्डव शिविरमा हमला गर्ने अश्वत्थामाको विचार मन नपराएका आचार्य कृपले उनलाई यी कुरा संझाएका थिए-)

नहि दैवेन सिध्यन्ति कार्याण्येकेन सत्तम ।
न चापि कर्मणैकेन द्वाभ्यां सिद्धिस्तु योगतः ॥२।३

खालि उद्योगले खालि भाग्यले मात्र हुन्न है
कार्य सिद्धि हुनालाई जुट्नुपर्छ यिनी दुवै, २।३

सुवृष्टे च यथा देवे सम्यक् क्षेत्रे च कर्षित'।
बीजं महागुणं भूयात्तथा सिद्धिर्हि मानुषी ॥२।७

राम्ररी जल वर्षेमा जोतेमा खेत राम्ररी
जसरी खेत सप्रन्छ सिद्धि मिल्छ त्यसै गरी २।७

पर्जन्यः पर्वते वर्षन् किन्नु साधयते फलम् ?
कृष्टे क्षेत्रे तथा वर्षन् किन्न साधयते फलम् ? २।५

त्यै पानी जब डाँडामा वर्षन्छ दिन्छ के फल ?
जोतेका खेतमा त्यै नै वर्षंदा दिन्न के फल ?

उत्थानं चाप्यदैवस्य ह्यनुत्थानं च दैवतम् ।
व्यर्थं भवति सर्वत्र पूर्वस्तत्र विनिश्चयः ॥ २।६

छ भाग्य काम गर्दैन, या छैन काम गर्दछ
एकै हो किन्तु यस्मा क्यै अफ भाग्य विशिष्ट छ,

वृद्धानां वचनं श्रुत्वा योऽभ्युत्थानं प्रयोजयेत् ।
उत्थानस्य फलं सम्यक् तदा स लभतेऽचिरम् ॥ २।२३

बडाका वात मानेर जस्ले उद्योग गर्दछ,
चाँडै नै त्यसले त्यस्को असली फल पाउँछ

चेष्टामकुर्वंल्लभते यदि किञ्चिद् यदृक्षया ।
यो वा न लभते कृत्वा दुर्दशौ तावुभावपि ॥ २।१४

श्रम गर्दा पनी सिद्धि नमिल्ने र विनाश्रम
सिद्धि मिल्ने दुवैको नै हुन्छ दुर्लभ दर्शन

यदि दक्षः समारम्भात् कर्मणो नाश्नुते फलम् ।
नास्य वाच्यं किञ्चित् लब्धव्यं वाधिगच्छति ॥ २।१६

उद्योगीले सकेसम्म सिद्धि नै पाइहाल्दछ,
नसके पनि अर्कोले भन्ने बाटो अफाल्दछ,

अकृत्वा कर्म यल्लोके फलं विन्दति धिष्ठितः ।
स तु वक्तव्यतां याति द्वेष्यो भवति भूरिशः ॥ २।१७

तर जो काम गर्दैन त्यस्ले पायो भने पनि
गर्छ संसारले डाहा 'सित्तैं पायो' भनी भनी

तत्रालसा मनुष्याणां ये भवन्त्यमनस्विनः ।
उत्थानं ते विगर्हन्ति … … … … … … … ॥ २।१२

प्रायः मूर्खहरू काम गर्नमा अल्छि लाग्छ र
निन्दा उद्योगको गर्दै पर्दछन् भाग्यका भर,

रागात् क्रोधद् भयाल्लोभाद्योऽर्थानीहति मानवः ।
अनीशश्चावमानी च सशीघ्रं भ्रश्यते श्रियः ॥ २।२४

राग, द्वेष तथा लोभ यतिका जोशमा परी
असत्को काम आँट्नाले पनि षिफिन्छ वेस्सरी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अश्वत्थामाका तर्कना

(महायुद्धमा मारिएका आफ्ना पिता द्रोणाचार्य र युद्ध-मैदानमा मरणासन्न भएर गिरेका महाराज दुर्योधनको दुर्दशाबाट पीडित अश्वत्थामाले आफ्ना साथी कृतवर्मा र कृपाचार्यसँग निम्नलिखित तर्कना प्रस्तुत गरेका थिए)

मानुषे मानुषे बुद्धिर्या या भवति शोभना ।
तुष्यन्ति च पृथक् सर्वे प्रज्ञया ते स्वया स्वया ।। ३.३

"मान्छे पिच्छे छ जो बुद्धि त्यै बुद्धि श्रेष्ठ हो भनी
सन्तोष गर्दछन् मान्छे आफैं नै बुद्धिमान् बनी

सर्वो हि मन्यते लोक
आत्मानं बुद्धि मत्तरम् ।
सर्वस्यात्मा बहुमतः
सर्वात्मानं प्रशंसति ।। ३.४

सबैले ठान्दछन् मै हूँ असली बुद्धिमान् भनी
सबैको छ स्वयं प्यारो सबै हिंड्छन् बडा बनी,

तस्यैवतु मनुष्यस्य सा सा बुद्धिस्तदा तदा ।
कालयोगे विपर्यासं प्राप्यान्योऽन्यं विपद्यते ।। ३.७

तर त्यै बुद्धि कतै मौका उल्टो पल्टेर आउँछ
आफ्नै सिद्धान्त काटेर आफैंमा टक्कराउँछ,

अन्यया यौवने मर्त्यो बुद्धया भवति मोहितः ।
मध्येऽन्यया जरायां तु सोऽन्यां रोचयते मतिम् ।। ३.११

मान्छे यौवनमा अर्कै बुद्धिले मोह पर्दछ
प्रौढ वृद्ध अवस्थामा अर्कै अर्कै विचार्दछ

व्यसनं वा महाघोरं समृद्धिं चापि तादृशीम् ।
अवाप्य पुरुषो भोज कुरुते बुद्धि वैकृतिम् ।। ३.१२

कि ठूलो दुःख पर्नाले कि मिल्नाले धनै धन
मति फिर्दछ मान्छेको बेग्लै थाल्दछ शोचन,

आँटेको काम सप्पैले सान्है उत्तम मान्दछन् ।
आत्महत्या पनी मान्छे राम्रै ठानेर गर्दछन्"

(रातैमा गएर पाण्डु-पाञ्चालहरूको हत्या गर्नु पर्दछ भन्ने विषयमा जोड दिंदै उनी भन्छन्-)

हत्वा च समरे क्रुद्धान् पाञ्चालान् पाण्डुभिःसह ।
निर्वतिष्यामहे सर्वे हता वा स्वर्गगा वयम् ।। ४.१९

"कि हामी पाण्डु, पाञ्चाल मारेर फिर्नु पर्दछ,
कि उहीं स्वर्गका लागि तीनौटै गिर्नु पर्दछ,

द्रोणोहतेति यद् वाचः पञ्चालानां शृणोम्यहम् ।
धृष्टद्युम्नमहत्वातु नाहं जीवितुमुत्सहे ।। ४.२६

'द्रोणाचार्य मरे' भन्ने जब यो सुन्नपर्दछ
धृष्टद्युम्न नमारेर बाँच्नु धिक्कार लाग्दछ,

पितृहन्तृनहं हत्वा पञ्चालान् निशि सौप्तिके ।
कामं कीटः पतङ्गो वा जन्म प्राप्य भवामि वै ।। ५.२७

बरु कीट पतङ्गादि जुनिमा जान सक्छु म
बाबु मार्नेहरूलाई नमारी छोड्न सक्तिन,

अशान्तो ब्राह्मणोऽसाधु निस्तेजाः क्षत्रियोऽधमः ।
अदक्षो निन्द्यते वैश्यः शूद्रश्च प्रतिकूलवान् ।। ३.२०

विप्र असंयमी तुच्छ क्षत्री निस्तेज तुच्छ हो
वैश्य तुच्छ अती सोझो आलसी शूद्र तुच्छ हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विविध सूक्ति

शिक्षा दिन्छ सबै मेरा पुत्रको यो महान् वध-
'भाग्य मेटेर मेटिन्न क्यै गरे पनि' संजय !'
—महाराज धृतराष्ट्र

कृप औ कृतवर्माको जस्लाई सहयोग छ
ती द्रोण पुत्रका सामु को मान्छे टिक्न सक्छ ?
—आचार्य कृप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीपर्व

(एघार)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग सूची

१. स्त्रीपर्वको कथासार

२. धृतराष्ट्र सान्त्वना

३. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीपर्वको कथासार

महाभारतको महायुद्ध समाप्त भएको हुन्छ भयङ्कर झरी थामिए झैं। तर रगत मल झैं ओबाएको हुन्न, सम्पूर्ण कौरवसहित दुर्योधन मरेको खबरले बूढा धृतराष्ट्र अत्यन्त शोकाकुल हुन्छन्। भयङ्कर विलाप हुन्छ, महात्मा विदुर पनि आँसु थाम्न सक्तैनन, सञ्जय सबैलाई सम्झाउने प्रयास गर्छन्। धेरै विलाप पछि भक्कानो पार्दै महाराज धृतराष्ट्र सम्पूर्ण कौरवमणीहरूलाई सामेल हुने आज्ञा दिन्छन्, सैकडौं नयाँ विधवा नारीहरू चुल्ठो फुकाएर, आँसु पुछ्दै सामेल हुन्छन्, सबलाई रथहरूमा सवार गराएर रणक्षेत्रतर्फ लैजाने तयारी हुन्छ, गान्धारीसहित धृतराष्ट्र तथा कुन्ती र विदुर लगायत दरबारको सम्पूर्ण परिवार रणक्षेत्रमा जान्छ। बाटामा कौरव-पक्षका बचेका ३ जना महावीर- अश्वस्थामा, कृपाचार्य र कृतबर्मा भेटिन्छन्, ती तीनै जना महाराज धृतराष्ट्रसँग प्रसङ्गवश युद्धमा कौरव पक्षबाट भएका महत्त्वपूर्ण घटनाहरूको चर्चा गर्छन् अनि विदा भएर आपनो आपनो बाटो* समाउँछन्।

यता पाण्डवहरूलाई धृतराष्ट्र सपरिवार रणक्षेत्रमा गएको थाहा हुन्छ र भगवान् श्रीकृष्ण र रमणीहरूसहित पाण्डवहरूलाई उतै लाग्छन्। कुरुक्षेत्रमा पुगेपछि पाण्डवहरूले करुण विलाप गर्दै (मरेका पुत्रहरूका लाश खोज्दै) डुलेका धृतराष्ट्रलाई देख्छन्, पाण्डवहरू उतै पुग्छन्, पुत्र-शोकातुर धृतराष्ट्रनेर पुगेर पाँचै भाइले 'बुवा! हामी अपराधी छोराहरू पाउमा हाजिर छौं' भनेर ढोग गर्छन्, तर धृतराष्ट्र अत्यन्त क्रुद्ध बन्दछन्, पिता तुल्य धृतराष्ट्रको क्रोध देखेर पाण्डवहरूलाई डरलाग्छ। तर भगवान् श्रीकृष्णले धृतराष्ट्रलाई भन्नु हुन्छ- "महाराज! लडाई हुन नदिनुहोस्, आखिर सत्यको विजय नभई छोड्दैन त भनेकै थिएँ नि, यसमा पाण्डवको के दोष छ र क्रुद्ध बन्नुहुन्छ?" भनेर धृतराष्ट्रलाई हप्काउनुहुन्छ। धृतराष्ट्र क्रोधलाई दबाउँछन् र पाण्डवहरूको प्रणाम स्वीकार गरेर 'अब मेरा बाबुहरू नै त हौ! बाबुहरूविना मेरो अब को छ र?" भन्दै पाण्डवप्रति सद्भाव व्यक्त गर्दछन्।

केही वेरपछि प्रत्येक पाण्डवलाई अँगालो हालेर पुत्रशोक शान्त गर्ने नाटक रच्दै धृतराष्ट्रले युधिष्ठिरलाई छातीमा टाँस्छन् र छोड्छन्, भीमको पालो आउँछ, श्रीकृष्णले यो पहिल्यै थाहा पाइसक्नुभएको छ कि धृतराष्ट्र उत्कट वीर र ईर्ष्यालु प्रकृतिका छन् यसर्थ युद्ध समाप्तिपछि दुर्योधनका परम शत्रु भीमलाई यिनले अँठ्याएरै पनि मार्नेछन्, यस भावी दुर्घटनाबाट भीमलाई बचाउन श्रीकृष्णले पहिल्यै एउटा फलामको भीममूर्ति बनाइसक्नु भएकोछ। धृतराष्ट्रलाई छाती लगाउन भगवान् श्रीकृष्ण त्यही मूर्ति प्रस्तुत गरिदिनुहुन्छ, नभन्दै धृतराष्ट्रले त्यस लौह मूर्तिलाई साँच्चैको भीम ठानेर बेस्सरी अँचेट्छन्। मूर्ति फच्याककुचुक पर्छ, उनलाई साँच्चैको भीम मरे जस्तो लाग्छ र उनी 'हा भीम!' भनेर रुने नाटक गर्छन्, तर श्रीकृष्ण हाँसेर धृतराष्ट्रलाई 'साँच्चैका भीम जीवितै छन्, त्यो त फलामे मूर्ति हो' भन्ने कुरा अवगत गराउनुहुन्छ। धृतराष्ट्रलाई लाज मर्नु पर्छ। त्यसपछि गान्धारीले श्रीकृष्णलाई मृत लाशहरू बारे विवरण दिँदै यो सम्पूर्ण घटना तपाईंकै कारणले भएको हो भनेर गाली गर्छिन् र यदुवंशीहरूको पनि यसरी नै नाश होस् भनी सराप दिन्छिन्, श्रीकृष्ण त्यो शिरोपर गर्नु हुन्छ।

त्यसपछि पाण्डवसहित सम्पूर्ण शोकमग्न कौरवहरूलाई श्रीकृष्णले संझाउनु हुन्छ र सबैको बान्धवोचित संस्कार

---

*कृतवर्मा द्वारकाबाट श्रीकृष्णका सेनासहित कौरवहरूको सहयोग गर्न आएका हुन् उहीं जान्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न लगाउनुहुन्छ, महाराज युधिष्ठिर दुर्योधनादि सम्पूर्ण बन्धुहरूको अन्त्य संस्कार अत्यन्त श्रद्धा र प्रेमपूर्वक गर्न संलग्न छन् ।

कुन्तीलाई यतिखेर एउटा ठूलो धर्मसंकट पर्दछ, किनकि युद्धमा मरेका वीरहरूमध्ये उनकै पुत्र कर्ण पनि छन्, आफ्ना केही परका बन्धु र अरू वीर क्षत्रियराजाहरूको राजकीय सम्मानपूर्वक गरिने त्यस अन्त्येष्ठी संस्कारमा 'सूतपुत्र' भनेर कर्णको संस्कार नगरिने कुरा निश्चित छ । अनि परिचय दिएर पाण्डवलाई तिम्रै सहोदर दाजु कर्णलाई सम्पूर्ण विधिपूर्ण मृतकसंस्कार गर्न आज्ञा दिंदा यस्तो विशिष्ट कुरा आजसम्म लुकाएकी भनेर आफूसंग पुत्रहरू रिसाउने पनि भय छ; साथै लोकलज्जा पनि, तर धर्मलाईनै उनी प्राथमिकता दिन्छन् र आफू कन्या छदा दुर्वासा ऋषिको कृपाले एउटा देवता आकर्षक मंत्र पाएको र त्यही मंत्रको परीक्षा गर्न सूर्यलाई डाकेको र सूर्यबाट कर्ण जन्माएर लोकलज्जाका भयले नदीमा बगाएको अनि त्यही बालक सूतद्वारा पालिएको आदि कर्णको सम्पूर्ण परिचय दिन्छिन् । युधिष्ठिर यो सुनेर आमासंग अत्यन्त रिसाउँछन् र अबदेखि नारीहरू रहस्यमय कुरालाई धेरै दिन लुकाउन नसकून् भन्ने सराप दिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीपर्व

धृतराष्ट्र सान्त्वना

(पुत्र शोकातुर धृतराष्ट्रलाई संजय र विदुर सान्त्वना दिन्छन्)

आदावेव मनुष्येण वर्तितव्यं यथा क्षमम् ।
यथा नातीतमर्थं वै पश्चात्तापेन युज्यते ॥ १।३५

मान्छेले पहिले आफै सोचेर हिंड्नुपर्दछ,
जसबाट पछुतो पर्ने हुन सक्दैन सम्भव,

अदर्शनादापतिताः पुनश्चादर्शनं गताः ।
नैते तव न तेषां त्वं तत्रका परिदेवना ? ॥ २।१३

अकस्मात् देखिए फेरि बिलाएर तिनै गए,
के चिन्ता लिनु ? ती आफ्ना नरहे नथिए आघ,

एकसार्थं प्रयातानां सर्वेषां तत्र गामिनाम् ।
यस्य कालः प्रयात्यग्रे तत्रका परिदेवना ॥ ९।१६

सबै आए उहींबाट सबैले उहिं जानु छ,
कोही पैल्यै गए भैगो त्यसमा के शोक गर्नु त ?,

त्वयैव ससुतेनायं वाक्य वायु समीरितः ।
लोभाज्येन च संसिक्तो ज्वलितः पार्थपावकः ।
तस्मिन् समिद्धे पतिता शलभा इव ते सुताः ।
तान् वै शराग्नि निर्दग्धान् न त्वं शोचितुमर्हसि ॥१।४०–४१

आफैले साथ ली पुत्र कडा बोली फुकीकन
लोभको घिउ छर्केर बाल्यौ पार्थाग्नि दन्दन
त्यै बल्दो अग्निमा सल्के छोरा सलह झैं गरी,
अब फेरि डढेकाको के गर्छौ पीर यस्तरी ?

अभावादीनि भूतानि भावमध्यानि भारत ।
अभावनिधनान्येव तत्र का परिदेवना ॥ २।६

पैले थिएन क्वै यस्तै वस्तैन जब क्वै पछि
बीचमा देखियो अल्प्यो त्यस्मा के पीर गर्नु त ?

यथा वायुस्तृणाग्राणि संवर्तयति सर्वशः ।
तथा कालवशं यान्ति भूतानि भरतर्षभ ॥ २।९

हावाले जसरी धूलो झार्छ, फेरि बढार्दछ,
त्यस्तै नै कालले प्राणीलाई जन्माइ मार्दछ,

मातृपितृसहस्राणि पुत्रदारशतानि च ।
संसारेष्वनु भूतानि कस्य ते कस्य वा वयम् ॥ २।२१

भए कति पिता माता पत्नी पुत्र भए कति,
ऐले हामी भयौं कस्का ती फेरि कस्का भए ?

अदर्शनादापतिताः पुनश्चादर्शनं गताः ।
नैते तव न तेषां त्वं तत्रका परिदेवना ? २।१३

अकस्मात् देखिए फेरि डिलाएर तिनै गए,
के चिन्ता लिनु ? ती आफ्ना न रहे न थिए अघी

अनित्यं यौवनं रूपं जीवितं द्रव्य सञ्चयः ।
आरोग्यं प्रियसंवासो गृध्येत्तेषु न पण्डितः ॥ २।२५

रूप यौवन आरोग्य, आयु, मित्र र वैभव
अनित्य हुन् यिनै माथि आसक्त हुनु व्यर्थ छ,

न कालस्य प्रियः कश्चिन्न द्वेष्यः कुरुसत्तमः ।
न मध्यस्थ क्वचित् कालः सर्वं कालः प्रकर्षति ॥ २।२३

कालको छैन क्वै प्यारो न उस्को कोहि शत्रु छ
न कहीं यो छ मध्यस्थ सारा संसार निल्दछ,

असारवतमिदं सर्वं चिन्त्यमानं नरर्षभ ।
कदली सन्निभो लोकः सारो ह्यस्य न विद्यते ॥ २।४

हामी जे सोच्तछौं छैन त्यसको तत्त्व वास्तव
केराको थाम जस्तै छ सारहीन जगत् सब,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदा प्राज्ञाश्च मूर्खाश्च धनवन्तश्च निर्धनाः ।
कुलीनाश्चाकुलीनाश्च मानिनोऽथाप्यमानिनः
निर्मांसैरस्थि भूयिष्ठैर्गात्रैः स्नायु निबन्धनैः ।
विशेषं नप्रपश्यन्ति तत्र तेषांपरे जनाः ।। ४।१५-१६

जब विद्वान् अनी मूर्ख धनी र निर्धनी सब
मसानघाटमा सुत्छन् नलिई चिन्तना-उत्र
हाडछाला र आन्द्राले युक्त तिन्का शरीरमा
बुझ्ने मानिसका लागि भेद के छन् र ? देखनमा,

अयुध्यमानो म्रियते युध्यमानश्च जीवति ।
कालं प्राप्य महाराज न कश्चिदति वर्तते ।। ९।१३

घरैमा पनि क्वै मर्छन् क्वै बाँच्छन् युद्धमै पनि
काल टारेर फुत्केको प्राणी कोही हुँदैन नि !

न शोचन् मृतमन्वेति न शोचन् म्रियते नरः ।
एवं सांसिध्दिके लोके किमर्थमनुशोचसि ? ।। ९।१२

न सँगै जान पाइन्छ मरिन्छ न सँगै सँगै,
'मर्नु संसारकै चल्ती' यस्मा आत्तिनु के छ खै ?

विविध सूक्ति

मामयं प्राह वार्ष्णेय प्राञ्जलिर्नृपसत्तमः ।
अस्मिन् ज्ञाति समुद्धर्षे जयमम्बा ब्रवीतु मे ।।
इत्युक्ते जानती सर्वमहं स्व व्यसना गमम् ।
अब्रवं पुरुषव्याघ्र यतो धर्मस्ततो जयः ।। ।।१७।७

"युद्धारम्भ हुँदा" आमा ! हाम्रै जीत हवस् अब
भन्दै आशिष मागे थे मेरा सन्तानले जब
भने थें अनि जानेर आफ्नै सन्तानको क्षय
"म त आशिष यै दिन्छु जहाँ धर्म त्यहाँ जय'
—गान्धारी

अहो विनिकृतो लोको लोभेन च वशीकृतः ।
लोभक्रोधभयोन्मत्तो नात्मानमवबुध्यते ।।
मूर्खानिति परानाह नात्मानमवक्षते ।
दोषान् क्षिपति चान्येषां नात्मानं समवेक्षते ।।४।१२-१४

अहो ! मानिस आफै नै ठगिएको छ यस्तरी
आत्मा बिर्सेर ईर्ष्या औ लोभका वशमा परी
हेर्दैन आफु कस्तो छ भन्छ मूर्ख अरूकन
दोष दिन्छ अरूलाई दिन्न ज्ञान स्वयंकन
—विदुर

न विक्रमो न चाप्यर्थो न मित्रं न सुहृज्जनः ।
तथोन्मोचयते दुःखा यथात्मा स्थिर संयमः ।।७।२२

सुख शान्ति जति दिन्छ आफ्नै सुस्थिर यो मन
दिन्नन् त्यति कसै वित्त, इष्टमित्र, पराक्रम
—विदुर

अध्रुवे जीवलोके च
स्थाने वा शाश्वते सति ।
जीविते मरणान्ते च
कस्माच्छोचसि भारत ।।८।१५

यहाँको छैन ठेगान उहाँ निश्चित धाम छ
यो मर्ने जिन्दगीलाई चिन्ताको कुन काम छ ?
—व्यास

न जानपदिकं दुःखमेकः शोचितु मर्हसि ।
अप्यभावेन युज्येत तच्चास्य न निवर्तते ।।२।२६

सम्पूर्ण राष्ट्रको चिन्ता यौटाले गर्नु व्यर्थ छ
चिन्ता गर्ने मरोस् किन्तु, व्यक्तिकै दुःख बस्तछ,
—विदुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योऽयं मूर्धाभिषिक्तानामग्रे याति परंतपः ।
सोऽयं पांसुषु शेतेऽद्य पश्य कालस्य पर्ययम् ।१७।११।

हेर यो कालको चलती (कति साह्रै विचित्र छ
जो आज छ उही भोलि छैनमा पुगिसक्तछ)
जसका पाउको धूलो अरूका शिरमा थियो
धूलामा आज त्यै व्यक्ति कठै ! यसतरि गुल्टियो !
—गान्धारी

शुभेन कर्मणा सौख्यं दुःखं पापेन कर्मणा ।
कृतं भवति सर्वत्र नाकृतं विद्यते क्वचित् ।२३६।

धर्म औ पापले पार्छ सुख औ दुःख भोग्न, त,
गरेकै फल्छ सर्वत्र क्यै हुन्न नगरीकन,
—विदुर

अर्थान् न शोचन् प्राप्नोति न शोचन् विन्दते फलम् ।
न शोचञ्छ्रियमाप्नोति न शोचन् विन्दते परम् ।१।३८।

न ऐश्वर्य न सम्पत्ति न मुक्ति न कुनै फल
चिन्ताले दिन्छ, चिन्ता त घाती हो नलिने गर
- संजय

शयानं चानु शेते हि तिष्ठन्तं चानुतिष्ठति ।
अनुधावति धावन्तं कर्म पूर्वकृतं नरम् ।२।३२।

सुत्दा खेरि सँगै सुत्छ बस्दा बस्छ सँगै भई
दौडे दौडन्छ साथैमा पुर्पुरो यो सधैँभरि
— विदुर

विस्फुलिङ्गा इव ह्येतान् दहन्ति किल मानवान् ।
जहीहि मन्युं बुद्ध्या वै धारयात्मानमात्मना ।१।४३।

आँसु पानी कहाँ हो र ? आगो हो पोल्छ त्यस भन्
आफ्नो या अरूको आँसु खसाल्ने काम छोड रे !
— संजय

सर्वे क्षयान्ता निचयाः पतनान्ताः समुच्छ्रयाः ।
संयोगा विप्रयोगान्ता मरणान्तं च जीवितम् ।२।३।

सबै संग्रहको अन्त्य लक्ष्य हो पूर्ण मासिनु,
सबै उन्नतिको मुख्य लक्ष्य हो पूर्ण मासिनु
संयोग हुनुनै मुख्य भूमिका हो वियोगको,
यस्तै सम्पूर्ण प्राणीको जन्म मर्ना निमित्त हो,
—विदुर

यथैवाहं तथैव त्वं को वा माऽऽश्वासयिष्यति ।
ममैव ह्यपराधेन कुलमद्य विनाशितम् ।१५।४४।

तिमी हामी सबै उस्तै कस्ले संझाउने कठै !
मेरै बुद्धि न पुग्नाले मरे छोराहरू सबै !
—धृतराष्ट्र

न ह्यात्मनः प्रियतरं किञ्चिद् भूतेषु निश्चितम् ।
अनिष्टं सर्वभूतानां मरणं नाम भारत ।
(तस्मात् सर्वेषु भूतेषु दया कार्या विपश्चिता) ।७।२७।

ज्यान झैँ हुन्न क्यै प्यारो कसैको पनि विश्वमा
मर्ने भन्ने कुरा हुन्छ डरलाग्दो समस्तमा,
(तस्मात् सम्पूर्ण प्राणीमा दया नै गर्नु पर्दछ)
—विदुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुत्रशोकं समुत्पन्नं हुताशं ज्वलितं यथा ।
प्रज्ञाम्भसा महाभाग निर्वापय सदा सता ।८।४९।

यो पुत्र-शोक 'दन्केको-आगो' झैं हो भए पनि
छर्केर ज्ञानको पानी निभाऊ निभिहाल्छ नि !
—व्यास

नहि कश्चिद् हि शूराणां युद्ध्यमानः पराङ्मुखः ।
शस्त्रेण निधनं प्राप्तो न च कश्चित् कृताञ्जलिः ।११।८।

के चिन्ता ? युद्धमा छोरा भागेनन् बेस्सरी लडे,
झुकेनन् शत्रुका सामु शस्त्रका चोटले मरे,
—आचार्यकृप

विग्रहे तुमुले राज्ञां गत्वा पारमसंशयम् ।
जितं पाण्डुसुतैर्युद्धे नूनं धर्मस्ततोऽधिकः ।१४।८।

त्यो महायुद्धको भेल तरे पाण्डवले जय,
त्यसले निधो दियो झन् यो 'धर्म नै हो महान् बल'
—श्रीकृष्ण

न तस्यैष वधस्तात यत्प्रशंससि मे सुतम् ।१५।१२।

शत्रुबाट पनी जस्को वीरता छ प्रशंसित,
कहाँ मर्छ र त्यो छोरो ? रही राख्दछ जीवित,
— गान्धारी

किन्नु दुःखतरं कृष्ण परं मम भविष्यति ।
यत् सुता विधवा बाला स्नुषाश्च निहतेश्वराः ।२२।१५।

आफ्ना छोरी बुहारीको देखी वैधव्य जीवन
बाँच्न पर्नु सरी दुःख के हुन्छ मधुसूदन !
— गान्धारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिपर्व

(बाह्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग–सूची

१. शान्तिपर्वको कथासार

२. युधिष्ठिर चिन्ता

३. त्यागको अर्थ अकर्मण्यता होइन

४. संन्यास अकर्मण्यता होइन

५. व्यास शिक्षा

६. गुरु अश्माका सूक्तिहरू

७. कुन ब्राह्मणसँग कस्तो व्यवहार गर्ने ?

८. भीष्म–सन्देश

९. ,, ,, निन्दा सुन्दैमा नआत्तिय !

१०. ,, ,, राजनीति शिक्षा

११. वामदेव गीता

१२. उतथ्य गीता

१३. कालक वृक्षीय ऋषिका सूक्तिहरू

१४. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिपर्वको कथासार

युद्धमा हताहत भएका करोडौं जनताका लाशको वीभत्स दृश्य, खर्च भएको अरबौं अरबौंको सम्पत्ति र टुहुरा परेका करोडौं आइमाई केटाकेटीहरूका विलापको सम्पूर्ण मर्मबाट परिचित महाराज युधिष्ठिरलाई यसरी हिंसाकाण्ड भएकोमा भयंकर पछुतो पर्छ। उनी राजा बन्नु नै घोर पाप सम्झन् र राज्य त्याग गरेर जंगल पस्न उत्सुक हुन्छन्। सबै भाइले संझाउँछन्। स्वयं व्यास पनि युधिष्ठिरलाई संझाउन आइपुग्छन्। द्रौपदीले पनि अत्यन्त अनुनय गर्छिन्। यसरी युधिष्ठिरलाई राजा बन्नसम्म राजी गराइन्छ।

राजधानी हस्तिनापुरलाई भव्यतापूर्वक सजाइन्छ। युधिष्ठिरको राज्यभिषेकको सुखद प्रतीक्षामा नगरवासीहरू उत्सुक हुन्छन्। गाउँ गाउँका हजारौं हजार दर्शनार्थीहरू युधिष्ठिरको शोभायात्रा हेर्न हस्तिनापुर आइपुग्छन्। युधिष्ठिर जसलाई राजा केवल जनसेवाका निमित्त बन्ने हो भन्ने धारणा छ, नगरवासीहरूको स्वागतलाई भारा बोकेको अनुभव गर्दै भाइहरूसहित राजभवनतर्फ लाग्छन्। राजभवनमा प्रवेश गर्ने वेलामा त्यहाँ उपस्थित जनसमूह युधिष्ठिरको 'जय नारा' लगाउँछ र राजगद्दी चढ्न ठूलो आग्रह गर्छ। ब्राह्मणहरू स्वस्तिवाचन गर्छन्, पञ्चकन्याहरूबाट आरती हुन्छ। अनि युधिष्ठिर दरबारमा पस्छन्। दरवारको ढोकामा भएको जयजयकारले आकाशै गुञ्जायमान हुन्छ।

यसरी जनताको सहानुभूतिले युद्धको पश्चात्ताप मेट्न केही शक्ति पाएका राजा युधिष्ठिर धृतराष्ट्रको आज्ञा लिएर राज्याभिषेकका निमित्त तयार हुन्छन्। सुनको सिंहासनमा उनलाई राजगुरुले विराजमान गराउँछन् र वेदवाक्यहरूका साथ राज्याभिषेक हुन्छ।

राज्याभिषेकपछि आफ्नो सन्देशमा महाराज युधिष्ठिरले आफ्ना प्रजा, मंत्रिगण तथा कर्मचारीहरूलाई धृतराष्ट्रकै सेवामा आफूले राज्य गर्ने इच्छा लिएको कुरा र सबैले राजपिता धृतराष्ट्रको कदर गर्ने कुराको हार्दिक अनुरोध गर्छन् र राष्ट्रनायक धृतराष्ट्र नै हुन् भन्ने भाव व्यक्त गर्छन्।

युद्धले गर्दा खजमजिएको र दुर्योधनका नीतिले गर्दा दुःखी गरीबहरूले उठ्ने मौका नपाएको देशको व्यवस्था मिलाएर, प्रशासनको र विकासको काममा पुनः सक्रियता ल्याएर महाराज युधिष्ठिर श्रीकृष्णसंग राजनीतिक ज्ञानहरूका निम्ति अनुरोध गर्छन्। भगवान् श्रीकृष्ण युधिष्ठिरलाई भीष्म पितामह भएका ठाउँमा जाने सुझाउ दिनु हुन्छ र शरशय्यामा रहेर उत्तरायणको प्रतीक्षा गरिरहेका पितामह भीष्म भएका ठाउँमा पाण्डवहरूको प्रस्थान हुन्छ। बाटामा भगवान् श्रीकृष्ण भीष्मको ज्ञान गरिमाको गौरव बखान्नु हुन्छ।

कुरुक्षेत्र पुगेपछि अनेकौं ऋषि-महर्षिहरूले घेरिएका भीष्म पितामहलाई पाण्डवहरूले प्रणाम गर्छन्। नारदजीले पनि युधिष्ठिरलाई भीष्मबाट शिक्षा ग्रहण गर्ने अनुरोध गर्छन्। अनि श्रद्धा र भक्तिपूर्वक महाराज युधिष्ठर अगाडि बढ्छन् र पाउ परेर राजनीति, धर्मनीति आदि समस्त विषयमा ज्ञान पाउने इच्छा प्रकट गर्छन्।

भीष्म पितामहले अत्यन्त कृपापूर्वक युधिष्ठिरलाई हेर्छन् र प्रश्न अनुसार उत्तर दिन प्रयास गर्ने आशय व्यक्त गर्छन्। भगवान् श्रीकृष्णले भीष्म पितामहलाई शारीरिक र मानसिक पीडाबाट मुक्ति मिल्ने आशीर्वाद दिनुहुन्छ। अनि युधिष्ठिर क्रमशः अनेकौं प्रश्न गर्न बस्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युधिष्ठिरका प्रश्नहरूको उत्तर दिंदै भीष्मले अभिमान रहित भएर सम्पूर्ण प्राणीहरूको कल्याण चिताएर असल गर्नु भन्ने उद्देश्यले गरिने जुनसुकै काम पनि धर्मवर्धक हुन्छ भनेर प्राचीन ऋषि महर्षि र राजा-महाराजहरूका अत्यन्त प्रेरणादायी कथाहरू सुनाउँछन्। युधिष्ठिरका गम्भीर प्रश्न र भीष्म पितामहका दिव्य उत्तर सुन्ने यस सुवर्ण मौकालाई देशका कैयौं बुद्धिजीवीहरू पनि उपयोगमा लिन्छन्। दिनभरि सम्वाद चल्छ, बेलुका सबै घर फर्कन्छन्। यसरी सूर्य उत्तरायण नहुँदासम्मलाई यो ज्ञान-यज्ञ चालू हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिपर्व

युधिष्ठिर चिन्ता

(महाभारतको युद्ध सकियो, पाण्डव पक्षको विजय भयो। तर त्यस महायुद्धमा भएको नरसंहारलाई देखेर महाराज युधिष्ठिरलाई भयङ्कर पछुतो पऱ्यो—)

त्रैलोक्यस्यापि राज्येन नास्मान् कश्चित्प्रहर्षयेत्।
बान्धवान्निहतान्दृष्ट्वा पृथिव्यां विजयैषिणः ॥७।८

"मारेर गतिला वीर आफ्ना बन्धुहरूकन,
मिलोस् त्रैलोक्य-साम्राज्य छ त्यस्मा सुख खै कुन ?"

तपसा ब्रह्मचर्येण सत्येन च तितिक्षया।
उपवासैस्तथेज्याभिर्व्रतकौतुकमङ्गलैः ॥
लभन्ते मातरो गर्भान् मासान् दश च बिभ्रति।
तासामयं समुद्योगो निवृत्तः केवलोऽफलः।
यदासु निहताः पुत्रा युवानो मृष्टकुण्डलाः ॥७।१३-१७

"कठै ! आमाहरू ठूलो तपस्या ब्रह्मचर्यले,
उपवास पूजा पाठ व्रत मङ्गल आदिले,
जुन सन्तानका निम्ति गर्भधारण गर्दछन्,
पाल्ला भनेर हुर्काई ठूलो आधार मान्दछन्,
उनै सन्तानको मेरो स्वार्थपूर्ति निमित्तमा,
भयो संहार धिक्कार महाभारत युद्धमा"

हताः शूराः कृतं पापं विषयः स्वो विनाशितः।
हत्वा नो विगतो मन्युः शोको मां रुन्धयत्ययम् ॥७।३५

"माऱ्यौं वीरहरू के भो ? गतिला व्यक्ति मासिए
हऱ्यो क्रोध भयो के ? झन् शोक आएर थुप्रिए"

न सकामा वयं ते च न चास्माभिर्न तैर्जितम् ॥७।२४

"न भो हाम्रै भने जस्तो न उनैको भयो कठै !
कुनै मर्ने कुनै मार्ने युद्धमा हारियो दुबै"

धनञ्जय कृतं पापं कल्याणेनोपहन्यते।
ख्यापनेनानुतापेन दानेन तपसाऽपि च ॥
निवृत्त्या तीर्थगमनाच्छ्रुतिस्मृति जपेन वा ॥७।१३-३७

"गरेको पाप मेटिन्छ राम्रा कामहरू गरी,
तपस्या, दान औ तीर्थ धर्मका भरमा परी,
चिन्ता लिई पछी त्यस्तो नगर्ने भावना लिई,
बारम्बार त्यही सम्झी दिनहुँ पछुतो गरी"

स परिग्रहमुत्सृज्य कृत्स्नं राज्यं सुखानि च।
गमिष्यामि विनिर्मुक्तो विशोको निर्ममः क्वचित् ॥७।४२½

"तसर्थ पाप यो मेटन बिदा मागी सबैसँग।
मुनी झैं ज्ञान खोजेर वनमा जान्छु है म त"

अलाभे सति वा लाभे समदर्शी महातपाः।
न जिजीविषुवत् किञ्चित् न मुमूर्षुवदाचरन् ॥९।२४

"मिलोस् कि नमिलोस् केही समदर्शी म बन्दछु;
मर्ने या बाँच्न खोज्नेले नहिंड्ने मार्ग हिंड्दछु"

जङ्गमाजङ्गमान् सर्वानविहिंसंश्चतुर्विधान्।
प्रजाः सर्वाः स्वधर्मस्थाः समः प्राणभृतः प्रति ॥९।१६

"चराचर सबै प्राणीलाई मार्दिन तीप्रति,
समान भावना राख्छु ठान्छु एकै भए जति"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यागको अर्थ अकर्मण्यता होइन

(युधिष्ठिर महाराजको वैराग्यलाई शेष पाण्डव र द्रौपदी अकर्मण्यता बताउँदै उनलाई राज्यभार वहन गर्नै-पर्छ, वन जाइन्न भनेर निषेध गरे—)

भीम-

यदि संन्यासतः सिद्धिं राजा कश्चिदवाप्नुयात् ।
पर्वताश्च द्रुमाश्चैव क्षिप्रं सिद्धिमवाप्नुयुः ॥१०।२४

"यदि जङ्गल पस्दैमा कसैले सिद्धि पाउँछ,
भने पर्वत औ वृक्ष सिद्ध मानिनुपर्दछ"

अवेक्षस्व यथा स्वैः स्वैः कर्मभिर्व्यापृतं जगत् ।
तस्मात् कर्मैव कर्तव्यं नास्ति सिद्धिरकर्मणः ॥१०।२८

"हेर्नोस् संसारनै चल्छ स्व स्व कर्म गरीकन,
तस्मात् हिंड्नोस् स्वकर्ममा हुन्न सिद्धि विनाश्रम"

कश्चित् सुखे वर्तमानः दुःखस्य स्मर्तुमिच्छति ।
कश्चित् दुःखे वर्तमानः सुखस्य स्मर्तुमिच्छति ॥१६।१५

"क्वै हुन्छन् सुखको वेला दुःख सम्झन चाहने,
क्वै हुन्छन् दुःख पर्दामा सुख संझेर बाँचने"

शारीरं मानसं दुःखं योऽतीतमनुशोचति ।
दुःखेन लभते दुःखं द्वावनर्थौ च विन्दति ॥१६।१०

"बितेको दुःख संझेर जो पछी शोक गर्दछ,
त्यो यौटै दुःखका निम्ति दोहरी दुःख पाउँछ"

यत्र नास्ति शरैः कार्यं नमित्रैर्न च बन्धुभिः ।
आत्मनैकेन योद्धव्यं तत्ते युद्धमुपस्थितम् ॥१६।२३

"यस्तो युद्ध छ यो जसमा शस्त्र अस्त्र र बन्धुको
काम क्यै छैन, आफैंले लड्नु आफूसितै पर्‍यो"

अर्जुन-

अनिष्कषाये काषायमिहार्थमिति विद्धि तम् ।
धर्मध्वजानां मुण्डानां वृत्त्यर्थमिति मे मतिः ॥१८।३४

"नफाली मनको गेरू गेरु पैह्रेर हिंड्छ जो,
यद्वा जो मुडिई हिंड्छ ठान्छु खाना निमित्त हो"

दुराधर्षं पदं चैव गच्छन्ति विघसाशिनः ।
सायंप्रातर्विभज्यान्नं स्वकुटुम्बे यथाविधि ॥
दत्वातिथिभ्यो देवेभ्यः पितृभ्यः स्वजनाय च ।
अवशिष्टानि येऽश्नन्ति तानाहुर्विघसाशिनः ।११।२३-२४

बिहान बेलुका अन्न बाँडेर इष्ट मित्रमा,
साथै पितृ र यौतामा पाहुनामा र बन्धुमा,
बाँकी रहन्छ जो अन्न त्यही नै यज्ञ शेष हो,
दिव्यलोक त्यही पुग्छ त्यस्तै भोजन गर्छ जो"

राजदण्डभयादेके पापाः पापं न कुर्वते ।
यमदण्डभयादेके परलोकभयादपि ।
परस्परभयादेके पापाः पापं न कुर्वते ।
एवं सांसिद्धिके लोके सर्वं दण्डे प्रतिष्ठितम् ॥ १५।५-६

"राजाका डरले कैयौं मान्दछन् डर पापको,
यमका डरले कैयौं कोही त परलोकको,
परस्पर डराएर गर्दैनन् पाप क्वै अरू,
यसरी सब संसार डराएरै अडिन्छ यो"

वाचां दण्डो ब्राह्मणानां
क्षत्रियाणां भुजार्पणम् ।

"साँचा ब्राह्मणका लागि बोलीले दण्ड पुग्दछ,
मान क्यै नदिई खान दिए क्षत्रिय गिर्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दानदण्डाः स्मृता वैश्या
निर्दण्डः शुद्र उच्यते ॥ १५।९

ब्यापारीसित पैसा नै डाँडेर लिनुपर्दछ,
तर शुद्रहरूलाई सजायैं गर्नु व्यर्थ छ"

यः कृशार्थः कृशगवः
कृश भृत्यः कृशातिथिः ।
सर्वे राजन् कृशो नाम
न शरीर कृशः कृशः ॥ ९।२४

"जस्को सम्पत्ति दुब्लो छ दुब्लै छ दुहुनू अनि-
छ दुब्लै काम गर्नेको आउन्नन् पाहुना पनि,
त्यस्तै मानिसका लागि दुब्लो भन्न सुहाउँछ,
खाली शरीरको दुब्लो हुन्न दुब्लो कुनै नर"

अर्थेन हि विहीनस्य पुरुषस्याल्पमेधसः ।
विच्छिद्यन्ते क्रियाः सर्वा ग्रीष्मे कुसरितो यथा ॥ ९।१८

"कठै गरीब मान्छेले आँटेका काम छन् जति,
त्यसै सुक्छन् खडेरीमा साना खोलसा सुकेसरी"

योऽत्यन्तं प्रति गृण्हीयाद् यश्च दद्यात्सदैव हि ।
तयोस्त्वमन्तरं विद्धि श्रेयांस्ताभ्यां क उच्यते ॥ १८।२४

सधैं माग्दछ यौटा र सधैं यौटा पुर्‍याउँछ,
जोगीमा र गृहस्थीमा यही अन्तर आउँछ ॥

नात्यन्तं गुणवत् किंचिन्न चाप्यत्यन्तनिर्गुणम् ।
उभयं सर्वकार्येषु दृश्यन्ते साध्वसाधु वा ॥ १५।५०

"गुणै गुण पनि हुन्न हुन्न केवल बैगुन,
सम्पूर्ण कार्यमा हुन्छन् दुइटै गुन बैगुन"

अध्येतव्या त्रयी नित्यं भवितव्यं विपश्चिता ।
सर्वथा धनमाहार्यं यष्टव्यं चापि यत्नतः ॥ ८।२७

"पढ्नु वेद पनि नित्य ठूलो विद्वान् पनि हुनु,
जोर्नू पैसा पनि फेरि धर्ममा त्यो लगाउनु"

नकुल-

राज्ञःप्रमाददोषेण दस्युभिः परिमुष्यताम् ।
अशरण्यः प्रजानां यः स राजा कलिरुच्यते ॥ १२।२९

"नीचमारा हुँदा राजा चोर डाँका बढे जहाँ,
दुनियाँ अँठियो, जान्नू राजानै 'कलि'हो त्यहाँ"

वित्तानि धर्मलब्धानि क्रतुमुख्येष्ववासृजन् ।
कृतात्मा स महाराज सर्वे त्यागी स्मृतो नरः ॥
अनवेक्ष्य सुखादानं तथैवोर्ध्वं प्रतिष्ठित ।
आत्मत्यागी महाराज स त्यागी तामसो मतः ॥ १२।८-९

"धर्मपूर्वक सम्पत्ति कमाईकन धर्ममै,
जो लगाउँछ त्यै मान्छे साँचो त्यागी कहाउँछ,
तर क्यै सुख सम्पत्ति नजोडी त्यागवान् बनी,
हिंड्छ जो त्यो त मानिन्छ त्यागी भै पनि तामसी"

आश्रमांस्तुलया सर्वान् धृतानाहुर्मनीषिणः ।
एकतश्च त्रयो राजन् गृहस्थाश्रम एकतः ॥ १२।१२

चारै आश्रम जोख्दामा के निष्कर्ष मिल्यो सुन-
एकातर्फ अरू ठिक्क एकातर्फ गृहाश्रम।

सहदेव-

न बाह्यं द्रव्यमुत्सृज्य सिद्धिर्भवति भारत ।
शारीरं द्रव्यमुत्सृज्य सिद्धिर्भवति वा न वा ॥ १३।१

शरीरी द्रव्य छोड्दा त सिध्दि मिल्न छ मुस्किल
छोड्दैमा बाहिरी द्रव्य मिल्छ सिध्दि कहाँ अब ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा वसतो राजन् वने वन्येन जीवतः ।
द्रव्येषु यस्य ममता मृत्योरास्ये स वर्तते ।। १३।१०

बस्यो जंगलमा खायो कन्दमूलहरू तर
जम्यो पैसै भने त्यस्ले बिगाऱ्यो जिन्दगी सब,

अविनाशोऽस्य सत्वस्व नियतो यदि भारत ।
हत्वा शरीरं भूतानां न हिंसा प्रतिपत्स्यते ।। १३।६

आत्मा अमर हो भन्ने कुरा निश्चय हो यदि,
युद्धमा देह मार्दैमा हिंसा हुन्न कसै गरी,

द्वयक्षरस्तु भवेन्मृत्युस्त्र्यक्षरं ब्रह्म शास्वतम् ।
ममेति च भवेन्मृत्युर्न ममेति च शाश्वतम् ।। १३।४

'मेरो र भ' यही गर्व जान्नू मृत्यु र बन्धन,
यही नहुनु नै जान्नू मुक्ति, अमृत जीवन ।

तस्मादेकान्तमुत्सृज्य पूर्वैः पूर्वतरैश्च यः ।
पन्था निषेवितः सद्भिः स निषेव्यो विजानता ।। १३।८

आफ्नै अड्कलमा हिंड्ने घमण्ड नगरी हिंड
त्यै बाटो, गैसके पुर्खा जुन बाटो हिंडीकन ।

द्रौपदी–

द्वीपाश्च सान्तरद्वीपा नानाजनपदाश्रमाः ।
विगाह्य सागरं वीर दण्डेन मृदितास्त्वया ।। १४।२५

"यूरोप एशिया आदि समुद्रवारपारका,
सबै द्वीपहरूलाई पार्नु भो मुठिभित्रका"

यस्मिन् क्षमा च क्रोधश्च दानादाने भयाभये ।
निग्रहानिग्रहौ चोभौ स वै धर्मविदुच्यते ।। १४।१७

"क्षमा क्रोध दिनू खानू भय निर्भय भो अनि,
दण्डप्रेम दुवै जसमा हुन्छ त्यै धर्मको धनी"

न क्लीबो वसुधां भुंक्ते न क्लीबो धनमश्नुते ।
न क्लीवस्य गृहे पुत्रा मत्स्या पङ्क इवासते ।। १४।१३

"न राज्य गर्छ नामर्द नखर्चै गर्न सक्तछ,
छोरा छोरी पनी त्यस्ले न जन्माउन सक्तछ"

संन्यास अकर्मण्यता होइन

(यसरी भाइहरू र रानी द्रौपदीबाट राज्य त्याग नगर्न अनुरोध गर्दा महाराज युधिष्ठिरले संन्यास अकर्मण्यता होइन भन्ने उत्तर दिएका थिए–)

त्वंतु केवलमस्त्रज्ञो वीरव्रतसमन्वितः ।
शास्त्रार्थं तत्त्वतो गन्तुं न समर्थः कथञ्चनः ।। १९।३

"बाबु ! यी बाहिरी बात जान्दछौ वीर छौ तर,
शास्त्रको तत्त्व अझै छ सक्तैनौ बुझ्न त्यो सब"

क्षेम्यश्चैकाकिना यस्य: पन्थाकोऽस्तीति पृच्छ माम् ।
अथवा नेच्छसि प्रष्टुमपृच्छन्नपि मे शृणु ।। ९।३

"मान्छेको असली बाटो कुन हो सोध मैसित,
नसोध अथवा भन्छु नसोधे पनि त्यो अब"

अग्राह्यं चक्षुषा सूक्ष्ममनिर्देश्यं च तद्गिरा ।
कर्महेतुपुरस्कारं भूतेषु परिवर्तते ।। १९।१९

"आत्मा देखिन्न आँखाले भेटिन्न बोलिले पनि,
विश्व ढाकी बसेको छ कर्म हेतु स्वयं बनी"

मातुषान् काममोगांस्त्वमैश्वर्यं च प्रशंससि ।
अभोगिनोऽबलाश्चैव यान्ति स्थान मनुत्तमम् ।। १७।७

"काम-भोग र ऐश्वर्य ठूलो हो भन्दछौ तर,
अभोगी निर्धनी जोगीलाई झन् मुक्ति मिल्दछ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयान् प्रतिसंगृह्य संन्यासं कुरुते यतिः ।
न च तुष्यन्ति राजानः पश्य बुद्ध्यन्तरं यथा ।। १७।१०

"घर छोडेर संन्यासी सन्तोष पाउँछन् जति,
त्यति पाउन्न क्यै राजा हेर यी दुईको स्थिति"

संकल्पेषु निरारम्भो निराशी निर्ममो भव ।
अशोकं स्थानमातिष्ठ इह चामुत्र चाव्ययम् ।। १७।१३

"क्यै नथाल लिई आशा न दौड ममता लिई,
छोडियौ भाव-चिन्ताको बन्लान् लोक दुवै सुखी"

यस्तु वाचं विजानाति बहुमानमियात् स वै ।
ब्रह्मभाव प्रपन्नानां वैद्यानां भावितात्मनाम् ।। १७।२२

"वेदान्तीहरूको बोली सिक्दैमा ज्ञानवान् बनी,
हुन्छन् घमण्डले फुल्ने फोस्रा जोगीहरू पनि"

य इमामखिलां भूमिं शिष्यादेको महीपतिः ।
तस्याप्युदर मेकं वै किमिदं त्वं प्रशंससि ।। १७।१३

"सम्पूर्ण पृथिवी भोग्ने अधिकार मिले पनि,
पेट हुन्छ उही यौटै खै के हुन्छ र राज्यले ?"

व्यास शिक्षा

(आफ्ना बन्धुवर्गले अनेक सम्झाउँदा पनि युधिष्ठिरले राज्य त्याग नै गर्न आँटेको देखेर स्वयं महर्षि व्यासलाई आएर सम्झाउनुपरेको थियो)

यथा प्रव्रजितो भिक्षुस्तथैव स्वे गृहे वसेत् ।
एवं वृत्तः प्रियैर्दारैः संवसन् धर्ममाप्नुयात् ।। ३६।३५½

"जस्तो असल संन्यासी अनासक्त बनीकन,
घर छोडी पसी वन्मा पाउँछन् धर्मशोभन,
त्यस्तै आसक्ति छोडेमा पाउँछौ धर्म त्यो तिमी,
घरै वसे पनि प्यारी पत्नी साथै भए पनि"

अधर्मरूपो धर्मो हि कश्चिदस्ति नराधिप ।
धर्मश्चाधर्मरूपोऽस्ति तच्च ज्ञेय विपश्चिता ।। ३३।३२

धर्म नै पाप मानिन्छ मौका संजोगले कहीं,
हुन्छ पापै कहीं धर्म चिन्नू पण्डितले यही"

ये च मूढतमा लोके ये च बुद्धेः परं गताः ।
त एव सुखमेधेते मध्यगः क्लिश्यते जनः ।। २५।२८

"कि भोग्छन् सुख मूर्खैं नै कि भोग्छन् सिद्ध व्यक्तिले,
मझौला विचरा नित्य पिसिन्छन् खालि दुःखले"

दुःखमेवास्ति न सुखं
तस्मात्तदुपलभ्यते ।
तृष्णार्ति प्रभवं दुःखं
दुःखार्ति प्रभवम् सुखम् ।। २५।२२

"यो सारा विश्वमा खालि एउटा दुःख मात्र छ,
तस्मात् जे जे कुरा आँट्यो त्यही तेर्सिन आउँछ,
तर मानिसले कैल्हेकाहीं जो सुख मान्दछन्,
व्हैन त्यो सुख क्यै दुःख घट्नाले सुख ठान्दछन्,

विच्छिद्यन्ते समारब्धाः सिद्ध्यन्ते चापि दैवतः ।
कृते पुरुषकारे तु नैनः स्पृशति पार्थिवम् ।। २४।२२

"थालेका काम बिग्रन्छन् सप्रन्छन् पनि भाग्यले,
त्यसमा छैन क्यै दोष थाल्ने त्यो पुरुषार्थिको"

जातिश्रेण्यधिवासानां कुलधर्मांश्च सर्वतः ।
वर्जयन्ति च ये धर्मं तेषां धर्मो न विद्यते ।। ३६।१९

"प्रायश्चित्त सबैको छ तर आफ्नो स्वजाति र
कुलको धर्म जो छोड्छन् छैन तिन्का निमित्त त"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कपाले यद्वदापः स्युः स्वदृतो च यथा पयः ।
आश्रयस्थानदोषेण वृत्तहीने तथा श्रुतम् ।। ३६।४२

"जस्तो कुक्कुरको छाला अथवा खप्परहरू महाँ,
राखेको जल मानिन्छ अशुद्ध सब कार्यमा,
त्यस्तै आचार छोडेर हिंड्ने पण्डितको पनि,
विद्या अशुद्ध मानिन्छ अशुद्ध ठाउँको भनी"

असम्यक् चैव यद् दत्तमसम्यक् च प्रतिग्रहः ।
उभयं स्यादनर्थाय दातुरादातुरेव च ।। ३६।३९

"विनानियम जो दिन्छ विनानियम लिन्छ जो,
दिने लिने दुवैलाई दण्ड मिल्दछ पापको"

एकं हत्वा यदि कुले शिष्टानां स्यादनामयम् ।
कुलं हत्वा च राष्ट्रं च न तद् वृत्तोपघातकम् ।। ३३।३१

"यौटा मारेर कुलको कुलै मारेर राष्ट्रको,
यदि कल्याण क्यै हुन्छ भने होइन पाप त्यो"

आयुर्वेदमधीयानाः केवलं सपरिग्रहाः
दृश्यन्ते बहवो वैद्या व्याधिभिः समभिप्लुताः ।। २८।४५

आयुर्वेद सधैं पढ्ने कैयौं वैद्यहरू पनि,
बस्दछन् सपरीवार शिकार रोगका बनी,

ते पिबन्तः कषायांश्च सर्पींषि विविधानि च ।
न मृत्युमतिवर्तन्ते वेलामिव महोदधि ।। २८।४६

तिता टर्रा मिठा कैयौं खान्छन् ती ओखती तर,
समुद्रले सिमाना झैं टार्दैनन् काल वास्तव,

न चैव पुरुषो द्रष्टा स्वर्गस्य नरकस्य च,
आगमस्तु सतां चक्षुर्नुपतेत मिहाचर ।। २८।५४

"आँखाले कोहि देख्दैन परलोक भए पनि,
शास्त्र हुन् सबका आँखा हेर शास्त्र पढी तिमी"

यथा दारुमयो हस्ती यथा चर्ममयो मृगः ।
ब्राह्मणश्चानधीयानस्त्रयस्ते नाम बिभ्रति ।। ३६।४६

"जस्तै हो काठको हात्ती छालाको मृगमूर्ति हो,
त्यस्तै हो वेदले हीन विप्र केवल नामको"

सुखं दुःखान्तमालस्यं
दाक्ष्यं दुःखं सुखोदयम् ।
भूतिः श्रीर्ह्रीर्धृतिः कीर्ति
र्दक्षेवसति नालसे ।। २७।३१

"आलस्य सुख झैं लाग्छ त्यसको फल दुःख हो,
उद्योग दुःख झैं लाग्छ झन् त्यही सुख हेतु हो,
अर्थात् ऐश्वर्य, सम्पत्ति, लज्जा धैर्य अनी जस,
उद्योगीसंग नै बस्छन् अल्छी पाउन्न यी सब"

अदत्तस्यानुपादानं दानमध्ययनं तपः ।
अहिंसा सत्यमक्रोध इज्या धर्मस्य लक्षणम् ।। ३६।१०

नदिई नलिनू, दान गर्नू, पढ्नू, तपी हुनू,
श्रद्धा, सत्य, अहिंसा र अक्रोध धर्म जानन्,

गुरू अश्माका सूक्तिहरु

(यी सूक्तिहरू पनि महर्षि व्यासले नै 'राजर्षि जनकलाई गुरु अश्माले बताउनु भएको थियो' भनेर सुनाएका हुन्)

अभिजातोऽस्मि सिद्धोऽस्मि नास्मिकेवल मानुषः ।
इत्येभिर्हेतुभिस्तस्य त्रिभिश्चित्तं प्रसिच्यते ।।

"कुलीन हुँ पढेको छु, अरू जस्तो म होइन,
इत्यादि गर्वले थाल्छन् जब चित्त भिजाउन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संप्रसक्तमना योगान् विसृज्यपितृसंचितान् ।
परिक्षीणः परस्वानामादानं साधु मन्यते ॥२८७-८

अनि मानिस पुर्खाले जोरेको धन फाल्दछ,
जब सक्छ अनी लाज पचाई चोर्न थाल्दछ"

न कश्चिच्जात्वतिक्रामेत् जरामृत्यू हि मानवः ।
अपि सागर-पर्यन्तां विजित्येमां वसुन्धराम् ॥२८।१५

"सम्पूर्ण पृथिवी जित्ने वीर भूपाल होस् तर,
त्यस्ले पनी जरा मृत्यु जित्नु सक्दैन आखिर"

सन्ति पुत्राः सुबहवो दरिद्राणामनिच्छताम् ।
नास्ति पुत्रः समृद्धानां विचित्रविधिचेष्टितम् ॥२८।२४

"कठै ! गरीबका छोरा नचाहे पनि धेर छन्,
धनीको एउटै छैन दैव इच्छा विचित्र छन्"

प्रायेण श्रीमतां लोके भोक्तुं शक्तिर्न विद्यते ।
काष्ठान्यपि हि जीर्यन्ते दरिद्राणां च सर्वशः ॥२८।२९

"प्रायः खाने कुरा पच्न सक्दैनन् धनवान्हरू,
काठै खाए पनी पच्छन् दरिद्र बिचरा अरू !"

दृश्यते हि युवैवेह विनश्यन् वसुमान् नरः ।
दरिद्रश्च परिक्लिष्टः शतवर्षो जरान्वितः ॥२८।२७

"देखियो वैंसमैं मर्ने अनेकौं धनवान् छन्,
दुःख बोकी सये वर्ष बाँच्ने कंगाल वृद्ध छन्"

क्वासे क्व च गमिष्यामि को न्वहं किमिहास्थितः ।
कस्मात् किमनुशोचेयमित्येवं स्थापयेन्मनः ॥२८।४०

"म कहाँ छु कहाँ जाँला आएँ छु किन को हुँ म,
तर्कना किन गर्दै छु शोच यो नित्य मन्मन"

अनित्ये प्रियसंवासे संसारे चक्रवद्गतौ ।
पथि सङ्गतमेवैतद् भ्राता माता पिता सखा ॥२८।४१

"चक्र झैं घुम्छ यो विश्व इष्टमित्र अनित्य छन्,
बाटामा भेटिए झैं हुन् भ्राता, माता, पिता सखा,"

न ह्यहानि निवर्तन्ते न मासा न पुनः समाः ।
जातानां सर्वभूतानां न पक्षा नपुनः क्षपाः ॥२८।४९

"दिन रात अनी पक्ष महिना वर्ष आदि यी
फर्कन्नन् सब प्राणीका एकवार बितेपछि"

कुन ब्राह्मणसंग कस्तो व्यवहार गर्ने ?

(महाराज युधिष्ठिरप्रति भगवान् श्रीकृष्ण)

विद्यालक्षणसम्पन्नाः सर्वत्र समदर्शिनः ।
एते ब्रह्मसमा राजन् ब्राह्मणाः परिकीर्तिताः ॥७६।२

विद्या, लक्षण सम्पन्न सर्वत्र समदर्शक
छन् जो ब्राह्मण तिन्लाई ब्रह्मतुल्य पुजा गर,

ऋक्यजुः सामसम्पन्ना स्वेषु कर्मस्ववस्थिताः ।
ऐते देवसमा राजन् ब्राह्मणानां भवन्त्युत ॥७६।३

चारै वेद पढेका र सधैं स्वधर्म तत्पर
छन् जो ब्राह्मण तिनलाई द्यौता ठान युधिष्ठिर

ऋत्विक् पुरोहितो मन्त्री दूतो वार्तानुकर्षकः ।
एते क्षत्रसमा राजन् ब्राह्मणानां भवन्त्युत ॥७६।७

ऋत्विग्, मंत्री, कर्मचारी राजदूत पुरोहित
बन्ने ब्राह्मणको छोरो क्षत्री तुल्य भनी बुझ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अश्वारोहा गजारोहा रथिनोऽथ पदातयः ।
एते वैश्यसमा राजन् ब्राह्मणानां भवन्त्युत ।।७६।८

हात्ती घोडा चढी घुम्ने रथ मोटर हाँकने
नाफाका काममा लाग्ने विप्र वैश्य भनी चिने

आफ्नो कर्म सबै छोडी नराम्रो मार्ग लिन्छ जो
द्विज पुत्र पनि त्यस्तो जान्नू शुद्र समान हो

भीष्म-सन्देश

(भगवान् श्रीकृष्णका आज्ञाले महाराज युधिष्ठिरले पिमातह भीष्म (देवव्रत) सँग शिक्षा ग्रहण गरेका थिए, महाभारतमा शान्तिपर्व भीष्म-सन्देशले गर्दा ज्यादै गौरवशाली मानिएको छ, विश्व-राजनितिलाई भीष्मपर्वबाट ठूलो ज्ञान प्राप्त भएको छ । यहाँ उक्त विशाल प्रसंगबाट केही मात्र सूक्तिहरू टिपिएका छन्)

विद्या शौर्यं च दाक्ष्यं च बलं धैर्यं च पञ्चमम् ।
मित्राणि सहजान्याहुर्वर्तयन्तीह तैर्बुधाः ।।१३९।८५

*"विद्या, आँटीपना, सीप, बल, धैर्य यती कुरा,
हुन् मुख्य मित्र मान्छेका यिनैभा बाँच्दछन् वडा"

निवेशनं च कुप्यं च क्षेत्रं भार्या सुहृज्जना ।
एतान्युपहितान्याहुः सर्वत्र लभते पुमान् ।१३९।८६

"डेरा सम्पत्ति औ खेती पत्नी पुत्रहरू सब,
जहाँ गए पनी मिल्छन् हैनन् यी मित्र वास्तव"

सा भार्या सा प्रियं ब्रूते स पुत्रो यत्र निवृतिः ।
तन्मित्रं यत्र विश्वासः स देशो यत्र जीव्यते ।।१३९।९६

"पत्नी त्यै जो मिठो बोल्छे छोरो त्यै सुख दिन्छ जो,
मित्र त्यै जो छ विश्वासी देश त्यै बाँच्न दिन्छ जो"

वैरमन्तिकमासाद्य यः प्रीतिं कर्तुमिच्छति ।
मृन्मयस्येव भग्नस्य यथा संधिर्न विद्यते ।।१३९।६९

"ठूलो वैर गरी फेरि जो प्रेम गर्न खोज्दछ,
माटाका खवटा झैं छ त्यो जोडिन असम्भव"

पूर्वं सम्मानना यत्र पश्चात्त्चैव विमानना ।
जह्यात् तत् सत्यवान् स्थानं शत्रोः सम्मानितोऽपि सन्
१३९।३३

"जहाँ मिल्थ्यो अघी मान हेलाँ गर्छन् त्यहीं भने
हात जोडे पनी छोड्नू त्यो ठाउँ बुद्धिमानले"

वैरं पञ्चसमुत्थानं तच्च बुध्यन्ति पण्डिताः ।
स्त्रीकृतं वास्तुजं वाग्जं ससापत्नापराधजम् ।।१३९।४२

"नारीको, घरवारीको, कठोर बोलि आदिको,
जाति या धर्मको त्यस्तै ठूलै क्यै अपराधको,
हेतुले यति पाँचैको झगडा पर्न आउँछ,
यी हेतुबाट जोगिन्छ जो मान्छे बुद्धिमान छ"

---

* यस (भीष्म-सन्देश) प्रसङ्गमा स्वय भीष्मले दिएका शिक्षा सूक्तिहरू र उनले ऐतिहासिक दृष्टान्तका प्रसङ्गमा अमुकले भनेको भनी दिएका शिक्षा सूक्तिहरू पनि सामेल छन् , केही विशिष्ट व्यक्तिबाहेक अरूको बेग्लै नाम दिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अरुष्यन् क्रुश्यमानस्य सुकृतं नाम विन्दति ।
दुष्कृतं चात्मनो मर्षी रुष्यतेवापमार्ष्टि वै ।।११४।३

इति संश्लाघते नित्यं तेन पापेन कर्मणा ।
इदमुक्तो मया कश्चित् सम्मतो जनसंसदि ।।
स तत्र व्रीडितः शुष्को मृतकल्पोऽवतिष्ठते ।
श्लाघन्नश्लाघनीयेन कर्मणा निरपत्रपः ।।११४।५-६

प्राकृतो हि प्रशंसन् वा निन्दन् वा किं करिष्यति ।
वने काक इवाबुद्धिर्वाशमानो निरर्थकम् ।।११४।८

प्रत्यक्षं गुणवादी यः परोक्षे चापि निन्दकः ।
स मानवः श्ववल्लोके नष्ट लोकपरावरः ।।११४।१२

दिट्टिभं तमुपेक्षेत वासमानमिवातुरम् ।
लोकविद्वेषमापन्नो निष्फलं प्रतिपद्यते ।।११४।४

निन्दा सुन्दैमा न आत्तिय —

"धर्म निन्दकको लिन्छ जस्ले निन्दा पचाउँछ"
आफ्नो पाप पनी उस्ले उसैमा टक्टक्याउँछ"

निन्दा गर्न सकेकामा छुचो ठान्छ बडो भएँ,
भन्छ "मैले सभामा नै फलानालाई यो भनेँ
ठूलो हुँ भन्दथ्यो बल्ल लाजले मर्नु पारियो,
मुख ओठ सुकाएर बस्नुपर्ने बनाइयो'

"त्यस्ता नामर्दले निन्दा गरुन् वा मान गर्दिऊन्,
ठान्नू काग कराएर झैं व्यर्थैका धाक मात्र हुन्"

"सामुन्ने जो मिठो बोल्छ पछाडी गालि गर्दछ,
त्यो मान्छे जान्नु कुत्ता हो! दुवै लोक बिगार्दछ"

"रोगी या हुटिट्याऊँ झैं क्याउँ क्याउँ गरीकन,
व्यर्थै गाली दिनेलाई नटेरीकन नै हिँड,
संसारैले चिनीहाल्छ त्यो बन्छ फतुरो स्वयम्,
धर्म कर्म पनी त्यस्का आफै निष्फल बन्दछन्"

गण मुख्यैस्तु सम्भूय कार्यं गणहितं मिथः ।
पृथग्गणस्य भिन्नस्य विततस्य ततोऽन्यथा ।।
अर्थाः प्रत्यवसीदन्ति तथानर्था भवन्ति च ।१०९।२८

राजनीति शिक्षा —

"गर्नू वर्गीय नेताले मिलैरै वर्गको हित,
नत्र आपसमा पार्टी जन्मने हुन्छ सम्भव,
पार्टी जन्ने भने धेरै पर्न जानेछ खल्बल,
होला अनर्थ त्यो वेला टुट्नाले एकता बल"

आभ्यन्तरं भयं रक्ष्यं ह्यसारं बाह्यतो भयम् ।।१०९।२८½

"मुख्ये घरायसी ठूला झगडाबाट जोगिनू,
त्यसका सामु क्वै हैन बाहिरी भय ठान्नू"

आभ्यन्तरं भयं राजन्
सद्यो मूलानि कृन्तति ।१०९।२९

"बाहिरी शत्रुले खालि पात झारन सक्तछन्,
घरैका शत्रुले आँटे जरै काटी ढलाउँछन्'

मित्र द्रुहः कृतघ्नस्य स्त्रीघ्नस्य गुरुघातिनः ।
चतुर्णां वयमेतेषां निष्कृतिं नानुशुश्रुम ।।१०८।३२

"मित्र द्रोही कृतघ्नी औ स्त्रीघाती गुरुघातीको,
प्रायश्चित्त कुनै छैन शास्त्रमा यति चारको,"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नालसाः प्राप्नुवन्त्यर्थान् न क्लीबा नाभिमानिनः ।
न च लोकरवाद् भीता न वै शश्वत् प्रतीक्षिणः ॥१४०।२३

"पाउन्नन् धन अल्छीले नामर्द र घमण्डिले,
निन्दा सुन्न नसक्ने र मौका कुर्ने मनुष्यले"

सपत्न सहिते कार्ये कृत्वा सन्धिं न विश्वसेत् ।
अपक्रामेत् ततः शीघ्रं कृतकार्यो विचक्षणः ॥१४०।२४

"शत्रुका साथ सम्झौता गरोस् ढुक्क भने नहोस्,
बरू काम बनाएर सम्झौता भङ्ग गर्दिओस् !"

बकवच्चिन्तयेदर्थान् सिंहवच्च पराक्रमेत् ।
वृकवच्चाव लुम्पेत शरवच्च विनिष्पतेत् ॥१४०।२५

"ध्यान गर्नू बकुल्लो झैं सिंह झैं गई झम्टनू"
ब्वाँसो झैं तान्नु अर्काको राजाले धर्म ठान्नू"

पानमक्षास्तथा नार्यो मृगया गीतवादितम् ।
एतानि युक्त्या सेवेत प्रसंगो ह्यत्र दोषवान् ॥१४०।२६

"पान, ठट्टा, शिकार, स्त्री, नाच, गान जुवा यति,
अड्कली अड्कली भोग्नू नत्र पर्दछ आपति ।

आशां कालवतीं कुर्यात् तां च विघ्नेन योजयेत् ।
विघ्नं निमित्ततो ब्रूयान्निमित्तं चापि हेतुतः ॥१४०।३२

"शत्रुको काम जान्नेले सकेसम्म ढिलो गरोस,
कुनै विघ्न परेकाले ढिलो भो यो पनी भनोस्,
अनि त्यो विघ्नको हेतु थपिदेओस् क्रमैसित,
हेतुलाई पनी पारोस पहिल्यै युक्ति संगत"

भीतवत् संविधातव्यं यावद् भयमनागतम् ।
आगतं तु भयं दृष्ट्वा प्रहर्तव्यम् भीतवत् ॥१४०।३३

"आपत् नआउँदा सम्म डराएरझैं गरी बस,
जब आपत् परीहाल्छ जागेर नडरी उठ"

पुत्रो वा यदि वा भ्राता पिता वा यदि वा सुहृत् ।
अर्थस्य विघ्नं कुर्वाणा हन्तव्या भूतिमिच्छता ॥१४८।४७

"देशका निम्ति राजाले मार्दिनू जोसुकै हवस,
भाइ होस् कि पिता होस् कि छोरो होस्
इष्टमित्र होस्"

नाच्छित्वा परमर्माणि नाकृत्वा कर्म दारुणम् ।
नाहत्वा मत्स्यघातीव प्राप्नोति महतीं श्रियम् ॥१४०।५०

"ठूलो ऐश्वर्य पाइन्न नगरी कर्म दारुण,
माछा मार्नेहरू जस्तै कठोर नबनीकन"

नास्ति जात्या रिपुर्नाम मित्रं वापि न विद्यते ।
सामर्थ्ययोगाज्जायन्ते मित्राणि रिपवस्तथा ॥१४०।५१

"जन्मैले हुन्न क्यै शत्रु हुन्न मित्रु पनी कुनै,
आफ्नै सामर्थ्यले हुन्छन् शत्रु मित्रु उनै उनै"

ना सम्यक् कृतकारी स्यादप्रमत्तः सदा भवेत् ।
कण्टकोऽपि हि दुश्छिन्नो विकारं कुरुते चिरम् ॥१४०।६०

"न पारी राम्ररी सिद्ध नछोड्नू क्यै कुरा पनि,
काँडो पनी रहे शेष खिल पल्टेर दुःख्छ नि"

प्रहरिष्यन् प्रियं ब्रूयात् प्रहृत्यैव प्रियोत्तरम् ।
असिनापि शिरश्छित्वा शोचेत च रुदेत च ॥१४०।५४

"पिटन लाग्दा पनी बोल्नु मधुरो पिटिनेसित,
पिटेपछि पनी गर्नू 'उ्याः' भनी प्रिय उत्तर,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा राजनीतिमा गर्नू कि यति सम्मन,
आफैले शिर काटेर शोक-सन्देश प्रेषण"

भवेत् सत्यं न वक्तव्यं वक्तव्यमनृतं भवेत् ।
यत्रानृतं भवेत् सत्यं सत्यं वाप्यनृतं भवेत् ॥ १०९।५

"साँचो बोल्दा कहीँ ठूलो नोक्सानी पर्न सक्तछ,
झूटो बोलिदिएकोले कहीँ सत्कर्म बन्दछ,
त्यस्तामा जान्नु मान्छेले झूटो नै सत्य हो अनि,
सत्य बोली पनी त्यस्तै झूटो हो पाप हो भनी"

अमर्षाच्छास्त्रसम्मोहादविज्ञानाच्च भारत ।
शास्त्रं प्राज्ञस्य वदतः समूहे यात्यदर्शनम् ॥ १४२।२०

"ईर्ष्याले बुद्धिमत्ताको गर्वले नबुझीकन,
बोल्दैमा कोहि सक्तैन त्यै प्रभाव जमाउन"

आरम्भांश्चास्य महतो दुश्चरांश्च प्रयोजय ।
नदीवेगैश्च विरोधांश्च बलवद्भिर्विरुध्यताम् ॥१०५।१६

"गर्नै नसकिने ठूलो काम गर्न लगाउ र,
जित्नै नसकिने ठूला शत्रुसाथ लडाउ र,
सक्छौ भने फुलाएर विश्वजित् आदि यज्ञमा,
फँसाएर गरी देऊ सर्वस्व शत्रुको यहाँ"

याजयैनं विश्वजिता ।
सर्वस्वेन वियुज्य तम् ॥१०५।२२

"विद्या वृद्ध वयो वृद्ध ज्ञान औ शीलका धनी,
यस्ता ब्राह्मणको सेवा गर्नू सत्कर्म हो भनी"

ब्राह्मणानेव सेवेत विद्या वृद्धां स्वपस्विनः ।
श्रुतचारित्रवृत्ताढ्यान् पवित्रं ह्येतदुत्तमम् ॥१४२।३६

मुहूर्तमपि राजेन्द्र ! तिन्दुकालातवज्ज्वलेत् ।
न तुषाग्निरिवानर्चिर्धूमायेत चिरं नरः ॥१४०।१

"बरू दुवै घडी बल्नू पैयूँका दाउरी सरी,
भूस जस्तै धुवाँएर नबाँच्नू जिन्दगी भरी,,

न विश्वसेदविश्वस्ते विश्वस्ते नाति विश्वसेत् ॥१४०।४३

"नगर्नू कत्ति विश्वास नचिनेका मनुष्यको,
विश्वासीको पनी ज्यादै विश्वास नलिनू निको,,

योऽरिणा सह संधाय सुखं स्वपिति विश्वसन् ।
स वृक्षाग्रे प्रसुप्तो वा पतितः प्रतिबुध्यते ॥१४०।३७

"जो शत्रुसँग विश्वास गरी निश्चिन्त सुत्दछ,
त्यो बुटामा निदाएको हो खसेपछि चेत्दछ,,

न संशयमनारुह्य नरो भद्राणि पश्यति ।
संशयं पुनरारुह्य यदि जीवति पश्यति ॥१४०।३४

ठक्करै नपरी मान्छे चेत पाउन्न राम्ररी,
चेतेपछी रहे सास गर्छ राम्रो सधैं भरी

अशङ्क्यमपि शङ्केत नित्यं शङ्केत शङ्कितात् ।
भयं ह्यशङ्किताज्जातं समूलमपि कृन्तति ॥१४०।४५

शंका गर्नै नपर्नेमा पनि शंका गरी रह,
झन् शंका लिनपर्नेमा सधैं शंका लिई रह,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुख्य यो जान जुन् साथी विश्वासी मानिंदै थियो,
भित्र भित्रै त्यही शत्रु भए सर्वस्व नाशियो,

नात्मच्छिद्रं रिपुर्विद्याद् विद्याच्छिद्रं परस्यतु ।
गूहेत् कूर्म इवाङ्गान रक्षेद् विवरमात्मनः ॥१४०।२४

"कछुवाले लुकाए झैं अङ्ग आफ्ना शरीरका,
लुकाउनू कुरा आफ्ना तर जान्नू पराइक',,

प्रत्युपस्थितकालस्य सुखस्य परिवर्जनम् ।
अनागतसुखाशा च नैव बुद्धिमतां नयः ॥१४०।३६

'बुद्धि होइन सामुन्ने आएको सुख छोडनु,
टाढाका सुखको आशा लिई आयु बिताउनु,,

मृदुरित्यवजानन्ति तीक्ष्ण इत्युद्विजन्ति च ।
तीक्ष्णकाले भवेत् तीक्ष्णो मृदुकाले मृदुर्भवेत् ॥१४०।६५

"सधैं शान्त हुँदा हेप्छन केही नाप्तैन यो भनी,
नजीकै कोहि पर्दैन सधैं तातिरहे पनि,
यसर्थ ठाउँ हेरेर कैल्हे बेससरि तातनू,
कैल्हे झुकेर सान्हैनै आफ्नो काम पटाउनू,,

शूरमञ्जलि पातेन भीरुं भेदेन भेदयेत् ।
लुब्धमर्थप्रदानेन समं तुल्येन विग्रहः ॥ १४०।६३

"बलियासंग न्यूहेर कड्केर डरुवासंग,
लोभी संग दिई पैसा आफ्नो काम पुरा गर"

मन्त्रगुप्तिः प्रधानेषु चारश्चामित्रकर्षण ।
न गणाः कृत्स्नशो मन्त्रं श्रोतुमर्हन्ति भारत ॥ १०७।२४

"मुख्य मुख्यहरू भित्रै गोप्य सल्लाह राखनू,
राष्ट्रको मुख्य सल्लाह सबैमा नफिंजाउनू"

न तत् तरेद् यस्य न पारमुत्तरे
न्नतद्धरेद् यत् पुनराहरेत् परः ॥
न तत् खनेद् यस्य न मूलमुद्धरे
न तं हन्याद् यस्य शिरो न पातयेत् ॥ १४०।६९

"त्यस्ता नदीमा नपसे कदापि
तरेर जो लाग्न सकिन्न पारी,
नरोज्नु त्यस्तो पनि वस्तु केही
खोसेर लान्छन् अरू जो पछाडि'

किं छिद्रं कोनु सङ्गो मे किं वास्त्यविनिपातितम् ।
कुतो मामाश्रयेद् दोष इति नित्यं विचिन्तयेत् ॥ ८९।१४

"शोच्नू मेरो छ के गल्ती, कस्ताको गर्छु संगत'
नराम्रो बानी के के छ नछोडेको अझैतक"

कालेन रिपुणा सन्धिः काले मित्रेण विग्रहः ।
कार्य इत्येव सन्धिज्ञाः प्राहुर्नित्यं नराधिप ॥१३८।२०७

"मौकामा शत्रुका साथ मिले झैं पनि गर्दिनू,
आफन्त मित्रका साथ रिसाए झैं पनी हुनू"

तस्मात्सर्वास्ववस्थासु रक्षेज्जीवितमात्मनः ।
द्रव्याणि सन्ततिश्चैव सर्वं भवति जीवितः १३८।१९५

"जसरी हुन्छ मान्छेले खोज्नू ज्यान बचाउन,
मिल्छन् ज्यान रहेदेखि सुख, सम्पत्ति, औ धन"

प्रत्युपकुर्वन् बह्वपि न भाति
पूर्वोपकारिणा तुल्यः ।

"उपकारीकनै धेरै उपकार गरोस् तर,
हुन्न त्यो काम पैलेको उपकार बराबर,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकः करोति हि कृते
निष्कारणमेव कुरुतेऽन्यः ॥ १३८।८२

किनकी यिनमा यौटा निःस्वार्थ हित गर्दछ,
अर्को त्यै हित सम्झेर सापटी मात्र तिर्दछ"

तस्मादभीतवद् भितो विश्वस्तस्तदभीतवत् । १३८।२१२

"न डरे झैं गरी बस्नू भित्र भित्र डरे पनि,
बस्नू विश्वास माने झैं विश्वासै नभए पनि"

न वाच्यः परिवादोऽयं न श्रोतव्य कथञ्चन ।
कर्णं वथाविघातव्यौ प्रस्थेयं चान्यतो भवेत् ॥ १३२।१२

"निन्दा नगर्नू आफूले नसुन्नू अरूको पनि,
चल्छ निन्दा जहाँ हिंड्नू त्यहाँ कान दुवै थुनी"

अप्यरण्यं समाश्रित्य चरेन्मृगगणैः सह
न त्वेवोज्झितमर्यादैर्दस्युभिः सहितश्चरेत् ॥१३३।१०

"बरू जंगलमा घुम्नू जन्तुका साथमा तर,
कत्ति नघम्नु मर्यादा छोड्ने बन्धुहरूसित"

आदौ न कुरुते कार्यः कुशलोऽस्मीति यः पुमान् ।
स संशयमवाप्नोति यथा सप्रतिपत्तिमान् ॥ १२७।१२

"म समर्थ छु ठानेर पैल्यै टाठो हुँदैन जो,
प्राण संशयमा पर्छ जस्तै होस् बुद्धिमान त्यो"

उच्चैर्वृत्ते श्रियो हानिर्यथैवं मरणं तथा ।
तस्मात् कोशं वलं मित्रमथ राजा विवर्धयेत् ॥ १३३।५

"ठूला खान्दानकालाई यदि क्यै हेतुले गरी,
सम्पत्ति नाशिई पर्छ बन्न छोटा बराबरी,
तिनका निमित्त त्यो वेला मृत्युकै तुल्य ठाननू,
तसर्थ नृपले आफ्नो गाँठी पक्का बनाउनू"

शान्तरेभ्यः परान् रक्षन्
परेभ्य पुन शान्तरान् । ८९।१२

पराईबाट आफ्नाको गर्छौं रक्षा जसो गरी,
आफ्नाबाट पराईको गर रक्षा उसै गरी।

उत्थ योत्याय गच्छेत नित्ययुक्तो रिपोर्गृहान् ।
कुशलं चास्य पृच्छेत यद्यप्यकुशलं भवेत् ॥ १४०।२२

आफ्नो सफलता हुन्न जहाँसम्म त्यहाँवक,
शत्रुकहाँ पनि नित्य जाने र आउने गर,
मनभित्र नराम्रो नै चिताए पनि बोलदा,
राम्रो बोल, सधैं सोध हितेच्छु तुल्यका कुरा।

अकालमृत्युर्विश्वासो विश्वसन् हि विपद्यते ।
यस्मिन् करोति विश्वासमिच्छतस्तस्य जीवति । ८०।११

अर्काको अति विश्वास अकाल मृत्यु तुल्य हो,
जसमा भर पर्‍यो त्यस्ले न चाहे देखि त्यो मर्‍यो,

नैव द्वौ न त्रयः कार्या न मृष्येरन् परस्परम् ।
एकार्थे ह्येव भूतानां भेदो भवति सर्वदा ॥ ८०।२५

यौटै काम दुई तीन मान्छेलाई दिए पछि ,
बिग्रन्छ काम आपस्का इर्ष्या या आशाले गरी,

अहिंसा सत्यवचनमानृशंस्यं दमो घृणा ।
एतत् तपो विदुर्धीरा न शरीरस्य शोषणम् ॥ ७९।१८

अहिंसा, सत्य, अक्रोध, दया, दम, कृपा हुनु
हो तपस्या, अरू हैन देह आदि सुकाउनु,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अप्रमाण्यं च वेदानां शास्त्राणां चाभिलङ्घनम् ।
अव्यवस्था च सर्वत्र तद्वै नाशनमात्मन ।। ७९।१९

वेद मान्दिन भन्नू र शास्त्रको बात काटनू,
नमान्नू लोक मर्यादा हो आफ्नै नाश ठाननू,

भवतेऽहं ददानीदं भवानेतत्प्रयच्छतु ।
रुचितो वर्तते धर्मो न बलात्संप्रवर्तते ।। ७८।१०

तपाईंलाई यो दिन्छु मलाई त्यो दिनोस् भनी
खुशीले साट्नु धर्मै हो सस्तो र महँगो पनि,

कर्मणा येन तेनैव मृदुना दारुणेन च ।
उद्धरेद् दीनमात्मानं समर्थो धर्ममाचरेत् ।। १४०।३८

राम्रो नराम्रो जस्तो होस् उपाय गरी राम्ररी,
ज्यान आफ्नू बचाएर गर्नू धर्म त्यहाँ पछि,

मातापित्रोर्गुरूणां च पूजा बहुमता मम ।
इह युक्तो नरो लोकान् यशश्च महदश्नुते ।। १०८।३

मेरा विचारमा यै हो मान्छेको पुण्य जीवन
माता, पिता र श्रद्धेय व्यक्तिको गर्नु पूजन,

आत्मसंयमनं बुद्धयाऽवग्बुद्धयावधारणम् । १२०।१८

सुन्नलाई सबैको नै सुन्दिनू ध्यानपूर्वक,
गर्नलाई त्यही गर्नू जो आफ्नो अनुकूल छ,

परं विश्वासयेत्साम्ना स्वशक्तिं चोपलक्षयेत् । १२०।१९

शक्तिले हैन प्रेमैले विश्वासी सबको बन,
तर नचूक मौकामा आफ्नो शक्ति बनाउन,

प्रथमं यः समाख्यातः शीलवानिति संसदि ।
न वाच्यं तस्य वैगुण्यं प्रतिज्ञां परिरक्षिता ।। १११।८२

पैले जस्लाइ राम्रो हो भनियो पछि त्यैकन ।
नदिनू दोष जान्नेले गर्नू वचन पालन ।।

दुःखेन श्लिष्यते भिन्नं श्लिष्टं दुःखेन भिद्यते ।
भिन्ना श्लिष्टा तु या प्रीतिर्न सा स्नेहेन वर्तते ।।१११।८५

प्रेम बन्धन तोडिन्न सानोतिनो कुरा परी
तोडिएमा पनी जोड्नपर्छ मुस्कील बेसरी ।।
जुन प्रेम सजिलै टुट्छ सजिलै जुट्न सक्तछ
स्नेहले शून्य त्यो प्रेम प्रेम नै ह्वैन वास्तव ।।

लुब्धानां शुचयो द्वेष्या दरिद्राणां महाधना ।। १११।६१

लोभीले देख्न सक्तैनन् निर्लोभी सज्जनैकन
लिन्छन् कातरले डाह आँटीका साथ मन्मन ।।

मूर्खाणां पण्डिता द्वेष्या दरिद्राणां महाधनाः ।। १११।६१½

मूर्खको पुर्पुरो तात्छ देखे विद्वान्हरू भने ।
धनीका साथमा द्वेष लिई राख्छन् दरिद्रले ।।

अधर्मिकाणां धर्मिष्ठा विरूपाणां सुरूपिणः ।। १११।६२

पापी धार्मिक देख्यो कि रीसले चुर्मुराउँछन् ।
राम्रालाई नराम्राले शत्रु हो भनि ठान्दछन् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न दुष्करमिदं पुत्र यत्प्रभुर्घातयेत्परम् ।
श्लाघनीया यशस्या लोके प्रभवतां क्षमा ।। १११·६८

बलीले निर्बलीलाई मार्छन् के जितियो त्यहाँ ?
जितेको तब मानिन्थ्यो बलियाले दिए क्षमा ।।

यस्मन्येत ममाभावादस्या भावो भवेदिति ।
तस्मिन् कुर्वीत विश्व सं ··· ··· ··· ··· ···।। ८०।१७

'मेरा अभावमा यसका साथीको नै अभाव छ,'
भन्ने चिन्ता लिने मान्छे विश्वास लिन योग्य छ ।

अन्धः स्यादन्धवेलायां बाधिर्यमपि संश्रयेत् ।
देशकालौ समासाद्य विक्रमेत विचक्षण ।। १४०।२८

अन्धो या बहिरो जे जे बन्नु पर्छ बनीकन
देशकाल विचारेर गर्नु पर्छ पराक्रम,

यन्निमित्तं भवेच्छोकस्तापो वा दुःमेव च ।
आयासो वा यतो मूलमेकाङ्गमपि तत्यजेत् ।। १७४।४३

जस्का कारणले शोक चिन्ता वा दुःख पर्दछ,
आफ्नै अङ्ग पनी त्यस्तो त्यागिहालन योग्य छ ।।

वत्सौपम्येन दोग्धव्यं राष्ट्रमक्षीण बुद्धिना ।८७।२१

जस्तो बाच्छो नमारेर गाई दुहिन्छ राम्ररी,
पृथिवी दुहुनू रैती नमारेर त्यसै गरी,

मधुदोहं दुहेद्राष्ट्रं भ्रमरा इव पादपम् ।
वत्सापेक्षी दुहेच्चैव स्तनांश्च न विकुट्टयेत् ।
जलोकावत् पिवेद्राष्ट्रं मृदुनैव नराधिपः ।।८८।४-५

बाच्छोले झैं, जुकाले झैं मौरीले झैं गरीकन,
उठाऊ 'कर' मान्छेको नदुःखाई रती मन,

आददीत बलिं चापि प्रजाभ्यः कुरुनन्दन ।
सषड् भागमपि प्राज्ञ स्तासा मेवाभिप्तसये ।।६९।२५

दुनियाँका कमाईको 'छैटौं भाग' लिनू कर
तर त्यो खर्चनू सारा प्रजाकै हित खातिर

यथा पुत्रा स्तथा पौत्रा द्रष्टव्यास्ते न संशयः ।
भक्तिश्चैषां न कर्तव्या व्यवहारे प्रदर्शिते ।।६९।२७

छोरा नातिहरूमा झैं प्रजामा दृष्टि राखनू,
न्याय गर्दा पनी कत्ति पक्षपात नपारनू,

श्रोतुं चैव न्यसेद्राजा प्राज्ञान् सर्वार्थ दर्शिनः ।
व्यवहारेषु सततं तत्र राज्यं प्रतिष्ठितम् ।।६९।२८

बादी र प्रतिवादीको कुरा सुन्नू बराबर
राख्नू विद्वान् कुरा सुन्न, राज्य हुन्छ अनि स्थिर,

अपराधैर्न तावन्तो भृत्या क्लिष्टा नराधिपैः ।
उपघातैर्यथा भृत्या दुषिता निधनं गता ।।

अपराधै गरी दण्ड भोग्ने हुन्नन् कसै त्यति
जालीका जालले गर्दा अकार्थै मर्दछन् जति

पानीयं वा निरायासं स्वाद्वन्नं वा भयोत्तरम् ।
विचार्य खलु पश्यामि तत्सुखं यत्र निर्वृतिः ।।११ ३२

पानी पिएर निर्धक्क बस्नुमा सुख मिल्छ कि ?
अर्काको धक मानेर मिठाई खानु जाति कि ?
यी दुईमा कसो गर्नु 'सुख' हो ? यो विचारियो
पानी पिएर निर्धक्क बस्नु नै ठीक ठानियो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकान्तेन हि सर्वेषां न शक्यं तात रोचितुम् ।
मित्रा मित्रमथो मध्यं सर्वभूतेषु भारत ।।८९।१९

सारा संसारको जाती बनिंदैन जती भए,
जो सुकैका पनी हुन्छन् शत्रुमित्र युधिष्ठर !

पानागारनिवेशाश्च वेश्याः प्रापणिकास्तथा ।
कुशीलवा सकितवा ये चान्ये केचिदीदृशः ।।
नियम्याः सर्व एवंते ये राष्ट्रस्योपघातकाः ।
एते राष्ट्रेऽभितिष्ठन्तो बाधन्ते भद्रिका जनाः ।।८८।१४-१५

मद भट्टी र वेश्याका भट्टी शालाहरू तथा
जुवाडे घर या यस्तै ठाउँ नीच प्रकारका,
राष्ट्रमा छन् भने काहीं प्रतिबन्ध लगाउनू,
राम्रो मान्छे पनी यस्ताबाट बिग्रन्छ जानन्,

आपद्येव तु याचन्ते येषां नास्ति परिग्रहः ।
दातव्यं धर्मतस्तेभ्यस्त्वनुक्रोशाद् भयान्नतु ।।८८ २३

बिना दुर्घटना कोही नहिंडोस् याचना गरी
साँच्चै आपत् परेकाले पाओस् अर्थ सरासरी
अर्थात् संकट पर्दामा राष्ट्रवासी कुनै हवस्
विना बिन्ती विना त्रास खान पावोस् सुखी रहोस्

आन्तरेभ्यः परान् रक्षन्
परेभ्यः पुनरान्तरान् ।।८९।१२

पराईबाट आफ्नाको गर्छौं रक्षा जसो गरी
आफ्नाबाट पराईको गर रक्षा उसै गरी !

कुनै अन्यायको दण्ड बज्रेन यदि आफुमा
त्यो अवश्य पछी फल्छ छोरा नाति पनातिमा,

प्रत्यक्षं सुखभूयिष्ठमात्मसाक्षिकमच्छलम् ।
सर्वलोक हितं धर्मं क्षतियेषु प्रतिष्ठितम् ।।६४।५

जो प्रष्ट छ सजिलो छ सर्वलोक हितैषि छ
आत्माले पनि जो मान्छ त्यही हो धर्म वास्तव,

प्राज्ञः शूरो धनस्थश्च स्वामी धार्मिक पार्थिव ।
तपस्वी सत्यवादी च बुद्धिमांश्चापि रक्षति ।।८८।३१

विद्वान्, वीर, धनी, नेता, धर्मात्मा, तपस्वी पथ,
सत्यवान्, बुद्धिमान् व्यक्ति जान्नू रक्षक राष्ट्रका ।

धनिनः पूजयेन्नित्यं पानाच्छादन भोजनैः ।
वक्तव्यश्चानुगृण्हीध्वं प्रजाः सह मयेति च ।।८८।२९

धनी व्यक्तिहरूलाई सम्मान गर्नु पर्दछ,
भन्नुपर्दछ रैतीमा 'गर्नु होस् कयै अनुग्रह'

मा ते राष्ट्रे याचनका भूवन्मा चापि दस्यवः ।
एषां दातार एवंते न ते भूतस्य भावकाः ।।८८।२४

न हुन् माग्ने कुनै रैती कुनै चोर पनी नहुन्,
जो उक्साउँछ यिन्लाई ती पनि चोर तुल्य हुन् ।

भूत्वा च न भवत्येत-
दभूत्वा च भविष्यति ।
शोके न ह्यस्ति सामर्थ्यं
न तु कुर्यात् कथञ्चन ।।१०४।१६

जस्तो हुन्थ्यो सधैं त्यस्तो ऐल्हे नहुन सक्तछ
जो हुँदै हुन्नथ्यो कैल्यै त्यै ऐल्हे हुन सक्तछ,
यसर्थ जे परोस् जे होस् कैल्यै शोक न ल्यौ तिमी
क्यै गरी फेर्न सक्तैन शोकले त्यो कुरा भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ये तु विंशति वर्षा वा त्रिंशद् वर्षाश्च मानवाः ।
अर्वागेवहि ते सर्वे मरिष्यन्ति शरच्छनात् ।।१०४।२०

बीस बाईसका जो जो युवा छन् कलिला, तर
ती पनी लाग्दछन् बाटो शय वर्ष यतैतिर,

उतथ्य गीता

यत्रावसो बाध्यमान स्त्रातार नाधिगच्छति ।
महान् दैवकृतस्तत्र दण्डः पतति दारुणः ।।९१।२२

छैनन् सहाय क्वै ठानी जो निर्धोकन हेर्दछ,
त्यस्तालाई झटाराले दैवले नै ठटाउँछ,

यानि मिथ्याभिशस्तानां पतन्त्यश्रूणि रोदताम् ।
तानि पुत्रान् पशून् घ्नन्ति तेषां मिथ्याभिशंसताम् ।।९१।२०

विनाऽपराध रोएका दुःखीका आँसुका ढिका
जति खस्छन् उती पिर्छन् पशु पुत्र मनुष्यका,

धर्मेवर्धति वर्धन्ति सर्वभूतानि सर्वदा ।
तस्मिन्ह्रसति ह्रीयन्ते तस्माद् धर्मं न लोपयेत् ।।९०।१६

धर्म बढ्दा सबै बढ्छ घट्दा घट्छ सबै भनी
नगर्नू धर्मको लोप कस्तै आपत् परे पनि,

दुर्बलस्य च यच्चक्षुर्मुने राशी विषस्य च ।
अविषह्यनमे मन्ये मास्म दुर्बलमासदः ।।९१।१४

सर्पको, ऋषिको, यस्तै बलहीन मनुष्यको,
क्रोधले पिर्छ चाँडैनै नहेर्नू यीकनै निको,

बलियो शत्रुभन्दा झन् हुन्छ दुर्बल घातक
बलियाले उहीं पिट्छ दुब्लाको श्राप लाग्दछ,
पिटेको के कुरा हो र दुःख्छ हुन्छ निको पनि
दुःखीको श्रापले आँटे पोलिदिन्छ कुनै पनि

वामदेव गीता

नापत्रयेत प्रश्नेषु नाविभाव्यां गिरं सृजेत् ।
न त्वरेत न चासूयेत्तया संगृह्यते परः ।।९३।१०

सोधेका प्रश्नको छोटो दिनू निर्धक्क उत्तर
नबाल्नू मुखले ह्वात्त योजना क्वै असम्भव,
नलिनू हत्पते बानी नराख्नू द्वेष क्वैसंग,
यति गर्न सके हुन्छन् मूर्ख मान्छे पनी वश,

न पूर्णोऽस्मीति मन्येत धर्मतो कामतोर्थतः ।
बुद्धितो मित्रतश्चापि सतत वसुधाधिप ।।९०।१२

धर्मार्थ काम औ मित्र, बुद्धि यी पाँच वस्तुले
मलाई भा पुग्यो भन्ने ठान्न हुन्न मनुष्यले,

गुरुप्रधानो धर्मेषु स्वयमर्थानवेक्षिता ।
धर्मप्रधानो कार्येषु सचिरं सुखमश्नुते ।।९२।१९

धर्मका निम्तिमा ठूला बडाको अर्ति मान्दछ
अर्थ प्राप्ति हुने बाटो आफै अड्कल जान्दछ,
पाएको धन श्रद्धाले धर्मतिर्फ लगाउँछ,
जुन मानिस यस्तो छ त्यसैले सुख पाउँछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रिये नाति भृशं हृष्ये-
दप्रिये न च सञ्ज्वरेत् ।।९३।३५

सजायँ नदिनू धेरै राजाले शत्रुमा पनि,
त्यस्तै बसी बसी खान नपाओस् मित्रले पनि

यस्य नास्ति गुरुर्धर्मे
न चान्यनपि पृच्छति ।
सुखतेत्रोऽर्थलाभेषु
न चिरं सुखमश्नुते ।।९२।१८

धर्म शिक्षा दिने जस्का न कोही गुरु वर्ग छन्
न आफै जो भई नम्र अरुका साथ सोध्दछन्,
त्यस्ताले धन पाएमा विनायेसै उडाउँछन्
अनि जोडन सक्तैनन् दुःख पाएर मर्दछन्,

तक्षेदात्मानयेवंस वने परशुना यथा ।
यः सम्यग्वर्तमानेषु स्वेषु मिथ्या प्रवर्तते ।।

जान्नू काटन स्वयंलाई बञ्चरो त्यो चलाउँछ,
राम्रो गर्नेहरूमाथि नराम्रो जो चिताउँछ,

कालक वृक्षीय ऋषिका सूक्ति

अनागतं यन्नममेति विद्या-
दतिक्रान्तं यन्नममेति विद्यात्
ते पण्डिता तत्सतां स्यानमाहुः १०४।२२

थिएन मेरो जुन पाइएन
त्यो हैन मेरो जुन पाइँदैन,
भन्ने बुझी जो गरदैन चिन्ता
हो त्यै सुखी शान्त र बुद्धिमन्ता

यत्किञ्चिन्मन्यसेऽस्तीति सर्वं नास्तीति विद्धि तत् ।
एवं न व्यथते प्राज्ञ कृच्छ्रामायापदं गतः ।।१०४।१२

जे मेरो हो भनेका छौ त्यै मेरो हैन ठानियौ
यत्ति ठान्न सके ठूला दुःखबाट तिमी तर्‍यौ,

अपि चेन्महतो मित्तान्न प्रमुच्येत पूरुषः ।
नैतन्ममेति तन्मत्वा कुर्वीत प्रियमात्मनः ।। १०३।२१

ठूलो धन त्यसै त्याग्न यदि सक्तैन मानिस
गरोस् आसक्ति छोडेर आत्मकल्याणमा व्यय,

पुरस्तादेव ते बुद्धिरियं कार्याविजानता ।
अनित्यं सर्वमेवेतदहं च मम चास्तियत् ।। १०४।१२

पहिल्यैदेखि यो शोचे चिन्ता आफै हराउँछ,
म स्वयं अथवा मेरो जे जे छ त्यो अनित्य छ,

अवाप्यान् कामयन्नर्थान् नानवाप्यान् कदाचन ।
प्रत्युप्यन्नाननु भवन् माशुच स्त्वमना गतान् ।। १०४।२८

जे मिलन सक्छ त्यै खोज जे मिल्यो त्यै मिठो भन
इच्छै नलयौ नमिलनेको यसरी नै सुखी बन,

विविध सूक्ति

त्यागान्न भिक्षुकं विद्यान्न मौढ्यान्नच याचनात् ।
ऋजुस्तु योऽयं त्यजति म सुखं विद्धि भिक्षुकम् । १८।३०

माग्दैमा घर छोडदैमा हुन्न क्वै पनि भिक्षुक,
राम्ररी स्वार्थ जो छोड्छ त्यही हो भिक्षु वास्तव,
—जनकरानी कौशल्या

सन्तुष्टाः सर्वसिद्धार्था निर्भयाः स्वैर चारिणः ।
नराः सत्यव्रताश्चासन् रामे राज्यं प्रशासति । २९।५७

रामले राज्य गर्दामा त्यहाँका जनमा सब
थिए स्वतन्त्र सन्तुष्ट पूर्ण काम र निर्भय,
—श्री कृष्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लब्धानामपि वित्तानां बोद्धव्यौ द्वावतिक्रमौ ।
अपात्रे प्रतिपत्तिश्च पात्रे चा प्रतिपादनम् ।। २६।३१

कुठाउँमा दिनू राम्रो ठाउँमा नदिनू पनि
दुई भूल नहुन् कैल्यै खर्चंदा निजसम्पती ।।
—महाराज युधिष्ठिर

देवतानां पितृणां च हव्य-कव्य-विनाशकः ।
शत्रुरर्थहरो मूर्खो न लोकान् प्राप्तुमर्हति ।। ३६।४९

द्यौता र पितृको जस्ले हव्य कव्य हराउँछ,
परत्र के सपार्ला खै ? त्यस्तो मूर्ख पुरोहित,
—महर्षि व्यास

न बिभेति यदा चायं यदा चास्मान्न बिभ्यति ।
कामद्वेषौ च जयति तदात्मानं च पश्यति ।। २१।४

जसबाट क्वै डराएनन् जो डरेन कसैसित
काम, द्वेष पनी छोड्यो भने पाउँछ ईश्वर
—ऋषि देवस्थान

अनन्तं बत मे वित्तं यस्य मे नास्ति किञ्चन ।
मिथलायां प्रदीप्तायां न मेदह्यति किञ्चन ।। १७।१९

मलाई छ धनी भन्छन् छैन मेरो त क्यै पनि
सम्पूर्ण मिथिला जल्दा मेरो डढ्दैन क्यै पनि
—महाराज जनक

यो हि कालो व्यतिक्रामेत् पुरुषं कालकांक्षिणम् ।
दुर्लभः स पुनस्तेन कालः कर्मचिकीर्षुणा ।। १०३।२१

मौका चुक्यो कि मान्छेको चुक्यो सफलता पनि
त्यो मौका फेरि फर्कन्न जति जोड गरे पनि ।
—गुरु बृहस्पति

यस्मिन् भयार्दित सम्यक् क्षेमं विन्दत्यविक्षणम् ।
स स्वर्गजित्तमोऽस्माकं सत्यमेतद् ब्रवीमिते ।। ७५।३४

डराएको कुनै व्यक्ति जहाँ आश्रय पाउँछ,
स्वर्गभन्दा पनी श्रेष्ठ त्यै आश्रय कहाउँछ,
—भीष्म

समान पृष्ठोदर पाणिपादा
पराभवं भीरवो वै व्रजन्ति ।
अतो भयार्ता प्रणिपत्य भूयः
कृत्वाञ्जलीनुपतिष्ठन्ति शूरान् ।। ९९।१६

उस्तै पिठ्यूँ पेट र हात पाउ
हुँदा पनी कातर हार खान्छ,
शूरो डटी ती डरपोकलाई
रबाफका साथ झुकाइदिन्छ,
— भीष्म

धनं वा पुरुषो राजन् पुरुषं वा पुनर्धनम् ।
अवश्य प्रजहात्येव तद् विद्वान कोऽनुसंज्वरेत् ।। १०४।४५

कि सम्पत्ति सबै छाडी मान्छेले जानु पर्दछ,
कि मान्छेलाइ छाडेर सम्पत्ति ठाउँ सर्दछ,
अवश्यै यी दुवै छुट्छन् कुनै दिन भनी बुझी
सम्पत्ति नाशियो ठानी रुँदैनन् बुद्धिमान् जति,
— ऋषि कालक वृक्षीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यावद्धि प्रथते लोके पुरुषस्य यशोभुवि । तावत् तस्याक्षयं स्थानं भवतीति विनिश्चिता ।। ५४।३२	कीर्ति संसारमा चल्छ जहाँसम्म त्यहाँतक, स्वर्गादिलोकमा हुन्छ उसको निवास अक्षय, — श्रीकृष्ण
अविनाशोऽस्य सत्त्वस्य नियतो यदि भारत । हत्वा शरीरं भूतानां न हिंसा प्रति पत्स्यते ।। १३।६	आत्मा अमर हो भन्ने कुरा निश्चय हो यदि युद्धमा देह मार्दैमा हिंसा हुन्छ कसो गरी ? — सहदेव
सुकृतस्य हि सान्त्वस्यश्लक्ष्णस्य मधुरस्य च । सम्यगासेव्यमानस्य तुल्यं जातु न विद्यते । ८४।१०	मीठो पवित्र औ स्पष्ट वाणीको व्यवहार झैं छैन संसारमा अर्को सुखदायी कुरा कुनै, —गुरु बृहस्पति
न तु हन्यान्नृपो जातु दूतं कस्याञ्चिदापदि । दूतस्य हन्ता निरयमाविशत्सचिवैः सह ।। ८५।२६	राजदूत कहींको होस् कस्तै हेतु परोस् तर नमारूँ, दूत हत्याले पाप लाग्छ भयंकर, — भीष्म
श्मशाने यदिमे वासः समाधिर्मे निशम्यताम् । आत्मा फलति कर्माणि नाश्रमो धर्मकारणम् ।। १११।१३	मसानैमा बसूँ किन्तु मेरो निश्चय यो सुन आत्माको हो धर्मको हेतु कुनै आश्रम होइन, — भगवान् शंकर
अधनेनार्थकामेन नार्थः शक्यो विधित्सितुम् अर्थैरर्था निबध्यन्ते गजैरिव महागजा ।। ८२०	हात्तीले हात्ति पक्रे झैं तानिन्छ धनले धन निर्धनीले त सक्तैन मागेमा पनि पाउन, — अर्जुन
अकृष्टपच्या पृथिवी पुटके पुटके मधु । सर्वद्रोणदुघा गावो वैन्यस्यासन् प्रशासतः ।। २९।१४०	नजोती फुल्दथे अन्न हाँगैपिच्छे थियो मह, गाई हुन्थे सधैं लैना राजा पृथु छँदातक, -श्रीकृष्ण
नान्यत्र बुद्धि क्षान्तिभ्यां नान्यत्रेन्द्रिय निग्रहात् । नान्यत्र धन संत्यागाद् गणः प्राज्ञेऽवतिष्ठते ।। ८१।२६	विनाबुद्धि, विनात्याग, विनाइन्द्रियनिग्रह, विनाक्षमा कहाँ झुक्छन् जनता एउटै तिर ? -देवर्षि नारद
नास्ति विद्यासमं चक्षुर्नास्ति सत्यसमं तपः । नास्ति रागसमं दुःखं न स्ति त्यागसमं सुखम् ।। १७५।३५	छैन विद्या सरी चक्षु छैन सत्य सरी तप, छैन रोग सरी दुःख छैन त्याग सरी सुख, -मेधावी ऋषि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वं जिह्मं मृत्युपद
मार्जवं ब्रह्मणः पदम् ।
एतावान् ज्ञानविषयः
किं प्रलापः करिष्यति ।। ७९।२१

सारा कपट हुन् आफ्नै मृत्यु या नाश केवल
सारा सरलता आफ्नै निम्ति हुन् मोक्षदायक
मान्छेले जान्नै पर्ने शास्त्रको ज्ञान यत्ति हो,
अरू लामो कुरा जे हो त्यो खाली गफ मात्र हो
-भीष्म

ज्ञातीनां वक्तुकामानां कटुकानि लघूनि च ।
गिरा त्वं हृदयं वाचं शमयस्व मनांसि च ।। ८१।२२

छोटा, टर्रा कुरा आफ्ना दाजुभाइ गरुन् तर
शीतलो वाक्य बोलेर उनको चित्त सफा गर,
-देवर्षि नारद

यस्तु सर्वमभिप्रेक्ष्य पूर्वमेवाभिभाषते ।
स्मित पूर्वाभिभाषी च तस्य लोकः प्रसीदति ।। ८४।६

जो सुकै भेटियोस् बोल्न जो आफै अघि सर्दछ
हाँसी हाँसी कुरा सक्छ त्यै हुन्छ सबको प्रिय,
-गुरु बृहस्पति

यात्रार्थं भोजनं येषां संतानार्थं च भोजनम् ।
वाक् सत्य वचनार्थाय दुर्गाण्यति तरन्ति ते ।। ११०।२३

जो खान्छन् बाँच्न सन्तान निम्ति मैथुन गर्दछन् ।
सत्य बोल्न कुरा गर्छन् तिनै संसार तर्दछन् ।।
-भीष्म

अहिंसा सत्यवचनमानृशंस्यं दमो घृणा ।
एतत्तपो विदुर्धीरा न शरीरस्य शोषणम् ।। ७९।१८

अहिंसा, सत्य, अक्रोध, दया, दम, कृपा हुनु
हो तपस्या, अरू होइन देह आदि सुकाउनु,
-भीष्म

अप्रियं यस्य कुर्वीत भूयस्तस्य प्रियं चरेत् ।
न चिरेण प्रियः सस्याद्योऽप्रियः प्रियमाचरेत् ।। ९३।८

नराम्रो बलियो जसको गर्नु राम्रो उसैकन,
नराम्राले गरे राम्रो चाँडै नै फिर्छ यो मन,
-महर्षि वामदेव

अप्रमाणं च वेदानां शास्त्राणां चाभिलंघनम् ।
अव्यवस्था च सर्वत्र तद्वैनाशनमात्मनः ।। ७९।१८

वेद मान्दिन भन्नू र शास्त्रको बात काटनू
नमान्नू लोक मर्यादा हो आफ्नै नाश ठाननू
-भीष्म

पर्वताद्विषमाद् दुर्गाद् हस्तिनोऽश्वात् सरीसृपात् ।
एतेभ्यो नित्ययुक्तः स्याद्रक्षेदात्मानमेवतु ।। ९३।३१

भीर, पर्वत औ दुर्ग, हात्ती घोडा जनावर
चाँहिन्छन् यी सबै किन्तु यीबाट जोगिने गर
-महर्षि वामदेव

किन्ते धनैर्बान्धवैर्वापि किन्ते
किन्ते दारैर्ब्राह्मण यो मरिष्यसि ।

के खोज्दछौ ? वित्त र बन्धु नारी
जानू छ ता आखिर देह छाडी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मानमन्विच्छ गुहां प्रविष्टं
पितामहास्ते क्व गता पिता च ।। १७५।३८

कहाँ गए बाबु बराजु शोच
यसर्थ आत्माकन भित्र खोज,
-मेधावी ऋषि

बलं संकर्षणे नित्यं सौकुमार्यं पुनर्गदे ।
रूपेण मत्तः प्रद्युम्नः सोऽसहायोऽस्मि नारद ।। ८१।७

भाई 'गद' छ कम्जोर बलिया 'बलराम' छन्,
डर लाग्दछ देवर्षि ! जब यी कल गर्दछन्,
फेरि 'प्रद्युम्न' ढोटेछ असाध्यै रूपमत्त छ
'के के हुन्छ कता ?' ठान्छु छैन कोही सहायक,
(श्रीकृष्ण-देवर्षि नारदप्रति)

यदन्येषां हितं न स्यादात्मनः कर्म पौरुषम् ।
अपत्रपेत वा येन न तत् कुर्यात् कथंचन ।। १२४।६७

हुँदैन अरुमा लाभ जुन् आफ्ना पुरुषार्थले
या जेले लाज लाग्नेछ त्यो नगर्नू मनुष्यले
-महाराज धृतराष्ट्र

अयुद्धेनैव बिजयं वर्धयेद् वसुधाधिपः ।
जघन्यमाहुर्विजतं युद्धेन च नराधिप ।। ९४।१

विना युद्ध विना हत्या राजाले जित्न चाहनू
युद्धको जीत साह्रै नै तुच्छ इज्जत ठाननू,
-भीष्म

शीलेन हि त्रयोलोका जेतुं शक्या न संशय ।
नहि किञ्चिदसाध्यं वै लोके शीलवतां भवेत् ।। १२४।१५

राम्रो स्वभावले मान्छे संसारै जित्न सक्तछ,
असाध्य छैय क्यै त्यस्को जस्को शील स्वभात्र छ
-महाराज धृतराष्ट्र

अनाढ्य श्चापि जीवन्ति राज्यं चाप्यनु शासति ।
बुद्धि पौरुष संपन्नास्त्वया तुल्याऽधिका जनाः ।। १०४।४३

सधैं जीत पनी हुन्न हुन्छ हार पनि सधैं
भोग्ने र भोगिने शक्ति हुनु पर्छ दुवै सँगै,
-भीष्म

एडकाश्व खरोष्ट्रीणां सूतिकानां गवामपि ।
मानुषीणां मृगीणां च न पिवेद् ब्राह्मणः पयः ।। ३६।२४

तिमी जस्तै कति मान्छे भए तापनि निर्धन
बाँचेका छन्, गरेका छन् राजकीय प्रशासन
-भीष्म

भेडा, घोडा, गधा, ऊँट, सुत्केरी गाइको अनि
मान्छे औ मृगको दूध नखानू कहिले पनि
महर्षि व्यास

न दुष्करमिदं पुत्र यत्प्रभुर्घातयेत् परम् ।
श्लाघनीया यशस्या च लोके प्रभवतां क्षमा ।। १११।६८

बलीले निर्बलीलाई मार्छन् के जितियो त्यहाँ ?
जितेको तब मानिन्थ्यो बलियाले दिए क्षमा,
-भीष्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष्ठा वार्धुषिकस्यान्नम्······ ।
··॥ ३६।२८

ढोके चोके गरी ब्याज खानेका घरको धन,
विष्टा समान हो दान लिनु वा गर्नु भोजन।
-महर्षि व्यास

सर्वत्र रमते प्राज्ञः सर्वत्र च विराजते ।
न विभीषयते काश्चिद् भिषितो न विभेति च ॥ १३९।८७

देखिन्छन् हँसिला नित्य जहाँ पनि रमाउँछन्
न हेप्छन् न त हेपिन्छन् जो व्यक्ति बुद्धिमान छन्
-भीष्म

यद्यप्यशीला नृपते प्राप्नुवन्ति श्रियं क्वचित् ।
न भुञ्जते चिरं तात समूलाश्च न सन्ति ते ॥ १२४।६९

पाउनन् पाउनालाई दुष्टले पनि इज्जत,
तर त्यो धेर टिक्तैन जरै मासिन्छ आखिर,
-धृतराष्ट्र

सन्तोषो वै स्वर्गतमः सन्तोष परमं सुखम् ।
तुष्टेर्न किञ्चित् परतः सा सम्यक् प्रतितिष्ठति ॥२१।२

सन्तोषै स्वर्ग हो ठूलो सन्तोषै हो महान सुख,
छैन सन्तोषले भन्दा ठूलो वस्तु कतैतिर
-देवस्थान ऋषि

मनोरथे तु यो दद्यादेकस्मा अपि भारत ।
न कीर्तयेत दत्वा यः स च पापात्प्रमुच्यते ॥३५।१५

जो कसैको मनोवाञ्छा यौटै होस् पूर्ण पर्दछ,
त्यसको धाक लगाउन्न भने त्यो स्वर्ग पाउँछ,

धर्मं, सत्यं, तथावृत्तं बलं चैव तथाप्यहम् ।
शीलमूला महाप्राज्ञ सदा नास्त्यत्र संशयः ॥१२४।६२

धर्म, सत्य, सदाचार, बल, सम्पत्ति यी सब,
शीलका साथता हिंड्दछन् यसमा छैन संशय।
-श्री लक्ष्मी

चरेद्धर्मानकटुकः मुञ्चेत् स्नेहं न चास्तिकः ।
अनृशंसश्चरेदर्थं चरेत्कामयनुद्धतः ॥ ७०।३

गर्नू धर्महरू किन्तु नबन्नू अति कट्टर,
लिनू आस्तिकता किन्तु नछोड्नू प्रेम सुन्दर,
सम्पत्ति जोड्नू किन्तु कञ्जूस नहुनू रती
सुख भोग्नू सबै किन्तु नतोड्नू लोकको थिती,
—भीष्म

कृशत्वेन समं राजन्नाशाया विद्यते नृप ।
तस्या वै दुर्लभत्वाच्च पार्थिवा प्रार्थिता मया । १२८।९

आशा मैं छैन क्यै अर्को मान्छेलाई गिराउने,
नमिल्ने चीज खोजेर मै पनी माग्दै हिंडे,
—ऋषभदेव

किं तस्य तपसा राज्ञः किं च तपस्याध्वरे रपि ।
सुपालितप्रजो यः स्यात् सर्व धर्म विदेव सः ॥ ७२।७१

त्यो राजालाइ के खाँचो तपस्याको र यज्ञको,
जो राम्रो जनसेवी छ त्यसले यज्ञ सबै गर्‍यो,
—भीष्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न हि खल्वनुपायेन कश्चिदर्थोऽभि सिद्धयति ।
सूत्रजालैर्यथा मत्स्यान् बद्धन्ति जलजीविनः । २०३।११

उपाय नगरी सिध्द हुन्न काम कुनै पनि
पक्रन्छन् जालले माछा मछुवाहरूले पनि
—महाराज मनु

अहिरेवेह्यहेः पादान् पश्यतीति हि न श्रुतम् ।
तद्वत् मूर्तिषु मूर्तिस्थं ज्ञेयं ज्ञानेन पश्यति ॥ २०३।१३

ज्ञानी ईश्वरको मूर्ति ज्ञानीले मात्र देख्दछ,
'सर्पैले सर्पका गोडा देख्छ' भन्ने उखान छ ॥
– महाराज मनु

महाविद्योऽल्प विद्यश्च बलवान् दुर्बलश्च यः ।
दर्शनीयो विरूपश्च सुमगो दुर्भगश्च यः ।
सर्व कालः समादत्ते गम्भीरः स्वेन तेजसा ।
तस्मिन् कालवशं प्राप्ते का व्यथा मे विजानतः ॥ २२४।१८-१९

महाविद्वान्, महामूर्ख, बलवान् अनि दुर्बल,
राम्रा, कुरूप सौभागी अभागी आदि यी सब,
पिल्सन्छन् कालज्वालामा एकै मेसो भने जब,
मलाई मात्र यस्तो भो भनी आत्तिनु के छ र ?
– राजा बलि

तरसा ये न शक्यन्ते शस्त्रैः सुनिशितैरपि ।
साम्ना तेऽपि निगृह्यन्ते गजा इव करेणुभिः ॥ १३९।३९

जस्लाई वाणले, शस्त्र अस्त्रका तीव्र चोटले,
पनि गाह्रो परेको छ वश पार्न मनुष्यले,
त्यस्तालाई फकाएर सकिन्छ तह्लाउन
ढोई देखाउनूपर्छ वनहात्ती समाउन
—ब्रह्मदत्त

ऋण शेषमग्नि शेषं शत्रुशेषं तथैव च ।
पुनः पुनः प्रवर्धन्ते तस्माच्छेषं न रक्षयेत् ॥ १४०।५९

'ऋण शेष, अग्निशेष, शत्रुशेष' खराब छन् ।
शेषै नराख्नु है यिन्को, राख्यो कि बढिहाल्दछन्
—भारद्वाज

सान्तिपातो न मन्तव्य शक्ये सति कथञ्चन ।
सान्त्व भेद प्रदानानां युद्धमुत्तर मुच्यते ॥ १०२।२२

युध्द गर्न सकेसम्म कैल्यै पनि नखोजनू,
सबै उपाय थाकेमा मात्र संग्राम रोजनू,
—भीष्म

अनिर्वेदेन, दीर्घेन, निश्चयेन ध्रुवेण च ।
नेव देव प्रसादाच्च क्षिप्रं फलमवाप्यते ॥ १५३।११६½

न आत्तिएर थालेको धेरै लामो विचारको,
पवित्र लक्ष्यको त्यस्तै ध्रुव निश्चय आँटको,
छ भने काम जस्तै होस् गर्नै नसकिने तर
भगवान्का कृपाले त्यो अवश्यै पूर्ण बन्दछ
– भगवान् शंकर

सर्वान् देवान् नमस्यन्ति सर्वं धर्मंश्च शृण्वते ।
ये श्रद्धधाना शान्ताश्च दुर्गाण्यति तरन्ति ते ॥ ११०।१८

जो सबै देवमा झुक्छन् सबैका शास्त्र सुन्दछन्,
श्रध्दा औ शान्ति प्रेमी छन् तिनै संसार तर्दछन्
—भीष्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रियं ब्रूयादकृपणः शूरः स्यादविकत्थनः ।
दाता ना पात्र वर्षीम्यात् प्रगल्भस्यादनिष्ठुरः ॥ ७२।४

गर मीठा कुरा किन्तु नहौ कन्जूस सत्यमा,
बन पराक्रमी किन्तु नफुलियौ घमण्डमा,
देऊ दानहरू किन्तु जहाँ पायो उहीं नद्यौ,
होऊ फरासिला किन्तु कैल्यै निष्ठुरता नल्यौ ॥
—भीष्म

निर्विद्यति नरः कामान्निर्विद्य सुखमेधते । १०४।७

जब मानिसले केही खोज्यो कि दुःख पाउँछ,
दुःख खप्न सके फेरि सुख आफै पलाउँछ,
—राजकुमार क्षेमदर्शी

मित्राच्च लभते सर्वं मित्रात्पूजां लभेत च ।
कृतज्ञेन सदा भाव्य मित्र कामेन चैव ह ॥ १७३।२२

मित्रले दिन्छ सर्वस्व मित्रैले मान गर्दछ,
साँच्चैको मित्र खोज्नेले कृतज्ञ बन्नुपर्दछ,
—भीष्म

असुहृत्ससुहृच्चापि स शत्रुमित्रवानपि ।
सप्रज्ञः प्रज्ञया हीनो दैवेन लभते सुखम् ॥ १७३। दा.पा.

मित्र हून् कि नहून् आफ्ना शत्रु हून् कि नहून् तर
बुध्दि होस् कि नहोस् भाग्य छ भने सुख मिल्दछ
—एक ब्राह्मण

नाहं राज्य सुखान्वेषी राज्यमिच्छाम्यपि क्षणम् ।
धर्मार्थं रोचये राज्यं धर्मश्चात्र न विद्यते ॥ ६५।१५

सुखका निम्तिमा राजा बन्न कत्ति म खोज्दिन,
धर्मका निम्तिमा खोज्थें यहाँ त्यो धर्म देख्दिन,
—युधिष्ठिर

अपितु त्वां मृदुप्रज्ञमत्यार्थमति धार्मिकम् ।
क्लीबं धर्म घृणायुक्तं न लोको बहु मन्यते ॥ ७५।१९

साह्रै, शान्त, अति ज्ञानी, धेरै उच्च र धार्मिक
ज्यादै दयालु बन्नाले झन् हुँदैनौ जनप्रिय,
—भीष्म

काले धुरी च युक्ताना वहतां भारमाहितम् ।
सीदतामपि कौन्तेय न कीर्तिरवसीदति ॥ ७५।२६

हलो तानुन् कि मौकाले भारी बोकुन कि हुन्छ के ?
मरुन दुःखमा किन्तु कत्ति छोड्दैन कीर्तिले,
—भीष्म

किं तैर्येऽनडुहो नोह्याः किं धेन्वा वाप्यदुग्धया ।
बन्ध्यया भार्यया कोऽर्थः कोऽर्थो राज्ञाप्यरक्षता ॥ ७८।४१

नजोत्ने गोरु भै के भो ? बारो गाइ भएर के ?
बन्ध्या पत्नी भइ के भो ? के अरक्षक भूपले ?
—युधिष्ठिर

व्यसनान्नित्यभीतोयः समृध्दया यो न दुष्यति ।
यस्यादेवं विधं मित्र तदात्मसममुच्यते ॥ ८०।२०

जो दुःखमा पीर लिन्छ ईर्ष्या गर्दैन सुखको ।
यस्तो मित्र भए जान्नू आफ्नै आत्मीय रूप हो,
—भीष्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अद्रोहेणैव भूतानामल्प द्रोहेण वा पुनः ।
या वृत्तिः सपरो धर्मस्तेन जीवामि जाजले ।। २६१।६

अद्रोह अथवा अल्प द्रोहले जति भेट्छु म
त्यै लाभ हो महान् धर्म त्यसैले बाँच्न खोज्छु म,
—तुलाधर वैश्य

धेनुर्वत्सस्य गोपस्य स्वामिनस्तस्करस्य च ।
पयः पिबति यस्तस्या धेनुस्तस्येति निश्चयः ।। १७४।३२

चोर, गोप, धनी, बाच्छो सबैको गाइ हो तर,
जस्ले दुध पियो हुन्छ उसैको गाइ वास्तव,
—एक ब्राह्मण

हत्वा सत्वानि खादन्ति तान् कथं न विगर्हसे ।
मनुषा मानुषानेव दास भावेन भुञ्जते ।। २६२।३८

मान्छेले मानिसैलाई दास पारन खोज्छ जो,
त्यो घाती नरभक्षी हो नीच हो निन्दनीय हो,
—तुलाधर वैश्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुशासनपर्व

(तेह्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१. अनुशासनपर्वको कथासार
२- उद्योग महत्व
३- दान–धर्म
४- दान ग्रहणमा दोष
५- मानव अनुशासन
६- वैराग्यमूलक सूक्ति
७- मानिस किन गल्छ !
८- विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुशासनपर्वको कथासार

भीष्म पितामहका दिव्य उपदेशहरूबाट महाराज युधिष्ठिरलाई राज्य-शासनप्रतिको वैराग्यका हुन्छ। राजा बनेपछि गर्नुपर्ने विषयमा पनि उनका हृदयमा अनेकौँ प्रश्नहरू जन्मन्छन् । भीष्मपितामहले ती सबै प्रश्नको आवश्यक उत्तर दिन्छन्। भीष्मका तर्क र ज्ञानपूर्ण उत्तरबाट महाराज युधिष्ठिरलाई पूर्ण सन्तोष प्राप्त हुन्छ । अनि कुरुक्षेत्रको मैदानबाट भीष्मको आज्ञा पाएर पाण्डवहरू राजधानीतर्फ जान्छन्।

केही दिनपछि सूर्य उत्तरायण हुन्छन्। मृत्युका निमित्त शरशय्यामा उत्तरायणको प्रतीक्षा गरेका भीष्मको अब महाप्रयाणको समय आयो भन्ने थाहा पाएका संसारका बुद्धिजीवीहरू, राजनीतिज्ञहरू र ऋषिमहर्षिहरू कुरुक्षेत्रमा जम्मा हुन्छन्।

शरशय्यामा सुतेको अन्ठाउन्नौं दिनमा प्राण त्याग गर्न तयार भीष्मनेर मौन बनेर उपस्थित जनसमाजले भीष्मको अन्तिम वचन सुन्ने आशा गर्दछ। पितामह भीष्मले राजपिता धृतराष्ट्रलाई आफूनेर बोलाउंछन् र भन्छन्–"बाबु! कौरवहरूको भीषण संहारलाई सम्झेर पीर नलिए, हुने कुरा नभई छोड्दैन। आज अब केही दिनपछि म पनि जाँदैछु । महाराज युधिष्ठिर गुरुजनप्रति हृदयदेखि नै श्रद्धा लिन्छन् तिमीलाई उनबाट सेवा सत्कारमा कुनै त्रुटि नहुने मेरो विश्वास छ। अनि भीष्म सबैसँग बिदा माग्छन् र यस नश्वर देहलाई त्याग गरेर परमधामतर्फ यात्रा गर्छन्।

विदुर आदि समस्त कुरुवंशीहरूसहित महाराज युधिष्ठिरले पूर्ण राजकीय सम्मानका साथ भीष्मको अन्त्येष्टि क्रिया गर्छन्। एक छिनअगि भीष्म पितामहका दिव्य वाणी सुनिरहेका सभासद्‌हरू मलामीका रूपमा परिणत हुन्छन्। 'भीष्म अब संसारमा छैनन्' यस कुराले सारा जगत् शून्य जस्तो प्रतीत हुन्छ। कोमल हृदय युधिष्ठिर महाराज 'भीष्म मृत्युको पनि एक कारण म आफै हुँ' भन्ने घोर तर्कनाले अत्यन्त व्यथित हुन्छन् र अति करुण विलाप गर्न थाल्छन् । अन्धा धृतराष्ट्रका कानमा युधिष्ठिरको करुण क्रन्दन पर्दछ र ऊ पनि युधिष्ठिरलाई संझाउन अगि सर्छन्। भगवान् श्रीकृष्णले युधिष्ठिरलाई धैर्य धारण गर्न अनेक शिक्षा दिनुहुन्छ, उत्तरमा युधिष्ठिर भन्छन्– 'यस महायुद्धमा मेरै पक्षका पनि करोडौं बिर्सिनसक्ना व्यक्तिहरू मासिए, तर मेरा विपक्षी भएर लडीकन पनि महावीर कर्ण र महात्मा भीष्मको जो मृत्यु भयो, त्यो मेरो जीवनभर असह्य तापको विषय भइरहनेछ।'

महाराज युधिष्ठिरको शोक शान्त हुँदैन, उनलाई कता कता भयंकर पापले पोलिरहेको अनुभव हुन्छ, अनि व्यास अघि सर्छन् र युधिष्ठिरको पाप शंका सम्बन्धमा राजनैतिक कर्तव्य पालन गर्दा पाप नलाग्ने कुरा सम्झाउँछन्। तर युधिष्ठिर कसै सन्तुष्ट हुन्नन्, अनि युधिष्ठिरको हृदयअनुसार व्यासले पाप शान्तिका निमित्त 'अश्वमेध' यज्ञ गर्ने शिक्षा दिन्छन्।

उत्तरमा युधिष्ठिरले सम्पूर्ण राजस्व युद्धमा समाप्त भएको कुरा बताएर 'अश्वमेध यज्ञ' गर्ने शक्ति पनि आफूमा नभएको र युद्ध पीडित जनताबाट आर्थिक सहयोग माग्न अकर्तव्य भएको कुरा उल्लेख गर्छन्। तर अन्त्यमा आर्थिक व्यवस्था मिलेमा अश्वमेध यज्ञ गर्ने मनसाय युधिष्ठिरले व्यक्त गर्छन्, अनि व्यासले हिमालयका पास राजा मरुतले यज्ञ गर्दा शेष रहेको करोडौँ धनराशि अझै रहिरहेको थाहा दिएर धनप्राप्तिको ठूलो उपाय बताइदिन्छन्।

त्यसपछि महाभारत युद्धका महान् शहीदहरूप्रति कुरुक्षेत्र मैदानमा श्रद्धाञ्जलि अर्पण गरेर भगवान् श्रीकृष्णसहित महाराज युधिष्ठिर राजधानीतर्फ लाग्छन्। युधिष्ठिर महाराजको दिल कमजोर भएको हुँदा बन्धु-विनाशको चिन्ताबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनलाई पूर्णतया मुक्त बनाउन भगवान् श्रीकृष्ण अझै केही दिन हस्तिनापुरमै बसिदिनुहुन्छ ।

यसरी केही समय हस्तिनापुरमा बिताएर युधिष्ठिरको राज्य व्यवस्थालाई सुदृढ बनाएपछि भगवान् श्रीकृष्णले द्वारका-तर्फ जान बिदा माग्नुहुन्छ । भगवान्को विरह खप्न असमर्थ पाण्डव परिवारमा यस बिदाइको कुराले ठूलो सन्ताप पैदा हुन्छ, तर बिदा दिन करै लाग्छ र अश्रुपूर्ण नयन लिएर बिदा दिन्छन् । श्रीकृष्णका साथ बहिनी सुभद्रा पनि माइत जान्छिन् ।

द्वारका पुगेर भगवान् श्रीकृष्णले पिता वसुदेव प्रभृति सबैलाई युद्धका विशिष्ट घटनाहरू सुनाउनुहुन्छ, अभिमन्यु सम्बन्धित घटनाको चर्चै गर्नुहुन्न । तर सुभद्राले हा ! अभिमन्यु ! भनेर जब विलाप गर्छिन् कुरा खुल्छ, वसुदेव नातिको मृत्यु सुनेर साह्रै ठूलो चिन्ता व्यक्त गर्छन् । भगवान्‌ले सबलाई सान्त्वना प्रदान गर्नुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुशासनपर्व

उद्योगको महत्त्व

(भाग्य ठूलो कि उद्योग ठूलो ? भन्ने विषयमा युगौँदेखि तर्क चलेकोछ र यो अहिलेसम्म पनि टुंगो लागेको छैन। महाभारतको अनुशासनपर्वमा पनि महाराज युधिष्ठिरलाई यस्तै तर्क उठेको थियो, शरशय्यामा स्थित भीष्मले यस विषयमा जुन निर्णय दिएका थिए, त्यस प्रसंगका सूक्त यहाँ संकलित छन्)

कृती सर्वत्र लभते प्रतिष्ठां भाग्य संयुताम्।
अकृती लभते भ्रष्टः क्षते क्षारावसेचनम् ॥६।११

पुरुषार्थी जहाँ जान्छ भाग्य त्यै ठाउँ पुग्दछ,
अल्छीले घाउमा नून हाले भैं दुःख पाउँछ।

तपसा रूप-सौभाग्यं रत्नानि विविधानि च।
प्राप्यते कर्मणा सर्वं न दैवादकृतात्मना ॥६।१२

रूप, सौभाग्य, सम्पत्ति तपस्याबाट मिल्दछ,
भाग्यकै भर पर्नेले पाउन्न यी कुरा सब,

ज्योतींषि त्रिदशा नागा यक्षाश्चन्द्रार्कमारुताः।
सर्वे पुरुषकारेण मानुष्याद् देवतां गताः ॥६।१४

तारा, यक्षहरू, नाग, गन्धर्व आदि यी सब
पुरुषार्थै गरेकाले भोग्दछन् 'देवता पद'

अर्थो वा मित्रवर्गो वा ऐश्वर्यं वा कुलान्वितम्।
श्रीश्चापि दुर्लभा भोक्तुं तथैवाकृत कर्मभि ॥६।१५

अर्थ, मित्र र ऐश्वर्य कुल दुर्लभ सुन्दरी,
अल्छी मानिसका लागि मिल्दैनन् यी कसै गरी,

येन लोकास्त्रयः सृष्टा दैत्या सर्वाश्च देवताः।
स एष भगवान् विष्णुः समुद्रे तप्यते तपः ॥६।१८

दैव, दानव औ विश्व जस्ले सृष्टि गर्‍यो सब,
उनै विष्णु पनि नित्य गर्छन् सागरमा तप,

अकृत्वा मानुषं कर्म यो दैवमनु वर्तते।
वृथा श्राम्यति सम्प्राप्य पतिं क्लीबमिवाङ्गना ॥६।२०

मान्छे भै नगरी कर्म जो पर्छ दैवका भर,
नामर्द पतिकी पत्नी जस्तै त्यो व्यर्थ बाँच्दछ,

यथाग्नि पवनोद्धूतः सुसूक्ष्मोऽपि महान् भवेत्।
तथा कर्म समायुक्तं दैवं साधु विवर्धते ॥६।४३

जस्तै फुकेपछी आगो सानो होस् बढ्छ बल्दछ,
परिश्रम गरे त्यस्तै भाग्य सप्रन्छ फल्दछ,

यथा तैलक्षयाद् दीपः प्रह्रासमुपगच्छति।
तथा कर्म क्षयाद् दैवं प्रह्रासमुपगच्छति ॥६।४४

जस्तो कि तेल घट्नाले बत्ती घट्छ र निभ्दछ,
त्यस्तै उद्योग घट्नाले भाग्य फुट्छ हराउँछ,

कृतं चाप्यकृतं किञ्चित् कृते कर्मणि सिद्ध्यति।
सुकृतं दुष्कृतं कर्म न यथार्थं प्रपद्यते ॥६।२८

नलेखेको पनी कर्म गरे सफल बन्दछ,
राम्रो होस् कि नराम्रो होस् भाग्य मेटिन शक्तछ,

दान-धर्म

(यो शिक्षा पनि भीष्मपितामहले नै दिएका हुन्, दान-धर्मका विषयमा यहाँ प्रतिपादित शाश्वत सत्य कुराले भीष्मपितामहका दृष्टिकोणप्रति मानिसको शिर झुकेको छ-)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृशाय कृत विद्याय वृत्ति क्षीणाय सीदते ।
अप हन्यात् क्षुधां यस्तु न तेन पुरुषः समः ॥५९।११

कुनै वृत्ति नपाएका विद्वान् दुःखी मनुष्यको,
भोक मेटाउला जसले त्यै मान्छे सर्वश्रेष्ठ हो,

क्रिया नियमितान् साधून् पुत्रदारैश्च कर्शितान् ।
अयाचमानान् कौन्तेय सर्वोपायै निमंत्रयेत् ॥५९।१२

जो आफ्नै घरधन्दाले कत्ति पाउन्न फुर्सद,
छोराछोरीहरू पालन जस्का लागि छ मुस्किल,
तै पनी हात थापेर माग्न जो शर्म मान्दछ,
त्यस्तालाई घरै डाकी यथाशक्य दिने गर,

आशिषं यो न देवेषु न च मर्त्येषु कुर्वते ।
अर्हन्तो नित्य सन्तुष्टा स्तथा लब्धोपजीविनः ॥
आशीविष समेभ्यश्च तेभ्यो रक्षस्व भारत ।
कृत्यैरावसथैर्नित्यं सप्रेष्यैः सपरिच्छदैः ॥
निमंत्रयेथा कौरव्य सर्वकामसुखावहैः ॥
तान् युक्तै रुप जिज्ञास्य तथा द्विजवरोत्तमान्
॥५९।१३-१४-१५

जो न धौता, नमान्छेका सामू क्यै माग्न झुक्दछ,
सधैं सन्तोषमा बस्छ जे छ त्यै जाति मान्दछ,
खोजेर देशमा त्यस्ता मान्छे पत्ता लगाउनू,
तिन्को शराप लाग्ला है रक्षा गर्नु गराउनू,

अमित्रमपि चेद्दीनं शरणैषिणमागतम् ।
व्यसने योऽनु गृह्णाति सवं पुरुष सत्तमः ॥५९।१०

शत्रु माथि पनि ठूलो विपत्ति परी आउँदा,
जो कृपा गर्छ त्यै मान्छे वीर ठानिन्छ सर्वदा,

न पृच्छेद् गोत्रचरणं स्वाध्यायं देशमेव च ।
भिक्षितो ब्राह्मणेनेह दद्यादन्नं प्रयाचितः ॥ ६३।१८

नसोध्नू गोत्र नामादि, विद्या, देशहरू पनि,
विद्वान्ले खान मागेमा दिनू धर्म ठूलो भनी,

दान ग्रहणमा दोष

(साधु पुरुष परिग्रही बन्नु हुन्न भन्ने शिक्षा दिंदै भीष्मपितामहले महाराज युधिष्ठिरलाई सप्तर्षिका यी सूक्तिहरू सुनाएका थिए–)

शतेन निष्क गणितं सहस्रेण च सम्मितम् ।
तथा बहु प्रतीच्छन् वै पापिष्ठां पतते गतिम् ॥९३।३९

शय दान लिंदा पाप हजारौं पछि लाग्दछन्,
जो धेरै दान चाहन्छन् ती निश्से पनि गिर्दछन् ।
–वशिष्ठ

यत् पृथिव्यां व्रीहियवं हिरण्यं पशव स्त्रियः ।
सर्वं तन्नालमेकस्य तस्माद् विद्वाञ्छमं चरेत् ॥९३।४०

सारा संसारको अन्न, पशु, स्त्री, सून यी सब,
मिले पनी अघाइन्न भन्ने सन्तोष ली बस ।
–कश्यप

उत्पन्नस्य करोः शृङ्गं वर्धमानस्य वर्धते ।
प्रार्थना पुरुषस्येव तस्य मात्रा न विद्यते ॥९३।४१

जति वर्ष बढ्यो उत्ति मृगको सिंग बढ्दछ,
मान्छेको तिर्सना बढ्छ अझ तृष्णा अपार छ,
–भरद्वाज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न तल्लोके द्रव्यमस्ति यल्लोकं प्रति पूरयेत् ।
समुद्र कल्पः पुरुषो न कदाचन पूर्यते ।।९३।४२

त्यो द्रव्य विश्वमै छैन जस्ले मान्छे अघाउँछ,
आशा समुद्र मान्छेको जेले पूर्ण गराउँछ,
–गौतम

कामं काम यमानस्य यदा कामः समृध्यते ।
अर्थेनमपरः कामस्तृष्णा विध्यति बाणवत् ।।९३।४३

यौटा इच्छा जसै पुग्छ अर्को झट्ट पलाउँछ,
लोभको बाण मान्छेका मुटूमै गडिराख्दछ ।
–विश्वामित्र

प्रतिग्रहे संयमो वै तपो धारयते ध्रुवम् ।
तद्धनं ब्राह्मणस्येह लुप्यमानस्य विश्रवेत् ।।९३।४४

तपस्वीले जहाँसम्म दान लिन्न अरूसँग,
त्यहींसम्म तपश्याले त्यसमा वास पाउँछ,
अनि दान लिंदा साथ त्यै दान राख्न खातिर,
खाली गरी दिनूपर्छ तपस्या बसने घर ।
–जमदग्नि

न जातु काम कामना मुपभोगेन शाम्यति ।
हविषा कृष्ण वर्त्मेव भूय एवाभिवर्धते ।।
९३ दाक्षिणात्यपाठ

भोगेर कामना शान्ति हुँदैन कहिले पनि,
घिऊले अग्नि झैं बढ्छ भोगले कामना पनि
–अत्रि

मानव–अनुशासन

(आज हामी जुन प्रचलनलाई सभ्यता, संस्कृति र अनुशासन आदि रूपमा पालन गर्छौं, त्यसका निमित्त पनि आरम्भमा थिति बाँधिएको थियो, भीष्मपितामहले त्यही नियमावलीलाई ऋषिहरूले प्राचीन समयमा बनाएको अनुशासन भनेर महाराज युधिष्ठिरलाई सुनाएका थिए, सभ्यताको निर्माण गर्ने महान् उद्देश्य राखेर निर्माण गरिएको यस अनुशासन-संहिता (आचारसंहिता) मा अत्यन्त सूक्ष्म कुरातर्फ पनि संकेत पुगेको छ-)

ब्राह्मे मुहूर्ते बुध्येत
धर्मार्थौ चानु चिन्तयेत्
उत्थायाचम्य तिष्ठेत
पूर्वां सन्ध्यां कृताञ्जलिः ।।१०४।१६

बिहानै ब्यूझनू, ब्यूँझी धर्म, अर्थ विचारनू,
उठी कुल्ला गरी बस्नू अनि संध्या गरी लिनू,

एवमेवापरां संध्यां समुपासीत वाग्यतः ।
नेक्षेतादित्य मुद्यन्तं नास्तं यान्तं कदाचनः ।।१०४।१७

बेलुका पनि संध्यामा गर्नु ईश्वर कीर्तन
सूर्योदय र सूर्यास्त हेर्न हुन्न कुनै दिन,

नोपसृष्टं न वारिस्थं न मध्यं न नभोगतम् ।।२०४।१८

यस्तै ग्रहणमा, मध्य दिनमा, जलमा पनि,
नहेर्नु सूर्यको बिम्ब आयु हर्ने कुरा भनी,

न हीदृशमनायुष्यं लोके किंचन विद्यते ।
यादृशं पुरुषस्येह परदारोपसेवनम् ।।१०४।२३

आयु घटाउनालाई छैन त्यस्तो कुनै विष,
परस्त्रीसँग सम्पर्क गर्नाले जति घट्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसाधनं च केशानामञ्जनं दन्तधावनम् ।
पूर्वाण्ह एव कार्याणि देवतानां च पूजनम् ॥१०४।२३

नेत्र औ केश श्रृङ्गार, दन्तधावन यी सब,
पूजापाठ पनी नित्य बीहानै गर्नु योग्य छ,

पुरीषमूत्रे नोदीक्षेन्नाधितिष्ठेत् कदाचन ।
उदङ्मुखश्च सततं शौचं कुर्यात् समाहित ॥१०४।·४½

दिशा पिशाप गर्दामा सधैं उत्तर फर्कनु,
यी दुई चीज मान्छेले नहेर्नु र नकुल्चनु,

प्रदक्षिणं च कुर्वीत परिज्ञातान् वनस्पतीन् ।
चतुष्पथान् प्रकुर्वीत सर्वानेव प्रदक्षिणान् ॥१०४।२६½

चौबाटो र बडा वृक्ष, चौतारा आदि यी सब,
बाटो हिंड्दा सकेसम्म दाहिने पार्नु पर्दछ ।

उपानहौ च वस्त्रं च धृतमन्यैर्न धारयेत् ।
ब्रह्मचारी च नित्यं स्यात् पादं पादेन नाक्रमेत् ॥२०४।२८½

अर्काका कपडा, जुत्ता कैल्यै पनि नलाउनु,
ब्रह्मचारी हुनु, आफ्नो गोडो आफैं नकुल्चनु,

अवलोक्यो न चादर्शो मलिनो बुद्धिमत्तरैः ।
न चाज्ञातां स्त्रियं गच्छेद् गर्भिणी वा कदाचन ॥२०४।४७

मैलो ऐना, परस्त्री र गर्भिणी स्त्रीहरूकन,
नहेर्नु बुद्धिजीवीले राम्ररी अडिईकन,

उदक् शिरा न शोपेत तथा प्रत्यक् शिरान च ।
प्राक् शिरास्तु स्वपेद् विद्वानथवा दक्षिणा·शिराः ॥२०४।४८

शिरानी गर्नु मान्छेले कि पूर्व कि त दक्षिण
नपार्नू शिर सुत्दामा कैल्यै उत्तर पश्चिम,

न भग्ने नावशीर्णे च शयने प्रस्वपीत च ।
नान्तर्धाने न संयुक्ते न च तिर्यक् कदाचन ॥२०४।४९

अँध्यारामा र अर्काका साथमा, तेर्सिई अनि,
भत्किएको र बिग्रेको खाटमा सुत्न हुन्न नि,

नोत् सृजेत् पुरीषं च क्षेत्रे ग्रामस्य चान्तिके ।
उभे मूत्र पुरीषे तु नाप्सु कुर्यात् कदाचन ॥२०४।५४

खेतीमा, गाउँका पास, पानीमा तीर्थमा पनि,
दिशा पिशाप मान्छेले नगर्नु कहिले पनि,

वृद्धानां भारतप्तानां स्त्रीणां चक्रधरस्य च ।
ब्राह्मणानां गवां राज्ञां पन्थानं ददते च ये ॥१६२।३८

भारी बोक्ने, बुढा, नारी, भलादमी अनि ब्राह्मण,
गाई, राजा यतीलाई बाटो छोड्नु छ उत्तम,

स्वदेशे परदेशे वाप्यतिथिं नोपवासयेत् ।
कर्म वै सफलं कृत्वा गुरुणां प्रतिपादयेत् ॥२६२।४३

स्वदेशै होस् विदेशै होस् जहाँ बस्दछ सज्जन,
आफू त्यसै बसोस् भोकै नराखोस् पाहुनाकन,

गुरुभ्यस्त्वासनं देयमभिवाद्याभिपूज्य च ।
गुरुमभ्यर्च्य वर्धन्ते आयुषा यशसा श्रिया ॥१६२।४४

मान्नुपर्नेहरूलाई उठी सौंपनु आसन,
बढ्दछन् नम्र बन्नाले आयु कीर्ति अनी धन,

वृद्धान् नाभिभवेज्जातु न चैतान् प्रेषयेदिति ।
नासीनः स्यात् स्थितेष्वेव मायुरस्य न रिष्यते ॥२६२।४५

वृद्धलाई नहेप्नू र नपठाउनु क्यै लिन,
नबस्नु ती खडै बस्दा यस्ले घट्दैन जीवन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नग्नां नावीक्षेत नारीं न नग्नान् पुरुषानपि ।
मैथुनं सततं गुप्तमाहारं च समाचरेत् ॥१६२।४६

नाङ्गी नारी अनी साँझे नखोज्नू कत्ति हेर्न,
गर्नु एकान्त पारेर मात्र मैथुन भोजन,

सायं प्रातश्च वृद्धानां शृणुयात् पुष्कला गिरः ।
श्रुतमाप्नोति हि नरः सततं वृद्धसेवया ॥१६२।४८

विहान वेलुका सुन्नु वडाका बात चित्त दी,
बडाकै संगले मिल्छ शास्त्रको ज्ञान राम्ररी,

श्मश्रुकर्मणि माङ्गल्यं क्षुतानामभिनन्दनम् ।
व्याधितानाञ्च सर्वेषामभिनन्दनमाचरेत् ॥१६२।५१

दाह्री बनाउँदा, छिंक्दा गर्नु मंगल संझना,
रोगीका निम्तिमा गर्नु सधैं दीर्घायु कामना,

न जातु त्वमिति ब्रूयादापन्नोऽपि महत्तरम् ।
त्वङ्कारो वा वधो वेति विद्वत्सु न विशिष्यते ॥१६२।५२

जस्तै आपत् परोस् हुन्न 'तिमी' भन्न बडाकन,
'तिमी' भन्नु र 'मार्नु मा' भेद छैन बडाकन,

अवराणां समानानं शिष्याणाञ्च समाचरेत् ॥१६२।५३

आफू बराबरीका र मुनीका मानिसैकन,
तिमी भनेर बोलेमा सक्दैन पाप लागन,

ज्ञानपूर्वकृतं कर्मच्छादयन्ते ह्यसाधवः ।
ज्ञानपूर्वं विनश्यन्ति गूहमाना महाजने ॥१६२।५४

जानी जानी गरी पाप खोज्छन मूर्ख लुकाउन,
जती लुकाउँछन् त्यत्ति बिगार्छन् आफ्नु जीवन,

एक एव चरेद् धर्मं न धर्मध्वजिको भवेत् ।
धर्मवाणिजका ह्येते ये धर्ममुपभुञ्जते ॥१६२।६१

एक्लै गर्नू सबै धर्म नली देखावटीपन,
व्यापारी मात्र हुन् ती जो गर्छन् धर्म प्रदर्शन,

अर्चेद् देवानदम्भेन सेवेतामायया गुरून् ।
निधिं निदध्यात् पारत्र्यं यात्रार्थं दानशब्दितम् ॥१६२।६२

पूजा गर नली दम्भ, बडासा बन निर्मल,
परत्रलाई सम्पत्ति जोर्न दानहरू गर,

गवां मूत्रपुरीषाणि नोद्विजेत कदाचन ।
न चासां मांसमश्नीयाद् गोषु भक्तः सदा भवेत् ॥
१४५। दाक्षिणात्यपाठ

नहेर्नू घीन मानेर गोमूत्र, अनि गोवर,
नखानू गाईको मासू लिनू गोपालन व्रत,

नाध्यापयेत्तथोच्छिष्टो नाधीयीत कदाचन ।
वाते च पूतिगन्धे च मनसापि न चिन्तयेत् ॥१०४।७१

खाँदै पढाउने पढ्ने दुबै काम अयोग्य छन्,
'अधोवायु' हुँदा पढ्न मनले पनि हुन्न झन्,

गुरुणा चैव निर्बन्धो नकर्तव्यः कदाचन ।
अनुमान्यः प्रसाद्यश्च गुरुः क्रुद्धो युधिष्ठिर ॥१०४।८२

गुरुसँग ढिपी गर्न हुन्न उन्ले भुले पनि,
आफैं झुकेर पक्रेर सम्झाउनु भुलें भनी

दूरादावसथान्मूत्रं दूरात् पादावसेचनम् ।
उच्छिष्टोत्सर्जनं चैव दूरे कार्यं हितैषिणा ॥१०४।८२

घरबाट परै मुत्नू, हात गोडा परै धुनू,
कसेर औ जुठो फाल्ने ठाउँ परै बनाउनू,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समानमेकपङ्क्त्यांतु भोज्यमन्नं नरेश्वर ।
विषं हालाहलं भुङ्क्ते योऽप्रदाय सुहृज्जन ।।१०४।९७

दाँकिमा भेद राखेर खाने वस्तु नबाँडनू,
नबाँडीकन खाएको हो महाविष जाननू,

वैराग्यमूलक सूक्ति

(अनुशासनपर्वमा दान धर्मपर्व र दान धर्मपर्वमा १४५ अध्यायको शिवपार्वती-सम्वाद अझ त्यसमा पनि दाक्षिणात्य प्रतिहरूमा विशेष पाइने सूक्तिहरू हिन्दूसंस्कृतिको आचार-पक्षका निम्ति बहुमूल्य छन्। एउटै सम्वादमा राजधर्म, ब्राह्मणधर्म, आ॰मधर्म, मोक्ष महत्त्व, स्वर्ग तथा नरक सम्बन्धित चर्चा र मानव मात्रमा संशयका विषय बन्न सक्ने अरु कतिपय कुराको अति राम्रोसँग बयान गरिएकोछ, यहाँ आएका सूक्तिहरू प्रसंगवश यस ग्रन्थमा अरू पर्वमा पनि परेकाले मैले केवल मोक्षधर्ममा प्रसंगका यी वैराग्यमूलक सूक्तिहरू मात्र टिपेको छु)

नास्ति तृष्णा समं दुःखं, नास्ति त्याग समं सुखम् ।
सर्वान् कामान् परित्यज्य ब्रह्मभूयाय कल्पते ।
१४५। दा. पा.

छैन तृष्णासरी दुःख छैन त्यागसरी सुख,
तस्मात् इच्छा सबै त्यागी ब्रह्मानन्द मजा लुट,

या दुस्त्यजा दुर्मतिभि-
र्या न जीर्यति जीर्यतः ।
योऽसौ प्राणान्तिको रोग-
स्तां तृष्णां त्यजतः सुखम् ।१४५। दा. पा.

जस्लाई मूर्ख मान्छेले छोड्न सक्दैन केवल,
बुड्याइँमा पनि जस्ले तरूनै रूप राख्दछ,
जस्लाई 'रोग हो' भन्छन् विद्वान्ले प्राणघातक,
त्यो चिन्यौ तिर्सना नै हो छोडियौ सुख मिल्दछ,

तण्डुल प्रस्थमात्रेण यात्रा स्यात् सर्व देहिनाम् ।
ततो भूयस्तरो भोगो दुःखाय तपनाय च ।।१४५। दा. पा.

एकमाना भए खाना मान्छेको काम चल्दछ,
त्यहाँभन्दा बढी खोज्नू चिन्ता र दुःख रोज्नु छ,

ऐश्वर्यं धन-धान्यं च विद्या-लाभा स्तपा स्तथा ।
रसायन प्रयोगो वा न तरन्ति जरान्तकौ ।।१४५। दा. पा.

ऐश्वर्य धन विद्या र तपस्या औषधी सब,
जरा मृत्यु हटाउन्नन् निर्वाण नभए तक,

जित्वापि पृथिवी कृत्स्नां चतुः सागर मेखलाम् ।
सागराणां पुनः पारं जेतुमिच्छत्य संशयम् ।।१४५। दा. पा.

समुद्र-मेखला पृथ्वी जितेमा पनि मानिस,
समुद्रपारका देश जित्न बन्दछ आकुल,

एकोऽपि पृथिवी कृत्स्नामेकच्छत्रां प्रशास्ति च ।
एकस्मिन्नेव राष्ट्रे तु स चापि निवसेन्नृपः ।।१४५। दा. पा.

सम्पूर्ण पृथिवीलाई एकच्छत्र गरोस् तर
त्यो राजा एउटा मात्र राष्ट्रमा बस्न सक्दछ,

तस्मिन्राष्ट्रेऽपि नगरमेकमेवाधितिष्ठति ।
नगरेऽपि गृहं चैकं भवेत्तस्य निवेशनम् ।।१४५। दा. पा.

त्यो राष्ट्रमा पनी बस्छ यौटा शहर मात्रमा,
शहरैमा पनी बस्छ एउटा घर मात्रमा,

एक एव प्रविष्टः स्यादावासस्तद् गृहेऽपि च ।
आवासे शयनं चैकं निशि यत्र प्रलीयते ।।१४५। दा. पा.

घरमा पनि उस्लाई कोठीमा बस्नुपर्दछ,
कोठीमा पनि यौटै नै सुत्ने खाट मिल्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शयनस्यार्धमेवास्य त्रियामार्धं विधीयते ।
तदनेन प्रसंगेन स्वल्पमेवेह युज्यते ।।१४५। दा. पा.

त्यै खाटमा पनी आधा रानी सुतिछन् भनेपछि
मान्छेको पृथिवीभित्र अधिकार रह्यो कति ?

इन्द्रियेषु च जीर्यत्सुच्छिद्यमाने तथाऽऽयुषि ।
पुरस्ताच्च स्थिते मृत्यौ किं सुखः पश्यतः शुभे ।।१४५। दा. पा.

मकाउँदैछ यो देह घट्दैछ आयु दिन्दिन,
मृत्युनिश्चित सामू छ सुख भन्नु छ खै कुन ?

संचिन्तयानमेवार्थंकामानामवितृप्तकम् ।
व्याघ्रः पशु मिवारण्ये मृत्युरादाय गच्छति ।।१४५। दा. पा.

'इच्छा पुऱ्याउँछु' भन्दा भन्दैमा नअघाउँदै,
बाघले पशुलाई झैं झम्टन्छ मृत्युले त्यसै,

व्याधिभिः पीड्यमानस्य नित्यं शारीर मानसैः ।
नरस्याकृतकृत्यस्य किं सुखं मरणे सति ।।१४५। दा. पा.

शरीर मनका रोग सधैं आई सताउँछन्,
अधुरै काम छोडेर मान्छे मर्छन् हराउँछन्,

रात्र्यां रात्र्यां व्यतीतायामायुरल्पतरं भवेत् ।
गाधोदके मत्स्य इव किंनु तस्य कुमारता ।।

जति रात बित्यो आयु त्यति घट्दैछ दिन्दिन,
भकारिको धान जस्तै के भन्नु 'बालकै छु म'

वर्षास्विदंकरिष्यामि इदं ग्रीष्मवसन्तयोः ।
इति बालश्चिन्तयति अन्तरायं न बुध्यते ।।

वर्षामा यति गर्नेछु यति ग्रीष्म बसन्तमा,
यो ठान्छ बिचारा मान्छे सोच्दैन मर्छु बीचमा

इदं मे स्यादिदं मे स्यादित्येव मनसा नराः ।
अनवाप्तेषु कामेषु ह्रियन्ते मरणं प्रति ।।

यो गरे हुन्छ कि मैले त्यो गरे हुन्छ कि भनी
मान्छे चिंताउँदै बस्छ काल तान्छ चितातिर,

अलं परिग्रहेणेह दोषवान् हि परिग्रहः ।
कोशकारः कृमिर्देवि बध्यते हि परिग्रहात् ।।

छोड संग्रह सप्पैमा यस्ले दुःख दिलाउँछ,
नत्र रेशमको कीरो किन बन्धन पाउँछ ?

मर्त्यस्य किमु तैर्दारैः पुत्रैर्भोगैः प्रियैरपि ।
एकाह्ना सर्वमुत्सृज्य मृत्योस्तु वशमन्वियात् ।।

ती पत्नी-पुत्रले के भो ? के भो ती सुखभोगले ?
जब छोडी सबै पर्छ निस्से मर्नु मनुष्यले,

जायमानांश्च सम्प्रेक्ष्य म्रियमाणांस्तथैव च ।
न संवेगोऽस्ति चेत्पुंसः काष्ठलोष्ठ समो हि सः ।।

यो सधैं जन्मने मर्ने देखेर दुनियाँकन
जो कत्ती पीर मान्दैन मूढो ठान्दिनु त्यस्कन

मानिस किन गल्छ ?

(महाभारत अनुशासनपर्वको यो अत्यन्त मनोवैज्ञानिक प्रसंग हो । एक जना ब्राह्मणले 'म किन गलें ?' भनेर सोध्नेप्रति 'तिमी निम्नलिखित कारणले गलेका हुन सक्छौ' भनेर दिएको उत्तरलाई लिएर पितामह भीष्मले महाराज युधिष्ठिरसँग पुरानो प्रसंगका रूपमा भनेका यी सूक्तिहरू अहिले पनि ताजै र हृदयहारी छन्)

विदेशस्थो विलोकस्थो विनानूनं सुहृज्जनैः ।
विषयानतुलान् भुङ्क्षे तेनासि हरिणः कृशः ।। १२४।९

आफ्ना मान्छेहरूदेखि टाढाका ठाउँमा बसी,
सुख भोग मिलेकाले दुब्लाउन परेछ कि ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नूनं मित्राणि ते रक्षः साधूवचरन्त्यपि ।
स्वदोषादपरज्यन्ते तेनासि हरिण कृशः ॥ १२४।१०

आफन्तको सकेसम्म गर्छु भन्दा पनी भलो
बांगिन्छन् पापिई आफैं कि त्यल्ले देह गल्न गो ?

धनैश्वर्याधिकाः स्तब्धा स्त्वद्गुणैः परमावराः ।
अवजानन्ति नूनं त्वां तेनासि हरिणः कृशः ॥ १२४।११

गुणले आफुभन्दा छन् कम्ती जो ती महा शठ,
धनको धाकले हेप्छन्, त्यसैले गलियो कि त ?

गुणवान् विगुणानन्यान् नूनं पश्यसि सत्कृतान् ।
प्राज्ञोऽप्राज्ञान् विनीतात्मा तेनासि हरिण कृशः ॥ १२४।१३

गुणवान् बुद्धिमान्, विद्वान् छौ स्वयं नै यहाँ तर
पाउँछन् मान छोटाले त्यो देखी गलियो कि त ?

अवृत्त्या विलश्यमानोऽपि वृत्त्युपायान् विगर्हयन् ।
माहात्म्याद् व्यथसे नूनं तेनासि हरिणः कृशः ॥ १२४।१३

आफ्नो जीवन निर्वाह गर्ने क्यै छैन साधन,
कुनै पेशा लिई बस्न जाती मान्दैन यो मन,
आफ्नो इज्जत थाम्नैमा महामुश्किल पर्दछ,
कि यै कारणले गर्दा भइयो अति दुर्बल ?

प्रज्ञासम्भावितो नूनमप्रज्ञै रुपसंहितः ।
ह्रीयमानोऽसि दुर्वृत्तैस्तेनासि हरिणः कृशः ॥ १२४।१६

टाढाको बाघ सोचेर गरिइन्छ कुरा जति
उडाउँछन् त्यती मूर्ख त्यसैले गलिएछ कि ?

सम्पीड्याऽऽत्मा मार्यत्वात् त्वया कश्चिदुपस्कृतः ।
जितं त्वां मन्यते साधो । तेनासि हरिणः कृशः ॥१२४।१४

'भैगो यो बिचरालाई के सताउँ' भनीकन
दया गरेर छाडेको जो हो त्यै मान्तिईकन,
जितें भनी अझै उल्टो हेपी धाक लगाउँछ,
त्यस्तो देख्नु परेकाले यसरी गलियो कि त ?

विलश्यमानान् विमार्गेषु काम क्रोधावृतात्मनः ।
मन्ये त्वं ध्यायसि जनास्तेनासि हरिणः कृशः ॥ १२४।१५

नराम्रा मार्गमा हिंड्ने देशका जनता सब,
देखेर चित्त जल्नाले भएछौ कि त दुर्बल ?

प्रकाशार्थगतिर्नूनं रहस्य कुशलः कृती ।
तज्ज्ञैर्न पूज्यसे नूनं तेनासि हरिणः कृशः ॥ १२४।१८

आफ्नो उद्देश्य खोलेर भनिइन्छ सरासर
उद्देश्य पनि राम्रो छ छन् बुझ्ने पनि मानिस,
तर बूझ पचाएर क्वै दिंदैन सहायता
यस्तै कारण पर्नाले यस्तरी गलियो कि ता ?

नूनं मित्र मुखः शत्रुः कश्चिदार्यवदाचरन् ।
वञ्चयित्वा गतस्त्वां वै तेनासि हरिणः कृशः ॥ १२४।१७

कि कुनै शत्रुले आई मित्र जस्तै कुरा गऱ्यो,
गयो ठगेर भागेर, त्यसैले गलनू पऱ्यो,

असत्स्वपि निविष्टेषु
ब्रुवतो मुक्तसंशयम् ।
गुणास्ते न विराजन्ते
तेनासि हरिणः कृशः ॥ १२४।१९

कि मूर्खहरूमै आफ्नो सिद्धान्त लाद्न खोज्दछौ,
बुझ्दैनन् ती बुझाएर राम्रा बात बनाउँछौ,
तर तिम्ले भने जस्तो कोही गर्दैन आखिर,
त्यसै कारणले गर्दा भयौ यस्तरि दुर्बल ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धन बुद्धि श्रुतैर्हीनः केवलं तेजसान्वितः ।
महत् प्रार्थयसे नूनं तेनासि हरिणः कृशः ।। १२४।२०

कि आफ्नो धन विद्या र बुद्धिले नअँठ्याइने,
वस्तुको चाहना गर्छौ यौटा उत्साह मात्रले,
त्यस्मा सफलता कत्ति नमिल्नाले गरीकन
खिन्नता बढ्न जानाले गल्न थाल्यौ दिनै दिन,

इष्ट भार्यस्य ते नूनं प्रतिवेश्यो महाधनः ।
युवा सुललितः कामी तेनासि हरिणः कृशः ।। १२४।२२

छन् तिम्री सुन्दरी पत्नी छिमेकी धनवान छ
तन्नेरी छ तिमीभन्दा गुण्डो छ रूपवान छ,
तस्मात् पत्नी उतातर्फ लाग्ने संभावना रही
चिन्ता पर्न गएकाले यसरी गलिए छ कि ?

दृढ पूर्वं श्रुतं मूर्खं कुपितं हृदयप्रियम् ।
अनुनेतुं न शक्नोषि तेनासि हरिणः कृशः ।। १२४।२४

पुरानो मित्र क्वै तिम्रो अर्काको बातले गरी
तर्केको छ त्यसैलाइ लिन्छौ फर्काउने मति
तर त्यो मूर्ख मान्दैन शत्रुका साथ हिंड्दछ,
यही कारणले गर्दा यति साह्रै गल्यौ कि त ?

नूनं त्वां सुगुणं युक्तं पूज्यमानं सुहृद्ध्रुवम् ।
ममार्थ इति जानीते तेनासि हरिणः कृशः ।। १२४।२६

आफ्नै पौरखले तिम्रो जो सम्मान भयो त्यही
भन्छन् मित्रहरू यस्तो दिलायौं हामीले मिली
सरासर झुटो यस्तो पच्नुपर्ने भईकन,
गलियो कि लिई चिन्ता यै कुराको दिनै दिन

अन्तर्गतमभिप्रायं नूनं नेच्छसि लज्जया ।
विवेक्तुं प्राप्ति शैथिल्यात् तेनासि हरिणः कृशः ।। १२४।२७

मनमा छ कुनै यस्तो अभिप्राय अतिप्रिय,
मिल्छ मिल्दैनको शंका त्यसमा छ बराबर,
यसर्थ त्यो कुरा खोल्न अल्लि संकोच लाग्दछ,
नखोल्दा पोल्छ यस्तैले भइयो कि त दुर्बल ?

नानाबुद्धि रुचो लोके मनुष्यान् नूनमिच्छसि ।
ग्रहीतुं स्वगुणैः सर्वास्तेनासि हरिणः कृशः ।। १२४।२८

भिन्नै सिद्धान्त-बानीका धेरै मान्छेःरूकन,
चाहन्छौ तिमी सद्भाव बढाएर रिझाउन,
सबैको मन राख्दामा साह्रै मुश्किल पर्दछ,
यस्तै यस्तै परेकाले यसरी गलियो कि त ?

चिराभिलषितं किंचित्फलमप्राप्तमेव ते ।
कृत मन्यैरपहृतं तेनासि हरिणः कृशः ।। १२४।३०

भित्र भित्रै तिमी धेरै दिनदेखि कुनै कुरा
चाहन्थ्यौ जिन क्वै मौका मिलाई राम्ररी वरा,
अकस्मात् तर त्यै चीज अर्कैले लैदियो चुँडी
त्यै संझी पछुतो पर्दा यसरी गलिएछ कि ?

अविद्वान् भीरुरल्पार्थो विद्याविक्रमदानजम् ।
यशः प्रार्थयते नूनं तेनासि हरिणः कृशः ।।

कि विद्या छैन चाहन्छौ विद्वान्को मान पाउन
छौ कातर र इच्छा छ देखाउन पराक्रम,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तै आफ्नो हुतीभन्दा खोज्छौ बाहिरको जश,
जस्ले गर्दा पर्‍यो होला यसरी बन्नु दुर्बल ?

साधून् गृहस्थान् दृष्ट्वा च तथाऽसाधून् वने चरान् ।
मुक्तांश्चावसथे सक्तांस्तेनासि हरिणः कृशः ।। १२४।३२

जोगीहरू बसेका छन् परिवार लिईकन
गृहासक्त घुमेका छन् धाचा पारी बनैवन,
मठ मन्दिरमा चल्छन् बाफाबाफ अनेकन,
यस्तो देख्न परेकाले गलियो कि प्रतिक्षण,

सुहृदां दुःखमार्तानां न प्रमोक्ष्यसि चार्तिजम् ।
अलमर्थगुणैर्हीनं तेनासि हरिणः कृशः ।। १२४।३३

आफ्ना आधारमा बाँच्ने मान्छे छन् दुःख पीडित,
उन्को उद्धारका लागि छौ तिमी पनि चिन्तित,
तर के गर्नु ? आफैँमा ठूलो आर्थिक कष्ट छ,
यस्तै परेर ता होला बनेको अति दुर्बल ?

परस्परविरुद्धानां प्रियं नूनं चिकीर्षसि ।
सुहृदामुपरोधेन तेनासि हरिणः कृशः ।। १२४।३७

परस्पर रिसाएका आफन्त इष्ट-मित्रको
छाहन्छौ प्रेमसम्बन्ध बढाउन यथार्थको,
झन् त्यस्मा दुइटै पक्ष शंका गर्छन् तिमीसित
पर्दा असजिलो यस्तो चिन्ताले गलियो कि त ?

सुदुर्विनीतः पुत्रो वा जामाता वा प्रमार्जकः ।
दारा वा प्रतिकूलास्ते तेनासि हरिणः कृशः ।। १२४।दा.वा.

छोरो उद्दण्ड निस्क्यो कि कि ज्वाईं धुतहा बन्यो
कि पत्नी भैदिई उल्लू यसैले गलनू पर्‍यो ?

विविध सूक्ति

धर्मार्थं संचयो यो वै द्रव्याणां पक्ष सम्मतः ।
तपः संचय एवेह विशिष्टो द्रव्य संग्रहात् ।। ९३।४५

क्वै भन्छन् धर्मका निम्ति पैसा जोड्नु जाति छ,
म भन्छु दोहरो पर्छ सोझै धर्म गरी बस,
—अरुन्धती

आचाराल्लभते ह्यायु राचाराल्लभते श्रियम् ।
आचारात् कीर्तिमाप्नोति पुरुष प्रेत्य चेह च ।। १०४।४०

मिल्छ आचारले आयु, मिल्छ आचारले धन,
मिल्छ आचारले कीर्ति सर्वत्र मानिसैकन,
— भीष्म

लोष्ठमर्दी तृणच्छेदी नख खादी च यो नरः ।
नित्योच्छिष्टः संकुसुको नेहायुर्विन्दते महत् । १०४।१५

जो ढुंगा फोर्छ, व्यर्थैमा नङ् टोक्छ, झार चुँड्दछ,
त्यो असभ्य जुठो मान्छे हुन्न दीर्घायु वास्तव,
—भीष्म

अप्यदृष्टं श्रवादेव पुरुषं धर्मचारिणम् ।
भूतिकर्माणि कुर्वाणं तं जनाः कुर्वते प्रियम् ।। १०४।१०

राम्रो आचार जो गर्छ त्यसलाई सब मानिस
नदेख्दै पनि श्रद्धाले हेर्छन् सम्मान पाउँछ
— भीष्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजार्थमपि लोकार्थं महद्भिः क्रियते तपः ।
तपसा प्राप्यते सर्वं तपसा प्राप्यते फलम् ।। १४२।दा. पा.

चाहेको फल वा मोक्ष तपस्याबाट मिल्दछ
प्रजा या लोकका लागि बडाले गर्दछन् तप,
—श्रीमहेश्वर

मातृवत् स्वसृवच्चैव नित्यं दुहितृ वच्च ये ।
परदारेषु वर्तन्ते ते नराः स्वर्ग गामिनः ।। १४४।११

आमा, दिदी र बैनी भैं छोरी भैं परदारमा
व्यवहार गर्‍यो जस्ले त्यही पुग्दछ स्वर्गमा,
—श्रीमहेश्वर

सायं प्रातर्मनुष्याणामशनं देवनिर्मितम् ।
नान्तरा भोजनं दृष्टमुपवास विधिर्हि सः ।। १६२।४०

बिहान बेलुका खानु शास्त्रको नै विधान हो।
नखानु बीचमा जे हो त्यही नै* उपवास हो
—भीष्म

मेध्यान्वेषी महीं कृत्स्नां विचराम्यनिशं सदा ।
न च मेध्यतरं किञ्चिच्छ्मशानादिह विद्यते ।।
तेन मे सर्व वासानां श्मशाने रमते मनः ।
न्यग्रोध शाखा संच्छन्ने निर्भुग्नस्रगवि भूषिते ।।१४१।१६-१७

पवित्र ठाउँ खोजेर हिंड्दा यो पृथिवीभर
मसान घाट भैं राम्रो मैले देखिनँ आखिर
त्यसै कारणले प्यारी वर छायामनी यहाँ
निर्द्वन्द्व लाशका पंक्ति हेरी बस्दछु शान्तिमा
—श्रीमहेश्वर

यस्य स्म विषये राज्ञः स्नातकः सीदति क्षुधा ।
अवृद्धिमेति तद्राष्ट्रं विन्दते सहराजकम् ।। ६१।३०

जसका देशमा भोकै बस्छन् स्नातक पण्डित
त्यो राष्ट्र जान्नु चाँडै नै अर्काका हात पर्दछ,
—भीष्म

नराज्जातानि तत्वानि नाराणाति ततो विदुः ।
तान्येव चायनं तस्य तेन नारायणः स्मृतः ।।१२४।दा.पा.

'नर' हो तत्वको मूल सम्पूर्ण तत्व 'नार' हुन्,
'नार' मा वास गर्ने नै नारायण कहाउँछन्,
—देवर्षि नारद

कल्य उत्थाय यो मर्त्यः स्पृशेद् गां वै धृतं दधि ।
सर्षपं च प्रियङ्गुं च कल्मषात् प्रतिमुच्यते ।। १२६।१८

गाई, घिऊ, दही, रायो, सस्यूँ यी पञ्चमङ्गल
बिहानै जो सधैं छुन्छ त्यो मान्छे हुन्छ निर्मल
—श्रीबलदेव

भिन्न भाण्डं च खट्वां च
कुक्कुटं शुनकं तथा,
अप्रशस्तानि सर्वाणि
यश्च वृक्षो गृहे रुहः ।। १२७।१५

टुटेको खाट औ भाँडा कुखुरो अनि कुक्कुर
घरैमा उम्रने वृक्ष हुन् यी पाँच अमङ्गल
—गुरु धौम्य

*उपवास शब्द (उप+वास) को अर्थमा उप=समीपमा (धर्म मन्दिर, यज्ञ आदिको समीपमा) वास=बस्नु भन्ने पनि विद्वानहरूको मत छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्सन्निकर्षे परिवर्तितव्यं
विद्याधिकाश्चपि निषेवितकाः
सवर्णतां गच्छति संनिकर्षा
न्नीलःखगो मेरुमिवा श्रयन् वै । ९६।रा. प

बस्नू सधैं सज्जनका नगीच
विद्वान्‌को गर्नु सदैव सेवा,
सुवर्ण जस्तै हुन जान्छ हेर
सुमेरुमाथि जब उड्छ ठौवा,
—महर्षि पराशर

स्वदेशे वा विदेशेवाऽप्यतिथिं नोपवासयेत् । १६२।४३

स्वदेशै होस् विदेशै होस् जहाँ बस्दछ सज्जन
आफू त्यसै बसोस् भोकै नराखोस् पाहुनाकन
- भीष्म

एवमेवहि नोत्सेकः कर्तव्यो ज्ञान सम्भवः ।
फलं ज्ञानस्य हि शमः प्रशमाय यतेत् सदा ।। ९६। दा.पा.

नलिनू ज्ञानको गर्व ज्ञानको फल शान्ति हो
जब गर्व पलायो कि त्यहाँ ज्ञान कहाँ रह्यो ?
—महर्षि पराशर

तीर्थानां गुरव स्तीर्थं चोक्षाणा हृदयं शुचिः ।
दर्शनानां परं ज्ञानं सन्तोषः परमं सुखम् ।। १६२।४८

हुन् मान्य जन नै तीर्थ पवित्र भन्नु चित्त हो
हो आत्मज्ञान नै ज्ञान सुख सन्तोष मात्र हो,
—भीष्म

विद्याभ्यासैर्वृद्धयोगैरात्मानं न्नित्यं नयेत् ।
विद्या धर्मार्थं फलिनी तद्विदो वृद्ध संज्ञिताः ।।१४५।दा.पा.

'विद्या र वृद्ध' यीबाट बन विद्वान् र सज्जन
'धर्मार्थ ज्ञान' विद्या हो त्यै जान्ने वृद्ध हुन् चिन
—श्रीमहेश्वर

ये नास्तिका निष्क्रियाश्च गुरुशास्त्राभिलङ्घिनः ।
अधर्मज्ञा दुराचारा स्ते भवन्ति गतायुषः । १०४।११

जो छन् नास्तिक निष्कर्मी शास्त्रको नीति नाघ्दछन् ।
ती पापी गर्न के सक्छन् ? आफ्नै आयु घटाउँछन् ।।
—भीष्म

ये चैवेनं प्रशंसन्ति ये च निन्दन्ति मानवाः ।
शत्रुं च मित्रवद् पश्यदपराध विवर्जितम् ।।१४५।दा.पा.

केही मानिस यस्ता छन् राजाको स्तुति गाउँछन्
केही मानिस यस्ता छन् गल्ती चट्ट बताउँछन्
ठान्नू यी दुइमा गल्ती भन्ने नै 'मित्र तुल्य' हो
तर चिन्नू कि त्यस्ताको उद्देश्य कति शुद्ध हो,
—श्रीमहेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अश्वमेधिकपर्व

(चौध)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१. आश्वमेधिकपर्वको कथासार
२. व्यास-युधिष्ठिर सम्वाद
३. अनुगीता सार
४. ऋषिकुलको धर्म प्रश्न
५. दानयज्ञ
६. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आश्वमेधिकपर्वको कथासार

श्रीकृष्णका विरहले केही दिन शून्य जस्तो बनेको हस्तिनापुर पाण्डवहरूको श्रीकृष्णप्रेम, प्रजाप्रेम, सद्भावना तथा घरै पिच्छे चल्ने श्रीकृष्ण चर्चाले श्रीकृष्ण हुँदा जतिकै रमणीय बन्न थाल्छ। पाण्डवहरू पनि आफ्नो देशका समस्त समस्याहरूलाई राम्ररी हल गरेर आनन्दपूर्वक राज्य गर्न थाल्छन्। यस्तैमा पाण्डव दरबारमा व्यास आदि हितैषीहरूले बताएको 'अश्वमेध यज्ञ' गर्ने विषयमा चर्चा उठ्छ। व्यासको शिक्षाअनुसार हिमालयनेर गाडिएको अपार धनराशि बोकाएर ल्याइन्छ।

यज्ञ शुरूहुन्छ, यज्ञमा विशेष निमन्त्रणा पाएर भगवान् श्रीकृष्ण पनि पाल्नुहुन्छ। श्रीकृष्ण हस्तिनापुर शहरमा पाल्नुभएको केही दिनमै अभिमन्युकी रानी उत्तरालाई ज्यादै नै गर्भमा पीडा हुन्छ। श्रीकृष्ण यो खबर मिल्नेबित्तिकै उत्तरानेर पुग्नुहुन्छ। उत्तराबाट एउटा पुत्र रत्न जन्मन्छ, तर दुःखको कुरा बालक मरेको हुन्छ। पाण्डवकुलमा सन्तानको आशा यत्ति उत्तराको गर्भमा भएको मौकामा जब यस्तो दुर्घटना देखापर्छ, शोकको सीमा रहन्न। पाण्डवहीन पृथिवी बनाउने नराम्रो आशय लिएका अश्वत्थामाका अस्त्रबाटै गर्भस्थ बालकको पनि हत्या भएको कुरा थाहा पाउनु भएका श्रीकृष्ण शोकाकुल सम्पूर्ण पाण्डवपरिवारलाई धैर्य धारण गर्न अनुरोध गर्नुहुन्छ। भर्खर सुत्केरी भएकी उत्तरा आफ्ना नगीच श्रीकृष्ण छँदा छँदै यस्तो असह्य घटना घट्न गएकोमा साह्रै मनकटाएर विलप गर्नथाल्छिन्। श्रीकृष्ण अगाडि सर्नु हुन्छ र हातमा केही जल लिएर बालकमाथि छर्कनुहुन्छ। अनि अत्यन्त स्नेहपूर्वक बालकको स्पर्श गर्नु हुन्छ, आश्चर्य! हेर्दा हेर्दै बालकले आँखा खोल्छ र हात फ्याँकी फ्याँकी रुन थाल्छ। अनि सबैमा हर्षको सीमा रहन्न। बालकको नाम परीक्षित रहन्छ।

यसको एक महीनापछि अश्वमेध यज्ञ आरम्भ गरिन्छ। यज्ञ अवधिभर महाराज युधिष्ठिर यज्ञस्थलमै दीक्षित भएर बस्छन्, राज्य-व्यवस्था भीम र नकुलले सँभाल्छन्। सहदेव अतिथिहरूको स्वागतमा संलग्न हुन्छन्। अर्जुनलाई यज्ञका घोडाको रक्षा गर्ने भार सौंपिन्छ।

यज्ञमैदानबाट घोडा हिंड्छन्। उत्तर दिशातर्फ लागेर त्रिगर्त नरेश, प्राग्ज्योति नरेशहरूलाई पराजित गर्दै घोडासहित अर्जुन सिन्धु देशमा पुग्छन्। त्यहाँ पनि घोडा पक्रिन्छ, अर्जुनले सिन्धु नरेशका लाखौं सेनालाई छिन्न भिन्न पारिदिन्छन्। यस्तैमा युद्धमैदानमा दुर्योधनकी बहिनी दुःशला रुँदै अर्जुनतिर आउँछिन् र रुँदै भन्छिन्– "दाजी! मेरा पति (जयद्रथ) हजूरकै हातबाट महायुद्धमा बित्नुभयो, पुत्र यसै युद्धमा गयो, यो मेरो काखको नाति हो, म यसका प्राणको भिक्षा माग्छु।" अर्जुनलाई बहिनीका यी कुरा सुन्दा 'युद्ध' भन्ने नामबाटै घृणा उठ्छ, उनका आँखामा पनि आँसु आउँछ। अर्जुनले युद्ध रोक्छन् र बहिनीलाई सान्त्वना दिएर त्यहाँबाट प्रस्थान गर्छन्। अनि घोडा मणिपुरतर्फ लाग्छ; मणिपुरका राजा बभ्रुवाहन (अर्जुनले अघि तीर्थयात्राको समयमा राखिएकी चित्रांगदाबाट जन्मेका) अर्जुनकै पुत्र हुनाले पिताको स्वागतमा उपस्थित हुन्छन्, अर्जुनलाई यो काम बीरोचित लाग्दैन र युद्धद्वारा स्वागत गर्न आज्ञा दिन्छन्। बभ्रुवाहनले स्वीकार गर्छन्। अनि कर्ण र अर्जुनको जस्तै भयंकर संग्राम मच्चिन्छ। धेरै बेरको संग्रामपछि परस्परका कठोर बाण शरीरमा बज्नाले यी दुबै महारथी मूर्छा पर्छन्। पछि बभ्रुवाहनको मूर्छा खुल्छ र उनी पिता अर्जुनलाई हेर्न जान्छन् तर अर्जुन पल्टेका पल्टै ये देखिन्छन्, उनलाई पितृहत्याको ठूलो चिन्ता पर्छ र विलाप गर्न थाल्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आमा चित्रांगदा पनि पतिको मृत्यु सुनेर विलाप गर्दै त्यहीँ आइपुग्छिन् । घोर विलाप हुन्छ । अर्जुनकी अर्की पत्नी उलूपीले 'जीवन' मणि* ल्याएर अर्जुनको स्पर्श गराउँछिन् अर्जुन निद्राबाट उठे झैं उठ्छन् । आफ्ना भित्रिनी रानीहरू उलूपी र चित्रांगदालाईसँगै पाएर अर्जुन अति प्रसन्न हुन्छन् । रानीहरू तथा पुत्र बभ्रुवाहनलाई अश्वमेध यज्ञको निमन्त्रणा दिएर अर्जुन यज्ञको घोडासहित त्यहाँबाट प्रस्थान गर्छन् ।

केही दिनपछि कुशलतासाथ यज्ञको घोडा लिएर दिग्विजयी अर्जुन हस्तिनापुर आइपुग्छन् । यज्ञको मुख्य अङ्ग दिग्विजयमा सफलता मिलेकोमा सारा पुरवासीहरू अति हर्षसाथ अर्जुनको स्वागत गर्छन् । अनि यज्ञको बाँकी काम हुन थाल्छ । देश-विदेशका सम्पूर्ण ब्राह्मणहरू र गरीब गुरुवाहरू धन धान्यले परिपूर्ण हुन्छन् । त्यस यज्ञको दानले मानव मात्र होइन, पशुपन्छीहरू पनि भरिपूर्ण हुन्छन् ।

यज्ञ गर्ने शिक्षा दिएका र यज्ञमा स्वयं उपस्थित भएर भाग लिएका हुँदा महर्षि व्यासलाई युधिष्ठिरले सम्पूर्ण राज्य दान चढाउन खोज्छन् तर व्यासले यो भनेर कि 'राज्य दान गर्ने र बेच्ने अधिकार राजालाई छैन' त्यो स्वीकार गर्दैनन् । व्यासले र अरू महर्षिहरूले यथोचित ऐश्वर्य दान स्वीकार गरेर आशीर्वाद दिंदै बिदा लिन्छन् । यज्ञ समाप्त भए-पछि अनेक शिक्षाहरू दिएर भगवान् श्रीकृष्ण पनि द्वारकातर्फ पाल्नुहुन्छ ।

---

*भारतको मणिपुर भन्ने जगाको नाम यही मणिका कारणले रहेको हो पनि भन्ने चलन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आश्वमेधिक पर्व

व्यास-युधिष्ठिर-सम्वाद

भीष्म आदि सबै विद्वान्हरूबाट अनेक सम्झाउँदा पनि महाराज युधिष्ठिरको हृदय त्यो भीषण 'नरसंहार' को पश्चात्तापबाट मुक्त हुँदैन र युधिष्ठिर 'आफूले घोर पाप गरेको छु' भन्ने धारणा लिएर अत्यन्त चिन्तित बनिरहन्छन्, त्यो देखेर महर्षि व्यासले अरु सम्झाउनुको बदला प्रायश्चित्त गरेर पाप कटाउन लगाउनु उचित ठानेर लिखित सुझाउ दिन्छन्--

अतीव मनसा शोकः क्रियमाणो जनाधिपः ।
संतापयति वैतस्य पूर्वं प्रेतान् पितामहान् ॥२।२

"मरेकाको गरी शोक जति रुन्छन् यहाँ जन,
उति पितृहरूलाई बढ्छ संतापको क्रम"

यजस्व वाजिमेधेन विधिवद् दक्षिणावत ।
बहुकामान्नवित्तेन रामो दाशरथिर्यथा ॥२।९

बरु पितृहरू तार्ने गरी खर्च युधिष्ठिर,
'अश्वमेध महायज्ञ' रामचन्द्रसरी गर,

अनि महाराज युधिष्ठिरबाट यस्तो उत्तर आउँछ --

असंशयं वाजिमेधः पावयेत् पृथिवीमपि ।
अभिप्र यस्तु मे कश्चित् ते त्वं श्रोतुमिहार्हसि ॥३।११

"अश्वमेध गरे हुन्छ विश्व नै शुद्ध यो नर
मेरो यौटा अभिप्राय हजुर्ले बुझ्नुपर्दछ,

इमं ज्ञातिवधं कृत्वा सुमहान्तं द्विजोत्तमा ।
दानमल्पं न शक्नोमि दातुं वित्तं च नास्ति मे ॥३।१२

युद्धमै सकियो पैसा गर्दा बान्धवको बध,
यज्ञमा के गरूँ दान ? ऐल्हे आर्थिक कष्ट छ,

न तु बालानिमान् दीनानुत्सहे वसु याचितुम् ।
तथैवार्द्रव्रणान् कृच्छ्रे वर्तमानान् नृपात्मजान् ॥३।१५

युद्धको घाऊ बोकेका राजपुत्रहरूसित,
सम्पत्ति माग्नका लागि कसरी गरुँ ? साहस,

स्वयं विनाश्य पृथिवीं यथार्थं द्विजसत्तम ।
करमाहारयिष्यामि कथं शोकपरायणः ॥३।१४

आफैले पृथिवी नाशी यज्ञ गर्छु भनीकन,
कसरी कर मागूँ म ? आलै घाउ लिईकन"

दुर्योधनापराधेन वसुधा वसुधाधिपाः ।
प्रणष्टा योजयित्वा स्मान कीर्त्या मुनिसत्तम ॥३।१५

दुर्योधन हुँदा पापी नाश संसारको भयो
हाम्रा थाप्ला पर्‍यो यस्को अपगाल जती थियो,

अनुगीतासार

(महायुध्द र अश्वमेध यज्ञबाट निवृत्त भएपछि एक दिन अर्जुनले भगवान् श्रीकृष्णसँग "महायुध्दको अवसरमा आज्ञा भएको गीता अहिले बिर्से, कृपया फेरि त्यस महत्वपूर्ण शिक्षालाई दोहोर्‍याइपाऊँ" भनेर अनुरोध गर्दा भगवान्ले उनलाई 'उनै शब्दमा त होइन, तर उही बिचारमा आधारित केही प्रसङ्गहरू विस्तारपूर्वक सुनाउँछु' भन्नु हुँदै जुन ज्ञान दिनुहुन्छ त्यो ज्ञान यस आश्वमेधिक पर्वमा १६ अध्यायदेखि ९२ अध्यायसम्मका (७६) अध्यायमा अनुगीतापर्व भनेर उल्लेख गरिएको छ, यहाँ तिनै ७६ अध्यायका ठाउँ ठाउँबाट टिपिएका सूक्तिहरू छन्)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यपेत-भय-मन्युश्च आत्मवान् मुच्यते नरः ।
जीवितं मरणं चोभे सुख दुःखे तथैव च ।।१९.१२

"डर क्रोध दुवै जस्ले त्यागेको छ मजासित,
त्यही योग्य महात्माले मुक्तिको फल पाउँछ,

लाभालाभे प्रियं--द्वेष्ये यः समः स च मुच्यते ।।१९.१४

आयु-मृत्यु, सखा-शत्रु संसारी दुःख या सुख,
लाभ-हानि पनि जस्ले एकै देख्यो उ मुक्त छ,

सर्वमित्रः सर्वसहः शमेरक्तो जितेन्द्रियः ।
व्यपेत भयमन्युश्च आत्मवान् मुच्यते नरः ।।१९.१३

जो सबै मित्र हुन् ठान्छ सहन्छ जे परे पनि,
शान्ति प्रेमी छ औ, बस्छ जितेन्द्रिय बनी अनि,
जस्मा सम्मानको धोको छैन, क्वै न घमण्ड छ,
आत्मा देख्छ सबैमा जो त्यसैले मुक्ति पाउँछ,

क्रियावद्भिर्हि कौन्तेय देवलोकः समावृतः ।
न चैतदिष्टं देवानां मर्त्यरूपनिवर्तनम् ।।१९.५९

कर्मिष्ठ नरले स्वर्ग भरिएको छ अर्जुन !
देवता पनि चाहन्नन् मनुष्यत्व गुमाउन,

परान्नोद्विजयेत् काचिन्न च कस्यचिदुद्विजेत् ।
विश्वास्यः सर्व भूतानामग्र्यो मोक्ष विदुच्यते ।।४६.४१

नअत्याउ कसैलाई कसैबाट नआत्तिय,
सबैको बन विश्वासी विश्वास सबको लिय !

देवर्षयश्च नागाश्चाप्यसुराश्च प्रजापतिम् ।
पर्यपृच्छन्नुपासीनाः श्रेयो न प्रोच्यतामिति ।।
तेषां प्रोवाच भगवान् श्रेयः समनु पृच्छताम् ।
ओमित्येकाक्षरं ब्रह्म ते श्रुत्वा प्राद्रवन् दिशः ।।२६.७-८

सर्प, दैत्य, ऋषी, द्यौता ब्रह्माजी थ्यैं गए अघि
सोधे कल्याण केमा छ ?" सबैले एउटै यही
ती सबैलाई ब्रह्माले एउटै ज्ञान भन्दिए
त्यो यौटै ज्ञान पाएर ती सारा फर्कंदा भए

तेषां प्रद्रवमाणानामुपदेशार्थमात्मनः ।
सर्पाणां दंशने भावः प्रवृत्तः पूर्वमेवतु ।।
असुराणां प्रवृत्तस्तु दम्भभावः स्वभावजः ।
दानं देवा व्यवसिता दममेवमहर्षयः ।।२६.९-१०

त्यसरी जब फर्केर आफ्ना आफ्ना पुगे घर
लगाए सबले अर्थ ब्रह्माका- ज्ञानको, तर
त्यो अर्थमा 'डसी हिड्नु' रहस्य सर्पले टिपे
दैत्यले 'परपीडा नै शिक्षाको अर्थ हो' भने
द्यौताले 'उपकारै हो ब्रह्माको अर्ति' यो भने
'संयमी बन्नु नै ठूलो कल्याण' ऋषिले चिने'

नियम्यते तमो यत्र रजस्तत्र प्रवर्तते ।
नियम्यते रजो यत्र सत्वं तत्र प्रवर्तते ।।३६.७

'रजोगुण' त्यहीं बढ्छ जहाँ घट्छ 'तमोगुण'
अनि 'सत्व' त्यहीं बढ्छ जहाँ घट्छ रजोगुण

अधीत्याध्यापनं कुर्यात् तथा यजन याजने ।
दानं प्रतिग्रहं वाऽपि षड्गुणी वृत्तिमाचरेत् ।।४५.२१

पढोस् पैले अनी खोजोस् अरूलाई पढाउन
पैले सेवा गरोस् बल्ल खोजोस् सेवा गराउन,
दानी बनी सकी आफैं खोजोस् दान पचाउन
यस्ता गुण भए मात्र बन्न पाइन्छ ब्राह्मण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यद् दुरापं दुराम्नायं दुराधर्षं दुरन्वयम् ।
तत् सर्वं तपसा साध्यं तपो हि दुरतिक्रमम् ।।५१।१७

अप्राप्य हातले थाम्नै नमिल्ने र असंगत :
पनि मिल्छ तपस्याले तपस्या हुन्न निष्फल,

न चक्षुषा न मनसा न वाचा दूषयेत् क्वचित् ।
न प्रत्यक्षं परोक्षं वा किञ्चिद् दुष्टं समाचरेत् ।।४६।४३

पीडा नदेऊ अर्कामा आँखा बोली र चित्तले
प्रत्यक्षै होस् परोक्षै होस् नराम्रा कर्म छोड हे !

गूढ धर्माश्रितो विद्वान् विज्ञानचरितं चरेत् ।
अमूढो मूढ रूपेण चरेद्धर्मामदूषयन् ।।
तथैनमवमन्येरन् परे सततमेवहि ।
यथावृत्तश्चरेच्छान्तः सतां धर्मानकुत्सयन् ।।
य एवं वृत्त सम्पन्नः स मुनिः श्रेष्ठ उच्यते ।।४६।५२।५३½

गर्नु कि यसरी धर्म नदेखाई लुकीकन,
ज्ञानी भै पनि त्यस्लाई ठानुन् मूर्ख अरू जन,
अर्काका हितमा यद्वा त्यस्तो कर्म गरीलिनू,
जस्बाट कीर्तिको सट्टा अपमान परोस् लिनु,
तर शान्त बनी धर्म मनले नबिगारनू
यस्तो जो मुनि धर्मा छ त्यै हो उत्तम ठाननू

अनागतं च न ध्यायेन्नातीतमनुचिन्तयेत् ।
वर्तमानमुपेक्षेत कालकाङ्क्षी समाहितः ।।४६।४२

पछिको छोडियौ चिन्ता बितेको छोडियौ पिर
जे पर्छ टर्छ, पर्खेर बसियौ काल केवल,

यावद् रथपथस्तावद् रथेन स तु गच्छति ।
क्षीणे रथपथे विद्वान् रथमुत्सृज्य गच्छति ।।५०।२४

रथ चल्छ जहाँसम्म रथैमा त्यति हिंड्दछ,
सकिए रथको बाटो विद्वान् पैदल चल्दछ,

सत्याद् भूतानि जातानि स्थावराणि चराणि च ।
तपसा तानि जीवन्ति इति तद् वित्त सुव्रताः ।।
स्वांयोनिं समतिक्रम्य वर्तन्ते स्वेन कर्मणा ।।३५।३२

सारा जगतको सृष्टि सत्यबाटै भयो अघि,
ऐले जगत् अडेको छ तपका भरमा परी
यै बीच गर्छ जे कर्म प्राणी, त्यै कर्मले गरी
अनेकौं जुनिमा घुम्छ आत्मज्ञान सबै भुली,

लाभेन च न हृष्येत नालाभे विमना भवेत् ।
न चातिभिक्षां भिक्षेत केवलं प्राण यात्रिक ।।४६।२३

न गम्कनू हुँदा नाफा हानि पर्दा न आत्तिनू
धेरै नचाहनू केही निर्वाहैमा सुखी हुनू,

नास्वादयीत भुञ्जानो रसांश्च मधुरांस्तथा ।
यात्रामात्रं च भुञ्जीत केवलं प्राणधारणम् ।।४६।२३

अनि मीठा नमीठाको पनि ख्याल नराखनू,
प्राण धारणका लागि मिल्छ जे त्यै रुचाउनू,

ग्रासादाच्छादनादन्यन्न गृहणीयात्कथंचन ।।४६।२३

खान गास मिले भैगो ढाक्न टालो भए पुग्यो
यहाँभन्दा बढी खोज्नु अयोग्य व्यवहार हो,

सुधावृत्तिरसक्तश्च सर्वभूतैरमंविदम् ।।४६।३८

गरोस् अमृत झैं मीठो व्यवहार सबैसित
हुरुक्क नपरोस् आफू कैल्यै पनि कसैसित,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदा त्वहं देवयोनौ वर्तामि भृगुनन्दन ।
तदाऽहं देववत् सर्वमाचरामि न संशयः ।।५४।१७

जैले म देवयोनीमा घुम्छु जन्म लिईकन,
त्यो वेला हिंड्दछु ठिक्क देवता भैं बनीकन,

यदा गन्धर्वयोनौ वा वर्तामि भृगुनन्दन ।
तदा गन्धर्ववत् सर्वमाचरामि नसंशयः ।।५४।१९

त्यस्तै गन्धर्व वा नाग जातिमा जन्मँदा पनि
उन्कै उन्कै लिई चल्ती हिंड्छु त्यै रूपको बनी,

मानुष्ये वर्तमाने तु कृपणं याचित मया ।५४।१९$\frac{1}{2}$

ऐल्हे मनुष्यको चोला लिंदा मान्छे सरी बनी
गरें कौरवका साथ याचना शान्ति होस् भनी

न चते जात सम्मोहा वचोऽगृह्णन्त मे हितम् ।।५४।२०

जहाँ सम्मन मान्छेको गति चल्दछ त्यो सब,
गरें, तर नमानेर मातिए सब कौरव,

भयं च महदुद्दिश्य त्रासिताः कुरवो मया ।
क्रुद्धेन भूत्वा तु पुनर्यथावदनुदर्शिताः ।।५४।२१

रिसाएर पनी मैले दिएँ चेताउनि अभ्र,
देखाएँ पनि की युद्ध हुँदा के हुन सक्तछ?

समस्तमिह तच्छ्रुत्वा सम्यगेवावधार्यताम् ।
अहिंसा सर्व भूतानामेतत् कृत्यतमं मतम् ।।५०।२

छोट्करीमा भनी दिन्छु धर्मको सार लौ सुन!
अहिंसा धर्म नै सारा धर्ममध्ये छ उत्तम,

ऋषिकुलको धर्मप्रश्न

(महाभारतमा विभिन्न प्रश्नावली छन्, असल प्रश्नमा विशिष्ट उत्तर पनि लुकेका हुन्छन्, मैले ती प्रश्नमध्ये वर्तमान समाजमा प्रश्नसँग मिल्दा लागेर यहाँ केही प्रश्न संकलन गरेको छु। यी प्रश्न ऋषिकुलबाट (ऋषिहरूको समूहबाट) ब्रह्माजीसंग भएका हुन्)

को वा स्विदिह धर्म्माणामनुष्ठेयतमो मतः ।
व्याहतामिव पश्यामि धर्मस्य विविधां गतिम् ।।४९।१

हे ब्रह्मन् धर्ममध्येमा कुन् धर्म मान्नु योग्य हो ?
धेरै छन् धर्म, आपसमा मेल छैन समस्तको,

ऊर्ध्वं देहाद् वदन्त्येके नैतदस्तीति चापरे ।
के चित् संशयितं सर्वं निःसंशयमथापरे ।।४९।२

देहान्तपछि क्वै भन्छ धर्मको फल मिल्दछ,
क्वै हैन भन्छ, क्वै भन्छ-'शंका छ' क्वै छ निश्चित,

अनित्यं नित्यमित्येके
नास्त्यस्तीत्यपि चापरे ।
एक रूपं द्विधेत्येके
व्यामिश्रमिति चापरे ।।४९।३

क्वै 'धर्म नित्य हो' भन्छन क्वै अनित्य बताउँछन्,
क्वै धर्मै छैन भन्छन् र क्वै यौटै धर्म मान्दछन्,
क्वै यौटै धर्मका रूप बेग्लै बेग्लै बताउँछन्,
क्वै सबै धर्म जोडेर यौटै भैं नै बनाउँछन्,

मन्यन्ते ब्राह्मणा एव ब्रह्मज्ञास्तत्व दर्शिनः ।
एकमेके पृथक् चान्ये बहुत्वमिति चापरे ।।४९।४

तत्व दर्शी कुनै विद्वान् भन्छन 'ब्राह्मैत ब्रह्म' छ,
क्वै द्वैत भन्दछन् कोही भन्दछन् यो अपार छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशकालमुभो केचित्
नैतदस्तीति चापरे ।
जटाजिन धराश्चान्ये
मुण्डा केचिदसंवृताः ॥४९।५

देशकाल विचारेर चल्ने हो कोहि भन्दछ,
कोही जस्तै परोस् आफ्नो धर्म छोड्दिन भन्दछ,
क्वै जटा पाल्दछन् कोही मुडिईकन हिंड्दछन्,
क्वै बेर्छन् मृगको छाला क्वै नांगै पनि डुल्दछन्,

अस्नानं केचिदिच्छन्ति
स्नानमप्यपरे जनाः ॥४९।६

क्वै नुहाउनपर्दैन धर्मका निम्ति भन्दछ,
ननुहाइ हुँदै हुन्न भन्ने कोही बताउँछ,

आहारं केचिदिच्छन्ति केचिदनशने रताः ।
कर्म केचित्प्रशंसन्ति प्रशान्तिमपरे जनाः ॥४९।७

क्वै 'खाए हुन्छ' भन्छन् र क्वै भोकै व्रत बस्दछन्,
क्वै कर्म मान्दछन् कोही 'शान्ति चाहिन्छ' भन्दछन्,

केचिन्मोक्षं प्रशंसन्ति केचिद् भोगान् पृथग्विधान् ।
धनानि केचिदिच्छन्ति निर्धनत्वमथापरे ॥४९।८

क्वै भन्छ 'मोक्ष हो श्रेष्ठ' क्वै भन्छ 'सुख भोग हो,
धन क्वै खोज्छ क्वै भन्छ- 'गरीबै हुनु जाति हो'

इदं श्रेय इदं श्रेय इत्येवं व्युत्थितो जनः ।
यो हि यस्मिन् रतो धर्मे सतं पूजयते सदा ॥४९।१४

'यही राम्रो यही शुद्ध' भन्दै उत्सुक भैकन,
जुन धर्म मान्छ मान्छेले उसैको गर्छ पूजन,

एवं व्युत्थापिते धर्मे बहुधा विप्रबोधिते ।
निश्चयं नाधिगच्छाम सम्मूढा सुरसत्तम ॥४९।१३

यसरी झगडा जस्तो देखदा विद्वानवर्गमा,
हे ब्रह्मन् ! मुख्य कर्तव्य के हो बस्दैन चित्तमा,

अतः परंतु यद् गुह्यं तद् भवान् वक्तुमर्हति ॥४९।१६

यीभन्दा पनि झन् अर्कै बढिया धर्म पो छ कि ?
बताइदिनुहोस् ! ब्रह्मन् ! छैन अर्को कुनै गति ।

दानयज्ञ

(दानका सम्बन्धमा हिन्दूशास्त्रहरूले धेरै चर्चा गरेका छन्- दान दक्षिणालाई लिएर हिन्दू शास्त्रहरूलाई (मनमा परेका व्यक्ति हरूबाट) ब्राह्मणवर्गद्वारा सामाजिक शोषण गर्ने जाल रचिएको भन्ने लाञ्छना सुन्न नपरेको पनि होइन, तर हिन्दू शास्त्रहरूको दानयज्ञ सम्बन्धमा वास्तविक विचार के छ ? यो जान्न महाभारत आश्वमेधिकपर्वको यस प्रसंगले अवश्य सहायता गर्न सक्नेछ)

विभवो न नृणां पुण्यं, स्वशक्त्या स्वर्जितं सताम् ।९०।१०१

"धनै भए ठुलो धर्म मिल्ने क्यै पनि होइन,
गरीबलाई थोरैले धर्म मिल्दछ उत्तम,

रन्तिदेवो हि नृपतिरपः प्रादादकिंचन ।
शुध्देन मनसा विप्र नाकपृष्ठंनतोगतः ॥९०।९७

रन्तिदेव महाराज सर्वस्व सकिएपछि
'जलदान, गरेकाले गएथे स्वर्गमा अघि,

सहस्त्र शक्तिश्च शतं
शत शक्तिर्दशापि च

हज्जारको धनी मान्छे देओस् दान गरी सय,
सयको धनवान् मान्छे देओस् दान गरी दश,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दद्यादपश्च यः शक्त्या
सर्वे तुल्यफलाः स्मृताः ।९०।९६

त्यै पनी नहुने मान्छे पानी दान गरोस् तर
यी तीनै दानको मूल्य स्वर्गमा छ बराबर,

द्रव्यागमो नृणां सूक्ष्मः पात्रे दानं ततः परम् ।
कालः परततो दानाच्छ्रद्धा चैव ततः परा ।
स्वर्गद्वारं सुसूक्ष्मं हि नरैर्मोहान्न दृश्यते ।।९०।९३-९४

पैसा कमाउँदा पैल्हे बन्नुपर्दछ निर्मल,
अनि दान दिंदा पछि मान्छे खोजनु निर्मल
अझ चाहिन्छ मौका र मनको भाव निर्मल
अनि बल्ल छ है स्वर्ग पैल्यै खोजेर मिल्छ र ?

आत्म मांस प्रदानेन शिबिरौशिनरो नृपः ।
प्राप्य पुण्यकृतांल्लोका मोदते दिविसुव्रतः ।।९०।११०

आफ्नै मासु गरी दान शिबि जस्ता बडा नृप
स्वर्गमा पुण्यको भोग गरी बस्छन् मजासित,

अद्रोहः सर्व भूतेषु संतोषः शीलमार्जवम् ।
तपो दमश्च सत्यं च प्रदानं चेति सम्मितम् ।।९०।२०

अद्रोह सब प्राणीमा, संतोष शील औ तप,
सत्कर्म, दम औ सत्य छन् यी यज्ञसरी सब,

विविध सूक्ति

भूयिष्ठं विजिता दोषा निहताः सर्वशत्रवः ।
एको दोषो वरिष्ठश्च वध्यः स न हतो मया ।।३१।७

सारा दोष जितें मारें सारा शत्रुहरू तर,
झन् ठूलो शत्रु यो लोभ म आफैं भित्र बाँकी छ,
—राजा अम्बरीष

बलवन्तो ह्यनियमा नियमा दुर्बलीयसाम् ।।२२।२३

जति नियम छन् खालि दुर्बलै माथि लाग्दछन्,
बलियालाई देखेर आफैं कानून भाग्दछन्
—एक ब्राह्मण

दरिद्रान् वित्तहीनांश्च प्रदानैः सुष्ठु पूजय ।
आतुरस्यौषधैः कार्य निरुजस्य किमौषधैः ।।९२।दा.पा.

दुःखी गरीबका लागि दान देऊ युधिष्ठिर
जो रोगी छैन त्यसलाई कस्ले औषधि दिन्छ र ?
—श्रीकृष्ण

हिरण्यरेता नोष्णः स्यात् परिवर्तेत मेदिनी ।
भासं तु न रविः कुर्यान्नतु सत्यं चलेन्मयि ।।५।२७

आगो होला बरु चीसो सक्ला पृथिवी पल्टन
उज्यालो नदिनन् सूर्य म आफ्नो सत्य छोड्दिन,
— गुरु बृहस्पति

यावत् तपेत्सहस्त्रांशुस्तिष्ठेरंश्चापि पर्वताः ।
तावल्लोकान्नलभेयं त्यजेयं संगतं यदि ।।७।२२

यदि तपाईंको पक्ष छोडेंछु सुन्नुहोस् ऋषि !
सूर्य आदि रहुन्जेल नपाऊँ म परंगति,
राजा मरुत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्व्यक्षरस्तु भवेन्मृत्युस्त्र्यक्षरं ब्रह्म शाश्वतम् ।
ममेति च भवेन्मृत्युर्न ममेति च शाश्वतम् ॥१३।३

'मेरो ब्हैन' र 'मेरै हो' यत्तिमा बन्ध मोक्ष छ
ममता मृत्यु हो मुख्य त्यागै हो नित्य अमृत,
—श्रीकृष्ण

सक्तुप्रस्थन वा नायं यज्ञ स्तुल्यो नराधिपाः ।
उञ्छवृत्ते र्वदान्यस्य कुरुक्षेत्र निवासिनः ॥९०।७

यो अश्वमेधको यज्ञ लागेन मकनै अब
यौटा गरीब मान्छेले 'सातू' बाँडे बराबर
—एक नकुल

चाण्डालोऽप्यतिथिः प्राप्तो देशकालऽन्नकाङक्षया ।
अभ्युद्गम्योगृहस्थेन पूजनीयश्च सर्वदा ।९२।दा.पा.

चाण्डालै होस् न मौकाले आएको अतिथीकन
गहस्थले उठी गर्नू सधैं स्वागत पूजन,
—श्रीकृष्ण

यथा मनुर्महाराजो रामो दाशरथिर्यथा ।
तथा भरतसिंहोऽपि पालयामास मेदिनीम् ॥१४।दा.पा.

जस्तै मनु अनी राम भएथे मनुजेश्वर
भए त्यस्तै प्रजा प्रेमी धर्मराज युधिष्ठिर
—वैशम्पायन

द्विविधो जायते व्याधि शारीरो मानसस्तथा ।
परस्परं तयोर्जन्म निर्द्वन्द्वं नोपपद्यते ॥
शरीरे जायते व्याधि शारीरःस निगद्यते ।
मानसे जायते व्याधिर्मानसस्तु निगद्यते ॥१२।१-२

दुई प्रकारका रोग हुन्छन् शारीर-मानस,
हुन्न यौटा नभै अर्को चल्दछन् यी परस्पर,
शरीरमा हुने रोग जान्नू 'शारीर रोग' हो,
मनमा हुन्छ जो रोग त्यही 'मानस रोग' हो,

शीतोष्णे चैव वायुश्च गुणा राजन् शरीरजाः
तेषां गुणानां साम्यं चेत् तदाहुः स्वस्थलक्षणम् ।
सत्वरजस्तमश्चेति त्रय आत्मगुणः स्मृताः ।
तेषा गुणानां साम्यं चेत् तदाहुः स्वस्थलक्षणम् ॥१२।३-४

सर्दी गर्मी अनी हावा यी हुन् शरीरका गुण
यिन्को मात्रा मिले हुन्छ देहको स्वास्थ्य उत्तम,
'तमः, सत्व, रजः' हुन् यी मान्छेका मनका गुण
यिन्को मात्रा मिले हुन्छ मनको स्वास्थ्य उत्तम
—श्रीकृष्ण

संसारमा जती शास्त्र, जती वाद, विचार छन् ।
यौटा गृहस्थका लागि ती सबै जान्न योग्य छन् ॥
—भगवान् ब्रम्हा

क्वै हुन्छन् सुखको बेला दुःख संझन चाहने ।
क्वै हुन्छन् दुःख पर्दामा सुख संझेर बाँचने ॥
—श्रीकृष्ण

हज्जार बार जुन् पढ्दा बुझ्न सक्तैन मूर्खले,
त्यै यस्सो हेर्दिए मात्र समात्छन् बुद्धिमानले,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यावद् रथपथस्तेन रथेन स तु गच्छति ।
क्षीणे रथपथे विद्वान् रथमुत्सृज्य गच्छति ।।५०।२४

स्वयम्भू भगवानलाई छोडेर यो जगतभर
हुन्न संशयको कैल्यै यौटाले गर्ने निर्णय,
— भीष्म

अध्वा सूर्येण निर्दिष्टः कीटवच्च चरेन्महीम् ।
दयार्थं चैव भूतानां समीक्ष्य पृथिवीं चरेत् ।।४६।२७

यी सारा प्राणधारीको गरी कल्याण चिन्तन,
सूर्यको बत्ति बालेर सम्पूर्ण पृथिवी घुम,
—भगवान् ब्रम्हा

अहान्यस्तमयान्तानि उदयान्ता च शर्बरी ।।
सुखस्यान्तं सदा दुःखं दुःखस्यान्तं सदा सुखम् ।।४४।१८

रात पर्न उज्यालो भो उज्यालो हुन रात भो
सुख हो दुःखकै निम्ति सुखकै निम्ति दुःख हो
- भगवान् ब्रम्हा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आश्रमवासिकपर्व

(पन्ध्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग-सूची

१. आश्रमवासिकपर्वको कथासार
२. धृतराष्ट्र शिक्षा
३. अर्जुनको अनुरोध
४. देशका नाममा धृतराष्ट्रको सन्देश
५. कुन्तिको अर्ती
६. विविध सूक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आश्रमवासिकपर्वको कथासार

भगवान् श्रीकृष्ण र महर्षि व्यासको सान्त्वना, भीष्म पितामहको उपदेश र अश्वमेध यज्ञको प्रायश्चित्तद्वारा शान्तिको अनुभव पाएका युधिष्ठिर महाराज आनन्दपूर्वक एकछत्र राज्य गर्न थाल्छन्। हस्तिनापुरको राजदरवार देशका कवि, राजनीतिज्ञ, कलाकारहरू र विद्वान् ब्राह्मणहरूलाई आश्रय दिएर ज्यादै शोभित बन्छ। विदुर, संजय, गान्धारी, कुन्ती र १०० भाइ कौरवमा शेष रहेका राजकुमार युयुत्सुसहितका धृतराष्ट्रको वीर पाण्डवहरू श्रद्धापूर्वक सेवा गर्दछन्। देशको कुनै पनि समस्या धृतराष्ट्रसंग नसोधी हल गरिंदैन। पाण्डव-परिवारमा केवल भीम मात्र यस्ता छन्, जसलाई धृतराष्ट्रको पुरानो अन्यायप्रति द्वेष बाँकी छ, अरू सम्पूर्णबाट धृतराष्ट्रले पूर्ण सम्मान पाउँछन्।

यसरी आनन्दपूर्वक १५ वर्ष बित्छन्। एकदिन के हुन्छ भने धृतराष्ट्र, गान्धारी आदि दरवारी महानुभाव बसेका ठाउँमा भीमसेन पुग्छन्, उनलाई धृतराष्ट्र देख्नेबित्तिकै कौरवहरूको पुरानो अत्याचारको याद आउँछ, जलन हुन्छ, रोक्न सक्तैनन् र आफ्ना शक्तिशाली बाहुलाई फड्कारेर भन्छन्– 'महानुभाव हो ! यी मेरो तिनै हात हुन्, जुन हातले अत्याचारी दुर्योधन र उसका भाइ छोराहरूलाई अत्याचारको स्वाद चखाएका थिए।'' यसरी मरिसकेका आफ्ना पुत्रहरूको हत्याबारे यति कडा शब्द आफूलाई सुनाएकोमा धृतराष्ट्रलाई पीर लाग्छ। त्यस घट्नाका केही दिनपछि सबैलाई उपस्थित हुन आदेश दिन्छन्। सब जम्मा हुन्छन्। धृतराष्ट्र गहमा आँसु भरेर भन्छन्– ''उपस्थित सज्जन वर्ग! जस्तो कि यहाँहरूलाई थाहै छ, १५ वर्ष अघि भीषण नरसंहार भयो। धेरैले त्यसमा मलाई दोषी ठहऱ्याएका छन्। त्यो ठीकै पनि हो। त्यसको प्रायश्चित्त मैले गर्नुपर्छ। यस कारण आज म सबैसँग वन जाने विषयमा बिदा माग्न चाहन्छु। हुनत गत १५ वर्षदेखि म एक प्रकारले तपस्यामै संलग्न छु, तर मेरो तपस्या घरमा पूर्ण हुन सक्तैन।'' यो सुन्दा महाराज युधिष्ठिरलाई ठूलो दुःख लाग्छ, उनले गहमा आँसु भरेर अनुनय गर्दै आफू पनि पितासँगै बन जाने इच्छा गर्छन्। धृतराष्ट्र सम्झाउँछन् र आफ्नो कुल-परम्परा नै 'छोरालाई राज्य दिएर पिताले बनजाने' बताउँछन्।

यसै यी कुरा चल्दा चल्दै दुर्योधनहरूको श्राद्ध गर्ने तिथि आउँछ। आफू अब बनवासी बन्ने सुरमा हुनाले आफ्ना तर्फबाट गरिने पुत्रहरूको यो पछिल्लो श्राद्ध केही भव्यता साथ गर्ने धृतराष्ट्रलाई इच्छा लाग्छ र बिदुर मार्फत त्यसमा चाहिने विशेष खर्चको बजेट स्वीकृत गर्न युधिष्ठिरलाई भन्छन्। तर भीमले यसको विरोध गर्छन्। भीमको यो प्रतिक्रियाबाट धृतराष्ट्रलाई झन् दुःख लाग्छ तर अर्जुन र युधिष्ठिरले भीमलाई सम्झाएर धृतराष्ट्रको इच्छा अनुसारको श्राद्ध-खर्च प्रदान गराउँछन्।

श्राद्धपछि विदुर, गान्धारीसहित धृतराष्ट्र आश्रममा बस्नका निमित्त वनतर्फ लाग्छन्। जब आमा कुन्तीले पनि उनीहरूसँगै वनजाने निश्चयमा पुत्रहरूसँग बिदा माग्छिन्, पाण्डवहरूलाई कुन्तीको यो निश्चय मन पर्दैन, उनीहरूले पहिले त प्रार्थना गर्छन्, तर जब राजमाता कुन्ती आफ्नो संकल्पमा अटल बन्छिन्, उनीहरूलाई रिस उठ्छ। उनीहरू भन्छन्– ''मुमा ! तपाईंलाई याद हुनुपर्छ, १२ वर्ष वनवास र १ वर्ष गुप्तवासपछि यो राज्यप्राप्तिका निम्ति युद्ध गर्नमा ज्यादै प्रेरणा तपाईंको छ। तपाईंले नै विदुलाको सन्देश पठाएर हामीलाई युद्ध गर्न जगाउनु भएको हो। हामीले पनि तपाईंलाई राजमाताका रूपमा सुखभोग गरेको देख्न यो घोर संग्राम गरेका हौं, अब यदि तपाईं हामीलाई यसरी अलपत्र छोडेर बन जानु हुन्छ भने तपाईंलाई कर्तव्य पालन नगरेको पाप लाग्नेछ।'' कुन्ती यी कुरा राम्ररी सुन्छिन्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वीकार पनि गर्छिन् र भन्छिन्-"बाबु हो ! एक वीर माताका हैशियतले त्यस वेला मैले त्यो भन्नु जति कर्तव्य थियो, त्यत्तिकै एक कुलांगनाका हैशियतले कुलपरम्परा अनुसार यस वृद्ध उमेरमा परमेश्वरको उपासना गरेर बनबास गर्न जानु पनि कर्तव्य छ। यसर्थ म जान्छु। वृद्ध जेठाज्यू र पुत्रशोकले शुष्क जेठानी दिदीको सेवा गर्न अहिले उपस्थित मेरो महान् कर्तव्य म त्याग्न सक्तिन।" पाण्डवहरू उत्तर दिन जान्दैनन्। बिदा दिन करै लाग्छ। कुन्ती पनि वन जान्छिन्।

पाण्डवहरूलाई धेरै दिनसम्म राजधानी शून्य लाग्छ। तर संसारको चलनै हो, सुस्तै सुस्तै यो शून्यपन हराउँछ। उनीहरू बड़ो निष्ठापूर्वक जनसेवामा लाग्दछन्। देशमा सर्वत्र शान्ति र निर्भयताको निवास हुन्छ। श्रीरामको राज्यमा झैं नै जनताले पूर्ण स्वतन्त्रताका साथ जीवन चलाउँछन्। एकदिन युधिष्ठिरलाई वनवासी धृतराष्ट्रहरूको संझनाले सताउँछ र केही पार्श्ववर्तीका साथ वनतर्फ लाग्छन। उहाँ पुगेर भर्खर जमुना स्नान गरेर धृतराष्ट्र, गान्धारी, कुन्ती र संजय भेटिन्छन् तर विदुर देखिन्नन्। विदुरको कुशलता बारे प्रश्न गर्दै युधिष्ठिरले उनलाई देख्न खोज्छन्। धृतराष्ट्र विदुर वनआएदेखि नै वेग्लै अर्को वनमा बस्न गएको कुरा बताउँछन्। कुरा चल्दा चल्दै त्यहीं आश्रमनेरको जंगलमा विदुर देखिन्छन् युधिष्ठिर उठेर विदुरतर्फ लाग्छन्, युधिष्ठिर जति अगि बढ्छन्, विदुर उत्तिकै पर पुग्छन्, यस्तो लाग्छ, ती खास विदुर होइनन्, तर विदुरको एक आकार मात्र हो। युधिष्ठिर त्यही आकारलाई पछ्याउँछन्, धेरै पर पुगेपछि एउटा वृक्षको फेदमा आड लागेर त्यो आकार अडिन्छ, युधिष्ठिर नगीचै पुगेर हेर्छन् त त्यो आकार आकार मात्र रहेनछ, साँच्चै नै विदुर रहेछन् उनले भक्तिपूर्वक 'काका !' भनेर बोलाउँछन्, यति खेरसम्म युधिष्ठिरका आँखामा आँसु पलाइसकेका हुन्छन्, उनले फेरि पनि "काका! यस्तो के गर्नु भएको?" भनेर व्याकुल भएर विदुरसँग प्रश्न गर्छन्। विदुरबाट उत्तर आउन्न। युधिष्ठिरको मन भरंग हुन्छ। उनी आत्तिएर विदुरलाई झम्टन्छन्, तर खेदको कुरा विदुरको शरीरमा प्राणै हुन्न, उनी त मुर्दा बनिसकेका हुन्छन्। युधिष्ठिर के गरुन्, बिचरा त्यहाँबाट फर्कन्छन् र धृतराष्ट्रको आश्रममा आएर यो सबै हाल सुनाउँछन्, 'पृथिवीमा, अब विदुर छैनन्' यो कल्पनाले एकपटक साराका हृदयमा भयंकर दुःख जन्माइदिन्छ' तर 'विदुर कहाँ गए अवश्य उनलाई सद्गति नै प्राप्त भयो होला' भन्ने कल्पनाले सबको मन हलुंगो पनि हुन्छ। धृतराष्ट्र र दुवै आमाको आशीर्वाद शिरोपर गरेर पाण्डवहरू फर्कन्छन्।

अरू २ वर्ष बित्छन्, आश्रमतर्फ कुनै खबर नमिल्नाले पाण्डवहरूमा चिन्ता बढ्दै गएको हुन्छ, यस्तैमा एकदिन देवर्षि नारद हस्तिनापुरमा आइपुग्छन्, महाराज युधिष्ठिरले नारदसँग आश्रमतर्फको खबर सोध्छन्, नारदको मुख वेग्लै प्रकारको बन्छ। तर उनीले धैर्यपूर्वक खबर सुनाउँदै भन्छन् "महाराज ! केही दिन अघि तपाईंका आश्रमवासी माता पिताहरू गंगाद्वारतर्फ पाल्नु भएको थियो, त्यहाँ बस्दा बस्दै उहाँहरू तपस्याका कारणले धेरै गल्नु भएछ, यस्तैमा त्यस जंगलमा डढेलो लागेछ र शरीरमा तागत नभएकाले दौडन असमर्थ भएछन् र मर्ने निश्चय कसेर बसेछन् र संजय, जो अझै दौडेर ज्यान बचाउन सक्ने अवस्थामा थिए, उनलाई वनबाट चाँडै भाग्न आज्ञा दिएछन्। पहिले त संजयले पनि संगै मर्ने सुर कसेछन्, तर शक्ति हुँदा हुँदै मर्नु पाप हो भन्ने बताएर धृतराष्ट्रले चाँडै भाग्न लगाएछन् र संजय त्यहाँबाट प्रणाम गरेर दौडेछन्, अनि तपाईंका माता पिता ३ प्राणी त्यही डढेलामा समाप्त भएछन्।

देवर्षि नारदबाट भारतका एक महान् सम्राट्को त्यस प्रकारको दुःखद मृत्यु सुन्नु पर्दा महाराज युधिष्ठिरलाई साह्रै ठूलो चोट लाग्छ। उनले त्यस रोमाञ्चकारी दुर्घटनाको पनि मूलकारण आफैंलाई चिताउँछन् र भयंकर पश्चात्ताप गर्छन्। अनि यमुनामा गएर (दशगात्र आदि विधिपूर्वक) अन्त्यक्रिया गर्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आश्रमवासिकपर्व

धृतराष्ट्र–शिक्षा

(महाराज धृतराष्ट्रले यो शिक्षा आफू वनवास जाने वेलामा युधिष्ठिरलाई दिएका थिए)

अप्रमादस्त्वया कार्यः सर्वथा कुरुनन्दन ।
अष्टांगे राजशार्दूल राज्य धर्म पुरस्कृते ।। ५।८

गर राज्य तिमी बाबु ! राखेर धर्ममा मन,
सबै विभागमा कत्ति उपेक्षा नलिईकन,

विद्यावृद्धान् सदैव त्वमुपासीथा युधिष्ठिर ।
शृणुयास्ते च यद् ब्रूयुः कुर्याश्चैवाविचारितम् ।। ५।१०

विद्वान् र वृद्धको सेवा गर्न खोज सधैंभर,
जानेकै बात होस् तिन्ले भन्दामा सुन्दिने गर,

इन्द्रियाणि च सर्वाणि वाजिवत् परिपालय ।
हितायैव भविष्यन्ति रक्षितं द्रविणं यथा ।। ५।१३

राख कायम पारेर घोडा झैं सब इन्द्रिय,
धन संचित गर्नाले पछाडि काम लाग्दछ,

स्वदेशी अति विश्वासी गुप्तचारीहरूकन,
घुमाएर बुझी राख राष्ट्रको जनजीवन,

पुरुषैरलमर्थस्तेऽविदितैः कुलशीलतः ।
आत्मा च रक्ष्यः सततं भोजनादिषु भारत ।। ५।१८

कुलशीलहरूबाट नचिनेका मनुष्यको,
निम्तामा नै पनि खाँदा रक्षा गर्नू शरीरको,

समस्तैरपि च व्यस्तै व्यपदेशेन केन चित् ।
सुसंवृतं मंत्र गृहं स्थलं चारुह्य मंत्रयेः ।। ५।२२

सल्लाह गरने ठाउँ कि सानै हुनुपर्दछ,
कि फराक हुनुपर्छ खुला मैदानको स्थल,

वानराः पक्षिणश्चैव ये मनुष्यानुसारिणः ।
सर्वे मंत्रगृहे वर्ज्या ये चापि जड पुंगवाः ।। ५।२३

लाटा, बैरा परै जाउन् पशु पक्षी र वानर,
पनी सल्लाह भूमीमा हुनुहुन्न कतै तिर

मन्त्रभेदे हि ये दोषा भवन्ति पृथिवी क्षिताम् ।
न ते शक्याः समाधातुं कथं चिदिति मे मतिः ।। ५।२४

गुप्त सल्लाह खुल्नाले जति नोक्सान पर्दछ
त्यो मिलाउन मान्छेले महामुश्किल पर्दछ,

दोषांश्च मंत्र भेदस्य ब्रूयांस्त्वं मंत्रिमण्डले ।
अभेदे च गुणा राजन् पुनः पुनररिंदम ।। ५।२५

गोप्यमा भंग गर्नाले देशको कति घात छ
गोप्यता रहिराख्नाले साँच्चै नै कति लाभ छ
मन्त्रीमण्डलमा यस्को गर्नू व्याख्या सफासँग
नरहोस् गोप्यता बारे मन्त्रीमा कत्ति संशय,

पौर जानपदानां च शौचाशौचे युधिष्ठिर ।
यथा स्याद् विदितं राजन् पुनः पुनररिंदम ।। ५।२६

घट्दो छ अथवा बढ्दो आफूमा जन आदर
जसरी हुन्छ यो जान्न खोजी राख युधिष्ठिर !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रातरेव हि पश्येथा ये कुर्युर्व्यय कर्म ते ।
अलंकारमथा भोज्यमत ऊर्ध्वं समाचरेः ।। ५।३२

न खाँदै हेर्नु राजाले राष्ट्रको कति कोश छ
कोश हेरेपछी मात्र खानलाउन बेश छ,

पश्येयाश्च ततो योधान् सदा त्वं प्रतिहर्षयन् ।
दूतानां च चराणां च प्रदोषस्ते सदा भवेत् ।। ५।३३

खाई निर्धक्क भै भेट्न सेनाध्यक्षहरू सब
भेट्नू दूतहरूलाई प्रायशः बेलुकी पख

सदाचापररात्रान्ते भवेत् कार्यार्थ निर्णयः ।
मध्यरात्रे विहारस्ते मध्यान्हे च सदा भवेत् ।। ५।३४

विहानै दिनमा गर्ने कार्यको गर्नु निर्णय
मध्यरात्री र मध्यान्ह मौकामा घुमने गर,

स्वरन्ध्रं पररन्ध्रं च स्वेषु स्वेषु परेषु च ।
उपलक्षयितव्यं ते नित्यमेव युधिष्ठिर ।। ५।४१

आफ्नो र अरूको छिद्र खोजी खोजी सधैंभर
त्यस्को औषधि चाँडै नै गर्न खोज्नू युधिष्ठिर !

गुणार्थिनां गुणः कार्यो विदुषा वै जनाधिप ।
अविचार्याश्च ते ते स्युरचला इव नित्यशः ।। ५।४३

प्रोत्साहन दिई गर्नू गुणीको गुणवर्धन
गल्ती गरे पनी तिन्ले नथाल्नू त्यो विचारन,

साधु संग्रहणाच्चैव पाप निग्रहणात्तथा ।
दुर्बलाश्चैव सततं नान्वेष्टव्या बलीयसा ।। ६।१७

राखी सज्जनमा प्रेम दुष्टलाई सताउनू
तर कम्जोर शत्रुको खेदो गर्न नखोजनू

अर्जुनको अनुरोध

(अर्जुनले यो अनुरोध युवराज भीमसँग उनले धृतराष्ट्रलाई–श्राद्ध खर्च प्रदान गर्न इन्कार गर्दा गरेका हुन्)

भीम राजा पिता वृद्धो वनवासाय दीक्षितः ।
दातुमिच्छति सर्वेषां सुहृदामौर्ध्वं देहिकम् ।। ११।९

पिता हुन्, नृप हुन् आँटे श्राद्ध गर्न भने अब,
उन्का निमित्तमा दाजी ! मागेको दिन योग्य छ,

भवता निर्जितं वित्तं दातुमिच्छति कौरवः ।
भीष्मादीनां महाबाहो तदनुज्ञातुमर्हसि । ११।१०

तपाईंले कमाएको धन मागेर कौरव
भीष्मका निम्तिमा दान गर्छन् यो अति जाति छ,

दिष्ट्यात्वद्य महाबाहो धृतराष्ट्रः प्रयाचते ।
याचितो यः पुराऽस्माभि पश्य कालस्य पर्ययम् ।। ११।११

भाग्यका चक्रले दाजी ! माग्दछन् धृतराष्ट्र जी,
सोच्नोस् त जसका साथ हामीले मागियो अघि,

योऽसौ पृथिव्याः कृत्स्नाया भर्ता भूत्वा नराधिप ।
परं विनिहतामात्यो वनं गन्तुमभीप्सति ।। ११।१२

सम्पूर्ण पृथिवीका जो चक्रवर्ती अघी थिए,
उनै हुन् पीर पर्नाले वन जान खडा भए,

मातेऽन्यत् पुरुषव्याघ्र दानाद् भवतु दर्शनम् ।
अयशस्यमतोऽन्यत् स्यादधर्मश्च महाभुज ।। ११।१३

उन्लाई दिन्न भन्ने यो दृष्टिकोण नलीकन
शोच्नोस् कि यो कुरा होला कति दुर्यशकारण,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीम ज्येष्ठो गुरुर्मे त्वं नातोऽन्यद् वक्तुमुत्सहे ।
धृतराष्ट्रस्तु राजर्षि सर्वथा मानमर्हति । १२।१

धृत राष्ट्रजिमा हाम्रो सम्मान हुनुपर्दछ
दाजी ! भीम हजुर्लाई मैले के भन्नु पर्दछ'

नस्मरन्त्यपराद्धानि स्मरन्ति सुकृतान्यपि ।
असम्भिन्नार्यमर्यादाः साधवः पुरुषोत्तमाः ।। १२।२

बडा मानिस हारेका शत्रुका गल्ति भुल्दछन्'
उपकार भए केही त्यही मात्र बखान्दछन्,

देशका नाममा धृतराष्ट्रको सन्देश

(महाराज धृतराष्ट्रले यो सन्देश राजधानी छोड़ेर वनवास जाने बखतमा दिएका हुन्)

भवन्तः कुरवश्चैव चिरकालं सहोषिता ।
परस्परस्य सुहृदः परस्पर हिते रताः ।। ८।१५

मेरा प्यारा प्रजा वर्ग ! तपाईं अनि कौरव
राजा प्रजासँगै बाँच्यौँ परस्पर गरी हित

यदिदानीमहं ब्रूयामस्मिन् काल उपस्थिते ।
तथा भवद्भिः कर्तव्यमविचार्य वचोमम ।। ८।१६

अब आज सबैलाई जे भन्नेछु त्यती कुरा
विनातर्क सबैबाट स्वीकार गरियोस् पुरा,

अरण्यगमने बुद्धिर्गान्धारी सहितस्य मे ।
व्यासस्यानुमते राज्ञस्तथा कुन्तीसुतस्य च ।। ८।१७

गान्धरी सँगली आँटें वनमा जान व्यास र
छोरा पाण्डवका साथ लिई स्वीकृति निर्मल

भवन्तोऽप्यनुजानन्तु मा च वोऽभूद् विचारणा ।। ८।१८

आज्ञा दिनुपर्‍यो ऐल्हे तपाईंहरूले पनि
यसमा क्यै नहोस् तर्क के के हेतु पर्‍यो भनी

अस्माकं भवतां चैव येयं प्रीतिर्हि शाश्वती ।
न च साऽन्येषु देशेषु राज्ञामिति मतिर्मम ।। ८।१९

तपाईं हामिमा जे छ प्रेम सम्बन्ध शाश्वत
'त्यो अरू देशमा छैन होला निश्चय' लाग्दछ

युधिष्ठिर गते राज्ये प्राप्तश्चास्मि सुखंमहत् ।
मन्ये दुर्योधनैश्वर्याद् विशिष्टमिति सत्तमाः ।। ८।२०

दुर्योधन हुँदा भन्दा राजा बन्दा युधिष्ठिर
मलाई दुःख क्यै छैन पाएको छु सबै सुख,

मम चान्धस्य वृद्धस्य हतपुत्रस्यका-गतिः ।
ऋते वनं महाभागास्तन्माऽनुज्ञातु मर्हथ ।। ८।२२

म जन्मान्ध बुढालाई जस्का पुत्र मरिसके,
वन बाहेक अन्यत्र शान्तिको ठाउँ खै छ के ?

शान्तनुः पालयामास यथावद् पृथिवीमिमाम् ।
तथा विचित्रवीर्यश्च भीष्मेण परिपालितः ।।
पालयामास नस्तातो विदितार्थो न संशयः । ९।१

पुत्रभन्दा बढी माया मनमा ली प्रजाकन
अघि शन्तनुले जस्तो गर्नु भो देश-रक्षण
अनि हाम्रा बुबाबाट भीष्मजी साथ लीकन
भयो जो राज्य यो सारा बुझ्छ होला प्रजाजन,

यथा च पाण्डुर्भ्राता मे दयितो भवतामभूत् ।। ९।१½

भाइ पाण्डु सबैका नै 'प्रिय राजा' बनी गए
थाहै छ जसरी उन्ले देशसेवाहरू गरे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मया च भवतां सम्यक् शुश्रूषाया कृताऽनघाः ।
असम्यग् वा महाभागास्तत् क्षन्तव्यमतन्द्रितैः ॥ ९।३

पाण्डु वितेपछी मैले राजगद्दी लिनू पर्‍यो
योग्यता होस् नहोस् किन्तु मेरो कर्तव्य त्यो थियो
राम्रै गर्छु भनी राज्य गरेंथें ध्यान दी तर
के के गरें ! कुनै भूल भए त्यो बिर्सनोस् अब,

यदा दुर्योधनेनेवं भुक्तं राज्यमकण्टकम ।
अपि तत्र न वो मन्दो दुर्बुद्धिरपराद्धवान् । ९।४

जैले राजा बन्यो मेरो जेठो छोरा सुयोधन
आफै दुर्बुद्धिले बिग्र्यो छोएन दुनियाँकन,

तन्मया साधुवापीदं यदिवासाधु वै कृतम् ।
तद् यो हृदि न कर्तव्यं मया बद्धोऽयमञ्जलिः ॥ ९।६

उसका सम्बन्धले मैले पाप पुण्य जसो गरें
मनमा नलिनू होला जे होस् शरणमा परें,

वृद्धोऽयं हतपुत्रोऽयं दुखितोऽयं नराधिपः ।
पूर्वराज्ञां च पुत्रोऽयमिति कृत्यानुजानथ ॥ ९।७

बूढो हो पुत्रले हीन राजा हो दुःखमा पर्‍यो
राजाको वंश हो ठानी आशीर्वद दिनू पर्‍यो

इयं च कृपणा वृद्धा हतपुत्रा यशस्विनी ।
गान्धारी पुत्र शोकार्ता युष्मान् याचति वै मया ॥ ९।८

यी पुत्रशोकले तप्त गान्धारी पनि नम्र भै
मलाई भन्दिनोस् भन्छिन् दिउन् माफी प्रजा सबै,

हतपुत्राविमौ वृद्धौ विदित्वा दुःखितौ तथा ।
अनुजानीत भद्रं वो व्रजाव शरणं च वः ॥ ९।९

रित्ता बूढा बुढीलाई दुःख पाए भनीकन
क्षमा दिई दिनोस् आज्ञा होस् कल्याण सबैकन,

अयं च कौरवो राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
सर्वैं भवद्भिर्द्रष्टव्यः समेषु विषमेषु च ॥ ९।१०

यी युधिष्ठिरमा पर्दा मौकाले दुःख या सुःख
तपाईंहरूले पर्छ सगाउन निरन्तर

न जातु विषमं चैव गमिष्यति कदाचन ॥ ९।११॥

तपाईंहरूका निम्ति यी युधिष्ठिरले पनि
नराम्रो गरनेछैनन् जस्तै आपत् परे पनि

चत्वारः सचिवा यस्य भ्रातरो विपुलौजसः ।
लोकपालसमा ह्येते सर्वधर्मार्थदर्शिनः ॥
ब्रह्मेव भगवानेष सर्वभूत-जगत्पतिः ।
युधिष्ठिरो महातेजा भवतः पालयिष्यति ॥९।१२-१२

जसका सचिव तेजस्वी चारोटै वीर भाइ छन्
लोकपाल सरी चारै जो सबै धर्म जान्दछन्
संसारका पिता साक्षात् ब्रह्मा झैं यी युधिष्ठिर
गर्नन् स्वदेशको रक्षा दुनियाँको लिई पिर

कुन्तीको अर्ती

(कुन्तीले यो अर्ती आफू धृतराष्ट्रहरूसँग वनवास लाग्दा महाराज युधिष्ठिरलाई दिएकी थिइन्)

सहदेवे महाराज माऽप्रसादं कृथाः क्वचित् ।
एष मामनुरक्तो हि राजंस्त्वां चैव सर्वदा ॥ १६।१०

न रिसाउनु है बाबु ! भाइ यो सहदेवमा,
बोल्न जान्दैन चोखो छ पेटले तिमिमा ममा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्णं स्मरेथाः सततं संग्रामेस्वपलायिनम् ।। १६।११

कर्ण मर्नगयो किन्तु बीर हो अनि दाजु हो,
श्राद्ध तर्पणमा गर्दै राखनू संझना दिगो,

आयसं हृदयं नूनं मन्दाया मम पुत्रक ।
यत् सूर्यजमपश्यन्त्या शतधा नविदीर्यते ।। १६।१२

बज्र जस्तो छ यो छाती पुत्र कर्ण मरे पनि,
फुटेन जो कि सुन्दैमा सैकडौं टुकुरा बनी,

तन्निमित्तं महाबाहो दानं दद्यास्त्वमुत्तमम् ।
सदैव भ्रातृभिः सार्धं सूर्यजस्यारिमर्दन ।। १६।१४

बाबु ! त्यो कर्णका निम्ति दान धर्म गरी दिनू
सबै भाई मिली उस्का आत्माको शान्ति चाहनू,

द्रौपद्याश्च प्रिये नित्यं स्यातव्यमरिकर्शन ।
भीमसेनोऽर्जुनश्चैव नकुलश्च कुरुद्वह ।।
समाधेयास्त्वया राजन् त्वय्यद्यकुलधूर्गता ।। १६।१५

बुहारी द्रौपदीलाई हेला कत्ति नगर्नु है !
मिलाईकन राख्नू है आफ्ना भाइहरू सबै,

विविध सूक्ति

प्रेक्षतामेव वो भीमः वेपन्तीं कदलीमिव ।
स्त्री धर्मिणीमरिष्टाङ्गी तथा द्यूत पराजिताम् ।।
दुःशासनो यदा मौर्ख्याद् दासीवत् पर्यकर्षत ।
तदैव विदिते मह्यं पराभूतमिदं कुलम् ।। १७।११

केराका पातझैं काम्दी द्रौपदी यी रजस्वला,
घिसारिइन् नि जुन् वेला जुवामा हारिई बरा !
त्यै वेला बाबु ! जानेंथें 'जस्तै होस् सैन्यको बल
बाँकी रहन्न धर्तीमा अब कौरवको कुल !'
-कुन्ती

यदा परे च बलिनः स्वपक्षश्चैव दुर्बलः ।
सार्धं विद्वांस्तदा क्षीणः परैः सन्धि समाश्रयेत् ।। ६।८

शत्रुपक्ष जसै बढ्छ स्वपक्ष जब घट्दछ,
त्यो वेला जसरी हुन्छ जान्नेले सन्धि गर्दछ,
-महाराज धृतराष्ट्र

शत्रवोऽपि कुतः पौरा भृत्या वा स्वजनोऽपिवा । २६।५½

आफ्ना त खुश हुन्छन् नै त्यस्मा के भन्नु पर्छ र ?
शत्रु पनी खुशी पार्ने काम गर्दिनुपर्दछ !

सर्वं बलवता पथ्यं सर्वं बलवतां शुचिः ।
सर्वं बलवतां धर्मः सर्वं बलवतां स्वकम् ।। ३०।२४

बलियाले त जे खाए पनि पच्छन् मजासित,
बलियालाई जे राम्रो लाग्यो त्यै नै पवित्र छ,
बलियाले गरेदेखि जे पनी धर्म बन्दछ
अर्थात् संसार सम्पूर्ण बलियाकै निमित्त छ,

एतद्धि त्रितयं श्रेष्ठ सर्वभूतेषु भारत ।
निर्वैरता महाराज सत्यमक्रोध एव च ।। २८।९

निर्वैर सत्य अक्रोध मनमा हुनु पर्दछ
सबै मनुष्यका निम्ति यिनै हुन् गुण सुन्दर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मौसलपर्व

(सोह्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मौसलपर्व

पाण्डवहरूलाई हस्तिनापुरको गद्दी दिलाएर उनीहरूको वैभवपूर्ण अश्वमेध यज्ञमासमेत भाग लिएर निवृत्त भएपछि द्वारकामा भगवान् श्रीकृष्ण केही स्थिर जस्तो भएर बस्नु भएको छ। पृथिवीको स्वर्गपुरी द्वारकाका भव्य महलहरू, चौडा सडकहरू, आकर्षक उद्यान-पार्कहरू, निर्मल सरोवरहरू र शान्त वन जंगलहरू समेतले गर्दा सुखै सुख, आरामै आराम र विलासै विलासको कति खानी बन्न गएको छ त्यो अवर्णनीय हुन्छ। भगवान् श्रीकृष्णको महान् र निश्चिन्त छत्रछायाँ पाएका द्वारकावासीहरू त्यस स्वर्गपुरीका सैकडौं विलासमय जीवनमा तल्लीन हुन्छन्। यदुवंशीहरूबाहेक द्वारकामा अरू विभिन्न वंशका नागरिकहरू पनि त्यही आराम र त्यही विलासका साथ बस्छन्। भगवान् श्रीकृष्णले यद्यपि आफू स्वयंले राजा वा मंत्री कुनै पद स्वीकार गर्नु भएको छैन तर संसारका राजा- महाराजाहरू अनेक उपहार लिएर श्रीकृष्णलाई भेट्न द्वारका आउंछन्, चक्रवर्ती सम्राट्माभन्दा बढी सम्मान प्रकट गर्छन्। संसारका विभिन्न जातिसँग आफूलाई मित्रका रूपमा होइन मालिकका रूपमा दाँज्ने प्रवृत्ति द्वारकावासीहरूमा पलाउँदै जान्छ। क्रमशः द्वारकावासीहरू आस्था, श्रद्धा, भय र अनुशासनबाट पर हट्छन्। गीता दर्शनका वक्ता स्वयं श्रीकृष्णका छत्रछायामा एक प्रकारको नास्तिकता बढ्न थाल्छ।

दुर्जनको नाश र सज्जनको रक्षा गर्ने एकमात्र लक्ष्य बनाएका श्रीकृष्ण जसले आफ्नै हातले यस प्रकारका अनास्थावादीहरूलाई लाखौं लाखौंको संख्यामा माटामा मिलाइसक्नु भएको छ। आफ्ना नगरवासीहरू विशेषगरी आफ्नै सन्तानहरूको बढ्दो उद्दण्डताबाट पीडित बन्नुहुन्छ।

एकातिर यस प्रकारको अन्ध नौतिकवाद बेस्सरी बढेकोछ भने अर्कोतिर भगवान् श्रीकृष्णको दर्शन गर्न र उहाँका मुखारविन्दबाट विभिन्न आध्यात्मिक चर्चाहरू सुन्न ऋषिमहर्षिहरूको ठूलो सँख्या द्वारिकाका आउन कम भएको छैन। ती ऋषिमहर्षिहरूप्रति भगवान् श्रीकृष्ण जति सम्मान र श्रद्धा प्रकट गर्नुहुन्छ, त्यत्तिकै श्रीकृष्णका ढीठे सन्तानहरू उपेक्षा र अपमानका दृष्टिले हेर्न सभ्यता ठान्छन्।

यस्तैमा एकदिन भगवान् श्रीकृष्णका छोरा साम्बलाई आइमाईको पहिरन पहिराएर द्वारकाका केही मत्त युवकहरू ऋषिहरूको परीक्षा गर्न दुर्वासा आदि महर्षिहरू भएका ठाउँमा पुग्छन्। साम्बलाई ठीक एक गर्भिणी जस्तै बनाएर अघि सार्छन् र उनीहरू आवश्यक प्रश्न गरे झैं यसरी बोल्छन्-

इयं स्त्री पुत्र कामस्य बभ्रोरमित तेजसः। **ऋषयः साधु जानीत किमियं जनयिष्यति ? ।। १।१७**	"यो आइमाइ छाहन्छे छोरो पाउन हे ऋषि ! गर्भमा के छ ? भन्नोस् त मंत्र-शक्ति पुरा झिकी"

भूत, भविष्यत् र वर्तमानका अभिज्ञ महर्षिहरूका कानमा जब यस प्रकारको तुच्छ प्रश्न पर्छ, उनीहरूलाई आफ्नो अपमानले होइन, भगवान् श्रीकृष्ण जस्ताका सन्तानको यस निन्दनीय उद्दण्डताले घोर दुःख लाग्छ। ऋषिहरूका समाज-मध्येबाट तत्काल एउटा यस्तो उत्तर आउँछ—

वृष्ण्यन्धक विनाशाय मुसलं घोरमायसम्। **वासुदेवस्य दायाद साम्बोऽयं जनयिष्यति ।। १।१९**	"वृष्णि, अन्धक सम्पूर्णलाई मारन मूर्ख हो ! यो साम्बबाट जन्मन्छ 'मुसल' यौटा फलामको"

उत्तर दाता महर्षि दुर्वासा हुन्छन्। दुर्वासाबाट यस्तो उत्तर पाउनेबित्तिकै यी ढीठे यादवहरूको मुटुले ठाउँ छोड्छ। उनीहरू त्यहाँबाट मस्यौरा जस्तो मुख लिएर फर्कन्छन् र अलि पर पुगेर साम्बका कपडा खोतल्न थाल्छन्। आश्चर्य ! साँचै नै साम्बको पेट ठूलो बनाउन राखिएका कपडामा फलामको दाह्रे मुशल फेलापर्छ। एकै चोटि उनीहरूका हृदयमा यस्तो ऋषिहरूको अपमान थाहा पाएर श्रीकृष्ण हप्काउनु हुन्छ कि ? भन्ने भय र सम्पूर्ण द्वारकावासी-हरूको भावी संहारको महान् त्रासले आक्रमण गर्छ। उनीहरू यो घटना सकेसम्म श्रीकृष्णलाई थाहै नदिने सल्लाह गर्छन् र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्र राजा उग्रसेनकहाँ गएर गोप्यतापूर्वक यो बताउँछन् । उग्रसेन पनि त्यस मुसललाई प्रभासक्षेत्रमा ढुंगामा घोटेर पानीमा बगाउने सल्लाह दिन्छन् । युवकहरू बड़ो यत्नसाथ त्यसै गर्छन् । घोट्दा घोट्दै जब सानो टुक्रो मात्र बाँकी रहन्छ, त्यसबाट केही हानि हुन नसक्ने सोचेर उनीहरू त्यसलाई पानीमा फालिदिन्छन् । संजोग को कुरा ! त्यही मुसल घोटेका ठाउँमा त्यसैको मल पाएर तरवार पाते पटेरो (एक प्रकारको झार) पलाउँछ र त्यही फलामको टुक्रो माछाका माध्यमबाट एउटा व्याधाको वाणमा टुप्पाको 'धार' बन्न पुग्छ ।

महाराज युधिष्ठिरले राज्य गर्न थालेको ३६ वर्ष हुन्छ कि संसारमा उत्पात मच्चिन थाल्छ । द्वारकामा त कस्तोसम्म अचम्भ हुन्छ भने प्रत्येक मानिसले दिनहुँ नराम्रो सपना देख्न थाल्छ । एउटी अत्यन्त डरलाग्दी काली आइमाई जगल्टा फिंजाउँदै सपनामा घरघरै घुम्न थाल्छे । भगवान् श्रीकृष्णको 'पाञ्चजन्य शंख' बिनासमयमै बज्न थाल्छ र बज्दा पनि आवाजमा कता कताबाट गधाको स्वर मिसिन आइपुग्छ । गाईहरू जति खेर पनि रोइरहेका देखिन्छन् र गिध्द र श्यालको संख्या निकै बढेको जस्तो हुन्छ । कता हो कता हाहाकार र दौडादौड परेको डरलाग्दो आवाज सबैका कानले टड्कारै सुन्छन् । तर हेर्दा कतै केही देखिंदैन । द्वारकामा नगण्य रूपमा हुने गर्भपात र बालबालिकाको मृत्यु अब गिन्ति गरी साध्यै नहुने अवस्था पुग्छ । बिरालाहरूले धेरैजसो बाटो छेक्ने र ढोका कुर्ने काम गर्न थाल्छन् र कुकुरहरू भुकेको भन्दा रोएको धेरै सुनिन थाल्छ । द्वारकामा मात्र होइन, पृथ्वीमा अरू देशमा पनि बारम्बार भूकम्पका धक्काहरू छुट्छन् , चन्द्र सूर्यमा कहिलेकाहीं उल्काका ज्वाला देखिन्छन् । यस्तो भयंकर अपशकुन देखेर द्वारकावासीहरूमा साह्रै भय उत्पन्न हुन्छ र सबै भगवान् श्रीकृष्ण भएका ठाउँमा मनलाई केही आधार दिलाउन पुग्छन् । भगवान् श्रीकृष्ण सबैलाई भन्नुहुन्छ–

*"औंसी र चतुर्दशी एकै दिन पारेर राहु ग्रह बसेको छ, महाभारतयुद्धमा पनि राहु ग्रहको यस्तै योग परेको थियो, यसर्थ महाभारतमा जस्तै भीषण नरसंहार हुन असम्भव छैन ।"

भगवान् श्रीकृष्णको यो विचार द्वारकाभरि फैलिन्छ, द्वारिकावासीहरू अत्यन्त डराउँछन् । सारा युवकहरू अझ विशेषगरी ती युवकहरू, जसले ऋषिहरूको सरापै सुनेका छन्, झन् डराउछन् । उनीहरू गोप्य रूपमा उग्रसेनको दरवारमा पुग्छन् र एउटा विशेष कानूनको व्यवस्था गर्न अनुरोध गर्छन् । भगवान् श्रीकृष्णले ३६ वर्ष अघि कुरुक्षेत्रमा भए जस्तै युद्ध हुने सम्भावना व्यक्त गर्नु भएकाले उनीहरूलाई के भय छ भने 'कुरुक्षेत्रमा कौरव र पाण्डव बन्धु बन्धुको युद्ध भएको हुँदा यहाँ पनि त्यस्तै आफन्तको युद्ध हुन्छ कि ?' यसर्थ झगडाहरूमा मूल जडको रूपमा मादक पदार्थहरू नै पर्न गएका ठूला ठूला घटनाहरूको इतिहासबाट परिचित यी युवकहरूले विशेष कानूनमा त्यसैलाई नियंत्रण गर्ने व्यवस्थाको उपाय बताएका हुन्छन् । महाराज उग्रसेन पनि द्वारकाभरि यो नयाँ अध्यादेश विशेष प्रचार पूर्वक जारी गर्छन् , जसमा भनिएको हुन्छ –

यश्च नो विदितः कुर्यात् पेयं कश्चिन्नरः क्वचित् । जीवन् स शूलमारोहेत् ··· ––··· ··· ॥ १।३०	"अब देखि यहाँ जसले खाला रक्सी लुकीकन, 'शूली फाँसी' चढी त्यसले पर्ला प्राण गुमाउन"

यसै गरी केही दिन बित्छ । कहिले नाच, कहिले खेलकूद, कहिले कृत्रिम युद्ध र कहिले वनभोज आदि गरेर बडो विनोदपूर्वक जीवन संचालन गरिरहेका द्वारकावासीहरू मदिरा र जूवामा ज्यादै अगि बढिसकेका थिए, उनीहरूलाई कुनै पनि प्रकारको अनुशासन घोर बन्धन लाग्न थालिसकेको थियो । यस्तैमा जब उग्रसेनको दरवारबाट विभिन्न नैतिक नियमहरूको घोषणा भइरहन्छ, उनीहरू सहन सक्तैनन् सर्वत्र नियम उल्लंघनका घटनाहरू हुन थाल्छन् ।

भगवान् श्रीकृष्णलाई आफ्ना सन्तानहरूको यो उपद्रव शान्त गर्न स्वयं कटिबद्ध हुनुपर्ने लाग्छ । यसै क्रममा महारानी गान्धारी र दुर्वासाको सरापलाई साकार गर्न द्वारकाका घमण्डी सारा नागरिकहरूलाई समाप्त गर्ने निर्णय पनि उहाँ मनमनै गर्नुहुन्छ । अनि एक दिन श्रीकृष्णको आज्ञा अनुसार ग्रहहरूको उपद्रव र अपशकुनहरूको अनिष्ट फलबाट

*चतुर्दशी पञ्चदशी कृतेयं राहुणा पुनः । प्राप्ते वै भारते युद्धे प्राप्ता चाद्य क्षयाय नः २।१६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बन्न तीर्थयात्राको रूपमा बाल वृद्ध र स्त्रीहरूबाहेक नागरिकहरू 'प्रभासक्षेत्रमा जाने सूचना प्रकाशित हुन्छ। सब जम्मा हुन्छन्। प्रभासमा नै वनभोज गर्ने उद्देश्यले साथमा अनेक प्रकारका खाद्य पदार्थ लिएर नगरवासीहरू आफ्ना आफ्ना रथमा सवार भएर निस्कन्छन्। खाद्य पदार्थहरूमा मदिरा पनि लगिएको हुन्छ। सबै प्रभास क्षेत्रमा पुग्छन्।

प्रभासमा पुगेर पहिले सबै तीर्थस्नान गर्छन्। जलक्रीडा चल्छ। अनि वनभोजको तयारी हुन्छ। बडो उत्साह-पूर्वक सबै खान बस्छन्। सबै मिष्ठान्नहरूका साथ मदिरा पनि खान थाल्छन्। भगवान् श्रीकृष्ण देखेको नदेख्यै गर्नुहुन्छ। नजाने त्यतिखेर महाराज उग्रसेनको 'मदिरा निषेध कानून' कता जान्छ, कोही पनि त्यसको वास्ता गर्दैन। आजको मदिरा-धोकाइ ज्यादै डरलाग्दो रूपको हुन्छ, उनीहरू आँखा चिम्लेर सीमा पार गरेर मदिरा धोक्न थाल्छन्।

खाँदा खाँदै सात्यकिका आँखा लाल हुन्छन् र उनी विना प्रसंग कृतवर्मातिर फर्केर बम्कन थाल्छन्—"हेर दाजुभाइ हो! यो कृतवर्मा पिशाच हो, यसले महाभारतयुद्धमा राति निदाएको पाण्डव शिविरमाथि हमला गरेर द्रौपदीका पाँच कुमारको ज्यान लियो!" त्यत्रो विशाल समाजमा आफूलाई त्यसरी बेइज्जत गरेकोमा कृतवर्मा पनि जाग्छन्, उनी सात्यकिलाई गाली गर्छन् र भन्छन्—"दुष्ट नीच तैंले भूरिश्रवालाई अधर्म र राक्षसी वृत्तिद्वारा मारेको इतिहास कहाँ छोपेको छस्!" अनि सात्यकि कृतवर्मामाथि अर्को अपराध थप्छन्—"चोर! तँ कति घाती होस्. 'स्यमन्तक काण्ड' तेरै कारणले मच्चिएको हो, सत्राजितलाई मराउने तैं कुकर्मी होस्।" कृतवर्मा जुरुक्क उठेर सात्यकिमा जाइलाग्छन्। सात्यकिको पालो एउटा तरवार थुतेर कृतवर्माका गर्दनमा बजार्छन्, कृतवर्माको टाउको भूइँमा गिर्छ। सारा नशाबाजहरूका बीचमा जब यो घट्ना घट्छ, उनीहरू कुनै कृतवर्मा र कुनै सात्यकिको समर्थनका झगडा शुरु गर्छन्, विवाद मच्चिएकै हुन्छ कि कृतवर्माका साथीहरू श्रीकृष्णकै सामुन्ने सात्यकिमाथि खड्ग बजार्छन्। सात्यकि पनि रगत छाद्दै पछारिन्छन् र संसारबाट बिदा हुन्छन्। प्रद्युम्नलाई सात्यकिको कुरा मन परेको हुन्छ, जब उनी यो दुर्घटना देख्न बाध्य हुन्छन्, नराम्रोसँग जाग्छन् र कृतवर्माका सैकडौं साथीहरूलाई गिँडिदिन्छन्, अनि के थियो घनघोर युद्ध मच्चिन्छ। लड्ने उद्देश्य नलिई प्रभास आएका यदुवंशीहरूसँग यतिखेर हतियारको व्यवस्था छैन, यस कारण यिनीहरू मुर्मुरिंदै ढुङ्गो र माटो गर्न थाल्छन्। यस्तैमा प्रभासको त्यो तट जहाँ अघि मुसल घोटिएको थियो, पटेरो झार लहलहाएको देखापर्छ, तरवारको धार जस्तो पात भएका पटेराका पातहरू दुर्वासाका स्रापका कारणले गर्दा अमोघ शस्त्र बन्छन्। तिनै पातहरूको प्रहारले एक छिन घोररूपमा मच्चिएको त्यो गृहयुद्ध भगवान् श्रीकृष्ण द्वारका शहरमा गएर यो समाचार सुनाउने आज्ञा दिनुहुन्छ, तर बभ्रु बाटैमा मर्छन्। पछि स्वयं श्रीकृष्ण द्वारका गएर वसुदेव आदि सम्पूर्ण वृद्ध जनहरूलाई यो खबर सुनाएर बलदेवलाई खोज्न निस्कनु हुन्छ। समुद्रमा समाधि लगाएका बलदेव फेला पर्छन्, तर बलदेव श्रीकृष्णसँग केही पनि नभनी प्राण त्याग गर्छन् र उनको मुखबाट एउटा सर्प निस्कन्छ र त्यो सर्प समुद्रतर्फ बढ्छ, बढ्दा बढ्दै उसको शरीर भयङ्कर बन्न थाल्छ र हजारौं फणा भएका शेषनागको रूपमा परिणत हुन्छ। अनि श्रीकृष्ण एउटा वृक्षमनि अडेस लागेर घुँडामाथि पाउ खप्टेर पल्टनुहुन्छ, यस्तैमा कतैबाट एउटा बाण आएर श्रीकृष्णका पाउमा रोपिन्छ, बाण हान्ने व्याधा दौड्दै आइपुग्छ र त्यहाँ श्रीकृष्णलाई देखेर क्षमामाग्दै रुन थाल्छ। श्रीकृष्णका लाल कमल जस्ता सुन्दर पाउलाई उसले मृगको कान ठानेर बाण हानेको रहेछ, भगवान् त्यसलाई क्षमा दिनु हुन्छ, परिक्रमा गरेर पाउ परेर बिदा लिन्छ। व्याधा गएपछि भगवान्को सारथि दारुक रुँदै त्यहीं आइपुग्छ र भगवान्का पाउमा रगत देखेर झन् विलाप गर्न थाल्छ। श्रीकृष्ण दुर्वासाको सरापले उत्पन्न भएको मुसलको घोटिएको टुक्रो माछाका माध्यमबाट बाण बनेर चोट लाग्न आइपुगेको रहस्य खोलेर उसलाई सम्झाउनु हुन्छ र भन्नु हुन्छ "दारुक! म अब पृथिवी छोडने तरखरमा छु। तिमीलाई पर्खेर मात्र यहाँ अडिएको हुँ, तिमी मेरो आज्ञाअनुसार हस्तिनापुर जाऊ र अर्जुनलाई लिएर आऊ, द्वारकाका सम्पूर्ण बाल वृद्ध र नारीहरूलाई हस्तिनापुरमै लगेर पालन गर्ने मेरो इच्छा उनलाई सुनाऊ। अर्को कुरा, यो पनि भनिदेऊ 'मेरो शोक कसैले नगरुन्, मैले धेरै कुरा पाण्डवहरूलाई थाहा दिइसकेको छु। खासगरी अर्जुनले धेरै रहस्य फेला पारेका छन्' अनि अर्जुनलाई यो द्वारका शहर अब सात दिनभित्रैमा डुब्ने भएको हुँदा नगरवासीहरूलाई समुद्रपारी पुर्याउन आतुरी गर्नु पर्ने कुरा पनि भनिदेऊ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दारुक यो कुरा जति सुन्दै जान्छ, उति डाँको छोडेर रुन्छ, उसले हेर्दा हेर्दै भगवान् श्रीकृष्ण परमधाम पाल्नुहुन्छ।*

दारुक रुँदै त्यहाँबाट हस्तिनापुरतर्फ लाग्छ। संसारभरि जहाँ जहां यो खबर पुग्छ, भयंकर शोक छाउँछ, जीवनभर श्रीकृष्णसँग वैर राख्नेहरू पनि पृथिवी शून्य भएको अनुभव गर्छन्। कैयौं मानिस खबर सुन्नेबित्तिकै ठहरै पर्छन्। अर्जुन दारुकबाट यो खबर पाउनेबित्तिकै द्वारका आउँछन् र पिता वसुदेवको दर्शन गरेर उहाँका पाउमा परेर विलाप गर्छन्। अर्जुन आएको सुन्नेबित्तिकै द्वारकावासीहरुले उनलाई घेरेर विलाप गर्छन्। श्रीकृष्णको आज्ञा अनुसार अर्जुनले द्वारकावासीहरूलाई धमाधम समुद्रपार ओसार्न थाल्छन्, ठीक सात दिनका दिन सबैले हेर्दा हेर्दै द्वारकाको त्यस्तो भव्य नगर समुद्रमा भासिन्छ। प्रभासमा श्रीकृष्णका केही रानीहरू र मातापिता पनि प्राण त्याग गर्छन्। बाँकीलाई लिएर अर्जुन हस्तिनापुरतर्फ लाग्छन्। जब जाँदा जाँदै पञ्जाबको एक जंगलमा रात पर्छ र अर्जुन विश्राम गर्छन्। त्यहीं एउटा डाँकुहरूको ठूलो जमातले हमला गर्छ र विधवा यादव रमणीहरूलाई लुटेर लैजान्छ। अर्जुन बचाउने प्रयास गर्छन्; तर दुःखको कुरा गाण्डीव धनु नै चल्दैन। विराटनगर, कुरुक्षेत्र र अश्वमेधका कैयौं भयंकर युद्धहरूमा विश्वविख्यात महारथी-हरूलाई समाप्त पारेका अर्जुन ती साधारण डाँकुहरुलाई रोक्न पनि जब सक्तैनन् उनलाई भयंकर धिक्कार लाग्छ। बाँकी रहेका बाल, वृद्ध र नारीहरूलाई लिएर उनी हस्तिनापुर जाँदा जाँदै व्यासका आश्रम तर्फ लाग्छन्। भगवान् श्रीकृष्ण परमधाम सवारी भएको खबर पाएर दुःखमग्न बनेका व्यास भएका ठाउँमा पुगेर अर्जुनले प्रणाम गर्छन् र सम्पूर्ण घटना बताएर घोर विलाप गर्छन्। स्वयं श्रीकृष्णबाट गीता सुनेका अर्जुनलाई मरेर गएकाको फिक्रीभन्दा बाटामा भएको दुर्घटना-बारे ठूलो खेद छ, यसर्थ उनी बारम्बार व्याससँग आफूले गाण्डीव धनुको ठीक संचालन गर्ने शक्ति गुमाउनु परेकोबारे सोध्छन् र व्यासले पनि उनलाई यसरी संझाउँछन्—

एवं बुद्धिश्च तेजश्च प्रतिपत्तिश्च भारत ।
भवन्ति भव कालेषु.............................।।३।३२

भवन्ति भवकालेषु विपद्यन्ते विपर्यये ।।८।३२

कालमूलमिदं सर्वं जगद् बीजं धनञ्जय ।
काल एव समादत्ते पुनरेव यदृच्छया ।।८।३३

स एव बलवान् भूत्वा पुनर्भवति दुर्बल ।
सएवेशश्च भूत्वेह परैराज्ञाप्यते पुनः ।।८।३४

कृतकृत्यानि चास्त्राणि गतान्यद्य यथाऽऽगतम् ।
पुनरेष्यान्ति ते हस्ते यदा कालो भविष्यति ।।८।३५

कालो गन्तु गतिं मुख्यां भवतामपि भारत ।
एतच्छ्रेयो हि वो मन्ये परमं भरतर्षभ ।।८।३६

"जब उन्नतिको बेला आइपुग्दछ अर्जुन !
बुद्धि, तेज र विज्ञान बढ्न थाल्छन् प्रतिक्षण,

जब लाग्छन् दशा, घट्छन् उत्साह, बुद्धि औ बल,
राम्रो गर्छु भन्यो काम बिग्रन्छ, पर्छ संकट

जगत्को बीज हो काल कालैबाट बन्यो सब
पछि संसार सम्पूर्ण उसैले निलिसक्दछ,

त्यै मान्छे जगतै हाँक्छ, बलियो बन्छ क्वै दिन
त्यही हुन्छ लुते दुब्लो; जब लाग्दछ दुर्दिन,

अस्त्र विद्या थियो जो त्यो हरायो कालले गरी
दिन शेष भएदेखि फेरि आउँछ फर्किई,

तर पाण्डवको ऐल्हे काल हो स्वर्ग जानको
र ठान्छु यै गरे हुन्छ हित पाण्डववर्गको"

* श्री भगवान् पृथिविमा १२० वर्ष बिताउनु हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत्यन्त सहानुभूति पूर्वक व्यासबाट यी कुरा पाएर अर्जुन बिदा हुन्छन् र हस्तिनापुरतर्फ लाग्छन्। आफ्नो प्रतीक्षामा पला पला गनिरहेका बन्धुहरूलाई अर्जुनले श्रीकृष्ण परमधाम पाल्नु भएको, संसार प्रसिद्ध महानगरी द्वारका समुद्रमा डुबेको, बाटामा डाँका लागेको र व्यासबाट अर्ती पाएको समेत समाचार एक एक गरेर सुनाउँछन्। सुन्दा सुन्दै पाण्डवहरू "हा श्रीकृष्ण ! हा भक्तवत्सल !" भन्दा भन्दै मूर्च्छा परेर गिर्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाप्रस्थानिकपर्व

(सत्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाप्रस्थानिकपर्व

भगवान् श्रीकृष्ण नभएको पृथिवीमा बस्न महाराज युधिष्ठिरलाई साह्रै नरमाइलो लाग्छ। उनले नाति परीक्षित्लाई राज्याभिषेक गरेर परीक्षित् वयस्क नहुँदासम्म राज्य-संचालन गर्ने अभिभारा राजकुमार युयुत्सुका अध्यक्षतामा मन्त्रीहरूलाई दिन्छन् र देशका विद्वान्, ऋषि महर्षिहरू र देशसेवीहरूलाई स्वागत गर्ने एक आयोजन गर्छन्, त्यसै मार्फत आफ्नो महाप्रस्थान गर्ने इच्छा जन-समक्ष लगान्छ। पहिले जनता महाराज युधिष्ठिरको वियोगलाई सहन असमर्थता प्रकट गर्छ, तर त्यसमा युधिष्ठिर धैर्यपूर्वक सान्त्वना दिन्छन्।

शुभ मुहूर्तमा अत्यन्त साधारण वेशभूषा धारण गरेर द्रौपदीसहित पाँच भाइ पाण्डवको उत्तर हिमालयतर्फ महाप्रस्थान हुन्छ। पाण्डवहरूको यस महाप्रस्थानमा हजारौं पुरवासीहरू धेरै परसम्म पछि लागेर जान्छन् र महाराज युधिष्ठिरको अत्यन्त आग्रहपछि मात्र फर्कन्छन्। तर एउटा कुकुर जो हस्तिनापुरको मूल शहरदेखि नै पछि लागेर आएको छ फर्कदैन।

केही दिनपछि पाण्डवहरू मानिसका बस्ती भएका प्रदेशहरू पार गरेर शून्य जंगलहरूमा यात्रा गर्छन्। यसरी जंगल जंगल हिंडिरहेका बेलामा खाण्डव दाहमा गाण्डीव धनु प्रदान गर्ने अग्नि देव प्रकट हुन्छन् र उक्त धनु फिर्ता दिन आग्रह गर्छन्। युधिष्ठिरको आज्ञा अनुसार अर्जुन धनु फिर्ता दिन्छन्।

त्यहाँबाट पाण्डवहरू गन्धमादन पहाडमा पुग्छन्, गन्धमादन काटेपछि कैलाश आउँछ। कैलाशपछि हिमै हिम भएको भिरालो पहरो आउँछ, युधिष्ठिर त्यहाँ पुगेर पछि फर्केर हेर्छन्, कुकुर लुरुलुरु आइरहेकै छ। उनी त्यस हिमाच्छादित दुर्गम बाटोलाई इंगित गरेर भन्छन्-- भाइ हो! यो महाप्रस्थानको मुख्य मार्ग हो, यो बाटो पार गर्न पापीहरूलाई कठिन पर्छ अनि हिंडाइ शुरु हुन्छ। अलिकति उकालो कटेको मात्र हुन्छ कि द्रौपदीलाई रिँगटा आउँछ, उनी एकदम आत्तिन्छिन् र लोटिहाल्छिन्। द्रौपदी सबभन्दा पछाडि भए पनि भीम पछि फर्केर हेर्दा यो दृश्य देख्छन् र दाजु युधिष्ठिरसँग आत्तिँदै भन्छन्--'दाजी पखनुहोस् त द्रौपदी लोटिन्।' युधिष्ठिर सरासर हिंडेकै हुन्छन्। भीम फेरि दाजी! आज्ञा होस् न! द्रौपदीले के पाप गरेकी थिइन् र यसरी लोटिन्? भनेर सोध्छन्। उत्तरमा कत्ति नअडिई युधिष्ठिर यस्तो जवाफ दिन्छन्—

पक्षपातो महानस्या विशेषेण धनञ्जये। तस्यैतत् फलमद्यैषा भुङ्क्ते पुरुषसत्तम ॥ २।६	"यिनी अर्जुनमा गर्थिन् माया प्रेम विशेषले, त्यसैको फल हो बाबु! गिरिन् आज अकालले"

द्रौपदी त्यहीं छोडिइन्छिन्। केही बेर अरु उकालो चढेपछि पञ्चपाण्डवमा सबभन्दा कान्छा भाइ सहदेव पनि द्रौपदीकैं झैं लोट्छन्, युधिष्ठिर अडिंदैनन्। भीम उस्तै गरेर सोध्छन्, युधिष्ठिरको उत्तर यस्तो हुन्छ--

आत्मनः सदृशं प्राज्ञं नैषोऽमन्यत कंचन। तेन दोषेण पतितस्तस्मादेष नृपात्मजः ॥ २।१०	"आफू झैं छैन कवै विद्वान् भन्दथे सहदेवले त्यही कारणले बाबु! हिंडदा हिंड्दै यहाँ गिरे"

केही बेर अरू हिंडेपछि नकुल पनि लोट्छन्, भीम उस्तै जिज्ञासा गर्छन्, युधिष्ठिर कत्ति विचलित नभईकन यो उत्तर दिन्छन्--

रूपेण मत्समो नास्ति कश्चिदित्यस्य दर्शनम्। अधिकं चाहमेवैक इत्यस्य मनसि स्थितम् ॥ नकुलः पतितस्तस्मादागच्छ त्वं वृकोदर। यस्य यद् विहितं वीर सोऽवश्यंतदुपाश्नुते ॥ २।१६।१७	"'म जस्तो छैन कवै राम्रो' यिन्को भाव थियो यी आफूलाई यिनी ठान्थे सबै मानिसमा बढी, कसै कारणले लोटे भाइ बाबु वृकोदर! जस्तो कर्म गऱ्यो त्यस्तै फल हो भोग्नुपर्दछ"

युधिष्ठिर अत्यन्त कोमल प्रकृतिका राजा हुन्। साधारण प्राणीहरूमाथि परेका कष्टमा पनि उनको दिल दुःख्थ्यो, तर आज युधिष्ठिरको चाला अर्कै भएको छ। त्यस्ता प्राणप्रिय भाइ र पत्नीहरुको त्यस दुःखद पतनलाई उनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै महत्त्व दिँदैनन् । एउटा भाइ लोट्छ, युधिष्ठिर निस्फिक्री उत्तर दिन्छन्, हिंड्छन् र भीम चूपचाप ती उत्तर सुनेर युधिष्ठिरका पछि पछि हिंडिने रहन्छन् । ज्यादै विचित्र दृश्य उपस्थित हुन्छ । यस्तैमा अलि पर पुगेपछि महाभारतयुद्धका प्रमुख सेनानी, विश्वका अद्वितीय धनुर्धारी महारथी अर्जुनको पनि त्यही हालत हुन्छ । उनलाई हिंड्दा हिंड्दै नराम्रोसित घुमाउँछ र दाजुहरूलाई बडो सकसपूर्वक हेर्दै हेर्दै उनी लोटिहाल्छन् । यतिखेर पनि भीमको प्रश्न गराइ उस्तै हुन्छ, युधिष्ठिर पनि कुनै असाधारण घटना नघटे झैं नै उत्तर दिन्छन्--

एकाह्ना निर्दहेयं वै शत्रूनित्यर्जुनोऽब्रवीत् ।।
न च तत् कृतवानेष शूरमानी ततोऽपतत् ।।
अवमेने धनुर्ग्राहानेष सर्वांश्च फाल्गुनः ।
तथा नु तथा कर्तव्यं भूतिमिच्छता ।। २।२१-२२

"एउटै दिनमा शत्रु सम्पूर्ण जित्छु भन्दथे,
तर त्यस्तो गरेनन् र त्यै घमण्ड हुँदा गिरे,
अनि सारा धनुर्धारीलाई हेय विचारले
हेर्थे, त्यो पनि गर्दैनन् भलो खोज्ने मनुष्यले"

अर्जुनलाई पनि त्यत्तिकै छोडेर हिंड्नु पर्छ । अगाडि युधिष्ठिर छन् , माझमा भीम पछाडि उही कुकुर लुरुलुरु हिंडिरहेको छ । ठाउँ शून्य छ, बाटो अपरिचित र असीमित छ । भीम डराउँछन्, अब यो उनकै लोट्ने पालो छ । चूप युधिष्ठिर हिंडिरहेका छन् । चालूक्रम बन्द भएको छैन । नियतिको नियम ! ठीक त्यसै गरी जसरी यसभन्दा अघि पाण्डव परिवारका ४ सदस्य गिरेका थिए, भीमको पनि त्यही हालत हुन्छ । लोट्छन् । युधिष्ठिर कत्ति अडिँदैनन् , उनको त्यो सुस्तचालको हिंडाइ कायमै रहन्छ । भीमलाई बाँच्ने त कुनै आशा छैन, तर 'भाइहरूको लोट्नमा कारण भए जस्तै आफ्नो पनि छ कि ?' त्यो जान्ने इच्छा भने प्रबल छ । लोटेका ठाउँबाट उठ्ने प्रयासै नगरी भीम युधिष्ठिरलाई बोलाउँछन् । यसरी बोलाउँछन् कि त्यस बोलावटमा आफ्नो जीवनका निम्ति कुनै आशा अथवा कृपाको भिक्षा हुँदैन, एक साधारण परिचित व्यक्तिसँग झैं भीम सोध्छन्—

"महाराज यस्तो हेरिसम्म दिनोस् र यति मात्र भनिदिनोस् कि म कुन पापले लोटें ?"

युधिष्ठिर आफ्नो उत्तर दिने परम्परा उसै गरी कायम गर्छन्—

अति भुक्तं च भवता प्राणेन च विकत्थसे ।
अनवेक्ष्य परं पार्थ तेनासि पतितः क्षितौ ।। २।२५

"खान्थ्यौ तिमी पनि धेरै बलियो मै छु ठान्दथ्यौ
गन्दैनथ्यौ कसैलाई त्यही पाप हुँदा गिर्‍यौ !"

युधिष्ठिर अगाडि बढ्छन् । साथमा अब त्यही कुकुर मात्र बाँकी छ ।

धेरै अगाडि बढेपछि स्वर्गबाट एउटा विमान आएर उनका अगाडि अडिन्छ । त्यसबाट स्वयं इन्द्र प्रकट हुन्छन् र उनी भन्छन्-"महाराज ! तपाईंको महानताबाट प्रभावित भएर म स्वयं तपाईंलाई लिन आएको छु, पाल्नोस् स्वर्ग जाऔं" । युधिष्ठिर इन्द्रलाई शिर झुकाउँछन् र विन्ती गर्छन् "सुरराज ! मेरा भाइहरू र रानी द्रौपदी बाटामा गिरेका छन् , उनीहरूलाई विमानमा राखिबक्स्योस् अनि म पछि चढ्नेछु" इन्द्र हाँस्छन् र भन्छन्—"महाराज ! भाइ र रानीहरूको चिन्ता नगर्नुहोस्, उनीहरू पहिल्यै स्वर्ग गइसके, तपाईं उनीहरूलाई उहीं देख्न पाउनु हुनेछ, आउनोस् , अब तपाईं नै सवार हुनुहोस् ।" युधिष्ठिर प्रसन्न हुन्छन् र आफूसँग आएको कुकुरलाई त्यसमा चढाउन खोज्छन् । इन्द्र रोक्छन् र कुकुरलाई घृणा गर्दै बताउँछन्— 'राजन् ! कुकुर स्वर्ग लान पाइँदैन, कुकुर त अपवित्र जनावर हो। यसलाई यहीं छोड्नोस् र आफू चाँडो चढ्नोस् ।' युधिष्ठिर त्यस कुरालाई अन्यायपूर्ण ठान्छन् । कुकुर लिएर जान नपाएमा स्वर्ग जान समेत इच्छा नभएको बताएर इन्द्रसँग बिदा माग्छन् । इन्द्र फेरि हाँस्छन् र भन्छन्-"धन्य हो महाराज ! म त तपाईंलाई साँच्चैको धर्मात्मा ठान्दछु । वास्तवमा तपाईंका साथमा आएको कुकुर कुकुर होइन, स्वयं 'धर्म' ले तपाईंको परीक्षा गर्न कुकुरको स्वरूप लिएर तपाईंको पिछा गरेका हुन् , पछि फर्केर हेर्नोस् कुकुर भएका ठाउँमा को छ ?" साँच्चै नै युधिष्ठिर जब पछि फर्केर हेर्छन् आश्चर्य ! त्यहाँ त कुकुर छैन, कुकुर भएका ठाउँमा एक दिव्य पुरुष पो छन् ! युधिष्ठिर ती दिव्य पुरुषतर्फ फर्कन्छन् र हार्दिक श्रद्धा प्रकट गर्छन् । अनि ती दिव्य पुरुषसहित त्यही शरीर लिएको लिये महाराज युधिष्ठिर विमानमा चढेर स्वर्गतर्फ लाग्छन् । उत्तुङ्ग हिमचुलीहरूमाथिबाट उडेको त्यो विमान स्वर्गतर्फ उड्दै अन्तरिक्षमा विलीन हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्गारोहणपर्व

(अठाह्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्गारोहणपर्व

अत्यन्त रमणीय स्वर्गपुरीको नन्दन वनमा पृथिवीका मानव युधिष्ठिरलाई बोकेको यान उत्रन्छ। युधिष्ठिर यानबाट बाहिर निस्केर स्वर्गको कल्पनातीत सौन्दर्य हेर्दै देवदूतका साथमा लागेर रत्नमहलहरुतर्फ लाग्छन्। उनका मनमा ठूलो आतुरी छ, ती रत्नमहलहरुमा निवास गर्ने पुण्यात्माहरुका बीच आफ्नो प्राण प्यारी द्रौपदी र भाइहरुलाई विराजमान भएको देख्ने। तर जब महलहरूमा पुग्छन्, आशाको विपरीत भाइहरुका सट्टा दुर्योधनहरू पो देखिन्छन्। उनलाई आश्चर्य लाग्छ, दुर्योधन जस्तो अत्याचारी राजा स्वर्गमा आएको देखेर, तर उनी रानी र भाइहरुकै खोजमा विशेष व्यस्त बन्छन्, तर भाइहरू कुनै पनि पुण्यात्माहरू भएका ठाउँमा फेला पर्दैनन्। युधिष्ठिरलाई रिस उठ्छ र उनले स्वर्गको त्यस अव्यवस्थाप्रति विद्रोह प्रकट गर्छन्। युधिष्ठिरलाई देवदूतले संझाउन नसक्ने स्थिति आउँछ। देवर्षि नारद स्वयं त्यहाँ उपस्थित हुन्छन्। देवर्षिलाई जब यो थाहा हुन्छ कि अत्याचारी दुर्योधनहरू भएको स्वर्गमा बस्न पनि युधिष्ठिर-लाई धैर्यपूर्वक संझाउने प्रयास गर्छन् —

युधिष्ठिर महाबाहो! मैवं वोचः कथंचन।
दुर्योधनं प्रति नृपं शृणु चेदं वचो मम॥ ११९२

एष दुर्योधनो राजा पूज्यते त्रिदशैः सह।
सद्भिश्च राजप्रवरैर्य इमे स्वर्गवासिनः॥ ११९३

न तन्मनसि कर्तव्य पुत्र यद् द्यूतकारितम्।
द्रौपद्याश्च परिक्लेशं न चिन्तयितुमर्हसि॥ ११९६

ये चान्येऽपि परिक्लेशा युष्माकं ज्ञातिकारिताः।
संग्रामेष्वथवाऽन्यत्र न तान् संस्मर्तुमर्हसि॥ ११९७

समागच्छ यथान्यायं राज्ञा दुर्योधनेन वै।
स्वर्गोऽयं नेह वैराणि भवन्ति मनुजाधिप॥ ११९८

"दुर्योधनहरू माथि नराख वैर क्यै अब
स्वर्ग हो यो यहाँ अर्कै सोच्नुपर्छ युधिष्ठिर!

देवताहरूका साथ पाई सम्मान पूजन
स्वर्गीय भै बसेका छन् महाराज सुयोधन,

बिर्सिदेऊ जूवा खेल्दा जो अन्याय गरे अघि
द्रौपदीलाई जो कष्ट दिलाए तुच्छ भाव ली,

अथवा जो जती कष्ट पारे कौरवले अघि,
युद्ध या अन्त जे जे भो बिर्सिदेऊ सबै त्यति,

आऊ भेटिय हाँसेर दुर्योधनहरूसित
स्वर्ग हो यो यहाँ वैर राख्न हुन्न युधिष्ठिर!

युधिष्ठिर यस कुरालाई स्वीकार गर्छन्, 'स्वर्गमा वैर राख्न हुन्न' तर 'अत्याचारी दुर्योधनहरूलाई स्वर्गमा स्थान दिनु र धर्मात्मा भाइहरूलाई स्वर्ग नमिल्नु' यस अन्यायको भने समर्थन गर्न सक्दैनन्। उनलाई त्यसको पनि वास्तविकता बताउँदै स्वर्गमा दुर्योधनहरू केही दिन आफ्नो पुण्यको भोग गर्न बसेका हुन् र पाण्डवहरू त्यस्तै केही दिन आफ्नो अल्प पापको भोग गर्न नरक बसेका छन्' भन्ने सूचना दिइन्छ। युधिष्ठिर महाराजलाई भाइहरूलाई दुःख भोगिरहेको बखतमा स्वर्गमा बस्ने इच्छा हुँदैन, उनी पनि देवदूतलाई लिएर नरकतर्फ लाग्छन्। जब उनी नरकमा पुग्छन्, नरकमा पनि शीतल मन्द सुगन्ध हावा चल्न थाल्छ। भीष्म, कर्ण, अर्जुन आदि भाइहरू र महारानी द्रौपदी तथा अन्य बन्धु बान्धव युधिष्ठिरलाई त्यहीं केही बेर अडिन अनुरोध गर्छन्।

यसरी नरकमा समेत दुःख सुखका सहभागी बनेर यी महाभारतका महानायकहरू स्वर्ग आउँछन् र आरामपूर्वक स्वर्गीय जीवन बिताउन शुरू गर्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थकार व्यासका हार्दिक उद्‌गार

महाभारतको विस्तृत कथा वस्तु टुंग्याएपछि ग्रन्थकार व्यासले निम्नलिखित उद्‌गार प्रकट गर्नु भएको छ–

धर्मे चार्थे च कामे च मोक्षे च भरतर्षभ ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ।। ५।५०

"धर्मार्थ काम औ मोक्ष यी चारै तत्त्वमा पनि
जे यहाँ छ, छ त्यै अन्त जे छैन, छैन त्यो कहीं

उर्ध्ववाहुर्विरोम्येष न च कश्चित् शृणोति मे ।
धर्मादर्थश्च कामश्च स किमर्थं न सेव्यते ।। ५।६२

"धर्मैं गरे हुँदी हुन्छ अर्थ काम सभुन्ननि,
बन्दैनौ किन ? ए मान्छे ! धर्म सेवा दृढ व्रती'
आफै हात उठाएर यो कराउँछु मै पनि
कोही हेर्दैन 'या व्यास के के भन्छ सुनौं' भनी।

समाप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रुफ हेर्नेले साह्रै अशुद्धगरी यहाँ नपठाई स्वीकृतिगरी छाप्न दिएकोहुँदा धेरै नै अशुद्धपर्न गएकोमा यी शुद्धिपत्र दिइएका छन् । अर्को संस्करणमा यसलाई राम्ररी छापेर शुद्ध गरिने छ ।

ने. रा. प्र. प्र.

साहित्य विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुद्धि पत्र

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
१	५	ाक	कि
१	५	क्त	क्ति
२	३	न्द्र	न्द्रे
३	१३	थ	र्थ
३	५	म	मा
,,	६	न	नु
,,	२०	छ	छा
४	२२	ह	हा
४	३२	म्र	म
५	३२	ड्क	श्व
,,	,,	ट	ठ
६	२१	र	रा
६	२३	भ	भा
८	१	द्धै	द्धे
८	१	ला	मा
८	१५	न	नक
"	,,	र	ह
,,	३१	भ	भि
११	२१	आ	अ
११	१३	वि	म्त्र
,,	"	—	म
,,	१८	प	पा
,,	२७	व	वि
१२	३	मा	मात्र
"	८	थ	थि
"	"	नि	×
"	२६	ा	का
"	३०	ा	ता
१३	७	ंय	त्यि
"	१५	ाक	वि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
१३	२५	ाव	वि
"	२६	आपर्व	आदि
१५	३	न्प	न्या
"	६	भने	भन्ने
"	२०	ल्ल	ल्लि
"	२५	ाख	खि
"	३०	इतिहालासइ	इतिहासलाई
१६	१	ष्ठ	ष्ठि
"	२१	पू	प्र
"	२२	ह	हि
"	"	०	×
"	"	त	ति
१७	७	वे	वं
१६	६	स्त्र	स्त्री
"	७	यु	स्यु
"	१८	कक	क
२१	१६	स्थासं	संस्था

आदि पर्व

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
१	५	मा	का
३	७	कुमाहर	कुमारहरू
"	११	दरवर	दरवार
"	१६	जन्मछन्	जन्मन्छन्
"	२१	दान	दानव
"	२३	न	न्य
३	९	लो	बो
"	४	अ	आ
"	८	ढु	दु
४	१६	ड	ऽ
"	"	व्य	ध्य
५	६	न	ने

सभा पर्व

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
१	१२	भ	म
१	२३	दा	रुदा
२	८	न	र्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
२	२७	भ	म
५	१३	प्रि	थिं

वनपर्व

१५	१८	ष्टि	ष्ठि
१६	१	प	णं
,,	३	गा	मा
,,	१२	चौ	चौँ
३१	६	न्	×
,,	८	वा	का
,,	१६	ई	ईँ
३३	२०	पँ	पाँ
३७	१	ज	जि
३७	२	बँ	ब
३७	८	म	त्म
३७	२८	न्थ्ये	न्थे

उद्योगपर्व

५६	६	ा	रा
७७	१६	ल्द	ल्छ
७६	१३	मे	भे

भीष्मपर्व

८७	२३	भीष्म	×
८७	२८	प्रतिज्ञा अनुसारनै —	प्रतिज्ञाअनुसार नै

द्रोणपर्व

८६	२०	क्न	क्र
६६	६	व	बा
,,	१७	नि	बि

शल्यपर्व

११५	२५	के	ने
११७	७	क	का

स्त्रीपर्व

१३३	१३	भन्नु हुन्छ	भन्नुहुन्छ
१३५	२०	द्वि	बि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
		शान्तिपर्व	
१५२	१८	य	य
		अनुशासनपर्व	
१७५	१	वैराग्यका	वैराग्य कम
		अश्वमेधिक	
२०१	६	ग	गृ
		आश्रमवासिकपर्व	
२०७	१६	च्चा	च्छा
२०८	३८	इँ	उँ
२११	१०	न्घ	न्धा
		मौसलपर्व	
२१७	२२	छा	चा
२१८	१	वो	बो
		स्वर्गारोहणपर्व	
२३०	५	थ	व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(संस्कृतको)

पृ.	पं.	अशुद्ध	शुद्ध
१	१६	पञ्चमान	पञ्चमान्
२	३	पुराण पूर्ण चन्द्रणा	पुराण पूर्ण चन्द्रेण
२	१५	परम पूजतम्	परम पूजितम्
५	१७	राधवे	राघवे
५	२०	भवन्त	भवन्तु
६	११	मुपजीव्याभविष्यति	मुपजीव्या भविष्यति
१६	२४	कौरयान्,	कौरव्यान्
१८	६	तदाहीन	तदा हिन

आदिपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
१	४	चार्ये	चार्थे
१	७	कुशला	कुशलाः
१	८	मुपजिव्यो।	मुपजीव्यो
१	१२	ह्रदाना मुदधिः	ह्रदानामुदधिः
१	१३	यफैतानीतिहासानां	यथैतानीतिहासानां
१	१४	मेरू मेहमा	मेरुमेहा
१	१६	महन्त्वाद्	महत्त्वाद्
२	१४	नयस्माज्जाजते	स यस्माज्जायते
२	१५	अर्घ	अर्थ
३	१७	सहस्त्रं	सहस्रं
३	१८	सहस्त्राद्	सहस्राद्
३	२३	जल्यतां	जल्पतां
”	२५	”	”
४	३	परिषदनन्यान्	परिवदन्नन्यान्
४	१६	त्वामृतेडपि	त्वामृतेऽपि
४	१६	दुव्यन्त	दुष्यन्त
४	१७	वतसकाम्	वतंसकाम्
४	१८	चुरन्ता मिमा	चतुरन्तामिमा
५	१	वर्त्भेव	वर्त्मेव
५	२	एवाभिवधते	एवाभिवर्धते
५	७	वसती	वसतो
५	११	सुकौः	सुखैः
६	८	विश्य पौरूष	विवृत पौरुषः
६	६	स्यत्न्	स्यात्न्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
६	१५	निरुव्दिग्नो	विरूद्धिग्नो
६	१६	यदत्तस्य	पत्तस्य
६	२२	कोसायेण	काषायेण
७	६	कुद्धोऽपि	क्रुद्धोऽपि
७	६	कुद्धरूप	क्रूद्धरूप
७	१३	गुरुः	गुरुः
७	१६	आशङ्कथाद्	आशंक्याद्
७	१८	स्गित	स्मित
८	१८	लोकास्वदा	लोकाःस्तदा
८	२०	इशः	ईशः
९	१	प्राप्तवान	प्राप्तवान्
९	८	हयफले	ह्यफलं
१०	१४	सखिपूर्व	सखापूर्व
११	१८	श्रे यो र्थी	श्रे योर्थी
१३	१	यती ना	यतीनां
१३	४	तप्पे	तप्ये

सभापर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
३	१	निर्वी य	निर्वीर्य
३	१	निर्वी ये	निर्वीर्य
४	१	मित्रेदासीन	मित्रोदासीन
४	५	शुरश्च	शूरश्च
४	६	कुलीनश्चानुरक्तन्च	कुलीनश्चानुरक्तश्च
४	१४	समश्चानभिशङ्क्यश्च	समश्चानभिशङ्क्यश्च
४	१८	ददास्प्रणमनुग्रहम्	ददास्प्रणमनुग्रहम्
५	२	धर्माथौं	धर्माथौं
५	५	बल मु येभ्यः	बलमुख्येभ्यः
५	२२	ज्ञातीना	ज्ञातीनां
६	१६	प्रचुन्ज्महे	प्रयुञ्ज्महे
६	१८	ज्ञानवृध्दों	ज्ञानवृध्दो
८	२	रामी	रामो
८	६	अनुगृण्हन्	अनुगृहन्
८	१६	भानुष	मानुषः

बनपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
१९	६	नणाम्	नृणाम्
२०	३	नित्यं	नित्ये

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
२०	४	स्तधारय	स्तथारय:
२०	२३	कार्य	कार्यं
२१	१	कथाभस्मद्	कथमस्मद्
२१	४	दुर्व लेन	दुर्बलेन
२१	६	दर्शीनः	दर्शिनः
२१	१०	स्पुर्मानुसेषु	स्युर्मानुषेषु
२१	१२	आष्कुट पुरुषः सर्व	आक्रुष्ट पुरुषः सर्वं
२२	२४	चराभ्युत	चराम्युत
२३	१	स्वभावच्चैव	स्वभाच्चैव
२३	३	दग्धु मिच्छति	दोग्धुमिच्छति
२३	१८	ब्राह्मण	ब्राह्मणाः
२३	१८	क्षुत्रउष्व	क्षुतृऽष्व
२४	१७	ब्राम्मणः	ब्राह्मणः
२४	२०	ब्राम्हण:	ब्राह्मणः
२४	२३	ब्राम्हणः	ब्राह्मणः
२५	१	ब्राम्हणः	ब्राह्मणः
२५	४	के	मे
२५	११	प्रियाण्युक्तबा	प्रियाण्युक्त्वा
२५	११	सत्यमुक्वा	सत्यमुक्त्वा
२६	१७	द्वयत्तरा	द्वयत्तरा
२७	१३	वस्त्र:णां	वस्त्राणां
२७	२३	चीरष्यन्ति	चरिष्यन्ति
२७	२३	ब्राह्मण	ब्राह्मणा
२८	७	मातामपि	मतामपि
२८	१०	समुपास्थिते	समुपस्थिते
२८	१३	गोधुमान्ना	गोधूमान्ना
२८	१५	कस्यचिच्छ्रे ता	कस्यचिच्छ्रोता
२९	१५	सार्य	सायं
२९	१६	यशास्विनि	यशस्विनि
३१	२४	उपयोगे न	उपयोगिन
३२	५	अत्मनैव	आत्मनैव
३४	६	सर्वभूताहितः	सर्वभूतहितः
३५	९	प्रमाणम्:	प्रमाणम्
३५	११	पन्थाः	पन्था
३६	८	सूर्याग्नना	सूर्याग्निना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
३७	१३	भर्तारि	भर्तरि
३८	३	निर्गूणोऽपि	निर्गुणोऽपि
३६	११	त्बयैव	त्वयैव
३६	१२	बरं	वरं
३६	२७	मद विधस्य	मद्विधस्य
४०	११	निर्णीक्त याणि	निर्णिक्तपणि
४२	२	धमः	धर्मः

विराटपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
४६	१६	प्रिपं	प्रियं

उद्योगपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
५६	१२	जीवनि	जीवन्ति
५६	१७	भीष्म	भीष्मं
६०	१०	न	नः
६३	३	महान्तमासाध	महान्तमासाद्य
६६	१८	शीलवत	शीलवता
६७	१६	यश्चायत्सु	यश्चापत्सु
६७	२१	सर्पश्चग्निश्च	सर्पश्चाग्निश्च
६८	३	दीर्घौ	दीर्घौ
६८	७	निष्कलो	निष्फलो
६८	६	लघमूलान्	लघुमूलान्
७०	८	द्वारा	दारा
७१	१४	मया	मयं
७१	१५	त्त्रियमामंस्य	त्त्रियमामस्था
७१	१८	सुमानाः	सुमनाः
७१	२०	प्राण	प्राणः
७२	६	धृतराष्ट्रत्य	धृतराष्ट्रस्य
७२	१३	प्रदीसमिव	प्रदीप्तमिव
७२	२३	पश्चेन्द्र	पञ्चेन्द्र
७३	१३	मैनमल्येन	मैनमल्पेन
७३	१४	सुकल्यणं	सुकल्याणं
७३	१७	भारतं	मास्तं
७३	२४	सुसन्तुष्टा	सुसंन्तुष्टः
७४	१४	उद्भावयस्य	उद्भावयस्व
७४	२२	निर्वीयं	निर्वीर्यं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
७५	७	राजा	राज्ञा
७७	१	निग्रह्य	निगृह्य
७७	२०	प्रप्येह	प्राप्येह
७८	१४	ह्याति	ह्यति
७८	२२	समुधमात्	समुद्यमात्
७९	१२	तत्रेवानीं	तत्रेदानीं
७९	१८	भविस्यं	भविष्यं
७९	१९	चलेट्धि	चलेद्धि

भीष्मपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
८०	१५	स्फीहां	स्फीतं
८०	१६	शाश्वतो	शाश्वतो
८८	६	सेच्दयते	संद्दयते
८८	७	शास्ततम्	शाश्वतम्
८९	२	सुमव्हती मपि	सुमहतिमपि
८९	१९	ल	न
९०	५	निंपातयत	निपातयत
९१	११	दूदं	इदं वः
९१	१४	करिव्यति	करिष्यति
९२	३	प्राप्नुयान्तरः	प्राप्नुयान्नरः
१०९	५	इवानीं	इदानीं
१०९	५	सेवितास्त्वमा	सेवितास्त्वया
११०	६	व्रह्मणः	ब्राह्मणाः
११०	७	साध्व्याश्च	साध्व्यश्च
११०	१३	दुमंनुष्यान्	दुर्मनुष्यान्

शल्यपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
११७	१४	सार्थं	सार्धं
११८	४	सुभहानेष	सुमहानेप
११८	६	हताश्चा	हताश्वा
११८	१७	विचान्तम भीतवत्	विचरन्तमभीतवत्

सौप्तिकवधपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
१२५	२३	क्रोधद्	क्रोधाद्

स्त्रीपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
१३५	१७	अवर्शना	अदर्शना
१३५	१७	पुनश्चावर्शनं	पुनश्चादर्शनं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
१३६	३	निर्मासै	निर्मांसै
१३६	६	प्राञ्जलि	प्राञ्जलि
१३६	१२	पुरुथ व्याघ्र	पुरुष व्याघ्र
१३६	१५	नात्मानमवद्गते	नात्मानमवबुध्यते
१३७	१	मूर्धामिवितानामग्रे	मूर्धाभिषिक्तानामग्रे
१३७	२	सोऽपं	सोऽयं
१३८	७	नत्प्रशंससि	यत्प्रशंससि
१३८	९	विंधहा	विधवा

शान्तिपर्व

पृ.	पं.	अशुद्ध	शुद्ध
१४५	४	विजपैषिणः	विजयैषिणः
१४६	१२	योद्धन्यं	योद्धव्यं
१४६	१४	से	मे
१४८	६	शास्वतम्	शाश्वतम्
१४९	३	निभमो	निर्ममो
१४९	४	स्थानमातिष्ट	स्थानमातिष्ठ
१५२	१३	भृन्भयस्येव	मृन्मयस्यैव
१५३	२०	निप्कृतिं	निष्कृतिं
१५४	१२	प्रहर्तव्यम् भीतर्वत्	प्रहर्तव्यमभीतवत्
१५५	३	अमर्षाच्छास्त्रम्समोहा	अमर्षाच्छास्त्रसम्मोहा
१५६	२	इवाङ्गान	इवाङ्गानि
१५६	११	थस्य	यस्य
१५७	३	मितो	भीतो
१५७	१७	विश्वासामि	विश्वासमि
१५८	१	अपुमाण्यं	अप्रमाण्यं
,,	११	शिलवानिती	शीलवानिति
१५९	१	घार्तयेत	घार्तयेत्
,,	२	यशस्या लोके	यशस्या च लोके
१५९	४	विश्वसं	विश्वासं
१५९	७	यन्तिमिन्तं	यन्त्रिमिन्तं
,,	१४	मेवाभिप्तसये	मेभाविगुप्तये
,,	१७	श्रोर्तु	श्रोतुं
,,	१९	त्रिष्टा	शिष्टा
,,	२०	उपधातै	उपघातै
१६०	१२	क्षत्ते येषु	क्षत्रियेषु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
१६०	१५	पूजयोन्नित्थं	पूजयेन्नित्यं
"	५	प्रधातकाः	पघातकाः
१६१	२	शरच्छनात्	शरच्छतात्
१६१	१६	सचिटं	स चिरं
१६२	७	तच्चेदात्मानयेवं	तच्चेदात्मानमेवं
"	१४	मित्रान्न	वित्रान्न
"	१६	प्रत्युप्यन्नाननु	प्रत्युप्पन्नाननु
१६३	८	मिथलायां	मिथिलायां
१६३	१८	विद्वान	विद्वान्
१६४	५	लश्रच्णस्य	श्लच्णस्य
१६५	४	करिव्यति	करिष्यति
१६६	८	वसुधाधियः	वसुधाधिपः
१६६	८	विंजतं	विंजयं
१६६	८	नराधिय	नराधिपः
१६७	६	स्वगंतमः	स्वर्गतमः
"	११	चरेद्र्थ	चरेदर्थ
"	"	यउद्धतः	मनुद्धतः
१६८	६	सुभयौ	सुभयो
१६८	८	प्रासे	प्राप्ते
१६९	११	क्लाबं	क्लीवं

अनुशासनपर्व

१७७	६	रत्नामि	रत्नानि
१७७	१८	तैल्लच्चयाद्	तैलच्चयाद्
१७८	३	कार्शितान्	कर्शितान्
१७८	८	निंत्यं	नित्यं
१७८	१२	गृहणाति	गृह्णाति
१७९	२	लसुद्र	समुद्र
१८०	२२	आपुषा	आयुषा
१८४	३	घनैन्चर्या घेकाः	घनैश्चर्याधिकाः
१८४	१	भित्राणि	मित्राणि
१८५	१	श्रुतर्हीन	श्रुतैर्हीनः
१८५	३	प्रतिवेश्यो	प्रातिवेश्य
१८८	२	निषेवितकाः	निषेवितव्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृ.	पं.	अशुद्ध	शुद्ध
		अश्वमेधिकपर्व	
१६५	६	पावयेत	पावयेत्
१६५	१०	अभिप्रयस्तु	अभिप्रायस्तु
१६५	१७	वसुधाधिया	वसुधाधिपाः
१६६	३	प्रियं	प्रिये
१६६	६	भूतानामगयो	भूतानामग्र्यो
१६६	१०	देवर्ययश्च	देवर्षयश्च
१६७	८	यथावुंतश्चरेच्छान्तः	यथातश्चरेच्छान्त
१६७	१६	स्वाँयोनिं	स्वांयोनिं
१६७	२१	गृहणीया	गृह्णीयात
१६८	६	ऽगृहणान्त	ऽगृह्णन्त
१६६	६	अोगान्	भोगान्
२००	११	भया	मया
२०१	१६	सत्व	सत्त्वं
२०१	१६	आत्मगुणः	आत्मगुणाः
		आश्रमवासिकपर्व	
२१०	१५	दातुपिच्छति	दातुमिच्छति
२१२	१६	भ्रातरी	भ्रातरो
२१३	१२	कुलमू	कुलम्
२१३	७	कुषद्वह	कुरुद्वह
		मौसलपर्व	
२२०	२७	एतच्छयो	एतच्छ्रेयो
		महाप्रस्थानिकपर्व	
२२५	३१	तदुयाश्नुते	तदुयाश्रुते
२२६	२०	प्राणम	प्राणेन
		स्वर्गारोहणपर्व	
२२६	१५	परिल्केशं	परिक्लेशं
२२६	१६	परिल्केशा	परिक्लेशा
२२६	१६	ढुष्याकं	युष्माकं
२३०	२	काभे	कामे
२३०	२	भरतर्षम	भरतर्षभ
२३०	५	सेवते	सेव्यते

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection